सेन वंश र विजयपुर राज्य

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

डीनको कार्यालयअन्तर्गत

इतिहास विषयको विद्यावारिधि उपाधिका लागि

प्रस्तुत

शोध–प्रबन्ध

शोधकर्ता

रमेशकुमार श्रेष्ठ

रजिष्ट्रेशन नं. २०६४/२५

२०७१

सिफारिस पत्र

हामी यो प्रमाणित गर्दछौं कि रमेशकुमार श्रेष्ठले "सेन वंशर विजयपुर राज्य" शीर्षकको यो शोधप्रबन्ध हाम्रो निर्देशनमा तयार पारेको हो । तसर्थ हामी निज शोधार्थीको यो शोध प्रबन्धलाई त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्रसंकाय डीनको कार्यालय अनुसन्धान समितिमा इतिहास विषयको विद्यावारिधि उपाधिका निमित्त अन्तिम परीक्षाका लागि सिफारिस गर्दछौं ।

शोध प्रबन्ध समिति

(डा. ज्ञानेन्द्र पौड्याल)
(शोध निर्देशक)

(डा. अनिलकुमार पोखरेल)
(शोध विशेषज्ञ)

मितिः

स्वघोषणा पत्र

म शोधार्थी रमेशकुमार श्रेष्ठ यो स्वघोषणा गर्दछु कि यो "सेन वंश र विजयपुर राज्य" शीर्षकको यो शोधप्रबन्ध मैले स्वयम्ले तयार पारेको हुँ । यो प्रबन्ध मैले कतै पनि प्रकाशित गरेको छैन । यसमा प्रयोग भएका स्रोत सामग्री मैले अन्य प्रकारका उपाधिका लागि अन्यत्र कतै पनि पेश गरेको छैन । अन्य लेखक विद्वान्हरूका भनाई, उक्ति र स्रोतलाई पनि समुचित मात्रमा सन्दर्भ दिदै उद्धृत गरिएका छन् ।

हस्ताक्षरः

नामः रमेशकुमार श्रेष्ठ

मितिः

कृतज्ञता ज्ञापन

विषयवस्तुको प्रकृति र सन्दर्भ अनुसार विजयपुर राज्य र यहाँको मध्यकालिक सेन वंश तथा तिनीहरूको राजनैतिक इतिहासलाई प्रकाश पार्ने ग्रन्थ, लेखरचना र अन्य प्रकारका सामग्रीहरूको कमी छ । हालसम्म यस भेगको बेग्लै इतिहासको अध्ययन अनुसन्धान गरी अलग्गै ग्रन्थहरू प्रकाशनमा ल्याउने कार्य पनि भएको छैन । तसर्थ यहाँ विजयपुरको इतिहास अध्ययन गर्न अति आवश्यक र खाँचो भएको छ । यसै कुरालाई हृदयङ्गम गरी यस अध्ययनको विषयवस्तुलाई अगाडि बढाइएको हो । यस कममा मलाई विद्यावारिधिजस्तो गहन अध्ययनमा शोध निर्देशकको काम गरी सहयोग गर्नुहुने गुरूडा. ज्ञानेन्द्र पौड्यालज्यूलाई धन्यवाद दिन चाहन्छु । वास्तवमा उहाँको अथक सुझाव, सल्लाह र निर्देशनमा नै यो शोधप्रबन्ध तयार पारिएको हुनाले उहाँको सहयोग विना यो शोध प्रबन्ध पुरा हुन संभव थिएन । तसर्थ उहाँप्रति म कृतज्ञ छु । यसैगरी यस शोधको तयारीका कममा विशेषज्ञका रूपमा रहनु भएका स्नातकोत्तर क्याम्पस विराटनगरका सह प्राध्यापक डा. अनिलकुमार पोखरेलको सहयोग पनि उल्लेख्य छ । तसर्थ उहाँलाई पनि म हृदयदेखिनै धन्यवाद दिन चाहन्छु ।

सेन बंश र विजयपुर राज्यका बारेमा विद्यावारिधि अध्ययन पुरा गर्ने कममा कैयन गुरूहरू, मित्रहरू र आफन्तजन तथा संघसंस्थाहरूबाट सहयोग, प्रोत्सान र उत्साह प्राप्त भएको छ । तसर्थ प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने उहाँहरू सबैलाई म अन्तस्करणदेखि नै धन्यवाद दिन चाहन्छु । यस कममा सर्वप्रथम मलाई सदासर्वदा विद्यावारिधि कार्यमा लागि रहन प्रोत्साहन गरिरहने गुरूहरू द्वय प्रा. डा. तुलसिराम वैद्य र प्रा. डा. त्रिरत्न मानन्धरप्रति कृतज्ञता ज्ञापन गर्दछु । वास्तवमा उहाँहरूले जहिले पनि मलाई विद्यावारिधि गर्न प्रोत्साहन गर्नु भएकाले नै मैले यस कार्यलाई निरन्तरता दिएको हुँ । तसर्थ उहाँहरूप्रति जति आभार व्यक्त गरे पनि कमी नै हुने गर्दछ । यसैगरी इतिहास केन्द्रीय शिक्षण विभागका प्रमुख तथा गुरू प्रा. डा. विजयकुमार मानन्धरको प्रोत्साहन र सहयोग पनि मेरालागि अतुलनीय छ । तसर्थ उहाँको यस उत्साह प्रदान, सहयोग र सद्भावप्रति पनि म धेरै कृतज्ञ छु र उहाँप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

विद्यावारिधि अध्ययनमा लाग्न प्रोत्साहन प्रदान गर्नुहुने इतिहास केन्द्रीय शिक्षण विभागका सेवा निबृत्त र कार्यरत गुरूहरू प्रा.डा. कृष्ण बहादुर थापा, प्रा.डा. तीर्थप्रसाद मिश्र लगायतका विभागीय गुरूहरू प्राडा राजाराम सुवेदी, प्रा. निरन्जन शर्मा, प्रा.डा. सुरेन्द्र केसी, प्रा.डा. शंकर थापा, प्रा.डा. भवेश्वर पँगेनी, प्रा.डा. घनश्याम भट्टराई र प्रा.डा. राजकुमार पोखरेलज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी स्नातकोत्तर क्याम्पस विराटनगरका इतिहास शिक्षण विभागका मित्रहरूको सहयोग पनि अतुलनीय छ । तसर्थ उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा मलाई यस कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सबै महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु र यो शोध प्रबन्धलाई विद्यावारिधि उपाधिको प्रयोजनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र डीनको कार्यालयकीर्तिपुरमा प्रस्तुत गर्दछु ।

शोधार्थी

रमेशकुमार श्रेष्ठ

उपप्राध्यापक, इतिहास

स्नातकोत्तर क्याम्पस, विराटनगर ।

शोधसार

१. परिचय

मध्यकालको अन्त्यतिर कोशीनदी पूर्वको विजयपुर राज्यमा सेनहरूले शासन गरेका थिए । तिनीहरू पाल्पाली सेन राजाका सन्तान थिए । पश्चिम नेपालमा वाइसे र चौविसे राज्यहरूको सरहनै पूर्वी नेपालमा भने एकीकरण अभियानताका विजयपुर र चौदण्डी गरी जम्मा दुईवटा मात्र राज्यहरू रहेका देखिन्छन् । वास्तवमा नेपाल तराई र भावरको ठूलो क्षेत्र ओगटेर पाल्पाली सेन राज्य रहेको थियो । राजा मुकुन्द सेनका पालामा यसको सिमाना ठूलो क्षेत्रमा फैलाएर पाल्पाली सेन राज्यलाई निकै ठूलो बनाइएको थियो । कालान्तरमा पाल्पाली सेन राज्य टुकिन पुग्यो, जुन क्रममा नारायणी पूर्वको प्रदेश राजा लोहांगसेनको अधीनमा परेको थियो । पाल्पाली सेन राज्यको एकीकरणका क्रममा लोहांगसेनले नारायणी पूर्वको कमाण्ड सम्हालेको हुनाले कालान्तरमा सेन राज्य विभाजन हुँदा नारायणी पूर्वको भूभाग राजा लोहांग सेनको भागमा परेको देखिन्छ । त्यसपछि तिनले मकवानपुरलाई राजधानी बनाएर कोशी पूर्वको मोरङ विजयपुर भेगमा समेत शासन गरेको देखिन्छ । यस क्रममा कालान्तरमा विजयपुर पुन मकवानपुरबाट अलग्ग भएको थियो, जसले गर्दा यो राज्य स्वतन्त्र राज्यका रूपमा रहन पुग्यो ।

काठमाडौं उपत्यकाका साथमा नेपालको पश्चिमी भागका बाइसी र चौविसी राज्यको इतिहासका विविध पक्षहरूका बारेमा धेरै मात्रामा अध्ययन भई सकेको छ । तर कोशी पूर्वको सेन राज्य विजयपुर तथा मोरङको इतिहास आजसम्म पनि राम्रोसँग अध्ययन हुन नसकेको हुनाले यस भेगको इतिहास अध्ययनको पाटो अपूर्णनै रहेको छ । यसै अपूर्णतालाई केही हदसम्म पूर्णता दिने प्रयासस्वरूप विजयपुर र सेन वंशका बारेमा अध्ययन गर्ने प्रयास गरिएको हो ।

२. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) विजयपुर राज्यको सेन पूर्वको इतिहास खोजी गर्ने ।

ख) सेनहरुको उत्पत्तिका बारेमा अध्ययन गर्ने ।

ग) विजयपुरमा सेन शासनको सुरुवात स्पष्ट पार्ने ।

घ) विजयपुरको सेनकालिक इतिहास स्पष्ट पार्ने ।

३.अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत अनुसन्धानको क्षेत्र र सीमा निम्नानुसार छन् ।

क) यस अध्ययनमा विजयपुरको मध्यकालिक इतिहास खोजी गरिएको छ । यसका लागि विजयपुरको प्राचीन इतिहासको खोजी कार्यलाई पनि सामान्य रूपमा चर्चाको विषयवस्तु बनाइएको छ ।

ख) प्रस्तुत अध्ययनमा मध्यकालिक विजयपुरको सेनकालिक राजनैतिक इतिहासलाई महत्व दिइएको भए तापनि त्यहाँका मठमन्दिरहरूका साथमा धार्मिक र सांस्कृतिक पक्षको अध्ययनलाई महत्व दिइएको छैन ।

ग) विजयपुर र सेन राज्यको राजनैतिक इतिहासको अध्ययन गरिएको भए पनि यहाँको सामाजिक इतिहासलाई भने प्राथमिकता दिइएको छैन ।

घ) प्रस्तुत अध्ययन विजयपुरको सेनकालिक इतिहाससँग सम्बन्धित रहेकाले यसमा सेनहरूभन्दा अगाडिको विजयपुरको राजनैतिक इतिहासको अध्ययनलाई महत्व दिइएको छैन ।

ङ) प्रस्तुत अध्ययन विजयपुरसँग सम्बन्धित भएकाले विजयपुरको राजनैतिक इतिहासको अध्ययनलाई महत्व दिइएको छ भने त्यस वरपर रहेका तिरहुत, कुचविहार, पूर्णिया र सिक्किमको इतिहास भने विस्तृत रूपमा अध्ययन गरिएको छैन ।

४.विजयपुरे सेन वंशको इतिहास अध्ययनका लागि तयार पारिएको अवधारणा



सेन वंश र विजयपुर राज्यको इतिहास अध्ययनले यस भेगमा सेनहरूले निकै छोटो समयमात्र शासन गरेको देखिन्छ । लोहांगसेनले वि.सं. १६६६ तिर विजयपुरलाई पाल्पा राज्यमा

गाभेको मानिन्छ । पछि पाल्पाली सेनराज्य विभाजन हुँदा विजयपुर लगायतको मकवानपुर उनैको भागमा परेको थियो । यसरी लोहांगसेनले वि.सं १६६६ तिर मकवानपुरमा गाभेको विजयपुर राज्य करिव १६५ वर्ष या वि.सं. १८३१ सम्म सेनहरूको अधिनमा परेको थियो । तसर्थ विजयपुरको सेन शासन त्यति लामो समयका लागि थिएन भन्न सकिन्छ । सेन कालतिर मोरङ विजयपुर भेग त्यस वरपरका अन्य राज्यहरूभन्दा अलग्ग पहिचान बोकेको प्रदेश थियो । यसको उत्तरतिर विकट पहाडी भाग र दक्षिण तिर समथर तर जंगलै जंगलले ढाकेको भूभाग थियो भने कतै नदी, कतै पहाड र चुरेको गेगरयुक्त भूभागका साथमा भावर र खोंचजस्ता विकट भौगोलिक स्वरूप हुनु यस राज्यका प्रमुख विशेषता थिए । सेन कालिक विजयपुरमा द्वैध शासन चलेको देखिन्छ । सामान्यतया सेन राजाहरू मकवानपुर भेगमा बस्थे भने विजयपुरमा चाहिं किरातीहरूले निकै शक्तिशाली मन्त्री भएर शासन गर्दथे । तसर्थ यहाँको सेनकालिक शासन द्वैध चरित्रको थियो । कालान्तरमा विजयपुरलाई स्वतन्त्र राज्यका रूपमा वि.सं. १७४१ तिर विधाता इन्द्रसेनले टुक्र्याएको देखिन्छ । यता वि.सं. १८३१ मा विजयपुरबाट सेन राज्य पतन हुनुको मतलव स्वतन्त्र विजयपुरको अस्तित्व करिव ९० वर्षसम्म मात्र रहन पुग्यो । यसबाट यो राज्यको सेनकालिक इतिहास निकै छोटो भएको स्पष्ट हुने गर्दछ ।

%= ;]g j+z

इशापूर्व कालमा सप्तकोशी नदीको पूर्वपट्टिमत्स्यदेश नाम एउटा निकै प्रख्यात पौराणिक राज्य रहेको देखिन्छ । इशापूर्व कालमा नै यो भेग कुनै बेला मिथिला राज्यअन्तर्गत पनि पर्दथ्यो । तर पनि यस भेगको प्राचीन इतिहास भने त्यति स्पष्ट छैन । यता मध्यकालको सुरूवातका साथमा तिरहुतेहरूले यस भेगलाई सिम्रौनगढ राज्यभित्र राखेको देखिन्छ । पछि तिरहुतेहरूको पतन भएपछि केही समय यो क्षेत्र स्थानीय सामन्तहरूबाट शाशित रह्यो भने अझ पछि पहाडतिरबाट यता आएका मुरेहांग नामक शासकले यस स्थानमा शासन गर्न लागे । तसर्थ यस स्थानलाई मोरङ भन्न लागियो । यसैगरी मध्यकालताका विजयनारायणले विजयपुर राज्यको स्थापना गरेको मानिन्छ । तसर्थ यस स्थानको नाम पनि विजयपुर राखिएको हो भन्ने उल्लेख पाइन्छ । विजयनारायणको समयभने वि.सं. १६४१ देखि १६६६ सम्म रहेको मानिएको छ । यसैगरी लोहाङ्गसेनले भने वि.सं. १६६६ मा विजयपुरमाथि विजय गरी शासनको सुरूवात गरेको देखिन्छ । यस हिसावले वि.सं. १६६६ देखि विजयपुर एकीकरणको समय या वि.सं. १८३१ सम्मको जम्मा १६५ वर्ष जति यस स्थानमा सेन शासकहरूले शासन गरेको देखिन्छ । यसरी यस भेगमा सेन वंशको शासन निकै छोटो समयको रहेको देखिएको छ ।

विजयपुरका सेन राजाहरू आलंकारिकमात्र हुने गर्दथे । अघि विजयनारायणका पालामा सुरू गरिएको किरातहरू पुस्तौनी मन्त्री हुने कुरालाई सेनहरूले पनि निरन्तरता दिएका थिए । तसर्थ उनीहरूले यस भेगका काजी या मन्त्रीलाई शासनभार सुम्पिएर मकवानपुरतिरै बस्ने तथा मन्त्रीहरू भने यहाँ बसेर शासन गर्ने तथा निकै शक्तिशाली हुने गरेको देखिन्छ । विकट पहाड र जंगलले ढाकेको विजयपुर भेगमा बसेर शासन गर्न सेनहरूलाई खासै चासो पनि थिएन । भौगोलिक रूपमा निकै विकट र घना जंगलयुक्त क्षेत्रमा बस्नु पर्ने तथा आम्दानीका स्रोत समेत निकै कम रहेकाले पनि उनीहरूले यस भेगमा बसेर शासन गर्न चासो नदेखाएका हुन् । यहाँका भारदार तथा मन्त्रीहरू भने बेलाबेलामा राजालाई आफ्नो पक्षमा लिने तथा आफ्नो स्वार्थका लागि कार्य गर्ने गर्दथे । विजयपुरमा शासन गर्ने सेन राजाहरूको नाम केही वंशावलीहरूमा फरकफरक पनि पाइन्छ । तर पनि यस क्षेत्रको पहिलो सेन शासक लोहाङ्गसेन र अन्तिम कर्णसेनका बारेमा भने त्यस्तो विवाद रहेको देखिदैन । तर विजयपुर राज्यको स्थापना पश्चात अन्तिम राजा कर्णसेनभन्दा अगाडिका राजाहरूको नाममा भने विविधता रहेको पाइन्छ ।

मकवानी सेनहरूले आफू मकवानपुरतिर नै बसेर विजयपुर भेगमा भने स्थानीय रायहरूलाई मन्त्री बनाई शासनाधिकार जिम्मा दिने गरेको हुनाले यहाँका रायहरू बेलाबेलामा ज्यादै उच्छृङ्खल ढंगमा प्रस्तुत हुने तथा आफूलाई मन परेको व्यक्तिलाई ल्याएर राजा बनाउने एवं पुन मन नपरेको राजालाई धपाउने पनि गर्दथे । यसै क्रममा यस भेगमा बेलाबेलामा राजाहरू परिवर्तन भईरहने तथा उनीहरूमा स्थायित्व नरहने गरेको देखिन्छ । विजयपुरमा विभिन्न ९ जना सेन शासकहरूले शासन गरेको देखिन्छ । तिनीहरूमा वंशक्रमले नभएर दाजुभाई तथा काकाभतिजा जस्ता व्यक्तिहरूले समेत शासन गरेको पाइएको छ ।

विजयपुरमा राजा कामदत्त सेनका पालामा एकपटक राजा र मन्त्रीका बीचमा ठूलो झगडा परेको देखिन्छ । यसको फाइदा उठाउँदै सिक्किमका राजा नग्याल फुन्चोले वि.सं. १८२६ मा विजयपुरको इलाम क्षेत्रमा आधिपत्य जमाएका थिए । यही झगडाकै निहुँमा बुद्धिकर्ण राई भागेर पूर्णियातिर गएका देखिन्छन् । उनले पूर्णियामा नै बसेर सिक्किमको समेत साथ लिई कामदत्त सेनको हत्या गराउन सफल भए । त्यसपछि उनी विजयपुर फिरेर कामदत्तका काका रघुबीरसेनलाई विजयपुरको राजगद्दीमा राखी शासन गर्न लागे । यता रघुविर सेन बृटिस इन्डियासँग मिलेका थिए । पछि बुद्धिकर्ण राईले यो कुरा थाहा पाएपछि वि.सं. १८२७ मा यिनी देश छाडेर भागे । यसै क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायणका सेनाले विजयपुरलाई बृहत्तर नेपालभित्र एकीकरण गरे ।

विजयपुरका राजा कामदत्त सेनको समयमा वि.सं. १८२४ तिर राजा र मन्त्रीका बीचमा ठूलो झगडा भएको देखिन्छ । यसै क्रममा त्यहाँका मन्त्री बिचित्र राईसँग राजाको मेलमिलाप हुन सकेन । तसर्थ उनी भोटतिर भाग्न पुगे र जगतसेन विजयपुरको राजगद्दीमा बसे । कामदत्त सेन विचित्र राईको रवैयादेखि डराएर ज्यान जोगाउन त्यता भागेका हुन् । जगत सेनलाई राजगद्दीमा राख्ने काम पनि विचित्र राईले नै गरेका थिए । पुन कामदत्तसेन फिरेर आई जगतसेनसँग मिलेर शासन गर्न लागेकोमा त्यही समयमा बिचित्र राईको मृत्यू भई बुद्धिकर्ण राई विजयपुरका मन्त्री भएका थिए । तर यिनीहरूको बुद्धिकर्ण राईसँग पनि झगडा पऱ्यो । यसरी एकातर्फ सेनराजाहरूले विजयपुरमा स्थायी रूपमा बसेर शासन गरेनन् भने अर्कातर्फ यहाँका भारदार र राजाका बीचमा आपसी झैझगडा र कलह पनि भईनै रहन्थ्यो । यसले गर्दा यहाँको राजनीतिमा स्थिरताभने आएको पाईँदैन । यसै क्रममा वि.सं. १८३१ मा कर्ण सेनको पालामा गोरखाली सेनाले विजयपुमाथि आक्रमण गरी विजय प्राप्त गऱ्यो र विजयपुर गोरखालीहरूको अधिनमा पुग्यो ।

विजयपुरलाई मकवानपुर राज्यमा पाल्पामा गाभ्ने लोहांगसेनलाई विजयपुर लगायतको मकवानपुर भागीमा परेको थियो । तर तिनले कमवानपुरलाई नै राजधानी बनाई विजयपुरसम्म पनि शासन गरेका थिए । पछि स्वतन्त्र रूपमा स्थापित गरी शासन गर्ने पहिला सेन राजा इन्दू विधाता सेन थिए । तिनले वि.सं. १७४१ मा विजयपुरलाई मकवानपुरबाट अलग्ग पारेर शासनको सुरूवात गरेको देखिन्छ । उनी मकवानपुरे राजा हरिहर सेनका नाति तथा छत्रपति इन्द्रका छोरा थिए । मकवानपुरका राजा हरिहर सेनका जेठा छोरा छत्रपति इन्द्र थिए । तसर्थ हरिहर सेनपछि छ

छत्रपति इन्द्र र त्यसपछि तिनका जेठा छोरा इन्द्र विधाता सेन मकवानपुर राज्यका उत्तराधिकारी हुन पाउने व्यक्ति थिए । तर मकवानपुरको राजगद्दीमा बस्न नपाउँदै छत्रपति इन्द्रको मृत्युभयो । इन्द्र विधाता सेन आफ्ना बाबुका ठाउँमा आफूले मकवानपुर राज्यको उत्तराधिकारी पाउने दाउमा भए पनि तिनका बाजे हरिहर सेनले भने विधाता इन्द्रका बदलामा तिनका काका शुभसेनलाई मकवानपुरको उत्तराधिकार घोषणा गरे । तिनी कुचबिहारकी राजकुमारी तर्फका छोरा तथा विधाता इन्द्रका काका थिए । यसरी आफ्नो बदलामा राजगद्दीको उत्तराधिकार काकाले पाएकोमा विधाता इन्द्रलाई ठूलो पिर पऱ्यो । तसर्थ तिनी तत्काल मकवानपुरबाट पूर्वतर्फ लागि कोशी नदी तरेर विजयपुर पुगे र त्यसलाई स्वतन्त्र राज्य घोषणा गरे । त्यसपछि उनी यसै भेगमा बसेर स्वतन्त्रतापूर्वक शासन गर्न लागे । यसरी स्वतन्त्र विजयपुरका प्रथम सेन राजा विधाता इन्द्र सेन थिए । उनले विद्रोह गरी विजयपुरलाई टुक्र्याएपछि हरिहरसेनले पनि त्यसलाई फर्काउने प्रयास गरे । तिनले काठमाडौं उपत्यकाका ललितपुर र पश्चिमको गोरखा समेतको सहयोग मागी विजयपुरमाथि आक्रमण गरे पनि विजयपुर मकवानपुरबाट अलग्ग राज्यका रूपमा रह्यो ।

विजयपुरमा राजा इन्द्र विधातासेनलाईएक पटक पूर्णियातिरका नवावले पकिएर दिल्ली पठाएका थिए । मकवानी राजा शुभसेनसँगको झगडाका कारण त्यताकै उक्साहटमा नवावले इन्द्र विधाता सेनलाई पकिएका थिए । पछि यिनकी रानी इन्दू राजराजेश्वरीले मकवानपुरका राजा शुभसेनका छोरा महिपतिसेनलाई विजयपुरको राजगद्दीमा राखिन् । यिनी तथा विधाता इन्द्रसेन निसन्तान भएका हुँदा तिनले काका सशुराका छोरा तथा देवर महिपतिसेनलाई विजयपुरको राजगद्दीमा राखेकी हुन् । तर यिनले शासन भने यहाँका किरात मन्त्रीहरूसँग मिलेर आफैं गरिन् । तसर्थ महिपतिसेन नाममात्राका राजा भएका थिए । कालान्तरमा इन्द्र विधाता सेन मुगल सम्राटहरूको चंगुलबाट फुत्केर आएका भए पनि तिनले यहाँ पुन शासन गर्ने मन गरेनन् । तसर्थ तिनको राजगद्दी निर्वाध रूपमा महिपति सेनलाई सुम्पिन पुगे । दिल्लीमा मुगल सम्राटले तिनीहरूको जात च्यूत गरेको र थुनामा राखिएको अवस्थामा तिनीहरूले सालको १२ हजार नजराना दिल्ली मुगल सम्राटलाई बुझाउने सर्तमा छुट्कारा पाएको वर्णन पाइन्छ । त्यसपछि मात्र तिनीहरू दिल्लीका मुगल बादशाहबाट छुट्कारा पाएका थिए । विजयपुरमा विभिन्न ९ जना सेन शासकले शासन गरेको देखिन्छ । यिनमा अन्तिम सेन राजा भने कर्णसेन थिए । यिनी चौदण्डीका पनि राजा भएका थिए । यता विजयपुरमा चौताराहरूको मनोमालिन्यताका कारणले शान्तिसुरक्षा खलल भएको थियो भने पहाडतिरका किरातहरूले यस स्थानको राजनैतिक तथा दरबारीया षडयन्त्रदेखि दिक्क भएर चासो राख्न छाडेका थिए । यही मौका पारेर वि.सं. १८३१ सालमागोरखाली सेनाले विजयपुर माथि आक्रमण गरी विजय हासिल गरेका थिए ।

^= ljhok'/ /fHo

विजयपुर कोशी नदी पूर्वको प्रख्यात ऐतिहासिक स्थल हो । विगतमा मध्यकालतिर यो भेग बैग्लै राज्यका रूपमा रहेको थियो । बेलाबेलामा विभिन्न शासकहरूले शासन गरेका यो स्थानमा एकीकरणभन्दा अगाडि पाल्पाली सेनहरूको अधिन थियो । कालान्तरमा वि.सं. १८३१ सालमा गोरखाली सेनाले यसलाई आफ्नो अधिनमा पारेपछि मात्र विजयपुरको स्वतन्त्र अस्तित्व समाप्त भएको हो ।

विजयपुरको प्राचीन इतिहास खोजी गर्ने क्रममा यस भेगमा प्रागैतिहासिक कालदेखि नै मानव विचरण गरेका प्रमाणहरू पाइएका छन् । यस क्षेत्रमा बेलाबेलामा प्राप्त हुने गरेका नवपाषाणकालिक प्रस्तर उपकरणहरूले यसको पुष्टि गरेका छन् । ऐतिहासिक कालमा पनि इसापूर्व कालदेखि नै कोशी पूर्वको मोरङ विजयपुर क्षेत्रमा बस्तिको विस्तार भई सकेको र केही गाउँहरूको समेत विकास हुन लागेको संकेतहरू पाइएका छन् । इसापूर्व कालतिरै मोरङ या विजयपुरअन्तर्गत पर्ने भेडियारी, चतरा, अर्चले र वरपरका क्षेत्रमा मानवको बसोवास भएको कुरा

ती स्थानहरूमा प्राप्त पुरातात्विक अवशेषहरूले प्रष्ट पारेका छन् । यसै गरी वराहक्षेत्रको ख्याति त्यसैबेला ठूलो क्षेत्रसम्म फैलिएको पाइने हुनाले वराहक्षेत्र भेगमा समेत तत्कालै वस्ति बसिसकेको मानिन्छ । चतरा, सूर्यकुण्ड, चौदण्डा तथा लालकोट रंगमहल इसापूर्व कालका विजयपुर या मोरङ भेगका प्रमुख वस्तिहरू थिए । तत्काल मोरङको पहाड र झापाको भाबर भेगमा पनि मानव बसोवास भएको स्पष्ट देखिन्छ । यसबाहेक विजयपुर या मोरङका अन्य भागहरूमा समेत तत्काल ससाना वस्तिहरू बसिसकेका थिए ।

कोशीनदी पूर्वको ठूलो भूभागमा मध्यकालको प्रारम्भतिर एउटा शक्तिशालि राज्य देखा परेको थियो, जसको नाम मोरङ हो । यसको राजधानी विजयपुर थियो भने कालान्तरमा यस राज्यको नामनै राजधानीकै आधारमा विजयपुर बन्न पुग्यो । यस स्थानलाई मध्यकालदेखि मोरङ र त्यस पछि भने पुन त्यसैलाई विजयपुर राज्य भनिएको देखिन्छ । बृटिस इन्डियाका लिखतमा पनि यस स्थानलाई मौरङ्गनै भनिएको देखिन्छ । यस स्थानलाई मोरङ भन्नुको कारण स्पष्ट नभए पनि मध्यकालताका यस क्षेत्रमा मुरेहाङ्ग नामक शासकले शासन गरेको हुनाले यस स्थानलाई मोरङ भनिएको हो भन्ने देखिन्छ । प्राचीन कालताका भने यस भेगलाई मोरङ्ग नामले पुकारिएको कहीं कतै प्रमाणहरू पाइएका छैनन् । मुरेहाङ्गबाट मोरङको नाम रहेसरह विजयपुर भने यहाँ शासन गर्ने कोचवंशी राजा विजयनारायणका नामबाट रहेको अनुमान छ । यहाँ मोरङ र विजयपुर एकै राज्यका लागि प्रयोग गरिने अलगअलग नाम भएकाले विभिन्न प्रसंगमा मोरङ र विजयपुर दुवैका नामहरू प्रयोग गरिएका छन् ।

विजयपुर क्षेत्र इसापूर्व कालतिर मत्स्यदेशका नामले परिचित थियो । महाभारतका पात्र मत्स्यदेशका राजा विराटको दरबारक्षेत्र विराटनगर मध्यकालिक विजयपुर राज्यको क्षेत्रभित्र पर्दथ्यो भन्ने कुरा भविश्यपुराणले दर्शाएको छ । यस ग्रन्थमा बंगालको उत्तरपश्चिम दिशामा मत्स्यदेश पर्ने उल्लेख गरिएको छ । हालको विराटनगरमा महाभारत कालको मत्स्यदेशको राजधानी विराटदरबार थियो भन्ने कुरा चाहिं स्पष्ट छैन । तर स्थानीय किंवदन्तिहरूमा यस भेगका थुप्रै स्थानहरूलाई महाभारतकालिक मत्स्यदेशको भौगोलिक अवस्थितिसँग समन्वय गरेको पाइन्छ । यहाँ विराटनगर नाम मात्र नभएर महाभारतका घटनाहरूसँग सम्बन्धित विभिन्न नाम भएका स्थानहरू प्रशस्तै पाइन्छन् । तसर्थ प्राचीन मत्स्यदेश यसै भेगमा भएको कुरा स्वीकार गर्नुपर्ने देखिन्छ ।

मध्यकालताका मोरङ विजयपुर भन्नुको मतलव उत्तरमा हिमालदेखि दक्षिणमा पूर्णिया र यदाकदा गंगासम्मको क्षेत्र पर्दथ्यो । यसैगरी यसको पश्चिमी सीमा कोशीनदी भएपनि कमला र गण्डकी पनि यसका सिमा हुने गर्दथे भने पूर्वमा कहिले टिष्टा, कहिले महानन्दा र कहिले

कामरूपसम्म पनि यसको सिमाना फैलिएको देखिन्छ । मध्यकालमा विजयपुरको सिमाना पश्चिममा गण्डकीनदी, उत्तरमा हिमालय पर्वत, पूर्वमा टिष्टानदी र दक्षिणमा गंगानदी पर्दथ्यो । विजयनारायणले यस स्थानमा राज्य स्थापना गरेपछि भने मोरङ विजयपुर बेग्लै स्वतन्त्र राज्यका रूपमा स्थापित भयो । मुरेहाङ्गले शासन गरेकै मान्यतामा यसलाई मोरङ भन्न लागियो भने विजयनारायणले यसलाई राजधानी बनाएर शासन गर्न लागेकाले यसलाई विजयपुर पनि भनिएको हो । पछि यो स्थान पाल्पाली सेनहरूको अधीनमा जाँदा मोरङ या विजयपुर बेग्लै राज्यका रूपमा रहन पुग्यो । तर मोरङ सेनहरूको अधीनमा भने लामो समयसम्म रहिरहन सकेन, जुन नेपाल एकीकरणका क्रममा वि.सं. १८३१ सालमा बृहत्तर नेपालमा गाभिन पुग्यो ।

&= lgisif{

पूर्वी नेपालको विजयपुर राज्य नेपालका मध्यकालिकबाइसे र चौविसे राज्यभन्दा पृथक थियो । एकातर्फ यसको भूगोल निकै ठूलो थियो भने अर्कातर्फ यस राज्यमा समावेशी, संघीयता र प्रजातन्त्रको राम्रो प्रयास भएको देखिन्छ । छोटकरीमा विजयपुरको इतिहासका मुख्यमुख्य विषयवस्तुलाई निष्कर्षका रुपमा तल प्रस्तुत गरिएको छ ।

क) विजयपुर मोरङ अत्यन्त प्राचीन क्षेत्र रहेको कुरा विभिन्न ऐतिहासिक र पौराणिक स्रोहरुले प्रमाणित गरेका छन् ।

ख) कोच वंशी राजा विजयनारायणले स्थापना गरेको हुनाले यस राज्यको नामकरण उनैको नामका आधारमा विजयपुर गरिएको हो ।

ग) मुरेहांग नामक किराती राजाको नामबाट यस भेगको नाम मोरङ रहेको पुष्टि भएको छ ।

घ) हांग र राय या राई दुवै शब्द पदवाचक या राजाका लागि प्रयोग भएका ऐतिहासिक प्रमाण पाइन्छन् । यसको मतलव राई या राय किरातीले मात्र लिने पद भने होइन । यो पद कोच, सेन र खशले पनि लिएको देखिन्छ । तसर्थ यी दुवै शब्दलाई राजावाचक मानिएको छ ।

ङ) अघि राजाका छोराहरुका बीचमा राज्य भागबण्डा लगाउने परिपाटी थियो, जसको परिणामस्वरुप पाल्पाबाट मकवानपुर अलग्ग छुट्टिएको हो । यता मकवानपुर राजदरबारको झगडाले गर्दा विजयपुर र अझ पछि त्यस्तै झगडाका कारण चौदण्डी राज्य अलग्ग भएको पुष्टि हुने गरेको छ ।

च) पाल्पाली सेनराजाहरुले अन्य राजारजौटाभन्दा फरक देखाउनु हिन्दूपति उपाधि लिने गरेका उदाहरण पाइन्छन् । भारतका शासकहरु मुगल र बृटिशहरुको प्रभावमा परिसकेका हुनाले

तिनले आफूलाई हिन्दूमार्गिका रुपमा अलग्गै पहिचान दिन यस्तो पदवी लिएका हुन् । यसरी सेनहरु हिन्दू धर्म र संस्कृति जोगाउने प्रयासमा लागेको देखिन्छ ।

छ) गोरखाका राजा पृथ्वीनारायण शाहले एकीकरणको प्रेरणा पाल्पाली सेनराजा मुकुन्द सेन र मकवानपुरे लोहांगसेनको प्रयासका कारणले पाएको देखिन्छ । यिनीहरुले पृथ्वीनारायण शाहभन्दा धेरै अगाडि सेन राज्यको विस्तार पूर्वतर्फ गरेका थिए ।

ज) विजयपुर राज्यको सिमा टिष्टा र महानन्दासम्म पुगेको हुनाले पछि वर्तमान नेपालको सिमाना त्यतातिर पुग्न सफल भएको हो । यता विजयपुरले ओगटेको लिम्बूआन र खम्बूआनका साथमा पूर्णिया भेगको ठूलो भूभाग पनि विजयपुर राज्यका कारणनै बृहत्तर नेपालमा गाभिन पुगेका हुन् । यदि विजयपुर राज्यको अस्तित्व नरहेको भएमा यी क्षेत्रहरु बृटिश इन्डियाको हातमा पर्ने सम्भावना थियो । उनीहरुबाट गोरखाली सेनाले यी भूभाग प्राप्त गर्न सम्भव थिएन । तसर्थ बृहत्तर नेपालको खाका कोर्ने कार्यका लागि विजयपुर राज्यको अहम् भूमिका रहेको कुरा स्पष्ट छ ।

झ) नेपालको प्रशानिक इतिहासमा स्वायत्तता, विकेन्द्रिकरण, समावेशी र संघियताको राम्रो उदाहरण विजयपुरको प्रशासनिक इतिहासमा पाउन सकिन्छ । तसर्थ यसले अहिलेसम्म पनि हाम्रो प्रशासनिक व्यवस्थामा गहिरो प्रभाव पारेको देखिन्छ ।

ञ) पूर्वी किरात प्रदेशको किपट प्रथा निकै पुरानो थियो, जसलाई सेन र शाहहरुले निरन्तरतामात्र दिएका हुन् भन्ने देखिन्छ ।

ट) हाल देश संघीयतातर्फ उन्मुख भएको अवस्थामा यो शोध क्षेत्रीय इतिहास मात्र नभएर देशको संघीय इतिहास हुने स्पष्ट छ ।

ठ) हिमाल, पहाड र तराई समेटेर निर्माण भएको एउटा मात्र नेपालको मध्यकालिक सेन राज्य विजयपुरमात्र थियो । यसले हालको संघीयताको खाका कोर्न पनि सहयोग गर्ने देखिन्छ ।

वास्तवमा विजयपुर नेपालको पूर्वतर्फको मध्यकालिक राज्य थियो, जसको अलग्ग पहिचान रहेको देखिन्छ । यसले हिमालदेखि तराईसम्मको भूभाग समेटेको देखिन्छ भने किरात र सेनहरुका बीचको आपसी समन्वयका कारणले यहाँको प्रशासनिक व्यवस्था प्रजातान्त्रिक पनि देखिन्छ । समावेशीको राम्रो उदाहरण विजयपुर राज्यले नै देखाएको थियो । राजा सेन वंशका रहने भए पनि मन्त्री भने किरात रहने व्यवस्था मिलाउनुका साथै सेनहरु मकवानपुर बस्ने तथा किरात मन्त्रीहरुले कोशी पूर्वमा शासन गर्ने हुनाले सेनहरुले संघात्मकताको राम्रो उदाहरण प्रस्तुत गरेको देखिन्छ । बृहत्तर नेपाल निर्माणका क्षेत्रमा विजयपुरको महत्व यो रहेको छ कि विजयपुरले

ओगटेको भूभागनै बृहत्तर नेपालमा गाभिएको हो । नेपालको पूर्वी सिमाना टिष्टासम्म पुग्नुको मूल कारण विजयपुर राज्यको अस्तित्व कायम रहनुमा नै थियो भन्ने देखिन्छ ।

नेपाल एकीकरणपछि विजयपुरका कारणले नै नेपालको पूर्वी सिमाना टिष्टा र सिक्कीमसम्म पुगेको हो । नेपाली सेनाले विजयपुरका कारणनै उत्तरको ठूलो हिमाली भागसम्म प्रभाव फैलाउन सफल भएको हो । यता दक्षिणमा पूर्णियासम्म सिमाना विजयपुरको रहेकाले नै कोशी पूर्वको सिमाना दक्षिणमा पूर्णिया पुगेको देखिन्छ । यसरी पूर्वी नेपालको सिमा क्षेत्र निर्धारणमा विजयपुरको ठूलो भूमिका रहेको छ । विजयपुर राजधानी हातमा पर्नासाथ विजयपुर राज्यअन्तर्गतको ठूलो भूभाग गोरखालीको हातमा परेको हो । यसले गर्दा कोशी पूर्वको ठूलो भूभाग सहज रुपमा गोरखालीको अधिनमा परेको स्पष्ट छ । तसर्थ नेपालको इतिहासमा विजयपुरको विशेष योगदान रहेको देखिन्छ ।

ljifo;"rL

सिफारिसपत्र i

स्वघोषणापत्र ii

कृतज्ञाता ज्ञापन iii

शोधसार..... iv

cWofo Ps

cg';Gwfgsf] kl/ro

१.१ परिचय..... १

१.२ समस्या कथन ११

१.३ अध्ययनको उद्देश्य १२

१.४ अध्ययनको क्षेत्र र सिमा..... १३

१.५ अध्ययनको औचित्य १३

१.६ अध्ययनको संगठन १४

cWofo b'O{

k"j{ ;flxTo ;dLIff

२.१ परिचय १७

२.२ सम्बद्ध साहित्य समीक्षा १८

cWofo tLg

cg';Gwfg ljlw

३.१ नमुना छनौट ५९

३.२ अध्ययन सामग्री संकलन विधि ५९

३.२.१ प्राथमिक सामग्री संकलन विधि ६०

३.२.२ द्वितीयक सामग्री संकलन विधि ६२

३.३ अध्ययनको सिद्धान्त र अवधारणा ६३

cWofo rf/

;]g j+zsf] kl/ro

४.१ परिचय ७०

४.२ पाल्पा राज्य ७४
४.३ मकवानपुर राज्य ..... &*
४.४ चौदण्डी राज्य ८६

cWofokfFr

;]g k"j{sf] ljhok'/sf] Oltxf;

५.१ परिचय ८९
५.२ नामकरण ९०
५.३ राज्य स्थापना ९२
५.४ इतिहास ९६
५.४.१ प्रागैतिहासिक काल ९६
५.४.२ पौराणिक काल ९९
५.४.३ प्राचीन काल १००
५.४.४ मध्यकाल १०४

cWofo5

ljhok'/df ;]g zf;gsf] ;'¿jft

६.१ परिचय १११
६.२ लोहांगसेन र विजयपुर ११२
६.३ राघव नरेन्द्रसेन र विजयपुर १२१
६.४ हरिहर इन्द्रसेन र विजयपुर १२१

cWofo;ft

:jtGq ljhok'/ /fHo / ;]g zf;g

७.१ परिचय १२३
७.२ विधाता इन्द्रसेन १२४
७.३ इन्दू राजराजेश्वरी देवी १३०
७.४ महिपति सेन १३१
७.५ कामदत्त सेन १३३
७.६ रघुनाथ सेन १३८
७.७ कर्णसेन र विजयपुरको पतन १४१

cWofocf7

;]gsflns ljhok'/sf] k|zf;lgs Joj:yf

८.१ परिचय..... १५०

८.२ केन्द्रीय प्रशासन १५१

८.३ क्षेत्रीय प्रशासन १५४

८.४ सैनिक प्रशासन १५८

८.५ न्याय प्रशासन..... १६०

८.६ ग्राम र किल्ला प्रशासन..... १६१

cWofogf}

lgisif{

९.१ परिचय..... १७१

९.२ सेन शासनको सुरूवात १७४

९.३ विजयपुरमा सेन शासनको सुरूवात १७४

९.४ स्वतन्त्र विजयपुरमा सेन शासनको सुरूवात १७५

९.५ विजयपुरमा सेनकालिक इतिहास १७५

९.६ विजयपुरमा सेनकालिक प्रशासनिक व्यवस्था १७८

९.७ किल्ला तथा प्रमुख धार्मिक स्थलहरू १८०

परिशिष्टहरू १८६

अन्तरवार्ता लिइएका व्यक्तिहरूको विवरण..... २१२

अन्तरवार्तासूची २१४

चित्रसूची २१५

सन्दर्भ ग्रन्थसूची २२२

अध्याय एक

अनुसन्धानको परिचय

!=! kl/ro

विश्वमा वैज्ञानिक ढङ्गले इतिहास अध्ययन गर्ने परिपाटीको विकास इसापूर्व कालतिर नै भएको हो । त्यसै युगमा रोमन र ग्रिक दार्शनिकहरूले स्थलगत रूपमा अवलोकन गरेर प्रमाणका आधारमा इतिहास अध्ययन गर्ने पद्धतिको सुरूवात गरेका थिए । कालान्तरमा यसै परिपाटिअनुरूप विश्वका कैयन् स्थलहरूको इतिहास अध्ययन गरिएको छ र त्यस्ता स्थानहरूको इतिहास स्पष्ट रूपमा प्रकाशित पनि भएको पाइन्छ । तर नेपालमा भने इतिहास अध्ययन गर्ने कार्यले धेरै पछिमात्र अग्रगति पाउन सकेको हो । प्रारम्भमा राणाहरूले स्वदेशी विद्वान्हरूलाई इतिहासको खोज तथा अध्ययन गर्न बन्देज लगाएका थिए । तसर्थ विदेशीहरूले नै यहाँको इतिहास अध्ययन अनुसन्धान गर्ने कार्य गरे । पछि राणा शासनको अन्त्यपछि मात्र नेपाली विद्वान्हरूले स्वतन्त्र रुपमा इतिहास लेखन कार्य गर्न पाएका हुन् । तसर्थ पनि नेपालको इतिहास अध्ययन गर्ने कार्यले आजसम्म पनि पूर्णता पाउन नसकेको हो ।

नेपालको इतिहास अध्ययन गर्ने क्रममा काठमाडौं उपत्यकाको इतिहासका विविध पक्षका बारेमा अत्यधिक मात्रामा अध्ययन अनुसन्धान भई सकेको छ । इतिहासको अध्ययन निरन्तर रूपमा चल्ने प्रकृया हो । यसमा देशको अन्य भागको तुलनामा उपत्यकाको इतिहास अध्ययनले ज्यादा अग्र गति लिएको देखिन्छ । यता पश्चिमी नेपालको बाइसे र चौविसे राज्यको राजनैतिक इतिहास पनि धेरै मात्रामा अध्ययन भएको छ । हुन त कुनै पनि स्थानको इतिहासको अध्ययनले कहिल्यै पनि पूर्णता भने पाउँदैन । किनकि राम्रैसँग अध्ययन भएका स्थानको इतिहासका पनि विविध पक्षहरूको जानकारी दिने नयाँनयाँ स्रोतहरू निरन्तर रूपमा प्राप्त हुने गर्दछन् भने समयको अन्तरालमा नयाँ तरिकाले इतिहास अध्ययन गर्ने परिपाटिको पनि विकास हुने गर्दछ । तसर्थ कुनै पनि स्थानको इतिहासको अध्ययनले पूर्णता पाउन नसक्ने मान्यता राखिएको हो । यस्तो अवस्थामा नेपालको इतिहास अध्ययनका धेरै पक्षहरू हालसम्म पनि अपूर्ण छन् । यसको अध्ययन गर्ने कार्यले निरन्तरता पाउन अति आवश्यक देखिन्छ ।

नेपालको इतिहास पूर्ण रूपमा अध्ययन गर्न यहाँको क्षेत्रीय इतिहास पनि अध्ययन अध्ययन अनुसन्धान हुनु पर्दछ । यसका धेरै पाटाहरू आजसम्म पनि अध्ययनको पर्खाइमा नै रहेका छन् । यसमा पनि विशेषत कोशी पूर्वको मोरङ विजयपुरको इतिहासको अध्ययन त हालसम्म पटक्कै हुन सकेको छैन भन्दा पनि अत्युक्ति नहोला । तर यहाँको इतिहास भने निकै पुरानो र महत्वपूर्ण रहेको

देखिन्छ । प्राचीन कालदेखि नै मत्स्यदेशका नामले प्रख्यात यो क्षेत्रमा मध्यकालताका मोरङ विजयपुर राज्यको स्थापना भएको थियो ।[१] त्यसबेला पश्चिमतिर मधेश र भाबरमा शासन गर्ने शासकहरूले नेपालको पहाडी भागको शासनमा चासो नराख्ने तथा उपत्यकाका शासकलाई मधेश तराईमा शासन गर्न खासै चासो नभएको भए पनि पूर्वको विजयपुरनै त्यस्तो स्थान थियो, जहाँ मधेश तराईका साथमा पहाडी भागमा समेत सेनहरुको शासन व्यवस्थामा चलेको देखिन्छ । तसर्थ यस भेगको मध्यकालिक सेन शासन प्रजातान्त्रिक पद्धतिको थियो भन्न सकिन्छ । तर यस भेगको आर्थिक, धार्मिक, सामाजिक र पुरातात्विक विषयवस्तुको अध्ययन भने अझ पूर्ण हुन सकेको पाइँदैन । यस्ता सबै विषयवस्तुको राम्रोसँग अध्ययन नभएसम्म नेपालको इतिहास अध्ययनले पूर्णता पाउन सक्तैन । तसर्थ यस भेगको माथि वर्णित विविध पक्षको अध्ययन गर्नु आजको मूल आवश्यकता भएको छ ।

विजयपुरको राजनैतिक इतिहास निकै पुरानो छ । यस भेगको प्राचीन इतिहास खोजी गर्ने क्रममा विजयपुर भेगमा प्रागैतिहासिक कालदेखि नै मानव विचरण गरेका प्रमाणहरू पाइने गरेका छन् । यस क्षेत्रका विभिन्न भागमा बेलाबेलामा प्राप्त हुने गरेका नवपाषाणकालिक प्रस्तर उपकरणहरूले यसको पुष्टि गरेका छन् । इसापूर्व कालदेखि नै कोशी पूर्वको मोरङ विजयपुर क्षेत्रमा बस्तिको विस्तार भई सकेको र केही गाउँहरूको समेत विकास हुन लागेको संकेतहरू पाइएका छन् । इसापूर्व कालतिरै मोरङ या विजयपुरअन्तर्गत पर्ने भेडियारी, चतरा, अर्चले र वरपरका क्षेत्रमा मानवको बसोवास भएको कुरा ती स्थानहरूमा प्राप्त पुरातात्विक अवशेषहरूले प्रष्ट पारेका छन् । यसै गरी वराहक्षेत्रको ख्याति त्यसैबेला ठूलो क्षेत्रसम्म फैलिएको पाइने हुनाले वराहक्षेत्र भेगमा समेत तत्कालै वस्ति बसिसकेको मानिन्छ । चतरा, सूर्यकुण्ड, चौदण्डा तथा लालकोट रंगमहल इसापूर्व कालका विजयपुर या मोरङ भेगका प्रमुख वस्तिहरू थिए । तत्काल मोरङको पहाड र झापाको भाबर भेगमा पनि मानव बसोवास भएको स्पष्ट देखिन्छ । यसबाहेक विजयपुर या मोरङका अन्य भागहरूमा समेत तत्काल ससाना वस्तिहरू बसिसकेका थिए ।[२]

कोशीनदी पूर्वको ठूलो भूभाग समेटेर मध्यकालको प्रारम्भतिर एउटा शक्तिशालि राज्य देखा परेको थियो, जसको नाम मोरङ हो । यसको राजधानी विजयपुर थियो भने कालान्तरमा यस राज्यको नामनै राजधानीकै आधारमा विजयपुर बन्न पुग्यो । यता विजयपुर र मोरङको नामकरण कसरी भयो भन्ने बारेमा ठोस प्रमाणहरू पाइएका छैनन् । तर पनि यस स्थानलाई मध्यकालदेखि मात्र मोरङ भन्ने गरिएको देखिन्छ । पछि गएर त्यसैलाई विजयपुर राज्य भनिएको हो ।

---

१. सोमप्रसाद खतिवडा (२०६९), *राजा धनपालको इतिहास* (विराटनगरः अनुसन्धान विकास केन्द्र नेपाल), पृ. १९ ।

२. सोमप्रसाद खतिवडा (२०६७), *वराहक्षेत्रको सांस्कृतिक सम्पदा* (चतराः श्री राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान), पृ. ४२७ ।

बृटिसहरूले भारतमा शासनको सुरूवात गरेपछिका विभिन्न लिखतहरूमा यस स्थानलाई मौरङ्गनै भन्ने गरेको देखिन्छ ।३ बृटिशहरूका धेरै लिखतमा यस्तो प्रसंग परेको पाइएको छ । यस स्थानलाई मोरङ भन्नुको कारण स्पष्ट नभए पनि मध्यकालताका यस क्षेत्रमा मुरेहाङ्ग नामक शासकले शासन गरेको हुनाले यस स्थानलाई मोरङ भनिएको हो भन्ने देखिन्छ ।४ प्राचीन कालमा भने यस भेगलाई मोरङ्ग नाम दिइएको थिएन । तत्काल यो भेग मत्स्य देशका नामले प्रख्यात थियो । मध्यकालमा मुरेहाङ्गका नामबाट यसको नाम मोरङ भएको हो भन्ने मान्यता छ । यसैगरी विजयपुर भने यहाँ शासन गर्ने कोचवंशी राजा विजयनारायणका नामबाट नामकरण भएको हो भन्ने अनुमान छ । यहाँ मोरङ र विजयपुर एकै राज्यका लागि प्रयोग गरिने अलगअलग नामहरू हुन् । किनकि सेन शासकहरूका लिखतमा यस भेगका लागि यी दुवै नामहरू प्रयोग गरिएका देखिन्छन् (यस्तो लिखत परिशिष्ट १६ मा दिइएको छ) ।

विजयपुर क्षेत्र इसापूर्व कालतिर मत्स्यदेशका नामले परिचित थियो । महाभारतका पात्र मत्स्यदेशका राजा विराटको दरबारक्षेत्र विराटनगर मध्यकालिक विजयपुर राज्यको क्षेत्रभित्र पर्दथ्यो भन्ने कुरा भविश्यपुराणले दर्शाएको छ ।५ यस ग्रन्थमा बंगालको उत्तर पश्चिम दिशामा मत्स्यदेश पर्ने उल्लेख छ । हालको विराटनगर र मत्स्यदेशको राजधानी एउटै भएनभएको कुरा भने स्पष्ट छैन । किनकि यी दुवै नामहरू एकै भए पनि यिनका बीचको सम्बन्धका बारेमा भने राम्रोसँग शोधखोज हुन बाँकीनै छ । तर स्थानीय किंवदन्तिहरूमा यस भेगका थुप्रै स्थानहरूलाई महाभारतकालिक मत्स्यदेशका क्षेत्रसँग सम्बन्धित नामहरू दिइएका छन् । यहाँ विराटनगर नाममात्र नभएर महाभारतका घटनाहरूसँग सम्बन्धित विभिन्न नाम भएका अन्य थुप्रै स्थानहरू रहेकाले प्राचीन मत्स्यदेश यसै भेगमा पर्ने देखिन्छ, जससम्बन्धी थप विवरण पछिल्ला अध्यायहरुमा यथा प्रसंगमा दिइएको छ ।

किचकबध स्थान (राजा विराटका साला किचक मारिएको स्थान), कानेपोखरी (राजा विराटको काने नाम गरेको गोठालोले गाईलाई पानी खुवाउन बनाएको पोखरी), अर्जुनधारा (अर्जुनले विराटका गाईलाई पानी खुवाउन जमिन मुनिबाट पानी निकालेको स्थान या श्रोत), विराटपोखर (राजा विराटले बनाउन लगाएको पोखरी) र हरैंचा (राजा विराटका गाईवस्तु राख्ने स्थान) जस्ता नाम भएका स्थानहरू यस भेगमा प्रशस्तै छन् । साथै कोशी पूर्वको तराई प्रदेशमा बस्ने आदिवासी जनजातिमा महाभारत महाकाव्यका कथा प्रसंगमा आधारित थुप्रै प्रकारका लोकोक्ति र जनश्रुतिहरू पाइने गरेका छन् । तिनीहरू सबै विराटराजा तथा विराटनगर र

---

३. पेशल दाहाल (वि.स. २०५४), "मोरङ्गको ऐतिहासिक रूपरेखा", *मोरङ्ग एक परिचय* (काठमाडौं: नेकपा एमाले सम्पर्क मञ्च), पृ. २९ ।

४. *उही*, पृ. २९ ।

५. कृष्णदास बैंकटेश्वर (सन् १९८०), *श्रीभविश्यपुराण* (बम्बे: स्टिम प्रेस), पृ. ५३ ।

मत्स्यदेशसँग सम्बन्धित रहेको कुरा ती लोकोक्तिहरूमा पाउने गरिन्छ । झापाका किचकबध, कृष्णथुम्की, अर्जुनधारा र बाल्मिकी आश्रम लगायतका स्थान विशेषका नामले पनि प्राचीन मत्स्यदेश यसै भेगमा पर्ने कुरा स्पष्ट पारेका छन् । किनकि यी सबै नामहरू महाभारत महाकाव्यमा वर्णित स्थानहरूसँग निकट देखिन्छन् ।

पूर्वी नेपालको कोशी मेची अञ्चलका तराई भागमा प्रचलित कैयन् किंवदन्तिहरूले पनि मत्स्यदेश यसै भेगमा पर्ने कुरा स्पष्ट पारेका छन् । तसर्थ पूर्वी राजस्थानमा विराटनगर तथा मत्स्यदेश पर्दथ्यो भन्ने केही भारतीय विद्वान्हरूको दाबा कमजोर साबित भएको छ । यता पौराणिक ग्रन्थहरूमा वर्णित आठ दिसाका अष्ट दिग्गजमध्ये सर्वोत्तम हात्ति पाइने जंगल (प्राच्य जंगल) पनि मोरङ विजयपुर क्षेत्रभित्रकै स्थान थियो भन्ने देखिन्छ ।[६] तर यहाँ मोरङ विजयपुर भन्नाले हालको धरान विजयपुर र मोरङको सिमाभित्र मात्र संकुचन हुन हुँदैन । तत्कालको मोरङ विजयपुर भन्नुको मतलब उत्तरमा हिमालदेखि दक्षिणमा पूर्णिया र यदाकदा गंगासम्मको क्षेत्र पर्दथ्यो । यसैगरी यसको पश्चिमी सीमा कोशीनदी भएपनि कमला र गण्डकी पनि यसका सिमा हुने गर्दथे भने पूर्वमा कहिले टिष्टा, कहिले महानन्दा र कहिले कामरूपसम्म पनि यसको सिमाना फैलिएको देखिन्छ । अझ इसापूर्व कालको मत्स्यदेशको सवालमा त यसको सिमाना अझ ठूलो क्षेत्रमा पनि फैलिएको हुन सक्तछ । अलगअलग कालखण्डमा मोरङ विजयपुरको सिमा भने फैलने र संकुचन हुने दुवै प्रकारको क्रम चलेको देखिन्छ । तसर्थ यस राज्यको क्षेत्रफल सँधै एउटै नरहेको हो ।

प्राचीन कालमा नेपालको विजयपुर भेगसमेत हिमवत्शिखरका नामले जानिन्थ्यो । उक्त कुरा हाल एशियाटिक सोसाइटी अफ् बंगालमा संग्रहित तत्कालको (इ.सं. ४७७-९४) एउटा ताम्रपत्र अभिलेखले स्पष्ट पारेको छ । त्यसमा वराहक्षेत्र हिमवत्शिखरमा पर्ने उल्लेख पाइने हुँदा यस्तो अनुमान गरिएको हो । त्यस अभिलेखमा मोरङ विजयपुर भेग भारतको पश्चिम बंगाल स्थित कोटिवर्ष विषय (जिल्ला) मा पर्ने कुरा पनि बताइएको छ ।[७] मोरङ क्षेत्र विगतमा विभिन्न राज्यको अधिनमा पर्ने र स्वतन्त्र हुने क्रम निरन्तर चल्ने गरेको हुनाले उक्त विवरण सत्य हुन सक्तछ । कुनै बेलामा विजयपुर भेग मिथिला, सिम्रौनगढ, कुचबिहार, सिक्किम र इलामको अधिनमा समेत परेको देखिन्छ ।[८] इसाको चौधौंपन्ध्रौं शताब्दीताका मोरङ काठमाडौं उपत्यकाको अधिनमा समेत पर्दथ्यो ।[९] मोरङ विजयपुरमा कहिले अन्य मुलुकले अधीन जमाउँथे भने कुनै बेला

---

६. डिसी सरकार (ई. १९७१), *स्टडीज इन् द ज्योग्राफी अफ् एन्सियन्ट एन्ड मेडिएभल इन्डिया* (दिल्ली: मोतिलाल बनारसीदास), पृ. ३३७ ।

७. डिसी सरकार (सं., सन् १९६५), *सेलेक्ट इन्स्क्रीप्सन्स् बियरिङ्ग अन् इन्डियन हिस्ट्रि एन्ड सिभिलाइजेसन, भोल १,* (कलकत्ता: कलकत्ता विश्वविद्यालय), पृ. २३६-२३९ ।

८. सोमप्रसाद खतिवडा (२०७०), *कौशिकी संस्कृति* (चतरा: जगदुगुरु पीठ), पृ. ६९ ।

९. ज्ञानमणि नेपाल (वि.सं. २०५५), *नेपालनिरूपण* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), पृ. २४६ ।

स्थानीय शासकले बोलाएर पनि अरूको अधिनत्व स्वीकार गर्ने क्रम विजयपुर भेगमा चलेको देखिन्छ । मध्यकालमा यसको सिमाना पश्चिममा गण्डकीनदी, उत्तरमा हिमालय पर्वत, पूर्वमा टिष्टानदी र दक्षिणमा गंगानदी पर्दथ्यो ।[१०] विजयनारायणले यस स्थानमा राज्य स्थापना गरेपछि भने मोरङ विजयपुर बेग्लै स्वतन्त्र राज्यका रूपमा स्थापित भयो । पछि यो स्थान मकवानी सेनहरूको अधीनमा पुग्यो भने अझ पछि सेनहरूले यसलाई मकवानपुरबाट अलग्ग गरेर बेग्लै राज्यका रूपमा समेत शासन गरे (इन्द्र विधाता सेनले विजयपुरलाई मकवानपुरबाट अलग्याएर स्वतन्त्र शासन गरेका थिए, जसबाट विजयपुर अलग्ग सेन राज्यका रूपमा स्थापित भएको हो) । तर मोरङ सेनहरूको अधीनमा भने लामो समयसम्म रहिरहन सकेन र नेपाल एकीकरणका क्रममा वि.सं. १८३१ सालमा बृहत्तर नेपालमा गाभिन पुग्यो ।

विजयपुरको इसापूर्व कालको इतिहास खोजी गर्ने क्रममा मोरङको भेडियारीमा प्राप्त पुरातात्विक अवशेषहरूको पनि विश्लेषण गर्न आवश्यक हुने गर्दछ । यहाँ पाइएका पुराना भग्नावशेष तथा पुरातात्विक वस्तुहरूका आधारमा स्थानीय मानिसहरू त्यस क्षेत्रलाई प्राचीन मत्स्यदेशका राजा विराटको दरबार क्षेत्र विराटनगर थियो भन्ने बताउँछन् । उक्त स्थानमा वि.सं. २०२७ सालतिर नेपाल पुरातत्व विभागले उत्खनन् गरेको थियो । एउटा ठूलो ढिस्कामाथि गरिएको उक्त उत्खनन्मा विभिन्न दुई चरणमा निर्मित अण्डाकार गर्भगृहयुक्त मन्दिरको अवशेष पाइएको थियो । इशापूर्व २०० र १०० तिर दुईपटक दुई चरणमा निर्मित उक्त मन्दिरको अवशेषलाई मातृकाको मन्दिर भनिएको छ ।[११] त्यसका साथमा लगभग ४० वटा जति पंचमार्क (आहात) मुद्रा र अन्य थुप्रै प्रकारका पुरातात्विक सामाग्रीहरूसमेत प्राप्त भएको विवरण पुरातत्व विभागको प्रतिवेदनमा पाइन्छ । उक्त उत्खनन्ले त्यहाँ प्राप्त पुरातात्विक वस्तुहरूलाई इसापूर्व पाँचौंछैटौं शताब्दीतिरका मानेको हुनाले त्यहाँ उक्त समयसम्ममा मानव वस्ति बसिसकेको बुझ्न सकिन्छ । प्राचीन कालमा यो भेग मत्स्यदेशका नामले परिचित थियो । तत्काल यो स्थान बंगदेशको पश्चिममा पर्दथ्यो भन्ने पौराणिक विवरण पाइन्छ ।

विजयपुरको पहाडी भागका मुरेहाङ्गनामक शासकले मध्यकालतिर दक्षिणतिर आफ्नो राज्य विस्तार गरे । तत्काल मुरेहाङ्गले तराईको ठूलो क्षेत्रलाई आफ्नो अधिनमा पारेका थिए र उनकै नामका आधारमा विजयपुर भेगलाई मोरङ पनि भन्न थालियो ।[१२] खतिवडाका अनुसार तत्काल विजयपुरको सिमाना पूर्वमा टिष्टा तथा महानन्दानदी, उत्तरमा हिमाल, पश्चिममा कोशीनदी र

---

१०. *उही* ।

११. तारानन्द मिश्र (वि.सं. २०५४), "पूर्वी नेपालको इतिहास र गौरवका गाथाहरू", मोरङ्ग एक परिचय (काठमाडौं: सम्पर्क मञ्च नेकपा एमाले), पृ. २८ ।

१२. इमनसिंह चेम्जोंग (वि.सं. २०३१), *किरातकालीन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंग: नेपाली साहित्य परिषद), पृ. २० ।

दक्षिणमा पुण्ड्रबर्धनभुक्ती (पूर्णिया) रहेको भए पनि विक्रमको छैटौंदेखि बाह्रौं शताब्दीसम्मको यस भेगको इतिहास दर्साउने प्रमाणहरूको भने निकै कमी छ । पछि वि.सं. ११५४ तिर मध्यतराईमा सिम्रौनगढ राज्यको स्थापना भएपछि यसको पूर्वी सिमाना कोशी नदी कायम भएको थियो । तर कुनै बेला यसको पूर्वी सिमाना टिष्टासम्मको पुगेको पनि बताइन्छ ।[१३] यसलाई आधार लिएको खण्डमा तत्काल कोशी पूर्वको मोरङ तराईसमेत सिम्रौनगढका अधिनमा परेको हुन सक्तछ । तत्काल मोरङको पहाडी भागमा भने किराँतहरूले नै शासन चलाएको अनुमान छ । सिम्रौनगढ राज्यको प्रभाव पनि यस भेगमा लामो समयसम्म रहिरहन पाएन, मोरङ स्वतन्त्र राज्यका रूपमा रह्यो । तत्काल बंगालका मुशलमानहरूको पहुँच विजयपुर वरपरका निकै ठूलो क्षेत्रसम्म फैलिएको देखिन्छ । मुगल शासकहरू वरपरका टुके राज्यहरूलाई बेलाबेलामा आफ्नो अधीनमा पार्ने मौका हेरिरहेका हुन्थे । कुनै राज्य कम्जोर हुनासाथ तिनलाई आफ्नो अधीनमा पारेर कर अशुल्ने उनीहरूको परम्परानै थियो । यसको प्रत्यक्ष प्रभाव कुनै बेला मोरङमा पनि परेको देखिन्छ । तर यो प्रभाव पनि मोरङ विजयपुरमा लामो समयसम्म रहन सकेन र मोरङ एउटा स्वतन्त्र राज्यका रूपमा स्थापित हुन पुग्यो ।

विजयपुर भेगमा मकवानी सेनहरूले शासन गर्न नलागुन्जेलसम्म शासन व्यवस्था स्थिर हुन सकेन । बेलाबेलामा बाहिरी शक्तिहरूले यहाँ आफ्नो प्रभुत्व जमाउने कोशिस गरिरहे । यसै क्रममा एक पटक यो स्थान काठमाडौं उपत्यकाका मल्लहरूको अधिनमा परेको देखिन्छ । नरपतिजयाचार्य स्वरोदयटीका नामक एउटा हस्तलिखित ग्रन्थले यस्तो संकेत गरेको छ भन्ने विवरण पेशल दाहालले उल्लेख गरेका छन् । जगज्योतिर्मल्लका पालामा लेखिएको उक्त हस्तलिखित ग्रन्थमा काठमाडौं उपत्यकाका शासक यक्षमल्लले विजय अभियान चलाई उपत्यकाको सिमाना पूर्वमा बंगाल र दक्षिणमा गंगासम्म पुऱ्याएको राय दाहालको छ ।[१४] उनको यो अभियानका कारणले मोरङ पनि उपत्यकाको अधिनमा परेको देखिन्छ । तर यो अभियान दिगो रहेन र यक्षमल्लको जीवन कालमा नै राज्यको उत्तराधिकारका निहुँमा उनका छोराहरूका बीचमा ठूलो विवाद उत्पन्न भयो । कालान्तरमा काठमाडौं उपत्यकाको मल्ल राज्यनै फुटेर तीन टुकामा विभक्त भएकाले मोरङ पनि उनको अधिनमा रहीरहन पाएन । यही समयमा किराँतहरूले मोरङलाई पुन स्वतन्त्र बनाई शासन गर्न लागे ।[१५]

विजयपुर राज्य विजयनारायण या वीरनारायणले स्थापना गरेको कुरामा विद्वान्हरूका बीचमा विवाद रहेको पाइन्छ । विभिन्न स्रोतहरूमा यो राज्य कतै विजयनारायण र अन्यत्र वीरनारायणले स्थापना गराएको उल्लेख पाइन्छ । विजयनारायण र वीरनारायण एउटै व्यक्ति

---

१३. खतिवडा, *पूर्ववत् नं. ८,* पृ. ७२ ।
१४. दाहाल, *पूर्ववत् नं. ३,* पृ. ३१ ।
१५. खतिवडा, *पूर्ववत नं. ८,* पृ. ७२ ।

थिएनन् भन्ने कुरा इतिहासकार सरत चन्द्र घोषालको अ हिष्ट्री अफ कुचविहार नामक पुस्तकबाट प्रमाणित हुन्छ । किनभने उनले वीरनारायनको समय सन् १६२७ देखि १६३२ सम्म दिएका छन् ।[१६] जबकी विजयनारायणले वि.सं. १६४१ मै यो राज्य स्थापना गरेको हुन् भनी विभिन्न इतिहासकारहरुले उल्लेख गरेका छन् । तर यी व्यक्ति कहाँका र को थिए भन्ने कुरामा चाहिं निकै ठूलो विवाद रहेको छ । ह्यामिल्टनले पूर्वी नेपालमा प्रचलित एउटा किंवदन्ति प्रस्तुत गर्दै विजयनारायणलाई ब्राह्मण राजा भनेको देखिन्छ । उक्त किंवदन्तिमा पाइएअनुसार यस भेगमा शासन गर्ने ब्राह्मण राजाहरू लक्ष्मीनारायण, विरनारायण, रूपनारायण, नरनारायण, जगतनारायण, आदिनारायण र अन्तिम विजयनारायण थिए ।[१७] विजयपुर राज्यको स्थापनाकर्ता विरनारायणलाई एकाथरी विद्वान्हरूले पहाडतिरका किराँत राजा र अर्को थरिले आसामतिर बाट आएका कोचराजा थिए भन्ने कुरा बताएका छन् ।[१८] यिनलाई पहाडका राजा खेवाङले मोरङमा शासन गर्न पठाएको र उनी किराँती नै भएको तथा किराँती राजा किचकका सन्तान भएको पनि बताइन्छ ।[१९] जे भए पनि विजयपुर राज्यको स्थापना विजयनारायणले गरेको तथा उक्त क्षेत्रमा तिनका सन्तानले सेनहरूले अधिनमा नलिएसम्म शासन गरेको विषयमा भने विद्वान्हरूका बीचमा ज्यादै कम विवाद रहेको देखिन्छ ।

सेनहरूले विजयपुरमा शासनको सुरूवात गर्नुभन्दा अगाडि विजयनारायणले यस क्षेत्रमा शासन गरेको विवरण माथि यथा प्रसंगमा दिइएको छ । यस विषयमा भने विद्वान्हरू बीचमा खासै विवाद छैन । तर सेनहरूले विजयनारायणबाट कसरी शासन जिम्मा लिए भन्ने कुरामा भने अनेकन प्रकारका मतहरू पाइन्छन् । प्राप्त एक किंवदन्तीअनुसार मध्यकालताका विजयनारायण र फेदापथुमका राजा मुरेहाङ दुवैले मिलेर विजयपुरमा शासन गरिरहेका बेलामा कुनै समयमा मुरेहाङ्गले विजयनारायणकी छोरी मैयासँग अनैतिक सम्बन्ध राखेछन् । यसको प्रतिशोध स्वरूप विजयनारायणले मुरेहाङ्गलाई मृत्युदण्ड दिन पुगेछन् । यसबाट रिसाएका मुरेहाङ्गका छोरा बाजहाङ्ग तत्काल मकवानपुरका राजा लोहाङ्गसेनसँग सहयोग माग्न पुगेछन् । बाजहाङ्गले लोहाङ्गसेनलाई विजयपुरमा आक्रमण गरी विजयनारायणलाई मार्न र उनलाई नै राजा हुन लोहाङ्गसेनसँग आग्रह गरेछन् । लोहाङसेनले पनि बाजहाङ्गको अनुरोध स्वीकार गरी दलबलका साथमा विजयपुरतर्फ आएछन् । तर बाजहाङ्गले लोहाङ्गसेनलाई विजयपुर ल्याइ पुऱ्याउँदा विरनारायणको मृत्यु भईसकेको रहेछ । यसबाट लोहाङ्गसेनले विजय नारायणसँग लडाइँ गर्नु परेनछ । तर उनी निसन्तान भएकाले

---

[१६] सरत चन्द्र घोषाल (सन् २००५) *अ हिष्ट्री अफ कुचविहार* (सिलिगुडी, वेस्ट वंगाल: ऐन.ऐल. पब्लीशर), पृ. १६९ ।
[१७] एफ् बी ह्यामिल्टन (थर्ड इडी. ई. १९९७), *एन् एकाउन्ट अफ् दि किंगडोम अफ् नेपाल* (नयाँ दिल्ली: एशियन एजुकेशन सेन्टर), पृ. १३२ ।
[१८] खतिवडा, *पूर्ववत् नं. २*, पृ. १८ ।
[१९] *उही ।*

उनीपछि विजयपुरको राजगद्दीमा बस्ने उत्तराधिकारी पनि कोही थिएन । तसर्थ लोहाङ्गसेनले बाजहाङ्गका छोरा पानो हाङ्गलाई विजयपुरको मन्त्री बनाई शासन गर्ने अधिकार दिएर फिरेछन् ।[२०]

विजयनारायणको पतन पछि विजयपुर राज्य मकवानी सेनहरूको अधिनमा पऱ्यो । विजयनारायणको अवसानका बारेमा जेजस्ता विचार र तर्कहरू पाइने भए पनि उनले मकवानी सेनहरूलाई राज्य सजिलोसँग जिम्मा लगाएका थिए भन्ने कुराचाहिं अपत्यारिलो देखिन्छ । किनकि कुनै पनि राजाले अर्को मुलुकको राजालाई यसरी शासन सुम्पेको घटना इतिहासमा ज्यादै कम पाइन्छन् । तसर्थ विजयनारायणको अवशानका बारेमा के अनुमान गर्न सकिन्छ भने जुन समयमा मकवानी सेनहरू पूर्वतर्फ विजय अभियानमा लागेका थिए, त्यस बेला विजयपुरमा मन्त्री तथा भारदार र राजाहरूका बीचमा तिव्र विवाद चलिरहेको थियो । यही विवाद र झगडाको फाइदा उठाउँदै मकवानी सेनहरूले विजयपुर माथि सजिलैसँग आफ्नो अधिपत्य स्थापित गरेको हुन सक्तछ ।[२१]

विजयपुरलाई सेनराज्यमा गाभ्ने कार्य लोहांगसेनले गरेका हुन् भन्ने कुरा माथिनै यथा प्रसंगमा दिइएको छ । उनको समयमा विजयपुर राज्य निकै ठूलो क्षेत्रसम्म फैलिएको थियो । उनको राज्यको सिमाना पश्चिममा महोत्तरी, पूर्वमा महानन्दानदी, उत्तरमा पहाडी ठूलो भूभाग र दक्षिणमा पूर्णियाको जलालगढसम्म फैलिएको स्पष्ट छ ।[२२] यसरी सेनहरूको समयमा पूर्वी नेपालको मोरङ तथा विजयपुर राज्य निकै ठूलो क्षेत्रमा फैलिएको थियो । लोहाङ्गसेन पछि यहाँ उनैका आफन्त र सन्तानले शासन गरेका थिए । यसै क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायण शाहका सेनाले विजयपुरलाई बृहत्तर नेपालभित्र गाभ्न पुगे । त्यसपछि विजयपुर र त्यहाँको सेनवंशको अस्तित्व सदाका लागि समाप्त भएर गयो ।

सेन वंश र विजयपुर राज्यको इतिहास अध्ययन गर्दा यस राज्यमा सेनहरूले ज्यादै छोटो समयका लागिमात्र शासन गरेको देखिन्छ । सेनहरुको शासन सुरु हुनुभन्दा अगाडि मोरङ विजयपुर भेग अन्य प्रदेश तथा राज्यहरूबाट विल्कुल रूपमा अलग्ग थियो । यहाँको भौगोलिक विकटताका कारणले पनि यस्तो भएको हुन सक्तछ । यसको अधिकांश भूभाग कि त उत्तरतिरको विकट पहाडी भाग, दक्षिण तिरको समथर तर जंगलै जंगलले ढाकेको निकै धापिलो र विषम हावापानीयुक्त तथा कतै नदी, बगर र चुरेको गेगरयुक्त भूभागका साथमा भावर र खोंचजस्ता विकट भौगोलिक स्वरूप हुनु यस राज्यको प्रमुख विशेषता थिए । तसर्थ पनि यहाँ प्राय अन्य राज्यले रमाएर अधिन जमाउने तथा शासन गर्ने कुरामा त्यति धेरै चासो नदेखाएको हुन सक्तछ ।

---

[२०] चेम्जोंग, *पूर्वतत्* नं. १२, पृ. १८ ।
[२१] खतिवडा, *पूर्ववत् नं. ८,* पृ. ७७ ।
[२२] चेम्जोंग, *पूर्ववत नं. १२,* पृ. २८ ।

विजयपुर राज्यको स्थापना विजयनारायणले नभएर उनका पुर्खाहरूले गरेको विवरण पनि पाइने गर्दछ । प्राप्त एक विवरणअनुसार विजयपुर राज्यको स्थापना इसाको पन्ध्रौं शताब्दीमा आसाम तिरबाट आएका साङ्गलाइङ्ग नामक एकजना व्यक्तिले गरेका थिए । त्यसमा साङ्गलाइङ्गका छोरा पुङ्लाइङ्गले आफ्नो नाम परिवर्तन गरी अमर राय राखेको बताइन्छ । यसमा साङ्गलाइङ्गका सातौं पुस्तामा विजयनारायण राय भएको उल्लेख छ ।[२३] यिनको समय वि.सं. १४२१ तिर मानिएको छ । पछि वि.सं. १६४१ तिर विजयनारायणले फेदाप थुममा राजा मुरेहाङ्ग खेवाङ्गसँग मित्रता गरेको तथा उनका सन्तानलाई विजयपुरको मन्त्रि दिने संझौता गरेर आफ्नो नाममा एउटा शहर पनि बसाएको उल्लेख पाइन्छ ।[२४] विजयनारायणको समयदेखि विजयपुरको इतिहास गणना गर्ने हो भने वि.सं. १८३१ सम्ममा जम्मा १९० वर्षसम्म मात्र हुने गर्दछ । यता लोहाङ्गसेनले भने वि.सं. १६६६ मा विजयपुरमा शासनको सुरूवात गरेको देखिन्छ । यस हिसावले वि.सं. १६६६ देखि विजयपुर एकीकरणको समय या वि.सं. १८३१ सम्मको जम्मा १६५ वर्ष हुन आउँछ । यसरी एउटा राज्यको अस्तित्व करिव १९० वर्षसम्म रहनु या सेनवंशको शासन १६५ वर्षमात्र रहनु निकै छोटो समय मानिन्छ ।

विजयपुर राज्य विजयनारायण या वीरनारायणले स्थापना गरेको कुरामा विद्वान्हरूका बीचमा विवाद रहेको पाईँदैन । विभिन्न श्रोतहरूमा यो राज्य कतै विजयनारायण र अन्यत्र वीरनारायणले स्थापना गराएको उल्लेख पाइन्छ । तर यी व्यक्ति कहाँका र को थिए भन्ने कुरामा चाहिं निकै ठूलो विवाद रहेको छ । पूर्वी नेपालमा प्रचलित एउटा किंवदन्तिमा विजयनारायणलाई ब्राह्मण राजा भन्ने गरिन्छ । उक्त किंवदन्तिमा पाइएअनुसार यस भेगमा शासन गर्ने ब्राह्मण राजाहरू लक्ष्मीनारायण, विरनारायण, रूपनारायण, नरनारायण, जगतनारायण, आदिनारायण र अन्तिम विजयनारायण थिए ।[२५] विरनारायणलाई कसैले पहाडतिरबाट आएका किराँत र अर्को थरिले आसामतिर बाट आएका कोच थिए भनि बताएका छन् ।[२६] यिनलाई पहाडका राजा खेवाङले मोरङमा शासन गर्न पठाएको र उनी किराँतीनै भएको तथा किराँती राजा किचकका सन्तान भएको पनि बताइन्छ ।[२७] जे भए पनि विजयपुर राज्यको स्थापना विजयनारायण या तिनका पूर्खाले गरेको तथा उक्त क्षेत्रमा तिनले लामो समयसम्म शासन गरेको विषयमा भने विद्वान्हरूका बीचमा कममात्र विवाद रहेको देखिन्छ ।

---

२३. *उही,* पृ. २३ ।
२४. *उही ।*
२५. ह्यामिल्टन्, *पूर्ववत् नं. १६,* पृ १३२ ।
२६ *उही ।*
२७. खतिवडा, *पूर्ववत् नं. २,* पृ. १८ ।

विजयपुरका सेन राजाहरू आलंकारिकमात्र हुने गर्दथे । अघि विजयनारायणका पालामा सुरू गरिएको मन्त्रीभने किरातहरू पुस्तौनी रूपको हुने कुरालाई सेनहरूले पनि निरन्तरता दिएका थिए । तसर्थ उनीहरूले यस भेगमा काजी या मन्त्रीलाई शासनभार सुम्पिएर मकवानपुरतिरै बस्ने तथा मन्त्रीहरू भने यहाँ बसेर शासन गर्ने तथा निकै शक्तिशाली हुने गरेको देखिन्छ । यहाँ बसेर शासन गर्नमा सेनहरूलाई खासै चासो पनि थिएन । तर पनि यहाँका भारदार तथा मन्त्रीहरू बेलाबेलामा राजालाई आफ्नो पक्षमा लिने तथा आफ्नो स्वार्थका लागि कार्य गर्ने गर्दथे । विजयपुरमा शासन गर्ने सेन राजाहरूको नाम केही वंशावलीहरूमा फरकफरक पनि पाइन्छ । तर पनि यस क्षेत्रको पहिलो सेन शासक लोहाङ्गसेन र अन्तिम कर्णसेनका बारेमा भने त्यस्तो विवाद रहेको देखिदैन । यी दुवैको बीचमा शासन गर्ने राजाहरूको नाममा मात्र यस्तो अन्तर आएको पाइन्छ ।

मकवानी सेनहरूले आफू राजधानी मकवानपुरतिर नै बस्तथे भने विजयपुर भेगमा चाहिं स्थानीय रायहरूलाई मन्त्री बनाई सम्पूर्ण शासनाधिकार जिम्मा दिने गर्दथे । किरात सेन सन्धीमा उनीहरुले यस भेगमा धेरै शक्ति पाउने व्यवस्था भएकाले पनि उनीहरु आफ्नो शक्तिलाई बेलाबेलामा दुरुपयोग पनि गर्दथे । यही सम्झौताअनुरुप यहाँका रायहरू निकै शक्तिशालि पनि हुन्थे । बेलाबेलामा उनीहरु शक्तिको दुरुपयोग गर्दै ज्यादै उच्छ्रङ्खल ढंगमा प्रस्तुत हुने तथा आफूलाई मन परेको व्यक्तिलाई ल्याएर राजा बनाउने एवं पुन मन नपरेको राजालाई धपाउने पनि गर्दथे । यसै क्रममा यस भेगमा बेलाबेलामा राजाहरू परिवर्तन भईरहने तथा उनीहरूमा स्थायित्व नरहने गरेको देखिन्छ । विजयपुरमा विभिन्न ९ जना सेन शासकहरूले शासन गरेको देखिन्छ । तिनीहरूमा वंशक्रमले नभएर दाजुभाई तथा काकाभतिजा जस्ता व्यक्तिहरूले समेत शासन गरेको पाइएको छ ।

मोरङ भेगमा बेलाबेलामा बाहिरी शक्तिले पनि अधिपत्य जमाउने गरेका उदाहरणहरू पाइएका छन् । यहाँको यस्तै शासनको अस्थिरताको मौका छोपी सेनहरूले यहाँ अधिपत्य जमाउने कार्य गरेका हुन् । वास्तवमा मोरङमा लोहाङ्गसेनले विजय हासिल गरेपछि पनि स्थायी रूपमा यहीं बसेर शासन गरेको देखिदैन । उनी विजयपुरका विद्याचन्द्र रायलाई यहाँको मन्त्रि पदमा नियुक्त गरेर शासनभार जिम्मा दिई मकवानपुरमा नै फिरेका थिए । तसर्थ लोहाङ्गसेन विजयपुरका नाम मात्रका शासक थिए र यहाँको सम्पूर्ण शासनाधिकार भने विद्याचन्द्र रायमा निहित थियो । यस्तो अवस्थामा बाहिरी शक्तिले यस भेगमा शाशनाधिकार कायम गर्न प्रयास गर्नु स्वाभाविक थियो । यसै क्रममा लोहाङ्गसेन पछिका सेन शासक राघवसेनको समयमा मोरङ क्षेत्रमा एक पटक काठमाडौं उपत्यकाका शिवसिंह मल्लले अधिपत्य जमाएको पाइन्छ । तर यस भेगमा उनको अधिपत्य दिगो हुन पाएन र यो स्थान तुरन्तै शिवसिंहको अधिनबाट स्वतन्त्र हुन पुग्यो ।

विजयपुरमा एकपटक राजा र मन्त्रीका बीचमा ठूलो झगडा परेको देखिन्छ । यसको फाइदा उठाउँदै सिक्किमका राजा नग्याल फुन्चोले वि.सं. १८२६ मा विजयपुरको इलाम क्षेत्रमा अधिपत्य जमाएका थिए । यही झगडाकै निहुँमा बुद्धिकर्ण राई भागेर ज्यान जोगाउन पूर्णियातिर गए । उनले पूर्णियामा नै बसेर सिक्किमको समेत साथ लिई कामदत्त सेनको हत्या गराउन सफल भए । त्यसपछि उनी विजयपुर फिरेर कामदत्तका काका रघुबीरसेनलाई विजयपुरको राजगद्दीमा राखी शासन गर्न लागे । यता रघुविर सेन बृटिस इन्डियासँग मिलेका थिए । पछि बुद्धिकर्ण राईले यो कुरा थाहा पाएपछि वि.सं. १८२७ मा यिनी देश छाडेर भागे । यसै क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायणका सेनाले विजयपुरलाई बृहत्तर नेपालभित्र एकीकरण गरे ।

विजयपुरका राजा कामदत्त सेनको समयमा यहाँ राजा र मन्त्रीका बीचमा ठूलो झगडा भएको देखिन्छ । यसै क्रममा त्यहाँका मन्त्री बिचित्र राईसँग राजाको मेलामिलाप हुन सकेन । तसर्थ उनी भोटतिर भाग्न पुगे र जगतसेन विजयपुरको राजगद्दीमा बसे । कामदत्त सेन विचित्र राईको रवैयादेखि डराएर ज्यान जोगाउन त्यता भागेका हुन् । जगत सेनलाई राजगद्दीमा राख्ने काम पनि विचित्र राईले नै गरेका थिए । पुन कामदत्तसेन फिरेर आई जगतसेनसँग मिलेर शासन गर्न लागेकोमा त्यही समयमा बिचित्र राईको मृत्यू भई बुद्धिकर्ण राई विजयपुरका मन्त्री भएका थिए । तर यिनीहरूको बुद्धिकर्ण राईसँग पनि झगडा पऱ्यो । यसरी एकातर्फ सेनराजाहरू विजयपुरमा स्थायी रूपमा बसेर शासन गरेनन् भने अर्कातर्फ यहाँका भारदार र राजाका बीचमा आपसी झैझगडा भईनै रहन्थ्यो । यसले गर्दा यहाँको राजनीतिमा स्थिरताभने आएको पाइँदैन ।

विजयपुरमा राजनैतिक अस्थिरता, आपसी कलह, बाहिरी हस्तक्षेप, मन्त्रिहरूको खिचातानी तथा विषम भौगोलिक अवस्थितिका कारणले शासनमा स्थायित्व आएको भने देखिदैन । राजा र मन्त्रीका बीचमा आपसी विवादका कारण शक्ति हत्याउन षड्यन्त्र गर्ने जस्ता कार्यले गर्दा पनि यहाँको प्रशासन स्थिर र मजबुत हुन पाएन । तसर्थ पृथ्वीनारायण शाहाका सेनालाई विजयपुरमाथि विजय गर्न कति पनि असजिलो नभएको हो । यसैक्रममा वि.सं. १८३१ सालमा पृथ्वीनारायण शाहका सेनाले विजयपुरमाथि विजय पाएपछि भने यस राज्यको अस्तित्व समाप्त भएर गयो ।

१.२ समस्या कथन

विजयपुरको सेनराज्यको इतिहास हालसम्म राम्रोसँग अध्ययनअनुसन्धान हुन सकेको छैन । यसका बारेमा बेला मौकामा केही लेखरचनाहरू प्रकाशन हुने गरेको पाइने भए पनि हालसम्म पनि यसको इतिहासका बारेमा बेग्लै पुस्तक भने प्रकाशित हुन सकेको पाइँदैन । नेपालका प्राय सवै क्षेत्रहरूको इतिहास र संस्कृतिका बारेमा सामान्य मात्रामा खोजी भईसकेको भए पनि विजयपुर लगायतको पूर्वी नेपालको इतिहासको खोजी हालसम्म राम्रोसँग हुन नसक्नु तथा यसमा

पनि विजयपुर भेगको मध्यकालिक इतिहासको अध्ययनमा विद्वान्हरूले खासै चासो नराख्नु यस अध्ययनको मुख्य समस्या हो । तसर्थ यस भेगको इतिहास अध्ययन गर्ने पाटो त अझसम्म पनि नयाँ (vergin) नै रहेको देखिन्छ । यहाँ सेनकालभन्दा अघिको विजयपुरको ऐतिहासिक घटनाहरूका विवरण छिटपुट रूपमा पाइने भए पनि त्यहाँको मध्यकालिक सेन कालको इतिहास अध्ययन हुन नसकेको हुनाले यसलाई अध्ययन गर्ने प्रयास गरिएको हो । यस अध्ययनको समस्याका रूपमा "सेनकालिक विजयपुरको राजनैतिक इतिहास कस्तो थियो?" भन्ने कुरालाई अनुसन्धानको मुख्य प्रश्नका रूपमा लिइएको छ । यसको उत्तरनै यस अनुन्धानको मूख्य प्राप्ति या उपलब्धि पनि हो । यसका साथमा विजयपुरको सेनकालिक इतिहास अध्ययन गर्ने क्रममा निम्न प्रश्नहरूलाई माथि वर्णित अनुसन्धानको मूल प्रश्नको सहायक प्रश्नका रूपमा लिइएको छ, जसले यस अनुसन्धानको मूल विषयवस्तुलाई स्पष्ट पार्ने गर्दछन् ।

क) विजयपुरको प्रारम्भिक इतिहास कस्तो थियो?

ख) सेनहरु को थिए?

ग) सेनहरूको शासन व्यवस्था कस्तो थियो?

यी माथिका प्रश्नहरूलाई प्रस्तुत अध्ययनका क्रममा अनुसन्धानको मुख्य विषयवस्तु बनाइएको छ र तिनीहरूको उत्तरनै अनुसन्धानको मूल उपलब्धि या प्राप्तिका रूपमा रहेका छन् । तसर्थ प्रस्तुत अनुसन्धानको मुख्य विषयवस्तु विजयपुरको सेन राज्य तथा त्यसको राजनैतिक इतिहास रहेको छ । यसमा विशेष गरी सेन राज्यको स्थापना, सेनहरूको शासकीय स्वरूप, यसको विस्तार र संकुचन, छिमेकी राष्ट्रहरूसँग सेनहरूको सम्बन्ध, दरबारिया झगडा, कलह र वैमनश्यता, तिनीहरूको प्रशासनिक अवस्था, शैनिक र न्याय प्रशासन, किल्लाहरूको व्यवस्थापन र सेन राज्यको पतनका साथमा यसको बृहत्तर नेपालमा गरिएको एकीकरणलाई पनि महत्व दिइएको छ ।

१.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) विजयपुर राज्यको सेन पूर्वको इतिहास खोजी गर्ने ।

ख) सेनहरुको उत्पत्तिका बारेमा अध्ययन गर्ने ।

ग) विजयपुरमा सेन शासनको सुरुवात स्पष्ट पार्ने ।

घ) विजयपुरको सेनकालिक इतिहास स्पष्ट पार्ने ।

१.४ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत अनुसन्धानको क्षेत्र र सीमा निम्नानुसार छन् ।

क) यस अध्ययनमा विजयपुरको मध्यकालिक इतिहास खोजी गरिएको छ । यसका लागि विजयपुरको प्राचीन इतिहासको खोजी कार्यलाई पनि सामान्य रूपमा चर्चाको विषयवस्तु बनाइएको छ ।

ख) मध्यकालिक विजयपुरको सेन कालिक राजनैतिक इतिहासलाई विषयवस्तु बनाएको छ । तसर्थ त्यस स्थानका मठमन्दिरहरूका साथमा धार्मिक, सांस्कृतिक र पर्यटकीय पक्षलाई अध्ययनको क्रममा ज्यादा महत्व दिइएको छैन ।

ग) विजयपुर र सेन राज्यको राजनैतिक इतिहासको अध्ययन गरिएको भए पनि विषयवस्तुको प्रकृतिका हिसावले यहाँको सामाजिक इतिहासलाई महत्व दिइएको छैन ।

घ) प्रस्तुत अध्ययनको विषयवस्तु सेनकालिक विजयपुरको इतिहास रहेकाले सेनहरूभन्दा अगाडिको विजयपुरको राजनैतिक इतिहासको अध्ययनलाई महत्व दिइएको छैन ।

च) यस अध्ययनमा विजयपुरको राजनैतिक इतिहासको पक्षलाई ज्यादा महत्व दिइएको छ ।

१.५ अध्ययनको औचित्य

पूर्वी नेपालको विजयपुरको सेनकालिक इतिहासका बारेमा हालसम्म राम्रोसँग अध्ययन अनुसन्धान हुन सकेको छैन । यस भेगको राजनैतिक इतिहास अध्ययनका लागि आवश्यक लिखित सामग्री तथा शिलालेखहरूको पनि कमी छ । कतिपय पुरातात्विक स्रोतहरू जस्तो पुराना भवनका भग्नावशेष र अन्य वस्तुहरूसमेत कालक्रमका कारणले नासिएका छन् । तर पनि यस अनुसन्धानमा यस भेगको जिवन्त इतिहासका विविध विषयवस्तुको खोजी गर्ने प्रयास गरिएको छ । यस अनुसन्धानले यस भेगका ऐतिहासिक र पुरातात्विक स्रोतहरूको महत्व र संरक्षणको आवश्यकता स्पष्ट भएको छ । यस आधारमा यहाँको राजनैतिक र प्रशासनिक इतिहास समेत स्पष्ट भएकाले यो अनुसन्धान निकै सान्दर्भिक, उपयोगी र औचित्यपूर्ण पनि छ । आज आएर देशको अन्य भागको राजनैतिक इतिहासका विविध पक्षका बारेमा निकै धेरै मात्रामा खोजी तथा अनुसन्धान भईसकेको अवस्थामा यस भेगको इतिहास अझसम्म पनि स्पष्ट नहुनु निश्चय पनि दुखद कुरा हो । यस भेगको इतिहास स्पष्ट नभएसम्म देशको इतिहासको अध्ययनको एउटा पाटो अपूर्णनै रहने गर्दछ । तसर्थ पनि यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

१.६ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई विभिन्न भागमा संगठित गरिएको छ । यसमा सर्वप्रथम अध्ययनको प्रतिवेदनलाई विभिन्न ९ वटा अध्यायमा वर्गिकरण गरिएको छ । अध्ययनको पहिलो अध्याय यसको परिचयसँग सम्बन्धित छ । यसमा अध्ययनको परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको क्षेत्र, सीमा, अध्ययनको औचित्य र संगठनका विषयवस्तुहरू समावेश गरिएका छन् । विशेषगरी अध्ययनको परिचयसम्बन्धी विषयवस्तुहरू यसमा समावेश गरिएका छन् । यसले अध्ययनको परिचयलाई स्पष्ट पारेको छ ।

प्रस्तुत अध्ययनको दोस्रो अध्याय यसको पूर्वसाहित्य समीक्षासँग सम्बन्धित छ । यसमा विजयपुर र सेनराज्यका बारेमा लेखिएका बेग्लै पुस्तकहरू नपाइने भएकाले नेपालको इतिहासका विभिन्न ग्रन्थहरू, जसले विजयपुरको नामोल्लेख गर्नुका साथमा सामान्य विवरण दिएका छन्, तिनीहरूको समेत समीक्षा गर्ने कार्य गरिएको छ । यसबाट प्रस्तुत अध्ययनलाई थप सहयोग पुगेको हुनाले यसमा पूर्व साहित्य समीक्षासमेत महत्वपूर्ण विषयवस्तुका रूपमा लिइएको हो । विशेष गरी पाल्पाली सेनराज्यको बारेमा निकै धेरै अध्ययन भईसकेको छ भने विजयपुर भेगका वराहक्षेत्र, कौशिकी क्षेत्र र पिण्डेश्वर बाबाका बारेमा पनि सामान्य रूपमा अध्ययन भईसकेको छ । तसर्थ तिनीहरूलाई पनि यसमा महत्वपूर्ण द्वितीयक स्रोतका बारेमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोध प्रवन्धको अध्याय तीनमा अनुसन्धान विधि दिइएको छ । यसमा नमुना छनौट, अध्ययन सामग्री संकलन विधि, प्राथमिक र द्वितीयक स्रोत संकलन विधि प्रस्तुत गरिएको छ । यसरी यो अध्याय पनि पूर्ण रूपमा अनुसन्धान विधिसंग सम्बन्धित छ । यस पछिका अध्याय भने अध्ययनको विषयवस्तुसँग सम्बन्धित छन् ।

प्रस्तुत शोध प्रबन्धको अध्याय चारमा सेन वंशको परिचय दिइएको छ । यसमा विशेषगरी सेनहरूको वंशावली, उनीहरूको नेपाल आगमन र राज्य स्थापनका बारेमा चर्चा छ । विशेषत सेनहरू तराई र दुन लगायतका होचो स्थानमा शासन गर्ने शासक भए पनि मध्य र पूर्वी नेपालको पहाडी भागमा पनि तिनीहरूको शासन रहेको पाइएको छ । यिनीहरूले नेपालमा करिव ५०० वर्ष जति शासन गरेको कुरा यस अध्यायमा चर्चा गरिएको छ । विशेषत सेनहरूको शासन पाल्पाबाट सुरू भएर मकवानपुरका साथमा चौदण्डी र विजयपुरमा पनि यिनीहरूले शासन गरेको देखिन्छ । यसका साथमा अन्य केही ससाना सेन राज्यहरूको अस्तित्व पनि रहेको पाइन्छ । कालान्तरमा पृथ्वी नारायण शाहको एकीकरण अभियानमा सेनहरूका सवै टुके राज्यहरू बृहत्तर नेपालमा गाभिएको चर्चा यस अध्यायमा गरिएको छ ।

विजयपुरको सेन राज्यको इतिहास अध्ययन गर्ने क्रममा यसको पाँचौं अध्यायमा विजयपुरको ऐतिहासिकता दिइएको छ । विजयपुर राज्यको नामकरणका साथमा सेनहरूभन्दा अगाडिको यस राज्यको राजनैतिक इतिहासको अध्ययनलाई यस अध्यायमा महत्व दिइएको छ । यसमा मोरङ र विजयपुर दुवैलाई एउटै राज्यका रूपमा चर्चा गर्दै सुरूमा मोरङ एउटा स्वतन्त्र राज्यका रूपमा रहेको तथा त्यसको राजधानी भने विजयपुर रहेको चर्चा गरिएको छ । यसमा कालान्तरमा विजयपुरनै राज्यका रूपमा परिचित भएको उल्लेख छ । विजयपुर राज्यको स्थापनाका साथमा सेनहरूले यहाँ शासनको सुरूवात गर्नुभन्दा अगाडिको छोटो इतिहास यस अध्यायमा दिइएको छ ।

प्रस्तुत अनुसन्धानको अध्याय छमा विजयपुरमा सेन शासनको सुरूवातका बारेमा चर्चा गरिएको छ । यसमा सर्वप्रथम लोहांगसेनले पाल्पा राज्यलाई एकीकरण गर्ने क्रममा पूर्वतर्फ विजय हाशिल गरेकाले विजयपुर लगायतको मकवानपुर उनैको भागमा परेको वर्णन छ । यसमा लोहांगसेन पछि हरिहर इन्द्रसेन सम्मका मकवानपुर क्षेत्रमा बसी शासन गर्ने सेन शासकहरूको विवरण दिनुका साथमा यहाँको छोटो इतिहास पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय सात स्वतन्त्र विजयपुर राज्य र सेन शासनसँग सम्बन्धित छ । यसमा विधाता इन्द्र सेन, इन्दू राजराजेश्वरी र महिपति, कामदत्त, रघुनाथ र कर्ण सेनको समयको इतिहास दिइएको छ । यस अध्यायको अन्त्यमा भने कर्णसेन र विजयपुर राज्यको पतनका विवरणहरू दिइएका छन् । यसरी यो अध्याय यस अध्ययनको सबैभन्दा महत्वपूर्ण अध्यायका रूपमा रहेको छ ।

प्रस्तुत अध्ययनको अध्याय आठ भने सेन कालिक विजयपुरको प्रशासनिक अवस्थाका बारेमा चर्चा गरिएको छ । यसमा केन्द्रीय, प्रान्तीय र ग्राम प्रशासनका साथमा किल्ला प्रसाशनका बारेमा पनि चर्चा गरिएको छ । यसमा केन्द्रीय शासन सेनहरूले चलाउँथे भने क्षेत्रीय या स्थानीय शासन भने स्थानीय किरातहरूले चलाउँथे भन्ने विवरण परेको छ ।

प्रस्तुत अध्ययनको अध्याय नौ यसको सारांश तथा उपसंहारसँग सम्बन्धित छ । यसमा मुख्यमुख्य उपलब्धिका बारेमा समेत यही अध्यायमा चर्चा गरिएको छ । प्रस्तुत शोध प्रबन्धको अन्तिममा भने सन्दर्भग्रन्थसूची र परिशिष्टहरू दिइएका छन् । यसरी प्रस्तुत अनुसन्धानलाई जम्मा नौवटा अध्यायहरूमा वर्गिकरण गरिएको छ ।

पूर्वी नेपाल र विजयपुर लगायतको क्षेत्रको इतिहास र संस्कृतिको अध्ययन गर्ने चाहने जिज्ञासुर र विद्यार्थीलाई हालसम्म पनि उचित मात्रामा अध्ययनका विषयवस्तु प्राप्त हुन नसक्नु दुखद कुरा हो । यस्तो अवस्थामा यस अनुसन्धानले यस भेगको मध्यकालिक इतिहासका विविध

पाटाहरूलाई प्रकाशमा ल्याएको छ । कतिपय छरिएर रहेका स्रोत सामाग्रीहरूलाई एकीकृत गरिएको छ भने यस भेगको सेनकालिक इतिहासको पाटो पनि स्पष्ट भएको छ । यसले एकातर्फ यस भेगको इतिहास र संस्कृतिको अध्ययन गर्न चाहने विद्यार्थी र शोधार्थीहरूलाई सहयोग पुग्ने छ भने अर्कातर्फ ज्ञानगुनको अन्धारमा रहेको एउटा पाटो उजागर भएको छ ।

अध्याय दुई

पूर्वसाहित्य समीक्षा

२.१ परिचय

सेन वंश र विजयपुर राज्यको इतिहास अध्ययन गर्ने क्रममा विभिन्न प्रकारका साहित्यिक स्रोतहरूलाई अध्ययन गरी तिनीहरुको समीक्षासमेत गरिएको छ । विशेषगरी विजयपुर, सेनराज्य र पूर्वी नेपालको इतिहाससँग सम्बन्धित विभिन्न प्रकारका प्रकाशित र अप्रकाशित ग्रन्थहरू, लेखरचनाहरू, पुराना लिखतहरु र अन्य प्रकारका कृतिहरूलाई महत्वपूर्ण साहित्यिक स्रोतका रूपमा समीक्षा गरिएको छ । यसका लागि सर्वप्रथम विजयपुरको इतिहास मात्र नभएर पूर्वी नेपालको यस भेगका बारेमा लेखिएका विभिन्न विषयवस्तुसँग सम्बन्धित पुस्तकहरूलाई पनि आधार मानिएको छ । विशेषगरी यस भेगका इतिहास र संस्कृतिका बारेमा हाल आएर केही ग्रन्थहरू प्रकाशित भएका छन्, जसलाई यहाँ समीक्षाको विषयवस्तु बनाइएको छ । यसैगरी हाल आएर यस भेगमा ऐतिहासिक र सांस्कृतिक पर्यटनको प्रचार हुन लागेको छ भने पर्यटनका साथमा इतिहास र संस्कृतिको अध्ययनमा पनि चासो राख्न लागिएको देखिन्छ । साथै यस विषयमा सामान्य रुपमा केही पुस्तक तथा लेखरचनाहरू पनि प्रकाशित भएका छन् । तसर्थ यस्ता पुस्तकहरूको पनि समीक्षा गरिएको छ ।

पूर्वी नेपालको विजयपुर र सेन वंशका बारेमा हालसम्म राम्रोसँग अध्ययन अनुसन्धान भएको तथा यसका बारेमा बेग्लै पुस्तकहरु प्रकाशन भएका पाइएको छैन । यस भेगका वराहक्षेत्र र पिण्डेश्वरका बारेमा केही अध्ययन भएको पाइए पनि तिनीहरूमा ऐतिहासिक नभएर सांस्कृतिक विषयवस्तुलाई महत्व दिइएको देखिन्छ । तर पनि तिनीहरूले पनि यस भेगको इतिहासका केही पक्षको प्रतिनिधित्व गरेको पाइने हुनाले यहाँ तिनीहरूको पनि समीक्षा गरिएको छ । साथै संस्कृति पनि इतिहास अध्ययनका लागि उपयोगी विषयवस्तु मानिने हुँदा त्यस्ता ग्रन्थहरूको पनि आधार लिइएको छ । यसैगरी नेपाल एकीकरणको इतिहासका बारेमा केही ग्रन्थहरू प्रकाशित भएका पाइएका छन् । विशेष गरी बाबुराम आचार्य, डिल्लीरमण रेग्मी, रामनिवास पाण्डे र अन्य कैयन विद्वान्हरूले लेखेका यस क्षेत्रसँग सम्बन्धित ग्रन्थहरूलाई समीक्षा गरिएको छ । यिनीहरूमा यस भेगको सांस्कृतिक र धार्मिक पक्षलाई महत्व दिइएको पाइने हुनाले यिनीहरूलाई अध्ययनका लागि छनौट गरिएको हो । यसका साथमा निम्न आधारमा यससम्बन्धी पुस्तकहरूको छनौट गरी समीक्षा गरिएको छ ।

विशेषगरी यस भेगको इतिहास प्रकाश पार्ने पुस्तकहरूका साथमा यस भेगका संस्कृति र पुरातत्वका बारेमा लेखिएका ग्रन्थ र लेखरचनाहरूलाई यहाँ विशेष महत्वका साथमा समीक्षा गरिएको छ । यसैगरी विजयपुर र आसपासको क्षेत्रको धार्मिक स्थल, मठमन्दिर र पर्यटनका बारेमा लेखिएका पुस्तकहरूका साथमा यस भेगका बारेमा प्राप्त पुराना अभिलेख, लालमोहर, किंवदन्ती र आख्यानहरू समावेश गरिएका ग्रन्थहरूलाई समेत समीक्षा गरिएको छ । यता यस भेगका पुराना यात्रा बृतान्त भएका ग्रन्थहरू, अन्य प्रकारका ग्रन्थहरू र अभिलेख संग्रहहरू पनि समीक्षाका विषयवस्तुका रूपमा रहेका छन् । वास्तवमा विजयपुरका बारेमा लेखिएका विभिन्न पुराण, यात्रा बृतान्त र अन्य प्रकारका पुराना लिखतहरू पनि पाइएका छन्, जसलाई पनि यस भेगको इतिहास अध्ययनका लागि महत्वपूर्ण स्रोतका रूपमा लिन सकिन्छ । तिनीहरूलाई प्रयोग गरी लेखिएका विशेष गरी यस भेगको इतिहास झल्काउने प्राय सवै प्रकारका सामग्रीहरूलाई आवश्यकता अनुसार छनौट गरी समीक्षा गरिएको छ ।

नेपालको प्राय सवै भागको क्षेत्रीय इतिहास धेरै मात्रामा लेखिएको छ । अझ काठमाडौं उपत्यकाको इतिहास लेखनमा भने धेरै स्वदेशी र विदेशी विद्वान्हरूले कलम चलाएका छन् । यता पश्चिम नेपालका बाइसे र चौवीसे राज्यको इतिहासका धेरै पक्षहरूको पनि खोजी भईसकेको छ । तर पूर्वका सेनराज्यहरू जस्तो विजयपुर र चौदण्डीको सेनकालिक इतिहासका बारेमा भने विद्वान्हरूले त्यति धेरै कलम चलाएको देखिदैन । केही विद्वान्हरूले विजयपुरका बारेमा सामान्य रूपमा व्याख्याविश्लेषण गरेका पाइने भए पनि यहाँको सेन शासनका बारेमा बेग्लै पुस्तकहरूभने हालसम्म पनि प्रकाशमा आएको पाइँदैन । तसर्थ यहाँ यही विषयको अध्ययन गर्ने प्रयासका शिलशिलामा विजयपुरको इतिहासका बारेमा लेखिएका विभिन्न पुस्तकहरू र लेखरचनालाई समीक्षा गरिएको छ ।

२.२ सम्बद्ध साहित्य समीक्षा

इतिहासका पुस्तकहरू, पौराणिक ग्रन्थहरू र पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरू गरी विभिन्न भागमा वर्गिकरण गरेर तिनीहरूको समीक्षा गरिएको छ । विशेष गरी प्रारम्भमा ह्यामिल्टन, कर्कपेट्रिक र लेभी लगायतका विदेशीहरूले नेपालको इतिहास लेखन कार्य गरेका छन् भने नेपालमा राणा शासनको पतनपछि नेपाली विद्वान्हरूले पनि इतिहास लेखनमा छुट पाएकाले उनीहरुले नै यससम्बन्धी निरन्तर रुपमा कलम चलाएको देखिन्छ । यसरी प्रारम्भिक कालमा विदेशीहरुले लेखेका नेपालको इतिहाससम्बन्धी ग्रन्थहरूमा प्रारम्भिक अवस्थाका वंशावली र आफ्ना सहयोगीले दिएका विवरणलाई आधार मानिएको देखिन्छ । तसर्थ तिनमा सत्यतथ्यको

अभावले निकै भ्रमपूर्ण कुराहरु रहेका पाइन्छन् । यसैगरी तिनीहरूमा यहाँको बाटोघाटो, नदीनाला, मानिस तथा बालिनालीका बारेमा ज्यादा केन्द्रित छन् ।

नेपालमा राणा कालको अन्त्यका साथमा नेपाली विद्वान्हरूले पनि इतिहास लेखनको कार्य सुरू गरेको देखिन्छ । यहाँ नेपाली विद्वान्हरूले भने प्रमाणका आधारमा इतिहास लेख्ने कार्य गरे । बाबुराम आचार्य, दुण्डीराज भण्डारी, नयराज पंत र अन्य केही विद्वान्हरूले प्रारम्भमा नेपालको इतिहास लेख्ने कार्य गरेका हुन् । तर उनीहरूले पनि प्रारम्भमा काठमाडौं उपत्यकाको इतिहासलाई नै ज्यादा महत्व दिएको पाइन्छ भने कालान्तरमा गएर अन्य क्षेत्रको इतिहासले पनि महत्व पाएको छ । यहाँ तलका हरफहरूमा पूर्वी नेपालको विजयपुर राज्यको इतिहास दर्साउने कृतिहरूको समीक्षा गरिएको छ ।

योगी नरहरिनाथ (सं.), (साके १८८०) ।

योगी नरहरीनाथद्वारा सम्पादित १७६ पृष्ठ लामो "रूद्राक्षारण्यमाहात्म्यम्" शीर्षकको ग्रन्थ विजयपुरका बारेमा जानकारी दिने अर्को स्रोत हो । पुराणका रूपमा लेखिएको यो ग्रन्थ प्रारम्भमा विजयपुरका एकजना पण्डितको घरमा जीर्ण अवस्थामा पाइएको विवरण यसै ग्रन्थको परिचयमा दिइएको छ (पृ. ६) । मोरङका बडाहाकिम राजा तारकबहादुर शाहले बीसजना विद्वान्हरूलाई अनुवाद गर्न लगाएर रूद्राक्षारण्यमहात्म्य प्रथमपटक प्रकाशन गर्न लगाए भन्ने विवरण पनि यसैमा पाइन्छ । रूद्राक्षारण्यमहात्म्यमा २० वटा अध्याय र १०९३ वटा श्लोकहरू छन् । यसमा प्रयोग भएको भाषा, शैली र विषयवस्तुका आधारमा यसलाई सेनहरूको अन्तिम समयतिर विजयपुरमा लेखिएको मानिएको छ । योगी नरहरीनाथले यसलाई संपादन गरेका भए पनि यसको मूल कपी भने कहाँ राखिएको छ भन्ने कुरा स्पष्ट छैन ।

रूद्राक्षारण्यमाहात्म्यमा नैमिषारण्यको परिचय, सूतसौनक सम्बाद, कैलाशको वर्णन, महेश्वरको पार्वतीलाई प्रश्न, रूद्राक्षारण्यबारे गौरीले शिवलाई गरेका प्रश्न, रूद्राक्षको महिमा, ब्रह्मलोक र विष्णुलोकको वर्णन, कैलाश, त्रिपुरका दानवको दमन, रूद्राक्षको उत्पत्ति र सवै देवता विजयपुरमा बसेको कुरा पद्यात्मक शैलीमा वर्णन गरिएको छ । पिण्डेश्वरको उत्पत्तिकथा र उनको महिमागानका साथै कोशी प्रदेशका तीर्थहरू एवं विभिन्न प्रकारका रूद्राक्षहरूको विभेद तथा तिनीहरूको महिमासमेत यस ग्रन्थमा समावेश गरिएको देखिन्छ । रूद्राक्षारण्यको क्षेत्र वर्णन गर्ने क्रममा यसको छैटौं अध्यायको छैटौं श्लोकमा कोशीदेखि जलेश्वरसम्मको दस योजन भूमिलाई रूद्राक्षारण्य भनिएको छ । पिण्डेश्वरको इतिहासका रूपमा यस ग्रन्थले विजयपुर राज्यलाई पनि रूद्राक्षारण्य क्षेत्रका रूपमा प्रस्तुत गरेको छ । तसर्थ यसमा वर्णन गरिएको रूद्राक्षारण्य वास्तवमा विजयपुरनै हो भन्न सकिन्छ । तत्कालको पिण्डेश्वरको फैलावटले विजयपुर राज्यको फैलावट

दर्साउने गर्दछ । पिण्डेश्वरको परिचय दिने क्रममा उक्त पुस्तकले "रूद्राक्षारण्यको एक योजनभित्रै लक्ष्मीसहित भगवान्ले वराहअवतार लिनुभएको ठाउँ कौशिकीको दक्षिणपट्टि पर्दछ" भनिएको छ । वास्तवमा रूद्राक्षारण्यमहात्म्य विजयपुर र पिण्डेश्वरसँग सम्बन्धित ग्रन्थ हो । तसर्थ विजयपुरका बारेमा चर्चा गर्दा यस ग्रन्थलाई पनि समीक्षा गर्न आवश्यक हुने गर्दछ ।

रूद्राक्षारण्यमाहात्म्यको सत्रौं अध्यायमा कौशिकीको महात्म्य दिइएको छ । कौशिकी मध्यकालिक विजयपुर राज्यको पश्चिमी सिमाना थियो । प्रारम्भमा यो नदी विजयपुर राज्यभित्र पर्दथ्यो भने पछि गएर चौदण्डीगढीको उदयभएपछि भने विजयपुरको पश्चिमी तथा चौदण्डीको पूर्वी सिमानाका रूपमा यो नदी स्थापित भएको हो । तसर्थ कौशिकीको इतिहास, संस्कृति र सभ्यता विजयपुरकै इतिहास, संस्कृति र सभ्यता मान्न सकिन्छ । वास्तवमा रूद्राक्षारण्यमहात्म्यका प्रसङ्गहरू स्कन्दपुराणको हिमवत्खण्डबाट लिइएका हुन् । त्यस ग्रन्थमा विजयपुर क्षेत्रको भौगोलिक अवस्थिति र पौराणिक इतिहास उल्लेख गरिएको छ । तसर्थ यस ग्रन्थलाई सेन वंश र विजयपुरको इतिहास अध्ययन गर्ने क्रममा सामान्य सन्दर्भस्रोतका रूपमा लिइएको छ ।

योगी नरहरीनाथ(सं.), (वि. सं. २०१३) ।

स्कन्दपुराणका विभिन्न आठवटा खण्डमध्ये पृष्ठ ८९३ भएको हिमवत्खण्ड नेपालको पौराणिक इतिहास हो । तसर्थ यसलाई नेपालको पौराणिक इतिहास मान्ने गरिएको हो । यसले नेपालको कन्काईदेखि पश्चिममा कालीगण्डकी सम्मको पौराणिक इतिहास प्रस्तुत गरिएको छ । नेपालमा नै मध्यकालतिर लेखिएको मानिने यो नै एउटामात्र विस्तृत पुराण हो, जसले यहाँका धार्मिक स्थल र तीर्थहरूको परिचय विस्तृत रूपमा दिएको छ । हुन त यो ग्रन्थ धार्मिक छ, तर पनि यसले नेपालका विभिन्न भेगको पुरानो इतिहाससमेत प्रकाशमा ल्याउने हुनाले यसलाई नेपालको इतिहासको अध्ययनका लागि महत्वपूर्ण श्रोतका रूपमा लिन सकिन्छ ।

हिमवत्खण्ड पुराणले पूर्वी नेपालको विजयपुर राज्य अन्तर्गत पर्ने कोकाखोला, कोशीनदी र वराहक्षेत्रका बारेमा प्रचुर मात्रामा प्रकाश पारेको देखिन्छ । मध्यकालतिर नेपालमा लेखिएको मानिने यस ग्रन्थमा नेपालका वराहक्षेत्र लगायतका बिभिन्न तीर्थस्थलहरूका बारेमा चर्चा गरिएको छ । स्कन्दपुराणका आठवटा खण्डहरूमध्येको यस खण्डमा नेपालका तीर्थ र पौराणिक इतिहासलाई महत्व दिइएकाले यसलाई नेपालमा नै लेखिएको मानिएको हो । अधिकांश भारतीय विद्वान्हरूले चाहिं यस खण्डको नामोल्लेखसम्म पनि गरेको पाइएको छैन । नेपालको पौराणिक इतिहासका रूपमा रहेको यो पुराण योगी नरहरीनाथद्वारा सम्पादन गरी प्रकाशमा ल्याइएको छ । यसमा नेपालका प्रायः सवैजसो तीर्थस्थलका बारेमा चर्चा गरिएको देखिन्छ । यसै आधारमा पनि हिमवत्खण्ड नेपालमा लेखिएको मानिएको हो ।

हिमवत्खण्डपुराणका विभिन्न अध्यायहरूमा सेन राज्य विजयपुरभित्रको कोकामुख वराहक्षेत्रसम्बन्धी विवरणहरू निकै धेरै मात्रामा परेका देखिन्छन्, जसका अध्याय ३४ र ३५ चाहिं पूर्णरूपमा वराहक्षेत्रसँग नै सम्बन्धित छन् । हिमवत्खण्डको अध्याय ३४ मा यस भेगमा बग्ने कोकाखोलाको उत्पत्तिकथा र वराहतीर्थको वर्णन विष्णु शर्मानामक व्यक्तिको जीवनकथासँग जोडिएको पाइन्छ । उक्त पुराणमा पाइने विवरणअनुसार कोकापर्वतबाट निस्किएको खोलालाई कोकाखोला भनिएको हो । साथै कोकाकोशीसङ्गमलाई वराहतीर्थ भनिएको छ । त्यसमा वराहपर्वतको क्षेत्रफल एक योजन (चार कोस) मान्दै त्यहाँदेखि चारैतिर तीनतीन योजन (बाह्रबाह्र कोस) क्षेत्रफल मोक्षदायक रहेको उल्लेख गरी बृहत्तर वराहक्षेत्रअन्तर्गत पर्ने सङ्केत गरिएको छ । सम्भवत हिमवत्खण्ड पुराण लेखिएको समयमा पूर्वी नेपालको विजयपुर भेगमा सेनहरूको राज्य स्थापना भई सकेको थियो । तसर्थ यस पुराणले यस भेगको पौराणिक इतिहास प्रस्तुत गरेको हो । यसमा वराहक्षेत्रको क्षेत्रफल पनि दिइएको छ, जुन तत्काल विजयपुर राज्य अन्तर्गत पर्दथ्यो भन्ने स्पष्ट छ ।

विजयपुर भेगको पौराणिक महत्व चर्चा गर्ने क्रममा हिमवत्खण्ड पुराणले नै विष्णु शर्मानामक एकजना ब्राह्मणको रोचक कथा प्रस्तुत गरेको छ, जुन कोकामुख वराहक्षेत्रसँग सम्बन्धित छ । कथाअनुसार कुनै समयमा गङ्गा र यमुना नदीका बीचमा पर्ने ब्रह्मपुरी नगरमा एकजना विष्णु शर्मानामक व्यक्ति बस्तथे । एकपटक उनले बिरक्त भएर घर-परिवार छाडी तीर्थ घुम्दै हिंड्दा काशीमा कौशिकीमहात्म्य सुने । त्यसबाट प्रभावित भएर विष्णुशर्मा कौशिकी किनारमा आएर स्नान गरी हरिभजन गर्दै हिंड्न लागे । त्यसै बखत म्लेच्छहरूले विष्णुशर्मालाई भेटे र मार्नका लागि समाए । तर उनीहरूको नाइके भिल्लुनामक म्लेच्छले ती ब्राह्मणसँग आफ्नी छोरीको विवाह गराई दिएर उनलाई दास बनाई राख्ने बिचारले मार्नबाट जोगाए ।

माथि वर्णित कथाअनुसार भिल्लुले विष्णुशर्मालाई आफ्नो घरमा लगी छोरी सुबदनीसँग विवाह गरिदिएछन् । सुबदनीसँग विवाह भएपछि विष्णुशर्मा पनि भिल्लुकै घरमा बस्न लागे । त्यसपछि म्लेच्छहरूका सङ्गतका कारण उनी ब्याधा भएर हिंड्न लागे । समय बित्तैजाँदा एक पटक कार्तिक पूर्णिमाको रात ती ब्राह्मणले टाढा कतै मृदङ्ग बजेको ताल र मीठामीठा गीतका स्वर सुनेछन् । उनले त्यसको कारण सुबदनीसँग सोध्दा हरेक द्वादशीमा त्यस पर्वतमा त्यस्ता ताल र स्वर सुनिने र त्यसलाई हेर्न जाने म्लेच्छहरू त्यतै बिलीन हुने कुरा उनीबाट थाहा पाए । वास्तवमा विष्णुशर्मा ब्रह्मज्ञानी थिए । तसर्थ उनले वराहपर्वतमा वराहविष्णु रहेको र त्यहींबाट त्यस्तो आवाज आएको थाहा पाए । उनलाई विष्णुको दर्शन गर्न मन लागेकाले विष्णु शर्माले कोशीमा नुहाए र वराहपर्वतमा गएर वराहविष्णुको पूजा गरे भनिएको छ । यसबाट वराहविष्णु प्रसन्न भएर उनलाई वरदान दिए । उनको वरदानअनुरूप विष्णुशर्मा एकहत्तर युगसम्म इन्द्र भई

त्यसपछि विष्णुमा लीन हुनपुगे । यस पुराणमा वराहपर्वतमा देवताको सभा हेर्न जाने म्लेच्छहरूसमेत बिलीन हुन्थे भनिएको पाइन्छ ।

हिमवत्खण्डपुराणको माथि वर्णित कथाप्रसङ्गमा विष्णुशर्माले मृदङ्ग बजेको र मीठामीठा गीतका स्वरहरू सुनेको दिन कार्तिकपूर्णिमा रहेछ । त्यसैमा त्यस्ता गीत र सङ्गितको आवाज हरेक द्वादशीमा सुनिने कुरा सुबदनीले विष्णुशर्मालाई बताएको पनि कथा पाइन्छ । यसैगरी यस कथाप्रसङ्गमा विष्णुशर्मा ब्रह्मज्ञानी भएको र वराहविष्णुको स्थानबाट नाचगानको आवाज आएको स्वयं थाहा पाएको उल्लेख गर्दै त्यसका बारेमा उनले सुबदनीसँग प्रतिकृयामात्र बुझेको पनि वर्णन पाइन्छ । हिमवत्खण्ड पुराणको यहाँ वर्णित प्रसंगले यस भेगको समाज, जातजाति तथा धार्मिक स्थल र समाजका विविध पक्षहरूका बारेमा जानकारी दिने गर्दछ । जस्तो उदयपुरको मैनामैनीमा हालसम्म पनि जनै लगाउने राईहरू बसोबास गर्दछन् । उनीहरू आफूलाई कुनै ऋषिका सन्तान मान्दछन् । तागाधारी तर मतवाली ती राईहरूलाई आज आएर विष्णुशर्मा र सुबदनीका सन्तान मान्ने चलन छ, जुन कुरा यहाँको कथाप्रसंगसँग मिल्दोजुल्दो पनि छ । तसर्थ तत्कालको विजयपुर भेगको सामाजिक इतिहास अध्ययनका लागि हिमवखण्ड पुराणका विभिन्न प्रसंगहरू निकै उपयोगी मानिएका छन् ।

हिमवत्खण्डको अध्याय ३५ चाहिं कोकाखोलाको उत्पत्तिसँग सम्बन्धित छ । त्यसमा कोकाको उत्पत्तिसम्बन्धी एउटा कथा दिइएको छ, जसअनुसार एकपटक देवताहरू वराहपर्वतमा भेला भएको समयमा स्वर्णकुट पर्वतकी प्रियतमा कोका आफ्ना नोकरचाकरसहित त्यतैबाट माइत जाँदै थिइन् । कोका अति नै सुन्दर रूपवाली युवती थिइन् । देवताका सभामा आएका इन्द्रले उनलाई वराहपर्वतमा देखे । त्यसपछि उनको आकर्षणबाट प्रभावित भएका इन्द्र उनीसँग बातचित गर्न लागे । यसै कममा इन्द्रले कोकाका नोकरचाकरलाई मोहित पारी उनीसँग रतिकिया गर्ने प्रस्ताव राखे । कोकाले इन्द्रको प्रस्ताव स्वीकार गरेकाले तिनीहरूले वराहपर्वतमा दुवैजनाको भेटघाट भएको स्थानमा नै बसेर रतिकिया गरे । इन्द्रले कोकालाई गुफामा लुकेर रतिकिया गर्ने प्रस्ताव राखेकोमा कोकाले त्यसलाई स्वीकार गरिनछन् । उनीहरू भेट भएर कुराकानी गरिरहेको स्थान एकजना बृद्ध ऋषिको आश्रम रहेछ । ती ऋषि बूढा र अन्धा भएकाले उनीहरू बीचको रतिकिया देख्न नसक्ने र केही पनि बिगार गर्न नसक्ने वाक्य कोकाले बोलेकी थिइन् । यसबाट ती ऋषि निक्कै रिसाएका थिए । आफूलाई हेपेर तिनीहरूले त्यस्ता वाक्य उच्चारण गरेकाले र उनकै आश्रममा बसी रतिकियामा लागेकाले ऋषिलाई रिस उठ्यो र कोकालाई श्राप दिने विचार गरे । यता इन्द्रचाहिं निक्कै चलाख थिए । तसर्थ रतिकियापश्चात् इन्द्रचाहिं त्यहाँबाट तुरन्तै भागे । रिसाएका ऋषिले आफ्नो आश्रमको छेउमा उभिएकी कोकालाई निरन्तर बगिरहने नदी हुने श्राप दिएछन् । उनको श्रापअनुसार कोका तुरन्त खोला भएर बग्न लागिन् ।

कोकाजस्ती सुन्दर युवतीलाई नदी भएर बग्नुपर्ने श्राप दिएपछि र तिनी नदी भएर बग्न लागेपछि बूढा ऋषिको रिस केही कम हुँदै गएछ । उनलाई कोकाप्रति केही दया पनि उब्जिएकाले ऋषिले कोकालाई "तार्न सक्ने पवित्र नदी हुनु" भन्ने आसिक पनि दिएछन् । तसर्थ कोकालाई पवित्र नदी मानिएको हो भन्ने विवरण हिमवत्खण्डपुराणले दिएको छ । हिमवत्खण्ड पुराणले वराहक्षेत्र वरपरका अन्य तीर्थहरूका र कोशीनदीको पनि वर्णन गरेको छ । ती सबै स्थानलाई यस पुराणले पवित्र स्थलका रूपमा व्याख्या गरेको देखिन्छ । सबैलाई तार्न सक्ने नदीको रूपमा रहेकाले नै कोकामा पितृहरूको तर्पण गर्ने गरिएको विवरण पनि हिमवत्खण्ड पुराणले नै दिएको छ । यसरी हिमवत्खण्ड पुराण नेपालमा लेखिएको हुनाले यसले नेपालका विभिन्न धार्मिक स्थलहरूको महत्व प्रकाशमा पारेको पाइन्छ भने यसले यहाँका विभिन्न खोलानाला र स्थानहरू अति पवित्र भएको दर्साएको छ । यस पुराणमा विजयपुर राज्यको राजनैतिक इतिहास स्पष्ट नपारे पनि यस भेगका विभिन्न स्थानहरूलाई धार्मिक रूपमा अति महत्वपूर्ण मानेको छ भने यहाँका केही जातजातिका बारेमा पनि यसले प्रकाश पारेको देखिन्छ । तसर्थ यस पुराणलाई पनि प्रस्तुत अनुसन्धानका क्रममा केही सान्दर्भिक र महत्वपूर्ण स्रोतका रूपमा प्रयोग गरिएको छ ।

विजयपुर र सेन राज्यका बारेमा अप्रत्यक्ष रूपमा लेखिएका र प्रकाशित भएका अन्य प्रकारका सामग्रीहरू पनि पाइएका छन् । तर तिनीहरू कुनै यहाँको पर्यटन, कुनै परम्परा र कुनै यहाँका मठमन्दिर तथा धार्मिक स्थलका बारेमा केन्द्रित रहेका पाइएका छन् भने यस भेगको राजनैतिक इतिहासका बारेमा भने हालसम्म एउटा पनि अलग्ग लेख रचना र ग्रन्थ प्रकाशित भएको पाइएको छैन । जस्तो रूद्राक्षारण्यमहात्म्य विजयपुर र पिण्डेश्वरका बारेमा नै लेखिएको धार्मिक ग्रन्थ हो । यसमा विजयपुरको छोटो इतिहास पनि दिएको छ । यता लक्ष्मी आचार्यको देशको माटोदेशको ढुंगा शीर्षकको पुस्तक किंवदन्तीका आधारमा तयार पारिएको देखिन्छ भने रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मीले नेपालको पौराणिक इतिहास लेखेका छन् । यी ग्रन्थहरूमा पनि विजयपुरको इतिहास सामान्य रूपमा दिइएको देखिन्छ । यसैगरी जगदीशचन्द्र रेग्मीले लेखेको नेपालको वैधानिक परम्पराले पनि विजयपुर लगायत पूर्वको किरात प्रदेशको प्रशासनिक इतिहास दिएको हुनाले यसलाई पनि प्रस्तुत अनुसन्धानका क्रममा सामान्य स्रोतका रूपमा प्रयोग गरिएको छ । तर विजयपुरको राजनैतिक इतिहासको सिंगो पुस्तक भने हालसम्म प्रकासन भएको पाइँदैन । तसर्थ प्रस्तुत विशषयवस्तुलाई नै अनुसन्धानको मूल विषयवस्तु मान्दै त्यससँग सम्बन्धित ग्रन्थहरूको यहाँ समीक्षा गरिएको हो ।

दिनेशचन्द्र सरकार, (सन् १९६५) ।

भारतीय विद्वान् दिनेशचन्द्र सरकारले सम्पादन गर्नुभएको "सेलेक्ट इन्स्क्रिप्सन्स् बियरिङ अन् इन्डियन हिस्ट्री एन्ड सिभिलाइजेसन् भोल १" शीर्षकको ग्रन्थ पूर्वी नेपालको विजयपुर राज्यअन्तर्गत पर्ने वराहक्षेत्रका बारेमा पुरानो विवरणहरू दिने प्रमुख ग्रन्थ हो । सन् १९४२ मा प्रकाशित उक्त ग्रन्थ पछि सन् १९६५ मा कलकत्ता विश्वविद्यालयबाट प्रथम संशोधन भई प्रकाशित भएको देखिन्छ । यस ग्रन्थमा परिशिष्ट र शब्दसूचिसमेत गरी ५४८ पृष्टहरू छन् । ग्रन्थको अन्त्यमा छुट्टै ६२ वटा प्लेटमा विभिन्न समयका अभिलेखका फोटो उतारहरू राखिएका देखिन्छन्, जसमा इसापूर्व छैटौं र इसाको छैटौं शताब्दी बीचका करिब १२०० वर्ष जतिका अभिलेखहरू सङ्ग्रह गरिएका छन् । सरकारको उक्त ग्रन्थको दोस्रो भागमा चाहिं इसाको छैटौं र अठारौं शताव्दीको बीचका अभिलेखहरू सङ्ग्रह गरिएका पाइन्छन्, जुन पुस्तकमा चाहिं वराहक्षेत्रसम्बन्धी विषयवस्तुयुक्त अभिलेखहरू समावेश गरिएका देखिदैनन् ।

दिनेशचन्द्र सरकारको सेलेक्ट इन्स्क्रीप्सन्स्को प्रथम भाग तीन खण्डमा वर्गीकृत छ । यसको प्रथम खण्डमा इसापूर्व ५२२ र ४६४ को बीचका पाँचवटा अभिलेखहरू सङ्ग्रहित छन् । ती सवै अभिलेखहरू पश्चिम भारतमा पाइएका हुन्, जुन पर्सियन भाषा र क्युनिफर्म लिपिमा रहेका छन् । त्यस ग्रन्थको दोस्रो खण्डमा मौर्यकालका र तेस्रो खण्डमा चाहिं गुप्तकालका अभिलेखहरू सङ्ग्रह गरिएका छन् । उक्त ग्रन्थमा थुप्रै अभिलेखहरू सङ्ग्रह गरिएका भए पनि त्यहाँका दुईवटा अभिलेखमात्र प्रस्तुत शोधका लागि सामान्य रूपमा सान्दर्भिक छन् । ती दुईवटै अभिलेखहरू गुप्तकालका हुन्, जुन बङ्गालको दामोदरपुरमा पाइएका थिए । ती दुई अभिलेखमध्ये पहिलो बुधगुप्तको समय (ई.४७६-४९४) को हो, जुन परवर्ती ब्राह्मी लिपिमा लेखिएको छ । त्यस अभिलेखमा संस्कृत भाषाको प्रयोग छ र विषयवस्तु अनुष्टुपछन्दमा लेखिएको देखिन्छ ।

बङ्गालको दामोदरपुरमा पाइएको वराहक्षेत्रसम्बन्धी अभिलेख ऋभूपालनामक व्यक्तिले राखेको ताम्रपत्रअभिलेख हो । त्यसमा जम्मा अठारवटा श्लोकहरू छन्, जसमा श्लोक संख्या बाह्रसम्म विजयपुर भेगमा पर्ने कोकामुखस्वामी र श्वेतवराहस्वामीलाई जमिन दान गरेको, तेह्रौंदेखि पन्ध्रौंसम्म दान गरिएको जमिनको सीमा र पन्ध्रौंदेखि अठारौंसम्म वराहविष्णुलाई स्तुति गर्ने मन्त्रहरू दिइएका छन् । त्यसमा कोकामुखस्वामी र श्वेतवराहस्वामीलाई जमिनदान गरेको तथा तिनीहरूकै स्तुति विवरण दिइएको देखिन्छ । यसले विजयपुर भेगको प्राचीन इतिहास स्पष्ट पार्ने तथा यहाँका सामाजिक इतिहास भने प्राचीन इतिहासकै निरन्तरता रहेकाले विजयपुरको इतिहास अध्ययन गर्ने क्रममा यसलाई पनि सहयोगी स्रोतका रूपमा लिइएको छ ।

सरकारको सेलेक्ट इन्स्क्रीप्सन्स्मा वराहक्षेत्रसम्बन्धी अर्को एक अभिलेख पनि समाविष्ट छ । उक्त अभिलेख पनि दामोदरपुर बङ्गालमा नै पाइएको हो, जसमा संवत् २२४ अङ्कित छ । त्यो तिथि गुप्तसंवत् हो, जसलाई ईसाको ५४३ (विक्रमको ६००) मानिएको छ । त्यस अभिलेखमा राजाको नामचाहिं पढ्न सकिएको छैन, तर पनि त्यसलाई बुधगुप्त, उपगुप्त या कुमारगुप्त आदिमध्ये कसैको समयको हुनसक्ने मानिएको छ । बाइसवटा हरफमा अनुष्टुप छन्दमा रहेको उक्त अभिलेख राख्ने व्यक्ति अयोध्यातिरका अमृत देव थिए । त्यस अभिलेखमा अमृतदेवले श्वेतवराहस्वामीलाई पूजाआजा गर्न खेत गुठी राखिदिएको विवरण दिएका छन् । त्यो अभिलेख श्वेतवराहस्वामीका नाममा गुठी राखेर लेखाएको भए पनि ती स्वामी नेपालका नभएर बङ्गालका थिए । त्यसमा श्वेतवराहस्वामीलाई हिमालयशिखरको बदलामा जङ्गलमा रहेका स्वामी भनिएबाट उक्त अभिलेख बङ्गालका स्वामीसँग सम्बन्धित रहेको मानिएको हो । ऋभूपालको अभिलेख बङ्गालमा पाइएको भएपनि त्यसले नेपालको विजयपुर स्थित वराहक्षेत्रका बारेमा पनि विवरण दिएको छ । यसरी ती अभिलेखहरूले तत्कालको यस भेगको धार्मिक अवस्थाका बारेमा सामान्य रूपमा जानकारी दिने हुँदा त्यसलाई पनि प्रस्तुत अनुसन्धानमा सामान्य स्रोतका रूपमा लिइएको हो । साथै विजयपुरको प्राचीन इतिहास झल्काउने मुख्य ग्रन्थका रूपमा यसै ग्रन्थलाई लिन सकिन्छ ।

ढुण्डिराज भण्डारी, (वि. सं. २०२५) ।

ढुण्डिराज भण्डारीद्वारा लेखिएको नेपालको ऐतिहासिक विवेचना शीर्षकको नेपालको इतिहाससम्बन्धी पुस्तक जम्मा ३६७ पृष्ठ लामो छ, जसमा विभिन्न विषयवस्तुहरू समावेश गरिएका देखिन्छन् । यस ग्रन्थमा विभिन्न भागहरू र तिनका १८ वटा अध्यायहरू रहेका छन् । यस ग्रन्थको पहिलो भाग प्राचीन नेपालसँग सम्बन्धित छ भने दोश्रो मध्यकालिक नेपाल र तेश्रो भने आधुनिक नेपालसँग सम्बन्धित देखिन्छ । यसमा विजयपुर र सेन शासनका बारेमा वर्णन गरिएको नपाइने हुनाले यसलाई सामान्य स्रोतका रूपमा मात्र लिइएको छ ।

ढुण्डिराज भण्डारी, (वि. सं. २०२७) ।

ढुण्डिराज भण्डारीद्वारा लेखिएको नेपालको आलोचनात्मक इतिहास शीर्षकको नेपालको इतिहाससम्बन्धी पुस्तक जम्मा ४३८ पृष्ठ लामो छ, जसमा विभिन्न विषयवस्तुहरू समावेश गरिएका देखिन्छन् । यस ग्रन्थमा विभिन्न भागहरू र तिनका १८ वटा अध्यायहरू रहेका छन् । यस ग्रन्थको पहिलो भाग प्राचीन नेपालसँग सम्बन्धित छ भने दोश्रो मध्यकालिक नेपाल र तेश्रो भने आधुनिक नेपालसँग सम्बन्धित देखिन्छ । यसमा विजयपुर र सेन शासनका बारेमा वर्णन गरिएको नपाइने हुनाले यसलाई सामान्य श्रोतका रूपमा मात्र लिइएको छ ।

लक्ष्मी आचार्य, (वि. सं. २०३०)।

लक्ष्मी आचार्यद्वारा लेखिएको र तत्कालीन धरान नगरपञ्चायतद्वारा वि.सं. २०३० सालमा प्रकाशित "देशको माटो देशको ढुङ्गा भाग- २" विजयपुरका बारेमा चर्चा गर्ने अर्को महत्वपूर्ण ग्रन्थ हो। धरानवासी आचार्यको उक्त ग्रन्थ २८४ पृष्ट लामो छ। त्यसमा लेखक लक्ष्मी आचार्यले सुनसरी जिल्ला र त्यसअन्तर्गतको विजयपुर तथा पिण्डेश्वरको बिशेष महत्वका साथ वर्णन गर्नुभएको देखिन्छ। विजयपुरका विभिन्न मन्दिरहरूका बारेमा पौराणिक कथाहरू प्रशस्तमात्रामा जोड्दै तिनीहरू निक्कै पुराना र पवित्रस्थल भएको विवरण आचार्यले कथात्मक ढङ्गमा प्रस्तुत गर्नुभएको छ। रामधुनी, भेडियारी, इटहरी, जोगवनी, चतरामठ र वराहक्षेत्रका बारेमा पनि उक्त ग्रन्थमा सामान्य चर्चा गरिएको छ। उहाँले रूद्राक्षारण्यमाहात्म्य र हिमवत्खण्डपुराणका आधारमा यी क्षेत्रहरूको चर्चा गर्नुभएको हो।

देशको माटो देशको ढुङ्गानामक ग्रन्थमा वर्णित ताम्राङ्ग र विजयपुरसम्बन्धी सन्दर्भ प्रस्तुत अनुसन्धानका लागि केही उपयोगी छन्। उक्त विषयवस्तुलाई यस ग्रन्थमा कथात्मक रूपमा वर्णन गरिएको भए पनि स्थान परिचयका रूपमा भने यो प्रसंग पनि महत्वपूर्ण छ। यसमा ताम्राङ्ग भनेर कोकाखोला उत्तरको पर्वतलाई इङ्गित गरिएको छ र विजयपुरको वर्णन गर्ने क्रममा चाहिं त्यहाँका पिण्डेश्वर र अन्य मन्दिरहरूका बारेमा चर्चा गरेको देखिन्छ। उक्त ग्रन्थमा प्रारम्भमा "जीव सृष्टिको तेस्रो पिंढी कोशीको सुनसरीमा? भन्ने वाक्यांश प्रयोग गरिएको देखिन्छ। यस प्रसङ्गमा लेखक आफ्ना मनगढन्ते विषयवस्तु समावेश गर्न पनि चुकेका छैनन्। हिमाल भएतिर समुद्र र समुद्र भएतिर हिमाल बनेको विवरण प्रस्तुत गर्दै ग्रहगोलमा बिकृति आएपछि यस्तो स्थिति सिर्जना भएको उल्लेख लक्ष्मी आचार्यले गरेका छन् (पृ. १९१)। आचार्यले उल्लेख गरेअनुसार नदीले पर्वतको माटो बगाउँदै लगेर समुद्रमा थुपारेपछि समुद्र उक्सिएर हिमाल भएको र पछि पर्वत खिइएर समुद्र बनेको हो। यसमा उहाँले सम्भवतः टेथिस सागरको विनाश र हिमालयपवर्तको उत्पत्ति कथाप्रसङ्ग जोड्ने प्रयास गरेको हुन सक्तछ।

आचार्यले विजयपुरको चर्चा गर्ने क्रममा भताभङ्गे राजाको कथा प्रसंग पनि सुन्दर रूपमा प्रस्तुत गरेका छन्। उनले यस भेगका थुप्रै स्थानका बारेमा पौराणिक कथाकुथुंगीहरू जोडेर वर्णन गरेको देखिन्छ। तिनीहरूको सामाजिक, ऐतिहासिक, सांस्कृतिक र मानवशास्त्रीय दृष्टिकोणले समेत चिन्तन, मनन, विश्लेषण, अध्ययन एवं अनुसन्धान हुन आवश्यक छ, यसका लागि किंवदन्तिहरूको पनि सहयोग लिन सकिन्छ। तर तिनीहरूको मात्र भर परेमा भने सत्यतथ्य पत्ता नलाग्न सक्तछ। तसर्थ तिनीहरूमा पाइने सत्यताको अंश विचार गरी अध्ययन अनुसन्धानमा

प्रयोग गर्न आवश्यक हुने गर्दछ । तर देशको माटो देशको ढुङ्गामा पौराणिक कथालाई पुष्टि गर्ने प्रयास गरिएको देखिने हुनाले यसलाई प्रस्तुत शोधमा सामान्य स्रोतका रूपमा लिइएको छ ।

सञ्चार मन्त्रालय, (वि.सं. २०३१) ।

विजयपुरका बारेमा सामान्य रूपमा चर्चा गर्ने एउटा ग्रन्थ मेचीदेखि महाकाली भाग एक पनि हो । तात्कालिक श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभागद्वारा वि.सं. २०३१ सालमा प्रकाशित उक्त ग्रन्थ पूर्वाञ्चल विकास क्षेत्रसँग सम्बन्धित छ । उक्त भागमा पूर्वाञ्चल विकास क्षेत्रका १६ वटै जिल्लाको सामान्य परिचय, इतिहास र धार्मिक स्थलहरूको परिचय दिइएको देखिन्छ । प्रोफायलका रूपमा रहेको उक्त ग्रन्थमा विजयपुरको छोटो इतिहास दिइएको छ साथै यसमा यहाँका मठमन्दिरहरूको धार्मिक र सांस्कृतिक महत्वका बारेमा पनि प्रकाश पारिएको देखिन्छ । तसर्थ यस ग्रन्थलाई पनि विजयपुर र सेन वंशको इतिहास अध्ययन गर्ने सामान्य स्रोतका रूपमा लिइएको छ ।

इमान सिंह चेम्जोङ्ग, (वि.सं. २०३१) ।

इमानसिङ चेम्जोङ्गको किरातकालीन विजयपुरको संक्षिप्त इतिहास नामक ग्रन्थमा विजयपुर सम्बन्धी विवरण परेको छ । वि.सं. २०३१ सालमा नेपाली साहित्य परिषद् दार्जिलिङबाट प्रकाशित १९६ पृष्टको उक्त पुस्तकमा विजयपुर क्षेत्र अघि पहाडतिर बस्ने हाङ्गहरूको अधिनमा रहेको र पछि पुन त्यहाँ विरनारायण लगायतका शासकले शासन गरेको वर्णन छ । यसैगरी पछि उक्त स्थानमा सेनहरूले शासन गर्न लागेको कुरा समेत चेम्जोङ्गले उल्लेख गरेका छन् । यस ग्रन्थमा विजयपुरकै चर्चा गर्ने क्रममा यसको वरपरका केही मठमन्दिरका बारेमा पनि चर्चा गरिएको पाइन्छ । त्यसमा एउटा प्रसंगमा के भनिएको छ भने "महाराजा लोहाङसेनले विजयपुरको पश्चिम चतरामा गई वराहक्षेत्रमा वराहरूपविष्णुको मन्दिर बनाएर वराहको मूर्ति स्थापना गरे । साथै त्यो मन्दिरको स्याहार गर्न भनी सन्यासीहरूलाई गुठी राखिदिए । फेरि उनको स्मृतिमा वराहक्षेत्रमा मेला लगाई गरिवहरूलाई दान दिइ यो मेला सदासर्वदा सालमा एकपटक लगाइराख्नु भनी आदेश दिए (पृ. १९६) । यस ग्रन्थमा चेम्जोङले विजयपुरको किरातकालको इतिहासलाई महत्व दिएका छन् । तसर्थ विजयपुर राज्यको इतिहास अध्ययन गर्ने क्रममा यो ग्रन्थ निकै उपयोगी सावित भएको छ । तसर्थ यहाँ यसलाई पनि महत्वपूर्ण स्रोतका रूपमा समीक्षा गरिएको हो ।

लुड्बिज एफ् स्टिलर, (सन् १९७५) ।

स्टिलरद्वारा लेखिएको द राइज अफ् द हाउस अफ् गोरखा पुस्तकलाई नेपाल एकीकरणको अध्ययन भनिएको छ । यसमा जम्मा १२ वटा अध्यायहरू र ३८८ पृष्ठ छन् । यस पुस्तकलाई

प्रथम, दोश्रो र तेश्रो गरी विभिन्न ३ वटा भागमा वर्गिकरण गरिएको छ । यसको प्रथम भागमा सुतेको जमिन शीर्षक दिदै त्यसलाई एकीकरणभन्दा अगाडिको अवस्था भनिएको देखिन्छ । यता दोश्रो भाग भने सपना अनुभूति भन्ने शीर्षक दिइएको देखिन्छ, जसमा पृथ्वीनारायण शाहको एकीकरण अभियानका बारेमा वर्णन छ । यता भाग तीन भने एकीकरण अभियानको अन्त्यसँग सम्बन्धित देखिन्छ । यस पुस्तकको एकीकरण अभियानको चर्चा गर्दा यहाँको पूर्वी एकीकरण अभियानसँग सम्बन्धित छ । यस पुस्तकको पृ. १३६ देखि १५० सम्मको भाग भने नेपालको पूर्वी एकीकरणको विषय भएकाले प्रस्तुत शोधका लागि ज्यादा सान्दर्भिक छ ।

स्टिलरले प्रस्तुत ग्रन्थमा के बताएका छन् भने पृथ्वीनारायण शाहलाई पूर्वी नेपालको एकीकरणका लागि यहाँका हरिनन्द उपाध्याय नामक एक धनी ब्राह्मणले ठूलो सहयोग पुऱ्याएका थिए । उनले बृटिश इन्डियालाई पनि चिठ्ठी लेखेका थिए । स्टिलरले यहाँ चर्चा गरे अनुसार पृथ्वीनारायण शाहका सेनाले चौदण्डीमा वि.सं. १८३० मा अधिकार जमाए । त्यसपछि करिव एक वर्षजति तिनीहरू त्यसै बसे भने त्यसपछि भने वि.सं. १८३१ म गोरखाली फौजले विजयपुरमाथि पनि आक्रमण गरी विजय हाशिल गरेको देखिन्छ । यसरी स्टिलरले विजयपुरको पतनका बारेमा चर्चा गरेको पाइने हुनाले उनको यो पुस्तकलाई पनि प्रस्तुत अनुसन्धानका क्रममा सामान्य स्रोतका रूपमा समीक्षा गरिएको छ ।

बालचन्द्र शर्मा, (वि.सं २०३३) ।

बालचन्द्र शर्माद्वारा लेखिएको नेपालको ऐतिहासिक रूपरेखा नेपाली विद्वान्द्वारा लेखिएको निकै पुरानो इतिहासको ग्रन्थ हो । यो ग्रन्थ वाराणसीबाट कृष्ण कुमारी देवीद्वारा वि.सं. २००८ सालमा नेपालमा राणा शासनको समाप्तिका साथसाथै प्रकाशन गरिएको थियो । कर्कपेट्रिक, ह्यामिल्टन र लेभी लगायतका विदेशीहरूले नेपालको इतिहास लेखन गर्दा त्यसमा धेरै त्रुटिहरू रहने गरेकाले तिनलाई दुर गर्दै शर्माले यो ग्रन्थ लेखेका हुन् । कूल ४८४ पृष्ठको यस पुस्तकमा नेपालको इतिहासको सुरूवातदेखि राजा विरेन्द्रसम्मको विवरण दिइएको छ ।

बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखानामक ग्रन्थको पृ. २०६-८ कोशी प्रदेशसँग सम्बन्धित छ । यसमा उक्त भाग प्रस्तुत शोधका क्रममा महत्वपूर्ण मानिन्छ । शर्माले यहाँ उल्लेख गरेअनुसार मुकुन्दसेनले एकीकरण गरेको तराईको ठूलो भूभागमा उनको मृत्यूपछि उनका छोराहरूले विभिन्न भागमा बाँड्न पुगे । यस क्रममा लोहाङ्गसेन कोशी प्रदेशका राजा भएका थिए । शर्माले चर्चा गरेअनुसार लोहाङ्गसेनको मृत्यू भएपछि उनका छोरा राघवसेन मोरङ र छिमेकी प्रदेशका राजा भएका थिए । यहाँ शर्माले छिमेकी प्रदेशमात्र भनेको हुनाले यसलाई यस वरपरका प्रान्तहरूका लागि प्रयोग गरिएको हुनसक्ने देखिन्छ ।

बालचन्द्र शर्माले कोशी प्रदेशको मोरङ र विजयपुरको इतिहास चर्चा गर्ने क्रममा उनले यो पुस्तकमा के लेखेका छन् भने राघवसेनका छोरा हरिहर सेनले गोण्डावारासम्मको तराईको ठूलो क्षेत्रमा आफ्नो अधिकार जमाएका थिए । तसर्थ उनलाई हिन्दूपति भनियो । शर्माले बताएअनुसार हरिहर सेनका २ जना रानीहरूतिरका चारजना छोराहरू थिए, जसले आफ्ना बाबुको जीवन कालमानै राज्यको उत्तराधिकारका बारेमा ठूलो झगडा गरे । यसै क्रममा हरिहरसेन स्वयम् पनि केही समयका लागि कैदमा परेको विवरण दिइएको छ । त्यसपछि उनले कोशी पश्चिमको भाग शुभसेनलाई र कोशी पूर्वको भाग भने छत्रपति सेनका छोरा इनद्रविधाता सेनलाई दिए भनेका छन् ।

बालचन्द्र शर्माले चर्चा गरेअनुसार कोशी प्रदेशको सेनकालिक इतिहास हेर्दा यस भेगमा राजा र मन्त्रीका बीचमा बेलाबेलामा अनेक प्रकारका झगडा, वैमनस्यता र षडयन्त्रहरू हुने गरेका पाइएका छन् । यसै क्रममा शुभसेनका मन्त्रीहरूले पूर्णियातिरका नवाब इस्फून्दियार खानसँग मिलेर शुभसेन र उनका भतिजा इन्द्रविधात सेनलाई पकिएर कैद गरियो । त्यसपछि तिनीहरूलाई दिल्लीका सम्राटकोमा पठाइयो र जाति च्यूत गरियो भन्ने उल्लेख पाइन्छ । यसबाट मोरङको ठूलो भूभाग नवावको अधिनमा पर्न पुग्यो । त्यसपछि मान्धाता सेन र मणिसेन किरात प्रदेशमा शरण लिन गएकाले विद्याचन्द्र रायले महिपति सेनलाई कमला पूर्व र मणिक सेनलाई कमला पश्चिमको क्षेत्रमा शासनाधिकार दिए भन्ने विवरण पाइन्छ । महिपति सेन पछि कामदत्तसेन मोरङका राजा भएकोमा उनको मन्त्री विचित्र राईसँग झगडा परेकाले राईले यिनलाई भोटतिर धपाएर जगत सेनलाई विजयपुरका राजा बनाए भन्ने विवरण पाइन्छ ।

कामदत्त सेन भोटतिर धेरै समय रहन सकेनन् । पछि तुरन्तै यिनी फिरेर विजयपुर आईपुगे भनिएको छ । बालचन्द्र शर्माका अनुसार कामदत्तसेन फर्केर आएपछि जगतसेनको प्रयासले गर्दा कामदत्तसेन र विचित्र राईका बीचमा मेलमिलाप भयो । यसमा कामदत्त सेनले पुरा राज्य भने पाएनन् । जगतसेनले कमला र कोशीको बीचको हनुमान नगर लगायतको राज्य पाए भने कामदत्त सेनले भने कोशी पारीको मोरङ इलाका पाए । मोरङ भेगमा पछि विचित्र राईको मृत्यू भयो र उनैका छोरा बुद्धिकर्ण राई यहाँका मन्त्री बनाइए भनिएको छ । यहाँ शर्माले उल्लेख गरेअनुसार कामदत्तसेनको मेल बुद्धकर्णसँग पनि हुन सकेन । तसर्थ उनी पुन भागेर कंपनी सरकारको शरण लिन कलकत्तातिर लागेकोमा यस पटक कंपनी सरकारले उनको वास्ता गरेन । तसर्थ उनी पुन मोरङ फर्केर केही सेना तयार पारी आक्रमण गरे । यसपटक उनी यिनै सेनाको सहयोगले मोरङको राजगद्दीमा बस्न सफल पनि भए भनिएको छ ।

बालचन्द्र शर्माले उनको ग्रन्थमा चर्चा गरेअनुसार कामदत्त सेनले बुद्धिकर्ण राईसँग बदला लिन उनका भाईको हत्या गराए । अव शर्मा अनुसार बुद्धिकर्णले पनि कामदत्तसँग भाईको हत्याको बदला लिने विचार गरे र सिक्किमका राजालाई बोलाए । यता सिक्किमे राजाले पनि मेलमिलाप गराउने निहुँमा दसजना मान्छेहरू सिक्किमबाट विजयपुर पठाए भनिएको छ । त्यसपछि तिनै मानिसहरूले षडयन्त्र गरेर कामदत्त सेनको हत्या गरिदिए भन्ने विवरण शर्माले यस पुस्तकमा दिएका छन् । त्यसपछि बुद्धिकर्ण राईले चौदण्डीका राजा कर्णसेनलाई विजयपुरको पनि राजा बनाएको पाइन्छ । शर्माका अनुसार मोरङको राजगद्दीमा बसेको १८ महिना पछि ई. १७४४ मा उनको मृत्यू भयो भने गोरखाली सेनाले विजयपुरमाथि आक्रमण पनि गरे । उनले बताएअनुसार गोरखालीले विजयपुर माथि विजय हासिल गरेपछि कर्ण सेनकी विधवा रानी भागेर इष्ट इन्डिया कम्पनीको शरणमा गइन् । यता बुद्धकर्ण राई गोरखाली विरूद्ध आक्रमण गरी विजयपुर फिर्ता लिने दाउमा लागिरहे भने त्यही समयमा गोरखालीहरूले उनलाई पक्रिएर यातना दिए भनिएको छ । यता उक्त यातना सहन नसकी बुद्धिकर्ण राईको मृत्यू भयो भन्ने राय शर्माको यस पुस्तकमा देखिन्छ ।

जगदीशचन्द्र रेग्मी, (वि.स. २०३६) ।

जगदीशचन्द रेग्मीद्वारा लेखिएको नेपालको वैधानिक परम्परा शीर्षकको ग्रन्थ नेपालको शासन विधानको ऐतिहासिक पक्षसँग सम्बन्धित छ । यस ग्रन्थमा नेपालको सुरूदेखि इश्वी १८४६ सम्मको शासन प्रणालीका बारेमा चर्चा गरिएको देखिन्छ । काठमाडौ उपत्यकाको मात्र नभएर नेपालका विभिन्न भागको प्रशासनिक विवरण दिने क्रममा यस पुस्तकमा विजयपुरको शासन व्यवस्थाका बारेमा पनि सामान्य रूपमा चर्चा गरिएको छ । यस ग्रन्थमा किरात मुन्धुमका साथमा नेपालका विभिन्न भागमा विभिन्न समयमा प्रचलित शासन प्रणालीका बारेमा मात्र नभएर ती क्षेत्रका न्याय प्रणालीका बारेमा पनि चर्चा गरिएको देखिन्छ । यस ग्रन्थमा विजयपुर भेगको प्राचीन वैधानिक परम्पराका रूपमा किराती मुन्धुमलाई लिएको छ भने पछिल्लो कालमा भने सेनले पाल्पा तथा मकवानपुरको विधानलाई पनि कार्यान्वयन गरेका थिए । अझ पछि गएर भने यस स्थानमा एकीकरण पछि गोरखालीहरूको शासन विधान प्रचलनमा ल्याइएको भए पनि यहाँका पुराना परम्पराहरूलाई पनि निरन्तरता दिइएको चर्चा यस ग्रन्थमा रेग्मीले गरेका छन् । तसर्थ प्रस्तुत अनुसन्धानका क्रममा यसलाई पनि सामान्य सन्दर्भश्रोतका रूपमा लिइएको छ ।

ज्ञानमणि नेपाल, (वि.सं. २०४०) ।

विजयपुरको राजनैतिक इतिहासका बारेमा प्रकाश पार्ने अर्को ग्रन्थ ज्ञानमणि नेपालद्वारा लेखिएको नेपाल निरूक्त पनि हो । शुद्धिपत्र, नामसूची र सन्दर्भ ग्रन्थसूचीसमेत ५०२ पृष्टको उक्त

ग्रन्थ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा वि.सं. २०४० सालमा प्रकाशित भएको हो । उक्त ग्रन्थका विभिन्न अध्यायमा समेटिएका विभिन्न विषयवस्तुमध्ये कोशीप्रदेश, विजयपुर, वराहक्षेत्रः ऐतिहासिक वर्णन, हलेसी, मैनाराजामैनारानी, चण्डी तथा किराती स्थिति र पूर्वी नेपालको संक्षिप्त सांस्कृतिक अध्ययन शीर्षकका विषयवस्तुहरू पूर्वी नेपाल र विजयपुर राज्यसँग सम्बन्धित छन् । यी विभिन्न शीर्षकहरूमध्ये कोशी प्रदेश र विजयपुर शीर्षकका लेखहरू प्रस्तुत शोधका लागि ज्यादा सान्दर्भिक र महत्वपूर्ण पनि छन् । यसमा नेपालले विजयपुरको पौराणिक इतिहास प्रस्तुत गर्दै पिण्डेश्वर र बूढासुब्बाको कथा प्रसंग वर्णन गरेको देखिन्छ । यसमा उनले भताभुङ्गे राजा र लथालिंगे काजीको स्थानीय किंवदन्ति पनि रोचक ढंगमा प्रस्तुत गरेका छन् ।

ज्ञानमणि नेपालले विजयपुरका बारेमा चर्चा गर्दा यहाँको लोहांग सेनको राज्य विस्तारका बारेमा चर्चा गर्दै यो भेग मुकुन्दसेनका कान्छा छोरा लोहांगसेनको भागमा परेको बताएका छन् । उनले अठारौं शताब्दीको सुरूदेखि नै मोरङ्ग राज्य आफू खुशी भएको चर्चा गर्दै यहाँबाट प्रचारित केही लेखहरू पनि प्रकाशित गरेका छन् । साथै उनले यहाँ शासन गर्ने राजाहरूको नाम दिने क्रममा हरिश्चन्द्र सेन र बुखासेन, इन्द्र राजराजेश्वरी देवी, मान्धाता सेन, विसन्तर सेन, कामदत्त सेन, श्रीकान्त राई, जसकर्ण राई, बुद्धिकर्ण राई र कर्ण सेनको नाम दिएको देखिन्छ (नेपाल, २०४०: २८१) । यसरी यहाँ नेपालले विजयपुर मोरङमा शासन गर्ने सेन राजाको मात्र नभएर केही भारदार र मन्त्रीहरूको पनि नाम दिएको पाइएको छ । साथै उनले दिएका यहाँका शासकका केही नाम अन्य विद्वान्हरूले दिएका नामभन्दा केही फरक पनि छन् ।

ज्ञानमणि नेपालले विजयपुर भेगका केही कागजातहरू प्रस्तुत गर्ने क्रममा उनले मध्यकालको उत्तरार्ध र प्रारम्भिक आधुनिक कालमा विजयपुरबाट जारी केही तमशुक र लालमोहर पनि यस ग्रन्थमा प्रस्तुत गरेको देखिन्छ । उनले यसमा कामदत्त सेनले रामभद्र पण्डितलाई गरिदिएको स्यामोहर, श्रीकान्त राईले तुलाराम पण्डितलाई र जसकर्ण राईले रामभद्रलाई दिएको बिर्ताको मोहर लगायतका केही लिखतहरू समावेश गरेका छन् । यी लिखतहरू पनि विजयपुरको सेनकालिन इतिहास अध्ययन गर्नका लागि उपयोगी स्रोतका रूपमा रहेका हुनाले यस ग्रन्थलाई प्रस्तुत अनुसन्धानमा महत्वपूर्ण द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

कोलोनल कर्कपेट्रिक (सन् १९८६) ।

कर्कपेट्रिकद्वारा लेखिएको नेपालको इतिहाससम्बन्धी एन् एकाउन्ट अफ् द किंगडोम अफ् नेपाल शीर्षकको ग्रन्थमा जम्मा ३८६ पृष्ठहरू रहेका छन् । यस पुस्तकमा नेपालका विभिन्न भौगोलिक क्षेत्रको भ्रमणका क्रममा देखेका र सुनेका स्थानहरूको बारेमा वर्णन गरिएको छ, जसलाई उनको यात्रा बृतान्तका रूपमा लिन सकिन्छ । यसमा अध्याय नौवटा छन्, जसमा पहिलो

अध्यायमा मनियारीदेखि हेटौडासम्म जाने बाटोका बारेमा चर्चा गरिएको छ । अध्याय दोश्रो र तेश्रो भने क्रमिक रूपमा सुगौलीदेखि हेटौडा र हेटौडादेखि सुगौलीसम्म जाने आउने बाटोघाटोको विवरण दिइएको छ । यसका विभिन्न अध्यायहरूमा यहाँका बाटाघाटा र नदीनालाका बारेमा चर्चा छ । यसैगरी यहाँका मानिसहरूको पनि छोटकरीमा यिनले वर्णन गरेका छन् । यसका साथमा मोरङका बारेमा पनि यस पुस्तकमा सामान्य रूपमा चर्चा गरिएको देखिन्छ । यसैगरी मोरङलाई तुरियानी भन्दै यस ग्रन्थमा यहाँको हावापानी र वनस्पतिका बारेमा चर्चा गरिएको देखिन्छ । नेपालका बारेमा लेखिएका इतिहासको निकै पुरानो ग्रन्थ भएकाले यसको विशेष महत्व रहेको छ । तसर्थ यस पुस्तकलाई प्रस्तुत अनुसन्धानका क्रममा सामान्य स्रोतका रूपमा प्रयोग गरिएको छ ।

तारिणिस झा, (सन् १९९३) ।

पूर्वी नेपालको सेन राज्य तथा विजयपुरका बारेमा विवरण दिने एउटा प्रमुख पौराणिकग्रन्थ ब्रह्मपुराणम् पनि हो । ब्रह्मपुराण भारतका विभिन्न स्थानहरूबाट बेलाबेलामा अलगअलग रूपमा प्रकाशित हुने गरेको पाइएको छ । ब्रह्मपुराणको मूलप्रति हाल नपाइने भए पनि विभिन्न विद्वान्हरूले टीका लेखेर यसको प्रकाशन गर्ने गरेको पाइन्छ । यस अनुसन्धानका क्रममा हिन्दी साहित्य सम्मेलन प्रयागबाट सन् १९९३ सालमा प्रकाशित हिन्दी अनुवादसहितको ब्रह्मपुराणलाई सहायक स्रोतका रूपमा लिइएको छ । १३६३ पृष्ठको यो ग्रन्थ नेपालको पौराणिक इतिहासका रूपमा रहनुका साथै विजयपुर भेगको पौराणिक इतिहासको अध्ययनका लागि उपयोगी स्रोतका रूपमा रहेको छ ।

ब्रह्मपुराणमा वेग्लै विजयपुर, मोरङ र सेनराज्यको नामोल्लेख त गरिएको पाइएको छैन । तर पनि यसको अध्याय २१९ पूर्णरूपमा कोकामुख, कोकानदी र वराहक्षेत्रसँग सम्बन्धित रहेको र यी क्षेत्रहरू तत्कालको विजयपुर या सेनराज्य अन्तर्गत पर्ने हुनाले यसलाई यहाँ समीक्षा गर्न आवश्यक ठानिएको हो । यस पुराणको अध्याय २५ मा भारतवर्षका विभिन्न तीर्थहरूको नामोल्लेख गर्ने क्रममा चक्रतीर्थ, सोमतीर्थ, कोकामुख, तुङ्गकुट, धर्मोद्भव, मताङ्ग, द्रष्ट्राङ्कुर, विष्णुतीर्थ, सर्वकामीतीर्थ, ब्रह्मकुण्ड, विष्णुह्रद आदि तीर्थहरूको नाम दिदै ती क्षेत्रमा स्नान गरी उपवास वसेर पितृलाई तर्पण गर्ने तथा देवपूजन गर्ने व्यक्तिले ती क्षेत्रमा अश्वमेघ यज्ञ गरेसरहको फल पाउने वर्णन गरिएको छ । यी सबै तीर्थहरू वराहपर्वतमा रहेको विवरण वराहपुराणमा परेको छ, जुन स्थानहरू विजयपुरको राजधानि वरपर हालसम्म परिचित रहेका छन् । यसरी विजयपुर राज्यभित्र अनेक प्रकारका पुण्यदायी स्थानहरू रहेको बताउने यो पुराण लेखन कार्य पनि लेखकले यस स्थानको भ्रमण गरेरमात्र सम्पन्न गरेको अनुमान गर्न सकिन्छ । हाल आएर वराहपुराणमा

वर्णित वराहक्षेत्रवरपरका ज्यादाजसो तीर्थहरूको चिनारी भइसकेका छन्, जुन मध्यकालिक विजयपुर राज्य तथा विजयपुर राजधानीको छेउछाउमा नै अवस्थित छन् भन्ने देखिन्छ ।

ब्रह्मपुराणको २२९ अध्यायमा कोकामुखसँग सम्बन्धित एउटा कथा दिइएको छ, जुन स्थान विजयपुरको राजधानी समिपमा पर्दथ्यो । उक्त कथाअनुसार प्राचीन समयमा कुनै स्थानमा आग्निध्रनामक एकजना राजा शासन गर्दथे । उनका कामदमननामक एकजना छोरा पनि थिए । कामदमन पवित्र, धर्मात्मा, क्षमाशील र प्रजाप्रेमी थिए । तर उनले धेरै उमेर बितिसक्ता पनि विवाह गर्न मानेका थिएनन् । एक दिन आग्निध्रले छोरालाई विवाह नगर्नाको कारण सोधेकोमा उनले विष्णुको लोकपालनी गाथाको आश्रय लिएकाले विवाह नगरेको बताए । कथाअनुसार उनका पिताले उनलाई त्यस्तो कार्य छाडी विवाह गर्न अनुरोध गर्दा कामदमन आफ्नो पूर्वजन्मको कथा सुनाउँछन् । उनले बताएको कथाअनुसार उनी हजारौंपटक मानव, दानव, पशु आदि रूपमा जन्मिसकेका थिए । त्यसै क्रममा उनी एकपटक सुतपानामक महर्षि भएर जन्मिएका थिए । त्यसबखत उनी विष्णुभक्त थिए र उनले विष्णुको तपस्या एवं भक्ति गरेका थिए । त्यसबाट विष्णु खुसी भएर उनलाई वर दिन चाहेकाले त्यस अवसरमा सुतपाले विष्णुको मायासम्बन्धी ज्ञान पाउनुपर्ने वर मागे । त्यस बखत विष्णुले नारदलाई त्यस्तो वर दिंदाको घटना सुनाएका थिए । उक्त घटना विवरणअनुसार विष्णुले आफ्नो मायाका बारेमा जानकारी पाउन नारदलाई जलमा डुब्नुपर्ने बताए । उनका आदेशअनुसार नारद जलमा डुबे र पछि काशीका राजाकी सुशीलानामक छोरी भएर जन्मिएका थिए । विस्तारै सुशीला ठूली हुँदै गइन् र पछि उनको विवाह विदर्भनामक देशका सुधर्मानामक राजकुमारसँग भयो । ती दुवै राजकुमार राजकुमारीले विवाहपश्चात् सुखसयलका साथ लामो समयसम्म राज्य गरे । कालान्तरमा उनीहरूका कैयौं पुत्र पनि भए ।

समय बित्तै जाँदा एकपटक काशीका राजासँग सुधर्माको लडाईं भयो । लडाईंमा सुधर्मा र उसका सबै छोराहरू मारिए । सुशीलाका बाबु र दाजुभाइ पनि त्यस लडाईंमा मारिए । त्यसबाट दुखित भएकी सुशीलाले तिनीहरूका चितामा हाम फालिन् र पुनः नारदको रूपमा परिणत भइन् । चिताको अग्निचाहिं स्वच्छ जलमा परिणत भयो । कथाअनुसार ती सबै घटना भ्रममात्र थिए र विष्णुको मायाका कारणले घटेका थिए । त्यहाँ स्वयं विष्णु उपस्थित भएर ती सबै घटना उनको मायाका कारणले भएको बताएकाले नारदले आफू विष्णुभक्तिमात्र गरेर बस्न चाहे । कथाअनुसार सुतपालाई यो कथा विष्णुले सुनाउँदा पनि उनले विष्णुको माया जान्ने विचार नत्यागेकाले उनी विष्णुको आदेशअनुरूप कोकामुखको जलमा डुबे ।

ब्रह्मपुराणको कथाअनुसार कामदमनले आनिध्रलाई सुनाएको कथाअनुसार सुतपा कोकामुखको जलमा डुबेपछि उनी चाण्डालपुत्री भएर जन्मन पुगे । उसको सुबाहुनामक एक

चाण्डालसँग विवाह भयो र तिनीहरूबाट दुईवटा अन्धा छोरा र एउटी बहिरी छोरी जन्मे । चाण्डाल पुत्रीलाई सुबाहुप्रति असन्तुष्टि र जीवनमा कष्ट भएकाले एक दिन उनी पानी लिन कोकाखोलामा जाँदा त्यहीं डुबेर प्राण त्याग गरिन् । त्यसपछि उनी ब्राह्मणका रूपमा प्रकट भएर खोलाछेउमा उभिइन् । पछि सुबाहु श्रीमतीलाई खोज्दै त्यहाँ गएर खोलाको किनारमा उभिएका ती ब्राह्मणसँग आफ्नी श्रीमतीका बारेमा सोधे । उनलाई सुबाहुप्रति दया लागेकाले ब्राह्मणका रूपमा परिणत भएकी चाण्डालपुत्रीले उनकी श्रीमती जलमा डुबेकी र जीवित नरहेकी बताए । यसका साथै उनलाई पनि छोराछोरीका साथमा कोकाको जलमा डुबेर मोक्ष पाउने सल्लाह दिए । ती ब्राह्मणको सल्लाहअनुसार चाण्डाल पनि छोराछोरीका साथमा कोकाको जलमा डुबी स्वर्ग गए । ब्राह्मणरूपी ती चाण्डालपुत्री पुनः कोकाको जलमा डुबी स्वर्ग पुगिन् र पुनः वैश्य कुलमा जन्मिन पुगिन् । त्यसपछि पुनः कोकामुखमा आत्मा र देहत्याग गरी आफू राजकुमार भएर जन्मेको बताएछन् । आफ्नो पूर्वजन्मको यस्तो कथा सुनाएपछि ती राजकुमारले विवाह नगरी कोकामुखमा जाने र त्यहाँ वराहविष्णुको आराधना गरी मोक्ष प्राप्त गर्ने मनसाय प्रकट गरे । कथाअनुसार त्यसपछि उक्त राजाले राजकुमारलाई विवाह गर्न करकाप गरेनन् ।

वास्तवमा ब्रह्मपुराणको माथि वर्णित कथा तत्कालको वराहक्षेत्रसँग सम्बन्धित छ, जुन स्थान तत्कालको मोरङ तथा विजयपुर अन्तर्गत पर्दथ्यो । यो कथा प्रसंग यहाँको राजनैतिक इतिहासको पाटो नभए पनि यसले यस भेगको सामाजिक इतिहास स्पष्ट पार्ने हुनाले ब्रह्मपुराणलाई पनि विजयपुरको इतिहास अध्ययन गर्ने क्रममा सहायक स्रोतका रूपमा लिन सकिन्छ । यसरी वास्तवमा यस भेगको राजनैतिक भन्दा पनि सांस्कृतिक तथा धार्मिक क्षेत्र भने धेरै पहिलेदेखि भारतको ठूलो क्षेत्रमा प्रचारित भएको बुझ्न सकिन्छ । साथै यसैबाट यस भेगको महत्व पनि स्पष्ट हुने गर्दछ ।

वास्तवमा ब्रह्मपुराण एउटा पौराणिक ग्रन्थ भए पनि यसका केही अध्यायहरू वराहक्षेत्र, कोशीनदी, कोकाखोला तथा आसपासका क्षेत्रसँग सम्बन्धित छ । यस पुराणमा यस भेगका विभिन्न क्षेत्रलाई पवित्र र धार्मिक महत्वका मान्दै तिनीहरूको भौगोलिक स्वरूपका साथमा पौराणिक महत्व पनि दिइएको देखिन्छ । यस्ता क्षेत्रहरू मध्यकालिक सेन राज्य तथा विजयपुरको सीमा क्षेत्रभित्रका रहेका हुनाले प्रस्तुत अध्ययनमा विजयपुरको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षको अध्ययनका लागि यो पुस्तक पनि निकै सान्दर्भिक हुने देखिन्छ । किनकि यहाँका विभिन्न धार्मिक स्थलमा प्रचलित परम्पराहरूले विगतको संस्कृतिको निरन्तरताको परिचय दिइरहेका हुन्छन् ।

रमेश श्रेष्ठ, (वि.सं. २०५०)।

रमेश श्रेष्ठद्वारा लेखिएको विजयपुर राज्यको राजनैतिक रूपरेखा शीर्षकको शोध प्रबन्ध इतिहास विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा वि.सं. २०५० सालमा स्नातकोत्तर उपाधिका प्राप्तिका लागि बुझाएको देखिन्छ । यस अप्रकाशित शोध प्रबन्धमा रहेका विभिन्न चारवटा अध्यायमध्ये प्रथम र दोश्रो अध्याय अनुसन्धान पद्धतिसँग तथा अन्तिम चौथो अध्याय निश्कर्ष या शारांशसँग सम्बन्धित रहेकाले यी तिनवटा अध्यायलाई छाडेर बाँकी रहेको एउटा तेश्रो अध्याय भने प्रस्तुत शोधका लागि सान्दर्भिक तथा महत्वपूर्ण छ। यस अध्यायमा विजयपुरको नामकरणका साथमा यहाँको प्राचीन र मध्यकालिक इतिहास छोटकरीमा दिइएको छ । यसका साथमा विजयनारायण र सेन राजाहरूको छोटो इतिहास दिइएको देखिन्छ। वास्तवमा यो शोध प्रबन्ध स्नातकोत्तर तह पुरा गर्ने उद्देश्यका साथमा लेखिएको हुनाले निकै संक्षिप्त छ। तसर्थ यसलाई प्रस्तुत शोधका कममा सामान्य श्रोतका रूपमा मात्र लिइएको छ।

ज्ञानमणि नेपाल, (वि.सं. २०५२)।

ज्ञानमणि नेपालले नेपालका विभिन्न घटनाहरूलाई उजागर गर्दै नेपालको महाभारत नामक ग्रन्थ तयार पारेको देखिन्छ। ऐतिहासिक घटनाहरूको संगालोका रूपमा रहेको यस ग्रन्थमा विभिन्न शीर्षक र तीनका परिशिष्टहरू दिइएका छन्। कूल ३१४ पृष्ठको यस पुस्तकको रानीपर्व भन्ने अंश विजयपुर र सेन राज्यको अध्ययनसँग ज्यादा निकट छ। यस अध्यायमा विजयपुरका रानीहरूले गरेको षडयन्त्रको चिरोफारो गरिएको पाइन्छ।

ज्ञानमणि नेपालले नेपालको महाभारतको रानीपर्वमा चर्चा गरेअनुसार विजयपुरबाट भागेर कम्पनी सरकारको शरणमा पुगेका कर्णसेन कम्पनी सरकारकै सहयोगमा आफ्नो राज्य फिर्ता लिने पक्षमा थिए। उनले विजयपुरमा कम्पनी सरकारलाई कोठी खोल्न दिने योजना पनि बनाएको देखिन्छ। योजनामा के कुरा रहेको देखिन्छ भने १६ आना सिर्तोमध्ये आफूले ६ आनामात्र खाएर बाँकी १० आनासम्म पनि कम्पनी सरकारलाई दिन सकिने योजना यिनको रहेको उल्लेख छ। तर उनी चाँडैनै स्वर्गलोक भएकाले उनको योजना पुरा हुन पाएन भन्ने विचार नेपालको छ। यसैगरी नेपालले यस पुस्तकमा के पनि बताएका छन् भने उनकी विधवा रानीले पनि आफ्नो छोरालाई विजयपुरको राजा बनाउने कोशिस गरिन्। तर ती बालक पनि शीतलाका कारण स्वर्गलोक भएकाले रानीको उक्त योजना पनि असफल रहेको धारणा नेपालको छ।

ज्ञानमणि नेपालले नेपालको महाभारतमा विजयपुरसम्बन्धि विवरण दिने कममा अगाडि के पनि लेखेका छन् भने विजयपुर राज्यबाट विस्थापित स्वर्गिय कर्णसेनकी रानीले आफ्नो नाबालक छोरालाई राजा बनाउने प्रयास पनि असफल भएपछि पुन तिनले पाल्पाली राजकुमार ध्वजबीरलाई

विजयपुरको राजगद्दीमा राख्ने प्रयास गरिन् । यिनका साथमा गोरखालीबाट विजयपुर फिर्ता गराउने प्रयासमा स्वरूपसिंह कार्की नामक भारदार पनि लागि परेका थिए । यता दिनानाथ नामक भारदार भने यस योजनालाई विफल बनाउने प्रयासमा थिए । तर गोरखालीका तर्फबाट यहाँको हालखवर नियमित रूपमा केन्द्रमा पठाउनका लागि सुब्बा योगनारायण विजयपुरमा नै बसेका थिए भने विस्थापित रानीको प्रयासलाई कम्पनी सरकारले पनि वास्ता गरेको थिएन । यता ध्वजवीर सेन भने सेन रानीका पक्षमा थिए भनिएको छ । यस क्रममा रानीसहित ध्वजविर सेनको योजना गोरखालीहरूलाई थाहा भएकाले ध्वजवीर सेनका साथमा करिव १५-१६ जना भारदारहरू विजयपुरमा मारिए र स्वरूप सिंह लगायतका भारदारहरूको योजना पूर्ण रूपमा असफल भयो भनिएको छ । यसै क्रममा स्वरूपसिंहलाई पक्रिएर पाता कसी काठमाडौं लैजान आदेश दिइयो भने विजयपुरलाई पुन स्वतन्त्र गराउने योजना पूर्ण रूपमा असफल भयो भनी नेपालले उल्लेख गरेका छन् । यसरी ज्ञानमणि नेपालको उक्त ग्रन्थ पनि प्रस्तुत अनुसन्धानका लागि सान्दर्भिक र महत्वपूर्ण छ ।

रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, (वि.सं. २०५४) ।

पाण्डे र रेग्मीबाट लिखित नेपालको पौराणिक इतिहास नेपालको इतिहाससँग सम्बन्धित अर्को ग्रन्थ हो, जसले नेपालका विभिन्न स्थलहरूको पौराणिक विवरण प्रस्तुत गरेको छ । रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मीद्वारा लेखिएको उक्त ग्रन्थ नेपाल र एसियाली अनुसन्धान केन्द्रद्वारा वि.सं. २०५४ सालमा प्रकाशित भएको हो । सन्दर्भ ग्रन्थसूचीसमेत १९८ पृष्ठको उक्त ग्रन्थमा बाह्रवटा अध्याय र कैयौं उपशीर्षकहरू छन् । त्यसमा नेपालसम्बन्धी पौराणिक गाथाहरू, नेपालका आदिम निवासीहरू, वैदिकआर्य र देवासुर सङ्ग्राम, मिथिलाको पौराणिक इतिहास, उपत्यकाका पौराणिक गाथाहरू र इतिहास, पौराणिक राजवंश, नदी, आश्रम, तीर्थस्थल र पौराणिक संस्कृतिका बारेमा वर्णन गरिएको देखिन्छ । यसका लागि लेखकद्वयले विभिन्न पुराणहरूको आधार लिएका छन् । पुराणका विषयवस्तु इतिहासको अध्ययनमा प्रयोग गर्दा ज्यादै सावधानी अपनाउनु पर्ने हुन्छ ।

नेपालको पौराणिक इतिहासमा पूर्वको सेन राज्यका बारेमा अलग्गै चर्चा त गरेको पाइएको छैन । तर पनि यहाँका तीर्थस्थलहरूको चर्चा गर्ने क्रममा वराहक्षेत्रसम्बन्धी छोटो विवरण र यहाँका नदीका बारेमा वर्णन गर्ने क्रममा कोशीनदीको उत्पत्तिसम्बन्धी पौराणिककथा छोटकरीमा प्रस्तुत गरिएको दखिन्छ, जुन विवरण प्रस्तुत शोधका लागि केही सान्दर्भिक रूपमा रहेको छ । वास्तवमा यी स्थानहरू विजयपुर राज्य अन्तर्गतका भएकाले यस ग्रन्थमा चर्चा गरिएका उक्त प्रसंग केही हदसम्म सान्दर्भिक मानिएको हो ।

रामनिवास पाण्डे, (सन् १९९७) ।

रामनिवास पाण्डेद्वारा लेखिएको मेकिङ्ग अफ् मोडर्न नेपाल नामक ग्रन्थमा नेपालको इतिहास प्रस्तुत गर्ने क्रममा प्रागैतिहासिक कालदेखि लिएर नेपालको मध्यकालको इतिहास पनि प्रस्तुत गरिएको छ । ८०३ पृष्ठ लामो यो ग्रन्थ विशेष गरी पश्चिम नेपालको इतिहास हो । तर पनि यस ग्रन्थमा पनि सेन राज्यका बारेमा समेत पाण्डेले केही विवरणहरू प्रस्तुत गरेको पाइने हुँदा यसलाई पनि प्रस्तुत अनुसन्धानमा सामान्य श्रोतका रूपमा प्रयोग गरिएको छ ।

राम निवास पाण्डेको मेकिङ्ग अफ् मोडर्न नेपालमा जम्मा चौधवटा अध्यायहरू छन् । यिनमध्ये पहिलो अध्याय पश्चिम नेपालको भूगोल, भूगर्भ र प्रागइतिहासका बारेमा वर्णन गरिएको देखिन्छ । यसैगरी दोश्रो अध्याय पश्चिम नेपालको पुरानो तथा प्रारम्भिक इतिहाससँग सम्बन्धित छ । यसमा पश्चिम नेपालमा विभिन्न जातजातिका मानिसहरूको आगमनका बारेमा चर्चा गरिएको देखिन्छ । सामान्यतया यस भेगमा किराँत, खस, मगर र गुरूंग लगायतका जातजातिको आगमनका बारेमा चर्चा गरिएको देखिन्छ । यसको तेश्रो अध्याय भने कर्णाली प्रदेशको मल्लहरूको इतिहाससँग सम्बन्धित छ । यसमा दुल्लु पिलर अभिलेखदेखि लिएर नागराज र उनका वंशका बारेमा चर्चा गरिएको देखिन्छ । अध्याय चार डोटी र डडेलधुराका रैंकाहरू, अध्याय पाँच जुम्लाका कल्यालहरू र अध्याय छ भने वाइसे राज्यको इतिहाससँग सम्बन्धित छ । यसमा सल्यान, बझाङ्ग, थलारा र जाजरकोट लगायतका पश्चिम नेपालका बाइसे राज्यको इतिहास दिइएको छ ।

मेकिङ्ग अफ् मोडर्न नेपालको अध्याय सात पश्चिम नेपालको एकीकरण अभियानसँग सम्बन्धित इतिहास दिइएको छ । यसमा रणबहादुर शाहको एकीकरण प्रयासका बारेमा चर्चा गर्नुका साथै पश्चिम नेपालको प्रशासन र सामाजिक व्यवस्थाका बारेमा पनि सामान्य रूपमा विश्लेषण गरिएको देखिन्छ । यता यस पुस्तकको अध्याय आठ भने पश्चिम नेपालको प्रशासनसँग सम्बन्धित रहेको देखिन्छ । यसमा राजा, राजकुमार, गाउँ र शहर आदिको प्रशासनका बारेमा विस्तृत वर्णन परेको छ । यसैगरी अध्याय नौभने यस भेगको आर्थिक पक्षसँग सम्बन्धित छ । यसमा कृषि, पशुपालन र उद्योगधन्धाका साथमा अन्य प्रकारका व्यवसायका बारेमा प्रकाश पारिएको देखिन्छ । यसको दसौं अध्यायमा पश्चिम नेपालको सामाजिक जिवनका बारेमा विस्तृत रूपमा व्याख्याविश्लेषण गर्नुका साथै त्यहाँ मनाउने चाडवाड, लुगाफाटा, खाना र शिक्षा लगायतका विषयवस्तुका बारेमा चर्चा गरिएको छ ।

पश्चिम नेपालको धार्मिक जीवनको चर्चा मेकिंग अफ् मोडर्न नेपालको अध्याय एघारमा दिइएको देखिन्छ । यस भेगमा बसोवास गर्ने मानिसहरूका धार्मिक विश्वासका साथमा विभिन्न धार्मिक मतहरूका बारेमा पनि यस अध्यायमा चर्चा गरिएको देखिन्छ । अध्याय बाह्र वास्तुकला र

तेह्रभने कलासँग सम्बन्धित छ । यसैगरी अन्तिम तथा चौधौं अध्याय भने निश्कर्ष र सारांशका रूपमा रहेको छ । यसरी मेकिंग अफ् मोडर्न नेपालले नेपालको पश्चिमी भागको इतिहास प्रस्तुत गरेको छ । यसमा पूर्वी नेपालको विजयपुरका बारेमा बेग्लै रूपमा चर्चा गरिएको नपाइने भए पनि नेपालको क्षेत्रीय इतिहासका रूपमा यो ग्रन्थ रहेको हुनाले यसलाई पनि सामान्य सन्दर्भ ग्रन्थका रूपमा प्रयोग गरिएको छ ।

रघुनाथ अधिकारी, (वि. सं. २०५४) ।

नेकपा एमाले मोरङ काठमाडौं सम्पर्क मञ्चबाट वि.सं. २०५४ सालमा मोरङ एक परिचय नामक ग्रन्थ प्रकाशित भएको देखिन्छ, जसमा विभिन्न ४२ वटा शीर्षकहशरू रहेका छन् । यसमा समाविष्ट विभिन्न लेखहरूमध्ये सातौं अध्यायको पेशल दाहालले लेखेको मोरङको ऐतिहासिक रूपरेखा शीर्षकको लेख भने प्रस्तुत अनुसन्धानका लागि ज्यादा सान्दर्भिक र उपयोगी छ । यसमा दाहालले मोरङको इतिहासका बारेमा चर्चा गर्दा मोरङको नामकरणका बारेमा उल्लेख गर्नुभएको देखिन्छ । उनका रायमा अघि यस स्थानमा मोरहाङ नामक किरात शासकले शासन गरेको हुनाले यसलाई कालान्तरमा मोरङ भनिएको हो । वास्तवमा तत्काल मोरङ र विजयपुर एउटै भएकाले यो सन्दर्भ प्रस्तुत शोधका लागि सान्दर्भिक छ ।

दाहालले मोरङको ऐतिहासिक रूपरेखा प्रस्तुत गर्ने क्रममा मोरङ विजयपुरको प्राचीन र मध्यकालको इतिहास दिदै सेनहरूको राज्य स्थापनाका बारेमा पनि सामान्य रूपमा चर्चा गरेको देखिन्छ । उनले मोरङ विजयपुरमा सदासर्वदा राजा र मन्त्रीका बीचमा झैझगडा हुने गरेको तथा त्यसैको फाइदा उठाउँदै एकपटक सन् १७६९ मा सिक्किमे राजा नग्याल फुञ्चोले विजयपुरमा पनि अधिकार जमाएको तथा उनको अधिकार यहाँ दिगो नभएको विवरण छ (पृ. ३४) । यसैगरी दाहालले सेन राजा र किरात मन्त्रीका बीचमा बारम्बार झैझगडा र किचलो भएको विवरण प्रस्तुत गर्दै यसले सेनराज्यको पतनमा सहयोग गरेको उल्लेख गरेका छन् । तसर्थ प्रस्तुत पुस्तक पनि विजयपुर राज्य र सेन राज्यको अध्ययन गर्ने क्रममा सामान्य स्रोतका रूपमा रहेको छ ।

ज्ञानमणि नेपाल, (वि.सं. २०५५) ।

ज्ञानमणि नेपालद्वारा लेखिएको तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपालनिरूपण नामक ग्रन्थ पनि अन्य विभिन्न सांस्कृतिक विषयवस्तुका साथमा नेपालको इतिहाससँग सम्बन्धित छ । ४४१ पृष्ठको यस पुस्तकका विभिन्न अध्यायमा अनेक विषयवस्तुका बारेमा निरूपण गर्ने प्रयास गरिएको देखिन्छ । यसमध्ये माझ किरातको संक्षिप्त सिंहावलोकन शीर्षकको लेख भने प्रस्तुत अनुसन्धानका लागि ज्यादा सान्दर्भिक र महत्वपूर्ण छ । यसमा सर्वप्रथम नेपालले यस भेगको पौराणिक प्रसंग प्रस्तुत गर्दै पल्लो किरात र वल्लो किरातको

अवस्था स्पष्ट पार्नु भएको छ । यसमा नेपालले विजयपुर राज्यको सिमाना वताउने क्रममा यो मधेशमा कमला र पहाडमा दूधकोशीसम्म फैलिएको बताएका छन् । त्यस्तै नेपालले किरात प्रदेशको महिमाका बारेमा संक्षेपमा वर्णन गरेको पाइन्छ (पृ. २९४) । नेपालको विस्तारमा मल्ल र सेन राजाहरूले बैदिक ब्राह्मण वर्गलाई धक फुकाएर वितर्ा दिने हुँदा तिनीहरू किरात प्रदेशमा समेत प्रशस्तै वितर्ा पाई आनन्दले बसेका थिए (पृ. २९५) । यस भेगमा सिपाहीहरूलाई पनि जागिरका रूपमा जग्गा जमिन प्रशस्तै दिने चलन थियो । यसै कारणले कर्णालीदेखि पूर्वमा मेचीसम्म खस ब्राह्मणहरू पुगेको उल्लेख पाइन्छ । यता किरात प्रदेशमा राई लिम्बू भने किपट प्रथा चलाउँथे भनिएको छ ।

ज्ञानमणि नेपालले मध्य किराँत प्रदेशका सामाजिक, आर्थिक र राजनैतिक अवस्थाका बारेमा पनि राम्रोसंग उल्लेख गरेको देखिन्छ । रङ बनाउने, कृषि उत्पादन गर्ने, कपास खेती गरी धागो काटेर खाँडीको कपडा बुन्ने, खानी खनेर टक्सार चलाउने आदि विविध आर्थिक कृयाकलापमा माझ किरात ज्यादै अगाडि रहेको धारणा नेपालको रहेको छ । यसमा तत्काल किरातप्रदेश आत्मनिर्भर नै रहेको तथा कतिपय अवस्थामा त यहाँ उत्पादित वस्तुहरू काठमाडौं उपत्यकासम्म निर्यात गर्ने चलन रहेको विवरण नेपालले यस प्रसंगमा दिएको पाइन्छ । यसरी प्रस्तुत अनुसन्धानका क्रममा यो पुस्तक पनि निकै उपयोगी सावित भएको छ ।

एफ्बी ह्यामिल्टन् (सन् १९९७) ।

विजयपुरको इतिहासका बारेमा सामान्य रूपमा जानकारी दिने एउटा ग्रन्थ फ्रयान्चिज बुखानन् ह्यामिल्टनद्वारा लिखित एन् एकाउन्ट अफ् द किंगडोम अफ् नेपाल एन्ड अफ् द टेरीटोरीज एनक्स्ड टु दिस डोमिनियन बाइ द हाउस अफ् गोरखा पनि हो । जम्मा ३६४ पृष्ठ भएको उक्त पुस्तक विजयपुर र सेन राज्यको बारेमा अध्ययन गर्नका लागि केही सान्दर्भिक पनि छ । तसर्थ यहाँ यसको समीक्षा गरिएको छ । प्रथमपटक सन् १८१९ मा प्रकाशित र सन् १९९७ मा एशियन पब्लिसिंग सेन्टर नयाँ दिल्लीबाट पुनर्मुद्रण गरिएको उक्त ग्रन्थमा ह्यामिल्टनले नेपालको भ्रमण गर्दा देखेका, सुनेका र भोगेका विवरणहरूको उल्लेख गरेका छन् । दुईवटा खण्ड भएको उक्त ग्रन्थको प्रथम खण्डमा तीनवटा अध्यायहरू छन्, जसमध्ये पहिलो अध्यायमा उनले यहाँका जनजातिहरू, दोस्रोमा हावापानी, जीवजन्तु र भौगोलिक अवस्था तथा तेस्रोमा कानुन र सरकारका बारेमा चर्चा गरेको देखिन्छ । यस ग्रन्थको दोस्रो खण्डमा चाहिं दुईवटामात्र अध्याय र उपशीर्षकहरू दिइएका छन्, जसको पहिलो अध्याय चारवटा उपभागहरूमा वर्गिकृत छ । त्यसका प्रथमदेखि चौथो उपभागसम्म क्रमशः सिक्किम राज्य, सेन राज्य, मुख्य नेपाल र चौविसे तथा

बाइसे राज्यका बारेमा चर्चा गरिएको पाइन्छ । उक्त खण्डको दोस्रो अध्यायचाहिं कुमाउँ र गढवालसँग सम्बन्धित छ ।

ह्यामिल्टनको उक्त पुस्तकको दोस्रो खण्डको पहिलो अध्यायअन्तर्गतको दोस्रो उपभागमा वर्णित सेनराज्यको विवरण प्रस्तुत शोधका लागि ज्यादा सान्दर्भिक छ । यस प्रसङ्गमा ह्यामिल्टनले सेन राज्यको स्थापना र लोहाङसेनको राज्य विस्तारसम्बन्धी छोटो विवरण दिएका छन् र त्यसपछि विजयनारायणका बारेमा चर्चा गर्दै उनको बंशावली केलाउने प्रयास गरेको देखिन्छ । उनले विजयपुरका शासक विजयनारायणलाई आसाम तिरबाट नेपाल आएका बताउँदै उनको बंशावलीको सूक्ष्मतम् विश्लेषण गर्ने प्रयास गरेका छन् (पृ. १३२) । संभवत विजयपुरका बारेमा चर्चा गर्ने इतिहासको पहिलो ग्रन्थ पनि ह्यामिल्टनको यही ग्रन्थ हुन सक्तछ । ह्यामिल्टनले संकेत गरेअनुसार वर्तमानको सुनसरी जिल्लाको सम्पूर्ण भूभाग, ईलाम, पाँचथर, घनकुटा र मोरङसमेत तत्काल मोरङराज्यमा पर्दथे । वर्तमानको झापा, भारतको विहार राज्यमा पर्ने ठूलो भूभाग र पूर्वी नेपालको पहाडी भाग पनि यस राज्यभित्र थिए । तसर्थ तत्काल मोरङ निकै ठूलो राज्यका रूपमा रहेको देखिन्छ । तत्काल विजयपुर मोरङको राजधानीमात्र थियो, अलग्गै राज्य भने थिएन ।

मोरङ राज्यको स्थापना हुनुभन्दा केही वर्ष अगाडि विजयपुर एकपटक हाङवंशी लिम्बूहरूको राज्यभित्र पनि गाभिएको थियो । तत्काल हाङलिम्बूहरूले फेदाप राज्यको विकास गरेका थिए । उनीहरूको फेदाप राज्यको सिमानाभने उत्तरमा तिब्बत, पश्चिममा अरूण, दक्षिणमा फारबिसगञ्ज र पूर्वमा मेची नदीसम्म फैलिएको उल्लेख पाइन्छ । अर्को एक विवरणमा मोरङ राज्यको नामकरण र यसको स्थापनाका बारेमा चर्चा पाइन्छ । त्यसमा पाइने विवरण अनुसार सेनवंशी मुङ्मावरोङको नेतृत्वमा नेपालको पूर्वी तराई फँडानी गरी बस्ती बसाइएकाले उनका नाममा यस क्षेत्रलाई मुङ्मावरोङ, मावरोंग र पछि मोरङ भनिएको हो । तर सेन वंशका यस्ता नाम गरेका राजाहरूको उल्लेख इतिहासका पानामा कतै पनि पाइएको छैन । यसै गरी यस भेगको नाम सेनहरूले मोरङ राखेको चर्चा पनि पाइने गर्दछ । तर यस्तो नाम सेनहरूको भन्दा पनि कुनै किराँती या पूर्वी तराईका पुराना वासिन्दाहरूको हुनसक्ने देखिन्छ ।

मोरङ राज्यको स्थापना भएपछि यसको राजधानी विजयपुरलाई बनाइएको थियो भने पछि गएर यो राज्य विजयपुरका नामले नै चिनिन लाग्यो । विजयपुर राज्यको नामकरणका सम्बन्धमा पनि अनेकन तर्कहरू पाइन्छन्, जसमा एउटा तर्कअनुसार विजयनारायणका नामबाट यस राज्यको नामकरण भएको मानिएको छ । ह्यमिल्टनले विजयनारायणलाई कामरूप तिरबाट आएका कोच शासक थिए भनेका छन् (पृ. १३३) । विजयपुरमा विजयनारायणले शासनको सुरूवात गरेको घटनाका बारेमा ह्यामिल्टनले के पनि बताएका छन् भने विजयनारायणले तराईको मोरङराज्यमा

शासन गरे भने हाङवंशी खेवाङका छोरा सिंहरायले त्यस बेला उत्तरको पहाडी भागमा राज्य गर्न लागे (उही) । यसबाट जुन समयमा विजयपुर राज्य वर्तमान नेपालको पूर्वी तराईको ठूलो भूमिमा विस्तारित थियो, त्यस समयमा पर्वतीय क्षेत्रमा हाङवंशी शासकहरू राज्य गर्दथे ।

ह्यामिल्टनले चर्चा गरेअनुसार विजयनारायण पछि विजयपुरमा सेनहरूले शासन गरेको देखिन्छ । तर यी सेनहरू कसरी विजयपुरमा शासन गर्न आए भन्ने सम्बन्धमा चाहिं विवाद रहेको छ । एउटा विवरणअनुसार झगडाका कारणले मोरङ उत्तर पर्वतका हाङ शासकहरूले मकवानपुरे सेनहरूलाई गुहारेर विजयपुरमा आक्रमण गराई सेनहरूको शासन स्थापित गरेभने अर्को विवरणअनुसार विजयनारायणको मृत्यू कालगतिले हुँदा उनी निसन्तान रहेकाले विजयपुर लोहाङसेनको हात परेको थियो । यसरी जे भएको भए पनि विजयपुरमा विजयनारायण पछिचाहिं मकवानपुरे सेन राजाहरूको अधिपत्य रहेको बुझिन्छ । सेनहरूले विजयपुरमा शासन गर्न लागेपछि उनीहरूले चौतारियाचाहिं पर्वतीय हाङवंशी व्यक्तिहरूलाई नियुक्त गरेका थिए । यी चौताराहरू किराती थिए । विजयपुरमा लोहाङसेनको शासनकालमा पानोहाङ खेवाङनामक व्यक्ति चौतारियाका रूपमा नियुक्त भएका देखिन्छन् ।

ह्यामिल्टन विजयपुर राज्यको इतिहास चर्चा गर्ने क्रममा के पनि बताउँछन् भने पूर्वी विजय अभियानका क्रममा लोहाङसेनले सेनराज्यको सिमाना पूर्वमा टिष्टा, उत्तरमा भोट र दक्षिणमा पूर्णियासम्म पुऱ्याएका थिए (पृ. १३६) । मकवानपुर राज्य टुक्रिएर मुकुन्द सेनका छोराहरूमा भाइभाइमा भागबण्डा हुने क्रममा लोहाङसेनले उनैले विजय गरेको मोरङ विजयपुर भेगलाई नै भागमा पाए । यसरी मकवानपुरको पूर्वतिर अलग्गै विजयपुर नामक सेन राज्यको उदय हुन पुग्यो । तर प्रारम्भमा यो अलग्ग राज्य भए पनि सेनहरू यता वस्न रूचाएनन् । उनीहरूले शासनको सम्पूर्ण अधिकार स्थानीय भारदार किरातीहरूलाई दिएर मकवानपुर तिरै बस्ने गर्दथे । यसबाट यस भेगका किराती भारदारहरू निकै शक्तिशाली रहने गरेको बुझ्न सकिन्छ ।

मोरङ भेगका पहिला मकवानपुरे सेन राजा लोहाङसेनका राघवसेन र भगवन्तसेन नामक दुईजना छोराहरू थिए । उनीहरूले पनि विजयपुरभेगमा नवसी जगमोहनलाई कामकाज चलाउन लगाएर मकवानपुरतिरै बस्ने र त्यतैबाट यस क्षेत्रको शासन गर्ने गरेका थिए । यसै क्रममा लोहाङसेनको मृत्यू हुनासाथ एकपटक उपत्यकाका शासक शिवसिंह मल्लले मोरङको पहाडसम्म प्रभाव जमाएको कुरा पार्थिवेन्द्र मल्लको एउटा अभिलेखबाट थाहा पाउन सकिन्छ । तर उनको यो प्रभाव यस भेगमा दिगो रहन सकेन । तत्काल यहाँका स्थानीय किरात शासकहरूले त्यसलाई निस्तेज पारेको अनुमान छ । त्यसपछि पुन लोहाङसेनका नाति तथा राघवसेनका छोरा हरिहरसेनले राज्य विस्तार गर्ने क्रमलाई अगाडि बढाए । उनले आफ्नो राज्य गोन्डाबारासम्म

फैलाएर हिन्दूपति उपाधि लिएका थिए भन्ने उल्लेख पाइन्छ । पछि यिनका छोराहरूका बीचमा ठूलो झगडा भएको बुझिन्छ । झगडा मिलाउने क्रममा कोशीपारी हरिहरसेनका छोरा शुभसेन र कोशीवारी विजयपुर भेगमा उनका नाति इन्द्रविधाता सेन राजा हुन पुगेका देखिन्छन् (पृ. १३८) । यसरी पूर्वी भागको सेन राज्य मोरङ पनि टुक्रिएर विजयपुर र चौदण्डी राज्यहरू बन्न पुगे । त्यसपछि मोरङका वदलामा पूर्वी सेन राज्यलाई विजयपुर भन्न लागिएको पाइन्छ ।

विजयपुरका शासक बनेका बखत इन्द्रविधाता सेन नाबालक भएकाले उनको रेखदेख शुभसेनले नै गरेका थिए । तर त्यसको केही समयपछि शुभसेन र उनका मन्त्री तनहूँका प्रध्युम्न उपाध्यायका बीचमा मतभेद उत्पन्न भएकाले प्रद्युम्न उपाध्यायले पूर्णियाका नबाब इस्फुन्दियार खानसँग मिलेर षडयन्त्र गरी शुभसेनलाई पक्रिएर दिल्लीका नबाब मोहम्मद अजिजसमक्ष बुझाए भन्ने उल्लेख ह्यामिल्टनले गरेका छन् । उनका अनुसार त्यस बेलासम्म सुभसेनका भतिजा इन्द्रविधाता सेन जवान भइसकेकाले उनले आफ्नो काकालाई मुस्लिमबाट छुटाएर ल्याएका थिए (पृ. १३८) । ह्यामिल्टनको विवरणमा नै के पनि भनिएको छ भने पछि पुन उनका मन्त्री कालु उपाध्यायले मनमुटाबका कारणले नै यी काकाभतिजा दुवैलाई पक्रिएर दिल्लीका नबाबसमक्ष सुम्पन पुगे । यसरी आपसी कलहका कारण सेनराज्य कम्जोर हुँदै गयो र सेनराज्यको दक्षिणी समथर ठूलो भूभाग नबाबहरूले आफ्नो अधिनमा लिन पुगे । पछि शुभसेनका अर्का मन्त्री प्रबोध दासले शुभसेनका छोराहरू महिपतिसेन र माणिकसेनलाई लिएर किराँतहरूसँग सहयोग मागी नबाबलाई यस क्षेत्रबाट लखेटेका थिए भन्ने विवरण ह्यामिल्टनको छ (पृ. १३९) ।

ह्यामिल्टनको नेपालको इतिहाससम्बन्धी प्रस्तुत पुस्तकमा लोहाङसेनको पूर्वी नेपालको विजय अभियानका बारेमा पनि छोटकरीमा वर्णन गरेको देखिन्छ । त्यसपछि वराहक्षेत्रका पुजारी नियुक्तिसम्बन्धी विवरण दिदै सेनकालमा गङ्गाधरनामक एकजना महन्तलाई वराहक्षेत्रका पुजारी नियुक्ति गरिएको उल्लेख पाइन्छ । यसबाट तत्काल उक्त मठका महन्त र पुजारी एकैजना व्यक्ति रहने गरेको कुरा स्पष्ट हुन्छ । ह्यामिल्टनले लोहाङसेनका उत्तराधिकारीका बारेमा चर्चा गर्ने क्रममा भने एक स्थानमा शुभसेनको प्रसङ्गमा पुन वराहक्षेत्रको नामोल्लेख गरेका छन् । उनको दोस्रो विवरणमा शुभसेनले जगमोहनका उत्तराधिकारी गङ्गाधरलाई वराहक्षेत्रका पुजारीका रूपमा नियुक्ति गरी पठाएको उल्लेख छ । ह्यामिल्टनको विवरणमा विजयपुर राज्यको इतिहास दिने क्रममा नै वराहक्षेत्रको एउटा पुरानो परम्पराका बारेमा पनि विवरण दिइएको छ, जसमा मानिसहरूले यस भेगमा जिउँदै समाधिस्थ हुने प्रसंग पाइन्छ । तत्कालको धार्मिक जमानामा तीर्थस्थलमा प्राण त्याग गर्ने मानिसले मोक्ष पाउने धार्मिक विश्वासका बारेमा ह्यामिल्टनले सुनेको हुनाले यस्तो प्रसंग दिइएको हुन सक्ने देखिन्छ । उनको प्रसङ्गअनुसार पुजारीका रूपमा नियुक्ति भएका गङ्गाधर नामक व्यक्ति वराहक्षेत्रमा समाधिस्थ भएका थिए ।

ह्यामिल्टनको विवरणअनुसार शुभसेनको समयतिर वराहक्षेत्रका महन्त निक्कै शक्तिशाली हुने गर्दथे । तिनीहरूले थुप्रै जमिन विर्ता पाएका थिए र चतरा गोलामार्फत केही रकम अनुदान पनि पाउने गर्दथे । यसबाट महन्तहरू निकै धनी हुन्थे । त्यस समयमा त्यहाँका महन्तलाई चतरागोलाबाट प्रतिवर्ष १५०० रूपैयाँ अनुदान प्रत्यक्ष रूपमा प्रदान गर्ने चलन थियो । यसरी यस भेगका स्थानीय महन्तहरू धनी र शक्तिशाली हुनुका साथै भारदारका रूपमा रहने गर्दथे भन्ने विवरण ह्यामिल्टनको छ ।

ह्यामिल्टन विजयपुरका बारेमा वर्णन गर्ने क्रममा के भन्दछन् भने जुन समयमा कोशी पूर्वको पहाडी भागमा किरातहरूले स्वतन्त्र रूपमा शासन गरिरहेका थिए, त्यसबेला मोरङको तराईमा भने विजयनारायण शासन गर्दथे । उनको विवरण अनुसार विजयनारायणले विजयपुरको उत्तरतिर पर्ने पहाडी भागका राजा खेवाङका छोरा सिंह रायलाई आफ्नो प्रशासनिक सेवामा भर्ति गरेका थिए । ती किरात हांग वंशका थिए । ह्यामिल्टनको लेखाईमा विजयनारायणले विजयपुर राज्यको स्थापना गरे र विजयभारतीको उपाधि लिए । त्यही बेला ती भारदारले एक जना हिन्दू महिलालाई अपव्यवहार गरेको निहुमा ती भारदारलाई विजयनारायणले मारिदिए । यसमा ह्यामिल्टन के पनि लेख्तछन् भने ती किरातीका छोरा बाजु राय आफ्ना बाबूलाई विजयनारायणले मारेकोमा त्यसको बदला लिनका लागि मकवानपुरमा गए र सेनहरूको सेवा गर्न लागेछन् । ह्यामिल्टनको विचारमा पछि यिनै किरातीले मकवानपुरका सेनहरूलाई सघाएर विजयपुरमा आक्रमण गर्न लगाई विजयनारायणलाई राज्यच्यूत गराएको तथा उनको राज्य सेनहरूलाई दिलाएको देखिन्छ (पृ. १३३) ।

ह्यामिल्टनले विजयपुर राज्यको चर्चा गर्ने क्रममा के बताएका छन् भने लोहाङ्ग सेन पूर्वतर्फ विजय अभियानमा लाग्दा मकवानपुरबाट हिंडेर सर्वप्रथम अश्वाराका मगर प्रमुखहरूलाई हराउँदै अनिवार ब्राह्मणहरू बस्ने उपत्यकामा पुगेका थिए । त्यसपछि महोत्तरी पुगेर मोहन ठाकुरको किल्ला सखाप पारेका थिए । यसै क्रममा उनी के पनि भन्दछन् भने पूर्वी विजय अभियानका क्रममा उनले पूर्णिया भेगका विभिन्न जमिन्दारहरूलाई खतम पार्दै हिंडेका थिए । यसै युद्धमा किरात प्रदेशबाट मकवानपुर पुगेको किराती मुखिया बाजु पनि युद्धमा मारिएको उल्लेख पाइन्छ । ह्यामिल्टनको भनाईमा बाजुहाङ्ग मारिएपछि उसको उत्तराधिकारी भने विद्याचन्द्र बन्न पुगे ।

लोहाङ्ग सेनले सेन राज्यलाई पूर्वमा महानन्दा नदी, उत्तरमा भोट र दक्षिणमा पूर्णियासम्म विस्तार गरेको कुरा ह्यामिल्टनले लेखेका छन् । यता उनको पश्चिमी सिमाना भने पाल्पा राज्य रहेको मान्यता छ । उनले दक्षिणमा पूर्णिया छेउको जलालगढसम्म पनि आफ्ना सीमा विस्तार

गरेको विवरण यिनले दिएका छन् । लोहाङ्ग सेनका राघवसेन र भवगान्त सेन गरी दुईजना छोराहरू थिए । यता विजयपुर भेगका प्रख्यात सेन शासक हरिहर सेन भने लोहाङ्गसेनका नाति तथा राघवसेनका छोरा थिए । यी हरिहरसेनले गोण्डावारा सम्म यस भेगको सिमाना फैलाएर ठूलो राज्यको राजा भएको भन्दै हिन्दूपतिको उपाधि लिएका थिए । हरिहर सेनका छोरा शुभसेनले भने मकवानपुरको शासनाधिकार पाएको देखिन्छ ।

नेपालको दक्षिणतिर तराई, चुरे र भाबर प्रदेशमा शासन गर्ने सेनहरूमा मध्यकालको अन्त्यतिर मकवानपुरको शासनाधिकार पाएका शुभसेनका महिपति र मणिक सेन गरी जम्मा दुई भाई छोराहरू रहेको कुरा ह्यामिल्टनले उल्लेख गरेका छन् । यसमा महिपति सेनलाई कमला पूर्वको राजाका रूपमा विद्याचन्द्र रायले बोलाएको बताइन्छ । तर मणिकसेनलाई भने कमला पश्चिमको सानो भूभागको राजा बनाइएको देखिन्छ । यिनले लामो समयसम्म शासन गरेपछि जीवनको अन्त्यतिर शासनाधिकार छोरा कामदत्त सेनलाई छाडेका थिए । यता कामदत्तको विचार पनि भारदार विचित्र राईसँग मिल्न सकेन । जसले गर्दा कामदत्त ल्हासातिर भाग्न पुगे । त्यसपछि भने जगतसेनलाई राजगद्दीमा राखिएको चर्चा ह्यामिल्टनले गरेका छन् । त्यसमा कामदत्त सेनलाई विजयपुरको राजा बनाइयो भनिएको छ । विचित्र राय मरेपछि बुद्धिकर्ण राय विजयपुरका भारदार बनेका थिए । तर यिनीसँग पनि कामदत्तसेनको राम्रो सम्बन्ध रहन सकेन । यसले गर्दा बुद्धिकर्ण रायले विजयपुरको राजगद्दीमा कर्णसेनलाई राखे भनिएको छ । यिनै कर्णसेन विजयपुरका अन्तिम सेन राजा भएको विवरण ह्यामिल्टनले दिएका छन् ।

वास्तबमा ह्यामिल्टनले नेपालको भौगोलिक विकटता, बाटोघाटो, हावापानी तथा वनस्पतिका बारेमा देखेका र सुनेका विवरण दिने क्रममा विजयपुरको छोटो इतिहास पनि प्रस्तुत गरेका थिए । उनले सहयोगीहरूले भनेको कुरालाई पनि इतिहासको स्रोतका रूपमा प्रयोग गरेका छन् । उनको उक्त पुस्तक उचित रूपमा वैज्ञानिक ढंगले सामग्री सङ्कलन गरी तयार पारिएको त देखिदैन । तर पनि विजयपुर राज्यका बारेमा लेखिएको पहिलो ग्रन्थ भएकाले उनको यस पुस्तकलाई महत्वपूर्ण सामाग्रीका रूपमा लिने गरिएको छ । यस भेगको इतिहासका अन्य ग्रन्थभन्दा ज्यादा पुरानो भएकाले पनि यसलाई प्रस्तुत शोधका लागि महत्वपूर्ण स्रोतसामग्रीका रूपमा मात्र प्रयोग गरिएको हो ।

सोमप्रसाद खतिवडा, (सन् १९९८) ।

सोमप्रसाद खतिवडाको “नेपालका वराहमूर्तिहरू एक अध्ययन” शीर्षकको लेख पनि प्रस्तुत अनुसन्धानका लागि निकै सान्दर्भिक छ । उक्त लेखमा नेपालका वराह विष्णुका मूर्तिहरूको सर्भेक्षण गर्ने क्रममा वराहक्षेत्रका केही वराहमूर्तिका बारेमा चर्चा गरिएको छ । त्यस लेखमा

पश्चिम नेपालका विभिन्न स्थानका र काठमाडौं उपत्यकामा पाइएका दुईवटा वराहविष्णुका मूर्तिका साथै वराहक्षेत्रका वराहविष्णुका मूर्तिका बारेमा पनि चर्चा गरिएको छ । यसमा पनि गुरूवराहको मन्दिरभित्रको वराहविष्णुको मूर्तिलाई नै महत्व दिइएको देखिन्छ । यसमा विजयपुरको राजनैतिक इतिहासका बारेमा खासै चर्चा गरिएको देखिदैन । तर पनि प्रस्तुत लेख पूर्वी नेपालको विजयपुर अन्तर्गत पर्ने क्षेत्रसँग सम्बन्धित रहेकाले यसको विशेष महत्व रहेको हो ।

विजयपुरका बारेमा अनुसन्धान गर्ने क्रममा सनत कुमार बरालले पिण्डेश्वर बाबाधामका पवित्र परम्पराहरूका बारेमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट विद्यावारिधि समेत गरेको पाइएको छ । तर उनले विजयपुरको एउटा मठ या मन्दिरका बारेमा अनुसन्धान गरेका हुनाले विजयपुरको इतिहासलाई भने खासै महत्व दिएको पाइएको छैन । तसर्थ उनको यस अध्ययनलाई प्रस्तुत अनुसन्धानमा सामान्य स्रोतका रूपमा मात्र लिन सकिन्छ । यसैगरी विजयपुर भेगका विभिन्न मठमन्दिर, भग्नावशेष र अन्य ऐतिहासिक तथा सांस्कृतिक विषयवस्तुलाई आधार मानेर विभिन्न प्रकारका लेखरचनाहरू मात्र लेखिएका होइनन् कि स्नातकोत्तर तहका केही शोध प्रवन्धहरू पनि तयार भएका छन् । देशका विभिन्न विश्वविद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले तयार पारेका त्यस्ता शोधप्रबन्धहरूमा पनि यस भेगको इतिहासका केही पक्षहरू प्रकाशमा आएका छन् । अध्ययन अनुसन्धानका क्रममा त्यस्ता सवै प्रकारका शोधकार्य र कार्यपत्रहरूको यथासक्य खोजी र अध्ययन गरी प्रस्तुत अध्ययनमा प्रयोग गर्ने कार्य गरिएको छ ।

विष्णुप्रसाद घिमिरे, (वि.सं. २०५६) ।

विष्णुप्रसाद घिमिरेले लेख्नुभएको पाल्पा राज्यको इतिहास भाग दुईमा विजयपुरका बारेमा सामान्य चर्चा गरिएको छ । चितवन अध्ययन केन्द्रद्वारा वि.सं. २०५६ सालमा प्रकाशित उक्त ग्रन्थ पादटिप्पणी, सन्दर्भग्रन्थसूची र परिशिष्टसमेत २२६ पृष्ठको छ । यस ग्रन्थमा जम्मा छवटा अध्यायहरू छन् । उक्त ग्रन्थमा पाल्पाराज्यको पूर्व तर्फको विस्तारसम्बन्धी विवरण पनि दिइएको छ । उक्त ग्रन्थ राजनैतिक इतिहास भएकाले सेनकालको विजयपुरको इतिहास अध्ययनका लागि निकै उपयोगी छ । यसमा विजयपुरको इतिहास छोटकरीमा प्रस्तुत गरिएको देखिन्छ । वास्तवमा घिमिरेका पाल्पा राज्यको इतिहास सेनवंशी राजाहरूकै इतिहास हो । तर पनि घिमिरेले यसमा विजयपुर राज्यलाई भने त्यति महत्व दिएको पाइएको छैन ।

पाल्पा राज्यको इतिहास नामक पुस्तकको तेश्रो अध्यायमा पाल्पादेखि विजयपुरसम्म शीर्षकमा विजयपुरको इतिहास पनि संक्षेपमा प्रस्तुत गरिएको छ । यसैगरी यस ग्रन्थको अध्याय पाँचमा सेनराज्यका विभिन्न स्थानहरूको परिचय गराउने क्रममा विजयपुर भेगमा पर्ने केही स्थानहरूका बारेमा वर्णन गरिएको देखिन्छ (पृ. १०८) । यसमा घिमिरेले करिव ६ पृष्ठजतिमात्र

विजयपुरका बारेमा चर्चा गरेको देखिन्छ । उनले यसमा ह्यामिल्टन र बाबुराम आचार्यको प्रसंग दिदै विजयपुरको इतिहास प्रस्तुत गरेका छन् । उनले विजयपुर भेगमा शासन गर्ने सेन राजको नाम दिने क्रममा विधाता इन्द्रसेन, मान्धाता सेन, कामदत्त सेन र कर्णसेनको नामोल्लेख गरेका छन् । घिमिरेले यस ग्रन्थमा विजयपुरका बारेमा अलग्गै विस्तृत वर्णन भने गरेको पाइएको छैन । सेन राज्यमा रहेका केही धार्मिक स्थल र मठमन्दिरहरूका बारेमा पनि घिमिरेले प्रस्तुत ग्रन्थमा छोटो विवरण दिएको देखिन्छ । तसर्थ घिमिरेको उक्त पुस्तक पनि महत्वपूर्ण द्वितीयक या सहायक स्रोतका रूपमा रहेको छ ।

हरिकृष्ण शाक्य र राजेश्वर निरौला, (वि.सं. २०५६) ।

हरिकृष्ण शाक्य र राजेश्वर निरौलाले विश्वविद्यालय अनुदान आयोगबाट लघु अनुसन्धान परियोजना अन्तरगत विजयपुर राज्यको इतिहास शीर्षकको अनुसन्धान कार्य सम्पन्न गरेको देखिन्छ । उक्त लघुअनुसन्धान कार्यमा विजयपुर राज्यको इतिहास छोटकरीमा प्रस्तुत गरेको देखिन्छ । ५४ पृष्ठ लामो यस प्रतिवेदनमा उपसंहार र परिशिष्ट त्यस बाहेकका पृष्ठहरूमा समेटिएको छ, जुन प्रतिवेदनमा विजयपुरको इतिहास प्राचीन कालदेखि आधुनिक कालसम्मको प्रस्तुत गर्ने जमर्को गरिएको देखिन्छ । निकै छोटो गरी इतिहास प्रस्तुत गरिएको यो प्रतिवेदनलाई प्रस्तुत अध्ययनका क्रममा सामान्य स्रोतका रूपमा लिइएको छ ।

स्वामी प्रपन्नाचार्य, (वि.सं. २०५७) ।

कूल ६५३ पृष्ठको प्राचीन किरात इतिहास नामक ग्रन्थमा स्वामी प्रपन्नाचार्यले किरातीहरूको इतिहास केलाउने कार्य गरेका छन् । विभिन्न धर्मशास्त्रहरूमा वर्णन भएको किरातसम्बन्धी विवरणलाई केलाएर यसलाई प्राचीन जातिका रूपमा प्रस्तुत गरेको देखिन्छ । यहाँ उनले मंगोलियन र किरात एकै हुन् भन्ने कुराको खण्डन गरेको देखिन्छ । यसरी किरातको सेरोफेरो र संस्कृतिका बारेमा चर्चा गरिएको यो ग्रन्थमा सेन शासकहरुका बारेमा अदग्गै चर्चा गरिएको पाइँदैन । तर पनि तत्काल किरात प्रदेश सेन राज्य अन्तर्गतनै पर्ने हुनाले तथा विजयपुरमा सेन राजा र किराती मन्त्री रहने व्यवस्थाका कारणले यस भेगको किराती इतिहास अध्ययनका लागि यो पुस्तक निकै सान्दर्भिक छ । यसैगरी यस भेगको सेनकाल तिरको समाज, धर्म र सांस्कृतिक विषयवस्तुको अध्ययनका लागि पनि यो ग्रन्थ निकै उपयोगी हुने सावित भएको छ ।

विजयपुरमा सेनहरुले उत्तरमध्य कालतिर शासन गरेका थिए र यो राज्यको स्थापना पनि त्यसै समयमा भएको हो । यो राज्य वास्तवमा किरात प्रदेशमा नै पर्दथ्यो । तसर्थ यहाँ सेनहरू राजा हुने परिपाटी रहेको भएता पनि मन्त्री भने किरातीनै रहने चलन थियो । तसर्थ स्वामीको

यहाँ नामोल्लेख गरिएको ग्रन्थ प्राचीन विजयपुर भेगको नै इतिहास हो भन्न सकिन्छ । तसर्थ प्रस्तुत अनुसन्धानका क्रममा यस ग्रन्थलाई पनि सहायक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

उपर्युक्त ऐतिहासिक स्रोतहरूको प्रयोग गरी लेखिएका ग्रन्थहरूलाई ऐतिहासिक ग्रन्थ मान्ने गरिन्छ । सामान्यतया इतिहास प्रमाणका आधारमा लेखिने हुनाले ऐतिहासिक ग्रन्थका विवरणहरू प्रमाणिक हुने गर्दछन् । नेपालमा धेरै पहिलेदेखि ऐतिहासिक ग्रन्थहरूको लेखन कार्य थालिएको भए पनि प्रारम्भमा लेखिएका इतिहासका ग्रन्थहरू किंवदन्ती, पुराण तथा वंशावलीहरूमा आधारित मात्र छन् भने नेपालमा प्रजातन्त्रको अभ्युदयपश्चात भने प्रमाणहरूका आधारमा पनि इतिहासका ग्रन्थहरूको रचना गर्न लागियो । विजयपुरको सेनकालिक इतिहाससँग सम्बन्धित त्यस्ता ऐतिहासिक ग्रन्थहरूको समीक्षा तलका हरफहरूमा गरिएको छ ।

इमानसिंह चेम्जोङ्ग, (सन् २००३) ।

नेपालको पूर्वी भाग किरात प्रदेशका नामले प्रख्यात छ । यस भेगको पहाडमा किरात हांग वंशी राजाले शासन गर्दथे भने तराईमा विजयपुर राज्य थियो । चेम्जोङ्गले किरात इतिहास शीर्षकको पुस्तकमा किरात प्रदेशका शासक तथा तिनको इतिहासका बारेमा चर्चा गरेका छन् । ५३ पृष्ठको यस सानो पुस्तकमा चेम्जोङ्गले किरातीहरूका काशी र ताइस्यान वंशका साथमा पाल्पा, नेपाल खाल्टो, मोरङ, दस लिम्बुआन र अन्य किरात प्रदेशका बारेमा विवरण संक्षिप्त रूपमा दिएको पाइन्छ । यसमा विजयपुर र मोरङ लगायतका स्थानको छोटो वर्णन भए पनि यसका विवरणहरू केही अप्रमाणिक पनि देखिन्छन् । जस्तो लिम्बूआनमा पृथ्वीनारायण शाहका सेनाले आक्रमण नगरी लिम्बूहरूको निम्ताबाट यहाँका भोटे शासकलाई मात्र धपाएर एकीकरण गरेको विवरण पाइने भए पनि यसमा पृथ्वीनारायण शाहका सेनाले लिम्बूहरूसँग युद्ध गरेको विवरण दिइएको छ । त्यस्तै कोचेहरूलाई किरात मान्दै विजयनारायणलाई पनि किरातनै भनिएको पाइन्छ ।

चेम्जोङ्गले किरात इतिहासमा चर्चा गरेको विजयपुरको प्रसंग (पृ. २६) प्रस्तुत शोधका लागि सान्दर्भिक छ । उनले यसमा के बताएका छन् भने श्रीजंगाको मृत्यूपछि किरात देशमा लामो समयसम्म आपुंगी राजा रह्यो । उनका अनुसार इसाको १२ औं शताब्दीतिर कामरूपका किराती कोचेहरूका सन्तान सिंग राईले आफ्नो राज्य मोरङसम्म विस्तार गरेका थिए । सिंग राईका छोरा विजयनारायण पिताको मृत्यू पश्चात मोरङका राजा भएका थिए । चेम्जोङ्गका अनुसार विजयनारायणले फेदापथुमका राजा मुरहाङ्गलाई हराएका थिए । त्यसपछि उनले मुरेहाङ्गलाई आफ्नो काजी (मन्त्री) बनाई राखे भनिएको छ । अन्य पुस्तकहरूमा पाइएसरह इमानसिंह पनि मुरेहाङ्गलाई के भन्दछन् भने यिनले राजकन्यामा कुदृष्टि राखी फाँसीको सजाय पाएकाले उनका

छोरा बाजहाङ्गले मकवानी सेन लोहाङ्गसेनलाई विजयपुरमा आक्रमण गर्न लगाई बदला लिएका थिए । यस प्रसंगका साथमा चेम्जोङ्गले विजयपुरसम्बन्धी किंवदन्तीहरू पनि जोडेका छन् । तसर्थ विजयपुर राज्यको किरात कालका साथमा सेन कालको इतिहास अध्ययनका लागि चेम्जोङ्गको यो ग्रन्थ पनि निकै महत्वपूर्ण मानिन्छ ।

बाबुराम आचार्य, (वि.सं. २०६१) ।

विजयपुर राज्य र सेनवंशका बारेमा अध्ययन गर्ने क्रममा बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी शीर्षकको पृ. ५५८ को पुस्तक पनि निकै उपयोगी र सान्दर्भिक रहेको हुनाले यस पुस्तकको पनि समीक्षा गर्न आवश्यक हुने गर्दछ । यो पुस्तक विशेषगरी पृथ्वीनारायण शाहको जीवनीसँग सम्बन्धित भए पनि यसमा उनले चलाएको एकीकरण अभियानका बारेमा पनि विस्तृत रूपमा चर्चा परिचर्चा गरिएको देखिन्छ । तसर्थ यस ग्रन्थमा पनि पृथ्वीनारायण शाहको पूर्वी विजय अभियानका क्रममा विजयपुर राज्यका विभिन्न घटनाहरूको विवरण आउने गरेको छ । यस ग्रन्थमा पूर्वी नेपाल र विजयपुरका बारेमा चर्चा गर्ने क्रममा आचार्य के लेख्तछन् भने एकीकरण अभियानताका कोशी पश्चिम पर्सासम्म मकवानपुरका ठकुराईले र कोशीपूर्व टिष्टासम्म विजयपुरको अधिनमा शासनाधिकार थिए । उदयपुर भेगमा भने तत्काल मगरहरूको ठूलो वस्ति रहेको विवरण आचार्यले दिएका छन् । उनले उल्लेख गरेअनुसार तत्काल उदयपुरको भावर क्षेत्रमा चौदण्डीगढी पर्दथ्यो, जहाँबाट चौदण्डीका शासकले कोशी नदीदेखि पश्चिम तिरको शासन गर्दथे ।

बाबुराम आचार्य सेनहरूको पूर्वी राज्यको इतिहास दिने क्रममा के लेख्तछन् भने हेमकर्ण सेनले कमलादेखि कोशी नदीसम्म माझ किरातको शासन गर्ने जिम्मा जगत सेनलाई दिएर यस भेगको राजा बनाई पठाएका थिए । यसै कारणले पनि उनको विशाल राज्य विखण्डित हुन पुग्यो । मकवानपुरका बानिया र माझ किरातका खम्बू दिवानको एकआपसमा मेल हुन सकेन र खम्बू दिवानहरूले चौदण्डीनामक बेग्लै राज्यको स्थापना गरी जगतसेनलाई यहाँको स्वतन्त्र राजा बनाएका थिए । यहाँ विजयपुरको चर्चा गर्ने क्रममा एकै वंशका शासक रहेको चौदण्डीको पनि वेलाबेलामा प्रसंग आउने गर्दछ । किनकि चौदण्डीभन्दा अगाडिनै विजयपुर राज्यको अस्तित्व रहेको देखिन्छ भने पछि यस भेगमा सेनहरूले आफू नवसी स्थानीय सामन्तहरूलाई शासनाधिकार छाड्ने र मकवानपुरतिरै वस्ने तथा बेलाबेलामा विजयपुर भेगमा बसेर पनि शासन गर्ने गरेका प्रसंग पाइन्छन् । यसै गरी विजयपुर चौदण्डी भेगमा स्थानीय किराती भारदारहरू रहेका र तिनले सेन राजाहरूलाई आफ्नो हितअनुकुल प्रयोग गर्ने तथा त्यसो गर्न नसकेको खण्डमा राज्यच्यूत

गराई अर्को व्यक्तिलाई राजा बनाउने गरेका पनि उदाहरणहरू पाइन्छन् । यसरी विजयपुर भेगमा शासनाधिकारमा स्थायित्व भने सेनकालभर नै रहन सकेन ।

वाबुराम आचार्यले उनको पुस्तकमा यस भेगको इतिहास स्पष्ट गर्ने क्रममा दिएको विवरणअनुसार मध्यकालमा नै क्षेत्री ब्राह्मणहरू पश्चिमतिर बाट बसाईं सर्दै माझ किराँत प्रदेशसम्ममा आएर बसिसकेका थिए । तत्काल राजामहाराजाहरूबाट ब्राह्मणले बिर्ता तथा क्षेत्रीले सरकारी जागिर पाएर यस भेगमा निकै धनी पनि भईसकेको देखिन्छन् । यस क्रममा खार्पाका हरिनन्द पोखरेल र अजित सिह कार्कीनामक व्यक्तिहरू यस भेगका निकै धनी मानिसहरू थिए । तर उनीहरूको विचार कर्णसेन र अजित रायहरूसँग भने मिलेको थिएन । उनीहरू अजित रायको व्यवहारबाट दिक्क भएकाले सन् १७६९ तिर नुवाकोटतिर गएछन् र पृथ्वीनारायण शाहको आश्रय लिएर बसेछन् । तर उनीहरूको ध्येय भने पृथ्वीनारायण शाहलाई पूर्वी नेपालको एकीकरणका लागि ल्याउने रहेछ । यसो गरेमा उनीहरूको ध्येय पनि पुरा हुने हुँदा तिनीहरू पृथ्वीनारायण शाहकै सेवामा भर्ती भएर काम गर्ने लागेछन् । पछि पूर्वी विजय अभियानमा उनीहरूले नै पृथ्वीनारायण शाहलाई विशेष गरी माँझ किरातमा एकीकरण गर्न सहयोग गरेका थिए भन्ने विवरण आचार्यले यस ग्रन्थमा दिएका छन् ।

बाबुराम आचार्यले पृथ्वीनारायण शाहको विजयपुर एकीकरणका प्रसंगमा के पनि उल्लेख गरेका छन् भने कर्णसेन र बुद्धिकर्ण राय विजयपुरमा रहँदा अभिमानसिंह बस्नेत र पारथ भण्डारी सहितको गोरखाली सैनिक टोली चौदण्डी दखल गरेर अम्बरपुरबाट विजयपुर तिर लाग्यो । यस क्रममा गोरखाली सेनाले १७ जुलाई सन् १७७३ मा विजयपुरमाथि विजय हासिल गऱ्यो । यता विजयपुरको पहाडी भागमा भने सिक्किमका राजाको आक्रमणबाट बँच्न चैनपुरका लिम्बूहरूले पृथ्वीनारायण शाहका सेनालाई बोलाएकाले पूर्वी पहाडको चैनपुर लगायतको क्षेत्र पनि गोरखालीहरूको अधिनमा पर्न पुग्यो । यसबाट वि.सं. १७३१ मध्य वर्षामा विजयपुरको सेन राज्यको पतन भई गोरखालीको हातमा पऱ्यो र बृहत्तर नेपालमा गाभिन पुग्यो भन्ने विवरण आचार्यले यस ग्रन्थमा दिएका छन् ।

वाबुराम आचार्यले पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीमा चर्चा गरेअनुसार पृथ्वीनारायण शाहका सेनाले विजयपुरमा अधिकार जमाएपछि बृटिस गभर्नरले गोरखालीलाई अम्बरपुर र मोरङ बंगालभित्र पर्ने हुँदा त्यहाँबाट तिनका सेना तत्काल फिर्ता गर्नु पर्ने व्यहोराको चिठ्ठी लेखे । तर तत्काल पुराना चिठ्ठीपत्र र कागजात हेर्दा विजयपुर स्वतन्त्र देखिएकाले कम्पनी सरकारले विजयपुरमा अधिकार नगर्ने नीति लिएको थियो । यसै क्रममा पृथ्वीनारायण शाहले पनि अम्बरपुर र विजयपुर मकवानी सेनराजाका प्रदेश भएका तथा उक्त प्रदेश आफूले जितेको हुनाले तिनीहरू

आफ्ना हुने व्यहोराको चिठ्ठी लेखेका थिए । यसबाट बृटिशहरूले पनि तत्काल विजयपुरमा आक्रमण गरेनन् । विजयपुर सजिलैसँग पृथ्वीनारायण शाहको अधिनमा पऱ्यो भने यस भेगको सेन शासन पनि समाप्त भएर गयो । विजयपुर बृहत्तर नेपालमा गाभिएपछि त्यहींबाट यस भेगको प्रशासन चलाउने व्यवस्था मिलाइयो । यसले गर्दा एकीकरण पछि पनि विजयपुर पूर्वी नेपालको प्रशासन हेर्ने केन्द्रका रूपमा लामो समयसम्म रह्यो । पछि धनकुटा गौंडाबाट यस क्षेत्रको प्रशासन चलाउने व्यवस्था मिलाइयो भने अझ पछि गएर मोरङको सदरमुकाम रंगेलीमा सारियो । त्यसपछि भने मानिसहरूले यताको पुरानो इतिहास भुल्दै गए र विजयपुरको सेनकालिक इतिहास समेत ओझेलमा पर्दै गयो । यसरी बाबुराम आचार्यले सामान्य रूपमा भए पनि विजयपुरे सेन वंशका बारेमा चर्चा गरेको पाइने हुनाले उनको यस ग्रन्थलाई पनि प्रस्तुत अनुसन्धानका क्रममा महत्वपूर्ण स्रोतका रूपमा प्रयोग गरिएको छ ।

बाबुराम आचार्यले उनको माथि वर्णित ग्रन्थमा सेन राज्यको एकीकरणका अभियानमा घटेका घटना तथा ऐतिहासिक विवरण अति रोचक ढंगमा प्रस्तुत गरेका छन् । उनको ध्येय यस पुस्तकमा पृथ्वीनारायण शाहको एकीकरण अभियानका बारेमा प्रकाश पार्ने भए पनि त्यसमा विभिन्न लिखतहरूको समेत आधार लिएर यस भेगको छोटो इतिहाससमेत स्पष्ट पारेको हुनाले प्रस्तुत शोधका लागि आचार्यको यो पुस्तक निकै उपयोगी द्वितीयक स्रोत सिद्ध भयो ।

मोहनप्रसाद खनाल, (वि.सं. २०६१) ।

सेन राज्यको राजनैतिक इतिहास शीर्षकको ग्रन्थ नेपाल र एशियाली अनुसन्धान केन्द्रको नेपालको प्रादेशिक इतिहास निर्माण योजनाअन्तर्गत लेखिएको हो । सिनासबाट प्रकाशित २०५ पृष्ठको उक्त ग्रन्थ परिशिष्ट र सन्दर्भ ग्रन्थसूचीसमेत ३३ वटा शीर्षकहरू छन् । यो पुस्तक सेन राज्यको राजनैतिक इतिहास भनिए पनि पाल्पा, विनायकपुर, राजपुर र तनहुँको सेन वंशसँग सम्बन्धित रहेको कुरा यसैको प्रकाशकीयमा उल्लेख गरिएको छ । प्रस्तुत विजयपुर र सेनराज्यसँग सम्बन्धित अनुसन्धान पश्चिम नेपालका माथि वर्णित सेनराज्यको इतिहासँग सान्दर्भिक छैन । तर पनि सेन वंशको अभ्यूदय र इतिहासको प्रसंगमा भने यसका केही विवरण विजयपुरको सेन राज्यसँग पनि जोडिने हुँदा यहाँ यस पुस्तकको पनि समीक्षा गरिएको हो ।

मोहनप्रसाद खनालले प्रस्तुत ग्रन्थमा भी.ए. स्मिथको प्रसंग दिदै के भनेका छन् भने चौधौं शताब्दीको अन्त्यतिर कुचविहारका विश्वसिंहका उत्तराधिकारी नरनारायणले बंगालको अवस्था नाजुक भएको अवस्थामा एउटा राज्य बसाएभने पछि उनका छोरा विजयनारायणले विजयपुरलाई उक्त राज्यको राजधानी नाम दिए भनिएको छ । खनालले चर्चा गरेअनुसार कोचराजा विजयनारायण र किराती मन्त्री सिंहरायका बीचमा आपसी वैमनश्यता र कलह चलिरहेको थियो ।

यही मौका छोपी विजयनारायणका किराती मन्त्री सिंह रायसँग मिलेर लोहाङ्गसेनले दूधकोशी पूर्व किरात प्रदेशसम्म अधिकार जमाए भनिएको छ । यसै अवसरमा लोहाङ्गसेन विजयपुरमा धावा बोल्ने तयारीमा रहेका र उता विजयनारायण भने स्वेच्छाचारी बन्दै गएकाले उनका जनता लोहाङ्गसेनको पक्षमा उभिन तयार रहेको उल्लेख खनालले गरेका छन् । यसै क्रममा विजयनारायणको मृत्यू भएको, लोहाङ्गसेनले विजयपुरमा आक्रमण गरेको र बाजु राय मारिए पनि विजयपुर लोहाङ्गसेनको अधिनमा परेको चर्चा खनालले गरेका छन् (पृ. ४४) । खनालले चर्चा गरेअनुसार मुकुन्दसेनले आफ्ना छोरालाई विभिन्न स्थानको हाकिम बनाएकोमा कालान्तरमा तीती छोराहरू तीती भागमा राजा भएकाले उक्त राज्य टुक्रिएको उल्लेख छ ।

मोहनप्रसाद खनालले चर्चा गरेको प्रस्तुत पुस्तकमा विजयपुरसम्बन्धी अर्को एक प्रसंगमा विजयपुरमा सेनराजा र किराँती मन्त्रीका बीचमा विवाद हुने क्रममा षडयन्त्रमा परी राजा कामदत्त सेन मारिएकोमा पछि चौदण्डीका राजा कर्णसेनलाई विजयपुरको पनि राजा बनाइयो । तर छोटो समयमा नै कर्णसेनको पनि मृत्यू भएकाले त्यहाँकी विधवा रानीले मकवानपुरका राजा मुकुन्दसेनसँग एउटा छोरा राजा बनाउनका लागि पठाईदिन अनुरोध गरिछन् । यसै अनुरूप मुकुन्द सेनले छोरा ध्वजवीर सेनलाई विजयपुरको राजा बनाउन पठाएछन् । तर उनी विजयपुर आउँदा बाटैमा गोरखाली सेनाले ध्वजविर सेनलाई वदला लिनका लागि मारिदिएको हुँदा मुकुन्द सेन बूढेसकालमा पुत्र शोकमा परेछन् । यस बोहक खनालको यस ग्रन्थमा विजयपुरसम्बन्धी थप ऐतिहासिक प्रसंगहरू नपाइने हुनाले यो पुस्तक पनि सामान्य स्रोतका रूपमा प्रयोग गरिएको छ ।

बाबुराम आचार्य, (दोस्रो सं. वि.सं. २०६३) ।

बाबुराम आचार्यद्वारा लेखिएको *नेपालको संक्षिप्त वृतान्त* नामक ग्रन्थ विभिन्न चारवटा खण्डमा विभक्त छ । ३५२ पृष्ठको यस ग्रन्थको पहिलो खण्डमा नेपालको इतिहासको प्राचीन कालदेखि मध्यकाल सम्मको इतिहास दिइएको छ । यसैमा पश्चिम नेपालको खस मल्ल राज्यका साथमा सिम्रौनगढको इतिहास पनि दिइएको पाइन्छ । यसरी यो खण्ड प्राचीन र मध्यकालसँग सम्बन्धित रहेको मान्न सकिन्छ । यसैगरी यस ग्रन्थको दोश्रो खण्ड भने शाह राजाको इतिहाससँग सम्बन्धित छ । यसमा गोरखा राज्यको स्थापनादेखि पृथ्वीनारायण शाहको अन्तिम दिनसम्मको विवरण छ । यसको खण्ड तिन र चार पनि शाह शासकसँग नै सम्बन्धित रहेको पाइन्छ ।

बाबुराम आचार्यको प्रस्तुत पुस्तकको दोश्रो खण्डका किराँत प्रदेशमा रहेका सेन राज्यहरूको उन्मुलन शीर्षकको परिच्छेद यस अनुसन्धानका क्रममा ज्यादा सान्दर्भिक छ । यसमा पाल्पाको सेनराज्यबाट छुट्टिएर विजयपुरलाई राजधानी बनाई राजकुमार लोहांगसेनले पूर्वमा एउटा छुट्टै सेनराज्य स्थापना गरेको वर्णन गरिएको छ । यसैगरी राजा राघवसेनका समयमा यस

भेगको निकै उन्नति भएको विवरण पाइन्छ । यसैमा सेनहरूको समयको कलह र पृथ्वीनारायण शाहको एकीकरण अभियानका बारेमा यहाँ चर्चा गरिएको देखिन्छ । तसर्थ यो ग्रन्थ पनि प्रस्तुत अनुसन्धानका कममा सान्दर्भिक र महत्वपूर्ण पनि छ ।

डि.आर. रेग्मी, (सन् २००७) ।

विजयपुर तथा सेन राज्यको अध्ययन गर्ने कममा डी.आर. रेग्मीको *मोडर्न नेपाल* शीर्षकको पुस्तक पनि निकै सान्दर्भिक छ । प्रथम पटक फर्मा के. एल्. मुखोपाध्याय कलकत्ताबाट सन् १९६४ मा प्रकाशित रेग्मीको नेपालको इतिहासका विभिन्न भोलमहरू हाल आएर रूपा एन्ड को.ले डी.आर. रेग्मी फाउन्डेशनको सहकार्यमा सन् २००७ मा प्रकाशित गरेको पाइन्छ । नेपालको इतिहासको निकै महत्वपूर्ण, प्रामाणिक र दुर्लभ यो पुस्तक हाल आएर भने बजारमा उपलब्ध भएको छ । यसले नेपालको काठमाडौं उपत्यकाका साथमा देशका अन्य भागहरूको इतिहास अध्ययनलाई पनि सहयोग गरेको छ । रेग्मीको भोल एक र दुई दुवै ग्रन्थहरू एउटै पुस्तकमा प्रकाशित भएका छन् । यसका भोल एक अन्तर्गत ६०८ र २ अन्तर्गत भने ३१६ पृष्ठहरू रहेका छन् । यसमा सेनहरूको परिचय दिँदै रेग्मीले पाल्पा, तनहुँ र मकवानपुरको सेन राज्यको विवरण प्रस्तुत गरेका छन् । त्यसपछि रेग्मीले चौदण्डी र मोरङको सेन राज्यका बारेमा पनि चर्चा गरेको देखिन्छ, जुन प्रसंग प्रस्तुत शोधका लागि आवश्यक र सान्दर्भिक पनि रहेको थियो ।

मोडर्न नेपालमा रेग्मीले चर्चा गरेअनुसार शुभसेनका दुई भाई छोराहरूमा मान्धाता सेन मोरङ र माणिक सेन मकवानपुरका राजा भएका थिए । मोरङमा मान्धातापछि कामदत्त सेन राजा भए । उनले यहाँ ह्यामिल्टनको विवरण दिँदै विजयपुर र चौदण्डीका सेन शासनका बारेमा चर्चा गरेको देखिन्छ । रेग्मीको भनाईअनुसार तत्काल विजयपुरअन्तर्गत पूर्वमा टिस्टा, दार्जिलिङ्ग जिल्लाको पश्चिम आधा भाग, इलाम, धनकुटा, पूर्व ४ नं. दूधकोशी र तामाकोशी क्षेत्रसमेत पर्दथे (पृ. ७६) । यसमा रेग्मी के पनि भन्दछन् भने गोरखाली सेनाले मोरङ विजयपुरमा अधिन जमाएपछि यहाँका सेनराजा कर्णसेन बृटिशहरूको शरणमा पुगेका थिए । यसमा रेग्मीले पनि ह्यामिल्टनको विवरण दिँदै यहाँ राजा र मन्त्रीका बीचमा ठूलो झगडा हुने गरेको बताएका छन् ।

डि.आर. रेग्मीले किरात वंशावलीको पनि चर्चा यस ग्रन्थमा गरेको देखिन्छ । उनले विजयपुरमा किरात र सेनहरूले संयुक्त रूपमा शासन गर्ने बताएका छन् भने प्रारम्भमा यो क्षेत्र किरात मुलुक रहेको र कालान्तरमा किरातहरूका बीचको वैमनश्यताका कारणले नै यहाँ सेनहरूले शासनाधिकार पाएको पनि विवरण दिएका छन् । यस प्रसंगमा विजयपुरमा सेनहरूले शासन गर्न लाग्दा यहाँका किरातहरूसँग एउटा सन्धी भएको देखिन्छ । रेग्मीले यसका बारेमा दिएको एक विवरणअनुसार किरातहरूसँग लोहाङ्गसेनको निम्नानुसारको सन्धी भएको देखिन्छ ।

१) मन्त्री दस किरातको किरातीनै हुने र उनको पदावधी ५ वर्षको हुने ।

२) मोरङमा आउने मान्छेलाई चेक गर्न पाउने ।

३) मोरङमा दस वर्षे सेन्सस (जनगणना) गर्ने ।

४) यहाँका सामन्त राईहरूले इमरजेन्सिका लागि १५० जनासम्म सुरक्षा कर्मी उनको अधिनमा राख्न पाउने ।

५) यस स्थानबाट सरकारले सालमा एकहलको एक रूपैयाँका दरले तिरो पाउने ।

६) मोरङको राजश्व १० प्रतिशत क्षेत्रीय प्रशासन, ४५ प्रतिशत सेनामा खर्च गरी बाँकी भने केन्द्रमा पठाउने ।

७) पंचखतको बाहेक अन्य अपराधको दण्ड क्षेत्रीय रूपमा यहाँका प्रमुखले दिन पाउने र कानुन मिच्नेलाई मोरङको राजाले दण्ड गर्ने ।

डि.आर. रेग्मीले मध्यकालको उत्तरार्धतिर या सेनकाल र किरातहरूको विवरण प्रस्तुत गर्ने क्रममा पूर्वका दस लिम्बूआनको स्थितिका बारेमा पनि केही विवरणहरू दिएको देखिन्छ । उनले दिएको विवरणअनुसार तत्काल दस लिम्बूआन अन्तर्गत पोक्लावाङ्ग, इलाम, पाँचथर, ताप्लेजुङ्ग, ताप्केसायोक, चेलुङ्गथोक, तमरफाँट, ताक्लुङ्गदेन, आठराई र हस्तयुयोक क्षेत्रहरू अस्तित्वमा रहेका देखिन्छन् ।

रेग्मीले यसमा नामोल्लेख गरेको दस लिम्बूआन अरूण र तमोरको बीचमा रहेको उल्लेख पाइन्छ । लिम्बूआनको सरहनै दूधकोशी र अरूणनदीको बीच भागलाई पनि १२ किरातमा विभाजन गरिएको देखिन्छ । यसको व्यवस्था पनि दस लिम्बूआनको सरहकै थियो भनिएको छ । त्यसपछि उनले मोरङका बारेमा पाइएका केही लिखतका बारेमा पनि चर्चा गरेको देखिन्छ । यहाँ किरात इतिहासका बारेमा प्रेम बहादुर लिम्बूले प्रस्तुत गरेका कागजातलाई परीक्षण गरिनु पर्ने बताउँदै रेग्मीले विजयपुरसँग सम्बन्धित कागजातमा पूर्णियाका खान दौलतबहादुरको हिजरी सम्बत ११२५ को किरात प्रमुखलाई दिएको सनद, हरिहर सेनको वि.सं. १७१९ को किरात चिफ (विजयपुर) लाई दिएको सनद, महारानी जव्देवीको वि.सं. १७६३ को किराती प्रमुखलाई सिक्किम विरूद्ध हानेर आउन दिएको कागजात र वि.सं. १७६४ को मान्धाता सेनको लिखतहरू छन् । यसरी डि.आर. रेग्मीले विजयपुर र सेनहरूका बारेमा जुन विवरण दिएका छन्, त्यो पनि प्रस्तुत अनुसन्धानका क्रममा निकै उपयोगी हुने देखिन्छ । तसर्थ यसलाई पनि प्रस्तुत अध्ययनका लागि महत्वपूर्ण श्रोतका रूपमा प्रयोग गरिएको छ ।

डि.आर. रेग्मीको मोडर्न नेपालको पृ. २३६ देखि २६४ सम्म पृथ्वीनारायण शाहको पूर्वी विजय अभियानको वर्णन छ, जुन भाग पनि प्रस्तुत अध्ययनका क्रममा महत्वपूर्ण मानिन्छ । यसमा चर्चा गरिएअनुसार पूर्वी पहाडमा आक्रमण गर्न पृथ्वीनारायण शाहका सेनालाई त्यहाँका क्षेत्रीब्राह्मणले सघाएका थिए । यसै क्रममा १७ जुलाई सन् १७७४ मा गोरखाली सेनाले चौदण्डी र विजयपुर समेत दखल गऱ्यो भने उक्त सेना तुरन्त कन्काई या माई खोलासम्म पुग्यो । यता लिम्बू सरदारहरूले गोरखाली सेनासँग आत्मसमर्पण गरेकाले धनकुटा र ताप्लेजुङ्ग पनि तिनीहरूको हातमा पऱ्यो । विजयपुरका साथमा आठराई, मोरङ र चैनपुर पनि गोरखालीका हातमा पऱ्यो भने विजयपुरे सेनराजाहरू भने भागेर बृटिस इन्डियाको शरणमा गए भनिएको छ । त्यसपछि भने रेग्मीले पनि ह्यामिल्टनको सरहनै विजयपुरमा शासन गर्ने सेनहरूको छोटो राजनैतिक इतिहास प्रस्तुत गरेका छन् । यसमा तत्काल पूर्वी नेपालको पहाड र तराईको ठूलो क्षेत्र विजयपुर राज्य अन्तर्गत रहेको उल्लेख गर्दै एकीकरण अभियानका बारेमा यस भेगमा घटेका घटनाका बारेमा पनि छोटकरीमा विवरण परेको पाइन्छ । पछि पृथ्वीनारायण शाहले यस भेगमा अधिन जमाएपछि यहाँका किरातहरूको किपट हरण नगर्ने लालमोहर दिएर किरातीहरूलाई खुशि तुल्याएको विवरण रेग्मीले सुन्दर ढंगमा दिएका छन् ।

पृथ्वीनारायण शाहको पश्चिम विजय अभियानमा केहरसिंह वस्नेतको ठूलो योगदान छ । यिनी पृग्वीनारायण शाहका मन्त्रीका रूपमा समेत परिचित थिए । तर यिनले सतहुँ, ढोर र पर्वत विजय गरेपछि भने शरीरमा लागेका चोटका कारण यिनी सिकिस्त विरामी भए र कालान्तरमा यसैका कारण केहरसिंहको मृत्यू हुन पुग्यो । त्यसपछि भने उक्त सैनिक टुकडीलाई पूर्व विजय अभियानका लागि पठाइयो । गोरखाली सेनाको यो टुकडी भक्तपुर विजय गरी पूर्वतिर लाग्ने क्रममा वि.सं. १८३० साल आश्विन ५ गते अरूण भेगको दिङ्लामा आइपुगेको देखिन्छ । त्यहाँ किरात प्रदेशमा बसोवास गर्दै आएका ब्राह्मणहरूले रामकृष्ण कुँवर र अमरसिंह थापालाई यस भेगमा आक्रमण गर्न सहयोग गरेका थिए भन्ने विवरण यस प्रसंगमा रेग्मीले दिएका छन् । यसमा उनले के पनि बताएका छन् भने पृथ्वीनारायण शाहका सेनालाई यस भेगमा एकीकरण गर्नका लागि रहँदा खानपीनका लागि चाहिने खर्चमा हरिनन्द उपाध्यायले ३५५८ पटना सिक्का दिएका थिए (पृ. २३७) । विजयपुर र चौदण्डीगढी विजयका लागि समेत उनीहरूले सहयोग गरेको विवरण रेग्मीले दिएको देखिन्छ । तिनमा चौदण्डी र विजयपुर विजयका लागि तिनले थप ७४६६ पटना सिक्का समेत दिएको हुँदा तिनले पृथ्वीनारायणका सेनालाई कूल ११०५१ सिक्का प्रदान गरेको देखिन्छ । त्यसबाट हरिनन्ददेखि पृथ्वीनारायण शाह प्रसन्न भएर लालमोहर गरी माझ किरात प्रदेशको ठूलो क्षेत्रफलयुक्त जमिन यिनलाई विर्ताका रूपमा दिएका थिए भन्ने वर्णन छ ।

यसरी पृथ्वीनारायण शाहलाई पूर्वतर्फको एकीकरणका क्रममा यहाँका स्थानीय मानिसहरूले समेत सहयोग गरेकाले नै उनको एकीकरण अभियान सफल भएको राय रेग्मीको छ ।

डि.आर. रेग्मीले उनको मेडीएभल नेपाल नामक इतिहासको ग्रन्थमा चर्चा गरेअनुसार विजयपुर र चौदण्डीको विजयका क्रममा माझ किरातको दक्षिणतिर चौदण्डी राज्यले उपभोग गरेको उत्तरी पहाडी भाग पनि पृथ्वीनारायण शाहका सेनाले दखल गर्दै गएका थिए । यसै क्रममा गोरखाली सेना वि.सं. १८३१ साल आषाढ ७ गते अरूण नदी तरे र त्यस पूर्वको विजय अभियानमा सरिक हुन पुगे । त्यसैगरी उनका सेनाले त्यसै साल श्रावण ९ गतेमा चैनपुर र विजयपुर पनि विजय गरे भनिएको छ । यसबाट नेपालको सिमाना पूर्वमा कन्काई या माईखोलासम्म पुगेको देखिन्छ । तर रेग्मीले वर्णन गरेअनुसार नेपाली सेना यतिले मात्र सन्तोष मानेर बसेनन् । उनीहरू आफ्नो प्रभाव पूर्वतर्फ बढाउँदै गए । त्यस अवसरमा यस भेगका लिम्बू मुखियाहरूले पृथ्वीनारायण शाहका सैनिक सामु आत्मसमर्पण गरेकाले ताप्लेजुङ्ग र धनकुटा पनि सहजै रूपमा गोरखालीको हात पऱ्यो । यता अरूण र तमोर नदीका बीचमा विजयपुर, चैनपुर, आठराई र मोरङसमेत सुरूमा कामदत्त सेनका अधिनमा भएको पछि विजयपुर एकीकरण भएपछि तिनी भागेर बृटिशका शरणमा कलकत्ता पुगेर विजयपुर फिर्ता लिने दाउमा लागेछन् भनिएको छ । तर लिम्बू मुखियाहरू पृथ्वीनारायण शाहसँग मिलेकाले उनको उक्त योजना सफल हुन सकेन भन्ने राय रेग्मीको छ ।

डि.आर. रेग्मीले आफ्नो इतिहासको पुस्तकमा लिम्बूहरूमा प्रचलित एउटा लोकोक्ति पनि समावेश गरिएको छ । उक्त लोकोक्तिअनुसार कामदत्त सेनका कान्छा काका विसन्तर सेन उत्तराधिकारी नभई मरेकाले बुद्धिकर्ण राईले मोरङमा शासन गर्न किराँती अथिङहाङलाई पठाएका थिए । यसरी अथिङहाङ किरातीहरूका तर्फबाट मुखियाका रूपमा छानिएका भए पनि कामदत्त सेनले उक्त गद्दीमा आफैंले दावी गरेकाले अथिङहाङ त्यसको प्रतिवाद नगरी आफ्नो ठाउँमा फिरे भनिएको छ । विसन्तर सेन विजयपुरको नावालक राजा हुँदा एकपटक सिक्किमे राजाले विजयपुरको पहाड र तराईको निकै ठूलो क्षेत्रमा आक्रमण गरी कब्जा गरेको देखिन्छ । त्यसै बेला एकपटक बुद्धिकर्ण रायले आफूलाई मोरङको राजा पनि घोषणा गरे । तर उनलाई कसैले पनि राजाका रूपमा स्विकार र समर्थन गरेन । तसर्थ उनको यो कदम सफल हुन सकेन भनिएको छ । यता गोरखालीहरूको आक्रमण सहन नसकी बुद्धिकर्ण राईभने भागेर बृटिसको शरणमा पूर्णियातिर पुगेका थिए । त्यसपछि पृथ्वीनारायण शाहले बृटिसहरूलाईपत्र लेखी सेनहरूलाई नसघाउन अनुरोध गरे भनिएको छ । डि.आर. रेग्मीले विजयपुरको पछिल्लो ऐतिहासिक घटना जुन रूपमा प्रस्तुत गरेका छन्, त्यो बाबुराम आचार्य र ह्यामिल्टनले प्रस्तुत गरेको घटनासँग मिल्दोजुल्दो छ । रेग्मीको पुस्तकको थप महत्व के रहेको छ भने प्रस्तुत ग्रन्थका प्रमाणका रूपमा यथेस्ट

हस्तलिखित ग्रन्थ र कागजातहरूको प्रयोग गरिएको छ । तसर्थ प्रस्तुत पुस्तक पनि यस शोधका लागि सान्दर्भिक र महत्वपूर्ण ग्रन्थका रूपमा प्रयोग गरिएको छ ।

इन्दिरा जोशी, (वि.सं. २०६३) ।

इन्दिरा जोशीद्वारा लेखिएको *आधुनिक नेपालको निर्माणमा वडाकाजी अमरसिंह थापाको योगदान* शीर्षकको पुस्तकमा लेखकले अमरसिंह थापाका विविध गतिविधिका बारेमा चर्चा गरेको देखिन्छ । यसमा जम्मा पाँच खण्ड र परिशिष्टसमेत १६४ पृष्ठ रहेका छन् । विशेष गरी अमरसिंह थापा पश्चिम नेपालको एकीकरण अभियानका नाइके थिए । तर उनको पूर्वी नेपालको विजय अभियानमा पनि योगदान रहेको बर्णन यस ग्रन्थमा परेको छ । जोशीले विजयपुर एकीकरणको सन्दर्भमा यस ग्रन्थको पृ. ७ मा विजयपुर राज्यका बारेमा सामान्य विवरण दिएको देखिन्छ । यसमा प्राप्त विवरणअनुसार अमरसिंह थापालाई नायव गराई रामकृष्ण कुँबरको मातहतमा पूर्वतर्फ गोरखाली सेना आएका थिए । यसमा चर्चा गरेअनुसार विजयपुर र चौदण्डीका राजाहरूले बंगालका नवावलाई सौगात बुझाएर ती क्षेत्र चर्चीरहेका थिए । जोशीले यस ग्रन्थमा विजयपुरको छोटो इतिहास दिएकी छन् । अन्त्यमा यसमा पृथ्वीनारायण शाहका सेनाले विजयपुरमाथि अधिकार जमाएको विवरण दिदै यहाँको इतिहासको पक्षलाई अन्त्य गरिएको छ । जोशीले यस ग्रन्थमा विजयपुरका बारेमा एकीकरणको मात्र विवरण दिएको देखिन्छ । यसमा अन्य ग्रन्थहरूको भन्दा फरक प्रकारको विजयपुरसम्बन्धी विवरण भने परेको पाइँदैन । यसमा तिनले सेन कालका थप विवरण दिएको देखिदैन । तसर्थ यस पुस्तकलाई प्रस्तुत अनुसन्धानमा सामान्य श्रोत सामग्रीका रूपमा समीक्षा गरिएको हो ।

सोमप्रसाद खतिवडा, (वि.सं. २०६६) ।

मोरङको सांस्कृतिक पर्यटन यस क्षेत्रको पर्यटनसँग सम्बन्धित ग्रन्थ हो । १०९ पृष्ठको यस ग्रन्थमा खतिवडाले मोरङ जिल्लाका पर्यटकीय क्षेत्रका बारेमा चर्चा गरेका छन् । उनले मोरङको पर्यटनलाई सांस्कृतिक पर्यटन मान्दै यहाँको इतिहास र संस्कृति निकै पुरानो रहेको बताएका छन् । यस कममा उनले मोरङको छोटो इतिहास पनि प्रस्तुत गरेका छन् । वास्तवमा विजयपुरको इतिहास नै मोरङको इतिहास भएकाले यस ग्रन्थलाई पनि प्रस्तुत अध्ययनका कममा सामान्य स्रोतका रूपमा लिन सकिन्छ ।

सोमप्रसाद खतिवडा, (वि.सं. २०६७) ।

पूर्वी नेपालको सेन राज्य तथा विजयपुरका बारेमा अलग्गै शोध तथा खोज गरी आजसम्म स्तरीय ग्रन्थहरू भने प्रकाशित भएका पाइएका छैनन् । तर पनि यस भेगका विभिन्न विषयवस्तुका बारेमा शोध, खोज र अनुसन्धाननै नभएका भने होइनन् । कोशी प्रदेश र विजयपुर भेगका विविध

विषयवस्तुका बारेमा लेखिएका केही ग्रन्थहरूमा विजयपुर तथा सेन राज्यका बारेमा पनि यदाकदा चर्चा र परिचर्चा गर्ने गरिएको पाइन्छ । यसै क्रममा सोमप्रसाद खतिवडाले लेखेको तथा राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान वराहक्षेत्रबाट प्राकाशित *वराहक्षेत्रको सांस्कृतिक सम्पदा* शीर्षकको पुस्तकलाई पनि लिन सकिन्छ । वि.सं २०६७ सालमा प्रकाशित ५०२ पृष्ठको उक्त ग्रन्थले वराहक्षेत्रको साथमा यस वरपरको इतिहास र संस्कृतिलाई प्रकाशमा ल्याएको छ ।

खतिवडाद्वारा लेखिएको माथि वर्णित पुस्तक विशेष गरी वराहक्षेत्रको संस्कृति र परम्परासँग सम्बन्धित छ । तर पनि त्यसमा वराहक्षेत्रको चर्चा गर्ने क्रममा यस स्थानको इतिहास पनि दिइएको देखिन्छ । वराहक्षेत्र मध्यकालिक सेन राज्य विजयपुर भित्र नै पर्ने हुँदा वराहक्षेत्रका बारेमा गरिएको वर्णनलाई यसै भेगको इतिहास र संस्कृति मान्न सकिन्छ । उक्त ग्रन्थमा वराहक्षेत्रको प्राचीनता महाभारतकालसम्म पुऱ्याइएको छ भने यो स्थान विगतमा विभिन्न राज्यहरूको अधिनमा पर्दै र पुन स्वतन्त्र हुँदै कालान्तरमा सेनहरूको अधिनमा परेको बताईएको देखिन्छ । यसमा के भनिएको छ भने सुरूमा इसापूर्व कालतिर यो स्थान एकपटक मिथिला राज्यअन्तर्गत पर्दथ्यो भने त्यसपछि मत्स्यदेसभित्र पुग्यो । यसै क्रममा सिम्रौनगढको अधिनमा पनि वराहक्षेत्र लगायतको स्थान पुगेको विचार खतिवडाको छ । त्यसपछि यो स्थान कहिले किरातीहरूको अधिनमा पर्दथ्यो भने कहिले अन्य विभिन्न वंशका शासकहरूको अधिनमा पनि पर्ने गरेको देखिन्छ । यसै क्रममा यस राज्यको स्थापना भने विजयनारायणले गराएको विवरण खतिवडाले ह्यामिल्टन र बाबुराम आचार्यको प्रसंग दिदै वर्णन गरेको देखिन्छ । यस भेगको सेनहरूको छोटो इतिहास पनि यस ग्रन्थमा परेको छ । तर पनि यस ग्रन्थमा वराहक्षेत्रको सांस्कृतिक अध्ययनलाई केन्द्रित गरेको पाइने हुँदा यसलाई पनि प्रस्तुत अध्ययनका क्रममा द्वितीयक स्रोतका रूपमा समीक्षा गरिएको हो ।

सोमप्रसाद खतिवडा, (वि.सं. २०६७) ।

सुनसरीको तीर्थयात्रा पर्यटन शीर्षकको पुस्तक सुनसरी जिल्लामा रहेका धार्मिक स्थलहरूसँग सम्बन्धित छ । खतिवडाद्वारा लेखिएको १३२ पृष्ठको प्रस्तुत पुस्तकमा विजयपुरको तीर्थयात्रा पर्यटनको छोटो इतिहास पनि दिइएको छ । यसमा विगत हजारौं वर्ष अगाडिदेखि तीर्थयात्रीहरू आवतजावत गर्ने गरेको उल्लेख गर्दै यस स्थानको ऐतिहासिक महत्व समेत उजागर गरिएको छ । यसका साथै यस ग्रन्थमा मध्यकालिक विजयपुर राज्यको इतिहास पनि छोटकरीमा प्रस्तुत गरिएको पाइने हुँदा यस ग्रन्थलाई पनि प्रस्तुत अध्ययनका क्रममा द्वितीयक श्रोतका रूपमा प्रयोग गरिएको छ । विगतको सेनकालिक विजयपुर राज्यको राजधानी विजयपुर हाल सुनसरी जिल्लाभित्र पर्ने हुँदा पूर्वाञ्चलको सवैभन्दा ज्यादा मठमन्दिर तथा ऐतिहासिक र धार्मिक केन्द्रहरू

यसै जिल्लामा अवस्थित छन् । यसका साथमा वराहक्षेत्र जस्तो प्राचीन र ठूलो तीर्थ पनि यसै स्थानमा पर्दछ । यिनै सवै तीर्थ र धार्मिक क्षेत्रहरूका बारेमा अध्ययन गरी खतिवडाले सुनसरीको तीर्थयात्रा पर्यटनका बारेमा ग्रन्थ लेखेको देखिन्छ ।

सोमप्रसाद खतिवडा, (वि.सं. २०६८) ।

राजा धनपालको इतिहास शीर्षकको पुस्तक मोरङको कसेनी स्थित धनपालगढीको इतिहास प्रकाश पार्ने ग्रन्थ हो । हाल धनपालगढी एउटा सामान्य ढिस्काका रूपमा रहेको भए पनि विगतमा उक्त स्थान कुनै राज्यको राजधानी तथा महत्वपूर्ण गढीका रूपमा रहेको हुन सक्ने संकेत त्यस स्थानका पुरातात्विक वस्तुहरूले गरेको पाइन्छ । उक्त स्थानका बारेमा खतिवडाले एउटा सानो पुस्तकनै लेखेको देखिन्छ ।

राजा धनपालको इतिहास शीर्षकको ग्रन्थमा खतिवडाले धनपालगढीको पुरातात्विक विषयवस्तुलाई महत्व दिएको देखिन्छ । उनले यसमा मोरङको पुरानो इतिहास पनि प्रस्तुत गरेका छन् । उनले धनपालगढीलाई कुनै समयमा पहाडका किराँतहरूको अधीनमा रहेको तथा पछि विजयपुर राज्यको अभ्यूदय भएपछि भने विजयपुर राज्यअन्तर्गत पर्ने वताएका छन् । वास्तवमा मोरङको धनपालगढी विगतमा मोरङ र विजयपुर राज्य अन्तर्गतनै पर्दथ्यो । यस पुस्तकमा सेन राज्यका बारेमा अति कम मात्र विवरण परेको भए पनि विजयपुर राज्य अन्तर्गतनै तत्काल धनपालगढी समेत पर्ने हुनाले सेन वंश र विजयपुर राज्यको इतिहास अध्ययन गर्ने क्रममा यसलाई पनि द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

सोमप्रसाद खतिवडा, वि.सं. २०७० ।

कौशिकी संस्कृति शीर्षकको पुस्तक पूर्वी नेपालका बारेमा प्रकाशित सवैभन्दा पछिल्लो ग्रन्थ हो । वि.सं. २०७० सालमा जगख्गुरु पीठ चतराबाट प्रकाशित यस ग्रन्थका लेखक सोमप्रसाद खतिवडा हुन् । उनले यस ग्रन्थमा विजयपुरका बारेमा कौशिकी संस्कृति लगायतका पूस्तकहरुमा वर्णित विवरणहरुनै केही परिस्कृत रुपमा प्रस्तुत गरेको देखिन्छ । यस बाहेक यस प्रदेशको धर्म र संस्कृतिका साथमा कोशी नदीसम्बन्धी थप विवरण पनि यस ग्रन्थमा दिइएको देखिन्छ ।

अध्याय तीन

अनुसन्धान विधि

३.१ नमुना छनौट

ऐतिहासिक अध्ययनका क्रममा नमुना छनौटको खासै महत्व रहेको हुँदैन । अध्ययनका क्रममा प्राप्त ऐतिहासिक सामाग्रीहरूको पूर्ण रूपमा प्रयोग गरेर अध्ययन गर्नु पर्ने हुन्छ । विजयपुरको सेनकालिक इतिहास अध्ययनका क्रममा प्राप्त ऐतिहासिक सामाग्रीलाई नमुनामा छनौट गर्ने भन्दा पनि यथासक्य सवै प्रकारका स्रोत सामग्रीलाई प्रयोग गर्ने प्रयास गरिएको छ । तर ऐतिहासिक स्थलमा वसोवास गर्ने मानिसहरूको अन्तरवार्ता लिने तथा प्रश्नावली भराउने कार्यका लागि भने उत्तरदातालाई नमुनामा छनौट गरिएको छ । यसमा विशेष गरी ऐतिहासिक स्थलमा बसोवास गर्ने त्यस भेगको इतिहासका बारेमा जानकारी राख्ने, चासो राख्ने तथा ज्ञाताहरूलाई उद्देश्यमूलक नमुना छनौट पद्धतिबाट नमूनामा छनौट गरिएको छ । यसमा यहाँका पुराना मठ र मन्दिरका पुजारी तथा संचालकहरूलाई पनि नमुनामा छानिएको छ । ऐतिहासिक स्थलमा बस्ने तथा यस भेगको इतिहासको जानकारी राख्ने व्यक्तिहरूलाई यस विधिबाट नमुनामा छनौट गर्ने तथा तिनीहरूलाई प्रश्नावली भराउने र तिनीहरूबाट नै अन्तरवार्ता लिने कार्य गरेर पनि प्राथमिक तथ्यांक संकलन गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई ऐतिहासिक सामाग्रीबाट प्राप्त सूचनासँग तुलना गरी निष्कर्श पत्ता लगाउने कार्य गरिएको छ ।

३.२ अध्ययन सामग्री संकलन विधि

प्रस्तुत अध्ययनका क्रममा विभिन्न प्रकारका अध्ययन सामग्रीहरू संकलन गरी प्रयोगमा ल्याइएको छ । यसमा अध्ययनको प्रकृतिअनुसार विशेषतः प्राथमिक र द्वितीयक दुवै प्रकारका सामग्रीरूलाई प्रयोगमा ल्याइएको छ । ऐतिहासिक अध्ययनमा अभिलेख, हस्तलिखित ग्रन्थहरू, कलावस्तु, भग्नावशेष तथा पुरातात्विक र अन्य प्रकारका ऐतिहासिक सामग्रीहरू प्राथमिक तथ्यांकका रूपमा रहने गर्दछन् भने अन्य ऐतिहासिक स्थलमा बसोवास गर्ने मानिसहरू तथा सम्बद्ध मानिसहरूबाट लिइएका अन्तरवार्ता, तिनीहरूलाई भराईएका प्रश्नावली तथा त्यस्ता स्थानमा गरिएका अवलोकनबाट प्राप्त विवरणहरू पनि प्राथमिक तथ्यांकका रूपमा रहने गर्दछन् । यता अन्य विद्वान्हरूले गरेका अनुसन्धान तथा लेखेका प्रकाशित र अप्रकाशित कृतिहरू भने द्वितीयक तथ्यांकका रूपमा प्रयोग गरिन्छन् । यस अनुसन्धानमा यस्ता दुवै प्रकारका तथ्यांक संकलन गरी तिनीहरूको उचित मात्रामा विश्लेषण तथा तुलना गरेर अध्ययनलाई पूर्णता दिइएको छ ।

तथ्यांकको स्रोतको हिसावले विभिन्न स्थानका पुस्तकालय, संग्रहालय, ऐतिहासिक स्थलहरू, त्यस्ता क्षेत्रका मठमन्दिरहरू र व्यक्तिगत संग्रहहरू राजनैतिक इतिहास अध्ययनका लागि तथ्यांकका स्रोतका रूपमा रहेका छन् । विजयपुर भेगमा हालसम्म पनि कतिपय मानिसहरूले पुराना हस्तलिखित ग्रन्थहरू र तमशुकहरू तथा लालमोहर तथा स्याहामोहरहरू लुकाएर राखेको कुरा जनमानसमा सुन्नमा आउने गरेको छ । त्यस्ता कतिपय सामाग्रीहरू भने मानिसहरूले गोप्य रूपमा बेचविखन गरेको पनि पाइएको छ । यता अझ सम्म पनि विजयपुर भेगमा सेनकालका किल्लाहरू यत्रतत्र देख्न सकिन्छन् । तसर्थ यस्ता सवै प्रकारका विषयवस्तुलाई तथ्यांकका स्रोतका रूपमा लिएर यो अध्ययन पूरा गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्यांक संकलन गरी प्रयोगमा ल्याइएको छ । यसमा विशेषगरी प्राथमिक तथ्यांक स्थलगत रूपमा र संग्रहालय तथा अभिलेखालयबाट संकलन गरिएको छ । व्यक्तिगत संग्रहमा रहेका केही सामग्रीहरूलाई पनि प्राथमिक स्रोतका रूपमा प्रयोगमा ल्याइएको छ । यसका साथमा यी दुवै प्रकारका तथ्यांकहरू निम्नानुसारले संकलन गरिएका छन् ।

३.२.१ प्राथमिक सामग्री संकलन विधि

कोशी पूर्वको विजयपुरको सेन राज्यको इतिहास अध्ययन गर्दा अनेक प्रकारका प्राथमिक तथ्यांकहरू संकलन गरिएको छ । यस अध्ययनका लागि आवश्यक महत्वपूर्ण प्राथमिक तथ्यांकहरू पाइएसम्म यसै भेगबाट संकलन गरिएका छन् । यस भेगका ऐतिहासिक स्थलहरू तथा पुराना मठमन्दिर, थान र किल्लाहरूमा सेनकालिक विभिन्न प्रकारका पुरातात्विक स्रोतहरू प्राप्त भएका छन् भने विभिन्न स्थानका मानिसहरूले नीजि रूपमा संग्रह गरेका स्यामोहर, लालमोहर, ताम्रपत्र, दानपत्र, वितापत्र, चिठ्ठीपत्र र अन्य प्रकारका लिखतहरूलाई पनि यस अध्ययनमा महत्वपूर्ण प्राथमिक तथ्यांकका रूपमा प्रयोग गरिएको छ । यस भेगमा मध्यकालतिरका लामा र ज्यादा पुराना अभिलेखहरू भने पाउन सकिएका छैनन् । तर पनि केही मात्रामा छोटा तथा मन्दिरको गजुरमा राखिएका सेनकालिक अभिलेखहरू पाइने गरेको हुनाले प्रस्तुत अध्ययनका क्रममा तिनीहरूलाई महत्वपूर्ण प्राथमिक सामग्रीका रूपमा संकलन गरी प्रयोग गरिएको छ ।

मध्यकालिक विजयपुरे सेन शासकहरूका पालमा बनेका विभिन्न प्रकारका मठमन्दिरहरूको अस्तित्व अहिले पनि विजयपुर भेगमा पाउन सकिन्छ । तसर्थ तिनीहरू पनि प्रस्तुत अध्ययनका क्रममा महत्वपूर्ण सामग्रीका रूपमा रहेका छन् । यस भेगका मन्दिरका पुजारीहरूलाई सेन राजाहरूले दिएका लालमोहर तथा अन्य प्रकारका लिखतहरू यहाँका महत्वपूर्ण प्राथमिक सामग्रीहरू हुन् । यता विजयपुर भेगमा अनेकन् प्रकारका किल्लाहरू बनेका थिए, जुन

अहिलेसम्म पनि जीर्ण अवस्थामा अस्तित्वमा रहेका छन् । साँगुरीगढी, भताभंगेगढी, भवानीथान र चौदण्डागढी यस भेगका मध्यकालिक गढीका अवशेषहरू हुन् । तसर्थ तिनीहरू सवैलाई शूक्ष्म रूपमा अध्ययन गरेर विजयपुरको सेनकालिक राजनैतिक इतिहास अध्ययन गरिएको हुनाले तिनीहरूको स्थलगत भ्रमण तथा अवलोकनलाई पनि यहाँ महत्वपूर्ण प्राथमिक स्रोतका रूपमा लिइएको छ । यसका साथमा निम्नानुसारका थप विधि अपनाएर प्रस्तुत अध्ययनका क्रममा प्राथमिक तथ्यांकहरू संकलन गरिएका छन् ।

क) अवलोकन

कुनै पनि स्थानको राजनैतिक इतिहास अध्ययन गर्नका लागि अवलोकन प्राथमिक तथ्याङ्क संकलन गर्ने एउटा अति पुरानो र महत्वपूर्ण विधि मानिन्छ । पुराना ऐतिहासिक स्थलहरूको शूक्ष्म अवलोकनबाट नै तिनीहरूका विविध पक्षका बारेमा यथार्थता जानकारी पाउन सकिन्छ । इसापूर्व कालतिर हेरोडोटस लगायतका चिन्तकहरूले यसै विधिको प्रयोगबाट इतिहासको अध्ययन गरेको पाइन्छ । विशेषगरी पुराना वस्तिक्षेत्रहरू, पुरातात्विक महत्वका स्थानहरू, ढिस्काहरू, ती क्षेत्रमा प्राप्त हुने पुरातात्विक वस्तुहरू तथा किल्लाहरूको अवलोकनबाट इतिहासका लुकेका धेरै पक्षहरू उजागर हुने गर्दछन् । तसर्थ प्रस्तुत अध्ययनका क्रममा मध्यकालिक विजयपुरको सेनहरूको समयका पुरातात्विक स्थल तथा ऐतिहासिक स्थलहरूको अवलोकन कार्य गरी महत्वपूर्ण प्राथमिक तथ्यांकहरू संकलन गरिएका छन् । यसैगरी त्यस बेलाका मठमन्दिहरूको र किल्लाहरूको पनि शूक्ष्म रूपमा अवलोकन गरिएको छ ।

सेनहरूको समयदेखिका हालसम्म जीवित रहेका मठमन्दिहरूमा प्रचलित विभिन्न परम्पराहरूले पनि तत्कालको परम्पराको प्रतिनिधित्व गर्ने हुनाले विजयपुरको सेनकालिक इतिहास अध्ययन गर्ने क्रममा सेन कालतिर अस्तित्वमा रहेका वराहक्षेत्र, औलियामठ र धरानका पिण्डेश्वर लगायतका मठमन्दिरका परम्पराहरूको पनि अवलोकन गरी प्राथमिक तथ्यांकहरू संकलन गरिएको छ । यसबाट विजयपुरको सेनकालिक इतिहास अध्ययनका लागि महत्वपूर्ण सूचनाहरू प्राप्त भएका छन् । यहाँ सालभर मानिसहरूले मनाउने उत्सव तथा गर्ने कृयाकलापका बारेमा पनि शूक्ष्म रूपमा अवलोकन गरेर नै यो अनुसन्धानका लागि प्राथमिक सामग्री संकलन तथा प्रयोग गरिएको छ । अवलोकनका लागि ऐतिहासिक स्थलहरू, भग्नावशेषहरू र धार्मिक स्थलहरूको भ्रमणलाई पनि महत्व दिइएको छ ।

ख) अन्तरवार्ता

ऐतिहासिक अध्ययनका लागि अन्तरवार्ता अन्य स्रोतहरूको तुलनामा तथ्यांक संकलन गर्ने सामान्य विधिका रूपमा रहने गर्दछ । तर पनि कतिपय ऐतिहासिक स्थलको राजनैतिक इतिहासको

अध्ययनका लागि ऐतिहासिक क्षेत्रमा वस्ने मानिसहरूबाट लिइने अन्तरवार्ता पनि निकै महत्वपूर्ण विधि हुन सक्तछ । अन्य ऐतिहासिक स्रोतहरूको अभाव रहेको स्थानको इतिहासको अध्ययन गर्ने मुख्य श्रोतनै स्थानीय मानिसहरूमा प्रचलित किंवदन्ति, लोकोक्ति र सम्बन्धित स्थानका बारेमा प्रचलित धारणा तथा कहावतहरू हुन सक्तछन् । यस्ता विषयवस्तुको जानकारी स्थानीय मानिसहरूसँगको अन्तरवार्ताबाट गर्न सकिने हुनाले यसलाई पनि ऐतिहासिक अध्ययनका लागि तथ्यांक संकलन गर्ने माध्यमका रूपमा लिने गरिएको हो । तसर्थ विजयपुरको सेनकालिक इतिहासको अध्ययनका क्रममा अन्तरवार्तालाई पनि प्राथमिक तथ्यांक संकलन गर्ने उपकरणका रूपमा लिइएको छ । तसर्थ विजयपुर भेगमा बस्ने पुराना वासिन्दाहरूमध्ये केही उत्तरदाताहरूलाई नमुनामा छनौट गरी तिनीहरूबाट अन्तरवार्ता लिएर महत्वपूर्ण प्राथमिक तथ्यांक संकलन गरिएका छन् । यसमा अर्धसंरचित प्रश्नावलीलाई प्रयोगमा ल्याइएको छ । अध्ययनकर्ता स्वयंले आवश्यकता अनुसार प्रत्यक्ष रूपमा स्रोत व्यक्तिसामु उपस्थित भएर अन्तरवार्ता लिई यस्ता तथ्यांक संकलन गर्ने तथा तिनीहरूलाई प्रयोग गरी यस अध्ययनलाई पूर्णता दिने कार्य गरिएको छ ।

ऐतिहासिक अध्ययनका लागि अन्तर्वार्ता त्यति महत्वपूर्ण स्रोत नहुने भएपनि कुनै पनि ऐतिहासिक स्थलमा लामो समयदेखि अविच्छिन्न रूपमा बसोवास गर्ने मानिसहरूलाई त्यस स्थानका धेरै विषयवस्तुका बारेमा जानकारी रहन सक्तछ । तिनीहरूले तिनका अग्रजहरूबाट परम्परा तथा लोकोक्तिका रूपमा इतिहासका विविध पक्षका बारेमा जानकारी पाएका हुने गर्दछन् । तसर्थ विजयपुरको सेन राज्यको बारेमा अध्ययन गर्ने क्रममा पनि यहाँका ऐतिहासिक स्थलमा बस्ने मानिसहरूबाट पनि अन्तर्वार्ता लिएर महत्वपूर्ण सामाग्रीहरू संकलन गरिएका छन् । जस्तो वराहक्षेत्रभन्दा माथि सूर्यकुण्ड डाँडामा त्यसबेला निकै ठूलो बस्ति थियो, जहाँका मानिसहरू नेपालको विराटनगर र काठमाडौं लगायतका स्थानमा बसाईं सरेर गएका छन् भने कोशी पारीको कञ्चनपुर भेगमा पनि सेनकालतिर नै वस्ति बसिसकेको थियो । यता पूर्वी पहाडी भागमा त्यसै बेलादेखि वस्तिको विस्तार भएको हुनाले इतिहासका विविध पक्षका बारेमा चासो राख्ने यस भेगका पुराना मानिसहरूबाट किंवदन्ति र लोकोक्तिका रूपमा थुप्रै प्रकारका ऐतिहासिक विवरण पाउन सकिन्छ । तिनीहरूलाई उपयुक्त मानिसहरूको अन्तरवार्ताका माध्यमबाट संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त सुचना तथा सामग्रीलाई पनि अन्य सामग्रीहरूसँग तुलना गरेर तिनीहरूको शुद्धता पत्ता लगाइएको छ ।

३.२.२ द्वितीयक सामग्री संकलन विधि

सेनकालिक विजयपुरको इतिहास अध्ययनका क्रममा प्रकाशित र अप्रकाशित विभिन्न प्रकारका कृतिहरूलाई द्वितीयक तथ्याङ्का रूपमा प्रयोग गरिएको छ । त्यस्ता कृतिहरू यथासक्य

बजारबाट खरिद गर्ने तथा खरिद गर्न नपाईने, दुर्लभ तथा अप्राप्य कृतिहरू भने विभिन्न पुस्तकालय र अभिलेखालय तथा संग्रहहरूबाट प्राप्त गरिएका छन् । त्यस्ता प्रकृतिका पुस्तकहरू फोटोकपी गर्ने, तिनको चित्रण गर्ने तथा तिनीहरूको टिपोट गरेर पनि त्यस्ता तथ्यांकहरू संग्रह गरिएका छन् । इतिहासको अध्ययन प्राथमिक स्रोतको अध्ययनबाट मात्र पूर्ण नहुने हुँदा द्वितीयक तथ्यांकहरूलाई पनि महत्वपूर्ण स्रोत या प्रमाणका रूपमा लिइएको हो । तिनीहरूको तुलना प्राथमिक तथ्याङ्कसँग गरी त्यसैका आधारमा यहाँको इतिहासका विविध पक्षहरूका बारेमा अध्ययन गरिएको छ । यसैगरी विभिन्न स्थानबाट बेलाबेलामा प्रकाशित भएका सम्बन्धित विषयवस्तुका लेख रचनाहरूको पनि अध्ययन गरिएका छन् । विजयपुरको सेनकालिक इतिहासका बारेमा हालसम्म सिङ्गो पुस्तकचाहिँ एउटा पनि प्रकाशित भएको नपाइने हुँदा यसका बारेमा सम्बन्धित प्रकाशित लेख रचनालाई नै प्रमुख द्वितीयक तथ्याङ्का रूपमा प्रयोग गरी तिनीहरूलाई प्राथमिक तथ्याङ्कसँग तुलना गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

विशेषत भारतको बंगाल, बिहार, आसाम, सिक्किम र कुच बिहार लगायतका स्थानको इतिहास विजयपुरको इतिहाससँग सम्बन्धित भएकाले ती क्षेत्रका बारेमा गरिएका अध्ययनलाई पनि यसका लागि आधार मानिएको छ । पूर्णियाको इतिहास, प्राचीन प्राग्ज्योतिषको इतिहास लगायत महाकाव्यहरूमा वर्णित मत्स्यदेशको इतिहास पनि यस भेगको इतिहासका लागि महत्वपूर्ण स्रोत सामग्री सावित भएको छ । कतिपय द्वितीयक स्रोतसामाग्रीहरू गुगल सर्च र प्रामाणिक वेभ सर्वेक्षणबाट पनि प्राप्त गरिएका छन् । तर तिनीहरूका प्रमाणमा सत्यताको अवस्था परीक्षण गर्नुपर्ने हुँदा तिनीहरूको प्रयोगमा भने विशेष सावधानी अपनाएर तथ्यांकको शुद्धतालाई महत्व दिइएको छ । प्रमाण विनाको इतिहासलाई इतिहास भन्न सकिदैन । तर विगतको अध्ययनका लागि सवै प्रकारका प्रमाणहरू उपलब्ध हुन्छन् भन्ने कुरा पनि हुँदैन । यस प्रसंगलाई मध्यनजर गरी विजयपुरको सेन राज्यकालिक इतिहासको अध्ययनका लागि यस्ता प्रमाणहरूको यथोचित रूपमा प्रयोग गरिएको छ । यसमा विशेषत राजनैतिक इतिहासलाई ज्यादा महत्व दिइएको छ ।

३.३ अध्ययनको सिद्धान्त र अवधारणा

विजयपुरको सेनकालिक इतिहास अध्ययन गर्ने क्रममा इतिहास अध्ययनको विधिलाई पूर्ण रूपमा अवलम्बन गरिएको छ । इतिहास अध्ययनको एउटा पद्धति ऐतिहासिक पद्धति हो । ऐतिहासिक विषयवस्तुको अध्ययनका लागि पनि केही सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । यसमा विशेषगरी लिविस विनफोर्डले प्रयोग गरेको मध्यश्रेणि सिद्धान्त ९ष्मममभि चबलनभ तजभयचथ० लाई आधार मानिएको छ । यस सिद्धान्तअनुसार विगतमा जे भयो र आज प्राप्त हुने पुरातात्विक

अभिलेख ९चभअयचमक० का बीचको अभाव ९नबउक० लाई पुरातात्विक अध्ययनले जोड्ने या पूरा गर्ने गर्दछ । यस सिद्धान्तलाई प्रयोग गर्ने विनफोर्डका बिचारमा पुरातात्विक संग्रह समकालिक हुन्छन् र तिनीहरूको अवलोकन समकालिक अवलोकन हुन्छ ।[1] यहाँ यसको मतलव यो रहेको छ कि पुरातात्विक अवशेषहरूले ती वस्तु निर्माण गरी प्रयोग गर्ने मानिस तथा त्यसै बेलाका विविध विषयवस्तुका बारेमा विवरण दिइरहेका हुन्छन् भने यस्तो अध्ययनमा हामी यति धेरै पछि पनि त्यसै समयका वस्तुहरू हेरिरहेका हुन्छौं । पुरातात्विक वस्तुहरू इतिहास अध्ययनका स्रोतका रूपमा रहेका हुनाले इतिहास र पूरातत्व एउटै विषयवस्तु हुन् । इतिहास अध्ययनका लागि पूरातत्वले श्रोत प्रदान गर्दछ । तसर्थ इतिहास विनाको पूरातत्वको कुनै महत्व रहँदैन । यस अर्थमा विनफोर्डले पुरातात्विक वस्तुहरूको अध्ययनका लागि जुन सिद्धान्तको प्रतिपादन गरेका छन्, वास्तवमा इतिहास अध्ययनको मूल सिद्धान्त पनि त्यही हो । तसर्थ यहाँ यसैलाई विजयपुरको सेनकालिक इतिहास अध्ययनको आधारभूत सिद्धान्तका रूपमा लिइएको छ ।

पुरातात्विक स्थलहरूको अध्ययन गर्ने मध्यश्रेणि सिद्धान्त निम्न तीनवटा आधारभूत मान्यतामा आधारित छ ।

क) पुरातात्विक संग्रहहरू जमिनमुनि स्थिर रूपमा संरक्षित हुन्छन्, जसले समकालिक विवरण दिइरहेका हुन्छन् ।

ख) पुरातात्विक संग्रहको रेकर्ड विशिष्ट पद्धतिमा जमिनमुनि रहेको हुन्छ र विभिन्न स्वरूप निर्माण हुने क्रममा रहिरहन्छ ।

ग) विगतका बारेमा बुझ्न विगतका स्थिर पुरातात्विक वस्तुहरू र वर्तमानका चलायमान वस्तुका बारेमा समेत बुझ्न आवश्यक छ ।

विनफोर्डको माथि वर्णित सिद्धान्तले स्थिर र चलायमान तथा व्यवहारिक र वस्तुगत विषयवस्तुका बारेमा चर्चा गर्दछ । यहाँ विगतका जमिनमुनि पुरिएका पुरातात्विक वस्तु स्थिर हुन् भने वर्तमानका वस्तु चलायमान छन् । त्यस्तै यहाँ व्यवहारिकको मतलव अहिलेको समाज र वस्तुगतको मतलव विगतको अवशेषका आधारमा मात्र अध्ययन गरिने समाज भन्ने हुन्छ । मध्यश्रेणि सिद्धान्तले पुरातात्विक उपकरणको व्याख्या गर्न समेत सहयोग पुऱ्याउँछ । यता मानव व्यवहार र भौतिक वस्तुको बीचको सम्बन्ध स्थापित गर्ने शास्त्र पुरातत्व हो । वास्तवमा ऐतिहासिक तथा पुरातात्विक अध्ययनका लागि मध्यश्रेणी सिद्धान्तनै सवैभन्दा उपयुक्त भएकाले प्रस्तुत अध्ययन यसै सिद्धान्तमा आधारित भएर पूरा गरिएको छ । किनकि वर्तमान समाज पनि विगतको निरन्तरताको प्रतिफल हुन सक्तछ । तर मानव बसोवास गरेको स्थानमा बीचबीचमा

[1] लिविस विनफोर्ड (सन् १९६२), *आर्क्योलोजी एज एन्थ्रोपोलोजी* (यूएसएः अमेरिकन एन्टिक्वीटी), पृ. २१७-२२५ ।

बसोवासको निरन्तरता भएको रहेनछ भने चाहिं वर्तमान समाजको स्वरूप विगतको निरन्तरताको प्रतिफल नहुन पनि सक्तछ । बसाइँ सराइका कारणले मानिसको संस्कृतिको अविच्छिन्नतामा परिवर्तन आएको हुन सक्तछ । यसै विषयवस्तुका आधारमा विजयपुरको सेनकालिक इतिहास अध्ययनका क्रममा मध्यश्रेणी सिद्धान्तको आधार लिइएको छ ।

विजयपुरको इतिहास अध्ययनको अवधारणा



सेन वंश र विजयपुर राज्यको इतिहास अध्ययन गर्दा के देखिन्छ भने यस राज्यमा सेनहरूले ज्यादै छोटो समयका लागिमात्र शासन गरेको देखिन्छ । विगतमा मोरङ विजयपुर भेग अन्य प्रदेश तथा राज्यहरूबाट विल्कुल रूपमा अलग्ग थियो । यसको अधिकांश भूभाग कि त उत्तरतिरको विकट पहाडी भाग, दक्षिण तिरको समथर तर जंगलै जंगलले ढाकेको भूभागदेखि लिएर कतै नदी, कतै पहाड र चुरेको गेगरयुक्त भूभागका साथमा भावर र खोंचजस्ता विकट भौगोलिक स्वरूप हुनु यस राज्यको प्रमुख विशेषता रहेको देखिन्छ ।

विजयपुर राज्यको स्थापना विजयनारायणले नभएर उनका पुर्खाहरूले गरेको विवरण पनि पाइने गर्दछ । प्राप्त एक विवरणअनुसार विजयपुर राज्यको स्थापना इसाको पन्ध्रौं शताब्दीमा आसाम तिरबाट आएका साङ्गलाइङ्ग नामक एकजना व्यक्तिले गरेका थिए । त्यसमा साङ्गलाइङ्गका छोरा पुङ्लाइङ्गले आफ्नो नाम परिवर्तन गरी अमर राय राखेको बताइन्छ । यसमा साङ्गलाइङ्गका सातौं पुस्तामा विजयनारायण राय भएको उल्लेख छ ।[२] यिनको समय वि.सं. १४२१ तिर मानिएको छ । पछि वि.सं. १६४१ तिर विजयनारायणले फेदाप थुममा राजा मुरेहाङ्ग खेवाङ्गसँग मित्रता गरेको तथा उनका सन्तानलाई विजयपुरको मन्त्रि दिने संझौता गरेर आफ्नो नाममा एउटा शहर पनि बसाएको उल्लेख पाइन्छ । विजयनारायणको समयदेखि विजयपुरको इतिहास

२. इमानसिंह चेम्जोङ्ग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंग: नेपाली साहित्य प्रतिष्ठान), पृ. २३ ।

गणना गर्ने हो भने वि.सं. १८३१ सम्ममा जम्मा १९० वर्षसम्म मात्र हुने गर्दछ । यता लोहाङ्गसेनले भने वि.सं. १६६६ मा विजयपुरमा शासनको सुरूवात गरेको देखिन्छ । यस हिसावले वि.सं. १६६६ देखि विजयपुर एकीकरणको समय या वि.सं. १८३१ सम्मको जम्मा १६५ वर्ष हुन आउँछ । यसरी एउटा राज्यको अस्तित्व करिव १९० वर्षसम्म रहनु या सेनवंशको शासन १६५ वर्षमात्र रहनु निकै छोटो समय मानिन्छ ।

विजयपुर राज्य विजयनारायण या वीरनारायणले स्थापना गरेको कुरामा विद्वान्हरूका बीचमा विवाद रहेको पाइँदैन । विभिन्न श्रोतहरूमा यो राज्य कतै विजयनारायण र अन्यत्र वीरनारायणले स्थापना गराएको उल्लेख पाइन्छ । तर यी व्यक्ति कहाँका र को थिए भन्ने कुरामा चाहिं निकै ठूलो विवाद रहेको छ । पूर्वी नेपालमा प्रचलित एउटा किंवदन्तिमा विजयनारायणलाई ब्राह्मण राजा भन्ने गरिन्छ । उक्त किंवदन्तिमा पाइएअनुसार यस भेगमा शासन गर्ने ब्राह्मण राजाहरू लक्ष्मीनारायण, विरनारायण, रूपनारायण, नरनारायण, जगतनारायण, आदिनारायण र अन्तिम विजयनारायण थिए । विरनारायणलाई कसैले पहाडतिरबाट आएका किराँत र अर्को थरिले आसामतिर बाट आएका कोच थिए पनि बताएका छन् । यिनलाई पहाडका राजा खेवाङले मोरङमा शासन गर्न पठाएको र उनी किराँतीनै भएको तथा किराँती राजा किचकका सन्तान भएको पनि बताइन्छ । जे भए पनि विजयपुर राज्यको स्थापना विजयनारायण या तिनका पूर्खाले गरेको तथा उक्त क्षेत्रमा तिनले लामो समयसम्म शासन गरेको विषयमा भने विद्वान्हरूका बीचमा कममात्र विवाद रहेको देखिन्छ ।

विजयपुरका सेन राजाहरू आलंकारिकमात्र हुने गर्दथे । अघि विजयनारायणका पालामा सुरू गरिएको मन्त्रीभने किरातहरू पुस्तौनी रूपको हुने कुरालाई सेनहरूले पनि निरन्तरता दिएका थिए । तसर्थ उनीहरूले यस भेगमा काजी या मन्त्रीलाई शासनभार सुम्पिएर मकवानपुरतिरै बस्ने तथा मन्त्रीहरू भने यहाँ बसेर शासन गर्ने तथा निकै शक्तिशाली हुने गरेको देखिन्छ । यहाँ बसेर शासन गर्नमा सेनहरूलाई खासै चासो पनि थिएन । तर पनि यहाँका भारदार तथा मन्त्रीहरू बेलाबेलामा राजालाई आफ्नो पक्षमा लिने तथा आफ्नो स्वार्थका लागि कार्य गर्ने गर्दथे । विजयपुरमा शासन गर्ने सेन राजाहरूको नाम केही वंशावलीहरूमा फरकफरक पनि पाइन्छ । तर पनि यस क्षेत्रको पहिलो सेन शासक लोहाङ्गसेन र अन्तिम कर्णसेनका बारेमा भने त्यस्तो विवाद रहेको देखिदैन । यी दुवैको बीचमा शासन गर्ने राजाहरूको नाममा मात्र यस्तो अन्तर आएको पाइन्छ ।

मकवानी सेनहरूले आफू मकवानपुरतिर नै बसेर विजयपुर भेगमा भने स्थानीय रायहरूलाई मन्त्री बनाई शासनाधिकार जिम्मा दिने गरेको हुनाले यहाँका रायहरू बेलाबेलामा

ज्यादै उच्छ्रङ्खल ढंगमा प्रस्तुत हुने तथा आफूलाई मन परेको व्यक्तिलाई ल्याएर राजा बनाउने एवं पुन मन नपरेको राजालाई धपाउने पनि गर्दथे । यसै क्रममा यस भेगमा बेलाबेलामा राजाहरू परिवर्तन भईरहने तथा उनीहरूमा स्थायित्व नरहने गरेको देखिन्छ । विजयपुरमा विभिन्न ९ जना सेन शासकहरूले शासन गरेको देखिन्छ । तिनीहरूमा वंशक्रमले नभएर दाजुभाई तथा काकाभतिजा जस्ता व्यक्तिहरूले समेत शासन गरेको पाइएको छ ।

मोरङ भेगमा बेलाबेलामा बाहिरी शक्तिले पनि अधिपत्य जमाउने गरेका उदाहरणहरू पाइएका छन् । यहाँको यस्तै शासनको अस्थिरताको मौका छोपी सेनहरूले यहाँ अधिपत्य जमाउने कार्य गरेका हुन् । वास्तवमा मोरङमा लोहाङ्गसेनले विजय हासिल गरेपछि पनि स्थायी रूपमा यहीं बसेर शासन गरेको देखिदैन । उनी विजयपुरका विद्याचन्द्र रायलाई यहाँको मन्त्रि पदमा नियुक्त गरेर शासनभार जिम्मा दिई मकवानपुरमा नै फिरेका थिए । तसर्थ लोहाङ्गसेन विजयपुरका नाम मात्रका शासक थिए र यहाँको सम्पूर्ण शासनाधिकार भने विद्याचन्द्र रायमा निहित थियो । यस्तो अवस्थामा बाहिरी शक्तिले यस भेगमा शाशनाधिकार कायम गर्न प्रयास गर्नु स्वाभाविक थियो । यसै क्रममा लोहाङ्गसेन पछिका सेन शासक राघवसेनको समयमा मोरङ क्षेत्रमा एक पटक काठमाडौं उपत्यकाका शिवसिंह मल्लले अधिपत्य जमाएको पाइन्छ । तर यस भेगमा उनको अधिपत्य दिगो हुन पाएन र यो स्थान तुरन्तै शिवसिंहको अधिनबाट स्वतन्त्र हुन पुग्यो ।

विजयपुरमा एकपटक राजा र मन्त्रीका बीचमा ठूलो झगडा परेको देखिन्छ । यसको फाइदा उठाउँदै सिक्किमका राजा नग्याल फुन्चोले वि.सं. १८२६ मा विजयपुरको इलाम क्षेत्रमा अधिपत्य जमाएका थिए । यही झगडाकै निहुँमा बुद्धिकर्ण राई भागेर ज्यान जोगाउन पूर्णियातिर गए । उनले पूर्णियामा नै बसेर सिक्किमको समेत साथ लिई कामदत्त सेनको हत्या गराउन सफल भए । त्यसपछि उनी विजयपुर फिरेर कामदत्तका काका रघुबीरसेनलाई विजयपुरको राजगद्दीमा राखी शासन गर्न लागे । यता रघुविर सेन बृटिस इन्डियासँग मिलेका थिए । पछि बुद्धिकर्ण राईले यो कुरा थाहा पाएपछि वि.सं. १८२७ मा यिनी देश छाडेर भागे । यसै क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायणका सेनाले विजयपुरलाई बृहत्तर नेपालभित्र एकीकरण गरे ।

विजयपुरका राजा कामदत्त सेनको समयमा यहाँ राजा र मन्त्रीका बीचमा ठूलो झगडा भएको देखिन्छ । यसै क्रममा त्यहाँका मन्त्री बिचित्र राईसँग राजाको मेलामिलाप हुन सकेन । तसर्थ उनी भोटतिर भाग्न पुगे र जगतसेन विजयपुरको राजगद्दीमा बसे । कामदत्त सेन विचित्र राईको रवैयादेखि डराएर ज्यान जोगाउन त्यता भागेका हुन् । जगत सेनलाई राजगद्दीमा राख्ने काम पनि विचित्र राईले नै गरेका थिए । पुन कामदत्तसेन फिरेर आई जगतसेनसँग मिलेर शासन गर्न लागेकोमा त्यही समयमा बिचित्र राईको मृत्यू भई बुद्धिकर्ण राई विजयपुरका मन्त्री भएका

थिए । तर यिनीहरूको बुद्धिकर्ण राईसँग पनि झगडा पऱ्यो । यसरी एकातर्फ सेनराजाहरू विजयपुरमा स्थायी रूपमा बसेर शासन गरेनन् भने अर्कातर्फ यहाँका भारदार र राजाका बीचमा आपसी झैझगडा भईनै रहन्थ्यो । यसले गर्दा यहाँको राजनीतिमा स्थिरताभने आएको पाइँदैन ।

विजयपुरमा राजनैतिक अस्थिरता, आपसी कलह, बाहिरी हस्तक्षेप, मन्त्रिहरूको खिचातानी तथा विषम भौगोलिक अवस्थितिका कारणले शासनमा स्थायित्व आएको भने देखिदैन । राजा र मन्त्रीका बीचमा आपसी विवादका कारण शक्ति हत्याउन षड्यन्त्र गर्ने जस्ता कार्यले गर्दा पनि यहाँको प्रशासन स्थिर र मजबुत हुन पाएन । तसर्थ पृथ्वीनारायण शाहाका सेनालाई विजयपुरमाथि विजय गर्न कति पनि असजिलो नभएको हो । यसैक्रममा वि.सं. १८३१ सालमा पृथ्वीनारायण शाहका सेनाले विजयपुरमाथि विजय पाएपछि भने यस राज्यको अस्तित्व समाप्त भएर गयो ।

अध्याय चार

सेन वंशको परिचय

४.१ परिचय

उत्तर भारतको विभिन्न भागमा प्राचीन कालदेखि नै सेन उपाधिधारी राजाहरूले शासन गरेको देखिन्छ । नेपालको तराई, चुरे, दुन र भाबर प्रदेशमा मध्यकालमा सेनहरूले शासन गरेका थिए भने भारतको बंगालमा त्यस अघिनै यस्तै उपाधिधारी शासकहरूले शासन गरेको देखिन्छ । तर यी दुवै सेनधारी राजाहरूका बीचमा के सम्बन्ध थियो या नेपाल र बंगालका सेनहरू एउटै थिए या अलग्ग बंशका थिए भन्ने कुरा स्पष्ट छैन । यता बंगालमा शासन गर्ने सेनहरू सुरूमा ब्राह्मण थिए भने पछि क्षत्रीय भएकाले तिनलाई ब्रह्मक्षेत्रीय भनिन्थ्यो । बंगालमा पहिलोपटक दक्षिण भारतबाट आएर बसोवास गर्ने व्यक्ति सामन्त सेन थिए, जसका सन्तानहरूले नै बंगालमा सेन बंशको विस्तार गरेका हुन् ।[१] त्यहाँ सर्वप्रथम सामन्त सेनका छोरा हेमन्तसेनले महाराजधिराजको पदवी लिएका थिए । तिनले पाल वंशको पतन गराएर सेन वंशको स्थापना गरेका हुन् । राधाबाट सुरू गरेको शासन उनले बंगालको ठूलो क्षेत्रमा विस्तार गरे । बंगालमा सेनहरू कसरी आए भन्ने कुरा स्पष्ट नभए पनि दक्षिणा चालुक्य राजा विक्रमादित्य छैटौंका सेनाका साथमा यिनीहरू कर्नाटकबाट बंगालमा आएको अनुमान छ ।[२]

बंगालका सेन शासक विजयसेन ज्यादै शक्तिशालि थिए । सुरूमा यिनी एउटा सानो राधा प्रदेशको राजा भएका थिए भने कालान्तरमा उनले यसलाई विशाल क्षेत्रमा विस्तार गरेका थिए । यिनले कलिंग देशका अनन्त वर्मा चोडगंगासँग सम्बन्ध स्थापित गरे र बंगालमा आफ्नो शक्ति फैलाए । विजयसेनले गौड देशमा विजय हासिल गरेको र मिथिला देशका नान्यदेवलाई पनि हराएका थिए । यिनीपछि बलाल सेन, लक्ष्मणसेन, विश्वरूप र केशवसेन राजा भए । केशव सेन बंगाली सेन बंशका छैटौं तथा अन्तिम शासक थिए । बंगालमा सेनहरूले करिव इसाको १०९७ देखि १२२५ सम्म शासन गरेको देखिन्छ ।[३] बंगालका सेनहरूले एकातर्फ सुधारात्मक कार्य गर्न सकेनन् भने उनीहरू भोगविलासी पनि हुँदै गएकाले शासनमा कम्जोर भएर गए । यसै क्रममा सन् १२२५ तिर केशव सेनको पालामा उनको दरबार क्षेत्रमा नै बख्तियार खिल्जीले आक्रमण गरी बंगालबाट सेनहरूको शासन समाप्त पारेको देखिन्छ ।

---

१. *डब्ल्यूडब्ल्यूडब्ल्यू इन्डियाहिस्ट्रि सेन अफ् बंगाल.कम्* (सन् २०१३) पृ., १ ।
२. *उही ।*
३. *उही ।*

नेपालको विभिन्न भागमा मध्यकालताका थुप्रै प्रकारका टुके राज्यहरूको अस्तित्व थियो । ती राज्यहरूमा अलगअलग वंशका शासकहरूले शासन गर्दथे । मध्यकालताका काठमाडौं उपत्यकामा मल्लहरूले शासन गर्दथे भने पश्चिम नेपालका विभिन्न भागहरूमा अन्य वंशका शासकहरू थिए । यिनीहरूमध्ये भाबर र तराईको विभिन्न भागमा शासन गर्ने शासकहरू भने सेनवंशी थिए । तिनीहरूले मध्यकालताका पाल्पादेखि मकवानपुर र चौदण्डीहुँदै पूर्वको विजयपुरसम्म पनि आफ्नो प्रभाव जमाएको देखिन्छ । बेलाबेलामा यिनीहरूले सेनराज्यको विस्तार ठूलो भूभागसम्म गरेका भए पनि विशेषत यिनीहरूको शासन पाल्पादेखि मोरङसम्म भने निकै लामो समयसम्म रहेको देखिएको छ । तसर्थ नेपालमा सेन शासनको चर्चा गर्दा तराई र भाबर क्षेत्रको शासन भन्ने बुझिन्छ ।

सेनहरूको इतिहास जानकारी दिने मुख्य स्रोत सेन वंशावली नै हो । तर पनि सेन वंशावली एकै प्रकारको मात्र पनि पाइएको छैन । यसमा प्राचीन सेन वंशावली, भवदत्तकृत सेन वंशावली, आचारदीपक र अन्य प्रकारका सेन वंशावलीहरू छन् । सेन वंशको विस्तार पश्चिममा गुल्मीदेखि पूर्वमा मोरङसम्म भएको पाइन्छ भने विभिन्न स्थानमा सेनहरूका वंशावली पनि अलगअलग प्रकारका छन् । तर पनि तिनका मुख्य चार प्रकारका वंशावली माथि उल्लेख गरिए अनुसारका पाइएका हुन् । यसमा पनि पाल्पाली सेनहरूको हाँगो मकवानपुर हुँदै पूर्वमा विजयपुरसम्म आएको हुनाले तिनीहरूको यता तिरको हाँगालाई नै यसमा ज्यादा महत्व दिइएको छ ।

नेपालको दुन क्षेत्रमा मध्यकालतिर शासन गर्ने शासकहरूको इतिहास खोजी गर्दा तिनीहरूको वंशावलीका बारेमा पनि जानकारी हुन आवश्यक छ । यस क्रममा सेनहरूको नामकरण तथा उत्पत्तिका बारेमा पनि चर्चा गर्न आवश्यक छ । यस प्रसंगमा भविष्यपुराणको एउटा प्रसंग उल्लेख्य छ । उक्त पुराणमा चर्चा गरिएअनुसार अघि भारतको उत्तरपश्चिम भागमा शुक्ल नामक राजा शासन गर्दथे । कालान्तरमा यिनका वंशमा विश्वकसेन, जयसेन र विसेननामक राजा भएका थिए । यसमा उज्जयिनीका महासेननामक राजाका समयमा घटेका अनेक प्रकारका घटनाहरूको विस्तृत विवरण कथात्मक ढंगमा दिइएको पाइन्छ ।[४] हुन त भविष्य पुराणमा वर्णित सेनहरू पाल्पाली सेन राजाहरूका पूर्खा थिए या थिएनन् भन्ने कुरा स्पष्ट छैन । तर पनि यिनीहरूलाई नै पाल्पाली सेन राजाका पुर्खा मानेको खण्डमा यसबाट सेनहरूका आदिपूर्खा प्राचीन कालतिर उज्जयिनी भेगमा वस्ने गरेको कुरा बुझ्न सकिन्छ । कालान्तरमा तिनीहरूनै नेपालमा आएर होचो भूभाग तथा विशेषगरी भावर क्षेत्रमा राज्य विस्तार गरेका हुन् ।

---

४. उज्जयिन्यां महाभाग महासेनो नृपोभवेत् ।
तस्य राज्येवसद्विप्रो देवशर्मेति विश्रुत । *भविष्यपुराण २।२।१७।२* ।
बाबुराम उपाध्याय(अनु., २००६), *भविष्यमहापुराणम्* (प्रयागः हिन्दी साहित्य सम्मेलन), पृ. ३२९ ।

यसै आधारमा नेपालका सेनहरूलाई चितौड सेनवंश भन्ने गरिन्छ ।[५] नेपालमा यिनै सेन वंशका एकजना प्रभावशाली राजा विक्रमसेन आएर मन्दिर, धारा, बाटो र पाटीहरू बनाएको पनि उल्लेख पाइन्छ ।[६] तर चित्तौढ वंशका सेनहरूको वंशावलीमा विक्रमसेनको नाम कतै पनि परेको देखिदैन । यसमा चित्तौढ सेन वंशका पहिला शासकका रूपमा चूडासेन देखिएका छन् । शंकरमान राजवंशीले दिएको यस वंशावलीमा सेनहरूका आदिपुरूष चूडाराज देखिन्छन् । त्यसपछि मोडासेनको नाम देखिन्छ, जो सेन उपाधि लिने प्रथम पुरूष हुन् । त्यसमा पृथ्वीसेन, प्रतापसेन, संग्रामसेन, सूर्यराजसेन, कहजिलसेन, रामराजसेन, मानराजसेन, पृथुराजसेन, गन्धर्वसेन, तहीवर्तसेन र रत्नसेन क्रमिक रूपमा पर्दछन् । यता रत्नसेनका नागसेन, कलेसेन, मनोहरसेन र जालेमसेन गरी ४ जना छोराहरू थिए । तिनीहरूबाट विभिन्न स्थानका सेनहरूको वंश चलेको छ ।[७] चित्तौडको सेन वंशमा चूडाराजदेखि तेह्रौं पुस्तामा रत्नसेन छन् । यिनै रत्नसेनका छोरा नागसेनबाट पाल्पाली सेन वंशको बृक्ष बढेको देखिन्छ ।

प्रारम्भमा सेनहरूका पुर्खा रत्नसेनले चित्तौढलाई राजधानी बनाएर शासन गरेका थिए । तसर्थ उनको वंशका पछिल्ला राजाहरूलाई चितौड राजवंशी भन्ने गरिएको छ ।[८] यिनलाई रामचन्द्रको वंशका तथा सूर्यवंशी राजा पनि भनिएको पाइन्छ । चित्तौडबाट सेनहरू कसरी नेपाल आए भन्ने सम्बन्धमा वंशावलीहरूमा खासै चर्चा गरिएको देखिदैन । यता प्राचीन कालमा नै रत्नसेनका छोरा नयनसेनले प्रयाग क्षेत्रमा राज्य स्थापना गरेको वर्णन पाइन्छ ।[९] प्राप्त ऐतिहासिक विवरणअनुसार कालान्तरमा राजा तुथासेनका पालामा मुशलमानहरूले आक्रमण गरी सेनहरूको राज्यलाई तहशनहस पारे । त्यसपछि तुथासेन त्यहाँबाट उत्तरतर्फ भागी चम्पारणको राजपुर भन्ने ठाउँमा आएर बसोवास गरेका थिए । कालान्तरमा तुथासेनले त्यही भेगमा पुन सेन राज्य स्थापना गरेको वर्णन पाइन्छ । प्राप्त विवरणअनुसार यो राज्य चम्पारणदेखि उत्तरतर्फ रिब्दीकोटसम्म फैलिएको थियो । पछि यही राज्य पाल्पा राज्यका नामले परिचित भयो भन्ने विवरण पाइन्छ ।[१०]

पाल्पा राज्यको स्थापनाका सम्बन्धमा माथि दिइएको विवरणमा केही सत्यताको मात्रा रहे पनि रत्नसेनका छोरा नयनसेन थिए भन्ने कुरा यहाँ प्राप्त कुनै पनि वंशावलीले देखाएका छैनन् । यहाँ वंशावलीहरूमा प्राय सवैतिर चितौडवंशी सेनहरूमा रत्नसेनका चारजना छोराहरू रहेका देखिन्छन्, जसको नाम क्रमशः नागसेन, कमलसेन, मनोहरसेन र जालिम सेन रहेको पाइन्छ ।

---

५. विष्णुप्रसाद घिमिरे(वि.सं. २०५६), *पाल्पा राज्यको इतिहास भाग २,* (चितवनः चितवन अध्ययन केन्द्र), पृ. १ ।
६. योगी नरहरिनाथ (सं., वि.सं. २०२२), *इतिहास प्रकाशमा सन्धीपत्र संग्रह* (दाङ्गः आध्यात्मिक सम्मेल), पृ. ७५५ ।
७. शंकरमान राजवंशी (सं., वि.सं. २०२०), *सेन वंशावली* (काठमाडौंः पुरातत्व र संस्कृति विभाग), पृ. ३४ ।
८. *उही* ।
९. घिमिरे, *पूर्ववत नं. ५,* पृ. १ ।
१०. म.ब.क्या. धरानका इतिहास विषयका सहप्राध्यापक श्री हरिप्रसाद दाहालबाट प्राप्त जानकारीअनुसार, मिति २०६९/१/१२ ।

तसर्थ प्रयागमा राज्य स्थापना गर्ने व्यक्ति नयनसेन नभएर नागसेन थिए भन्न सकिन्छ । यता तुथासेन मुशलमानद्वारा प्रयाग राज्यबाट च्यूत गरिएका तथा चम्पारणमा राज्य स्थापना गर्ने राजा तथा राय हुन सक्तछन् । किनकि सेन वंशावलीमा तुथासेनको नभएर तुथाराय नामोल्लेख गरिएको देखिन्छ । तुथासेन रत्न सेनका पनाति तथा नागसेनका नाति थिए भन्ने देखिन्छ । यस सम्बन्धमा इतिहासकार शंकरमान राजवंशीको भनाई यस्तो छ :

> मकवानपुरे सेन वंशको हाँगो हेर्दा रत्नसेनका छोरा नागसेन तिरका सन्तानले पछिल्लो कालमा पाल्पा, मकवानपुर र विजयपुरमा शासन गरेको देखिन्छ । यसमा रत्नसेनपछि क्रमिक रूपमा नागसेन, तीर्थराज, तुथाराय, दिमीकिराव, उदयचन्द्र, जगब्रह्म, धर्मपाल, अनेकसिंह, खामराज, चन्द्रसेन, रूद्रसेन र मुकुन्दसेन राजा भएको विवरण यस वंशावलीमा परेको छ । यो विजयपुर या पाल्पाको सेन वंश हो । यता शंकरमान राजवंशीले नै दिएको मकवानपुरको सेन वंकावली भने विनायकपुरको भन्दा केही फरक छ । यसमा नागसेनका वंशनै केही फरक देखिन्छ । मकवानपुरमा नागसेन र मुकुन्दसेनका बीचमा १४ पुस्ता देखिन्छन् भने विनायकपुरमा दस पुस्तामात्र छन् । मकवानपुरमा नागसेनपछि गुप्तगोपदसेन, राजब्रह्मसेन, इतरब्रह्मसेन, मलेब्रह्मसेन, जगतसेन, उदैसेन, कनैयासेन, सगुणसेन, उदयराजसेन, राघव ब्रह्मसेन, अनेन्द्रसेन, समरराजसेन र चन्द्रसेनले शासन गरेको देखिन्छ । यसमा चन्द्रसेन पछि मुकुन्दसेन देखिन्छन् ।[११]

कालान्तरमा तुथासेनका वंशका मुकुन्दसेनको समयमा पाल्पालाई राजधानी बनाएर सेन राज्यको विस्तार पूर्वतर्फ गरियो । मुकुन्दसेनका विनायकसेन, मानिकसेन, विहंगमसेन र लोहांगसेन समेत ४ जना छोराहरू थिए । मुकुन्दसेनले आफ्नो जीवन कालमा राज्य विस्तार गरी सेन राज्यलाई चारै दिशामा ठूलो क्षेत्रसम्म फैलाएका थिए । तर उनको जीवन कालमा नै तिनका छोराहरूका बीचमा खिचलो सुरू भयो र सेन राज्य विभिन्न टुकाहरूमा विभक्त हुनपुग्यो । त्यसमा माणिक सेनले पाल्पा, विहंगमसेनले तनहुँ र लोहांगसेनले मकवानपुर पाए ।[१२]

चम्पारण भेगमा सेनराज्य स्थापना गर्ने तुथारामको छैटौं पुस्तामा रामराज राजा भएका थिए, जसको समय वि.सं. १४६५-१५१० मानिएको छ ।[१३] तिनको समयमा सेन राज्य बुटबलभन्दा माथि पहाडमा रिब्दीकोटसम्म फैलिएको देखिन्छ । तत्काल पाल्पामा खामराज पछि चन्द्रसेन तथा तिनको पनि निधन भएपछि रूद्रसेन राजा भएका थिए । चन्द्रसेन वि.सं. १५५० मा पाल्पाको राजगद्दीमा बसेका देखिन्छन् । चन्द्रसेनका रूद्रसेन, खड्गसेन, श्रीवत्ससेन र भानुसेन नामक चारजना छोराहरू थिए । अव चन्द्रसेनको मृत्यू वि.सं. १५५० मा भएपछि तिनका जेठा छोरा रूद्रसेन पाल्पाको राजगद्दीमा बसेका थिए । यिनका २ जना रानीहरू थिए । तिनीहरूमा एकजना मध्यदेशीय आशनमाला र अर्की प्यूठानी राजकुमारी थिइन् । रूद्रसेनकी रानी आशनमालाबाट

---

११. राजवंशी, *पूर्ववत् नं ७,* पृ. २४ ।
१२. *उही,* पृ. २९ ।
१३. घिमिरे, *पूर्ववत् नं. ५,* पृ. १ ।

मुकुन्दसेन तथा प्यूठानी राजकुमारीबाट उग्रसेन र पूर्णसेन गरी २ जना छोराहरू जन्मिएका थिए । यिनै रूद्रसेनले राजधानी रिब्दीकोटबाट पाल्पातिर सारेका थिए । यिनी आफैं तामाको रंगका रातोपिरो देखिन्थे र यिनलाई ताम्रसेन पनि भनिन्थ्यो । तसर्थ यिनको आफ्नो नाममा बसाएको शहरको नाम पनि ताम्रसेन थियो, जसलाई पछि गएर तानसेन भन्न लागियो ।

सेनवंशी राजाहरूमा रूद्रसेन निकै सुधारवादी थिए । यिनले विभिन्न समुदायका मानिसहरूलाई राखेर प्रशासन चलाउने व्यवस्था मिलाएको देखिन्छ । अहिलेको सर्वदलीय लोकतान्त्रिक पद्धतिसरह रूद्रसेनले पनि सबै वर्ण र जातका मानिसहरूको संलग्नता प्रशासनमा रहोस् भन्ने कामना गरी त्यससम्बन्धी व्यवस्था मिलाएका थिए । राजा रूद्रसेनले जारी गरेको वि.सं. १५७१ को एउटा दानपत्र पनि पाइएको छ, जसलाई तिनको नाम स्पष्टसँग उल्लेख गरिएको देखिन्छ । यिनले अनेक प्रकारका आर्थिक र प्रशासनिक सुधारका कार्यहरू पनि गरे । पछि वि.सं. १५७५ मा रूद्रसेनको मृत्यु भएको देखिन्छ । त्यसपछि तिनका छोरा मुकुन्दसेन पाल्पाको राजगद्दीमा बसे ।[१४]

४.२ पाल्पा राज्य

माथि यथा प्रसंगमा चर्चा गरिएअनुसार चितौढका सेनवंशी राजा रत्नसेनका छोरा नागसेनले प्रयाग राज्य स्थापना गरेका थिए । उनका पनाति तुथारायलाई मुशलमानहरूले आक्रमणगरी त्यहाँबाट लखेटेको हुनाले तिनले चम्पारणमा आएर सेनराज्यकोस्थापना गरेका थिए । तिनको राज्य चम्पारणदेखि उत्तरमा पाल्पा र रिब्दीकोटसम्म फैलिएको देखिन्छ । तसर्थ यिनै तुथाराय या तुथासेनले पाल्पा राज्यको स्थापना गरेको मान्न सकिन्छ । तुथाराय पछिका आठौं पुस्ताका सेन राजा रूद्रसेनले पाल्पाको श्रीनगर भेगमा आफ्नो राजधानी सारेको वर्णन पाइन्छ । यसरी पाल्पा राज्यको स्थापनाका क्रममा रूद्रसेनको पनि ठूलो भूमिका रहेको छ ।

पाल्पा राज्यको विकास र विस्तारमा रूद्रसेनका छोरा मुकुन्दसेनको योगदान उल्लेखनीय छ । मुकुन्दसेन वि.सं. १५७५ मा पाल्पा राज्यको राजगद्दीमा बसेका थिए । तिनले गुल्मी, पारकोट र प्यूठानका राजकुमारीहरू क्रमशः पुष्पमाला, सुवर्णमाला र महिमावतीसँग विवाह गरेका थिए । यिनी प्रशासनमा निपूर्ण थिए । यिनले प्रशासनिक व्यवस्थाका धेरै कुराहरू बाबू रूद्रसेनबाट नै सिकेको बताइन्छ । वैवाहिक सम्बन्धका कारण प्यूठान र गुल्मी लगायतका स्थानबाट यिनलाई ठूलो सहयोग पुगेको देखिन्छ ।[१५]

---

१४. *उही ।*
१५. *उही ।*

मुकुन्दसेनले पाल्पाको राजगद्दीमा बस्नासाथ सर्वप्रथम प्रशासन व्यवस्थालाई सुदृढ बनाए । त्यसपछि तिनले मगर र खस लगायतका भारदारलाई पनि मिलाएर बलियो सेना तयार पारे । तिनको उद्देश्य राज्य विस्तार गर्नु रहेकाले मुकुन्दसेनले तिनीहरूको सहयोगबाट पाल्पा राज्यको विस्तारमा लागे । यसै क्रममा उत्तरमा मुक्तिनाथ, दक्षिणमा गंगानदी, पूर्वमा जलपाईगुढी र पश्चिममा कुमाउँसम्म राज्य विस्तार गरे भनिएको छ ।[१६] साथै यिनले काठमाडौं उपत्यकामा पनि केही समयका लागि आधिपत्य जमाएको कुरा केही वंशावलीहरूले उल्लेख गरेका छन् ।[१७] तर यो विवरण प्रमाणिक भने छैन । यिनले पाटनमाथि आक्रमण गरी विजय पनि गरेको विवरण पाइन्छ । मुकुन्द सेनका मगर सेनाले त्यहाँ आक्रमण गरेको र विजय गरेको बताइएको भए पनि पाटनको इतिहास तथा वंशावलीमा भने यसका बारेमा केही कतै पनि चर्चा गरिएको पाइएको छैन । तसर्थ यो विवरण सत्य नहुन सक्तछ ।[१८]

मध्यकालिक चौविसे राज्यहरूमध्येको पाल्पा राज्य सवैभन्दा पुरानो र मज्बुत पनि थियो । उक्त राज्यको स्थापना अन्य चौबिसे राज्यहरूभन्दा करिव एक शताब्दी अगाडितिर नै भएको राय डिआर रेग्मीको छ ।[१९] विगतमा पाल्पा राज्यको स्थापना मुकुन्दसेनका पुर्खाले गरेको विवरण माथिनै यथा प्रसंगमा दिइएको छ । यसरी पाल्पाबाट सुरू गरिएको सेन राज्य पछि तनहुँ, मकवानपुर, प्यूठान, चौदण्डी र विजयपुरसम्म पनि फैलियो भने गुल्मी र अर्घातिरका राजाहरू पनि सेन उपाधि लेख्ने गर्न लागे । खाँची, धुर्कोट, इस्मा र मुशिकोटका शासकहरू पनि सेन वंशीनै थिए । चितौडबाट यस भेगमा आई तराई प्रदेशमा बसोवास गर्ने सेनहरूले पहिले थारूहरूको जमिन्दारीमा काम गरेको र पछिमात्र सेन राज्यको स्थापना गरेको पनि बताइन्छ ।[२०] यता पाल्पा र रिडी भेगमा प्रथम सेनराजा भने रूद्रसेन थिए । यसैगरी ह्यामिल्टनको भनाईअनुसार भने मुकुन्दसेनका पुर्खाले भाबर प्रदेशमा आएर त्यहाँका राजालाई मारी त्यसै प्रदेशको शासन हत्याएका थिए ।[२१] मुकुन्द सेनका पिता तथा पाल्पा राज्यका संस्थापक चन्द्रसेनले वि.सं. १४४० देखि १४७५ सम्म पाल्पा राज्यमा शासन गरेको उल्लेख पाइन्छ ।

पाल्पाका राजा मुकुन्दसेनले आफ्नो राज्यको पूर्वतिर एउटा राम्रो जमिनमा फँडनी गरी वस्ति बसाएका थिए, जसको नाम उनैको नामका आधारमा मुकुन्दपुर राखियो । कालान्तरमा त्यो स्थान मकवानपुरका नामले प्रख्यात भयो ।[२२] पछि गएर मकवानपुरलाई पूर्वी सेन राज्यको

---

१६. भिम बहादुर पाण्डे (२०३४), *राष्ट्रभक्तिका झलक* (काठमाडौं: रत्नपुस्तक भण्डार), पृ. १ ।
१७. घिमिरे, *पूर्ववत नं. ५,* पृ. ३ ।
१८. डिआर रेग्मी (सन् २००६), *मोडर्न नेपाल भोल १ र २ दोश्रो सं.* (दिल्ली: रूपा एन्ड को.), पृ. ५८ ।
१९. *उही ।*
२०. *उही ।*
२१. एफ्बि ह्यामिल्टन (*दोश्रो सं.* सन् १९९७), *एन् एकाउन्ट अफ् द किंगडोम अफ् नेपाल* (नयाँदिल्ली: एसियन एजुकेशन सर्भिस), पृ. १३० ।
२२. मोरङ निवासी पूर्व प्राध्यापक श्री हरिकृष्ण शाक्यबाट प्राप्त जानकारीअनुसार, मिति २०६८/११/३ ।

राजधानी बनाइयो । यसै क्रममा मकवानपुरको सेन वंश पुन चल्यो र त्यहींबाट पूर्वतिर विजय हाशिल गर्ने कार्य हुँदै गयो । मुकुन्दसेनका विनायकसेन, माणिकसेन, विहंग सेन र लोहांगसेन गरी जम्मा ४ जना छोराहरू थिए । तिनको समयमा सेन राज्य ठूलो क्षेत्रमा विस्तार भएको भए पनि उनैका छोराहरूबाट विभाजन पनि भयो । काठमाडौं उपत्यकामा यक्ष मल्लले राज्य विस्तार गरेकोमा कालान्तरमा उनकै छोराहरूले भागबण्डा गरी विभाजन गरेसरह नै पाल्पाली सेन राजा मुकुन्दसेनका छोराहरूले पनि राज्य विभाजन गरेको देखिन्छ । तिनीहरूमा सबैभन्दा जेठा विनायक सेनले पाल्पाको पुस्तौनी राज्य लिए भने मानिक सेन बुटबल भेगका राजा भए । यता बृहंगसेनले तनहुँ र लोहांगसेनले मकवानपुर राज्य लिन पुगे । यसरी मुकुन्द सेनको पालामा विस्तारित पाल्पा राज्य उनको समयमा नै विभाजन पनि भयो ।[२३] कतिपय स्थानमा मणिकसेनले पाल्पामा शासन गरे भन्ने उल्लेख पनि पाइन्छ । तर भगदत्तको वंशावली ज्यादा भरपर्दो देखिन्छ, जसमा मणिकसेनले बुटबलको शासन लिएको चर्चा छ ।

मुकुन्द सेनको शासन कालमानै पाल्पा विभाजित भए पछि यिनी विरक्त भएर जोगी भई हिंडे भने उनका जेठा छोरा विनायक सेन विभाजित पाल्पाका राजा भए । त्यसपछि उनका ४ पुस्ताले पाल्पामा शासन गरेको देखिन्छ । डिआर रेग्मीले दिएको भगदत्तको वंशावलीअनुसार पाल्पामा मुकुन्दसेन पछि विनायकसेन (१५५३-१५६३), जसुसेन (१५६३-१५६८), दामोदर सेन (१५६८-१५९८), बलभद्रसेन (१५९८-१६४२) र अम्बरसेन (१६४२-१६९३) राजा भएका थिए । यिनीहरूमध्येका अमरसेन भने सबैभन्दा प्रभावशाली राजा थिए भन्ने देखिन्छ । पाल्पाका अन्तिम राजा पृथ्वीपाल सेनका कान्छा भाई समर बहादुरलाई ह्याहिल्टनले उत्तरदाताका रूपमा लिएका थिए । तिनका अनुसार उनका बाजे गन्धर्व सेनले पाल्पा राज्यमा मगर प्रदेशका केही भूभाग पनि थप गरेका थिए । तर उक्त कार्यले दिगो रूप भने पाउन सकेन ।[२४]

यता पृथ्वीपाल सेन भने पकिएर उपत्यकामा लगिएको तथा त्यहाँ जासुसी गरेको अभियोग लगाएर मारिएका थिए । यिनी पाल्पाका अन्तिम सेन राजा थिए भन्ने देखिन्छ । रणवहादुर शाहको पालासम्म पाल्पाको अस्तित्व कायमै थियो भने रणबहादुर शाहाको मृत्यु भएपछि भने यसको अस्तित्व समाप्त भएर गयो । यता बुटबलमा मुकुन्द सेनका माहिला छोरा माणिक सेनले विनायकपुर राज्य स्थापना गरेका थिए भने पाल्पाका त्रिलोकसेन निसन्तान भएकाले उनको समयदेखि विनायकसेनको वंश टुट्यो ।[२५] त्यसपछि अमरसेनले पाल्पालाई विनायकपुर (बुटबल) मा गाभेका थिए । यिनको मृत्यु वि.सं. १७५० मा भए पछि गन्धर्व सेन पाल्पाका राजा भए ।

---

२३. रेग्मी, *पूर्ववत् नं. १८,* पृ. ६२ ।
२४. *उही ।*
२५. म.ब.क्या. धरानका पूर्व प्राध्यापक श्री भगत भण्डारीबाट प्राप्त जानकारीअनुसार, मिति २०६९/१/१२ ।

पाल्पाली राजा गन्धर्व सेनकी एउटी छोरी कौशल्यावतीको विवाह गारेखाका राजा नरभूपाल शाहासँग भएको थियो, जसको गर्भबाट पछि पृथ्वीनारायण शाहाको जन्म भएको हो । गन्धर्व सेनका छोराहरूको नाम भने उद्योतसेन, लक्ष्मीनारायण सेन र महावीर सेन थियो । उनका जेठा छोरा उद्योत सेनको मृत्यू गन्धर्व सेन जीवित हुँदै भएको हुनाले गन्धर्व सेनको मृत्यू पश्चात् उनका नाति मुकुन्दसेन द्वितीय पाल्पाका राजा बने । यता पृथ्वीनारायण शाहा बनारस गएर फिर्दा बुटबल हुँदै आएका थिए । बाबुराम आचार्यको भनाईमा पृथ्वीनारायण शाहा बुटबल आइपुग्दा उनका मामली हजुरबा गन्धर्व सेनको मृत्यु भईसकेको हुनाले तिनले मामाका छोरा मुकुन्द सेन द्वितीयलाई त्यहाँ भेटेका थिए । पृथ्वीनारायण शाहाले केही समय बुटबलमा नै बसी तिनीसँग भलाकुसारी गरेर गोरखा फिरेका थिए ।[२६] यता दिनेसराज पन्तले भने पृथ्वीनारायण शाहको काशी भ्रमणका बारेमा लेखिएको वि.सं. १८०९ को गन्धर्व सेनको एउटा पत्र प्राप्त भएको वताउँदै त्यसबाट तिनको नेपाल फिरेको मिति स्पष्ट हुने बताएका छन् ।[२७] यस आधारमा पृथ्वीनारायण शाहले वि.सं. १८०२ तिर काशीबाट फिर्दा बुटबलमा मामाका छोरा नभएर मामली हजुबा गन्धर्व सेनलाई भेटेका थिए भन्ने बुझ्न सकिन्छ ।

पाल्पामा मुकुन्दसेन द्वितीयले प्रभावशाली ढंगले शासन संचालन गरेका थिए । तिनले बाजे गन्धर्व सेनको मृत्यू भएपछि हिउँदमा बुटबलमा र वर्षामा पाल्पातिर बसेर शासन गर्दथे । यिनले अबधका नवावसँग समेत लडेर विजय पाएका थिए र आफूलाई बहादुर लेखाउँथे । मुकुन्दसेन द्वितीयका ५ जना छोराहरू थिए । तिनीहरूमध्ये जेठा महादत्तसेन युवराज भए भने अन्यचाहिं सैनिक सेवामा लागे । तिनले चारैतिरका राज्यहरूमा सम्बन्ध मजबूत बनाइएको देखिन्छ । पाल्पा दरबारमा ९ जना विद्वान्को मण्डली बनाएर यिनले शासन चलाएका थिए । यिनले न्याय र धर्मका आधारमा शासन चलाएका थिए । यिनको मृत्यु भने वि.सं. १८३९ सालमा भयो ।

वि.सं. १८३९ सालमा मुकुन्दसेन द्वितीयको मृत्यु भएपछि तिनका जेठा छोरा महादत्तसेन पाल्पाको राजगद्दीमा बसे । अनुभवी यी राजाले पर्वतकी राजकन्यासँग विवाह गरेको हुनाले यिनको सम्बन्ध पर्वतसँग राम्रो रहन पुग्यो । यता अवधका नवाव असोफूद दौलहसँग पनि यिनको राम्रो सम्बन्ध रहेको देखिन्छ । त्यही सम्बन्धका कारण यी नबाव पाल्पाको तराई प्रदेशमा बेलाबेलामा शिकार खेल्न आउने गर्दथे ।[२८] महादत्तसेनकी छोरी विद्यालक्ष्मीको विवाह गोरखाका राजकुमार बहादुर शाहसँग भएकाले पाल्पालाई गोरखालीहरूको भय थिएन । बहादुर शाह पृथ्वीनारायण शाहका कान्छा छोरा थिए । तसर्थ गोरखालीहरूले पाल्पामा आक्रमण गर्ने कुनै सबाल थिएन ।

---

२६. बाबुराम आचार्य (*दोश्रो सं* वि.सं. २०६१), *श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* (काठमाडौं: राजदरबार), पृ. ११९ ।

२७. दिनेशराज पन्त(वि.सं. २०४१), *गोरखाको इतिहास भाग १,* (काठमाडौं: दिनेशराज पन्त), पृ. १७२ ।

२८. ह्यामिल्टन, *पूर्ववत् नं. २१,* पृ. १७३ ।

यसका बदलामा गोरखा र पाल्पा मिलेर गुल्मी, प्यूठान, पर्वत, इश्मा, अर्घा र खाँची आदि क्षेत्रमा विजय गर्दै गढवालसम्म पुगेको उल्लेख पाइन्छ । पछि उनीहरूले संयुक्त रूपमा जितेका स्थानहरू एकअर्कामा बाँडचुँड गरी भोग गरेका थिए । यस क्रममा पाल्पाले भने धुर्कोट, इस्मा, खाँची, अर्घा र गुल्मीलाई भागीमा पाएको देखिन्छ ।[२९] यसै क्रममा वि.सं. १८५० तिर महादत्त सेनको मृत्यू भयो र उनका छोरा पृथ्वीपालसेन पाल्पाको राजगद्दीमा बस्न पुगे ।

पाल्पाली राजा पृथ्वीपाल सेन ज्यादै सिधा स्वाभावका थिए । सरल र सज्जन स्वभावका पृथ्वीपालसेनलाई रण बहादुर शाहाले काठमाडौ बोलाए । उनले पृथ्वीपाल सेनलाई तिम्री बहिनी मसँग विवाह गर्न उपत्यका लिएर आउनु भनी दुतमार्फत खबर पठाएका थिए । उनले काठमाडौंको निम्ता स्वीकार गरी आफ्ना माइला भाई रणपाल सेनका साथमा बहिनीलाई काठमाडौं पठाए । तर रणबहादुर शाहको उद्देश्य तिनकी बहिनी विवाह गर्ने नभएर तिनलाई थुन्ने थियो । तसर्थ उनले आफूभन्दा कान्छाबाट कन्यादान लिन नहुने भन्दै पुन पृथ्वीपाल सेनलाई (काठमाडौ) बोलाए । पृथ्वीपालसेन पनि बहिनीको कन्यादन गर्ने मनसायले काठमाडौ पुगेकाले रणबहादुर शाहले आफ्नो उद्देश्य पूरा भएको ठानी तिनलाई कैद गरे ।[३०] यता वडाकाजी अमरसिंह थापाले पाल्पाबाट पृथ्वीपाल सेनका सेनालाई गढवाल विजय गर्न भनी लिएर गए भने सानाकाजी अमरसिंह थापा (भीमसेन थापाका बाबु) ले भने पाल्पामाथि आक्रमण गरी गोरखालीको हातमा पारे । यसरी वि.सं. १८६३ सालतिर रणबहादुर शाहले षड्यन्त्रपूर्ण तरिकाले पाल्पालाई आफ्नो अधिनमा पार्न पुगे । यसै क्रममा उनीसँग विवाह गर्न भनी ल्याइएकी पृथ्वीपाल सेनकी बहिनी, तिनका भाई रणपाल सेन र पृथ्वीपालसेन लगायतका पाल्पाली भारदार र केटाकेटीहरू पाटन दरबारमा थुनिएका थिए । पछि वि.सं. १८६३ साल वैशाख १४ गते शेर बहादुर शाहीद्वारा रणबहादुर शाहाको हत्या भएपछि पृथ्वीपाल सेन लगायतका पाल्पालीहरूलाई शेरबहादुर शाहीसँग मिलेर षड्यन्त्र गरे भन्ने आरोप लगाइयो र तिनीहरू सबैलाई मारियो ।[३१] यसरी रणबहादुर शाहाको षड्यन्त्रले पाल्पा राज्य बृहत्तर नेपालमा गाभियो भने पाल्पाली राजा र युवराज युवराज्ञीको मृत्यू उपत्यकाको दरबारीया षड्यन्त्रका कारणले भयो । यसरी पाल्पामा करिव ४०० वर्षजति सेनहरूले शासन गरेको देखिन्छ ।

४.३ मकवानपुर राज्य

मकवानपुर भेगमा मध्यकालताका शासन गर्ने सेन राजाहरू पाल्पाली सेनहरूकै वंशका थिए । पाल्पाको रिब्दिकोटबाट पहाडको र राजपुरबाट मधेशको शासन चलाउने प्रथम सेन राजा

---

२९. *उही* ।
३०. *उही,* पृ. १७६ ।
३१. *उही ।*

तुथासेन थिए । उनको वंशका रूद्रसेनले सेन राज्यको राजधानी रिब्दीकोटबाट पाल्पामा सारेको हुनाले तिनलाई पाल्पाको सेन राज्यका संस्थापक राजा मानिन्छ ।[३२] रूद्रसेनका जेठा छोरा मुकुन्दसेन वि.सं. १५७५ सालमा पाल्पाको राजगद्दीमा बसे । त्यसबेला उत्तर भारतमा मुशलमानहरूको शासन थियो भने काठमाडौं उपत्यकामा ३ वटा मल्ल राज्य थिए । यता महोत्तरीमा मोहन ठाकुर र विजयपुरमा विजयनारायणको शासन थियो । यता पाल्पाको उत्तरतिर मगरहरू राज्य गर्दथे ।[३३] राजा मुकुन्दसेनले सैनिक संगठन गरी विभिन्न ठाउँमा आक्रमण गरेका थिए । यिनले राज्य विस्तार ठूलो क्षेत्रमा गरेका थिए भने पूर्वी पहाडतिर राज्य विस्तार गर्न भने कान्छा छोरा लोहांगसेनलाई पठाएका थिए । उनी पूर्वतर्फ विजय अभियान चलाउँदै कोशी नदीको छेउमा पर्ने बेल्कोटसम्म पुगे । त्यसपछि विजयपुरमा चौताराहरूको साथ लिएर अधिकार जमाए र पहाडतिर थुमैपिच्छेका राजालाई स्वायत्त शासन चलाउन पाउने ताम्रपत्र गरिदिए । यस क्रममा सेन राज्यको पूर्वी सिमाना लोहांगसेनले महानन्दा नदीसम्म पुऱ्याए ।

मुकुन्दसेनले आफ्नो राज्यको विस्तार ठूलो क्षेत्रसम्म गरेपछि तिनले हेटौडादेखि उत्तरतिर जंगल फँडानी गरी एउटा राम्रो शहर बसाए । त्यसलाई उनैको नामका आधारमा मुकुन्दपुर भनियो भने कालान्तरमा उक्त स्थानलाई मकवानपुर भन्न लागियो । साथै उनकै नाममा मुकुन्दसेनका वंशलाई मकुवानी भन्न लागियो ।[३४] जीवनको अन्तिम समयतिर राजा मुकुन्दसेन जोगी भएर कहिले देवघाट, कहिले रिडी, कहिले वराहक्षेत्र र कहिले हरिहरक्षेत्रमा बस्न लागे । यसै क्रममा वि.सं. १६१० तिर मुकुन्दसेनको देहान्त भयो । यता उनले बसाएको सुन्दर शहर मुकुन्दपुर या मकवानपुर भेगमा भने तिनका कान्छा छोरा लोहांगसेन राजा भए । यता मुन्दसेनका जेठा छारा माणिक्यसेन पाल्पाको पहाडी क्षेत्र, विनायकसेन पाल्पा र बुटबलको तराई क्षेत्र र साहिंला छोरा भृंगिसेन तनहुँको राजा भएकाले बृहत्तर सेनराज्य टुक्रिएर ससाना राज्यमा परिणत हुन पुगेको हो ।

लोहांगसेनले पाल्पा राज्यको विस्तार पूर्वतर्फ गर्नका लागि अहम् भूमिका निर्वाह गरेको हुनाले तिनको भागमा उनैले विस्तार गरेको क्षेत्र पूर्वी सेन राज्य पऱ्यो । यसमा विशेषगरी तिनको भागमा मोरङ विजयपुर लगायतको मकवानपुर राज्य परेको देखिन्छ । लोहांग सेनले पूर्वतिर राज्य विस्तार गरी सेन राज्यको पूर्वी सिमाना टिष्टासम्म पुऱ्याएका थिए ।[३५] यिनको अधिनमा कोशी

---

[३२] बाबुराम आचार्य (दोस्रो सं. वि.सं. २०६१), *श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* (काठमाडौं: राजदरबार), पृ. ३६० ।

[३३] *उही* ।

[३४] पर्वते मध्य देशेच नैपालेच धरादीप ।
मकुवानीति वंयोयं तेनलोक प्रकाशित ।
योगी नरहरीनाथ (सं. वि.सं. २०२२), *इतिहास प्रकासमा सन्धीपत्र संग्रह भाग १* (दाङ्ग: आध्यात्मिक सम्मेलन), पृ. १०७ ।

[३५] इमानसिंग चेम्जोंग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास,* (दार्जिलिंग: नेपाली साहित्य प्रतिष्ठान), पृ. ७० ।

नदी पूर्व र दुधकोशी क्षेत्रको पहाडतर्फको पनि सम्पूर्ण भूभाग आएको हुनाले आफ्नो शासन दिगो बनाउन लोहांगसेनले थुमैपिच्छेका किरात शासकहरूलाई स्वायत्तता छाड्ने नीति लिएका थिए । तसर्थ तिनले थुमै पिच्छेका किरात शासकहरूलाई ताम्रपत्र गरी स्वायत्त छाडेको देखिन्छ । पहाडका किरात चौतारा बाजहांगलाई उनकै सन्तानले पुस्तौनी चौतारा पद पाउने संभौता गरिदिए पछि पहाडी किराती प्रदेश सहज रूपमा तिनको अधिनमा गएको हो । यसरी मकवानपुर राज्यको सिमाना नारायणी पूर्व तराई र पहाड तथा भारतको ठूलो भूभागमा फैलिएको थियो । यिनले यसको सिमाना पूर्वमा टिष्टा र उत्तरमा हिमालसम्म पुऱ्याएका थिए । यिनको राजधानी भने मकवानपुरगढी थियो ।[३६]

मकवानपुर क्षेत्रलाई लोहांगसेनले जितेको भन्ने मान्यतामा त्यसलाई लभंगप्रताप पनि भनिएको पाइन्छ ।[३७] लोहांगसेनले महोत्तरी र सप्तरीका आधा दर्जनभन्दा ज्यादा संख्याका ठकुराई चलाएर बस्ने शासकहरूलाई पनि आफ्नो अधिनमा पारेका थिए । प्रतापमल्लको समयको एउटा लिखतअनुसार नेपाल सम्बत ७२२ तिर (वि.सं. १७०९तिर) महोत्तरी भेगमा कीर्तिनारायण नामक एकजना व्यक्ति ठकुराई चलाएर बसेका थिए । तिनलाई लोहांगसेनले आफ्नो हातमा लिएका थिए भन्ने विवरण पाइन्छ । लोहांगसेन किरातहरूको समुहमा सहभागी भई सम्झौता गरेकाले किरात प्रदेश र सेनहरूको शासित क्षेत्रमा दुवै स्थानमा मैथिलीलाई राष्ट्रिय भाषा या अफिसहरूमा प्रयोग गर्ने भाषाका रूपमा विस्तार गर्ने सहमति भयो ।[३८] यता लोहांगसेनले शिक्षा, साहित्य र संस्कृतिको विकास र प्रचारप्रसारमा पनि ध्यान दिएको देखिन्छ । तिनले यसै क्रममा राखेको धनुषाधामको एउटा अभिलेखमा शिक्षा, साहित्य र संस्कृतिको विकास भएको विवरण परेको छ ।[३९] यसरी लोहांगसेनले राज्य विस्तार, तिनीहरूको स्थायित्वको व्यवस्था र आफ्नो राज्यमा शिक्षा र साहित्यको विकासका साथमा अन्य प्रकारका व्यवस्था पनि सहज रूपमा मिलाएको देखिन्छ । यसबाट राज्य विस्तार मात्र नभएर यसको स्थायित्व पनि हुन पुग्यो । तसर्थ लोहांगसेनलाई चतुर तथा कुटनीतिक शासकका रूपमा लिन सकिन्छ । लोहांगसेनले पूर्वका किरातहरूलाई आफ्नो पक्षमा लिएपछि ताम्रपत्रगरी तिनलाई शासन अधिकार दिएर उनी भने मकवानपुर भेगमा नै बसेको देखिन्छ । तसर्थ मकवानपुर पूर्वको या किरात क्षेत्रको तथा विजयपुरको इतिहास अलग्गै अध्यायमा विवेचना गरिएको छ ।

---

३६. *उही ।*
३७. रेग्मी, *पूर्ववत् नं १८,* पृ. ७० ।
३८. *उही* ।
३९. आसित पण्डित मण्डलाग्र गणितो भूमण्डला खण्डलो ।
जातखण्डवला कुले गिरीसुताभक्तो महेश कृति ।
शकेरन्ध्र तुरंगमश्रुतिमहि संलक्षिते हायने ।
वाग्देवी कृपयासु येन मिथिला देशः समस्तोर्जिवः ।
ज्ञानमणि नेपाल (वि.सं. २०४०), *जयचरित महिरावण बध नाटक विवेचनात्मक अध्ययन* (काठमाडौं: नेपाल र एशियाली सनुसन्धान केन्द्र), पृ. ७० ।

मकवानपुरलाई राजधानी बनाएर पूर्वी सेन राज्यको राजा भएका लोहांगसेनका ७ जना रानीहरू थिए भने तिनका कैयन छोराछोरीहरू भएका देखिन्छन् । (मकवानपुरमा शासन गर्ने लोहांगसेनका अनुपावती, कल्याणमती, साहेवदेवी, दुलहीनीदेवी, कोइलावती, कपुरावती र गंगावती गरी जम्मा ७ जना रानीहरू थिए । पुरानो सेन वंशावलीले दिएको विवरणअनुसार साहेवदेवी, देलहिनीदेवी, कपुरावती र गंगादेवीका क्रमसः यशोदरा, लक्ष्मावती, सगुनावती र सुमित्रावती नामक एकएकजना छोरीहरू मात्र जन्मिएका थिए । यता अनुपावतीबाट राघवनरेन्द्र र भगवन्तसेन नामक दुईजना छोराहरू जन्मिएका थिए भने कल्याणमतीबाट पनि रमापति सेन र केशवसेन नामक दुई जनानै छोराहरू जन्मिएका देखिन्छन् । यसैगरी कोइलावतीबाट मनोहरसेन जन्मे भने तिनका छोराचाहिं गोपालसेन थिए । कालान्तरमा यिनीहरूका सन्ताननै मकवानपुर, चौदण्डी र विजयपुरको राजगद्दीमा बसेका देखिन्छन् ।[४०] मकवानपुरमा लोहांगसेनकी जेठी रानी अनुपमावतीका सन्तानले शासन गरेको पाइएको छ । त्यहाँ लोहांगसेनपछि राघव नरेन्द्रसेन, हरिहर इन्द्र सेन, शुभसेन, माणिक सेन, हेमकर्णसेन र दिग्बन्धन सेन राजा भए । विजयपुरतर्फ भने शुभसेनका भतिजा इन्द्र विधाता सेनबाट स्वतन्त्र विजयपुरको शासन गरिएको भए पनि पछि तिनलाई मुशलमानहरूले पक्रिएर लगेपछि भने शुभसेनका छोरा महिपति सेनबाट विजयपुर राज्यको शासन चलेको पाइएको छ । त्यसपछि विजयपुरमा राजा हुने सेन शासकहरूमा कामदत्तसेन, जगतसेन, रघुनाथ सेन र कर्ण सेन पर्दछन् । यसैगरी चौदण्डीतिर विक्रमसेन र कर्णसेनले शासन गरेको पाइन्छ भने सेन राज्यलाई पूर्वतिर विस्तार गर्ने श्रेय भने लोहांगसेनलाई नै जाने गर्दछ ।[४१]

वि.सं. १६४२ सालतिर लोहांगसेनको मृत्यू भएपछि उनका छोरा राघव नरेन्द्रसेन मकवानपुरको राजगद्दीमा बसे । त्यस समयसम्म पनि विजयपुर र चौदण्डी बेग्लै राज्य नभएर मकवानपुरकै क्षेत्र थिए । खालि लोहांगसेनबाट विजयपुर भेगको शासन हेर्न त्यहाँका किरातीहरूलाई ताम्रपत्र गरिदिएर छाडेका थिए । यिनले मकवानपुरमा राम्ररी शासन गरे भन्ने कुरा सेन वंशावलीमा पाइन्छ । यिनको समयमा मकवानपुर राज्यमा कुनै पनि प्रकारका ठूला घटना नघटेका तथा लडाईभिडाईं र झैझगडा भएको पाइएको छैन । पछि वि.सं. १७१८ मा यिनको मृत्यु भएपछि यिनका छोरा हरिहर इन्द्रसेन मकवानपुरको राजगद्दीमा बसेका देखिन्छन् ।[४२]

---

४०. राजवंशी, *पूर्ववत् नं. ७*, पृ. ९ ।
४१. *उही* ।
४२. *उही* ।

हरिहर इन्द्रसेनले विभिन्न प्रकारका उपाधिहरू लिएर प्रभावपूर्ण तरिकाले शासन गरेको देखिन्छ । उनले हिन्दूपति उपाधि लिएको कुरा सेन वंशावलीबाट स्पष्ट भएको छ ।[४३] यता ह्यामिल्टनले भने हरिहर सेनले राज्य विस्तार गोण्डाबारासम्म फैलाएर आफूले हिन्दूपति उपाधि लिएको विवरण दिएका छन् ।[४४] यसमा कोशीनदी गंगा नदीमा मिसिएको स्थानलाई गोण्डाबारा भनिएको छ । तर गोण्डावारा गण्डकी नदी गंगामा मिसिएको स्थान या हरिहर क्षेत्रको छेउछाउमा हुनसक्ने कुरा भने ज्यादा भरपर्दो छ । किनकि हाल आएर कोशी कोर्शिलामा पुगेपछि गंगा नदीमा मिल्दछ । आजभन्दा करिव २५० वर्ष अगाडितिर भने यो नदी पूर्णिया र कटिहार नजिकबाट दक्षिणतर्फ बगी गंगामा मिल्दथ्यो ।

हरिहरसेनले मुक्तिनाथदेखि हरिहर क्षेत्रसम्म राज्य फैलाएको उल्लेख पाइन्छ । साथै यिनले हिन्दूपति उपाधि लिनुको मतलव आफ्नौ गौरव बढाउनुमात्र नभएर तत्काल मुशलमानहरूले विभिन्न ठाउँमा हिन्दू मन्दिरहरू भत्काउँदै गरेकाले त्यसको विरूद्धमा हिन्दूत्वको प्रदर्शनी गर्नु पनि थियो भनिन्छ ।[४५] यहाँ हरिहरसेनले आफूलाई हिन्दूपति भन्न लागेपछि तत्कालका विभिन्न लिखतमा उनको उपाधि त्यस्तै लेख्न लागियो । जस्तो मैथिल कवि उमापतिले पनि हरिहरसेनलाई हिन्दूपतिनै भनी आफ्नो पुस्तक पारिजातहरणमा उल्लेख गरेका छन् ।[४६] मकवानपुर गढीदेखि दक्षिणतिर पर्ने बाराको सिम्रौनगढको हरिहरपुरगढी यिनैले बनाएका थिए भन्ने मान्यता छ । कतिपय विद्वान्हरूले उनले बनाएको हरिहरसेन गढी चुरे भेगमा रहेको पनि बताएका छन् । तर हालसम्म पनि अस्तित्वमा रहेको हरिहरपुर भने सिम्रौनगढमा पर्दछ । यसैगरी डिआर रेग्मीले भने हरिहरसेनका बदलामा उनका पिता राघवसेनले हिन्दूपतिको उपाधि लिएको चर्चा गरेका छन् ।[४७]

हरिहरसेनका विभिन्न ६ जना रानीहरू थिए । तिनले एकजना कुचबिहारकी राजकुमारी पनि विवाह गरेका थिए । यिनीहरूबाट हरिहरसेनका ४ जना राजकुमार र ४ जना राजकुमारीहरू जन्मिएका थिए । तिनका ४ जना छोराहरूमा छत्रपतिइन्द्र, इन्द्रदेव, वासुदेवसेन र शुभसेन थिए भन्ने देखिन्छ ।[४८] यिनीहरूमध्ये शुमसेन कुचविहारका राजा वीरनारायणकी छोरी महादेवी तिरबाट जन्मिएका थिए । यता प्रतापमल्ल हरिहरसेनका शाढुभाई भएकाले प्रतापमल्ल, हरिहरसेन, कुचबिहार र उत्तर भारतका मुश्लिमहरूका बीचमा राम्रो सम्बन्ध थियो । हरिहरसेनका जेठा छोरा

---

[४३] *उही* । स्वस्तिश्री रूपनारायणेत्यादि विविधाविरूदावली विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीराघवनरेन्द्रसुतो रूपनारायणेत्यादि विविधविरूदावली विरादमानमानोन्नत महाराजाधिराजपर्वलौकपातसाह हिन्दूपति राजराजेश्वर मकवानी कूलवतस श्रीहरिहर इन्द्रदेव ।

[४४] ह्यामिल्टन, *पूर्ववत् नं. २१,* पृ. १३६ ।

[४५] घिमिरे, *पूर्ववत् नं. ५,* पृ. ६३ ।

[४६] आदिस्टोस्मि यवनच्छेदनकरालकरवालेन विच्छेदगत चतुर्वेद पथप्रकाशक प्रतापेन भगवतः श्री विष्णोर्दशमा वतारेण हिन्दूपति श्री हरिहर देवेन, उदृत घिमिरे, *उही* ।

[४७] रेग्मी, *पूर्ववत् नं. १८,* पृ. ७१ ।

[४८] राजवंशी, *पूर्ववत् नं. ७,* पृ. १५ ।

छत्रपति इन्द्रले बाबु जीवित छँदै राज्य हडप्ने दाउ गरेपनि बाबू जीवित हुँदै तिनको पनि मृत्यु भयो । त्यसपछि छत्रपति इन्द्रका छोरा या हरिहर सेनका नाति विधाता इन्द्रसेनको उत्तराधिकारको पालो आउने भए पनि हरिहर सेनले कुचबिहारकी महारानी महादेवी तर्फका छोरा शुभसेनलाई उत्तराधिकारी घोषित गरेका थिए ।[४९]

विधाता इन्द्रसेनले पनि आफू उत्तराधिकार हुनेमा हजुरबा हरिहर सेनले काका शुभसेनलाई उत्तराधिकार बनाएकाले त्यसबाट चित्त दुखाई दलबल सहित पूर्वतर्फ लागेर विजयपुर कब्जा गरे । त्यसपछि हरिहर सेनले शुभसेनलाई काठमाडौंतिर सहयोग माग्न पठाएकाले तिनको अनुरोधमा पाटनका श्रीनिवास मल्लका चौतारा तिनलाई सहयोग गर्न भनी वि.सं. १७२८ अशोजमा मोरङतिर आए । कान्तिपुर, भक्तपुर र गोरखाका समेत भारदार र सेनाहरू मोरङमा आएर आक्रमण गरेको तथा त्यसपछि फिरेको विवरण इतिहासमा पाइन्छ ।[५०] तिनीहरूले मोरङका १७ वटा गाउँहरू जिते र शुभसेनलाई दिएको पनि उल्लेख पाइन्छ ।[५१] यता विधाता इन्द्रसेनले विजयपुरमा अधिकार जमाएर वसिरहेको हुनाले हरिहर सेनकै समयमा मकवानपुरबाट विजयपुर अलग्ग भयो । यसरी विजयपुरका पहिला स्वतन्त्र सेन शासक विधाता इन्द्रसेन भए भने शुभसेन मकवानपुरका राजा बने ।

सुरूमा काठमाडौं उपत्यकाका शासकहरूले हरिहरसेन तथा शुभसेनलाई सघाएका भए पनि कालान्तरमा सेनहरूका सेनाले भारततिर जाने बाटामा बसेर यात्रुहरूलाई जाँच र शोधपुछ गर्नाले उपत्यकाका मानिसहरूलाई भारततिर जानआउन निकै कठीन भयो । त्यो बेला चित्लांग, कमला उपत्यका र चितवन तिरबाट तराईतिर र भारततिर जाने बाटाहरू थिए । यता सेनहरूले तिनपाटनमा चौकी राखेर त्यसबाट हिंड्ने मानिसहरूलाई सोधपुछ गर्ने र दुख दिने कार्य गर्न लागेका थिए । तसर्थ कान्तिपुर र ललितपुर मिलेर तिन पाटनमा आक्रमण गरी उक्त स्थानलाई स्वतन्त्र गरेको देखिन्छ ।[५२] त्यसपछि कोशी पूर्व विजयपुर र कोशी पश्चिममा मकवानपुर राज्यहरू परे । उदययपुर भेगमा भने यस भेगको प्रशासन चलाउनका लागि चौदण्डीमा गढी स्थापना गरी मकवानपुरका राजाले यतैका किराती भारदारहरुलाई स्थानीय शासन गर्न खटाएको देखिन्छ ।

हरिहरसेनको मृत्यु भएपछि मकवानपुरको राजगद्दीमा शुभसेन बसे । तिनले इन्द्र विधाता सेनको विजयपुर राज्य टुक्र्याउने कार्यलाई मन पराएका थिएनन् । तसर्थ राजा हुनासाथ तिनले तनहुँसँग सहयोग मागी विजयपुरमा आक्रमण गरे । तर तिनले विजयपुरमा अधिन जमाउन भने सकेनन् । यता मकवानपुर र विजयपुरका बीचमा खिचातानी चल्दै गएकाले दक्षिणतिरका

---

४९. *उही ।*
५०. धनवज्र वज्राचार्य, "चौतारा भागिरथ भैया", *पूर्णिमा संख्या ३६,* पृ. २१-३१ ।
५१. मोहनप्रसाद खनाल (वि.सं. २०३०), *मध्यकालिक अभिलेख* (काठमाडौं: मोहनप्रसाद खनाल), पृ. ३२-३४ ।
५२. आचार्य, *पूर्ववत् नं. ३२,* पृ. २८० ।

मुशलमान शासकहरू पूर्णियासम्म आईपुगे । त्यसपछि मुश्लिमले शुभसेन र इन्द्रविधाता सेनलाई पकिएर दिल्ली पुऱ्याए । त्यहाँ उनीहरूलाई मुशलमानले जातच्यूत गरेको बताइन्छ ।[५३] यता पूर्णिया भेगका मुश्लिम शासकले विजयपुर र मकवानपुरमा अधिकार जमाएकोमा तिनलाई यहाँका मन्त्री र रानीहरूले किराती सेनाहरूको सहयोगमा हराएर धपाएको विवरण पाइन्छ । तर यथार्थमा यी दुवै राजाहरू दिल्लीका मुगल शासकसँग सम्झौता गरी फिरेको उल्लेख पाइन्छ । यता शुभसेन र विधाता इन्द्रसेन नहुँदा विजयपुर र मकवानपुर दुवैतिर राजा खाली भए । तसर्थ रानी राजराजेश्वरीले किराती शासकहरूको साथ लिएर विजयपुरमा शुभसेनका जेठा छोरा मान्धाता सेन र मकवानपुरमा कान्छा छोरा माणिकसेनलाई राजा बनाई आफूले नायवी चलाइन् । पछि ती दुवै राजाहरू मुगल शासकलाई सालमा १२ सय नजराना तिर्ने सर्तमा त्यहाँबाट फिरेर आए र राज्य सम्हाले । पछि तिनीहरूले मुगल शासकहरूलाई सालको बाह्र सय रूपैयाँको बदलामा त्यही मूल्यको एउटा हात्ति चढाउने चलन चल्यो ।[५४]

शुभसेनलाई मुशलमान शासकले पकिएर दिल्ली पठाएको समयमा माणिकसेनलाई मकवानपुरको शासक बनाइएको देखिन्छ । पछि शुभसेन पुन त्यहाँबाट फिरेर आई लामो समयसम्म मकवानपुरमा शासन गरेको पाइन्छ । शुभसेन पछि पुन मकवानपुरमा माणिकसेननै राजा भए । माणिकसेन ज्यादा धार्मिक राजा थिए । तिनले पर्सामा गढी र पारसनाथको मन्दिर निर्माण गर्न लगाउनुका साथै वि.सं. १७८४ मा जनकपुरको जानकी मन्दिरलाई केही मानामा भूमि दान दिएको पाइन्छ । यिनले करिव २४ वर्ष शासन गरेपछि मृत्यु भयो र मकवानपुरको राजगद्दीमा हेमकर्ण सेन बसे ।[५५]

माणिक सेनको मृत्यूपछि हेमकर्णसेन मकवानपुरको राजगद्दीमा बसे । यिनले मकवानपुर राज्यको पूर्वी क्षेत्र जस्तो कोशी र कमला नदीको बीचको भागमा प्रशासन हेर्ने जिम्मा भाई जगतसेनलाई दिएका थिए । यताका माझ किरातका खम्बूहरू आफ्नो क्षेत्रको प्रशासन आफैं मिलाउने गर्दथे । कालान्तरमा यी खम्बूहरूको मेल मकवानपुर दरबारका दिवान बानियाहरूसँग हुन सकेन । तसर्थ कोशी पश्चिमको मकवानपुर भेगलाई ती खम्बूहरूले टुक्र्याएर बेग्लै चौदण्डी राज्य स्थापना गरे । तर त्यसको राजा भने किरातीहरूले जगतसेनलाई नै बनाए । यसरी मकवानपुरको सेनराज्य पुन टुकिएर त्यसबाट चौदण्डी राज्यसमेत बन्यो । यसै बीचमा मकवानपुरमाथि उपत्यकाका शासकहरूले आक्रमण गरेको र आफ्नो अधिनमा पारेको पनि

---

५३. ह्यामिल्टन्, *पूर्ववत् नं. २१*, पृ. २८०।
५४. *उही ।*
५५. *उही*, पृ. २८२।

बताएका छन् । यसमा नेपालसम्बत ७९० जेष्ठ कृष्ण १२ बुधबारका दिन काठमाडौंले आक्रमण गरेको कुरा एउटा ध्यासफूमा उल्लेखित छ ।[५६]

मकवानपुरका राजा हेमकर्ण सेनको मृत्यु वि.सं. १८१६ मा भएपछि राजगद्दीमा दिग्बन्धनसेन बसे । बहिनीको विवाह पृथ्वीनारायण शाहसँग हुँदाको समयदेखि नै दिग्बन्धन सेनको पृथ्वीनारायण शाहसँग खटपट थियो । दिग्बन्धन सेनमा अर्को के घमन्ड थियो भने उनको राज्य निकै उर्बर पनि थियो । तिनको भारतसँगको व्यापारका कारण आर्थिक उन्नति प्रशस्तै भएको पनि थियो । यसबाट घमन्डी बनेका दिग्बन्धन सेनले बृटिशइन्डियासँग सम्पर्क राख्ने तथा उपत्यकाका मल्ल शासकहरूलाई सघाउने कार्य गर्न लागे । यसबाट चिढिएका पृथ्वीनारायण शाहले वि.सं. १८१९ मा आक्रमण गरी विजय हाशिल गरे । दिग्बन्धनज सेन परिवारसहित हरिहरपुरगढी तर्फ भागे । यसबाट मकवानपुर सेनराज्य गोरखाको अधिनमा पऱ्यो ।[५७]

मकवानपुर गोरखालीहरूको हातमा परेपछि त्यहाँबाट भागेका राजा दिग्बन्धन सनेले बागमती नदीको किनारी भागमा पर्ने खुँडाघाट पुगेर मकवानपुरबाट गोरखाली सैनिकलाई लखेट्ने योजना बनाए । उनले विहारमा आएका नबाब काशी अलिम खाँसँग सहयोग मागी देवान कनक सिंह बानियालाई पत्र पठाए । त्यसमा काशिम अली खानले मकवानपुरलाई सहयोग गर्दा फाइदै फाइदा हुने देखे । यसबाट मकवानपुरमा राजनैतिक प्रभाव जम्ने, उपत्यकासँग व्यापार गर्न र गोरखालाई रोक्न सकिने, नेपालको पहाडी क्षेत्रमा राज्य विस्तार गरी पहाडतिरबाट अंग्रेजसँग टक्कर गर्न शरल हुने, पहाडी जडीबूटी र खानी आफ्नो हुने तथा उक्त लडाइंको सम्पूर्ण खर्च मकवानपुरले व्यहोर्ने हुँदा आफूलाई फाइदैफाइदामात्र हुने कुरा तिनले देखे ।[५८] त्यसपछि वि.सं. १८१९ मा नै गुरगिन खाँको नेतृत्वमा करिव २००० मुशलमान शैनिक मकवावनपुर गढीमा गोरखालीसँग लडाईं गर्नका लागि आएका थिए । तसर्थ तिनीहरूका बीचमा डढुवागढी भन्ने स्थानमा घमाशान लडाई भयो । यस युद्धमा मुशलमान सेनाहरूले नराम्रोसँग हार खाए, थुप्रै मारिए र केही भागे भनिएको देखिन्छ । यसका बारेमा भाषा वंशावलीको प्रसंग दिदै बाबुराम आचार्यले यस्तो विवरण दिएका छन् :

> मकवानपुरमा वढया किल्लाबाट नन्दु वैल्ठाई ठुलो लडाञी भयो १७ सय उसका ठहरै पऱ्यो भिरमा पऱ्याका को थाहा भएन हाम्रा भन्या नन्दु र आसा भन्डारी षेत रह्या यिनका संगमा २५जना ... षेत रह्या ६०।५० जाना घाइता भया साना तोप २ बम १ बन्दुक ४००।५०० हात लाग्या गोर्षाको फत्य भयो गुर्विन्षां भाग्यो यतिभयाको षवर श्री ५ महाराजाबाट सुन्नु भयो र जावाहरले १७ सयेमात्र माऱ्या

---

५६. रेग्मी, *पूर्ववत् नं. १८,* पृ. ७२ ।
५७. आचार्य, *पूर्ववत नं. ३२,* पृ. २९४-९५ ।
५८. घिमिरे, *पूर्ववत् नं. ५,* पृ. ७० ।

छन् सवै लस्करलाई उम्कन दियाछन् भनी रिसानी भई लस्करलाई दर्सन पनि बक्सनु भयेन ।[५९]

यसबाट मकवानपुर सदाका लागि गोरखालीहरूको हातमा पऱ्यो । यता त्यस समयमा दिग्वन्धन सेन खुँडाघाटमा परिवारसहित लुकेर बसेकोमा त्यहाँ पृथ्वीनारायण शाहका सेनाले आक्रमण गर्दा उनी भागे पनि रानी र छोरीले पकाउ खाए । तसर्थ दिग्वन्धन सेन आफैं फिरेर आएर पकाउ खाए । त्यसपछि तिनलाई गोरखामा लगेर आजीवन नजरबन्द गरिएको देखिन्छ ।

४.४ चौदण्डी राज्य

चुरे र भाबर प्रदेशलाई समेटेर ठूलो भूभागमा फैलिएको सेन राज्य टुक्ने क्रममा पहिले पाल्पा, बुटबल, तनहुँ र मकवानपुर गरी ४ वटा टुक्रामा विभक्त भएकोमा सवैभन्दा ठूलो राज्य भने मकवानपुर थियो । तसर्थ कालान्तरमा ज्यादा टुक्ने कार्य पनि मकवानपुरको नै भयो । यसै क्रममा राजा हरिहर सेनका नाति तथा छत्रपति सेनका छोरा विधाता इन्द्रसेनले विजयपुरलाई बेग्लै राज्य बनाएपछि पूर्वको सेन राज्य पनि २ भागमा विभक्त हुन पुगेको थियो । यसमा कोशीदेखि टिष्टासम्म विजयपुर तथा कोशी पश्चिम नारायणी नदीसम्म मकवानपुर पर्दथ्यो । विजयपुरमा विधाता इन्द्रसेनले राज्य छुट्याएर शासन गर्दा उता मकवानपुरमा भने उनका काका शुभसेन शासन गर्दथे । पछि यही मकवानपुर टुक्रिएर चौदण्डी राज्य बनेको हो ।

विजयपुर मकवानपुरबाट अलग हुँदा चौदण्डी मकवानपुर भित्रनै पर्दथ्यो । मकवानपुरबाट नै शासित उक्त प्रान्तमा पहाडको पौवागढीदेखि पूर्व सुनकोशी र अरूणकोशी बीचको भागमा पर्ने वल्लो किरात प्रदेश तथा दक्षिणको चुरे भाबर प्रदेशसमेत चौदण्डी अन्तरगत पर्दथे । त्यसको राजधानी उदयपुर दक्षिणको झाँगाझोलीमा थियो, जसलाई चौदण्डी भनिन्थ्यो भने त्यसको हिउँदे राजधानी भने तलहट्टीमा अम्बरपुर थियो । अम्बरपुरमा घना आवादि भए पनि त्यहाँ सँधै मुशलमानहरूको आक्रमणको त्राश भईनै रहन्थ्यो । विजयपुर अलग राज्य हुँदा पनि चौदण्डी भने अलग राज्य नभएर मकवानपुरको पूर्वी प्रान्तका रूपमा स्थापित थियो । हेमकर्ण सेनको पालासम्म पनि चौदण्डीमा त्यहाँका स्थानीय किरातीहरूले शासन चलाउँथे । चौण्डीका राजाले वि.सं. १७१९मा भोजपुर दलगाउँका ब्राह्मणलाई बिर्ता दिएका थिए । उनीहरूले दिवानहसँग सम्बन्ध सुमधुर बनाउने पनि प्रयास गरेको देखिन्छ । यता हेमकर्ण सेनले आफ्ना भाई जगतसेनलाई त्यसको व्यवस्था मिलाउन मात्र खटाएका थिए । जगतसेनले पनि दाजुको आज्ञा पालना गरेर बसेको देखिन्छ । तिनले चौदण्डीमा शासन गर्न पाएको खुशि पनि थिए । यसै क्रममा हेमकर्ण सेनकै पालामा चौदण्डीका किरात भारदार मकवानपुर जाँदा त्यहाँका बनिया क्षेत्री भारदारसँग विवाद परेकाले किरात भारदारले आफ्नो अपमान भएको सोचे र किरात भारदारले चौदण्डीलाई

[५९] आचार्य, *पूर्ववत् नं. ३२*, पृ. २९४ ।

वि.सं. १७९० तिर अलग्ग राज्यका रूपमा घोषणा गरेर जगतसेनलाई नै त्यहाँको राजा बनाए ।[६०] चौदण्डीमा जगतसेनपछि मुकुन्दसेन तेस्रा, विक्रमसेन र कर्णसेन राजा भएका थिए ।

चौदण्डीमा राजा जगतसेन र भारदारका बीचमा कुनै पनि प्रकारको झैझगडा भएको देखिदैन । राजा उदयपुर डाँडाका मगरात, भाबर र अम्बरपुरमा बसेर प्रशासन चलाउने हुनाले तिनीहरूको दीवानहरूसँग त्यति भेटघाट पनि हुँदैन थियो । किनकि दिवानहरू भने माझ किराततिर बसेर शासन गर्दथे । तसर्थ त्यहाँ दिवान र राजाका बीचमा कुनै पनि प्रकारको झगडा भएको पाइएको छैन । यता विजयपुरमा भने राजा र दिवानहरूका बीचमा नराम्रोसँग कलह चलिरहेको देखिन्छ जगतसेनका छोरा नभएका हुनाले तिनका भाई विक्रमसेन चौदण्डीका राजा भएका थिए । विक्रमसेनका छोरा कर्णसेन भने चौदण्डीका अन्तिम राजा थिए ।

मुकुन्दसेनले पूर्वतिर राज्य विस्तार गर्दा खस ब्राह्मण र गोरखालीहरू पूर्वतर्फ आएका थिए । चौदण्डी भेगमा राजा कर्णसेनको मुख्य सहयोगीका रूपमा उनीहरूले नै कार्य गर्ने गरेका थिए । तर सेन राजाहरू भने ज्यादै शौखिन थिए । तसर्थ तिनीहरू कर्णसेनको साथ छाडि पृथ्वीनारायण साहसँग मिल्न थालेका हुन् । यिनीहरू कोही नुवाकेट गई पृथ्वीनारायण शाहको सेनामा सहभागी भए भने कोही उनका सल्लाहकारका रूपमा बसे । यसै क्रममा वि.सं. १८२९ सालमा पृथ्वीनारायण शाहले रामकृष्ण कुँवर र अमरसिंह थापालाई पूर्वी पहाडतिर आक्रमण गर्न पठाएका थिए । उक्त टोलीले वि.सं. १८३० सम्ममा माझ किरातमा आफ्नो अधिकार जमाउन पुगे । यता पृथ्वी नारायण शाहले अंग्रेज जनरल होस्टिंग्सलाई एउटा पत्र लेख्दै सेनहरूलाई नसघाउन अनुरोध गरे । त्यसमा अम्बरपुर र विजयपुरबाट तिनलाई तिर्ने दस्तुर आफूले तिरिदिने पनि बताएका थिए । यसै बीच वि.सं. १८३० फाल्गुणमा अभिमानसिंह बस्नेत र पारथ भण्डारीले चौदण्डीमाथि आक्रमण गरे । चौदण्डी गोरखाको अधिनमा पर्‍यो भने त्यहाँका राजा कर्णसेन भागेर कोशी नदी तरेर विजयपुरमा गए । यता हेस्टिंगले भने तपाईंको देश हुँदै आउने लुटेरा जोगीहरूलाई त्यतैतिर रोकीदिनु पर्‍यो भन्ने व्यहोराको चिठ्ठि पठाए । यसबाट विजयपुर र चौदण्डीको एकीकरण अभियानका क्रममा आउन सक्ने बृटिशहरूको अवरोध पनि स्वतः नै सेलाएर गयो ।[६१]

चौदण्डी विजय गरेपछि पृथ्वीनारायण शाहाका सेनालाई विजयपुर विजय गर्न सरल भयो र त्यसपछि तिनीहरूले विजयपुर पनि आफ्नो अधिनमा लिए । यसरी तराई र भाबर क्षेत्रको सेन राज्य बृहत्तर नेपालमा गाभियो । यता चौदण्डी र विजयपुर आक्रमणमा पटना मुद्रा प्रदान गरी पृथ्वीनारायण शाहाका सेनालाई सहयोग गर्ने हरिनन्द उपाध्याले पनि सप्तरी र उदयपुरमा

---

६०. *उही,* पृ. ४१५ ।
६१. *उही ।*

कुशवितर्ा पाएको देखिन्छ । यता अभिमानसिंह बस्नेतले हरिद्वारदेखि लुटेर हिंड्ने सन्यासीहरूलाई दमन गरिरहेका थिए । त्यो कुरा हेरिरहेका अंग्रेजका लागि तिनको पत्रअनुसार गोरखालीले सन्यासी दबाएका हुन् भन्ने विश्वास भयो र मकवानपुर, चौदण्डी र विजयपुर माथिको विजयका लागि बृटिशहरूले गोरखालीलाई अवरोध गरेन । गोरखाली सेनाहरू पनि बृटिशहरूको चासो यस भेगमा नरहोस् भन्ने चाहन्थे भने बृटिशहरूलाई पनि गोरखालीले लुटेरा जोगीहरूलाई यसै भागमा रोकेर राखेमा निकै शरल हुने देखिन्छ ।[६२] यसै कारणले पनि गोरखाली सेनाले लुटेरा नागा जोगीलाई बाटैमा रोकेर हरिद्वारतिरै फर्काउने कार्य गरेका हुन् । यता बृटिशहरूको सहयोग नपाएसम्म सेनहरूले आफ्नो शक्तिले मात्र गोरखालीहरूको सामना गर्न सक्ने सम्भावना थिएन । तसर्थ कोशी पूर्वको सेनराज्य विजयपुर कम क्षतिमा नै बृहत्तर नेपालमा गाभिन पुग्यो ।

६२. *उही ।*

अध्याय पाँच

सेन पूर्वको विजयपुरको इतिहास

५.१ परिचय

नेपालका मध्यकालिक विभिन्न टुके राज्यहरूमध्ये कोशी पूर्वको विजयपुर राज्य निकै प्रख्यात थियो । कोचहरूद्वारा स्थापना गरिएको मानिने यो राज्यमा सुरूमा कोच, त्यसपछि किरात र अझ पछि सेनहरूले शासन गरेका थिए । विजयपुरको प्रारम्भिक इतिहास अन्धकारपूर्ण छ । निश्चित ऐतिहासिक स्रोतहरूका अभावमा किंवदन्ति, लोकोक्ति र पौराणिक आधारमा मात्र यस स्थानको प्रारम्भिक इतिहास अध्ययन गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । विशेषगरी यस भेगमा अविच्छिन्न शासनव्यवस्था चलेको नपाइनु र राजधानी पनि एकै स्थानमा रहीनरहनु यहाँको इतिहासका स्रोतहरू ज्यादै कम पाइनुका मुख्य कारणहरू हुन् । यस भेगमा प्राचीन कालका मानिने शिलालेखहरूको अभाव छ भने राज्यको सीमा विस्तार र संकुचन हुने क्रममा निश्चित बसोवासका केन्द्रहरू निरन्तर रूपमा अस्तित्वमा नरहनु पनि यहाँको इतिहासका स्रोतामा कमी ल्याउने मुख्य तत्व मानिन्छन् ।

विजयपुरको इतिहास खोजी गर्ने क्रममा प्रागैतिहासिक कालसम्म पुग्न सकिन्छ । किनकि यस भेगमा प्रागैतिहासिक कालदेखि नै मानव विचरण गरेका केही प्रमाणहरू पाइएका छन् । मोरङ विजयपुरका विभिन्न भागहरूबाट बेलाबेलामा प्राप्त हुने प्रागैतिहासिक उपकरणहरूले यस कुराको पुष्टि गर्दछन् । जस्तो मोरङ पहाडका विभिन्न स्थानमा हालसम्म पनि नवपाषाणकालिक प्रस्तर उपकरणहरू पाइने गरेका छन् भने यता मोरङको वैजनाथपुर, सुनसरीको विजयपुर, सूर्यकुण्ड, धनकुटाका भेडेटार र साँगुरी क्षेत्र, तेह्रथुम लगायतका पहाड र तराईका विभिन्न भागहरूबाट यस्ता उपकरणहरू प्राप्त भएका हुनाले यस भेगमा प्रागैतिहासिक कालको मानिस विचरण गर्ने गरेको स्पष्ट छ ।[१] तर पूर्वी नेपालको प्रागैतिहासिक कालका सूक्ष्म अध्ययन भने हालसम्म हुन सकेको छैन ।

इसापूर्व कालदेखि नै मोरङ विजयपुर भेगमा मानवको बस्ति वसिसकेको देखिन्छ । मोरङको भेडियारी र झापाको किचकबध क्षेत्रमा इसापूर्व कालमा नै मानव बसोवास भएको कुरा त्यहाँ पुरातत्व विभागले गरेको उत्खनन्बाट प्राप्त सामाग्रीहरूले प्रष्ट पारेका छन् । ती क्षेत्रहरू तत्काल मोरङ विजयपुर अन्तरगत पर्ने हुनाले तिनले विजयपुरको पुरानो वसोवासको अवस्था तथा इतिहासलाई स्पष्ट पारेको मान्न सकिन्छ । यसै गरी वराहक्षेत्रको ख्याति इसापूर्व कालदेखि नै

---

१. सोमप्रसाद खतिवडा (वि.सं. २०६८), *वराहक्षेत्रको सांस्कृतिक सम्पदा* (चतराः राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान), पृ. ७७ ।

भारतको ठूलो क्षेत्रसम्म फैलिएको पाइने हुनाले वराहक्षेत्र वरपरसमेत तत्कालै वस्ति बसेको हुन सक्तछ । चतरा, सूर्यकुण्ड, चौदण्डा तथा लालकोट रंगमहल इसापूर्व कालका वराहक्षेत्र वरपरका प्रमुख वस्तिहरू थिए । यसबाहेक मोरङ विजयपुरका अन्य भागहरूमा समेत तत्काल थुप्रै ससाना बस्तिहरू बसेको हुन सक्तछ ।

५.२ नामकरण

कोशी पूर्वको राज्य विजयपुरको नामकरणका सम्बन्धमा एकै प्रकारका मतहरू पाउन सकिएको छैन । प्राचीन कालतिर यस भेगमा मत्स्य देश रहेको प्रसंग विभिन्न पौराणिक ग्रन्थहरूमा पाइने गर्दछ । तत्काल यस भेगलाई मोरङ र विजयपुर नाम दिइएको कतै पनि पाइएको छैन । तसर्थ मोरङ र विजयपुर दुवै नाम मध्यकालिक उपजहरू हुन् । प्राचीन कालमा यस भेगमा रहेको मत्स्य देशको सीमा निकै धेरै टाढासम्म फैलिएको भए पनि मध्यकालको प्रारम्भतिर भने कोशीनदी पूर्वतिर मात्र मोरङ राज्य देखा परेको थियो । यसको राजधानी विजयपुर थियो भने पछि विजयपुर यस राज्यको नामनै बन्न पुग्यो । तसर्थ विजयपुर र मोरङ दुवै स्थानको नामकरणका बारेमा खोजी गर्नुपर्ने हुन्छ । यस प्रसंगमा के पाइएको छ भने यस स्थानलाई मध्यकालदेखि मात्र मोरङ भन्ने गरिएको देखिन्छ । पछि गएर त्यसैलाई विजयपुर राज्य पनि भनिएको हो । बृटिशहरूले भारतमा शासनको सुरूवात गरे पछिका लिखतमा पनि यस स्थानलाई मोरङ्गनै भन्ने गरेको देखिन्छ । सन् १९११ मा प्रकाशित गजेटर्स अफ् पूर्णियामा पूर्णियाको उत्तरतिर स्वतन्त्र राज्य मौरङ्ग पर्दछ भनिएको देखिन्छ ।[२] यस स्थानलाई मोरङ भन्नुको कारण स्पष्ट नभए पनि मध्यकालताका यस क्षेत्रमा मुरेहाङ्ग नामक शासकले शासन गरेको हुनाले यस स्थानलाई मोरङ भनिएको हो भन्ने बताइएको छ । वास्तवमा मोरङ र विजयपुर दुवै नामहरू मध्यकालिक उपज हुन् । प्राचीन कालमा यो भेगमा मत्स्यदेश पर्दथ्यो । यो स्थान कहिलेकाहिं बंगदेश अन्तर्गत पनि पर्ने उल्लेख पाइन्छ । बंगदेश बंगाल हो । यसैगरी उपनिषद कालमा नै मिथिलाको अस्तित्व रहँदा यो स्थान मिथिलाको अधिनमा पर्‍यो । जनक वंशका शासकले यस भेगमा लामो समयसम्म शासन गरेको अनुमान छ । यता पौराणिक कालमा भने यो भेग प्राग्ज्योतिष राज्यअन्तर्गत पर्ने कुरा विभिन्न पौराणिक प्रसंगहरूले स्पष्ट पारेका छन् । मध्यकालको प्रारम्भतिर तिरहुतेहरूले राज्य विस्तार यस भेगसम्म गर्नाले सिम्रौनगढको अधिनमा थियो । यता तिरहुतेहरूको सिम्रौनगढबाट पतन भएपछि भने पहाडतिर शासन गर्ने किराती राजा मुरेहांगले तराईतिर पनि आफ्नो शासन विस्तार गरे । यस क्रममा उनले साँगुरीगढीलाई दक्षिणको किल्ला बनाएर कोशी पूर्वको ठूलो भूभागमा अधिपत्य जमाएका थिए । तसर्थ यस भेगको नाम मुरेहांगकै नामबाट मोरङ राखिएको भनिन्छ । यता विजयपुर भने यस स्थानमा शासन गर्ने कोच वंशी शासक विजयनारायणको

---

२. एल्एल्एस् ओमाले (सन् १९११), *गजेटर्स अफ् पूर्णिया* (नयाँदिल्ली: लोगोस प्रेस), पृ. ३५ ।

नामबाट राखिएको मानिन्छ । यी दुवैवटा नामहरू मध्यकाल देखिका लिखतहरूमा मात्र पाइन्छन् । तसर्थ मोरङ र विजयपुर दुवै नामहरू तिरहुतेहरूको सिम्रौनगढबाट भएको पतन पछिमात्र राखिएको देखिन्छ ।[३] प्राचीन कालताका भने यस भेगलाई मोरङ नामले पुकारिएको कहिं कतै प्रमाणहरू पाइएका छैनन् । मुरेहाङ्गबाट मोरङ बनेसरह विजयपुर भने यहाँ शासन गर्ने कोचवंशी राजा विजयनारायणका नामबाट रहेको अनुमान छ । यहाँ मोरङ र विजयपुर एकै राज्यका लागि प्रयोग गरिने अलगअलग नाम भएकाले विभिन्न प्रसंगमा मोरङ र विजयपुर दुवैका नामहरू प्रयोग गरिएका छन् ।

विजयपुरको नामकरण विजयनारायणबाट भएको पनि बताइन्छ । यिनले यस भेगमा शासन गर्न लागेपछि यस स्थानलाई विजयपुर भन्न लागिएको हो । यिनको राज्यकाल सन् १६३१ देखि १६६६ सम्म रहेको वर्णन पाइन्छ । तिनले यस स्थानको सिमाना पूर्वमा महानन्दा, पश्चिममा कोशी नदी, उत्तरमा हिमाल र दक्षिणमा गंगासम्म पुऱ्याएका थिए ।[४] उनले मोरङ राज्यको राजधानी भने उत्तरी पहाडको काखमा वराहक्षेत्र नजिकै राखेका थिए । त्यहाँबाट तिनलाई पहाड र तराई दुवैतिर शासन गर्न सजिलो थियो । विजयनारायणले स्थापना गरेको विजयपुर राज्यको सिमाना सधैं एउटै प्रकारको भने रहन पाएन । पुरानो समयमा किरातीहरूले अधिनमा राखेको मोरङलाई विजयनारायणले बेग्लै राज्यका रूपमा स्थापना गरे । तसर्थ उनले स्थापना गरेको राज्यको नाम विजयपुर राखियो । यसरी पुरानो मत्स्यदेश मध्यकालको सुरूवातमा मोरङ र त्यही राज्य कालान्तरमा पुन विजयपुरका नामले प्रख्यात हुनपुग्यो ।

विजयनारायणले विजयपुरलाई बेग्लै राज्यका रूपमा स्थापित गरेपछि पनि मुरेहाङ्गले शासन गरेकै मान्यतामा यसलाई मोरङ पनि भन्न लागियो भने विजयनारायणले यसलाई राजधानी बनाएर शासन गर्न लागेकाले यसलाई विजयपुरसमेत भनिएको हो । यसरी यो क्षेत्र मध्यकालभर यी दुवै नामहरूबाट परिचित भएर रह्यो । पछि यो स्थान मकवानी सेनहरूको अधिनमा जाँदा मोरङ या विजयपुर मकवानपुरको अधिनमा रह्यो भने कालान्तरमा पुन विजयपुर अन्तर्गत मकवानपुर पनि पऱ्यो । यता सेनहरूको राजधानी मकवानपुरमा भए पनि उक्त स्थान पनि विजयपुरकै राजधानि थियो । कालान्तरमा लोहांग सेनका सन्तानहरूले विजयपुरलाई बेग्लै स्वतन्त्र राज्यका रूपमा स्थापित गरे ।[५] यसबाट विजयपुर र मकवानपुर छुट्टिन पुगे भने पुन विजयपुरबाट चौदण्डी पनि अलग हुनपुग्यो । तर मोरङ सेनहरूको अधिनमा भने लामो समयसम्म

---

३. पेशल दाहाल (वि.सं. २०५४), *"मोरङ्गको ऐतिहासिक रूपरेखा", मोरङ्ग एक परिचय* (काठमाडौं: नेकपा एमाले सम्पर्क मञ्च), पृ. २९ ।

४. इमानसिंह चेम्जोङ्ग (वि.सं. २०३१), *किरात कालिन विजयपुरको संक्षिप्त इतिहास,* (दार्जिलिंग: नेपाली साहित्य परिषद), पृ. २८ ।

५. *उही* ।

रहिरहन सकेन, जुन नेपाल एकीकरणका क्रममा वि.सं. १८३१ सालमा बृहत्तर नेपालमा गाभिन पुग्यो । त्यसपछि भने विजयपुर राज्यको अस्तित्व सदाका लागि समाप्त भएर गयो ।

५.३ राज्य स्थापना

वर्तमानको मोरङ क्षेत्र इसापूर्व कालतिर मत्स्यदेशका नामले जानिन्थ्यो । महाभारतका पात्र मत्स्यदेशका राजा विराटको दरबारक्षेत्र विराटनगर मध्यकालिक विजयपुर राज्यको क्षेत्रभित्र पर्दथ्यो भन्ने कुरा भविश्यपुराणले दर्साएको छ ।[६] यस ग्रन्थमा बंगालको उत्तर पश्चिम दिशामा मत्स्यदेश पर्ने उल्लेख छ । महाभारतकालिक मत्स्यदेस यसै भेगमा पर्ने अन्य विवरणहरू पनि विभिन्न पौराणिक ग्रन्थहरूमा परेका छन् । जस्तो प्राग्ज्योतिष नामक पौराणिक राज्य कोशी नदीको पूर्व तथा ब्रह्मपुत्रको पश्चिमतिर अवस्थित थियो । आसाम तथा कुचबिहार क्षेत्रलाई प्राचीन प्राग्ज्योतिष राज्य भनिए पनि त्यसको भौगोलिक सिमाना पश्चिममा मिथिला राज्यसम्म फैलिएको देखिन्छ । यता मिथिलाको पूर्वी सिमाना कोशी नदी भएकाले प्राग्ज्योतिष क्षेत्रमा नै तत्काल मोरङ विजयपुर पर्ने स्पष्ट छ । पौराणिक कालमा प्राग्ज्योतिष क्षेत्रमा किरातहरूले शासन गर्ने गरेको विवरण पाइन्छ ।

मोरङ तथा विजयपुर दुवै मध्यकालिक नामहरू हुन् । हाल विजयपुर एउटा सानो स्थान तथा मोरङ एउटा जिल्लाका रूपमा रहेको भए पनि मध्यकालताका मोरङ तथा विजयपुर एउटा राज्यकै रूपमा अस्तित्वमा थियो । यसको स्थापनाका सम्बन्धमा एकै प्रकारका मात्र तर्कहरू पाइएका छैनन् । प्राप्त एक पौराणिक विवरणअनुसार कामरूप भेगमा प्राचीन कालमा सम्बरासुर लगायतका राजाहरूले शासन गरेका थिए । कालान्तरमा तिनीहरूले किरातीहरूको सामना गर्नुपऱ्यो र तिनलाई किरातहरूले हराएर राज्य हडपेका थिए । यसै क्रममा महाभारत कालमा भगदत्त नामक राजाले कामरूप भेगमा शासन गरेको तथा तिनले महाभारतको लडाइँमा कौरवको पक्षमा लागेर लडाईं गरेको उल्लेख पाइन्छ । साथै तिनी कालान्तरमा अर्जुनद्वारा मारिएका भए पनि त्यहाँ उनैका वंशका जम्मा २३ पुस्ताले शासन गरेको देखिन्छ । तिनका तेइसौं पुस्ताका शासक भाष्कर वर्मा थिए, जसको समय इसाको सातौं शताब्दि रहेको विवरण पाइन्छ ।[७] कामरूप भेगमा भगदत्त लगायतका शासकले शासन गरेको समयमा त्यसको पश्चिमतिर पर्ने महानन्दा र कोशी नदीको बीच भागमा भने मत्स्यदेस पर्दथ्यो ।

सामान्य जनमानसमा कोशी पूर्वको विराटनगर भेगलाई महाभारत कालिक राजा विराटको दरबारक्षेत्र मान्ने चलन छ । हालको विराटनगर भेगमा महाभारत कालको मत्स्यदेशको राजधानी तथा विराटदरबार थियो भन्ने कुरा चाहिं स्पष्ट छैन । तर स्थानीय किंवदन्तिहरूमा यस भेगका

---

६. कृष्णदास बैंकटेश्वर (सन् १९८०), *श्रीभविश्यपुराण* (बम्बेः स्टिम प्रेस), पृ. ५३ ।
७. *डब्ल्यूडब्लूडब्लू. हिष्ट्रिअफ्कुचविहार. कम्* (सन् १९८८) पृ. २ ।

थुप्रै स्थानहरूलाई महाभारतकालिक मत्स्यदेशको भौगोलिक अवस्थितिसँग समन्वय गर्ने गरेको पाइन्छ । किचकबध स्थान (राजा विराटको सालो किचक मारिएको स्थान), कानेपोखरी (राजा विराटको काने नाम गरेको गोठालोले गाईलाई पानी खुवाउन बनाएको पोखरी), अर्जुनधारा (अर्जुनले विराटका गाईलाई पानी खुवाउन जमिन मुनिबाट पानी निकालेको स्थान या पानीको श्रोत) र हरैंचा (राजा विराटको गाईवस्तु बाँध्ने स्थान) लगायतका विरणका साथ यस भेगमा प्रचलित अन्य थुप्रै प्रकारका लोकोक्ति र जनश्रुति विराटराजा तथा विराटनगर र मत्स्यदेससँग गाँसिएका छन् । झापाका किचकबध, कृष्णथुम्की, अर्जुनधारा र बाल्मिकी आश्रम लगायतका स्थान विशेषका नामले पनि प्राचीन मत्स्यदेश यसै भेगमा पर्ने कुरा दर्साएका छन् ।[८] किनकि यी सबै नामहरू महाभारत महाकाव्यका पात्र र स्थानहरूसँग निकट देखिन्छन् । यसैगरी यहाँ प्रचलित किंवदन्तिहरूले पनि यसै कुराको संकेत गर्ने हुँदा मत्स्यदेश यसै भेगतिर पर्ने कुरा स्पष्ट छ । यसैको आधारमा गजेटरर्स अफ् पूर्णियाका लेखक ओमालेले के वताएका छन् भने विराट राजाको दरबारक्षेत्र पूर्णियादेखि उत्तरमा पर्ने मोरङ भेगमा पर्दथ्यो । उनका विचारमा विराटराजाले महाभारतका पात्र युधिष्ठिर लगायतका पाण्डवहरूलाई यही क्षेत्रमा शरण दिएका थिए । महाभारतको सभा पर्व अध्याय ३० मा भीमले कौशिक कच्छलाई हराएको चर्चा छ, जुन स्थान यही थियो भन्ने उनको धारणा छ । यसरी यस्ता विविध प्रसंगहरूले प्राचीन मोरङ तथा विजयपुर क्षेत्र मत्स्यदेशका नामले प्रख्यात रहेको स्पष्ट छ । यता पौराणिक ग्रन्थहरूमा वर्णित आठ दिसाका अष्ट दिग्गजमध्ये सर्वोत्तम हात्ति पाइने जंगल (प्राच्य जंगल) पनि मोरङ विजयपुर क्षेत्रभित्रकै स्थान थियो भन्ने देखिन्छ ।[९]

मत्स्यदेसको सिमाना प्राचीन कालमा पूर्वमा महानन्दा, पश्चिममा कोशी नदी, उत्तरमा हिमाल र दक्षिणमा गंगानदी थिए । यसको पश्चिमतिर मिथिला र पूर्वतिर भने प्राग्ज्योतिष राज्य पर्दथे । कालान्तरमा मत्स्यदेश टुकिएर विभिन्न राज्यहरूमा विभाजित हुँदा अंग, बंग र पौण्ड्र यसैका शाखाहरू बनेका हुन् भन्ने अनुमान छ । यहाँ पौण्ड्रको मतलव पुण्ड्रबर्धन भुक्ति हो, जुन राज्य मत्स्यदेशको दक्षिणी भाग टुकिएर बनेको मानिन्छ ।[१०] वर्तमानको भारत पूर्णिया लगायतका स्थानहरू समेत पौण्ड्र राज्यका रूपमा पुण्ड्रवर्धन भित्र पर्दथ्यो । कालान्तरमा यो क्षेत्र मगध नरेश समुद्र गुप्तको अधिनमा पुगेको देखिन्छ । तिनको अधिनमा समतट, डवाक, कामरूप र मत्स्यदेश तथा पुरानो मोरङ विजयपुर समेत परेको हुनसक्ने देखिन्छ । समुद्रगुप्तले समतट र डवाकदेखि नेपालसम्म आफ्नो अधिनमा पारें भन्ने विवरण अभिलेखमा दिनुको मतलव तिनको प्रभाव पूर्वी

---

८. सोमप्रसाद खतिवडा (वि.सं. २०७०), *कौशिकी संस्कृति* (चतराः जगद्गुरु पीठ), पृ. ३३ ।
९. डिसी सरकार (ई. १९७१), *स्टडीज इन् द ज्योग्राफी अफ् एन्सियन्ट एन्ड मेडिएभल इन्डिया* (दिल्लीः मोतिलाल बनारसीदास), पृ. ३३७ ।
१०. खतिवडा, *पूर्ववत् नं.* ८, पृ. ३६ ।

भारत र कामरूप तथा पुण्ड्रबर्धन क्षेत्रसम्म पर्नु स्वाभाविक पनि मानिन्छ । समुद्र गुप्तको इलाहावाद अभिलेखमा आफूले समुद्रको किनारदेखि कामरूप र नेपाल हुँदै कुमाउँ र गढवालसम्मका राजालाई आफूले कज्याएको तथा तिनीहरूले सालिन्दा उनलाई नमस्कार गर्दै कर तिर्ने गर्दछन् भन्ने कुरा बताएका छन् । समुद्रगुप्तको यो स्तम्भ अभिलेख कीर्ति स्तम्भ हो । तसर्थ यसमा उनले आफ्नो बहादुरी र महानतालाई बढाईचढाई गरेर लेखेका हुन् भन्ने स्पष्ट छ । सम्भवत उनले मगधको आसपासका क्षेत्रमा विजय हासिल गरेको र त्यसको प्रशस्तिस्वरूप यस्तो अभिलेख राखेका हुन् भन्ने अनुमान विद्वान्हरूको छ ।

मोरङ विजयपुरमा समुद्रगुप्तको अधिपत्य लामो समयसम्म टिकीरहन सकेन । तुरन्तै पुण्ड्रवर्धन लगायतको मत्स्यदेश तथा यसका खण्डित ससाना राज्यहरू तिनको प्रभावबाट मुक्त भए । यता मत्स्यदेशमा भने किरातहरूले शासन गर्न लागेका थिए । सम्भवत समुद्रगुप्तको समयभन्दा अगाडिदेखि नै यस भेगमा किरातीहरूको शासन स्थापित भएको थियो । पछि उनले किरातहरूलाई जितेर मत्स्यदेशमा आफ्नो आधिपत्य जमाएका थिए । यसमा उनी यहाँबाट फिर्नासाथ किरातहरूले मत्स्यदेशलाई स्वतन्त्र बनाएको हुन सक्तछ ।

चिनीया यात्री व्हेनसाङ्गले पनि पुण्ड्रबर्धनको विवरण उनको यात्रा बृतान्तमा दिएका छन् । तिनले दिएको बृतान्तमा यो राज्य समथर भूमिका रूपमा रहेको तथा उर्वर थियो । यस भेगमा बौद्ध धर्मका अनुयायीहरू भने अति थोरै संख्यामा मात्र थिए । यता पुण्ड्रबर्धन मत्स्य देशको एउटा भाग भएको हुनाले तत्काल मत्स्यदेशमा पनि त्यस्तै परिस्थिति रहेको बुझ्न सकिन्छ । तिनको समयमा पुण्ड्रबर्धनको उत्तरतिर मत्स्यदेश केही खुम्चिएर रहेको उल्लेख पाइन्छ । पुण्ड्रबर्धनदेखि उत्तरको भागलाई भने त्यसमा किरात देश भनिएको छ । यही किरातदेश मोरङ विजयपुर राज्य थियो भन्ने स्पष्ट छ ।[११]

इसाको पाँचौं शताब्दीतिर विजयपुर तथा मोरङको सम्पूर्ण भूभाग हिमवत्शिखरका नामले जानिन्थ्यो भन्ने संकेत हाल एशियाटिक सोसाइटी अफ् बंगालमा संग्रहित तत्कालको (इ.सं. ४७७-९४) एउटा ताम्रपत्र अभिलेखले गरेको छ । त्यसमा वराहक्षेत्र हिमवत्शिखरमा पर्ने उल्लेख पाइने हुँदा यस्तो अनुमान गरिएको हो । त्यसमा यो भेग बंगालको कोटिवर्ष विषय (जिल्ला) मा पर्ने पनि बताइएको छ । यहाँ नामोल्लेख गरिएको अभिलेखमा हिमवत्शिखरका भगवान्लाई आद्य भगवान भनिएको देखिन्छ । यसका साथमा कोकामुखस्वामी र श्वेतवराहस्वामीको अस्तित्व यस स्थानमा रहेको उल्लेख गर्दै तिनीहरूलाई रिभुपालको समयमा केही जमिन गुठी राखिदिइएको देखिन्छ । तर वराहस्वामीहरूलाई राखिदिएको गुठी जमिन वराहक्षेत्रको वरपर नभएर यहाँदेखि धेरै टाढा कोटिवर्ष

११. *उही* ।

विषयतिर रहेको बुझिएको छ । यसमा गुठीको आम्दानी नियमित रूपमा हिमालय शिखरका स्वामीहरूका लागि पुऱ्याउन कठीन भएको र यिनको प्रतिरूप त्यतैतिर स्थापना गरेको उल्लेख पाइने हुनाले तत्काल यो क्षेत्र स्वतन्त्र मुलुकका रूपमा रहेको अनुमान गर्न सकिन्छ । यदि यो क्षेत्र कोटिवर्ष विषयतिर या बंग या त्यस्तै मुलुकको अधिनमा भएमा वराहस्वामीका लागि यतै कतै नजिकै जमिन किनेर गुठी राख्ने कार्य हुने थियो । एक देशको नागरिकले अरू देशमा जमिन किन्न नसक्ने हुनाले तिनले गुठीको जमिन उतै किनेको हो भन्ने अनुमान गरिएको हो ।[१२] मोरङ क्षेत्र विगतमा विभिन्न राज्यको अधिनमा पर्ने र स्वतन्त्र हुने क्रम निरन्तर चलेको हुनाले उक्त विवरण सत्य हुन सक्तछ ।

मोरङ विजयपुर क्षेत्रमा प्राचीन कालमा नै किरातहरूले शासनको सुरूवात गरेको भए पनि यहाँको शासन व्यवस्थाले स्थायित्व भने पाउन सकेको देखिदैन । यहाँ मत्स्यदेशको पतन पछि नै अस्थिरता छाएको हो । हुन त मत्स्यदेशको पतन कहिले भयो भन्ने कुरा स्पष्ट छैन । किचक कोचराजा भएको तथा राजा विराट पनि त्यही वंशका थिए भन्ने चर्चा स्थानीय आदिवासीहरूमा पाइन्छ । यता तिनीहरूलाई किराती राजा पनि भन्ने गरिएको छ । सम्भवत मत्स्यदेश विस्तार हुने र खुम्चने क्रम लामो समयसम्म चलिनै रह्यो । पछि बंगालमा इसाको बाह्रौं शताब्दितिर मुशलमानहरूले शासनाधिकार लिए पछि यहाँको मत्स्यदेशको अस्तित्व सदाका लागि समाप्त भएको हुन सक्तछ । इसाको बाह्रौं शताब्दितिर बंगालका बख्तियार खिलजीले तिरहुत लगायतका कुचबिहार र पुण्ड्रबर्भनलाई आफ्नो अधिनमा लिएको विवरण पाइने हुँदा संभवतः प्राचीन मत्स्यदेशको पूर्ण रूपमा विनास पनि उनैका कारणले भएको हुनसक्तछ । साथै मोरङ विजयपुर भेगको तराई प्रदेशमा मुशलमानको ज्यादा प्रभाव रहेको हुनाले यसको पहाडी भागमा मात्र किरात शासनको अस्तित्व रहेको हुन सक्तछ ।

कुनै बेलामा विजयपुर भेग मिथिला, सिम्रौनगढ, कुचबिहार, सिक्किम र इलामको अधिनमा समेत परेको देखिन्छ भने यी सबै स्थान विजयपुरको अधिनमा रहेका उदाहरणहरू पनि पाइएका छन् । इलामलगायत सिक्किमसमेत विजयपुर राज्यभित्र लामो समयसम्म परिरह्यो । कालान्तरमा इसाको चौधौंपन्ध्रौं शताब्दीताका एकपटक मोरङ विजयपुर काठमाडौं उपत्यकाको अधिनमा परेको उदाहरण पाइन्छ । शिवसिंह मल्लले मोरङमाथि आक्रमण गरी विजय हासिल गरेको तथा मोरङ पहाडमा कीर्तिस्तम्भ गाडेको विवरण पाइने हुनाले तत्काल मोरङ उपत्यकाको अधिनमा परेको मानिएको हो । यसैगरी पाल्पाली सेन राजा विधाता इन्द्रसेनले विजयपुरलाई बेग्लै राज्य घोषणा गरी शासन गर्न लागेपछि हरिहर सेनले उपत्यकाका भक्तपुर लगायतका राज्यलाई गुहारेर

---

१२. डिसी सरकार (सं., सन् १९६५), *सेलेक्ट इन्स्क्रीप्सन्स् बियरिङ्ग अन् इन्डियन हिस्ट्रि एन्ड सिभिलाइजेसन, भोल १,* (कलकत्ता: कलकत्ता विश्वविद्यालय), पृ. २३६-२३९ ।

विजयपुरमा आक्रमण गर्न लगाएका थिए । तर तिनीहरूले विजयपुरमाथि विजय पाउन भने सकेको पाइएको छैन । यसबाट विजयपुर उपत्यकाको चंगुलमा लामो समय परेको देखिएको छैन । साथै उपत्यकामा शासन गर्ने मल्ल शासकहरूलाई मोरङजस्तो पहाड र जंगलयुक्त क्षेत्रको खासै लोभ पनि भएन । यता यस भेगमा किरात लगायतका स्थानीय आदिवासीहरूको बसोवास रहेको हुनाले कसैले पनि यहाँ स्थायी रूपमा बसेर शासन गर्न सक्ने अवस्था थिएन । तसर्थ मकवानपुरे सेनहरूले यस भेगलाई अधिकार जमाए पनि यहाँ बसेर शासन नगरी सुरूका दिनमा मकवानपुरतिर नै बसेर यहाँको शासन गर्ने जिम्मा भने स्थानीय किरातीहरूलाई दिएका थिए । कालान्तरमा जब सेनहरू विजयपुरमा नै बसेर शासन गरेका भए पनि तिनीहरूले पनि कहिल्यै पनि सुविस्ताका साथमा शासन गर्न भने पाएनन् । तिनीहरूले विजयपुरमा सदा सर्वदाका लागि भारदारहरूसँग झैझगडा गर्नु परिरहृयो भने कसैले त उक्त झगडाका कारण ज्यानसमेत गुमाउनु परेको थियो । कालान्तरमा पृथ्वीनारायण शाहका सेनालाई विजयपुरमाथि आक्रमण गरी विजय हाशिल गर्न पनि यस्तै कलहले नै सहयोग पुऱ्याएको हो ।[१३] मध्यकालमा यसको सिमाना पश्चिममा गण्डकीनदी, उत्तरमा हिमालय पर्वत, पूर्वमा टिष्टानदी र दक्षिणमा गंगानदी पर्दथ्यो ।

५.४ इतिहास

५.४.१ प्रागैतिहासिक काल

मध्यकालताका कालापानीका नामले चिनिने तथा जंगलैजंगलले ढाकिएको मोरङका विभिन्न क्षेत्रमा प्रागैतिहासिक कालमा भने मानिसहरूको विचरण हुने गरेको देखिन्छ । तत्काल मोरङको पहाडी भागमा रमाइलो र आनन्ददायी हावापानी पाइने हुँदा प्राग्मानवका लागि उपयुक्त भौगोलिक वातावरण थियो । तर पनि मोरङ भेगमा पूरापाषाण र मध्यपाषाण कालको मानव वस्ति बसेका प्रमाण पाइएको छैन । यस भेगमा नवपाषाण कालदेखि मात्र मानवको बसोवास भएको पाइएको छ । यस क्रममा मोरङको विराटनगर छेउमा पर्ने झापा बैजनाथपुरमा वि.सं. २०४२ सालतिर एउटा प्रस्तर उपकरण पाइएको थियो ।[१४] घोटेर चिल्लो बनाइएको उक्त उपकरणले यस भेगमा प्रागमानवको विचरण हुने कुरालाई प्रष्ट्याएको छ । यसबाहेक मोरङ तराईमा कतै कुनैपनि प्रकारका प्रागमानवका थप अवशेषहरू पाइएका छैनन् । तर मोरङ तथा विजयपुरको पहाडी भागका धरान विजयपुर र सूर्यकुण्ड तथा लालकोट रंगमहल क्षेत्रबाट प्रागमानवले निर्माण गरी प्रयोग गरेका प्रस्तर उपकरणहरू प्रशस्तै पाइने गरेका छन् । वर्तमानको सुनसरी जिल्ला अन्तर्गत

---

१३. ज्ञानमणि नेपाल (वि.सं. २०५५), *नेपालनिरूपण* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), पृ. २४६ ।

१४. सोमप्रसाद खतिवडा (वि.सं. २०६८), *मोरङको सांस्कृतिक पर्यटन, संभावना र चुनौतिहरू* (विराटनगर: अनुसन्धान विकास केन्द्र नेपाल), पृ. १५ ।

पर्ने वराहक्षेत्र नजिकको कुब्जाम्र भन्ने स्थानबाट पनि एउटा प्रस्तर उपकरण प्राप्त भएको छ । यसैगरी धरान विजयपुरबाट समेत यस्ता उपकरणहरू पाइएका छन् ।

मोरङ विजयपुरको पहाडी भागमा धेरै ठाउँबाट नवपाषाणकालिक प्रस्तर उपकरण पाइने गरेका छन् । चैनपुर, वशन्तपुर, तेह्रथुम, धनकुटा, इलाम र पाँचथरका थुप्रै स्थानबाट त्यस्ता उपकरणहरू पाइएका हुनाले कोशी पूर्वको पहाडी भाग नवपाषाण कालिक मानवका लागि बसोवास गर्न ज्यादै उपयुक्त स्थान रहेको बुझ्न सकिन्छ ।[१५] यो भेगको प्रागैतिहासिक कालको समुचित अध्ययन भएको नभए पनि त्यहाँ बेलाबेलामा प्राप्त हुने असंख्य उपकरणले कोशी पूर्वको प्रागैतिहासिक अध्ययनको आवश्यकतालाई स्पष्ट पारेका छन् । हालसम्म पनि कोशी पूर्वको पहाडी भागका प्रत्येक घरहरूमा वज्रढुंगाका नामले नवपाषाणकालिक उपकरण राख्ने चलन छ । आगो बाल्ने अँगेनामा ती उपकरणहरू राख्नाले त्यस घरमा बज्र पर्दैन भन्ने विश्वासमा तिनीहरूलाई घरको अँगेनामा राख्ने गरिएको हो । यसका साथमा पेट दुखेको अवस्थामा पनि त्यसलाई शिकारीको प्रकोपले दुखेको मान्दै यही यस्तै उपकरण घोटेर विरामीलाई खुवाएमा दुखाई कम हुने विश्वास यस भेगका मानिसहरूमा अझसम्म पनि विद्यमान छ ।

कौशिकी प्रदेशको प्रागैतिहासिक अध्ययनका लागि कोशी नदी किनाराको कान्ले भूसतहको अध्ययन हुन आवश्यक छ । पश्चिम नेपालका नारायणी र कर्णालीका कान्ले भू-सतहको अध्ययनबाट नारायणी नदी फाँटको प्रागैतिहासिक अवस्थाका बारेमा धेरै कुरा जानकारीमा आएका छन् । कोशी प्रदेशको पनि अरूण उपत्यकाका साथमा उदयपुरको रामपुर ठोक्सिला क्षेत्रमा कोशीनदीको कान्ले भूसतहको अध्ययन गर्न सकिने सम्भावना छ ।[१६] यसबाट यस भेगको प्रागैतिहासिक अवस्थाका बारेमा विस्तृत रूपमा जानकारी पाइने भए पनि यससम्बन्धी खासै काम हुन भने सकेको छैन ।

कौशिकी प्रदेशको पहाडी भागमा ठूलाठूला चिहानहरू (मेगालिथ) प्रशस्तै पाइन्छन् । ताम्रपाषाण युग तिरका मानिने ती चिहानहरूका आधारमा यो क्षेत्रमा प्रागमानवको बसोवास भएको स्पष्ट हुन्छ । कोशी प्रदेशका पहाडी भागमा रहेका गुफाहरूमा लखौटाहरू पनि त्यसै अनुरूप पाइने गरेका छन् । वनमान्छे, वनझाँकी, शिकारी र वनदेवता आदि जस्ता यहाँ प्रचलित किंवदन्ती, तिनीहरूका बारेमा जोडिएका लोकोक्ति तथा परम्परा र विश्वासले पनि कोशी प्रदेशको प्रागैतिहासिक कालको इतिहासलाई संकेत गरेका छन् । यसबाट कोशी क्षेत्रको प्रागैतिहासिक कालको अध्ययन गर्न ढिला भइसकेको कुरा स्पष्ट हुने गर्दछ । तसर्थ वर्तमानको मोरङ भेग मात्र

---

१५. खतिवडा, पूर्ववत् नं ८, पृ. ४० ।
१६. *उही ।*

नभएर तात्कालिक मोरङ र विजयपुरको सम्पूर्ण भागमा नवपाषाण कालदेखि मानव विचरण गर्ने गरेको देखिन्छ ।

मोरङको वैजनाथपुरमा प्राप्त प्रस्तर उपकरण पूर्वी भारतको आसाममा पाइने नवपाषाणकालिक उपकरणसँग मिल्दोजुल्दो छ । सामान्यतया नवपाषाणकालिक प्रस्तर उपकरणहरू घोटेर चिल्लो बनाइएका हुन्छन् । यिनीहरू विश्वका विभिन्न भागहरूमा अलगअलग प्रकारले निर्माण गर्ने चलन थियो । नेपालमा पाइएका यस्ता उपकरणहरू निर्माणका आधारमा जम्मा दुई प्रकारका छन् । तिनीहरू आसामको शैली र गोवी मरूभूमिको शैलीका हुन् । यहाँ आसाम भेगमा यस्ता उपकरण निर्माण गर्दा तिनलाई बाँसको चोयाले काटिने हुँदा घोटेर चिल्लो बनाउन आवश्यक थिएन । तिनीहरू निर्माण गर्दानै आकर्षक हुन्थे भने अन्यत्रका उपकरणभन्दा भिन्न पनि देखिन्थे । विशेषगरी पूर्वी नेपालमा नवपाषाणकालिक प्रस्तर उपकरणहरूमा यस्तो प्रभाव देखिन्छ भने काठमाडौं उपत्यका र त्यसदेखि पश्चिमतिर पाइने उपकरणमा भने गोबी मरूभूमिको प्रभाव छ । यस शैलीमा भने प्रस्तरको उपकरणलाई निर्माण गरेपछि घोटेर पुन चिल्लो, आकर्षक र धारिलो बनाउने चलन रहेको देखिन्छ ।[१७] तसर्थ यस भेगको प्रागमानवमा आसामतिरको संस्कृतिको प्रभाव रहेको बुझ्न सकिन्छ । यता अन्य भागका उपकरणमा पनि त्यस्तै प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ । विजयपुर र कुब्जाम्र लगायतका क्षेत्रमा साना आकारका हाते बञ्चरा (सेल्ट) पाइएका छन् भने कोशी र मेचीका पहाडी भागमा भने ठूला आकारका हाते बञ्चरा पाइन्छन् । घोटेर चिल्ला बनाइएका कालो प्रस्तरबाट निर्मित यस्ता उपकरणहरू ज्यादै प्रभावकारी र आकर्शक पनि छन् । तर यहाँ गोबी मरूभूमिको धारवाला नवपाषाणकालिक उपकरणहरू भने पाइएका छैनन् ।

विश्वका विभिन्न भागहरूमा नवपाषाण कालको समय अलगअलग रहेको छ । मानवले धातुमा सर्वप्रथम तामाको धाउ पत्ता लगाएको हो । उसले तामालाई उपकरण बनाउने उत्तम वस्तुका रूपमा प्रयोग गर्न लागेपछि पनि यो विश्वको सबै स्थानमा उसले एकैपटक धातुको प्रयोग गर्न जानेको देखिदैन । तसर्थ उसले कतै धातुको प्रयोग गर्दा अर्को स्थानमा भने त्यसको जानकारी नभएर प्रस्तरलाई नै उपकरण निर्माणका लागि लामो समयसम्म प्रयोग गरिरह्यो । तसर्थ विश्वमा नवपाषाण कालको समय सबैतिर एकै नभएको हो । तत्काल तामाका धाउ पत्ता लगाए पनि त्यसलाई फोड्न नसकिने हुँदा गालेर उपकरण निर्माण गर्नु पर्दथ्यो, जुन कुरा घुमन्ते जीवन विताउने मानिसलाई सजिलो भने थिएन । तसर्थ मानिसले तामा र प्रस्तर उपकरण सँगसँगै लामो समयसम्म प्रयोग गरे । यस युगलाई ताम्रपाषाण युग भनिएको छ ।[१८] प्रागमानव बसोवास गरेको

---

[१७] *उही ।*

[१८] खतिवडा, *पूर्ववत् नं. १,* पृ. १११ ।

क्षेत्रको उत्खनन्बाट मात्र त्यसको सही समय पत्ता लगाउन संभव छ भने सतहमा पाइने प्रस्तर औजारको निर्माण तिथि निश्चित गर्न कठीन छ । त्यस्ता उपकरणको प्रकारका आधारमा मात्र तिनको निर्माण तिथि निर्धारण गर्नुपर्ने हुन्छ । माथि वर्णित प्रस्तर औजारहरूका आधारमा भने यस भेगमा आजभन्दा करिब पाँच हजार वर्ष पहिलेदेखि नै मानवको बसोवास भएको अनुमान छ । त्यस बेला यहाँको समथर क्षेत्रमा मानिसहरू शिकारका लागि विचरण गर्दथे भने पहाडी भागमा भने तिनीहरूको बसोवास नै थियो । तर यस भेगको प्रागमानव बसोबास गर्ने गुफा या निश्चित क्षेत्र यही थियो भन्ने कुराचाहिं यकिन गर्न सकिएको छैन । यसका साथमा यस भेगका नदीहरूको कान्ले भूसतहको राम्रोसँग अध्ययन हुन नसकेकाले प्रागैतिहासिक कालको अध्ययनको खाँचो टड्कारो रूपमा रहेको छ ।

५.४.२ पौराणिक काल

विजयपुर तथा मोरङ क्षेत्रको प्राचीन इतिहास त्यति स्पष्ट नभए पनि तत्काल यस भेगमा मानव बसोवास रहेको कुरा भने विभिन्न स्रोतहरूको अध्ययनबाट जानकारी पाउन सकिन्छ । यस क्षेत्रको वस्तिका बारेमा के भनिएको पाइन्छ भने परापूर्व कालम कुशिक ऋषिका सन्तानहरू यस भेगको ठूलो नदीको किनारमा बसोवास गर्ने हुनाले यस नदीको नाम कोशी राखिएको हो ।[१९] पौराणिक कालको यस प्रसंगका साथमा महाभारत कालको अर्को प्रसंग पनि यस भेगसँग जोडिएको देखिन्छ, जस अनुसार रामायणका पात्र राम र लक्ष्मण आफ्नी दिदी कौशिकी रहेको कोशी प्रदेशतिर घुम्न आएका देखिन्छन् । वराहक्षेत्रदेखि पूर्व तथा चतरा बयरवनदेखि उत्तरको पहाडको नाम पुराणहरूले वराहपर्वत दिएको देखिन्छ । विभिन्न पौराणिक ग्रन्थहरूले त्यस पर्वतमा देवताहरूको सभा बस्ने गरेको उल्लेख गरेका छन् । हालको आदि वराहस्थान, लटेनी थान, सूर्यकुण्ड र चौदणगढी यसका आसपासमा पर्दछन् । ब्रह्मपुराणले चर्चा गरेको विष्णुपादुका, कुब्जाम्र, शिवधारा र अन्य पानीका मुहानहरू पनि यसै भेगमा छन् । यसको सिदा उत्तरतिर धनकुटाको आहाले तथा महाभारा क्षेत्रलाई भने पुराणहरूमा सिद्धाश्रम मानेको देखिन्छ । अघि सिद्धाश्रममा ऋषिमुनीहरू तपस्या गरी बस्ने गरेका तथा विश्वामित्र पनि त्यसै स्थानमा बसेको विश्वास स्थानीय मानिसहरूमा छ । यता सिद्धाश्रममा बसेका ऋषिमुनिहरूलाई तत्काल राक्षसहरूले दुख दिएकाले विश्वामित्राले तिनीहरूको प्रकोपबाट छुट्कारा पाउनका लागि रामलाई गुहारेको वताइन्छ । यसैगरी राम र लक्ष्मण सिद्धाश्रममा आएर राक्षसहरूलाई मारेको तथा त्यहाँबाट सशुराली जनकपुर हुँदै आफ्नो राज्य अयोध्या फिर्दा एक दिन सुनसरीको सिंगिया स्थानमा रातको समयमा बास बस्नु परेको बताइन्छ । यसै शिलशिलामा राम र लक्ष्मणले त्यहाँ आगो बालेर या धुनि जगाएर बसेको हुनाले त्यस स्थानको नाम रामधुनि रहेको हो भन्ने विश्वास

[१९] ज्ञानमणि नेपाल (वि.सं. २०४०), *नेपाल निरूक्त,* (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), पृ. १६८ ।

स्थानीय मानिसहरूमा रहेको पाइन्छ । यसै विश्वासका आधारमा अहिलेसम्म पनि उक्त स्थानमा धुनि बालेर छाडिएको छ र त्यसलाई कहिल्यै पनि निभ्न दिइदैन ।[२०]

बाल्मिकीय रामायणमा (बाल्मिकीय रामायण ३१।७४।१) को यस प्रसंगले तत्काल यस भेगमा मानव बसोवास रहेको बुझ्न सकिन्छ । रामायणको केही समयपछि लेखिएको मानिने महाभारत महाकाव्यले पनि यस भेगका बारेमा विवरणहरू दिएको पाइन्छ । त्यसमा कोकाकोशी संगमलाई स्नान गर्ने सर्वोत्तम स्थान मानिएको छ (महाभारत ३।८४।१५८) । महाभारत महाकाव्यमा के भनिएको छ भने कोकाकोशी संगमको स्नान गर्नाले मानिसले पूर्वजन्मका बारेमा जानकारी पाउन सक्तछ । यसका साथमा उक्त महाकाव्यका यस स्थानलाई स्नान गर्ने उत्तम स्थान भनिएको हुनाले तत्काल भारत वर्षको धेरै टाढाटाढादेखिका मानिसहरू यस भेगमा स्नानका लागि अउने गर्दथे भन्ने अनुमान गर्न सकिन्छ । [२१] यस आधारमा पनि वराहक्षेत्र वरपर इसापूर्व आठौंनवौं शताब्दितिर नै मानव बस्ति बसिसकेको बुझ्न सकिन्छ । अन्य विभिन्न पौराणिक ग्रन्थहरूले समेत तत्काल यस भेगमा थुप्रै वस्तिहरू वसिसकेको दर्साएका छन् (वराहपुराण, १४०।४।५) ।[२२] विशेष गरी वराहपुराणले वराहक्षेत्रको छेउमा बदरीनामक प्रख्यात वस्तिकेन्द्र भएको वर्णन गरेको छ । ब्रह्मपुराणले पनि परापूर्व कालतिरै वराहक्षेत्र वरपर बस्तिहरू बसिसकेको दर्साएको छ । यसरी यी सवै श्रोतहरूले वर्णन गरेको वराहक्षेत्र मध्यकालिक मोरङ तथा विजयपुरको अभिन्न अंगका रूपमा रहेको हुँदा विजयपुर भेगमा इसापूर्व काल र पौराणिक युगमा नै ठूलाठूला वस्तिहरू वसि सकेको बुझ्न सकिन्छ ।

५.४.३ प्राचीन काल

इसापूर्व कालतिर एक समयमा मोरङ मिथिला राज्यअन्तर्गत पर्दथ्यो भन्ने कुरा पनि विभिन्न प्रमाणहरूले देखाएका छन् ।[२३] तत्काल मिथिलाको सिमाना पश्चिममा गण्डकी, उत्तरमा हिमाल, दक्षिणमा गंगा र पूर्वमा टिष्टासम्म फैलिएको विवरण पाइने हुँदा वर्तमानको मोरङ क्षेत्र पनि उक्त राज्य अन्तर्गत पर्दथ्यो भन्ने स्पष्ट छ । तर यो भेग लामो समयसम्म मिथिलाको अधिनमा रहिरहन पाएन । मिथिला नरेश शिरध्वज जनकको अवशानपछि बृहत्तर मिथिला राज्य टुक्रिएर मोरङ विजयपुर भेग मत्स्यदेशका नामले स्वतन्त्र राज्यका रूपमा स्थापित हुन पुग्यो । यता बंग देशबाट अलग भएर मत्स्यदेश स्थापना भएको विवरण केही साहित्यिक स्रोतहरूले दिएका छन, जसबाट कुनै समयमा यो स्थान बंगदेश (बंगाल)को अधिनमा समेत परेको बुझिन्छ । जे

---

[२०] वाशुदेव भट्टराई (सं. सन् १९६५), *श्रीमद्वाल्मिकीय रामायण,* (वाराणाशीः ज्ञानमण्डल लिमिटेड), पृ. १७४ ।
[२१] पाण्डे, रामनारायण दत्तशास्त्री (सं. २०१२)), *महाभारत प्रथम सं.* (गोरखपुरः गीता प्रेस), पृ. ४८७ ।
[२२] उपाध्याय, कृष्णदत्त (सं. वि.सं. २०१३), *वराहपुराण* (काठमाडौंः पशुपति प्रेस), पृ. ४१ ।
[२३] खतिवडा, *पूर्ववत् नं. ८,* पृ. १८ ।

होस्, जताबाट टुकिएर आएको भए पनि मिथिलाको पतनपछि यस भेगमा स्वतन्त्र मत्स्यदेश स्थापना भएको भने स्पष्ट छ ।

प्राचीन मत्स्यदेश वर्तमानको पूर्वी नेपाल लगायतको ठूलो क्षेत्रमा फैलिएको स्पष्ट भए पनि यसको स्थापना सम्बन्धी निश्चित तिथिचाहिं स्पष्ट छैन । विभिन्न ऐतिहासिक श्रोतहरूका आधारमा यसको स्थापना इसापूर्व आठौंनवौं शताब्दितिर भएको हुन सक्ने देखिन्छ । तत्काल मत्स्यदेशको सिमाना उत्तरमा हिमाल, पश्चिममा गण्डकी, पूर्वमा ब्रह्मपुत्रनदी र दक्षिणमा गंगा नदीसम्म फैलिएको पाइन्छ । महाभारत महाकाव्यमा नै प्रथमपटक मत्स्यदेश तथा त्यहाँका राजा विराट र उनको राजधानी विराटनगरको चर्चा पाइन्छ । तर यसमा उक्त देशको अवस्थिति भने दर्साइएको छैन । यता भविश्यपुराणको एउटा प्रसंगले बंगालको उत्तरतिर मत्स्यदेश पर्ने संकेत गरेको पाइने हुनाले[२४] मध्यकालिक विजयपुर राज्यको क्षेत्रनै मत्स्यदेशका नामले प्रख्यात रहेको पुष्टि हुने गर्दछ । यस देशको अवस्थितिका बारेमा खोजी गर्दा के देखिन्छ भने एसियाटिक सोसाइटी अफ् बंगाल कलकत्तामा संग्रहित सप्तञ्चसादेसविभागनामक एउटा शाक्त ग्रन्थमा मत्स्यदेशलाई कच्छदेशको पश्चिमतिर रहेको उल्लेख गरिएको छ ।[२५] यहाँ कच्छदेसका रूपमा आसामलाई (कामरूप) नाम दिइएको हुनाले आसामको पश्चिममा पर्ने मत्स्यदेश मोरङ्ग विजयपुर क्षेत्रनै भएको कुरा स्पष्ट छ । यता भारतीय विद्वान् डि.सी. सरकारले भने कुचबिहारलाई त्यस ग्रन्थमा वर्णित कच्छदेश मानेका छन् । कुच विहारलाई कच्छ देस मानेको खण्डमा पनि कुचविहार लगायतको ठूलो क्षेत्र मध्यकालमा कुनै बेला विजयपुर अन्तरगत पर्दथ्यो भने प्राचीन कालमा पनि यो स्थान मत्स्य देशमा पर्दथ्यो । तसर्थ कुच विहार क्षेत्र कच्छदेश भन्नुको मतलव पनि यसको अवस्थिति यतै रहनु हो भन्न सकिन्छ ।[२६] नेपालको पूर्वी भागलाई उनले यस रूपमा प्रस्तुत गरेको नपाइने भए पनि विजयपुर मोरङ क्षेत्र तत्काल मत्स्यदेशका नामले नै प्रख्यात रहेको कुरा भने स्पष्ट छ ।

मोरङ विजयपुरको इसापूर्व कालको इतिहास खोजी गर्ने क्रममा मोरङको भेडियारीमा प्राप्त पुरातात्विक अवशेषहरूको पनि विश्लेषण गर्न आवश्यक हुने गर्दछ । यहाँ पाइएका पुराना भग्नावशेष तथा पुरातात्विक वस्तुहरूका आधारमा स्थानीय मानिसहरू त्यस क्षेत्रलाई प्राचीन मत्स्यदेशका राजा विराटको दरबारक्षेत्र विराटनगर थियो भन्ने बताउँछन् । उक्त स्थानमा वि.सं. २०२७ सालतिर नेपाल पुरातत्व विभागले उत्खनन् गरेको थियो । एउटा ठूलो ढिस्कामाथि गरिएको उक्त उत्खनन्मा विभिन्न दुई चरणमा निर्मित अण्डाकार गर्भगृहयुक्त मन्दिरको अवशेष पाइएको

---

२४. बैंकटेश्वर, *पूर्ववत नं.* ६, पृ. ५३ ।

२५. क्याटलग अफ् मनुस्किप्ट कलेक्टेड इन् एशियाटिक सोसाइटी अफ् बंगाल, नं. १९६० । साभारः सोमप्रसाद खतिवडा (वि.सं. २०६९), *राजा धनपालको इतिहास* (विराटनगरः अनुसन्धान विकास केन्द्र), पृ. १९ ।

२६. सरकार, *पूर्ववत् नं.* ९, पृ. १११ ।

थियो । इशापूर्व २०० र १०० तिर दुईपटक दुई चरणमा निर्मित उक्त मन्दिरको अवशेषलाई मातृकाको मन्दिर भनिएको छ । इसापूर्व कालतिर उत्तर भारतमा अण्डाकारको गर्भगृहमा मातृकाका मन्दिरहरू निर्माण गर्ने चलन थियो । जहाँसम्म पंचमार्क या आहात मुद्राको चलन छ, भारत वर्षमा प्रचलनमा आएका सवैभन्दा पुराना धातुका मुद्रा पञ्चमार्क मुद्रानै हुन् । यिनीहरू विशेष गरी चाँदीको पातालाई काटेर बनाइएका हुन्छन् । त्यस्ता टुकामा दबाएर या पन्च गरेर विभिन्न प्रकारका चिन्ह र आकृति निकालिएका पाइने हुनाले ती मुद्रालाई पञ्चमार्क ९एगलअज ुबचपभम अयष्लक० भनिएको हो । तिनीहरूको विभिन्न आकार र प्रकारका पाइनुको मतलव के हुन्छ भने चाँदीका टुका काट्ता तौल धेरैथोरै भएमा तिनलाई काटेर मिलाउने चलन थियो । यी मुद्राहरू उत्तर भारतमा इसापूर्व सातौंआठौं शताब्दितिर प्रचलनमा आएका थिए । शाक्यमुनि बुद्धको समयमा पनि आहात मुद्रानै प्रचलनमा थिए । यिनीहरू उत्तर भारतमा लामो समयसम्म करिव १००० वर्षजति चलेको देखिन्छ । इशाको प्रथमदोश्रो शताब्दीसम्म पनि यिनीहरूको प्रयोग कतैकतै भई रहेको पाइएको छ । नेपालको विभिन्न भागका उत्खनन्मा यी मुद्राहरू पाइएका छन् । लुम्बिनी र कपिलवस्तुका साथमा भेडीयारीको उत्खनन्मा समेत यस्ता मुद्राहरू पाइएबाट भेडियारीको वस्तिक्षेत्र इशापूर्व कालको थियो भन्ने कुरा स्पष्ट छ ।[२७] उक्त स्थानको उत्खनन्मा लगभग ४० वटा जति पंचमार्क (आहात) मुद्रा र अन्य थुप्रै प्रकारका पुरातात्विक महत्वका सामाग्रीहरू समेत प्राप्त भएको विवरण तत्कालका उत्खनन्कर्ताले दिएका छन् । तसर्थ त्यस भेगमा इसापूर्व पाँचौंछैटौं शताब्दीतिर वस्ति वसिसकेको बुझ्न सकिन्छ । अहिले पनि भेडियारीको ठूलो क्षेत्रमा पुराना भग्नावशेषहरू यत्रतत्र छरिएर रहेका छन् । तर पनि त्यहाँ हालसम्म विस्तृत खोज र उत्खनन् भने हुन सकेको छैन । यसबाट उक्त स्थानको वस्ति विराटराजको दरबारक्षेत्र या अन्य वस्ती थियो भन्ने कुरा पनि स्पष्ट गर्न सकिएको छैन ।

वर्तमानको मोरङ विजयपुर समेतको बृहत्तर क्षेत्रमा फैलिएको मत्स्यदेश प्राचीन समयमा उत्तर भारतको प्रख्यात गणराज्य थियो । यसको पतन कहिले र कसरी भयो भन्ने हालसम्म स्पष्ट छैन । मोरङको भेडियारी, झापाको किचकबध र मत्स्यदेशका किंवदन्ति तथा प्रसंग जोडिएका त्यस्ता अन्य स्थलहरूको पतनको कारण पनि हालसम्म स्पष्ट छैन । सामान्यतया कुनै पनि राज्यको पतन बाहिरी राज्यको आक्रमणबाट हुने गरेको पाइन्छ भने अतिवृष्टि, अनाबृष्टि, महामारी, बाढी र आगलागिका कारणले समेत ठूलाठूला वस्तिहरू पतन हुने गर्दथे । तर कुनै वस्ति विनास हुँदैमा सिंगो मुलुकनै पतन हुने संभावना भने रहँदैन । संभवत मत्स्यदेशको पतन भने बाह्य आक्रमणबाट भएको थियो । भेडियारी र किचकबध लगायतका क्षेत्रहरूको उत्खनन्बाट

---

[२७] तारानन्द मिश्र (वि.सं. २०५४), "पूर्वी नेपालको इतिहास र गौरवका गाथाहरू", *मोरङ्ग एक परिचय* (काठमाडौं: सम्पर्क मञ्च नेकपा एमाले), पृ. २८ ।

ती क्षेत्रबाट ईशापूर्व प्रथम शताब्दितिर वस्तिहरूको पतन भएको विवरण प्राप्त भएको छ । इशापूर्व कालतिर बंगदेश निकै मज्बूत भई रहेको समयमा मत्स्यदेशको दक्षिणतिर पुण्ड्रबर्धन राज्यको अस्तित्व देखा परेको थियो । संभवत त्यसै बेला मस्यदेश टुक्रिएर ससाना राज्यहरू बने । तसर्थ यसैबाट मत्स्यदेशको अस्तित्व लोप भएर गएको हो । इशाको पाँचौं शताब्दीतिरको दामोदरपुर क्षेत्रमा पाइएको एउटा ताम्रपत्र अभिलेखले तत्काल वराहक्षेत्र लगायतको मोरङ कोटिवर्ष विषयमा पर्ने संकेत गरेको छ ।[२८] यता यस स्थानलाई मध्यदेश मान्दै प्राचीन कालमा यसको सिमाना पुण्ड्रबर्धनसँग जोडिएको थियो भन्ने कुरा पनि बताउने गरिन्छ ।

नेपाल तराई या मधेशको प्रशंगमा मत्स्यदेशको अपभ्रंश रूपनै मध्यदेश या मधेश पनि हुन सक्तछ । प्राचीन कालमा नै मत्स्यदेशमा किरातहरूले शासन गर्न लागेपछि यो राज्य टुक्रिएर पुण्ड्रबर्धन लगायतका ससाना टुके राज्यहरू बनेपछि किरातीहरूको शासन यसको पहाडी भागमा सिमित भयो । त्यसपछि भने मत्स्यदेशको नाम पनि हराएर गएको देखिन्छ । किरात प्रदेशमा पनि कोशी वारि र पारीका दुईवटा प्रदेश थिए । पछि कोशी वारीका पल्लो किरातका राजा मुरेहांगले पुन मधेशमा आधिपत्य जमाएका हुन् । त्यसपछि भने वर्तमानको सुनसरी, मोरङ र झापा लगायतको गंगादेखि उत्तर तिरको समथर ठूलो क्षेत्रमा फैलिएको भूभाग मधेश नामले किरात मुलुकमा प्रख्यात भयो भने त्यसका पहाड र तराई दुवै प्रकारका भौगोलिक अवस्थितिहरू समेत रहन पुगे ।

विगतमा विजयपुर तथा मोरङ क्षेत्र कहिले किराँत, कहिले काठमाडौं उपत्यका, कहिले पुण्ड्रबर्द्धन तथा कहिले कामरूप आदिको अधिनमा पर्दै कतिपय समयमा स्वतन्त्र राज्यका रूपमा पनि रहँदै गएको बुझिन्छ । विशेषगरी इसाको प्रारम्भदेखि प्राचीन कालभर नै मोरङ क्षेत्रलाई विभिन्न स्थानका शासकले आफ्नो अधिनमा लिने र पुन यहाँका सामन्तहरूले यसलाई स्वतन्त्र बनाउने क्रम चलिरह्यो । बलियो राज्यले कम्जोर राज्यलाई आफ्नो अधिनमा पार्ने रणनीति तत्कालको फेसनजस्तै थियो । यता स्थानीय रजौटाले पनि आफू स्वतन्त्र हुने मौका हेरिरहेका हुन्थे र केन्द्रिय शासन कम्जोर हुनासाथ स्वतन्त्र भएको घोषणा गरी स्थानीय शासन गर्न लाग्दथे । यस्तै क्रम मोरङमा बारम्वार चलेको पाइन्छ ।

इसापूर्व कालतिर विजयपुर बेग्लै राज्यका रूपमा स्थापित भएको थिएन । तत्काल उक्त स्थान पूर्वी भारतीय गणराज्यका रूपमा रहेको देखिन्छ । पहिले यो भेग आसाम, कुचबिहार र अन्य भागहरूको संयुक्त रूपमा प्राग्ज्योतिषका नामले परिचित रहेको देखिन्छ । तत्कालको यस भेगको निश्चित सिमाना पनि थिएन, जहाँ हतकासुर, शम्बरासुर र रत्नासुरले शासन गरेका थिए । पछि

---

२८. सरकार, *पूर्वक्त* नं. ९, पृ. २७६ ।

तिनीहरूबाट किरातीहरूले यस भेगको शासन आफ्नो हातमा लिएको विवरण पाइन्छ ।[२९] यिनै माथि नामोल्लेख गरिएका विभिन्न असुर राजाहरूमा नरकासुरलाई भने कृष्णले मारेर यस भेगको शासनको जिम्मा भागदत्तलाई दिएका थिए भने भगदत्तले पनि महाभारतको युद्धमा कौरवहरूको पक्षबाट लडाईं गरेको विवरण पाइन्छ । महाभारत कथामा पाइने विवरणअनुसार कालान्तरमा तिनी अर्जुनको हातबाट मारिनु पऱ्यो । त्यसपछि त्यस वंशका नरनारायण लगायतका २३ पुस्ताले यस भेगमा शासन गरेको देखिन्छ । त्यसै वंशका भाष्कर नामक शासकले सातौं शताब्दिसम्म यस भेगमा शासन गरे, जसको पश्चिमी सिमाना कोशी नदी रहेको देखिने हुनाले तत्काल विजयपुर क्षेत्रमा राज्य स्थापना भईनसकेको र यो भेग कुच विहार क्षेत्रमा पर्ने बुझ्न सकिन्छ ।

५.४.४ मध्यकाल

कुनै बेला पहाडी भागमा मात्र सीमित हुन पुगेको किरात देशलाई मध्यकालको सुरूवातका साथसाथै मुरेहाङ्गनामक शासकले दक्षिणतिरको समथर भूभागमा समेत विस्तार गरे । प्राप्त विवरण अनुसार तत्काल मुरेहाङ्गले तराईको ठूलो क्षेत्रलाई समेत आफ्नो अधिनमा पारेका थिए । पछि उनकै नामका आधारमा यस स्थानलाई मोरङ भन्न थालियो । मुरेहांगको वंशबृक्षमा मोरहांग र हरवाहांग आदि राजा भएको बंशलता प्रेमबहादुर लिम्बूले दिएका छन् । तर यहाँ विजयपुर राज्यमा शासन गर्ने सेनहलाई किरातवंशी सेन भनेको पाइने हुनाले[३०] यो विवरण भरपर्दो भने देखिदैन । तत्काल मोरङको सिमाना पूर्वमा महानन्दानदी, उत्तरमा हिमाल, पश्चिममा कोशीनदी र दक्षिणमा पुण्ड्रबर्धनभुक्ती (पूर्णिया) थिए । तर विक्रमको छैटौंदेखि बाह्रौं शताब्दीसम्मको यस भेगको इतिहास दर्साउने प्रमाणहरूको निकै कमी छ । पछि वि.सं. ११५४ तिर मध्यतराईमा सिम्रौनगढ राज्यको स्थापना भएपछि भने मोरङ पनि सिम्रौनगढको अधिनमा पऱ्यो । उनीहरूले नारायणी नदीदेखि पूर्व तर्फको मोरङ तराईका साथै टिष्टासम्मको भूभागलाई अधिनमा लिएको हुन सक्तछ । त्यही बेला एकपटक पूर्वको कामरूप तथा कुचबिहारको सिमाना पश्चिममा तिरहुतसँग जोडिएको उल्लेख पाइन्छ(हिष्ट्रि अफ् कुचविहार) । यस आधारमा कुचविहार कुनै बेला कोशी नदीसम्म फैलिएको देखिन्छ । जब मोरङ विजयपुर अन्य राज्यहरूको चेपुवामा पर्दथ्यो, त्यसबेला यहाँको किराती शासन पहाडी भागमा सिमित हुने गर्दथ्यो भने पछि पुन किराती शासकहरूले यसको एकीकरण पनि गर्ने गर्दथे । तसर्थ मध्यकालमा मोरङ विजयपुर सधैं एकै प्रकारले शासित भने हुन सकेन ।

मध्यकालमा जुन समयमा कुचविहारको सिमाना कोशीनदीसम्म फैलिएको थियो, तत्काल मोरङको पहाडी भागमा भने किराँतहरूले नै शासन चलाएको अनुमान छ । यता कर्नाटकहरूले

---

[२९]. *डब्लूडब्लूडब्लू रोयल हिस्ट्रि अफ् कुच बिहार.कम्,* (सन् १९८८) पृ. १ ।

[३०]. प्रेमवहादुर लिम्बू (वि.सं. २०११), *संक्षिप्त नेपाल इतिहास* (ललितपुरः किताव प्रकाशन), पृ. ६३ ।

पनि कोशीदेखि पूर्वको भागमा राज्य विस्तार गरी लामो समयसम्म शासन गरेको पाइएको छैन । तसर्थ वि.सं. १३८२ तिर सिम्रौनगढको पतन भएपछि मोरङ तिरहुतबाट स्वतन्त्र भयो । तत्काल बंगालका मुशलमानहरूको पहुँच ठूलो क्षेत्रसम्म बढेको थियो । तसर्थ मोरङ लामो समयसम्म स्वतन्त्र रहिरहन सकेन र मोरङ तराई केही समयका लागि मुशलमानहरूको अधिनमा परेको हुन सक्तछ । यहाँ मुशलमानहरूको प्रभाव पनि लामो समयसम्म रहन सकेन, चाँडै पुन स्वतन्त्र हुन पुग्यो । त्यसबेला भने मोरङ राज्यको सिमाना उत्तरमा हिमालदेखि दक्षिणमा गंगा नदीसम्म पुगेको देखिन्छ ।

मोरङमा मकवानी सेनहरूले शासन गर्न नलागुन्जेलसम्म यहाँको शासन व्यवस्था स्थिर हुन सकेन । बेलाबेलामा बाहिरी शक्तिहरूले यहाँ आफ्नो प्रभुत्व जमाउने कोशिस गरिरहे । यसै क्रममा एक पटक यो स्थान काठमाडौं उपत्यकाका मल्लहरूको अधिनमा परेको देखिन्छ । नरपतिजयाचार्य स्वरोदयटीका नामक एउटा हस्तलिखित ग्रन्थले यस्तो संकेत गरेको छ । जगज्योतिर्मल्लका पालामा लेखिएको उक्त हस्तलिखित ग्रन्थमा काठमाडौं उपत्यकाका शासक यक्षमल्लले विजय अभियान चलाई उपत्यकाको सिमाना पूर्वमा बंगाल र दक्षिणमा गंगासम्म पुऱ्याएको वर्णन छ ।[३१] उनको यो अभियानका कारणले मोरङ पनि उपत्यकाको अधिनमा परेको मानिएको छ । तर यो अभियान दिगो रहेन र यक्षमल्लको जीवन कालमा नै राज्यको उत्तराधिकारका निहुँमा उनका छोराहरूका बीचमा ठूलो विवाद उत्पन्न भयो । कालान्तरमा काठमाडौं उपत्यकाको मल्ल राज्यनै फुटेर तीन टुक्रामा विभक्त भएकाले मोरङ पनि उनको अधिनमा रहीरहन पाएन । यही समयमा किराँतहरूले मोरङलाई पुन स्वतन्त्र बनाई शासन गर्न लागेको बुझिन्छ ।

एक पटक ईशाको सत्रौं शताब्दिको मध्यतिर मोरङ पुन काठमाडौं उपत्यकाको अधिनमा परेको विवरण पार्थिवेन्द्र मल्लको एउटा लिखतमा परेको छ ।[३२] उक्त लिखतमा शिवसिंह मल्लले मोरङको टाकुरामा जयस्तंभ गाडेको चर्चा परेको पाइन्छ । उनको अर्को अभिलेखमा शिवसिंहलाई मोरङका राजाको रक्षा गर्ने भन्ने विवरण परेको पाइने तथा दूधकोशीको सहायक खोला रावाखोलाका आसपासमा बसोवास गर्ने ब्राह्मणहरूलाई मल्लहरूले कुशविर्ता दिएका कागजातहरू पाइने हुनाले पनि त्यस बेला मोरङ भेगमा काठमाडौं उपत्यकाका मल्लहरूको प्रभाव रहेको बुझ्न सकिन्छ ।[३२] यस क्षेत्रमा उनीहरूको दिगो प्रभाव रहिरहन सकेन र कालान्तरमा मोरङ पुन स्वतन्त्र राज्यका रूपमा स्थापित हुन पुग्यो ।

---

३१. दाहाल, *पूर्ववत् नं. ३*, पृ. ३१ ।
३२. *उही* ।
३२. उही ।

विजयपुर राज्य विजयनारायण या वीरनारायणले स्थापना गरेको कुरा माथि यथा प्रसंगमा उल्लेखित छ, जुन कुरामा विद्वान्हरूका बीचमा विवाद रहेको पाइँदैन । विभिन्न श्रोतहरूमा यो राज्य कतै विजयनारायण र अन्यत्र वीरनारायणले स्थापना गराएको उल्लेख पाइन्छ । तर यी व्यक्ति कहाँका र को थिए भन्ने कुरामा चाहिं निकै ठूलो विवाद रहेको छ । पूर्वी नेपालमा प्रचलित एउटा किंवदन्तिमा विजयनारायणलाई ब्राह्मण राजा भन्ने गरिन्छ । उक्त किंवदन्तिमा पाइएअनुसार यस भेगमा शासन गर्ने ब्राह्मण राजाहरू लक्ष्मीनारायण, विरनारायण, रूपनारायण, नरनारायण, जगतनारायण, आदिनारायण र अन्तिम विजयनारायण थिए ।[३३] विरनारायणलाई कसैले पहाडतिरबाट आएका किराँत र अर्को थरिले आसामतिर बाट आएका कोच थिए पनि बताएका छन् ।[३४] यिनलाई पहाडका राजा खेवाङले मोरङमा शासन गर्न पठाएको र उनी किराँती नै भएको तथा किराँती राजा किचकका सन्तान भएको पनि बताइन्छ ।

स्थानीय राजवंशीहरू आफूलाई कोच राजा किचकका सन्तान मान्दै राजा विराटलाई आफ्ना नातेदार मान्ने गर्दछन् । अन्य कतिपय कोचहरू किचक किराती तथा विराट भने कोच थिए भन्ने बताउँछन् । यसैगरी विरनारायणलाई पनि कोच बंशका शासक बताउने गर्दछन् । तर जे भए पनि यिनी किराती थिए भन्ने कुरा ज्यादा भरपर्दो छ । किनकि यिनले पहाडका किरातीहरूलाई पनि आफ्नो राज्यको मन्त्रि बनाउने कुरामा स्विकार गरेका थिए । पछि यस भेगमा सेनहरूले समेत किरातीहरूलाई नै मन्त्रि बनाउने कुरामा सहमती गरेको हुनाले विरनारायण र किरातीहरूका बीचमा निश्चित रूपमा कुनै नाता रहेको हुन सक्तछ । यता सेन राजाहरूले कुचविहारकी राजकन्याका साथमा किराती कन्या पनि विवाह गरी आफूलाई सुरक्षित बनाउने कार्य गरेको देखिन्छ ।[३५] जे भए पनि विजयपुर राज्यको स्थापना विजयनारायण या पूर्खाले गरेको तथा उक्त क्षेत्रमा तिनले लामो समयसम्म शासन गरेको विषयमा भने विद्वान्हरूका बीचमा कममात्र विवाद रहेको देखिन्छ ।

वीरनारायण र नरनारायण नामक शासकहरूको अस्तित्व मध्यकालमा कुचबिहारतिर रहेको पाइएको छ । तिनीहरू वैष्णव धर्मका प्रिय थिए । अव तिनले यस भेगमा आएर विजयपुर राज्यकोस्थापना गरेको प्रमाण त पाइएको छैन । तर पनि विजयनारायण लगायतका शासकले वैष्णव तीर्थ वराहक्षेत्रको सम्बर्द्धनमा महत्वपूर्ण योगदान दिएको देखिन्छ । तसर्थ विजयनारायण कुचबिहार तिरका नरनारायण लगायतका सन्तान थिए भन्ने कुरा ज्यादा भरपर्दो छ ।

---

३३. एफ् बी ह्यामिल्टन (ई. १९९७), *एन एकाउन्ट अफ् दि किंगडोम अफ् नेपाल थर्ड इडी.* (नयाँ दिल्ली: एशियन पब्लिसिंग सेन्टर, पृ. १३२ ।

३४. *उही ।*

३५. खतिवडा, *पूर्ववत् नं.* ८, पृ. १८ ।

विजयपुर राज्यको स्थापना विजयनारायणले नभएर उनका पुर्खाहरूले गरेको विवरण पनि कतिपय स्थानमा पाइने गर्दछ । प्राप्त एक विवरणअनुसार यस राज्यको स्थापना इसाको पन्ध्रौं शताब्दीमा आसाम तिरबाट आएका साङ्गलाइङ्ग नामक एकजना व्यक्तिले गरेका थिए । त्यसमा साङ्गलाइङ्गका छोरा पुङ्लाइङ्गले आफ्नो नाम परिवर्तन गरी अमर राय राखेको बताइन्छ । यसमा साङ्गलाइङ्गका सातौं पुस्तामा विजयनारायण राय भएको उल्लेख छ ।[३६] सन् १५८४ तिरको आसपास तिरका मानिने विजयनारायणले फेदाप थुममा राजा मुरेहाङ्ग खेवाङ्गसँग मित्रता गरेको तथा उनका सन्तानलाई विजयपुरको मन्त्री दिने संझौता गरेको पनि विवरण पाइन्छ ।[३७]

वि.सं. १४२१ सालमा साङ्लाइंग नामक लिम्बू राजाले पूर्वमा टिष्टानदी, उत्तरमा साँगुरीगढी, दक्षिणमा जलालगढी र पश्चिममा कोशीनदी सिमाना गरी मोरङ राज्यको शासन गरेका थिए । यिनका पुर्खा आसामको कामरूपबाट आएका थिए भन्ने बताउँदै तिनीहरूलाई कोच घरानाका तथा किरात पनि भन्ने गरिएको छ । प्राप्त एक विवरणअनुसार किराती राजा सांगलांगका छोराको नाम पुंगाइंग थियो, जो पहाडबाट झरेर तराईका राजा भएका थिए । तिनलाई ब्राह्मणहरूले अमर राय नाम दिए भने मोरङ प्रदेशमा तिनका ७ पुस्ताले शासन गरे भन्ने उल्लेख इमानसिंह चेम्जोंगले गरेका छन् । यहाँ अमर रायको राजदरबार बाराताप्पामा रहेको बताइएको छ । यता पूर्वी बिहारको बेनुपगढ क्षेत्रलाई अहिले पनि स्थानिय मानिसहरू नेपाली राजाको किल्ला भन्ने गर्दछन् । कन्काई नदीको पश्चिमतिर पर्ने उक्त भेगमा नेपाली राजा बस्ने गर्दथे भन्दै तिनीसम्बन्धी अनेकन प्रकारका किंवदन्तीहरू स्थानीय मानिसहरूमा प्रचलित छन् । त्यहाँ देवनागरी लिपिमा अभिलेख लेखिएका तामाका सिक्काहरू यदाकदा पाइने कुरा स्थानीय मानिसहरू बताउने गर्दछन् । तर यस अनुसन्धानका क्रममा भने त्यहाँ त्यस्ता सिक्काहरू पाउन सकिएको छैन । अमर रायले विजयपुरको शैनिक किल्ला यही वेनगढमा स्थापना गरेको हुन सक्ने देखिन्छ ।

प्राप्त एक किंवदन्तीअनुसार मध्यकालताका विजयनारायण र फेदाप थुमका राजा मुरेहाङ दुवैले मिलेर विजयपुरमा शासन गरिरहेका बेलामा कुनै समयमा मुरेहाङ्गले विजयनारायणकी छोरी मैयासँग अनैतिक सम्बन्ध राखेछन् । यसको प्रतिशोध स्वरूप विजयनारायणले मुरेहाङ्गलाई मृत्युदण्ड दिन पुगेछन् । यसबाट रिसाएका मुरेहाङ्गका छोरा बाजहाङ्ग तत्काल मकवानपुरका राजा लोहाङ्गसेनसँग सहयोग माग्न पुगेछन् । बाजहाङ्गले लोहाङ्गसेनलाई विजयपुरमा आक्रमण गरी विजयनारायणलाई मार्न र उनलाई नै राजा हुन लोहाङ्गसेनसँग आग्रह गरेछन् । लोहाङसेनले पनि बाजहाङ्गको अनुरोध स्विकार गरी दलबलका साथमा विजयपुर आएछन् । तर बाजहाङ्गले

---

[३६] इमानसिंह चेम्जोङ्ग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंगः नेपाली साहित्य प्रतिष्ठान), पृ. २३ ।

[३७] *उही* ।

लोहाङ्गसेनलाई विजयपुर ल्याइ पुऱ्याउँदा विजयनारायणको मृत्यु भईसकेको रहेछ । यसबाट लोहाङ्गसेनले विजय नारायणसँग लडाइँ गर्नु परेन छ । तर उनी निसन्तान भएकाले उनीपछि विजयपुरको राजगद्दीमा बस्ने उत्तराधिकारी पनि कोही थिएन । तसर्थ लोहाङ्गसेनले बाजहाङ्गका छोरा पानो हाङ्गलाई विजयपुरको मन्त्री बनाई तिनैलाई यस भेगको शासन गर्ने अधिकार दिएर मकवानपुर फिरेछन् । पछि ती पानोहाङ्गको नाम परिवर्तन गरी विद्याचन्द्र राय नाम राखिएछ । त्यसपछि विजयपुरको शासन व्यवस्थामा मन्त्रीहरू शक्तिशालि बन्न लागेछन् । यसैगरी विजयनारायण निसन्तान भएकाले उनले आफैंले मकवानपुर गएर लोहाङ्गसेनलाई बोलाई विजयपुरको शासन हस्तान्तरण गरेका थिए भन्ने विवरण पनि पाइन्छ ।[३८]

वास्तवमा किरातकालिक विजयपुरको इतिहासका विभिन्न विषयवस्तुका बारेमा इमानसिह चेम्जोंगले प्रकाश पारेको देखिन्छ । यिनले देवनागरी लिपिमा तत्कालका सेन र किरातीका लिखतहरू भने केही लिखतहरू पनि दिएका छन् । तर ती लिखतहरू कहाँ संग्रहीत छन् भन्ने कुरा स्पष्ट छैन । यसैगरी उनले आफ्ना ग्रन्थहरूमा पुराना लिखतका मूल कपी समावेश नगरेको तथा तिनले दिएको विवरणमा कतिपय विषयवस्तु अप्रासांगिक तथा मेल खान नसक्ने खालका भएकाले तिनको परीक्षण गर्न आवश्यक देखिन्छ । यस विषयवस्तुलाई विद्वान् लेखकको भनाईलाई अस्विकार गरेको नभएर तिनको लेखाईको प्रमाणिकताको प्रयासका रूपमा लिइनु पर्दछ ।

कोशी नदीको पूर्वी भाग ज्यादै पहिलेदेखि नै किरात देशका नामले परिचित थियो । किरात देशमा पनि कोशी पूर्वको भागलाई लिम्बूआन र कोशी पश्चिमको भागलाई खम्बूआन भनिन्थ्यो । एउटै बृहत्तर किरात देश इसाको ६०० तिर यी दुई भागमा विभक्त भएको बताइन्छ । यता किरात देश विभाजन हुनुभन्दा पहिले कोशी नदीको पूर्वी भागमा दसजना राजाहरू बसोवास गरेको विवरण पाइन्छ । तिनीहरू दस गाउँमा बसेका भए पनि तिनीहरूका बीचमा त्यति धेरै विवाद थिएन भने तिनीहरूको गाउँको सिमाना मधेश र पहाड दुवैतिर फैलिएको उल्लेख पाइन्छ ।[३९]

प्राप्त विवरणअनुसार कोशी प्रदेशमा दस भाई लिम्बूहरूले आपसमा मिलेर दसवटा गाउँमा शासन गरे । तिनीहरूले शासन गरेको देशको नाम लिम्बूआन राख्ने निर्णय गरे । दस लिम्बूआनका दशवटा किल्ला थिए । तिनीहरूमा साम्लुप्पी साम्बाहांगको तम्मोर, ताम्पेसो पेरूङ हाङ्गको तेह्रथुम, धकतोक्सो आङ्वो हाङ्गको आठराई, सेङसेन गुमको फेदाप, तिन्दोलुंग सोक्पाहांगको यांगरूप थुम, सिसिथेन सेरिंग हांगको पाँचथर, ताक्लुंग खजुमहांगको छथर, मुंग ताइची इम

[३८] इमानसिंह चेम्जोंग (सन् १९६७), *हिष्ट्रि एन्ड कल्चर अफ् किरात पिपुल भाग २* (काठमाडौं: पुष्परत्न शाक्य), पृ. ८९ ।
[३९] *उही*, पृ. २८ ।

हांगको इलाम र सैयाक लादो हांगको चौबीस राज्यहरू भए ।[३९] पछि यी दश लिम्बूआनले चुम्लुंग गरी थिति बाँधेका थिए । दश लिम्बूआनको थिति अहिले पनि त्यही रूपमा प्रचलित छ ।

मोरङको उत्तरमध्य कालदेखिको इतिहास निकै स्पष्ट छ । मध्यकालताका विजयपुर मोरङको राजधानी थियो । पछि यो राज्य विजयपुर राज्यकै नाममा चिनिन लाग्यो । प्राप्त विवरणअनुसार विजयपुर राज्यको स्थापना विरनारायण नामक व्यक्तिले गरेका थिए । विजयपुर राज्यको स्थापनाकर्ताको रूपमा विजयनारायणलाई पनि लिने गरिन्छ । यस सम्बन्धी अभिलेख्य प्रमाणहरू नपाइने हुनाले वंशावलीहरूकै आधारमा वीरनारायण या विजयनारायणको इतिहास केलाउनु पर्ने अवस्था छ । तत्काल विजयपुर अन्तर्गत सुनसरी-मोरङ र झापाका सवै भूभाग तथा पूर्वमा तिष्टासम्म, दक्षिणमा पूर्णिया, पश्चिममा कोशी र उत्तरमा पहाडको ठूलो भाग विजयपुर राज्य अन्तर्गत पर्दथ्यो ।

वास्तवमा विजयनारायण विजयपुरका अन्तिम स्थानीय शासक थिए । उनीपछि विजयपुर मकवानी सेनहरूको अधिनमा पऱ्यो । विजयनारायणको अवशानका बारेमा जेजस्ता तर्कहरू दिइएका भए पनि उनले मकवानी सेनहरूलाई राज्य सजिलोसँग जिम्मा लगाएका थिए भन्ने कुरा निरर्थक देखिन्छ । किनकि कुनै पनि राजाले अर्को मुलुकको राजालाई यसरी शासन सुम्पेको घटना इतिहासमा ज्यादै कम पाइन्छन् । तसर्थ विजयनारायणको अवशानका बारेमा के भन्न सकिन्छ भने जुन समयमा मकवानी सेनहरू पूर्वतर्फ विजय अभियानमा लागेका थिए, त्यस बेला विजयपुरमा मन्त्री तथा भारदार र राजाहरूका बीचमा तिव्र विवाद चलिरहेको थियो । यही विवाद र झगडाको फाइदा उठाउँदै मकवानी सेनहरूले विजयपुरमा सजिलैसँग आफ्नो आधिपत्य स्थापित गरेको हुन सक्तछ ।[४०]

विजयनारायण रायले दक्षिणमा पुण्ड्रबर्धन, पूर्वमा महानन्दा, उत्तरमा साँगुरीगढी र पश्चिममा कोशी नदीलाई सिमाना बनाएर शासन गरे । विजयपुर राज्य कहिले उत्तरमा हिमालसम्म र दक्षिणमा गंगा नदीसम्म पनि पुग्दथ्यो । कुचबिहारको पतनपछि यो राज्यको पूर्वी सिमाना महानन्दा नदीसम्म पुगेको भए पनि कुचबिहार प्रभावशाली राज्य बनेको अवस्थामा यसको पूर्वी सिमाना खुम्चिने गर्दथ्यो । यिनको राजधानी पहिले बडीजान या वेनुगढ थियो भने पछि गएर मात्र तिनले राजधानि विजयपुरमा सारेका हुन् । तत्काल विजयनारायणका दुईवटा दरबार थिए । तिनीहरूमा चतरा बयरवन भेगमा कच्चा या काठको र लालकोट रंगमहल क्षेत्रमा

---

३९. चेम्जोंग, *पूर्ववत् नं ३६,* पृ. ८ र ९ ।
४०. *उही ।*

भने पकाईएको इँटाबाट निर्मित पक्का दरबार थियो । तत्काल धरान विजयपुर भने पूर्वी किल्ला या सामरिक महत्वको स्थान थियो ।[४१] यता साँगुरीगढी पनि त्यत्तिकै महत्वपूर्ण किल्ला थियो ।

विजयनारायणले विजयपुरमा वि.सं. १६४१ देखि १६६६ सम्म जम्मा २५ वर्षजति शासन गरेको देखिन्छ ।[४२] यिनले आफ्नो गृहनीति बलियो बनाउने प्रयास स्वरूप पहाडका फेदापथुमका किराती राजा मुरेहांग खेवांगलाई आफ्नो पक्षमा पारेको देखिन्छ । प्राप्त विवरणअनुसार यिनले मुरेहांग खेवांगसँग पहाड र मदेशमा मिलीजुली शासन गर्ने सम्झौता गरे । यसमा मुरेहांगका आफन्तले विजयपुरमा पुस्तौनी रूपमा भारदार या मन्त्री पद पाउने र त्यसलाई फेर बदल गर्न नपाइने विवरण परेको हुँदा मुरेहांगलाई दोहोरो फाइदा थियो ।[४३] मुरेहांगले पनि यसै मौकाको फाइदा लिदै विजयपुरमा नै बसेर फेदापथुमको पनि शासन गर्न लागे । तिनलाई तराईको समथर भूमिबाट आउने कर पनि सम्पत्तिका रूपमा विजयनारायणले प्रशस्तै दिएका थिए । विजयनारायणबाट नै तिनले रायको पदवी पाएर तिनले आफ्नो नाम पनि मुरेहांग खेवांग राय लेख्न लागे । यता पुंगलाईंग हांगले पनि यही उपाधि लिएर आफ्नो नाम परिवर्तन गरी अमर राय बनेका थिए । यसै क्रममा पूर्वी पहाडका अन्य किरातीहरूले पनि आफ्नो नामको पछाडि राय उपाधि लेख्न सुरू गरे ।

किराती भाषामा हांगहरूलाई सोब्बा पनि भनिन्थ्यो । पछि यही सोब्बा शब्द अपभ्रंश भई सुब्बा बनेको हो भन्ने बताइन्छ ।[४४] विजयनारायणले यी दस लिम्बूआनका दसैजना सोब्बालाई पालैपालो गरी ६-६ महिनाका दरले विजयपुरमा बसी मन्त्रीका रूपमा शासन गर्न दिए । तिनीहरू आफ्नो राज्य सुरक्षित राखेर तराईको उर्बर भूमिको शासक बन्न पाउँदा धेरै हर्षित पनि बने ।[४५] यसै क्रममा विजयनारायणले विजयपुरलाई आफ्नो केन्द्रका रूपमा स्विकार गर्न तिनीहरूलाई बाध्य तुल्याएका हुनाले पहाडका किराती सुब्बाहरू पनि विजयपुरको अधिनमा परे । कालान्तरमा यिनै सुब्बा र विजयनारायणको झगडाका कारणले विजयपुर मकवानपुरे सेनहरूको अधिनमा पर्न पुग्यो । तर मकवानपुरे सेन राजा लोहांगसेनले सुब्बाहरूको पुरानो परम्परा कायम राखिदिने ताम्रपत्र गरिदिएको हुनाले लोहांगसेनदेखि तिनीहरू खुशि भएका थिए । सेनहरूलाई यस भेगमा शासन गर्न यही कारणले शरल पनि भएको हो ।

---

४१. खतिवडा, *पूर्ववत् नं. ८,* पृ. १८ ।
४२. चेम्जोंग, *पूर्ववत् नं. ३६,* पृ ९ ।
४३. ह्यामिल्टन्, *पूर्ववत् नं. ३३,* पृ. १४७ ।
४४. धरान निवासी श्री कृष्णप्रसाद श्रेष्ठका अनुसार, मिति २०६८/१०/२ ।
४५. *उही ।*

अध्याय छ

विजयपुरमा सेन शासनको सुरूवात

६.१ परिचय

बिगतमा कोशी पूर्वको मध्यकालिक मोरङ विजयपुर राज्यमा स्थानीय कोच लगायतका शासकहरूले शासन गर्दथे । यसको उत्तरतिर पर्ने पहाडी भागमा किरातहरू तथा दक्षिणको तराई क्षेत्रमा भने स्थानीय आदिवासीले शासन गरेको विवरण इतिहासको पानामा पाइन्छ । मोरङको होचो तथा तराई क्षेत्रमा धनपाल, रनपाल, हरिश्चन्द्र र त्यस्ता अन्य कैयन् रजौटाहरूले विगतमा यस भेगमा शासन गरेका हुनाले[१] तिनका दरबार र किल्लाका अवशेषहरू आजसम्म पनि सहज रूपमा पाउन सकिन्छ । यसै क्रममा मध्यकालताका कोशी पूर्वमा विजयनारायण नामक कोच राजाले विजयपुर राज्य स्थापना गरी शासन गर्न लागेका थिए । तिनको सम्बन्ध पहाडतिरका किराती शासक हांगहरूसँग पनि थियो ।[२] तर तत्कालको मोरङ राज्यको क्षेत्र वर्तमानको सुनसरी, मोरङ र झापा लगायतका महानन्दा नदी र पश्चिममा कोशी पूर्वको क्षेत्र पर्दछ । त्यसको दक्षिणी सिमाना भने गंगानदीसम्म फैलिएको देखिन्छ ।

प्राचीन कालको मोरङको इतिहास स्पष्ट नभए पनि मध्यकालिक मोरङ विजयपुरको राजनैतिक इतिहास भने निकै स्पष्ट छ । प्राचीन र मध्यकालमा बेलाबेलामा मोरङ भेगमा विभिन्न राजा रजौटाहरूले स्थानीय शासन चलाउने गरेका पाइन्छन् । तर पनि तिनीहरूले यहाँ दिगो रूपमा शासन गर्न पाएको तथा स्थानीय राजारजौटाहरुले लामो समयसम्म एकैजना शासकले शासन गरेको भने देखिदैन । बेलाबेलामा मध्यकालमा नै यो प्रदेश कहिले तिरहुत, बंगाल, कुचविहार र किरातीहरूको अधिनमा पर्ने र स्वतन्त्र हुने पनि क्रम चल्यो । तत्काल मोरङ सवैका लागि दुर्गम जस्तो देखिन्थ्यो र टाढाको कुनै राज्यले यस स्थानमा अधिकार जमाए पनि तिनीहरुको शासन भने दिगो हुन सक्तैनथ्यो । यसै क्रममा पहाडका किरातहरू र काठमाडौं उपत्यकाका मल्लहरूले पनि बेलाबेलामा मोरङमा अधिकार जमाउँदै गए । तर उनीहरूको अधिकार यहाँ कहिल्यै दिगो भएन ।[३] तसर्थ यस भेगमा दिगो शासन तथा अधिकारको आवश्यकता थियो, जुन आवश्यकता पाल्पाका सेन शासकहरूले पूरा गरे र विजयपुरमा सेन राज्यको स्थापना गरे । तसर्थ विजयपुरे सेनहरुको शासननै यस भेगको निकै दिगो तथा लामो शासन व्यवस्था मानिएको छ ।

---

१. सोमप्रसाद खतिवडा (वि.स. २०७०), *राजा धनपालको इतिहास* (विराटनगरः अनुसन्धान विकास केन्द्र), पृ. २३ ।
२. एफ्बी ह्यामिल्टन (वि.सं. १९७०), *एन् एकाउन्ट अफ् दी किंगडम अफ् नेपाल* (नयाँ दिल्लीः एशियन एजुकेशन सेन्टर), पृ. १३३ ।
३. *उही* ।

६.२ लोहांगसेन र विजयपुर

लोहांगसेन पाल्पाका राजा मुकुन्दसेनका छोरा थिए । पाल्पाका राजा मुकुन्दसेनका ४ जना रानीबाट जन्मेका छोराछोरीमा यिनी उत्तराधिकारमा पर्ने राजकुमार भने थिएनन् । तर यिनले पाल्पा राज्यको विस्तार कार्यमा बाबुलाई सहयोग गरी कालान्तरमा सेन राज्यका उत्तराधिकार बन्न पुगेका हुन् । मुकुन्दसेनले राज्य विस्तार गर्ने क्रममा यिनका छोरा लोहांगसेनले भने पूर्वतर्फको कमाण्ड सम्हालेका थिए । नारायणी नदीको पश्चिमतर्फमात्र सिमित पाल्पाली सेन राज्यलाई नारायणी नदीदेखि पूर्वीतिर विस्तार गर्ने कार्य यिनै लोहांग सेनको नेतृत्वको सैनिक टुकडीले गऱ्यो । यिनले नारायणी नदी पूर्वको पहाडी भागमा पहिले अधिपत्य जमाए भने त्यसपछि समथर भूभागमा पनि अधिकार जमाउँदै गए । त्यसपछि मुकुन्दसेनले नारायणी पूर्वको सुन्दर ठाउँमा जंगल फँडानी गराएर एउटा सुन्दर वस्ति बसाए, जुन उनैको नाममा मुकुन्दपुरका नामले प्रख्यात थियो । पछि गएर यसलाई मकवानपुर भन्न लागियो ।[४]

लोहांगसेनको सेनामा मगर र खशहरूको बाहुल्यता थियो । तिनीहरू इमान्दार र बहादुर लडाकु पनि भएकाले तिनलाई पूर्वतर्फको विजय अभियान चलाउन लोहांगसेनले प्रयोगमा ल्याएका थिए । उनले सर्वप्रथम पहाड र त्यसपछि तराईलाई अधिनमा पार्दै जाँदा मकवानपुरदेखि पूर्व लागेर महोत्तरीका शासक मोहन ठाकुरलाई हराएका थिए ।[५] तत्काल सर्लाही, महोत्तरी र धनुषातिर ठाकुरहरूले सामान्त शासन चलाउने गर्दथे । यस भेगमा उर्बर जमिन हुनाले प्रशस्तै मात्रामा कर संकलन हुन्थ्यो । तसर्थ आर्थिक विकासका कारण ठाकुरहरू निकै शक्तिशालि पनि हुने गरेका देखिन्छन् । यिनीहरू बेलाबेलामा उत्तर भारततिरका मुश्लिमहरूलाई नजराना बुझाएर निकै शक्तिशालि बन्दथे र निरन्तर रूपमा शासन गर्दथे । तसर्थ लोहांगसेनले सर्वप्रथम यिनै ठाकुरहरूलाई हराई आफ्नो राज्य पूर्वतर्फ विस्तार गर्न सुरू गरेका थिए । यसबाट तराईको ठूलो क्षेत्र तिनको हातमा पुग्यो । ह्यामिल्टनले दिएको विवरणअनुसार लोहांगसेनले मकवानपुरबाट पूर्वतर्फ विजय गर्दै जाँदा थुप्रै प्रकारका रजौटाहरूलाई हराउनु परेको थियो ।

तत्काल महोत्तरी, धनुषा, सिराहा र सप्तरीमा करिव २ दर्जनभन्दा ज्यादा रजौटा र जमिन्दार रहेको विवरण पाइन्छ । तिनको विवरणमा पाइएअनुसार यस क्षेत्रमा रहेका टुक्रे राज्यहरूमा अनिवार ब्राह्मण र मोहन ठाकुरको महोत्तरी पछि भाबर क्षेत्रका कोरानी, केशराका लोकेश्वर, रामपुरका मुजल, पोखरीका करबन्दर, जमुनाका रोजा र उदयगिरका जोगोदा लगायतका राजा र रजौटाहरू थिए । लोहांगसेनले पूर्व विजय गर्ने क्रममा यी सवैलाई हराउँदै

---

४. *उही ।*

५. *मेचीदेखि महाकाली भाग २* (वि.सं. २०३०), (काठमाडौं: संचार मन्त्रालय), पृ. २६५ ।

अघि बढेका थिए ।[६] जमुना, जोगो, उदयगिर, सम्दा, कर्जाइन र बेल्का लगायतका स्थानहरूमा पनि अधिकार जमाउँदै लोहांगसेन कोशीनदी किनारसम्म पुगे । जनकपुर, हनुमाननगर, जलेश्वरका भारत बिहारका दरभंगा, सुपौल, कर्जाइन् र राघोपुर लगायतका क्षेत्रमा पनि तत्काल लोहांगसेनले अधिकार जमाए । त्यस बेला बिहारको सुपौल जिल्लाका कर्जाइन, राघोपुर र सुपौल लगायतका स्थानहरू कोशीनदीको पश्चिमी भागमा पर्दथे ।[७] यी बजारको पूर्वतिरबाट कोशी नदी बगेर बिहारको कटिहार छेउबाट गंगामा झर्दथ्यो । अघि तिरहुतेका पालामा यी वस्ती क्षेत्रबाट कोशीको पश्चिमी तटबन्ध गरिएको हुनाले यी गाउँहरूमा बाक्लो बस्ती थियो । स्थानीय जमिन्दार र रजौटाहरूबाट शासित यी क्षेत्रहरू ज्यादै उर्बर पनि थिए ।

लोहांगसेनलाई कोशी पश्चिमका क्षेत्रहरू कब्जा गर्न त्यति गाह्रो थिएन । किनकि त्यता ससाना ठकुराई र रजौटा भएकाले तिनीहरूलाई सजिलै परास्त गर्न सकिन्थ्यो । तर कोशी पूर्वको मोरङ भेग भने त्यति सजिलोसँग विजय संभव थिएन । सुरूमा मुरेहांगले शासन गरेको मोरङ राज्य निकै मज्वूत थियो । लोहांगसेन राज्य विस्तारका लागि त्यता जाँदा मोरङ राज्यले विजयपुरको रूप लिइसकेको थियो । सुरूमा विजयपुर मोरङको राजधानी थियो । कालान्तरमा मोरङको बदलामा विजयपुर राज्यका नामले परिचित भयो । त्यसबेला विजयपुरमा विजयनारायण नामक राजाले राज्य गरिरहेका थिए ।[८] यता विजयपुरको पहाडी भागमा भने किरातीहरूले शासन गर्दथे । तत्काल पहाडको फेदापथुममा मुरेहांग खेवांगनामक लिम्बू शासकले शासन गर्दथे । सुरूमा मुरेहांगले मोरङ भेगमा विजय गरी मोरङ तराईलाई पहाडी राज्यमा मिलाएको भए पनि यस्तो जंगलामुलुकमा यिनलाई शासन गर्न कुनै चासो थिएन । तसर्थ तिनले यस भेगको शासनमा खासै चासो राखेको पाइँदैन ।[९]

लोहांगसेन विजयअभियानका क्रममा विजयपुर छेउमा आइपुग्दा विजयनारायण विजयपुरका राजा थिए । सेनहरूसरह नै विजयनारायण पनि तराई र भावरका राजा थिए । यस प्रदेशको पहाडी भागमा भने किरातहरूको शासन थियो । तर विजयनारायणले किरातीहरूसँग सम्झौता गरेर बाहिरी शक्तिका विरूद्धमा भने एकै भएर प्रतिकार गर्ने व्यवस्था मिलाएकाले लोहांगसेनलाई विजयपुरमाथि विजय पाउन सरल भने थिएन । उनले यस स्थानमा कुटनैतिक तरिकाबाट मात्र विजय पाउन सक्ने अवस्था थियो । चतुर लोहांगसेनले पनि यो कुरा बुझि रहेका थिए । तसर्थ यिनले सिरहा, हनुमाननगर, कर्जाइन, सुपौल र सिमराही लगायतका कोशी

---

६. ह्यामिल्टन, *पूर्ववत् नं. २*, पृ. ३५ ।
७. सोमप्रसाद खतिवडा (वि.सं. २०७०), *कौशिकी संस्कृति* (चतराः जगद्गुरु पीठ) पृ. ५८ ।
८. शिवकुमार श्रेष्ठ (वि.सं. २०४२), *लिम्बूआनको ऐतिहासिक अध्ययन* (धनकुटाः श्रीमती गंगादेवी श्रेष्ठ), पृ. ३४-३५ ।
९. *उही ।*

पश्चिमका गाउँहरूमा स्थानीय जमिन्दारहरूलाई हराएर आफ्नो अधिपत्य जमाएपछि विजयपुर हान्ने दाउमा लागेका थिए ।

विजयपुरमा भने विजयनारायणको शक्ति अति धेरै मज्बुत थियो । तिनले पहाडका राजा मुरेहांगसँग एउटा सम्झौता गरेका थिए । उक्त सम्झौताअनुसार बाहिरी शक्तिले विजयपुरमा आक्रमण गर्नासाथ पहाडका मुरेहांग लगायतका शासकले तिनलाई सहयोग गर्ने थियो । यसले गर्दा लोहांगसेनलाई विजयपुरमाथि विजय पाउन सरल अवश्य थिएन । सामान्य रूपमा सैनिक आक्रमणबाट मात्र विजयपुर माथि विजय पाउन असंभव भएकाले उचित मौकाको प्रतिक्षा गरी लोहांगसेन कोशी पारीतिर नै बसे ।[१०]

विजयनारायण र मुरेहांगका बीचमा यस्तो सन्धी हुँदा मुरेहांग विजयनारायणबाट अति खुशि भए । किनकि एकातर्फ तिनको पहाडको राज्य सुरक्षित भयो भने अर्कातर्फ तिनी मोरङका पनि शासक बन्न पाउने भए । यसैगरी तिनका सन्तानले विजयपुरमा पुस्तौनी मन्त्री पद पाउने थिए ।[११] यता लोहांग सेनलाई भने विजयनारायण र मुरेहांगको यस्तो सम्झौता घातक भएको देखिन्छ । किनकि विजयपुरमा आक्रमण गर्नासाथ पहाडका किराती सेनाहरू सबै जाई लाग्ने संभावना थियो, जसको प्रतिवाद लोहांगसेनका सेनाले गर्न सक्ने अवस्था थिएन । तसर्थ लोहांगसेनले विजयपुरमा तत्काल आक्रमण गर्नुको बदलामा अरूनै उपायको खोजीमा लागे ।

एउटा ऐतिहासिक स्रोतअनुसार कोशी पारी मेघवटी भन्ने स्थानमा आफ्नो सैनिक टुकडी लिएर बसेका लोहांगसेनले विजयपुरका राजा विजयनारायण मरेको थाहा पाउनासाथ कोशीनदी तरेर विजयपुरमा आक्रमण गरी त्यसमा कब्जा गरेका थिए ।[१२] यस विवरणमा पाइए अनुसार राजाको मृत्यू भएपछि सबै मानिसहरू चिन्तित भएर छिन्नभिन्न भएको समयमा मौका छोपेर लोहांगसेनले विजयपुर हानेका हुन् । तर पनि यो तर्क ज्यादा भरपर्दो भने देखिदैन । किनकि माथिनै चर्चा गरिएअनुसार विजयपुरको रक्षाका लागि मुरेहांगको किराती सेना पनि थियो, जसले विजयपुरको रक्षाका लागि ठूलो युद्ध गर्न सक्तथ्यो । यता अर्कोथरी विद्वान्ले भने के बताएका छन् कि लोहांगसेनलाई यति सजिलोसँग विजयपुर राज्य प्राप्त भएको थिएन । विजयनारायणले त अझ थुमथुमका किरात राजाहरूलाई विजयपुर गढीमा बसी ६-६ महिना राजकाज गर्ने भन्ने सम्झौता गरेका थिए । यसबाट विजयपुर अझ मज्बुत भयो भने लोहांगसेनलाई विजयपुर हान्न अति कठीन भयो । तत्काल ती राजाहरूले विजयपुरलाई केन्द्रिय राज्य मान्न लागेको देखिन्छ ।[१३]

---

१०. कुमार प्रधान(दोस्रो सं. सन् २००९), *द गोर्खाकन्क्वेस्ट,* (काठमाडौं: हिमाल बुक्स्), पृ. ७१ ।
११. *उही* ।
१२. ह्यामिल्टन, *पूर्वत नं. २,* पृ. १३५ ।
१३. *उही* ।

विजयनारायणबाट लोहांगसेनले कसरी विजयपुर आफ्नो हातमा लिए भन्ने सवालमा अनेक प्रकारका तर्कहरु दिने गरिएका छन् । यसका बारेमा निश्चित प्रमाणहरू नपाइने हुनाले यस्ता विविध प्रकारका तर्कहरु दिने गरिएका हुन् । यसमा एउटा तर्कअनुसार मुरेहांग खेवांगले विजयनारायणबाट मृत्यूदण्ड पाएका थिए । प्राप्त विवरणअनुसार विजयनारायणकी एकजना छोरी अति सुन्दरी थिइन् । पहाडका राजा मुरेहांग खेवांग यिनैका कारणले पहाडतिर नगई विजयपुरमा नै बसेका थिए । कालान्तरमा तिनले विजयनारायणकी छोरीसँग अनैतिक सम्बन्ध राख्न पुगे । यसबाट रिसाएका विजयनारायणले तिनलाई झुण्डाएर मारेको विवरण पाइन्छ ।[१४] यता मुरेहांग मारिएपछि उनका छोरा बाजहांग विजयपुरका मन्त्री भए । तर उनले आफ्नो बाबुको हत्याको बदला लिने मौका पर्खिरहेका थिए । त्यसै बेला विजयनारायणको मृत्यू भयो भने लोहांग सेनले विजयपुरमा आक्रमण गरी विजय प्राप्त गरे । त्यसबेला सम्ममा बाजहांग लोहांगसेनसँग मिली विजयनारायणको हत्या गर्ने योजनामा थिए । अव कालगतिले विजयनारायणको मृत्यू भएपछि तिनको बाटो खुला भयो । तसर्थ लोहांगसेनलाई बाजहांगले विजयपुरको राजगद्दीमा राखेका थिए । तसर्थ लोहांगसेनले विजयपुरमा बाजहांगलाई नै चौतारा बनाए र थुमै पिच्छेका किराती राजाहरूलाई स्वतन्त्र शासन चलाई आ-आफ्नो रियासत गरिखानु भनी ताम्रपत्र गरिदिए । यसमा चेम्जोंगको के राय छ भने :

> विजयपुरकी महारानी इन्दू राजराजेश्वरीले चौबिस थुमका राजा चेम्जोंग रायलाई वि.सं. १७७३ सालमा लेखेको पत्रबाट प्रमाणित हुन्छ । तर त्यो चिठ्ठि कहाँ छ भन्ने कुरा भने स्पष्ट पारिएको छैन । वास्तवमा लोहांगसेनलाई विजयपुरमा विजय पाउन शरल थिएन । तसर्थ तिनलाई बाजहांगले सहयोग गरेर विजयपुर राज्य तिनलाई अर्पेको कुरा ज्यादा भरपर्दो छ । यसैगरी विजयपुरमा लोहांगसेनले विजय प्राप्त गरेपछि पहाडका किराती राजाहरूले पनि विद्रोह गरेको कतै कुनै पनि श्रोतले देखाएका छैनन् । अघि विजयनारायणले गरेको सम्झौताअनुसार नहुने भएमा पहाडका किराती राजाले लोहांगसेनको विरूद्धमा विद्रोह तथा प्रतिवाद गर्नु स्वाभाविक थियो । तसर्थ लोहांग सेन विजयपुरमा आउनुको पछाडि बाजहांगसँगको मिलोमतो रहेको मान्न सकिन्छ । यसैगरी लोहांगसेनले किराती शासकहरूसँग सम्झौता गरी विजयनारायणसरहको या त्यो भन्दा पनि ज्यादा अधिकार सहितको सम्झौता गरेको हुनाले किराती राजाहरू लोहांगसेनसँग खुशि भए र तिनको विरूद्धमा विद्रोह गर्नुको बदलामा तिनको सहयोगी भएर बसेका हुन सक्ने देखिन्छ । यसरी पूर्वको सेनराज्य विजयपुरको प्रशासनिक इतिहासमा आफ्नै प्रकारका विशेषताहरू रहेका पाइन्छन् । यसमा विशेषगरी संघात्मकतालाई सहज रूपमा स्विकार गरिएको पनि पाइएको छ ।[१५]

विजयपुरका शासक विजयनारायणको पतनका सम्बन्धमा के पनि तर्क पाइन्छ भने उनलाई गिद्दे पहाडमा लगेर हत्या गरिएको थियो । विजयनारायणको हत्या गरिएपछि कोचेहरू

---

[१४] विष्णु प्रसाद घिमिरे (२०५६), *पाल्पा राज्यको इतिहास भाग २* (चितवनः चितवन अध्ययन केन्द्र), पृ. ५९ ।

[१५] इमानसिंह चेम्जोंग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंगः नेपाली साहित्य प्रतिष्ठान), पृ. ७० ।

रिसाएर तिनले बाजहांगको पनि हत्या गरे । गिद्धे पहाड वर्तमानको सिलिगुडी क्षेत्रमा पर्दथ्यो भनिन्छ । जे भए पनि विजयनारायणको मृत्यू या हत्याले लोहांगसेनलाई विजयपुरमाथि अधिपत्य जमाउन मार्गप्रशस्त गरेको देखिन्छ । त्यसपछि लोहांगसेनले दस लिम्बू, आठ राई र सोह्र खम्बू आदिसँग समझदारी गरे र किरातीहलाई दिवान पद वंशाणुगत गराई दिए । यसरी लोहांगसेनको पालामा विजयपुर भेगमा किरातीहरूलाई स्वायत्त शासनाधिकार प्रदान गरिएको देखिन्छ । [१६] यसबाट स्थानीय किराती शासकहरू आफू स्वायत्त र स्वतन्त्र भएको महशुस गरे र आफ्नो शासनाधिकार मज्बुत बनाउँदै लगे ।

विजयपुर र किरात शासनका बारेमा थप के विवरण पाइन्छ भने किरात राजा मौरहांगले कलिगत वर्ष १७६० मा कोशी क्षेत्र विराट देशका राजा धनपालका राज्यमा सर गरी आफ्नो राज्यमा सम्मिलित गराए । यिनले विजित नयाँ राज्यको शासन चलाउन विजयपुरमा गढ बनाई जितेको राज्यको नाम आफ्नै नाममा मोरहांग राखे । त्यसपछि उनले भाई सेनानायक शुभसेनलाई राखी त्यहाँको शासन चलाए भनिएको छ । शुभसेनको शेषपछि उनकै सन्तान दरसन्तानले विजयपुरमा शासन गर्ने बन्दोवस्त मिलाएको बताइन्छ ।[१७] तर यो विवरण सत्य भने देखिदैन ।

जे कारण र जसरी भए पनि लोहांगसेनले मोरङ विजयपुरमा शासन स्थापना गरेपछि सेन राज्यको क्षेत्रफल धेरै ठूलो भूभागसम्म फैलिन पुग्यो । विजयपुरले उपभोग गरेको पूर्वमा महानन्दासम्म र उत्तरको तिब्बतसम्मको सम्पूर्ण भूभाग मकवानपुरभित्र गाभिएको थियो । यसमा विजयपुरमा कसरी लोहांगसेनले अधिपत्य जमाए भन्ने कुरामा भने विभिन्न प्रकारका मत मतान्तरहरू रहेका पाइन्छन् । एक तर्कअनुसार विजयनारायणले मुरेहांग खेवांगलाई आफ्नी छोरीसँग अनैतिक सम्बन्ध राखेको आरोपमा मृत्यूदण्ड दिएपछि उनका छोरा बाजहांगले लोहांग सेनलाई बोलाएर विजयपुरमा आक्रमण गराएका थिए । तर यस तर्कका पछाडि खासै प्रमाणहरू रहेका देखिदैनन् । लोहांगसेनले विजयपुरमा अधिपत्य जमाएपछि पहाडतिरका किरातहरूलाई मिलाएर राख्न जरूरी थियो । तसर्थ उनले थुमै पिच्छेका किरात राजालाई ताम्रपत्र गरेर अधिकार दिएको हुन सक्तछ । यसैगरी लोहांग सेनले विजयपुर माथि विजय पाएका भए पनि उनले यता बसेर शासन गरेनन् । यिनले विजयपुर भेगको शासन गर्ने जिम्मा स्थानीय किरात मन्त्रिहरूलाई दिएका थिए । त्यसपछि राजा मकवानपुरमा बस्तथे भने यहाँको सम्पूर्ण शासनाधिकार स्थानीय मन्त्रीहरूमा रहेको हुनाले उनीहरू प्रसन्न पनि थिए । यसबाट मकवानपुरका विरूद्धमा षड्यन्त्र गर्न यिनीहरूलाई आवश्यकता थिएन ।

---

१६. उही ।
१७. *उही ।*

लोहांगसेनले विजयपुमाथि विजय प्राप्त गरेपछि पाल्पाको सेन राज्य पूर्वमा महानन्दा नदीसम्म पुग्यो । त्यसबेला मोरङ, झापा, बंगाल र जलपाईगुडीसम्म विजयपुरको सिमाना पुगेको देखिन्छ । पश्चिममा रिडी, उत्तरमा मुक्तिनाथ र दक्षिणमा कटिहार क्षेत्र पाल्पाली सेन राज्यका सिमाना थिए । यसैगरी दक्षिण पूर्वमा भने जलालगढ सेन राज्यको सिमाना बन्यो । विहार र बंगालको सिमानामा रहेको जलालगढलाई अहिले पनि नेपाली राजाको किल्ला भन्ने गरिन्छ । यता हिमवत्खण्ड पुराणले भने सेन राज्य पूर्वमा वराहक्षेत्रसम्म फैलिएको विवरण दिएको छ, जुन विवरण सत्य भने देखिदैन । विजयपुरमा सेनहरूको अधिपत्य नहुन्जेलसम्म मात्र सेन राज्य कोशीनदीसम्म रहेको मान्न सकिन्छ । यता विजयपुर र मकवानपुरका ठकुराईको वण्डा हुँदा कोशी पूर्वको टिष्टासम्मको तलहट्टी विजयपुरको ठकुराईमा पर्ने उल्लेख छ ।[१८] जे भए पनि कोशी पूर्वको भाग भने विजयपुरमा पर्ने भयो । अव पुरानो मोरङ विजयपुर राज्य पाल्पाली सेनहरूको अधिनमा मकवानपुर राज्यअन्तर्गत गाभिन पुग्यो ।

लोहांगसेनले विजयपुर आक्रमण गरी विजय गरेपछि विजयपुर पहाडका किरातहरूसँग एउटा सन्धी गरे । डिआर रेग्मीले दिएको किरात वंशावलीअनुसार तिनीहरूले निम्नानुसारको सन्धी गरेका थिए ।[१९]

१) राज्यको मन्त्री (दिवान) किराती हुनेछन् र किरात देशका दस किरातीबाट तिनीहरूको चयन हुने छ । तिनीहरूको कार्यकाल भने ५ वर्षको हुनेछ ।

२) यस भेगमा र मोरङतिर हुने वसाईं सराईको रेकर्ड गर्ने र सुरक्षा जाँच केन्द्रलाई जानकारी दिइने छ ।

३) प्रत्येक १० वर्षमा जनगणना गर्ने र मोरङको राजधानीमा त्यसको रेकर्ड राख्ने कार्य गरिने छ ।

४) १८ वर्ष माथि र ५० वर्ष मुनिका प्रत्येक युवालाई धनु र वाणको तिन महिने सैनिक तालिम प्रान्तीय सदरमुकाममा दिने र यसको खर्च राज्यकोषबाट गर्ने ।

५) संकटको अवस्थाका लागि प्रत्येक क्षेत्रका प्रमुख राईले १५० जना मानिसलाई सतर्क राख्ने ।

६) सरकारले १ हल मेलोको जमिनका लागि रू १ का दरले मालपोत लिने छ ।

७) राजश्व खर्च गर्दा १० प्रतिशत प्रान्तीय सरकारलाई दिने र ४५ प्रतिशत सैनिक व्यवस्थापनमा खर्च गरी बाँकीको हकमा मोरङको खजनामा राख्ने ।

---

१८. बाबुराम आचार्य (दोश्रो सं. वि. सं. २०६१), *श्री ५ वडामहाराजा धिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* (काठमाडौं: राजदरबार), पृ. ४१४ ।

१९. डिआर रेग्मी (सन् २००७), *मोडर्न नेपाल, भोल्यूम १ र २* (दिल्ली: रूपा एन्ड को.), पृ. ७९-८० ।

८) पञ्चखत हुने र नैतिकता पतन हुनेदेखि बाहेकका सबै प्रकारका अपराधमा प्रान्तीय सरकारले छिनोफानो गर्न पाउने ।

९) कानून उलंघन गर्ने र राज्यद्रोह गर्ने व्यक्तिलाई देश निकाला गर्न र थुनामा राख्न सक्ने ।

यसैगरी निम्नानुसारका दस थुमका किराती शासकहरूको राज्य निम्नानुसार रहने व्यवस्था पनि मिलाइएको कुरा उक्त वंशावलीले दिएको छ ।

क) पोक्लाबांग लगायतका वर्तमानको ताप्लेजुंग भेगमा फायोहांग राजाले शासन गर्ने ।

ख) इलामको योग्दांगयोक क्षेत्रमा लोलिमोहांगले शासन गर्ने ।

ग) पाँचथर र इलामको फेदेनयोकमा पापोहांगले शासन गर्ने

घ) कुरूलेयोक ताप्लेजंगमा माहोहांगले शासन गर्ने

ङ) हस्तपुयोकमा लिंगसेहांगले शासन गर्ने

च) आठराईको पोमाजुंगयोकमा अकलुकले शासन गर्ने

छ) ताक्लुकदेनयोकमा खेचोहांगले शासन गर्ने

ज) तम्मोर किनारको मेरिन्देयोकमा सिसियेनले शासन गर्ने

झ) चेङलुङ्चोकमा मैजुंगहांगले शासन गर्ने ।

ञ) ताक्पेसुयोकमा सम्बासेंगहांगले शासन गर्ने

यहाँ दस थुमका राजा भन्नुको मतलव अरूण र कन्काई बीच या तत्कालको मोरङ पहाडका राजा भन्ने बुझिन्छ । यहाँ विभिन्न थुम (डाँडा) का अलगअलग राजाहरू भएको वताइएको छ । यी राजाहरू प्रत्येक डाँडालाई किल्ला बनाएर शासन गर्न लागेका देखिन्छन् ।

माथि चर्चा गरिएको अरूण र कन्काईको बीचको सरहनै दूधकोशी र अरूणको बीचको पहाडी भागलाई पनि मोरङको क्षेत्रीय प्रशासन अन्तरगत राखिएको थियो । तिनीहरूलाई १२ वटा भागमा बाँडी प्रत्येकमा १-१ जना राय राजा रहने व्यवस्था थियो । यस बाहेक यस भेगको राजनैतिक इतिहास केही अंधकारपूर्ण छ । लोहाङ्गसेनको समयतिर मोरङ बेग्लै राज्यका रूपमा नभएर मकवानपुरे सेन राज्यको अधिनमा राखिएको थियो । मोरङ पहाड भने दस लिम्बुआन तथा अरूणपारी दूधकोशीसम्मको प्रशासन १२ राई किरातको जिम्मा थियो ।[२०] त्यस बेलाको इतिहासका बारेमा कही विदेशी यात्रीहरूले पनि चर्चा गरेका छन् । यिनमा प्रमुख टिर्नियर छन्, जसले वि.सं.

---

[२०] *उही ।*

१७९७ तिर पाल्पाको भ्रमण गरी देखेको विवरण यात्रा बृतान्तमा दिएका छन् । तिनले आफ्नो डायरीमा मकवानपुर लगायत यस भेगको जंगल र बाटोघाटोका बारेमा चर्चा गरेको देखिन्छ । त्यसपछि लेभी र फादर ग्रुबरको विवरण पनि उल्लेख्य छ । यहाँ फादर ग्रुबरले मकवानपुरलाई मोरङ राज्यका रूपमा चर्चा गर्दै यहाँका राजाले २५० हजार रिचडेल मुद्रा र ७ वटा हात्ती मुशलमानहरूलाई बुझाउने गरेको उल्लेख गरेका छन ।[२१] यस विवरणलाई उनले मोरङको प्रसंगमा राखेका भए पनि यसलाई मोरङ नभएर मकवानपुरको प्रसंग मान्न सकिन्छ, किनकि तत्काल मोरङ मकवानपुरबाट अलग्ग भएको थिएन ।

आफूले विस्तार गरेको सेन राज्य टुकिएपछि राजा मुकुन्दसेन विरक्तिए । उनी मुनि भेषमा विभिन्न तीर्थहरू घुमेर हिंड्न लागेका थिए । उनी हरिहरक्षेत्र, रिडी, देवघाट र वराहक्षेत्रमा घुमिघुमी हिंड्दथे । मुनि भेषमा रहेकाले उनलाई मुनिमुकुन्दसेन भन्न लागियो । पछि तिनको मृत्यू देबघाटमा भयो । त्यसपछि उनका छोराहरूले बाँडेका टुके सेनराज्यहरूलाई स्वतन्त्र गराए र उनीहरूले तिनीहरूमा स्वतन्त्र रूपमा नै शासन चलाउन थाले ।

पाल्पाली सेन राजकुमार लोहांगसेनले आफ्नै नेतृत्वमा रहेको सेनाबाट कोशी पूर्वको विजयपुर भेगमा अधिकार जमाएका थिए । विजयनारायणका सन्तानले विजयपुर भेगमा शासन गरिरहेको समयमा लोहांगसेनले आफ्नो अधिकार जमाएका हुन् । तत्काल मोरङको पूर्वी भेगमा या इलाम क्षेत्रमा तोर्वेपुनुनामक शासकले शासन गरिरहेका थिए । लोहांगसेनले तिनलाई पनि सहज रूपमा हराएको हुनाले उनको राज्यको सिमाना पूर्वमा सिलिगुडीसम्म पुगेका थियो । यिनले पहाडका बाजहांगसँग पनि सम्झौता गरेको देखिन्छ । उनीसँग गरिएको सम्झौताअनुसार बाझहांगले पहाडी भागमा भने आफैं शासन गर्न पाउने भए । खालि तिनले लोहांगसेनको अधिपत्य मात्र स्विाकार गर्दा हुने भयो । पहाडतिरका सबै थुमका किरातीहरूलाई त्यसै अनुरूपको ताम्रपत्र गरी अधिकार दिइएको थियो । यसबाट पहाडका किरातीले यिनीसँग विद्रोह पनि गरेनन् ।

लोहांगसेनले विजयपुर भेगलाई सेन राज्यमा गाभे पनि उनी मकवानपुर दरबारमा बसेर शासन गर्न लागे । विजयपुर भने मकवानपुरको अधिनस्थ प्रान्त बन्यो । यसमा एकातर्फ विजयपुरको पहाडी भागमा पर्ने विभिन्न थुममा बाजहांग लगायतका किरातीहरूले शासन चलाए भने वराहक्षेत्र र चतरा भेगमा भने महन्तहरूलाई शक्तिशाली बनाइयो । तिनले वराहक्षेत्रमा पूजारी नियुक्त गरेको तथा तत्काल महन्तनै पुजारी हुने पनि उल्लेख पाइन्छ । वराहक्षेत्रका पुजारी या महन्त यस भेगका शासकजस्तै हुन्थे । पछि शाहहरूले समेत यो परम्परालाई निरन्तरता दिएको देखिन्छ । त्यहाँका महन्तहरू ज्यादै प्रभावशाली रहने र यस भेगको कर उठाउने जिम्मा समेत

---

२१. *उही ।*

तिनलाई दिएको उल्लेख पाइन्छ । राणा कालदेखि मात्र त्यहाँका महन्तहरूको यस्तो अधिकार खोसिएको हो । यस सम्बन्धमा खतिवडा यसरी लेख्छन् :

> विजयपुरमाथि लोहांगसेनले अधिकार जमाएपछि विजयपुर दरबार क्षेत्रको रौनक कम भएर गएको देखिन्छ । यहाँका विजयनारायणका सन्तानहरू विजयपुर भेग छाडी अन्यत्रै बसाईं गए । यता विजयपुरमा शासन गरी बस्ने बाजहांग लगायतका किरातीहरू भने ताम्रपत्र मार्फत् अधिकार पाई पहाडतिरै लागे । यसैगरी मोरङ या विजयपुर तराईको व्यवस्था गर्न मकवानपुर दरबार भेगमा बस्ने लोहांगसेनलाई निकै अप्ठेरो थियो । तसर्थ तिनले सर्वप्रथम वराहक्षेत्रको गुठीका लागि महन्त र तिनै महन्तलाई वराहक्षेत्रको पुजारी नियुक्त गरे । तिनलाई यस भेगको कर उठाउने र शासन गर्ने समेत जिम्मा दिइयो । तसर्थ वराहक्षेत्रका महन्तले यस भेगमा लामो समयसम्म शासन गरे । पछि नेपाल एकीकरण पश्चात पनि यहाँका महन्तलाई नै यस भेगको शासन चगाउन दिइएको थियो । तर राणा कालमा जंगबहादुर राणाले तिनीहरूलाई विनास गरेर तिनीहरूको अधिकार खोसेका हुन् । अघि उनी धनकुटामा बसेका बेला चतरा भेगमा आई शिकार खेल्नका लागि हात्ति चाहिएकाले यहाँका महन्तसँग हात्ति माग गरेका थिए । तर यो राज्यको हात्ति तिमीलाई दिन मिल्दैन भनी महन्तहरूले जंगबहादुरलाई रित्तै फर्काएको हुनाले तिनी महन्तहरूसँग असाध्यै रिसाएका थिए । तसर्थ प्रधानमन्त्री हुनासाथ जंगबहादुरले चतराका महन्तबाट सबै अधिकार खोसेका हुन् ।[२२]

लोहांगसेनले मकवानपुर दरबार क्षेत्रमा संस्कृत र मैथिली भाषाको नै विकासका लागि महत्पूर्ण योगदान दिएको देखिन्छ । तिनले विद्वान्हरूलाई दरबारमा आश्रय दिएर राखेका थिए भन्ने कुरा लोहांगसेनले वि.सं. १६१३ मा राख्न लगाएको धनुषाधामको अभिलेखबाट स्पष्ट हुने गर्दछ ।

> मिथिला देशे जनकपुर स्थानात् पञ्चक्रोशान्तरे इशान दिग्भागे धनु क्षेत्रे धुषा इति प्रसिद्धे कुपे प्रस्तरपट्टे वक्षमाणां पद्यं खिखितमस्ति ।
>
> न आसित पण्डित मण्डलाग्र गणितो भूमण्डला खण्डलो ।
>
> जातः खण्डवला कुले गिरिसुता भक्तो महेश कृति ।
>
> साकेरन्ध्रतुरंग श्रुतिमहि संलक्षिते हायने ।
>
> वाग्देवी कृपयाशु येन मिथिला देशः समस्तोर्जिव ।[२३]

यता लोहांगसेनले वराहक्षेत्र र त्यसको वरपरका क्षेत्रमा विभिन्न प्रकारका देवीदेवताका मूर्तिहरू र मन्दिरहरू समेत स्थापना गरेको उल्लेख पाइन्छ । यिनका थुप्रै रानी र छोराहरू थिए । यिनले ३२ जति वर्ष शासन गरेको देखिन्छ । यस विषयमा एक विद्वानले यसरी चर्चा गरेका छन् :

> लोहांगसेनका अनुपावती, कल्याणमती, साहेवदेवी, दुलहिणीदेवी, कोइलावती, कर्पुरवती र गंगादेवी गरी सातजना रानीहरू थिए । यिनीहरूमध्ये अनुपावती तिरबाट राघवनरेन्द्र र भगवन्तसेन तथा कल्याणमतीका तर्फबाट रामपतिसेन र केशवसेन गरी अन्य २ जना छोराहरू जन्मिएका थिए । साहेवदेवी, दुलहिनीदेवी, कर्पुरावती र

---

[२२] सोमप्रसाद खतिवडा(वि.सं. २०६८), *वराहक्षेत्रको सांस्कृतिक सम्पदा* (चतराः राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान), पृ. ३८६ ।

[२३] ज्ञानमणि नेपाल (वि.सं. २०४०), *जयचरित महीरावणवध नाटक विवेचनात्मक अध्ययन* (काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र), पृ. १६६ ।

गंगादेवीबाट भने क्रमसः यशोदरा, लक्ष्मावती, सगुनावती र शुमित्रावती नामक एकएकजना छोरीहरू जन्मिएका थिए । यता कोइलावती तिरका भने एकजना छोरामात्र थिए ।[२४]

६.३ राघव नरेन्द्रसेन र विजयपुर

लोहांगसेनको मृत्यु भएपछि तिनका छोरा राघव नरेन्द्रसेन मकवानपुरको राजगद्दीमा बसेका थिए । यिनका पालामा मकवानपुर र लोहांगसेनले विजय गरेको मोरङ भेगमा खासै ठूला घटनाहरू घटेको पाइएको छैन । यिनले मोरङ पहाडको ठूलो क्षेत्रमा विजय हासिल गरे भन्ने विवरण सेन बंशावलीमा पाइन्छ, जसको चर्चा माथि मकवानपुरको सेनकालिक इतिहासको विवेचना खण्डमा गरिसकिएको छ । यसैगरी जहाँसम्म राघवनरेन्द्रसेनको विजयपुरसँगको सवाल छ, यिनले मकवानपुरमा नै बसेर शासन सञ्चालन गरेका थिए । अघि लोहांगसेनले मोरङ भेगको शासन राम्रैसँग व्यवस्था मिलाएकाले यिनका पालामा यता कुनै पनि प्रकारको समस्या नआएको हो । यसबाट तिनले संघात्मक पद्धतिमा शासनको अधिकार स्थानीय रजौटालाई दिएकाले तिनीहरूले आफू स्वतन्त्रजस्तो भएको महशुस गरे र सेन राज्य टुक्राउने कोशिस गरेनन् । तसर्थ पनि यिनका पालामा खासै ठूला घटना नघटेका हुन् ।

६.४ हरिहर इन्द्रसेन र विजयपुर

राघवेन्द्र सेनको वि.सं. १७१८ तिर मृत्यु भएपछि तिनका छोरा हरिहर इन्द्रसेन मकवानपुरको राजगद्दीमा बसेका थिए । यिनी बृहत्तर मकवानपुरका अन्तिम राजा थिए । किनकि यिनको समयमा नै मकवानपुरबाट विजयपुर अलग्ग राज्यका रूपमा विभाजित भएको थियो । यिनको समयमा आन्तरिक कलहका कारण मकवानपुर राज्य टुक्रिएर विजयपुर पुन अलग्ग सेन राज्यका रूपमा स्थापित भएको हो ।

हरिहर सेनका जेठा छोरा छत्रपति इन्द्रसेन केही विद्रोही स्वभावका थिए र आफ्ना पिताको जीवनकालमा नै राजगद्दीमा बस्न चाहान्थे । तर उनको यो इच्छा पूरा नहुँदै वाबुको जीवनकालमा नै यिनको मृत्यु भयो । तर हरिहर सेनले तिनलाई उत्तराधिकारी नवनाएर कुचविहारकी राजकुमारी तिरका छोरा शुभसेनलाई मकवानपुरको उत्तराधिकारी घोषणा गरे ।[२५] तसर्थ विधाता इन्द्रसेनले पूर्वतर्फ लागेर विजयपुर कब्जा गरे र त्यहाँ स्वतन्त्र रूपमा शासन गर्न लागे । यता हरिहरसेनले उनको यस्तो कार्यलाई रोक्न खोज्दा पनि उनी असफल भएकाले मकवानपुरबाट अलग्गिएर विजयपुर बेग्लै राज्य बन्यो । यता विधाता इन्द्रसेन भने स्वतन्त्र सेन

---

[२४]. घिमिरे, *पूर्वक्त् नं. १४,* पृ. ६२ ।
[२५]. *उही ।*

कालिक विजयपुरका पहिला राजा बने । उनको विजयपुर राज्य विभाजनसम्बन्धी विवरण माथिनै मकवानपुर र सेनवंश अन्तर्गतको शीर्षकमा चर्चा गरिएको छ ।

अध्याय सात

स्वतन्त्र विजयपुर राज्य र सेन शासन

७.१ परिचय

नेपालको उत्तर मध्यकालिक इतिहासमा पूर्वी नेपालको कोशी नदी पूर्वमा पर्ने मोरङ विजयपुर भेगमा करिव दुई शताब्दीजति अवधिमा सेनहरूले शासन गरेको देखिन्छ । यसमा विशेषगरी वि.सं. १६४१ तिर विजयनारायणले विजयपुर राज्य स्थापना गरेका थिए, जसको मृत्यू भने वि.सं. १६६६ तिर भएको देखिन्छ । त्यसै साल मोरङ विजयपुरमाथि पाल्पाली सेन राजकुमार लोहांगसेनले विजय हासिल गरे । विजयपुरमा सेनहरूभन्दा अगाडि करिव २५ वर्षजति विजयनारायणले शासन गरेको मान्यता छ । पाल्पा राज्यको विस्तारका क्रममा पूर्वतर्फको विजय अभियान लोहांगसेनले चलाएका र विजयपुर भेगलाई यिनैले पाल्पा राज्यमा एकीकरण गरेको हुँदा पाल्पा राज्य विभाजन हुँदा लोहांगसेनको भागमा पूर्वको मकवानपुर राज्य पऱ्यो । त्यसपछि लोहांगसेनले मकवानपुरलाई राजधानी बनाई पूर्वमा महानन्दा नदीसम्मको भूभागमा शासन गरेको देखिन्छ ।

मकवानपुरे राजा हरिहरसेनका नाति विधाता इन्द्रसेनले वि.सं. १७४१ तिर विजयपुरलाई बेग्लै स्वतन्त्र राज्यका रूपमा स्थापना गरेका थिए । मकवानपुरको राज्यका उत्तराधिकारी उनका पिताको मृत्यु बाजेको जीवन कालमा नै भएपछि उनलाई उत्तराधिकारी बनाउनु पर्नेमा तिनका बाजेले आफूलाई नभएर काकालाई मकवानपुरको उत्तराधिकारी घोषणा गरेकाले त्यसबाट असन्तुष्ट भएर विधाता इन्द्रसेनले विजयपुरलाई मकवानपुरबाट अलग्याएर बेग्लै सेन राज्यका रूपमा स्थापित गरेका हुन् । सुरूमा वि.सं. १६६६ देखि १७४१ सम्म जम्मा ७५ वर्ष जति पाल्पाका सेनहरूले पाल्पा र पछि मकवानपुर राज्यअन्तरगत नै विजयपुरलाई पनि राखेर त्यतैबाट शासन गरेको देखिन्छ ।[1] यता वि.सं. १७४१ देखि वि.सं. १८३१ सम्म जम्मा ९० वर्षजति भने विजयपुर कोशी पूर्वको स्वतन्त्र सेन राज्यका रूपमा स्थापित भएर रह्यो । कालान्तरमा वि.सं. १८३१ सालमा विजयपुर गोरखाली सेनाहरूद्वारा बृहत्तर नेपालभित्र गाभियो । तसर्थ विजयपुरमा मकवानपुरबाट समेत गरी जम्मा १६५ वर्षजति अवधिमा सेनहरूले शासन गरेको देखिन्छ । लोहांगसेनपछि राघवसेन र हरिहरसेनले मकवानपुरमा नै बसेर मोरङ विजयपुरमा पनि शासन गरे भने विधाता इन्द्रसेनले प्रथम पटक विजयपुरलाई स्वतन्त्र राज्यका रूपमा घोषणा गरेपछि भने

---

[1] इमानसिंह चेम्जोंग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंग: नेपाली साहित्य प्रकाशन), पृ. ७७ ।

सेनहरूले विजयपुरमा नै बसेर स्वतन्त्र रूपमा शासन गरेको देखिन्छ । यसपछि भने विजयपुर मकवानपुरबाट सदाका लागि अलग्ग हुन पुग्यो ।

७.२ विधाता इन्द्रसेन (वि.सं. १७४१-१७६३)

विधाता इन्द्रसेन अलग्ग तथा स्वतन्त्र विजयपुर राज्यका प्रथम सेन राजा थिए । उनी मकवानपुरे राजा हरिहर सेनका नाति तथा छत्रपति इन्द्रका छोरा थिए । मकवानपुरका राजा हरिहर सेनका जेठा छोरा छत्रपति इन्द्रका जेठा छोरा भएका हुनाले तिनी मकवानपुर राज्यका उत्तराधिकारी थिए । तर मकवानपुरको राजगद्दीमा बस्न नपाउँदै छत्रपति इन्द्रको मृत्यू भएपछि तिनको ठाउँमा अर्कै व्यक्तिलाई राजमुकुट दिन आवश्यक भयो । यता आफ्ना बाबुका ठाउँमा आफूले मकवानपुर राज्यको उत्तराधिकार पाउने दाउमा थिए भने अर्कातर्फ तिनका बाजे हरिहर सेनले विधाता इन्द्रका बदलामा तिनका काका शुभसेनलाई उत्तराधिकार घोषणा गरे ।[२] तिनी कुचबिहारकी राजकुमारी तर्फका छोरा तथा विधाता इन्द्रका काका थिए । यसरी आफ्नो बदलामा राजगद्दीको उत्तराधिकार काकाले पाएकोमा विधाता इन्द्रलाई ठूलो पिर पऱ्यो । तसर्थ तिनी तत्काल मकवानपुरबाट पूर्वतर्फ लागि कोशी नदी तरेर विजयपुर पुगे र त्यसलाई स्वतन्त्र राज्य घोषणा गरे । त्यसपछि उनी यसै भेगमा बसेर स्वतन्त्रतापूर्वक शासन गर्न लागे । यसरी स्वतन्त्र विजयपुरका प्रथम सेन राजा विधाता इन्द्र सेन थिए । उनले विद्रोह गरी विजयपुरलाई टुक्र्याएपछि हरिहरसेनले पनि त्यसलाई फर्काउने प्रयास गरे । तिनले काठमाडौं उपत्यकाका ललितपुर र पश्चिमको गोरखा समेतको सहयोग मागी विजयपुरमाथि आक्रमण गरे । तर यसले तिनलाई कति पनि अशर गरेन । विजयपुर मकवानपुरबाट अलग राज्यका रूपमा रह्यो ।

इमानसिंह चेम्जोंगका अनुसार विधाता इन्द्रसेनले विजयपुरमा वि.सं. १७४१ देखि १७६३ सम्म जम्मा २२ वर्षजति शासन गरेका थिए । मकवानपुरबाट विरक्तिएर हिंडेका विधाता इन्द्रसेनले विजयपुरमा आएपछि सर्वप्रथम बोबाजित रायसँग तालमेल गरेर तिनलाई यहाँको मन्त्री पदमा नियुक्ति गरे भनिएको पाइन्छ ।[३] त्यसपछिमात्र तिनले विजयपुर राज्यमा तिनैको सहयोगले शासनको सुरूवात गरेका हुन् । यिनले चंजितपुरमा बसेर बोबाजितलाई मन्त्री पदमा नियुक्ति गरेको उल्लेख पाइने हुनाले यी बोबाजित यस भेगका प्रभावशाली किराती व्यक्ति हुन सक्ने देखिन्छ । यहाँ चंजितपुर कुन ठाउँ थियो भन्ने कुरा स्पष्ट छैन । यसलाई हालको धनकुटा जितपुर हुन सक्ने पनि मानिन्छ । यसैगरी पछिल्ला केही थप लिखतहरूमा पनि चंजीतपुरको नाम आउने गर्दछ । यहाँ उक्त स्थान कोशी पूर्वको विजयपुरनै थियो । तर उक्त स्थान कुन स्थानमा पर्दथ्यो भन्ने कुरा भने स्पष्ट छैन । वास्तवमा विजयनारायणका पालादेखिनै मोरङ विजयपुर र पहाडी

---

२. *उही,* पृ. ७८ ।
३. *उही ।*

प्रदेशको लिम्बुआन दुवैतिर मिलेर शासन गर्ने परिपाटीको विकास भएको हुनाले यस भेगमा सेनहरूले किरातीहरूलाई भारदार बनाएर स्वतन्त्रतापूर्वक शासन गर्ने गरेको देखिन्छ । तसर्थ विधाता इन्द्रसेनले पनि यस भेगका कुनै किराती भारदारलाई मन्त्री बनाएर शासन गरेको हुनसक्ने देखिन्छ ।[४]

विधाता इन्द्रसेन विजयपुरमा राजा हुन आउँदा यहाँ विजयपुरमा विद्याचन्द्र राय शासन गर्दै थिए । अव मकवानपुरे सेन इन्द्रविधाता सेन (हरिहरसेनका नाति) सिधै विजयपुरमा शासन गर्न आएको हुनाले हांग विचित्र चन्द्र राय उनीदेखि सशंकित भए । तर पनि यिनले विजयपुरलाई बेग्लै स्वतन्त्र राज्य बनाउन सहयोग गरे । तसर्थ विधाता इन्द्रसेन स्वतन्त्र विजयपुरको प्रथम राजा बने । यिनले विजयपुरको राजगद्दीमा बस्नासाथ बोबाजित रायलाई चौतारा पदमा नियुक्ति गरेका हुन् । संभवत विधाता इन्द्रसेनले राजगद्दीमा बस्नासाथ विचित्रचन्द्र रायको मृत्यू भएको हुन सक्तछ ।[५] नभए उनलाई राजगद्दीमा बस्न सहयोग गर्ने यिनलाई विधाता इन्द्रसेनले मन्त्री पदबाट नहटाउनु पर्ने हो । यिनको मृत्यु भएका कारणले नै बोबाजित रायलाई विजयपुरको मन्त्री पदमा नियुक्ति गरिएको हुन सक्ने कुरा भने ज्यादा भरपर्दो छ ।

विधाता इन्द्रसेनले विजयपुरको राजगद्दीमा बसेर आनन्दले शासन गर्न भने पाएनन् । उनी राजगद्दीमा बस्नासाथ मकवानपुरका राजा हरिहर सेनका छोरा तथा इन्द्रविधाता सेनका काका शुभ सेनले सर्वप्रथम भक्तपुर र गोरखा लगायतका शासकलाई गुहारी विजयपुरमाथि आक्रमण गराउन पुगे । त्यति बेलासम्म यिनका बाजे हरिहरसेन जीवितै थिए र शुभसेनको यो कदमलाई तिनको पनि समर्थन थियो । यस लडाईंमा गोरखाली र उपत्यकाका सेनाले विजयपुरको केही गाउँहरू कब्जागरी मकवानपुरलाई दिलाए पनि । तर यिनीहरू ती गाउँ कब्जागरी फिरेपछि पुन विधाता इन्द्रसेनले ती गाउँमा आफ्नो अधिकार कायम गरे भने उक्त लडाईंले तिनलाई कुनै पनि प्रकारको असर गर्न पाएन । विजयपुर मकवानपुरबाट सदाका लागि अलग्ग राज्यका रूपमा रहन पुग्यो ।[६]

शुभसेन र विधाता इन्द्रसेन या काका भतिजको बीचको झगडा यतिले मात्र साम्य भने भएन । यसले दीर्घ र नराम्रो रूप लिईरह्यो । यसका साथमा यसै कारणले गर्दा यी दुवैले आनन्दका साथमा शासन गर्न पनि नपाएको कुरा इतिहासमा पाइन्छ । यही कारणले मकवानपुरका सेन शासकहरूले बाहिरी शक्तिको सहयोगमा विजयपुरमाथि आक्रमण गर्ने मात्र नभई अन्य प्रकारका थुप्रै षड्यन्त्र र असहज परिस्थितिको पनि सामाना गर्नु पऱ्यो । राजा र मन्त्रीका बीचमा विवाद र झगडा सुरू भए भने मन्त्रीहरूको सहयोगमा सेन दरबारमा षडयन्त्रको विजारोपण पनि

---

४. *उही,* पृ. ८० ।
५. *उही ।*
६. *उही ।*

सुरू भयो । यसै क्रममा मोरङको दक्षिणतिर पर्ने पूर्णिया तिरका मुशलमानहरूको प्रभाव पनि यिनीहरूले खेप्नु परेको देखिन्छ । प्राप्त एक ऐतिहासिक विवरणअनुसार मकवानपुरे सेन राजा शुभसेनका मन्त्री प्रद्युम्न उपाध्यायलाई मुश्लिमहरूले हात लिएर मकवानपुर र मोरङको दक्षिणी भाग मुशलमानहरूका क्षेत्र हुन् भन्ने दावी गर्न लागेका थिए ।[७] यसरी हरिहर सेनको अदुरदर्शी कदमका कारणले मकवानपुरे सेनहरूको पतनको सुरूवात यसैबाट भएको देखिन्छ ।

शुभसेनका मन्त्री प्रद्युम्न उपाध्याय तनहुँका ब्राह्मण थिए । तिनको मेलमिलाप राजा शुभसेनसँग हुन सकेन । तसर्थ उनले एकपटक पूर्णियाका नबाब इस्फून्दियार खानसँग सहयोग मागे र शुभसेनलाई पक्रिएर पूर्णियाको जिम्मा दिएका थिए । मकवानपुर र मोरङको उर्बर जमिनमा आँखा गाडिरहेका पूर्णियाका नबावले पनि यताको झगडाको फाइदा उठाउने कोशिस गरिरहन्थे । तसर्थ तिनले शुभसेनलाई पक्रिएर पूर्णियातिर नै राखेका थिए । तर यता मोरङ विजयपुरका राजा इन्द्रविधाता सेनले इस्फून्दियार खानसँग लडाईं गरी हराएका थिए । त्यसपछि काका शुभसेनलाई त्यहाँबाट छुटाएर फिर्ता ल्याएको देखिन्छ ।[८] यसरी आफ्नो काकासँग झगडा परेको भए पनि विधाता इन्द्रसेनले तिनलाई मुशलमानको चंगुलबाट भने छुटाएको पाइन्छ ।

एकपटक मकवानपुरका मन्त्रीले राजालाई नबावकोमा बुझाएपछि विधाता इन्द्रसेनले तिनलाई छुटाएका भए पनि मकवानपुरे मन्त्री प्रद्युम्न उपाध्याय चुप लागेर भने बसेनन् । अब तिनले अर्का मन्त्री कालु उपाध्यायको समेत सहयोग लिएर यी काका भतिजा दुवै जनालाई पक्रिएर पूर्णियाको नबाबसमक्ष पठाए । यसबाट यिनीहरूलाई छुटाउने कोही पनि भएन । तसर्थ पूर्णियाका नबावले पनि यी दुवै जनालाई दिल्लीमा पुऱ्याए भन्ने उल्लेख पाइन्छ । यसैगरी तिनीहरूलाई दिल्ली लगेपछि दिल्लीका नबाबले जातच्यूत गरे तथा मकवानपुर र मोरङ दुवै स्थान राजाविहिन भए भन्ने विवरण पाइन्छ ।

ह्यामिल्टनले बताएअनुसार विजयपुरमा स्वतन्त्र शासन गर्न विधाता इन्द्रसेन आएको बेलामा त्यहाँ विद्याचन्द्र राय चौतारा थिए । तर इमानसिंह चेम्जोंगले भने तत्काल विद्याचन्द्र रायका छोरा विचित्र चन्द्र रायले शासन गर्दै गरेको बताएका छन् । तर विभिन्न प्रमाणहरूका आधारमा इन्द्र विधाता सेन विजयपुरको राजा भएको केही समयभित्र विद्याचन्द्र रायको मृत्यू भएर विचित्र रायले चौताराको पद लिएका हुन् ।[९]

---

७. एफ्बी ह्यामिल्टन (सन् १९९७), *एन् एकाउन्ट अफ् दी किंगडम अफ् नेपाल* (नयाँदिल्ली: एशियन एजुकेशन सेन्टर), पृ.१३८ ।
८. *उही ।*
९. *उही ।*

मकवानपुरमा चौतारा र मन्त्रीहरूसमेत नबाबसँग मिलेर राजालाई पक्रिई दिल्लीतर्फ पठाएको हुनाले मकवानपुरमा सुरक्षाको अवस्था अति कम्जोर भएको देखिन्छ । त्यस बेला चौतारा प्रबोधदासले शुभसेनका छोरा महिपति (मान्धाता) र माणिक सेनलाई सुरक्षित पार्न किरात प्रदेशमा पुऱ्याए । यता विद्याचन्द्र रायका छोरा विचित्र चन्द्र रायले यी राजकुमारहरूको सुरक्षा गर्ने चाँजोपाँजो मिलाए । त्यसै बेला मकवानपुर र मोरङमा राजा नहुँदा निकै संकट उत्पन्न भएको थियो । तर विधाता इन्द्रसेनकी रानी विधाता राजराजेश्वरीले स्थानीय किरात शासकहरूको सहयोग लिएर मुशलमानहरूसँग लडाईं गरिन् । यता किरातहरूको आक्रमण थाम्न नसकी मुशलमानहरू मोरङबाट आफ्नो स्थानतिर भाग्न पुगे । त्यसपछि यिनै विधाता इन्द्र राजराजेश्वरीले वि.सं. १७६३ देखि १७८२ सम्म मकवानपुर र मोरङ दुवै ठाउँमा हर्ताकर्ता भई शासन चलाइन् ।[१०]

मकवानपुर र विजयपुरका राजा विधाता इन्द्र सेन शुभसेनलाई पक्रिएर दिल्लीतर्फ पठाएपछि पूर्णियाका नबाब इस्फून्दियार खाँले यस भेगमा अधिपत्य जमाएको तथा विधाता इन्द्र राजराजेश्वरीले किराती आपुंगी राजाहरूको सहयोग लिएर मुशलमानहरूको कब्जाबाट मोरङलाई छुटाएको विवरण माथिनै यथा प्रसंगमा परेको छ । यस क्रममा विधाता इन्दू राजराजेश्वरीले किराती राजासँग सहयोग मागेको पत्र चेम्जोंगले प्रस्तुत गरेका छन् । त्यसमा तिनीहरूबाट तुरन्त दुश्मनमाथि हमला होस् भनिएको छ । यसमा चेम्जोंगले दिएको पत्रमा निम्नानुसारको विषय उल्लेख गरिएको छ :

> स्वस्तिश्री रूपनारायणेत्यादि विधिविरूदावली विराजान मानोन्नत महाराजाधिराजा हिन्दूपति राजराजेश्वरश्रीश्री पद्मीधाता इन्दू राजराजेश्वरी श्रीश्री महारानी जीवदेवीनाम सदासौभाग्यवती सावित्री शिवानाम्: राजा चेम्जोंग राय, राजा पसेनामा राय, राजा इन्दामाराय, राजा खेवाराय, राजा सुकामी राय, राजा माजिम् राय, राजा पोआजा राय, राजा गामा राय, राजा साहांग राय और सवके आशिष ..पर्वकाम् इदम् । आजसेआगे पूर्व महिनिमक हमरा नहनाही, धुम् उठाव भवेत् । रामकृष्ण थापाके भेजलहै । तोहरे वा तामपत्र दर्शन तो किई । तोह शामो राय शुभा वाषत जरूरकर लागल हु । वैरीके हानई चाहि । मोह तोहरे सवके जसहो । इति सम्वत् १७६३ साल आविश्वन वदी ४ दिन चंजितपुर शुभम् ।[११]

यसमा पुरानो ताम्रपत्रअनुसार नै दुश्मनमाथि हमला गर्नु पर्ने आदेश दिइएको देखिन्छ । उक्त ताम्रपत्रमा विजयपुरमाथि विदेशी हस्तक्षेप भएमा त्यसका विरूद्धमा लडाईं गर्नका लागि किराती सेनाले सहयोग गर्ने कुरा परेको थियो ।

इमानसिंह चेम्जोंगका अनुसार माथि दिइएअनुसारको पत्र दस किरातका आपुंगी राजाहरूलाई इन्दू राजराजेश्वरीले दिएपछि दश लिम्बूआनका राजाहरू त्यसमा सहमत भए । यता

---

[१०] विष्णुप्रसाद घिमिरे (वि.सं. २०५६), *पाल्पा राज्यको इतिहास भाग २* (चितवनः चितवन अध्ययन केन्द्र), पृ. ६५ ।
[११] चेम्जोंग, *पूर्ववत् नं. १*, पृ. ८० ।

तिनका छोराहरू पनि लिम्बूहरूकै सुरक्षामा पठाइएका थिए । यसै क्रममा दश लिम्बूआनका आपुंगी राजाहरूले वि.सं. १७६३ सालमा मोरङमाथि आक्रमण गरी यहाँबाट नबाबहरूलाई धपाउने योजना बनाए । त्यस बेला चौबिस, पाँचथर, छथर, इलाम, मिक्लुक, बेलारा, जलारा र खाल्साथुम लगायतका विभिन्न थुमका किरात राजाहरूले सुर्पा, ढाल, तरबार, भाला, गुलेली, घुँएत्रो, मटेंग्रा, बन्चरो र भरूवा बन्दूक लगायतका हतियार लिएर मोरङमाथि पुन कब्जा गर्न मुशलमानमाथि आक्रमण गरे । तिनीहरूले मुश्लिमलाई लखेट्तै जलालगढ कटाए र मोरङको सिमाना जलालगढनै कायम गरे । यस युद्धका कारण मोरङको पूर्वी सिमाना टिष्टासम्म पुग्यो भने पश्चिमतिर पनि बेतियासम्म राज्य विस्तार गरियो । तसर्थ पूर्वको सेनराज्य विशाल क्षेत्रमा फैलियो । मकवानपुर र विजयपुर गरी २ भागमा अलग्गिएको मोरङ पुन एउटै भयो । यता इन्दू राजराजेश्वरी देवीलाई चंजितपुरबाट विजयपुरको राजगद्दीमा राखे भने पहाडका यी आपूंगी राजाहरू चौतारिया तथा मन्त्री भै बसे । लोहांगसेनले गरेको संझौताअनुरूप नै उनीहरूले चौतारीया पद पाउँदै आएका थिए । तिनले शुभसेन र इन्दूविधाता सेन दुवैका राज्यलाई एउटै बनाई वि.स. १७६३ सालदेखि १७८२ सालसम्म शासन गरिन् । इन्दु राजराजेश्वरीलाई विजयपुर र मकवानपुरमा शासन गर्नका लागि यहाँका स्थानीय किराती मन्त्रिहरूले ठूलो सहयोग गरेका थिए । उनको समयमा मकवानपुर र विजयपुर दुवै एउटै राज्यका रूपमा स्थापित थिए । उनीहरूले राजा तथा राजकुमारको सुरक्षाका लागि पनि आफ्नो सम्झौताअनुसार कार्य गरेको देखिन्छ ।[१२]

ह्यामिल्टनले दिएको विवरण भने चेम्जोंगको भन्दा केही फरक छ । त्यसमा के भनिएको छ भने मकवानपुर दरबारको गृहकलह र षड्यन्त्रका कारण इन्दूविधाता सेन र शुभसेन दुवैलाई पक्रिएर नबाबले दिल्ली पठाएपछि शुमसेनका छोरा महिपति र मणिकसेनलाई चौतारा प्रबोधदासले किरात देशमा लगे । यता अन्य भारदारहरूले नै राजालाई समेत षड्यन्त्र पूर्वक पक्रिएर नबाबको जिम्मा लगाएका थिए । यस्तो अवस्थामा इन्दू विधातासेन (विजयपुरे) निसन्तान थिए भने शुभसेनका भने मान्धाता सेन र माणिकसेन गरी २ जना छोराहरू थिए । तसर्थ इन्दूविधाता सेनकी रानीले काका ससुराका दुवै छोरा तथा देबरहरूलाई संरक्षण गरेकी दिइन् । यहाँ इमानसिंग चेम्जोंगले माथि भनिएअनुसार ती राजकुमारहरूलाई राजा बनाएको नबताई इन्दूराजराजेश्वरी स्वयम्ले शासन गरेको उल्लेख गरेका छन् । यता ह्यामिल्टनको राय भने केही फरक छ । तिनको भनाईमा यहाँ मान्धाता सेनलाई कमला पूर्वको सप्तरी र मोरङ भेगको प्रान्त दिइयो भने माणिक सेनलाई भने कमला पश्चिमको राजा बनाइयो ।[१३] ह्यामिल्टनले दिएको यो विवरण पुरानो सेन

---

१२. *उही,* पृ. ८२ ।
१३. ह्यामिल्टन, *पूर्ववत् नं. ७,* पृ. १३९ ।

वंशावलीसँग मिल्दोजुल्दो छ भन्ने राय पनि पाइन्छ ।[१४] जे भए पनि इन्द्र विधातासेन र शुभसेन दुवै पकाउ खाएर मुश्लिमहरूबाट दिल्ली पठाइएपछि इन्द्र राजराजेश्वरी मकवानपुर र विजयपुर दुवै राज्यको हर्ताकर्ता भएको र मकवानपुर तथा विजयपुर दुवै सेन राज्य पुन एकपटक एकल रुपमा रूपमा स्थापित हुन पुगेको देखिन्छ ।

मकवानपुरे सेन शासक र पूर्णियातिरका मुश्लिम शासकहरुको झगडाका सम्बन्धमा अर्को एउटा तर्क पनि दिने गरिएको छ, जसअनुसार एक पटक पूर्णियाका नबाब इस्फुन्दियार खानले विजयपुरका शासक इन्द्र विधाता सेन र मकवानपुरका शासक शुभसेन दुवैलाई पक्रिएर कारवाहीका लागि दिल्लीका बादशाह नबाब अजिमको दरबारमा पठाएका थिए । उक्त तर्कअनुसार तिनीहरु वादशाहका थुनामा परेपछि पुन फर्किएर यता आएनन् ।[१५] तर कतिपय विवरणमा भने तिनीहरू केही वर्ष पछिनै फिरेर आएको र आआफ्नो शासन सम्हालेको वर्णन पाइन्छ । यसमा तिनीहरू दिल्लीका शासकलाई प्रतिवर्ष रू. १२०० तिर्ने सम्झौता गरी त्यहाँबाट फिरेको विवरण पनि पाइन्छ । इन्दू राजराजेश्वरीले यी दुवैजना पकाउ खाएपछि केही वर्ष मकवानपुर र विजयपुर दुवैलाई एकै बनाएर शासन गरेको भए पनि पछि तिनीहरू छुटेर आआफ्नो राज्यमा गएको हुनसक्ने देखिन्छ । तर तिनीहरूले कि त लामो समयसम्म शासन गर्न पाएनन् या कि त मुशलमानको चंगुलबाट फिरेर आए पनि शासनमा हस्तक्षेप गरेनन् भन्न सकिन्छ । फ्रेन्च यात्री टेबरनियरले दिएको विवरणअनुसार :

> मकवानपुर राज्यले मोरङदेखि बारासम्मको जमिन समेटेर खायो भनी तिरहुत र पटनाका मुश्लिम शासकले शुभसेनलाई पक्रिएर दरभंगा लगेका थिए । पछि तिनी वर्षको रू १२०० तिर्ने कबूलमा छुटेका थिए । टेबरनियरको विवरण अनुसार नै कालान्तरमा मकवानपुरले उक्त मूल्य स्वरूप प्रत्येक वर्ष एउटा हात्ती मुश्लिमहरूलाई दिने सर्त राखियो । यही सर्तमा यी दुवै राजाहरू मुशलमानबाट छुटेर आएका थिए । कालान्तरमा मकवानपुर, विजयपुर र चौदण्डीमा पृथ्वीनारायण शाहाले एकीकरण गरेपछि बृटिस गभर्नर जनरललाई उक्त रकम बुझाउने व्यहोराको पत्र लेखेको देखिन्छ । उक्त पत्रमा तिनले अघि मकवानपुर र विजयपुरले उनीहरूलाई दिने भनेको दस्तुर आफूले तिरिदिने विवरण परेको हुनाले मकवानपुर र विजयपुरका यी दुवै राजाहरू मुश्लिमहरूको चंगुलबाट फिरेर आएको र यी राज्यले आफ्नो अस्तित्व रहुन्जेलसम्म पहिले मुश्लिमहरूलाई र कालान्तरमा बृटिशहरूलाई दस्तुर तिरेको बुझ्न सकिन्छ ।[१६]

वास्तवमा विजयपुरका इन्दुविधाता सेन र मकवानपुरका शुभसेनलाई पक्रिएर दिल्ली पठाइयो भनिए पनि अन्य विभिन्न विवरणहरूका आधारमा तिनीहरूलाई दिल्ली नभएर दरभंगादेखि पटनासम्म कतै लगिएको हुनसक्ने देखिन्छ । तिनलाई पूर्णियादेखि दिल्ली पुऱ्याइएको कुरा भने

---

[१४] डिआर रेग्मी (दोश्रो सं., वि.सं. २००७), *मोडर्न नेपाल भोल १, २* (नयाँ दिल्ली: रूपा एन्ड को.), पृ. ७८ ।
[१५] चेम्जोंग, *पूर्ववत् नं. १,* पृ. ७८ ।
[१६] घिमिरे, *पूर्ववत्* नं १०, पृ. ८२ ।

भरपर्दो देखिदैन । यसका साथमा तिनीहरू पुन फिरेर आएनन् भन्ने तर्क पनि फ्रेन्च यात्री टेबरनियरको कथनले शंकाको घेरामा परेको छ । यता तिनीहरूलाई पटनासम्म या कतै लगिएको र पछि छाडिएको तथा तिनीहरू पुन यहाँ फिरर शासन गरेको हुनसक्ने देखिन्छ । तर उक्त अवधिमा वि.सं. १७६४ मा मान्धाता सेनले लेखेको तथा १७७४ मा माणिक सेनले लेखेको पत्र प्राप्त भएको हुँदा इन्द्र विधातासेन र शुसेनको अनुपस्थितिमा रानी इन्दु राजराजेश्वरीले यी दुवैलाई आआफ्ना राजगद्दीमा राखी नायबी शासन गरेको जस्तो देखिन्छ । साथै यी पकाउ परेर नबाबले छाडेका राजाहरू छाडीएका भए पनि यहाँ लामो समय शासन गर्न भने पाएनन् । यिनहरूले छोराहरूको हातमा शासन गएकाले त्यसलाई हस्तक्षेप गरेनन् भन्न सकिन्छ । मुशलमानहरूले तिनको जातच्यूत गरेको हुनाले पनि तिनले पुन यहाँको शासनमा हस्तक्षेप नगरेको हुन सक्तछ । चेम्जोंगले भने तिनलाई स्वर्गिय राजा शुभसेन भनी त्यस बेलासम्ममा तिनीहरूलाई मुशलमानहरूले मारिसकेको संकेत गरेका छन् ।

७.३ इन्दू राजराजेश्वरीदेवी (वि.सं. १७६३-१७८२)

विधाता इन्द्रसेन र शुभसेनलाई मुशलमानहरूले पकिएर लगेपछि शुभसेनका छोरा कर्णसेन र महिपति सेनलाई प्रबोधदासले किरातीहरूका संरक्षणमा पुऱ्याएका थिए । मकवानपुर दरबारमा भारदारी षड्यन्त्र र झगडाका कारण राजालाई नै मुशलमानको हातमा सुम्पिएको हुनाले दरबारीया षडयन्त्र निकै फस्टाएको देखिन्छ । यस्तो षड्यन्त्रबाट जोगाउनका लागि ती राजकुमारलाई किरातहरूले संरक्षण गरेका हुन् । त्यसपछि इन्द्र राजराजेश्वरीले किरातहरूको सहयोग लिएर मोरङ र मकवानपुरबाट मुशलमानहरूलाई हटाएर आफूले मकवानपुर र विजयपुर दुवै स्थानको शासन गरिन्, जसको चर्चा माथिनै यथा प्रसंगमा गरिएको छ ।

पूर्णियाका नबाब र मकवानपुरे सेन राज्यका बीचमा लामो समयसम्म आपसी झगडा र वैमनस्यता बढिरह्यो । यी दुवै राज्यका बीचमा कहिल्यै पनि राम्रो सम्बन्ध हुन सकेको देखिदैन । पछि पूर्णियामा इस्फुन्दियार खानका बदलामा सौलत अब्दूल्ला खाँ अब्दुल्ला नयाँ नबाब भएर आएपछि भने मोरङ र पूर्णियाका बीचमा सम्बन्ध सुधार भएर गयो । यसै कममा वि.सं. १७७८ मा यी दुवै राज्यका बीचमा एउटा व्यापारिक सन्धी भएको देखिन्छ । यस सन्धीमा मोरङको पहाडमा पूर्णियाले र मोरङले पूर्णियासम्म व्यापार गर्न पाउने उल्लेख छ ।

> शौलतअहमद खाँ अब्दुल्लाको मोरंग बल्के पसेनामा के जलकार शमाधेरा नै आजके कवहरके मारे याक बकेबुँ रहाँ हयामाका नकेसे मुखरमा आलमर्व खाँके नामी जस्तो आहुहुत नामो मुल्केदर जहाँ माहेककर वा घुर्रा आयम्म आइन्दा बारे माहेककर बगैरहके नौसादरके कुर्रै बाहित नकर्खा बाके आज नबाबमुल्क आज

आरित आर्जाके फार्मदिती बके आज आन्देशा के जानदरबार नर्कदार सदिउल मामुर मुल्क आनन् ।[१७]

यता इन्दू राजराजेश्वरीकै पालामा वि.सं. १७७९ सालको विजयपुरका देवानले दिएको एउटा पत्र पनि प्राप्त भएको छ । त्यस पत्रमा भनिएको छ कि बोबाजित रायको छोरा धनजीत रायले चेम्जोंग मन्त्रीकी छोरी राखी छोरी जन्मिएकोमा यी दुवै आआफ्ना घर र माइतमा बसेका छन् । यसमा चेम्जोंग रायकी छोरीलाई राजाराम रायसँग विवाह गर्ने कुरा चलेकाले तिनलाई धनजीत रायले चोरेर लगे भनिएको छ । यो मुद्धा चोखा रायको कोर्टमा पुगेपछि दोषीलाई पकाउ र कारबाही गर्ने र अव कुनै प्रकारको दावी गर्ने छैन भनी गरेको फैशलाको निर्णय प्रति भनिएको छ । त्यसमा वि.सं. १७७९ कार्तिक शुदी १४ उल्लेख छ ।[१८] साथै हरिहर सेनले मकवानपुर राज्यलाई मकवानपुर र विजयपुरगरी २ भागमा बाँडी दिए भन्ने उल्लेख पाइन्छ । तर वि. सं. १७६३-१७८२ मा इन्दू राजराजेश्वरीले मकवानपुर र विजयपुर दुवै राज्यलाई सामेल गरी एउटै बनाएर राज्य गरिन् भन्ने देखिन्छ । यसमा हरिहर सेनले मकवानपुरलाई विजयपुर र मकवानपुर गरी दुई भागमा बाँडेको नभएर उनका नातिले विजयपुरलाई अलग्ग गरेपछि यी दुवै राज्य अलग्ग भएका हुन् । पछि विधाता इन्दु राजराजेश्वरीले पुन विजयपुर र मकवानपुरमा दुवै स्थानमा शासन गरेकी हुन् ।

७.४ महिपति सेन (वि.सं. १७८२-१८०७)

वि.सं. १७८२ तिर इन्दू राजराजेश्वरीको मृत्यू भएपछि विजयपुरको राजगद्दीमा महिपति सेन बसे । कतिपय विद्वान्हरूले भने यिनलाई वि.सं. १७६४ तिरनै इन्दु राजराजेश्वरीले विजयपुरको राजगद्दीमा राखेको विवरण दिएका छन् । तर तिनलाई राजगद्दीमै राखिएको भए पनि शासन भने रानीले किराती भारदारसँग मिलेर गर्दथिन् । महिपति सेनलाई शासन व्यवस्थामा कुनै चासो थिएन । तिनी मोजमस्ती र आनन्द गरेरनै बसे । तर पनि वि.सं. १७८२ मा इन्दू राजराजेश्वरीको मृत्यु भयो भने महिपति सेनले विजयपुरमा स्वतन्त्र शासन गर्न लागे । तिनका थुप्रै रानीहरू, १८ जना मठ्याहा (रखौटीतिरका) छोराहरू र थुप्रै छोरीहरू रहेको उल्लेख पाइन्छ । महिपतिसेनले स्वतन्त्र रूपमा भने वि.सं. १७८२ देखि १८०७ सम्म शासन गरेको देखिन्छ ।[१९] यहाँ चर्चा गरिएका महिपति सेन शुभसेनका जेठा छोरा थिए । वास्तवमा त्यसबेला विजयपुर र मकवानपुर एकै राज्यका रूपमा थियो । यता इमानसिंह चेम्जोंगले भने विजयपुर अन्तरगत मकवानपुर पर्ने कुरा बताएका छन् ।

---

१७. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. ८६ ।
१८. *उही* ।
१९. शंकरमान राजवंशी (वि.सं. २०१८), *पुरातत्व पत्र संग्रह भाग २* (काठमाडौं: पुरातत्व विभाग), पृ. ६ ।

यसमा चेम्जोंगले के वताएका छन् भने लोहांगसेनले विजयपुरमाथि अधिकार जमाएदेखि नै मकवानपुरभन्दा विजयपुर महत्वपूर्ण प्रशासनिक केन्द्रका रूपमा रहेको देखिन्छ । यसैगरी मकवानपुरे दरबारको गृहकलहको कारण भारदारहरूको षडयन्त्रले शुभसेन र विधाता इन्द्रसेनलाई मुशलमानले पकिएर लगेपछि शुभसेनका २ जना छोराहरू किरात प्रदेशमा नै सुरक्षाका लागि ल्याइएका थिए । यसैगरी यी दुवै राजालाई पकिएपछि मकवानपुरे राजा शुभसेनकी रानीले नभएर विजयपुरे राजा इन्द्र विधाता सेनकी रानी इन्दू राजराजेश्वरीले शासन गर्न लागिन् । यिनी शुभसेनकी भतिजी बुहारी थिइन् भने यस नाताले शुभ सेनकी रानी इन्दु राजराजेश्वरीदेवीकी काकी सासू भइन् । तर यहाँ शुभसेनकी आमा अर्कै देशकी या कुचबिहारकी राजकन्या थिइन् भने शुभसेनकी रानीले पनि यहाँको राज्याधिकारमा चासो राखिनन् । इन्द्र विधातासेनकी रानीका छोराछोरी नभएकाले तिनले शुभसेनकै छोराहरूलाई नायवी बनाइन् । यसमा के बताइएको पाइन्छ भने शुभसेनका २ जना छोरामध्ये महिपति सेन जेठा छोरा भएकाले तिनलाई नै विजयपुरको राजगद्दीमा राखिएको थियो । तर तिनी अल्छी, विलासी र स्त्री लम्पट देखिए । तिनले विवाहिता रानीलाई उपेक्षा गरी कैयन रखौटीहरू राखेका थिए । तिनको यस्तो कृयाकलापदेखि दिक्क भएका किरात भारदारहरूले तिनका ल्यायतेतिरका छोरा कामदत्त सेनलाई तिनको जीवन कालमा नै विजयपुरको राजा बनाउने प्रयास गरिएको देखिन्छ ।[२०]

वास्तवमा विजयपुरका इन्द्र विधाता सेनकी रानीले शुभसेनका २ जना छोरालाई संरक्षण गरी यी दुवै क्षेत्रमा शासन गरेको हुनाले चेम्जोंगले मकवानपुर पनि विजयपुर अन्तरगत थियो भनेका हुन् । यिनलाई चयन गरेर विजयपुरमा राखिएको पनि बताइन्छ । यहाँ चयन गरेको मतलव सवैले मन पराउने व्यक्तिलाई यहाँको दरबारमा छानेर राखिएको थियो भन्न सकिन्छ ।[२१] यसैगरी तत्काल माणिक सेनलाई विजयपुरको बदलामा मकवानपुरको दरबारमा राखियो ।

वि.सं. १८०८ को विसन्तर सेनको नामको एउटा पत्र पनि प्राप्त भएको पाइन्छ ।[२२] यता विजयपुरको इतिहासमा विसन्तर सेनले बेग्लै रूपमा शासन गरेको भने पाइएको छैन । तसर्थ विसन्तर सेन यिनै मान्धाता सेनको अर्को नाम हुन सक्ने अनुमान पनि छ । तर धेरैजसो विद्वान्हरूले विश्वाम्भर या विसन्तर सेन बेग्लै राजा भएको पनि विवरण दिएका छन् ।[२३] बेलाबेलामा यहाँ सेन राजाहरू परिवर्तन हुने तथा किराती मन्त्रीहरूले राजालाई निकाल्ने तथा फेर्ने हुनाले पनि यहाँका सेन राजाहरूको क्रममा विवाद रहने गरेको हो ।

---

२०. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. ८५ ।
२१. *उही* ।
२२. शिवकुमार श्रेष्ठ (वि.सं. २०४२), *लिम्बुआनको ऐतिहासिक अध्ययन* (धनकुटा: श्रीमती गंगादेवी श्रेष्ठ), पृ. ११८ ।
२३. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. ८५ ।

मान्धाता सेनलाई महिपति सेन पनि भनिएको पाइन्छ । यिनले विजयपुरको शासनाधिकार आफ्नो हातमा लिएपछि किराती शासकहरूको साथ लिएर शासन गरेको देखिन्छ । यिनको पालाको किरातहरूलाई लेखेको एउटा पत्र पनि पाइएको छ, जसमा आफूलाई मद्दत गर्न मोरङ आउनु भन्दै तिनीहरूलाई जागिरका रूपमा जमिन दिएको विवरण पाइन्छ ।[२४] पहाडका किराती राजाहरू विजयपुरका राजाका शुभचिन्तक थिए । तिनीहरूले मोरङका राजालाई सहयोग गर्ने एउटा सन्धी गरेको हुनाले यहाँका राजाहरूले अप्ठ्यारो पर्दा तिनको सहयोग लिने गरेका थिए ।[२५] यसै क्रममा मान्धातासेनले पनि पहाडका किरातहरूलाई आफ्नो सहयोगका लागि विजयपुर बोलाएका हुन् भन्ने मान्यता छ । मान्धाता सेनका विवाहिता रानी तिरबाट सन्तान नजन्मिएकाले विजयपुरमा उत्तराधिकारको खाँचो भयो । यसै क्रममा यिनका मठ्याहा छोरा काम दत्तसेनले आफू उत्तराधिकारी भएको दावा गर्न लागे । त्यसै बेला विजयपुरका मन्त्री विचित्र रायले कामदत्त सेनलाई नै यहाँका राजा बनाएको विवरण पाइन्छ ।

७.५ कामदत्तसेन (वि.सं. १८०८-१८२६)

कामदत्त सेन मान्धाता सेनका ल्याइते रानी तिरका छोरा थिए । तसर्थ ल्याइते रानीका छोरालाई राजगद्दीमा राख्ने या नराख्ने विषयमा विजयपुर दरबारमा भारदारहरुका बीचमा ठूलो विवाद भएको पाइन्छ । कतिपय भारदारहरु यिनलाई राजा बनाउने योजनामा रहे पनि यिनी राजा हुन सक्षम छैनन् भन्ने कुरा चौतारा विचित्र रायको थियो । वास्तवमा विचित्र राय निकै शक्तिशाली पनि थिए । यस्तो अवस्थामा दरवारिया षड्यन्त्रमा यिनी मारिन पनि सक्तथे । तसर्थ यही डरले गर्दा कामदत्त सेन दरबारनै छाडेर जीवन रक्षा गर्नका लागि ल्हासातर्फ भागे । यहाँबाट राजा भागेपछि विचित्र रायले मकवानपुरे राजा माणिक सेनका माहिला छोरा तथा तत्कालका चौदण्डीका राजा जगतसेनलाई विजयपुरको राजगद्दीमा पनि राखे । यता कामदत्त सेनले भने भारदारहरूको साथ नपाउँदा कहिले तिब्बततिर र कहिले भेष बदल्दै र लुक्तैछिप्तै कलकत्तातिर जाने गरेका थिए ।[२६] तिनलाई भारदारहरूको सहयोग विना राजगद्दीमा बस्न सम्भव पनि थिएन । त्यसमा उनलाई कसैले पनि राजगद्दीमा बस्नका लागि सघाएन पनि । यता जगतसेनले पनि विश्वाम्भर सेनका नाममा मोरङ विजयपुरमा शासन गर्न लागे । उनले मोरङमा किराती भारदारलाई जागिरको रूपमा खेत दिएको कागतपत्र पनि पाइएको छ । यसमा विश्वाम्भर सेनले सायावा रायलाई सामहीला पर्गन्नाको दमक, हर्दुवा, कचुदह र झुर्किंयाको जमिन जागिरका रूपमा दिएको पत्र वि.सं. १८०७ मितिको पाइएको छ ।

---

२४. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. ८७ ।
२५. *उही* ।
२६. बाबुराम आचार्य (दोश्रो सं. वि.सं. २०६१), *श्री ५ वडामहाराजा धिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* (काठमाडौं: राजदरबार), पृ. ४१५ ।

स्वस्तीश्री रूपनारायणेत्यादि ... हिन्दूपति राजराजेश्वर छत्रपति अरिदल गंजन, भूपदल भंजन महाराजा श्रीश्रीश्री विश्वाम्भर सेनजी देवानाम सदासमरविजयिनाम्: साथवा रायके खायन रामहीला मधे मौजे दमक १ मौजे हरदुवा १ मौजे कचुदह १ मौजे झुर्किया १ असकै मौजे वार वोया पानवारा मध्ये गुवावारी १ जागिर मरधरा १ खायन सावेक बहालीकै दिहल अपना खातिर जामासौ सामा सर्जामसह सेवामह रूजु रह । असल घरगरा सर्व अंक बेतलब जानी भोग्य करह सिवावटैजागिर वटै । सेवा घटे जागिर घटे । इतिसम्वत् १८०७ साल आवश्विन सुद २ रोज मोकाम विजयपुर ।[२७]

यसरी जगतसेनले मोरङ विजयपुरको राजगद्दीमा बसेरसमेत शासन गरेका थिए । पछि वि.सं. १८०८ मा यिनले मानसिंह नामक मन्त्रिलाई पनि जागिरका रूपमा जमिन दिएको कागजात प्राप्त भएको छ । यसमा भने मानसिंह मन्त्रीलाई लेटांग प्रगन्ना अन्तर्गतको तेघ्रा, सेम्बेलेन, सासासिम र कैठाजुंगका पर्ति जग्गाहरू दिएको देखिन्छ । यी जग्गाहरू पर्ति रहेकाले तिनलाई उब्जागरी खानु भनिएको पाइन्छ ।[२८] यसबाट तत्काल मन्त्रीहरूलाई पनि जागिरका रूपमा जमिन दिने चलन रहेको स्पष्ट हुन्छ । साथै यहाँ नामोल्लेख गरिएका जमिन लेटांग प्रगन्ना अन्तरगत पर्ने भए पनि पहाडका जस्ता देखिने हुँदा तत्काल मोरङ पहाडका यी जग्गाजमिन पनि मन्त्रीहरूलाई दिइएको हुनसक्ने स्पष्ट छ ।

राजा कामदत्तसेनले रामभद्र पण्डितलाई गरिदिएको एउटा स्यामोहरमा पुरोहित्याइँ गरेवापत केही जमिन दिएको देखिन्छ । वि.सं. १८१३ को उक्त स्यामोहरमा विजयपुर भेगबाट प्रसारण गरिएको उल्लेख छ (परिशिष्ट १) । यता वि.सं. १८१७ को मोहर भने रामभद्रको नभएर श्रीकान्त रायले तुलाराम पण्डितलाई गरिदिएको मोहर छ (परिशिष्ट २) । यसरी विजयपुर भेगबाट प्रसारण गरिएका कागजातहरूमा ज्यादाजसो बिर्तासँग सम्बन्धित देखिन्छन् ।

वि.सं. १८२१ मा पनि जसकर्ण राईले रामभद्र पण्डितलाई गरिदिएको बिर्ताको मोहर प्राप्त भएको छ । यसबाट रामभद्र र तुलाराम दुवैजना पुरोहितहको अस्तित्व विजयपुर दरबारमा रहेको देखिन्छ । त्यसमा नुनिया गाउँ मौजाको भादगाउँ बस्तिलाई विर्ताको रूपमा दिएको देखिन्छ(परिशिष्ट ४) । उनको वि.सं. १८२२ को पनि मोहर प्राप्त भएको छ (परिशिष्ट ६) । यसैगरी वि.सं. १८२९ को एउटा मोहर बुद्धिकर्ण राईले तुलाराम पण्डितलाई गरिदिएका छन्(परिशिष्ट ७) । यसबाट राजा र मन्त्रि दुवैजना यस्ता मोहर प्रदान गर्न बिर्ता थामिदिने अधिकार प्राप्त थिए भन्न सकिन्छ ।

कामदत्तसेन राजगद्दी छाडी भागिरहेकै समयमा विजयपुरमा मन्त्री विचित्र रायको मृत्यू भएको थियो । त्यसपछि तिनका छोरा बुद्धिकर्ण राय विजयपुरका मन्त्री बने । यसै क्रममा कामदत्त

---

[२७] चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. ८९ ।
[२८] *उही,* पृ. ९० ।

सेन पनि बुद्धिकर्ण रायको सहयोगी भई विजयपुरमा आई राजगद्दीमा बसे । अव जगत सेनले पनि बुद्धिकर्ण राय र कामदत्तसेन दुवैलाई सम्झाई बुझाई गरेर तिनीहरूको झगडा केही समयका लागि मिलाई दिए । त्यसपछि जगतसेन भने चौदण्डीतिरै फिरेर त्यताका राजा भए ।[२९] यिनी चौदण्डीको राजा नै रहेकाले बुद्धिकर्ण राय र कामदत्तसेनलाई मेलमिलाप गराउन सहयोग गरेका हुन् । यसबाट विजयपुरमा राजा र मन्त्री बीचको झगडा केही समयका लागि साम्य भएर गयो ।

जगतसेनले विजयपुरका राजा र मन्त्रीको झगडा मिलाई दिएका भए पनि त्यसले दिगो रूप भने पाउन सकेन । कामदत्तसेन विजयपुरको राजगद्दीमा बस्नासाथ यिनको मन्त्री बुद्धिकर्ण रायसँग मेलमिलाप भएन र यिनीहरूका बीचमा झैझगडा सुरू भयो । यसै क्रममा विजयपुरमा नै बुद्धिकर्ण रायका भाई बुधकर्ण रायको हत्या भयो भने यसबाट डराएर बुद्धिकर्ण राय भागेर इस्ट इन्डिया कम्पनिको शरणमा गए ।[३०] यता कामदत्त सेनले सिरिकान्त रायलाई बुद्धिकर्ण रायको ठाउँमा मन्त्री बनाए । यसमा कामदत्तसेनले सिरिकान्त रायलाई मन्त्री बनाएको पत्र पनि चेम्जोंगले दिएका छन् । विक्रमसम्वत १८१८ मा दिएको उक्त पत्रमा कामदत्त सेनले सिरीकान्त रायलाई आफ्ना राजकाजको र जीउको भार दिएको भन्दै उनको रक्षा गर्न सुझाइएको छ ।[३१] यिनलाई माइवाखोला थुमका विभिन्न गाउँहरू दिएको देखिन्छ । यसरी विजयपुरका मन्त्री सामान्य मन्त्रिमात्र नभएर राजाको जीउज्यानको रक्षाकर्ता पनि रहने विवरण यस कागजातले दिएको छ ।

कामदत्तसेनले विभिन्न थुमका राजाहरूलाई आआफ्नो राज्यको स्वायत्तता दिएर खुशि पारी राखेको देखिन्छ । यसैगरी तिनले १८ थुममध्येका मुहांगकेशकी बहिनी थाङसामा रायसँग समेत विवाह गरी किरातीहरूसँग वैवाहिक सम्बन्ध स्थापित गरेको देखिन्छ । यसबाट यिनको शक्ति अझ बढेर गयो भने नातेदार भएकाले किराती राजाहरूले यिनलाई सहज रूपमा सहयोग गर्ने अवस्था बन्यो । तसर्थ तिनको समयमा विजयपुर राज्य भुटानदेखि भक्तपुरसम्म र पूर्णियादेखि तिरहुत र वेतियासम्म पुऱ्याएको कुरा केशी चौधरीको प्रसंग दिदै चेम्जोंगले बताएका छन् ।[३२] चेम्जोंगले के बताएका छन् भने विजयपुरका कामदत्त जत्तिका ठूला राजा कुनै पनि थिएनन् । कामदत्तसेनले आफ्नो प्रभाव बढाउन राज्यभिषेकका समयमा सुखिम र र भुटानका राजालाई पनि बोलाएको देखिन्छ । तर बृद्धिकर्ण राईले सुखिममा गएर त्यहाँका राजालाई कामदत्त सेनका बारेमा धेरै उल्टापाल्टा कुरा भनिसकेको हुनाले तिनी भने विजयपुर आएको देखिदैन ।

कामदत्त सेन कुटनैतिक र चतुर व्यक्ति भएकाले चौतारा सिरीकान्त रायलाई तिनले केही शक्ति समेत दिई खुशि तुल्याएर राखेका थिए । तसर्थ कामदत्त सेनका सँगसँगै सिरिकान्त रायका

---

२९. *उही* ।
३०. घिमिरे, *पूर्ववत्* नं. १०, पृ. ७७ ।
३१. चेम्जोंग, *पूर्ववत्* नं.१, पृ. ९२ ।
३२. *उही* ।

पनि लिखतहरू पाइएका छन् । यसै क्रममा वि.सं. १८१३ पुष ८ मा कामदत्त सेनले रामचन्द्र पण्डितलाई पुरोहित्याइँ गर्ने अधिकार दिंदा रूजु गर्ने भनी श्रीकान्त रायको समेत नाम उल्लेख भएको देखिन्छ । यसको मतलव उक्त समयमा राजा र चौताराका बीचमा सुमधुर सम्बन्ध रहेको र विजयपुरमा शान्ति छाएको बुझ्न सकिन्छ । यता वि.सं. १८१७ र १८१८ का लिखतमा पनि श्रीकान्त रायको नाम देखिन्छ ।[३३] पछि वि.सं. १८२० मा पुन रामचन्द्र पण्डितलाई कामदत्त सेनले वितां दिएको कागजात पाइएको छ । यसैगरी वि.सं. १८२१ को लिखतमा जसकर्ण रायको नाम पाइने तर राजाको नाम नपाइने हुनाले त्यसबेला सम्ममा विजयपुरको राजनैतिक अवस्था अति धेरै विषम भएको कुरा अनुमान गर्न सकिन्छ । संभवतः त्यसबेला जसकर्णसँगको विवादका कारण राजा कामदत्तसेन राजगद्दीनै छाडेर अन्यत्रै भागिसकेका थिए भन्न सकिन्छ ।

विजयपुरमा कामदत्त सेनको राज्याभिषेकका समयमा सुखिमका राजा नआए पनि भुटानका राजा भने आएका हुनाले कामदत्त सेनको इज्जत बच्यो । त्यसपछि भुटान र विजयपुरका बीचमा उपहारहरू आदानप्रदान गर्ने कार्य समेत भयो । कामदत्तसेनले कुटनैतिक चालले बृटिश इन्डियासँग पनि सम्बन्ध राम्रो बनाउने प्रयास गरे । तर बुद्धिकर्ण रायको कारणले तिनको यो प्रयास सफल हुन सकेन । यसैगरी तिनी पृथ्वीनारायण शाहसँग सम्बन्ध राम्रो बनाउने प्रयासमा थिए । तसर्थ तिनले नुवाकोटसम्म पुगेर पृथ्वीनारायण शाहलाई भेटेका थिए । तर तत्काल पृथ्वीनारायण शाह एकीकरण अभियानमा लागि सकेका हुनाले तिनले कामदत्त सेनलाई त्यत्तिकै फर्काएको बुझिएको छ ।[३४] यदि भारदारहरूसँग झैझगडा नभएको भए कामदत्त सेनको विदेश नीति सफल हुने तथा यिनी प्रभावशाली राजा हुने देखिन्छन् । उनकै समयमा पृथ्वीनारायण शाहले मकवानपुर माथि विजय हाशिल गरे । तर त्यस बेला कामदत्त सेनको मृत्यु भइसकेको हुनाले तिनले दिग्वबन्धन सेनलाई सहयोग गर्न भने पाएनन् ।

कामदत्तसेनले वि.सं. १८१८ देखि १८२६ सम्म पुन जम्मा ८ वर्षजति विजयपुरको राजा भई शासन गरेको देखिन्छ । कामदत्तको झगडा चौतारा बुद्धिकर्ण राय र अजित सिंगसँग रहेकाले यिनीहरू राजाको हत्या गर्ने षडयन्त्रमा लागे । त्यसबेला सुखिममा राजा नमग्याल फुन्चो थिए । सुखिम तिब्बत अधिनस्थ भएकाले नमग्याल फुन्चो नाबालिक हुँदा तिब्बतले त्यहाँ शासन गर्ने अर्कै प्रतिनिधि पठाएको थियो । कामदत्त सेनका पालामा सुखिममा रापदेन ठाग सेर्पा तिब्बती राज प्रतिनिधि थिए । यता कामदत्त सेनले आफ्नो राज्याभिषेकमा यिनलाई बोलाउँदा सापदेन ठाग सेर्पा

---

३३. राजवंशी, *पूर्वक्त* नं १९, पृ. ११-१९ ।
३४. ह्यामिल्ट, *पूर्वक्त* नं. ७, पृ. १४१ ।

विजयपुरे राजा कामदत्त सेन सानो राजा भएकाले आफू त्यहाँ जाँदा इज्जत घट्ने सोचेर त्यहाँ गएका थिएनन् ।[३५]

कामदत्त सेन मन्त्रीहरूसँगको झगडाका कारण मारिएका थिए । यिनी कसरी मारिएका थिए भन्ने सम्बन्धमा इमानसिंग चेम्जोंगले के बताएका छन् भने बुद्धिकर्ण रायले सुखिमसँग मिलेर षडयन्त्र गरेका थिए । त्यहाँ बुद्धिकर्ण रायले सुखिम राज्यमा गई अघि सुखिम राज्यको सिमाना टिष्टादेखि कोशीसम्म भएको बताउँदै त्यस राज्यलाई एउटा विदेशीले मिचेर खाईरहेको छ भन्ने कुरा बताउन पुगे । यसका साथमा ती विदेशीलाई भगाउन सेना पठाईदिनु भनेर अनुरोध पनि गरेपछि सुखिम दरबारका तिब्बती राजप्रतिनिधि नालुङ दिङ खर्वाले उक्त कुरा ठिक हो या होइन भनी पत्ता लगाउन १० जना भोटे सिपाहीलाई विजयपुर पठाएका थिए । यता बुद्धिकर्ण रायले पनि ती सिपाहीलाई कामदत्त सेनको हत्या गर्ने पाठ सिकाएर तिनी आफ्नो गाउँतिर लुक्न गए । अव मोरङमा ती सुखिमका सिपाहीले राजा र मन्त्रीको झगडा मिलाउन आएको बताई कामदत्त सेनलाई झिकाए । ती राजा पनि यो कुरा साँचै होला भनी त्यहाँ गएकोमा सुखिमका भोटे सिपाहीले एक्कासी उनीमाथि आक्रमण गरेर तिनको हत्या गरे । यसरी कामदत्त सेनको हत्या वि.सं. १८२६ सालमा भारदारसँगको झगडाका कारणले भएको थियो ।[३६] राजा कामदत्तसेन चतुर, उदार र कुटनीतिमा सिपालु थिए ।

चेम्जोंगले उल्लेख गरेअनुसार सर्वप्रथम कामदत्त सेनले उदार धर्म नीति लिएका थिए । तिनले जतनालाई इच्छाअनुसार धर्म मान्न पाउने छुट दिएको हुनाले विजयपुर भेगमा किराती रित मान्ने र मनुस्मृति अनुसार चल्ने सवैले अआफ्नो नीति अनुरूप धर्म मान्न लागे । यिनले तिब्बती लामा बौद्धहरूलाई विजयपुरमा निम्ता दिएका थिए । उनलाई विजयपुर उत्तरको जमिन जीवन निर्वाहका लागि दिएको देखिन्छ । तिब्बती धर्मगुरू तथा लामा डाडाक सेम्पो चेम्पो फुंगसोंग कामदत्त सेनको निमन्त्रणामा विजयपुर आउँदा तिनले ठूलो सम्मान पाएका थिए । तर पछि कामदत्त सेनको हत्या भएपछि भने यिनी डराएर इलामको बाटो भई हिंडे । उनी सुखिमदेशमा पुगी टासिदिग गुम्बामा बसे । यसरी कामदत्त सेनको धार्मिक नीति उदार भएकाले मोरङ विजयपुर भेगमा जनताहरू ज्नसुकै धर्म मान्न पनि स्वतन्त्र थिए । राजा कामदत्त सेनदेखि उनीहरू खुशि पनि थिए । तिनको हत्या नभएको भएमा कामदत्त सेनले धार्मिक रूपमा जनतालाई शुखि बनाउँथे भनिन्छ ।

कामदत्तसेनको विदेश नीति पनि उन्नत थियो । यिनले सिक्किम, भुटान र बृटिश इन्डियाका साथमा गोरखासम्म पनि सुमधुर सम्बन्ध राख्न प्रयास गरेको थिए । तर दरबारीया

---

३५. *उही* ।
३६. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. १०४-५ ।

षडयन्त्र र भारदारहरूसँगको कलहका कारण यिनी सफल भने भएनन् । यिनले भारदारहरूसँग भने मेल राख्न सकेका थिएनन् । तर किरात राजाहरूलाई भने स्वायत्तता दिई खुशि बनाएको देखिन्छ ।[३७] तिनको चतुर कुटनीतिका कारणले नै विजयपुरको सिमाना ठूलो क्षेत्रसम्म फैलिएको देखिन्छ । तर तिनको भारदारहरूसँग भने सदा वैमनस्यता र झैझगडा हुने गर्‍यो । त्यसैको परिणामस्वरूप कामदत्त सेनको हत्यासमेत भएको देखिन्छ ।

७.६ रघुनाथ सेन(वि.सं. १८२६-१८३१)

वि.सं. १८२६ तिर बुद्धिकर्ण रायले पूर्णियातिरै बसेर विजयपुरमा कामदत्त सेनको हत्या गराएका थिए । त्यसपछि भने तिनी विजयपुर फिरे । यता कामदत्तका अन्य मन्त्रीहरूले भने उक्त चाला बुद्धिकर्णको नै हो भन्ने कुरा बुझेर त्यहाँबाट सुखिमतिर भागे । बुद्धिकर्ण रायले भने विजयपुरमा रघुनाथ सेनलाई राजा बनाएको देखिन्छ । रघुनाथ सेन को थिए भन्ने कुरा हालसम्म स्पष्ट भएको छैन । तर पनि कतिपय विद्वान्हरूले भने यिनलाई कामदत्तका काका मान्ने गरेको पाइन्छ ।[३८] तर यिनका बारेमा स्पष्ट विवरण सेन वंशावलीमा भने पाउन सकिएको छैन ।

रघुनाथ सेनलाई बुद्धिकर्ण रायले विजयपुरको राजगद्दीमा राखेको हुनाले उनी बुद्धिकर्ण रायको कठपुतली हुनुपर्ने बाध्यता थियो । तर उनले त्यसो गरेनन् र तुरून्तै तिनको बुद्धिकर्ण रायसँग मेलमिलाप हुन सकेन । यस अबस्थामा रघुनाथ सेन इष्टइन्डिया कम्पनीको शरणमा गए । अव उक्त कम्पनीका डुकारेलले पनि बुद्धिकर्णका विरूद्धमा रघुनाथलाई सघाउने भयो । यता बुद्धिकर्णले भने विजयपुरका कामदत्त सेनका मन्त्रीहरू (जो खुशिमतिर भागेका थिए) लाई पनि सुखिमबाट झिकाए । बुद्धिकर्ण रायले लेखेको चिठ्ठीमा तिनीहरूलाई आफ्नो मुलुकको माया छ भने तुरून्त यता आओ नत्र भने त्यस्तै पत्र लेख्नु भनी पठाएका थिए । बुद्धिकर्णको यस्तो चिठ्ठी पाएपछि ती मन्त्रीहरू सामो राय र अहिम राय सुखिमबाट फिरेर विजयपुर आए । त्यसपछि तिनीहरू बुद्धिकर्ण रायसँग मिलेर शासन गर्न लागे भनिएको पाइन्छ । इमानसिंग चेम्जोंगले दिएको विवरणअनुसार सामोराय र अहुम राय सुखिमबाट फिरेर विजयपुर आई बुद्धिकर्ण रायसँग मिलेर शासन गर्न लागेका थिए । तिनीहरू बोधे परगन्ना अन्तरगत चौवीस थुमका चेम्जोंग राय थिए । यता हरिचंदगढीबाट बुधकर्णका दुस्मन जयरूद्र उपाध्यायले ती काजीहरूलाई बुद्धिकर्ण रायसँग कुनै हालतमा पनि नमिल्नु भन्ने आशयको पत्र लेखेको देखिन्छ । तिनले पत्रमा के लेखेका छन् भने तिमीहरूले बोधे पर्गन्ना नछाड्नु, छाडेका भए पनि सिपाहीका साथमा पठाएको मोहर लिएर आफ्नो मुलुक बोधे पर्गन्ना जानु । त्यसमा मोहरमा के भनेको छ भने तिमीले चाहिं बोधे पर्गन्नामा सिपाही राखी तिरो उठाउनु, बुद्धिकर्णले तिरो उठाउन पानिस पठाएको भएमा तिनको

---

३७. *उही* ।

३८. श्रेष्ठ, *पूर्ववत्* नं. २२, पृ. ४० ।

मनको कुरा बुझी मलाई खबर गर्नु भन्ने आशयको पत्र लेखिएको देखिन्छ । तिनले चौबीस थुमका फुंमा रायलाई लेटांग गोला जागिरमा दिएका थिए । यो पत्र वि.सं. १८२७ माघ १५ को हो, जुन विजयपुर मुकामबाट बुद्धिकर्ण रायले दिएका छन् ।[३९]

बृटिशहरुका लागि बुद्धिकर्ण रायको विरूद्धमा लडाईं गरीदिनु पर्ने अनुरोध रघुनाथ सेनको थियो । अव डुकारेलले पनि रघुनाथको आग्रह स्वीकार गरी गभर्नर जनरललाई सवै व्यहोरा खोलेर एउटा पत्र पठाए । तिनको दाउ रघुनाथलाई सहयोग गरेमा पछि मोरङमाथि विजय पाउन सजिलो हुन्छ भन्ने थियो । तर त्यति बेला सम्ममा गभर्नर जनरलले आफ्नो नीतिमा परिवर्तन गरिसकेको थियो । उसले आफ्नो हितमा ठूलो अशर नपर्ने भएसम्म पहाडी राजाहरूलाई सहयोग नगर्ने नीति लिएको थियो । तसर्थ गभर्नर जनरलले रघुनाथ सेनको अनुरोध अस्विकार गरे । रघुनाथ सेनले पूर्णियाका डुकारेलसँग सहयोग माग्दा तिनले रघुनाथलाई सहयोग गर्दा मोरङ क्षेत्र आफ्नो हातमा पर्ने तथा तिनलाई शैनिक सहयोग गर्नुपर्ने व्यहोराको पत्र गभर्नर जनरललाई पठाएका थिए । उनले पत्रमा के पनि भनेका थिए भने मोरङको भूमि उर्बर भएकाले त्यहाँ बलियो र मज्बूत प्रशासन चलाउँदा त्यससँग मिलेका कम्पनी प्रदेशका रैयात आकर्शित हुनेछन् । यसो हुँदा कम्पनि प्रदेश उजाड भई कम्पनिको आम्दानि घट्ने छ । त्यहाँको अशान्ति र गड्बडीले पनि कम्पनी सरकारलाई असर गर्ने छ । तसर्थ त्यस प्रदेशमा अधिकार गर्नुनै त्यस खतरालाई हटाउने सर्वोत्तम उपाय हो भन्दै डुकारेलले त्यसका लागि चार बटालियन फौज काफी हुने व्यहोराको चिठ्ठी लेखेका थिए । साथै यस कार्यबाट त्यहाँका साल, सल्ला र जडिबूटी मात्र नभएर त्यस उत्तर पहाडी प्रदेशको सम्भरणमा समेत तिनीहरूको अधिकार हुने देखिन्छ ।

डुकारेलको पत्रमा के पनि भनिएको थियो भने हरिद्वार प्रदेशबाट बंगालसम्म लुटि हिंड्ने नागा सन्यासी यही बाटो भएर हिंड्ने हुनाले तिनीहरू यही बाटोमा राकिने पनि बताए । डुकारेलले लेखेको यो पत्रबाट गभर्नर जनरललाई ध्यानाकर्षण हुन सकेन । कुनै पनि पहाडी राजालाई सहायता नगर्ने तिनको नीतिका कारण डुकारेलको अनुरोध पूरा नभएपछि रघुनाथ सेनले सहायता पाएनन् र यिनले विजयपुरको गद्दी त्याग गरे । यता गभर्नर जनरलले अभिमान सिंह बस्नेतलाई एउटा चिठ्ठी लेखेर हरिद्वारदेखि बंगालसम्म लुटेर हिंड्ने नागा सन्यासीलाई दमन गर्न अनुरोध गरे । बस्नेतले पनि वि.सं. १८३० मंशिरमा महोत्तरीमा सन्यासी दललाई तहसनहस पारे । यसबाट त्यस साल अंग्रेजका कोठीहरू लुटिन पाएनन् ।[४०] बृटिशबाट सहयोग नपाए पछि रघुनाथ सेनले विजयपुरको गद्दी त्याग गरे । अव बुद्धिकर्ण रायनै विजयपुरको हर्ताकर्ता भएर शासन गर्न लागे ।

---

३९. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. १११-११४ ।
४०. आचार्य, *पूर्ववत्* नं. २६, पृ. ४१६-१७ ।

बुद्धिकर्ण रायले कामदत्तसेनको हत्या गराएपछि पहाडतिरका किराती राजाहरूले तिनीसँग सरोकार राख्न बन्द गरेका थिए । यसबाट बुद्धिकर्णको भलोभन्दा पनि कुभलो मात्र हुन लागेको पाइन्छ । यता बुद्धिकर्ण रायका कर्मचारी जयरूद्र पाध्या तिनको विरूद्धमा लागि मोगल बादसाहको गढ हरिसम्म पुगेको देखिन्छ । यता विजयपुरकै भारदारले पृथ्वीनारायण शाहलाई नै विजयपुरमाथि आक्रमण गर्न आमन्त्रण गर्न लागेका थिए । यसले गर्दा बुद्धिकर्ण राई निकै अप्ठेरो अवस्थामा थिए । विजयपुरमाथि गोरखाली सेनाले आधिपत्य त्यति सरल ढंगमा जमाउन सक्नुको मूल कारण पनि बुद्धिकर्ण राईको ढिट प्रबृत्ति र मिचाहापन तथा अराजक व्यवहारनै थियो भन्न सकिन्छ ।[४१]

विजयपुर र चौदण्डी भेगको पहाडका किरात राजाहरूलाई विजयपुरमा आफैं राजा भएर बुद्धिकर्ण राय राज्य गर्दै छन् भन्ने थाहा हुन पुग्यो । यो कुरा तिनीहरूलाई मन परेको थिएन । यता बुद्धिकर्ण रायले इस्ट इन्डिया कम्पनीसँग मिलेर छिमेकी राज्यमा आक्रमण गर्लान कि भन्ने त्रास ती राजाहरूलाई थियो । यता बृटिश गभर्नर जनरल भने हिमालय पहाडका राजाहरूसँग व्यापार गर्न तिनीहरूको नाम र ठेगाना संकलन गरिरहेका थिए । यस्तो अवस्थामा विजयपुर र चौदण्डी दुवै स्थानमा कर्णसेन राजा भएका छन् भन्ने खबर पठाइयो । त्यसपछि कम्पनी सरकारका गभर्नर जनरल बारेन हेस्टिंगले विजयपुर र चौदण्डी दुवै ठाउँका राजा कर्ण सेनको नाम उल्लेख गरी एउटा चिठ्ठी एकै मितिमा लेखे । त्यसमा के लेखिएको थियो भने चौदण्डी विजयपुरका राजा कर्णसेनको समीपमा तपाईको गुणगान धेरै सुनिएको छ । एकजना ठूला दर्जा भएका विद्वान् व्यक्ति त्यस देशमा आउँदैछन्, तिनलाई चाहिएको सहयोग गरिदिनु होला । गभर्नर जनरलले उक्त चिठ्ठी विसं. १८२६ मा लेखेको देखिन्छ । त्यस्तै चिठ्ठी गोरखाका राजा पृथ्वीनारायण शाहालाई पनि पठाएका थिए । यसरी बुद्धिकर्ण रायलाई छिमेकी राजाहरूले समेत नसघाएपछि तिनले विजयपुरमा लामो समयसम्म शासन चलाउन संभव थिएन । तिनले सेन शासकहरूलाई राजगद्दीमा राखी आफ्नो इच्छाअनुसार शासन गर्ने गरेका भए पनि ह्वान सिंह चेम्जोंगले भने बुद्धिकर्ण राय आफैं विजयपुरका राजा भएर शासन गरेको विवरण दिएका छन् ।[४२] यसरी स्थानीय भारदारहरूले पनि कर्णसेनलाई यस भेगको राजाका रूपमा स्थापित गरेको देखिन्छ भने बृटिशसहले पनि यसलाई सहज पमा स्वीकार गरेर पत्र लेखेका छन् । तसर्थ तत्काल यिनी स्थानीय भारदारहले पनि मन पराएका शासक थिए भन्ने देखिन्छ ।

---

४१. *उही* ।
४२. चेम्जोंग, *पूर्ववत्* नं. १, पृ. १०७ ।

७.७ कर्णसेन र विजयपुरको पतन (वि.सं.१८३१)

जगतसेनले विजयपुरको गद्दी त्याग गरेर चौदण्डीतिर बसेको समयमा नै गोरखाली सेनाहरूले चौदण्डीमाथि आक्रमण गरी विजय प्राप्त गरेका थिए । कर्ण सेनका चौदण्डीका सेनाले गोरखाली सेनाको आक्रमण सामना गर्न नसकेपछि त्यहाँका राजा कर्णसेन विजयपुरतिर भागे । चौदण्डीगढी सहज रूपमा गोरखाली सेनाको अधिनमा पुऱ्यो । यसअघि यस भेगका पोखेल र कार्की आदि भारदारले सेन राजाहरूको भोगविलासी व्यवहारका कारण तिनीहरूको साथ छाडेर गोरखालीसँग मिलोमतो गर्न लागेका थिए । तसर्थ यस भेगमा गोरखाली सेनालाई विजय पाउन सरल भएको देखिन्छ ।

जगतसेन भागेर विजयपुर पुगेपछि बुद्धिकर्ण रायले पनि कर्णसेनलाई विजयपुरको राजगद्दीमा राखेर शासन गर्न लागे । यता अर्को तर्कअनुसार भने विजयपुरका राजा रघुनाथ सेन भागेका हुनाले बुद्धिकर्ण रायले चौदण्डीका राजा कर्णसेनलाई बोलाएर विजयपुरको पनि राजगद्दीमा राखेका थिए । तर जे भए पनि विजयपुरमा गोरखाली सेनाले अधिन जमाउँदा विजयपुरको राजगद्दीमा कर्णसेन नै रहेका देखिन्छन् । यसरी तिनी विजयपुरका अन्तिम सेन राजा थिए भन्ने कुरामा कुनै विवाद रहेको पाइँदैन । कर्णसेनलाई राजगद्दीमा राखेपछि बुद्धिकर्ण रायले विजयपुरमा आफूखुशि शासन गरेको देखिन्छ ।[४३] बुद्धिकर्ण रायको सहयोग विना कर्णसेन त्यहाँका राजा भइरहन नसक्ने हुनाले तिनले पनि रायको मनपरितन्त्रलाई नियन्त्रण गर्न चाहेनन् । यसरी कर्णसेन जुन रूपमा विजयपुरको राजगद्दीमा बसको भए पनि तिनलाई बुद्धिकर्ण रायले त्यहाँका राजा बनाएको कुरा भने सत्य देखिन्छ ।

विजयपुरका अन्तिम राजा कर्णसेनको समयमा वल्लो किरात, माँझकिरात र पल्लो किरातमा विभिन्न जातजातिका मानिसहरू बसोवास गर्ने गर्दथे । त्यस स्थानमा मध्यकालको मध्यतिर नै खस ब्राह्मण, क्षेत्री र मगरहरू पुगेका थिए । तिनीहरूले राज्यबाट बिर्ता पाई निकै धनी पनि बनेको र सेन राजाहरूका उच्च पदस्थ कर्मचारी समेत बनेका थिए । तिनीहरू राजा कर्णसेनका दिवानहरूबाट दिक्क भएर गोरखाली राजा पृथ्वीनारायण शाहसँग मिल्न लागेका पाइन्छन् । यता सेन राजाहरूले पनि आफू टिक्नका लागि दिवानहरूले भने अनुसारकै काम गर्नु पर्दथ्यो । नभएमा तिनीहरूको ज्यान जाने या राजगद्दीसमेत त्यागेर हिंड्नुपर्ने अवस्था थियो । यसले गर्दा सेन राजाहरू विजयपुर र चौदण्डी भेगमा मन्त्रीहरूका विरूद्धमा केही पनि बोल्न र गर्न सक्तैन थिए ।[४४]

---

४३. आचार्य, *पूर्ववत् नं. २६*, पृ. ४१७ ।
४४. *उही ।*

पृथ्वीनारायण शाहले पनि चौदण्डी र विजयपुरबाट तिनको संरक्षण माग्न गएका मानिसहरूको संरक्षण गरे र यस भेगको अवस्था बुझ्नका लागि दूतहरू पठाए । यसै क्रममा चौदण्डी हान्न हिंडेका अभिमानसिंह बस्नेत मकवानपुरमा बसे भने रामकृष्ण कुँवर र अमरसिंह थापा भने माझ किरात हान्न गए । तिनीहरूलाई यहाँका क्षेत्री ब्राह्मणले समर्थन गरे भने खम्बूहरूलाई पनि अनेक प्रकारका लालसा देखाएर आफूतिर मिलाउने प्रयास गरे । माझ किरात चौदण्डी राज्य अन्तर्गत पर्ने भए पनि चौतारा अजित रायले यहाँ कुनै पनि प्रकारका बन्दोवस्त मिलाउन सकेका थिएनन् । किनकि चौदण्डीको राजधानी चौदण्डीबाट माझ किरात निकै टाढा पर्दथ्यो । यता कर्णसेन पनि आफ्नो तलहट्टी बचाउन मात्र लागेका थिए । नेपाल सरकार र अंग्रेज बीच भएको एक सम्झौता अनुसार चौदण्डी राज्य गोरखाली या नेपाल सरकारका अधिनमा पर्दथ्यो । त्यस संझौताअनुरूप भारततिरको तलहट्टी, जो तौतर प्रगन्नाभित्र पर्दथ्यो, त्यसलाई अंग्रेजहरूले नेपालको अधिनमा रहेको स्विकार गरेर छाडेका थिए । तसर्थ चौदण्डी लगायतको भागमा नेपालले अधिपत्य जमाउँदा बृटिश इन्डियाले हस्तक्षेप गर्ने अवस्था थिएन । यसै क्रममा सर्व प्रथम वि.सं. १८३० माघ महिनामा गोरखाली सेनाले माझ किरातमा दखल गऱ्यो ।[४५]

गोरखाली सेनाले माझ किरात दखल गरेपछि चौदण्डी विजयपुर विजय गर्ने योजना बनाएको थियो । यस क्रममा कम्पनी सरकारले विरोध नगरोस् भनी पृथ्वीनारायण शाहले कम्पनी सरकारलाई एउटा पत्र लेखेका छन् । वि.सं. १८३० जेष्ठमा पृथ्वीनारायण शाहले गभर्नर नजरल बारेन हेस्टिंग्सलाई लेखेको पत्रमा गोरखाले बृटिशहरूसँग मित्रता कायम गर्न चाहेको व्यहोरा उल्लेख गरिएको थियो । त्यसमा पृथ्वीनारायण शाहले के लेखेका छन् भने धोकेबाज दिवान बृद्धिकर्णले मेरो भाइको राज्यमा अम्बरपुर र विजयपुरमा अवैध रूपमा अधिकार जमाएकाले म त्यसलाई दण्ड दिन त्यता सेना पठाउँदैछु । त्यो दिवान पूर्णियातिर शरण लिन जाला, ससलाई कुनै पनि प्रकारको सैनिक सहायता नदिनु भनी पूर्णियाका हाकीमलाई लेखि दिनु होला । पृथ्वीनारायण शाहले के पनि पत्रमा लेखेका छन् आफूले बुद्धिकर्ण रायलाई दण्ड दिएर उक्त प्रदेश छुटाउन सकेमा नजरानाका रूपमा केही उपहार पठाउने अनुरोध पनि गरेका थिए । त्यसपछि पृथ्वीनारायण शाहले कम्पनी सरकारको उत्तर नपर्खिकन अभिमानसिंह बस्नेत र पारथ भण्डारीको नेतृत्वमा सैनिक टुकडी चौदण्डीमा आक्रमण गर्नका लागि पठाएको देखिन्छ । यसमा एकातर्फ पृथ्वीनारायणशाहाले कामदत्त सेनलाई आफ्ना भाई भनेका छन् भने अर्कातर्फ विजयपुर र अम्बरपुरबाट अंग्रेजले पाउने नजरना पनि आफूले तिरिदिने बताएका छन् ।[४६]

---

४५. *उही ।*
४६. *उही,* पृ. ४१९ ।

चौदण्डी विजय गर्न गोरखालीहरूले जम्मा २ कम्पनी सैनिक पठाएकोमा गोरखाली सैनिकहरूले आक्रमण गर्नुभन्दा अगाडिनै चौदण्डीका राजा डरले भागेर विजयपुरतिर गएकाले चौदण्डीका सेनाले गोरखाली सेनाको कुनै प्रतिरोध गरेनन् । यसले गर्दा चौदण्डी विजय गर्न गोरखाली सेनालाई कुनै पनि प्रकारको कठीनाई भएन । चौदण्डीको रक्षाका लागि बसेका सैनिकहरूले पनि हार मानी राजधानी सहज रूपमा छाडिदिए । तसर्थ वि.सं. १८३० श्रावणमा चौदण्डी सहज रूपमा गोरखालीको हातमा परेको हो । यता चौदण्डीका दिवान अजित राय भने भागेर कम्पनी सरकारको शरणमा गएको हुन सक्तछ । त्यसपछि अजित रायको नाम कतै कहिं पनि नपाइने हुनाले यस्तो अनुमान गरिएको हो । चौदण्डी विजय भएपछि अभिमानसिंह बस्नेतले पनि पृथ्वीनारायण शाहले पठाएको संन्देश सवै जनतालाई सुनाएर तिनले कटुवालहरूको माध्यमबाट थुमथुम र प्रगन्नामा पठाएका थिए । त्यसमा चौदण्डी राज्य गोरखालीको अधिनमा रहेको, सवै जनता सुरक्षित भएको र तिनले आआफ्ना रीतिरिवाज सवै चलाउँदै गर्नु भन्ने आदेश दिएका थिए ।[४७]

अभिमानसिंह बस्नेतले अम्बरपुर र चौदण्डी विजय गरेपछि अंग्रेजहरूले पनि तत्कालको नागा सन्यासीको लुटपाट समस्या सुरक्षित भएको महशुस गरे । किनकि तत्काल हरिद्वारबाट पूर्व लागेका त्यस्ता सन्यासी नारायणी नदी तरेर शिवालिक पहाडको छेउबाट पूर्वतर्फ जाँदै कोशी तर्ने र पूर्वी बिहार तथा बंगालसम्म पुगी व्यापारीका कोठी र धनमाल लुट्ने गर्दथे । यसबाट अंग्रेजहरू पनि दिक्क भएका थिए । यस्तो अवस्थामा अभिमान सिंह बस्नेतले ती लुटेरा सन्यासीहरूलाई एक पटक महोत्तरीमा रोकेर हरिद्वारतिरै फिर्ता गरेका थिए ।[४८] त्यसपछि अम्बरपुर र चौदण्डीमाथि गोरखालीको अधिन भएमा त्यहाँबाट त्यस्ता लुटेरा जोगीहरू पूर्व लाग्न सम्भव थिएन । तसर्थ गोरखालीको चौदण्डी विजयलाई अंग्रेजहरूले सहज रूपमा लिएका थिए र यसको प्रतिकार बृटिशहरूले गरेका थिएनन् ।

भारतको विहारमा आएका बृटिश इन्डियाका हाकिम जार्ज बोम्सस्टार्डले पृथ्वीनारायण शाहलाई वि.सं. १८३० मा एउटा पत्र लेखेका थिए । त्यसमा लेभिको यात्रामा नेपालको बाटो भएर बंगालसम्म पुगी लुटपाट गर्ने सन्यासीलाई नेपालमा नै रोकीदिन अनुरोध गरिएको देखिन्छ । यसैगरी ती सन्यासीहरूले नेपालका पर्सादेखि महोत्तरीसम्म पनि लुटपाट गर्ने हुनाले तिनको दमन गर्न पृथ्वीनारायण शाहले अभिमानसिंह बस्नेतलाई पठाएका थिए । त्यसपछि वि.सं. १८३० मंशिरमा अभिमानसिंह बस्नेतको नेतृत्वको सैनिक टोलीले महोत्तरीमा सन्यासीहरूलाई तहसनहस गरिदियो । यसबाट उक्त साल जोगीहरूले कोठी लुट्न पाएनन् । तसर्थ उक्त साल नेपाल मात्र

---

४७. *उही ।*
४८. *उही ।*

नभएर बृटिशहरूका कोठी पनि लुटिएनन् । तसर्थ नेपालको यो कदमबाट बृटिशहरूले राहत पाएको महशुस गरेका थिए ।

वि.सं. १८३० को मंशिरतिर कर्णसेन र बुद्धिकर्ण राय दुवैजना विजयपुरमा थिए । यता अभिमान सिंह बस्नेत र पारथ भण्डारी आफ्ना सैनिकका साथमा अम्बरपुरमा नै बसेका थिए । यसै क्रममा आफ्ना जहान पूर्णियामा थन्क्याएर राख्छु भनी राजा कर्णसेन पूर्णियातिर लागेकोमा लामो समयसम्म तिनी फिरेर आएनन् । तसर्थ वि.सं. १८३१ को श्रावणतिर गोरखाली सेनाले चौदण्डीबाट पूर्वतिर लागि कोशी नदी तरे र विजयपुरमा अधिकार जमाएका थिए । वर्षातको समयमा कोशी नदीमा उर्लंदो बाढी आएको थियो । त्यसै बेला गोरखाली सैनिकहरू हात्तिमाथि चढेर कोशी नदी तरेर विजयपुरमा आक्रमण गर्दा बुद्धिकर्ण राय हात्तिमा चढी पूर्णियातिर भागे भन्ने उल्लेख पाइन्छ । यता गोरखाली सेनाले साँगुरीगढी समेत अधिनमा पारेर पहाडतिर हान्ने बाटो बनाए ।[४९] तत्काल साँगुरीगढी मोरङ विजयपुरको मध्येशपहाड गर्ने नाका थियो । उक्त किल्ला विजयपुरको सवैभन्दा मज्बुत किल्ला पनि थियो । किनकि यस किल्लामा किराती सेनाहरू तैनाथ गरिएका थिए ।

पृथ्वीनारायण शाहले भक्तपुर विजय गरेपछि आफू युद्धमा हिंड्नुका बदलामा शासन व्यवस्था मिलाएर बसे । तिनका सेनाले मात्र विजय अभियानलाई अगाडि बढाएका थिए । यस क्रममा तिनका सेनाहरू भक्तपुर विजय पछि पूर्वी विजय अभियानमा लागे । यस क्रममा वि.सं. १८३० आश्विन ५ गते तिनका सेना अरूण पश्चिमको दिङ्ला भेगमा पुगेका देखिन्छन् । रेग्मीले बाबुराम आचार्यको रिफरेन्स दिदै स्थानीय ब्राह्मणहरूले गोरखाली सेनाका कमान्डर रामकृष्ण कुँवर र अमरसिंह थापालाई दूधकोशी नदी तर्न सहयोग गरेको विवरण दिएका छन्। यसमा हरिनन्द उपाध्यायले गोरखालीहरूलाई हर किसिमले सहयोग गरेको वर्णन छ । सर्वप्रथम तिनले दूधकोशी नदी तर्न सहयोग गरेका थिए भने त्यसपछि तिनले ३५५८ र ७४६६ पटना सिक्का पृथ्वीनारायण शाहका सेनालाई खानपीनका लागि दिएका थिए । यसमा कूल मुद्रा ११०५१ हुने देखिन्छ । यसबाट खुशी भएका पृथ्वीनारायण शाहले यिनलाई माझ किरात प्रदेशमा थुप्रै जमिन बिर्ताका रूपमा दिन पुगे ।[५०] यसै क्रममा वि.सं. १८३१ साल भाद्रमा गोरखाली सैनिकले चैनपुर र विजयपुरमा पनि अधिपत्य जमाउन पुग्यो । यसबाट नेपालको सिमाना पूर्वमा पहाडतिर तमोर र तराईमा कनकाईनदी भयो । वास्तवमा सिक्किमका राजाले बेलाबेलाको आक्रमण र लुटपाटबाट दिक्क भएका चैनपुरे किराती राजाहरूले रामकृष्ण कुँवरलाई चैनपुर हान्न बोलाएका थिए । चैनपुरमाथि विजय गर्न स्थानीय लिम्बू शासकहरूले पनि सहयोग गरेकाले गोरखाली सेनाले

---

४९. *उही, पृ.* ४२२ ।
५०. रेग्मी, *पूर्वक्त् नं. १४,* पृ. २३६ ।

चैनपुरमाथि सहज रूपमा विजय हाँसिल गरे र गोरखालीहरूको सिमाना पहाडतिर सिंहलिला पर्वत हुँदै च्यांग्थापुसम्म पुग्यो ।

एकीकरण अभियानकै क्रममा इलामसम्म गोरखाली सेनाले अधिकार जमाएपछि सिक्किमका राजालाई मनमा चिसो पसेको देखिन्छ । तसर्थ सिक्किमे राजा नांग्याल फुन्चोले गोरखालीसँग कुरा गर्न भनी दिवानका छोरा पठाएका थिए । गोरखालीहरूको नेतृत्व अभिमानसिंह बस्नेतले गरेका थिए । तसर्थ तिनैसँग सिक्कीमेहरूको कुराकानी हुने थियो । अभिमान सिंह बस्नेतले पनि सिक्किमे राजाले विजयपुरबाट लिएको इलाम र टिष्टासम्मको टलहट्टी फिर्ता गरेमा सिक्किमलाई सुरक्षित राखिने छ भन्ने सर्त राखेका थिए ।[५१] तत्काल सिक्किमका राजाले गोरखाली सर्त स्वीकार गरी त्यसै अनुरूपको लालमोहर बनाए र त्यसमा छाप लगाई दिए । यसै क्रममा सिक्किमका राजासँग गरिएको सन्धिपत्रमा अभिमान सिंह बस्नेतले अंग्रेजको अधिकार क्षेत्र बाहिर परेका टिष्टासम्मको भूभागमा अधिकार जमाएका हुन् । यता विजयपुरबाट भागेका बुद्धिकर्ण राई कन्काईतिर पुगेका थिए भने त्यस भेगमा पनि गोरखालीहरूको अधिन भएको थाहा पाएर तिनी पछि पुन अंग्रेजको सिमानातिर गए । यसैगरी भाग्दाभाग्दै यिनको बाटैमा मृत्यु भयो भन्ने उल्लेख पाइन्छ । यता बुद्धिकर्ण राय पछि बृटिशहरूको शरणमा गएकामा गोरखाली सेनाले तिनलाई पक्रिएर ल्याएको तथा विजयपुरमा तिनको मृत्यू भएको पनि विवरण पाइने गर्दछ । कतिपय अन्य भारदारहरू पनि भाग्न लागे भने कतिपय मारिए र अन्य कतिपयचाहिं गोरखालीहरूको अधिनस्त भए ।

विजयपुर माथिको गोरखाली विजय अभियानका बारेमा विश्लेषण गर्दा के देखिन्छ भने तिनका २ समूह सेनाले एकै पटक कोशी तरेर विजयपुरमाथि धावा बोलेको देखिन्छ । यस क्रममा सरदार रामकृष्ण कुँवरको नेतृत्वको सेना अरूण नदी तरेर चैनपुर भेग या विजयपुरको पहाडी प्रदेश हान्न लाग्यो । यता दक्षिणतर्फ भने अभिमान सिंह बस्नेतको नेतृत्वमा गएको सेनाले हान्यो । यसरी एकैपटक गरिएको आक्रमणबाट विजयपुर सहज रूपमा गोरखालीहरूको अधिनमा पुगेको देखिन्छ । यसबाट उत्तरमा तिब्बत र पूर्वमा सिक्किमको सिमानासम्म गोरखाली सेना पुगे । यता सिक्किमले इलाम प्रदेश गोरखालीलाई छाड्यो, जसबाट नेपालको सिमाना टिष्टासम्म पुगेको देखिन्छ । यसै बीच वि.सं. १८३१ साल आश्विनमा नेपाल र सिक्किमका बीचमा एउटा सन्धी भएको पाइन्छ ।[५२]

विजयपुरबाट भागेका कर्णसेन बृटिश इन्डियाको शरणमा पूर्णियातिर बसेका थिए । यता विजयपुरबाट लखेटिएका बुद्धिकर्ण राई पनि सिक्किम हुँदै पुन दक्षिणतिर लागेर बृटिशहरूको

---

५१. श्रेष्ठ, *पूर्ववत् नं.* २२, पृ. ४१-४५ ।
५२. *उही* ।

क्षेत्रमा पसेका थिए । त्यहाँ तिनले राजा कर्णसेनलाई भेटी विजयपुर गोरखालीहरूको हातबाट फिर्ता लिने सबालमा सल्लाह मिलाई रहेका थिए । यसैबीच बुद्धिकर्ण रायलाई गोरखालीहरूले पक्रिएर विजयपुरमा ल्याएर थुने । पछि तिनको मृत्यू विजयपुरमा नै भयो । कतिपय विद्वान्हरूले उनको चिहानका रूपमा धरान विजयपुरको बूढासुब्बा मन्दिरलाई लिने गर्दछन् । यता बाबुराम आचार्यले भने तिनलई विजयपुरमा ल्याएर समाप्त पारेको विवरण दिएका छन् ।[५३] यसैगरी ह्यामिल्टनको विवरणमा भने गोरखालीहरूले भेष बदलेर पूर्णिया गएका तथा बुद्धिकर्ण रायलाई पक्रिएर विजयपुरमा ल्याई यतना दिदै मारेको विवरण दिएका छन् ।[५४] तत्काल युद्ध अपराधिलाई पक्रिएर थुन्ने तथा मार्ने परिपाटि भएअनुसार बृद्धिकर्ण राय पनि गोरखाली सेनाबाट मारिएको हुन सक्तछ । किनकि त्यस पछिका दिनमा यिनका माध्यमबाट विजयपुरमा आक्रमण तथा प्रत्याक्रमण भएको पाइएको छैन ।

विजयपुरबाट भागेका कर्णसेनले आफ्नो राज्य फिर्ता गराउन अंग्रेजहरूसँग निरन्तर रूपमा आग्रह गर्दै रहे । अंग्रेजहरूले पनि तिनका कुरा टार्दै गए । कालान्तरमा यिनको मृत्यू पूर्णियातिरै भएको देखिन्छ । यता कर्णसेनका छोरा र रानी भने मोरङको दक्षिणमा पर्ने धुमगढतिर बस्तथे । तिनीहरूले पनि विजयपुरमा आफ्नो अधिकार कायम गर्न बारम्बार प्रयास गरे । तर तिनकी रानी असहाय थिइन् र त्यस कुरामा कहिल्यै पनि सफल हुन सकिनन् । तिनले एकपटक विजयपुर फिर्ता लिने प्रयासस्वरूप पाल्पाली राजा मुकुन्दसेन द्वितीयलाई पत्र लेखी विजयपुरमा राजा हुनका लागि तिनका छोरालाई पठाउन पनि आग्रह गरेकी थिइन् । मुकुन्दसेन द्वितीयले पनि आफ्ना कान्छा छोरा ध्वजवीर सेनलाई स्वरूपसिंह कार्कीका साथमा पूर्णिया पठाएका थिए । यता तिनले नै चौविसे राज्य, सिक्कीम, भुटान र कम्पनी सरकारलाई समेत सहयोग मागी पत्र पठाएका थिए । तर स्वरूपसिंह कार्कीलाई गोरखा पठाइयो भने ध्वजवीर सेन गोरखाली सेनाबाट मारिए । यता मुकुन्दसेन द्वितीयको मृत्यू पनि भएको हुनाले कर्णसेनकी विधवा रानीको विजयपुर फर्काउने प्रयास असफल भएर गयो । त्यसपछि कर्णसेनकी विधवा रानीको मृत्यू धूमगढमा नै भएको देखिन्छ । यसपछि भने विजयपुर राज्य फिर्ता गर्ने प्रयास कसैबाट पनि भएको देखिदैन ।[५५]

विजयपुरको सेन राज्य विजयपुर, चैनपुर, आठराई र मोरङ गरी चारवटा प्रशासनिक एकाईमा विभक्त थियो । यसमा विजयपुरले भावर क्षेत्र, मोरङले तराई क्षेत्र तथा चैनपुर र आठराईले पहाडी भाग ओगटेको थियो । आठराई अरूण पूर्वको लिम्बूआन क्षेत्र थियो, जहाँ दस किरातले शासन गर्दथे । यता चैनपुर अन्तरगत भने दूधकोशी पूर्व तथा अरूण पश्चिमको १२ किरात प्रदेश पनि पर्दथ्यो । एउटा पुरानो किरात वंशावलीअनुसार चैनपुर भेगमा अथिंगहांग

---

५३. बाबुराम आचार्य (वि. सं. २०२२), *नेपालको संक्षिप्त बृतान्त* (काठमाडौं: प्रमोद शम्शेर र नीरविक्रम प्यासी), पृ. ७४ ।
५४. ह्यामिल्टन, *पूर्ववत् नं. ७*, पृ. १४१ ।
५५. *उही ।*

नामक किरात शासक थिए । तिनले एकातर्फ बेलाबेलामा भुटियाहरूसँग युद्ध गर्नु पर्दथ्यो भने कालान्तरमा गोरखाली सेनासँग पनि युद्ध गरे । पछि तिनले पृथ्वीनारायण शाहका सेना तथा अभिमानसिंह बस्नेतसँग मिलोमतो गरेपछि विजयपुरको पहाडी प्रदेश गोरखालीहरूको हातमा परेको हो । यता किराती वंशावलीले नै के बताएको छ भने कामदत्त सेनका काका विशन्तर सेन सन्तानहीननै मरेका हुनाले बुद्धिकर्ण रायले अथिंग हांगलाई पहाडबाट ल्याएर विजयपुरको राजा बनाएका थिए । डिआर रेग्मीले किरात वंशावलीको हवाला दिदै के भनेका छन् भने अथिंगहांग बुद्धिकर्ण रायका बाबुले पहाडतिर राज्य विस्तार गर्दा अथिंगहांग विजयपुर पहाडका राजा थिए । उनी किरातीहरूबाट चुनाव जितेर राजा भएको पनि बताइएको छ । यसै गरी रेग्मीले दिएको विवरणमा किरात वंशाली अनुसारनै गोरखालीहरूले विजयपुरमा आक्रमण गरेपछि बुद्धिकर्ण राय हात्ति चढेर भाग्न खोज्दै थिए । यसैक्रममा गोरखाली सेनाले तिनलाई गोली हानेको हुनाले तिनी भुईमा ढले । बुद्धिकर्णकै बारेमा किरात वंशावलीमा के पनि भनिएको छ भने एक पटक आफैं विजयपुरको राजा भएको कुरा घोषणा गरेका थिए । तर यस कुरालाई किराती प्रमुखहरूले स्विकार गरेका थिएनन् ।[५६]

विजयपुर एकीकरण पछि विजयपुर भेगको प्रशासनको व्यवस्थापन गर्न आवश्यक थियो । तसर्थ पृथ्वीनारायण शाहले मकवानपुरे किराती भारदारलाई उदृत गर्दै एउटा सनद जारी गरेका छन् । त्यसमा तिनले किराती भारदारका पहिलेका सबै कसुरहरू माफ गरी ढुक्कसाथ वस्न भनिएको छ । त्यस्तै तिनले किरातीहरूको पुरानो किपट प्रथा थमौति गरिदिएको पनि देखिन्छ । रेग्मीले गृहमन्त्रालयमा रहेको एउटा सनदको विवरण दिएका छन् । वि.सं. १८२० श्रावणमा लेखिएको भनिएको उक्त सनदमा किरातहरूलाई पहिले मकवानपुरको नून खाएर त्यहाँका राजाको भलो गरेपनि अब उक्त राज्य नेपालभित्र पर्ने हुँदा तिनीहरू नेपालको सुरक्षामा भएको उल्लेख छ । वि.सं. १८३० तिर विजयपुरमा विजय भई नसकेको हुँदा उक्त सनद मकवानपुरका भारदारका लागि जारी गरिएको भन्ने देखिन्छ ।[५७] यता गोरखाली सेनाले विजयपुर विजय गरेपछि बृटिश इन्डियाको दृष्टि त्यतातिर निकै चनाखो भएको देखिन्छ । सुरूमा पहाडे टुके राज्यलाई नसघाउने नीति बृटिशहरूले लिएको भए पनि विजयपुर र अम्बरपुरका बारेमा भने तिनीहरूले आफ्नो भएको दाबा गरेको देखिन्छ । यसमा पृथ्वीनारायण शाहलाई एउटा पत्र लेखी इस्ट इन्डिया कम्पनीका गभर्नर जनरलले के भनेका छन् भने तपाईंका फौजले विजय गरेका विजयपुर र अम्बरपुर बंगाल प्रान्तका हुन् । तसर्थ तपाईं र हाम्रा बीच मैत्री सम्बन्ध कायम राख्नका लागि ती क्षेत्रबाट तपाईंका सेना तुरन्त हटाउनु होला ।

---

[५६] रेग्मी, *पूर्ववत् नं. १४*, पृ. २४०।
[५७] *उही*, पृ. २४१।

मोरङ विजयपुर र अम्बरपुरका बारेमा पृथ्वीनारायण शाह र बृटिश इन्डियाका बीचमा जेजस्ता पत्रहरू आदानप्रदान गरिएका भए पनि अम्बरपुर तौतर प्रगन्नाभित्र पर्ने हुँदा त्यस बापत बृटिश इन्डियाले गोरखालीबाट सालिन्दा एउटा हात्ति लिने कुराको संभौता अगाडिनै भईसकेको थियो । यता विभिन्न लिखतहरूबाट विजयपुर पनि स्वतन्त्र राज्य देखिएको थियो भने लुटेरा सन्यासीलाई दबाउने कार्य पनि भई सकेको थियो । तसर्थ इस्ट इन्डिया कम्पनीले पत्रबाट विजयपुर र अम्बरपुर बंगालभित्र पर्दछन् भनी बताउनु सामान्य कुरा थियो । वास्तवमा बृटिशले यतातिर खासै चासो पनि देखाएको थिएन । खाली अम्बरपुर र विजयपुर छाडिदिन पत्र लेखेका थिए । यसमा पृथ्वी नारायण शाहाले पनि मकवानपुरको सरह विजयपुरको पनि मालवाजबी तपाईंलाई बुझाउँला भन्ने व्यहोराको पत्र इस्ट यन्डिया कम्पनीलाई पठाएका थिए । यसैगरी इस्ट इन्डिया कम्पनी र पुनाका मरहट्टाका बीचमा युद्ध हुने स्थिति सिर्जना भई सकेको हुनाले पनि बृटिशहरूले मोरङ विजयपुरका बारेमा खासै चासो राखेका थिएनन् । यता पृथ्वीनारायण शाहले पनि दीनानाथ उपाध्यायलाई कलाकत्ता बोलाएर इस्ट इन्डिया गभर्नरसँग भेट गरी मोरङ विजयपुरको टुंगो लगाउन पठाएको देखिन्छ ।[५८]

पृथ्वीनारायण शाहका सेनाले विजयपुर एकीकरण गरेपछि नेपालको पूर्वी सिमाना टिष्टासम्म पुग्यो । उता सिक्किमेसँग भने एउटा सम्झौता गरियो । नेपाली सेनाले सिक्किम र तिब्बती सेनालाई नचलाउने नीति लिएकाले तिनीहरूसँग युद्ध गर्नु परेन । तर मुश्लिमसँग भने बेलाबेलामा युद्ध भएको देखिन्छ । जे भए पनि पृथ्वीनारायण शाहका सेनाले पूर्वी नेपालको कोशी प्रदेश एकीकरण गरेपछि लिम्बूहरूको पुरानो निशान, नगरा र किपट थामिदिएको देखिन्छ । यसका साथमा आआफ्नो परम्परा थामेर बस्ने भनेबाट यस भेगमा शान्ति छाउन पुग्यो । दरबारभित्रको आपसी कलह र षडयन्त्र पनि समाप्त भएर गयो । त्यसपछि गोरखालीहरूले विजयपुरलाई मुकाम बनाएर पूर्वको शासन चलाउन लागे । यसै क्रममा पृथ्वीनारायण शाहको मृत्यु भएपछि तिनको कोशी पूर्वको एकीकरण अभियान समाप्त भएर गयो ।[५९]

निष्कर्ष

वास्तवमा पूर्वी नेपालको विजयपुर भेगमा प्राचीन कालमा विभिन्न शासकले शासन गरेको भए पनि मध्यकालमा भने पाल्पाली सेनहरूले शासन गरेको देखिन्छ । प्रारम्भमा यस भेगमा विजयनारायणले विजयपुर राज्य स्थापना गरेको मानिन्छ भने पहाडका राजा मुरेहांगले यस भेगमा शासन गरेको हुनाले यसलाई मोरङ भनिएको पनि बताइन्छ । यसै क्रममा पाल्पाका राजा मुकुन्द सेनका कान्छा छोरा लोहांगसेनले पाल्पा राज्यको विस्तार पूर्वतिर गरेको हुनाले यो राज्य विभिन्न

---

५८. आचार्य, *पूर्ववत् नं ५३,* पृ. ४२४ ।
५९. *उही ।*

टुक्रामा विभाजन हुँदा नारायणी पूर्वको मकवानपुर क्षेत्र उनैको भागमा परेको थियो । त्यसबेला विजयपुर तथा मोरङ पनि मकवानपुर अन्तरगत नै पर्दथ्यो । कालान्तरमा मकवानपुरे राजकुमार विधाता इन्द्रसेनले विद्रोह गरी विजयपुरलाई बेग्लै राज्य निर्माण गरे र यस स्थानको राजा भए । उनीपछि पनि विजयपुरमा थुप्रै राजाहरू भएका देखिन्छन्, जसको लेखाजोखा यथा स्थानमा गरिएको छ । यहाँका अन्तिम राजा भने कर्णसेन हुन् । तिनको समयमा गोरखाली सेनाले विजयपुरमाथि आक्रमण गरी अधिपत्य जमायो र सदाका लागि विजयपुरे सेन राज्य नेपालको अधिनमा पऱ्यो ।

विजयपुर गोरखालीहरूको अधिनमा पर्नुको मूल कारण विजयपुरका भारदार किरातहरुको अराजनैतिक कृयाकलापनै थियो । सुरूमा लोहांगसेनले यहाँका किरात भारदारलाई स्वायत्तता दिएका थिए । कालान्तरमा त्यसैको आडमा किरात भारदारहरू अराजक हुँदै गएका थिए । कालान्तरमा तिनीहको कृयाकलापका कारण राजाहरू कठपुतलीजस्ता भए भने यहाँको शासन र प्रशासन पनि कम्जोर हुँदै गयो । सेन राजाहरुलाई जहिले पनि आफ्नो स्वार्थमा प्रयोग गर्ने मात्र नभएर तिनीहरुलाई राख्ने र हटाउने सम्मका कार्यहरु यी भारदारहरुले गरेको देखिन्छ । आफूलाई मन नपरेको तथा आफ्नो स्वार्थपूर्तिका लागि नलाग्ने राजालाई हटाउने तथा तिनलाई मार्ने सम्मका कार्यहरु तिनीहरुले गरेको पाइन्छ । यसैको परिणामस्वरूप विजयपुर राज्य निकै कम्जोर हुन पुग्यो । यहाँका कतिपय भारदारहरु भित्रभित्रै पृथ्वीनारायण शाहसँग मिल्न लागे भने अस्थिरताका कारण गोरखाली सेनालाई विजयपुरमाथि अधिपत्य जमाउन शरल पनि भयो । यसको फलस्वरुप विजयपुर बृहत्तर नेपालमा गाभिएको हो । एकीकरणपछि भने कोशी पूर्वको विजयपुर केन्द्रदेखि केही अलग्ग जस्तो देखिन पुग्यो । केही समयसम्म साँगुरीगढीबाट यस भेगको प्रशासन चलाइएको थियो भने पछि मोरङ भेगको सदरमुकाम रंगेलीमा सारियो ।

अध्याय आठ

सेन कालिक विजयपुरको प्रशासनिक व्यवस्था

८.१ परिचय

कुनै पनि स्थानको शासन व्यवस्थाका बारेमा अध्ययन गर्ने क्रममा जनप्रशासनको ठूलो भूमिका रहेको पाइन्छ । जुन प्रकारले प्रशासनिक एकाईहरू गठन गरिए पनि राजनीतिलाई त्यहाँको प्रशासन व्यवस्थाले प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । यहाँ विजयपुरको प्रशासनिक व्यवस्थाको अध्ययनका क्रममा पनि के देखिन्छ भने यहाँको प्रशासनिक व्यवस्थाले सेनहरूको शासन प्रणालीलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको थियो । विजयपुर भेगमा सेनहरूले आफूले बसेर शासन गर्नुको बदलामा राजामात्र भएर प्रशासनमा ज्यादा जिम्मेवारी भने स्थानीय मन्त्री या भारदारलाई दिएको पाइन्छ । यसले गर्दा यहाँ एकातर्फ शासनप्रशासनमा केही मात्रामा स्थिरता थियो भने कालान्तरमा गएर त्यसैबाट राजा र मन्त्रीका बीचमा विभेद तथा झगडा पनि बढेको थियो । कालान्तरमा विजयपुर राज्यको पतनको एउटा मुख्य कारण पनि यही बनेको देखिन्छ ।

विजयपुरको प्रशासनिक व्यवस्थामा केन्द्र शासित व्यवस्था र स्थानीय शासन दुवै प्रकारका व्यवस्थाहरू पर्दछन् । विशेषगरी केन्द्र शासित व्यवस्थामा सुरूमा मकवानपुरमा बसेर लोहांगसेन र उनका सन्तानले यस भेगमा शासन चलाएका थिए भने त्यसपछि विजयपुरलाई बेग्लै राज्य बनाइएको देखिन्छ । यसमा कामदत्त सेन स्वतन्त्र विजयपुरको पहिलो सेन राजा भए । त्यसबेला विजयपुर राज्य पनि पहाडको किरात प्रदेश र तराई तथा भाबरको भूभाग गरी २ भागमा विभक्त थियो । यसको तराईमा पूर्वमा महानन्दादेखि पश्चिममा कोशीनदी तथा दक्षिणमा जलालगढ पनि पर्दथ्यो । पूर्णियाको अस्तित्व नदेखिउन्जेलसम्म विजयपुरको दक्षिणी सिमाना गंगासम्म पनि पुगेको देखिन्छ । यो स्थान भने सेन शासकहरूद्वारा केन्द्र शासित प्रदेश थियो । यता विजयपुरको पहाडी भागमा अरूणदेखि पूर्वको सिंहलिला पर्वतसम्म लिम्बुआन थियो ।[१] त्यहाँ दस लिम्बूआनले शासन गर्दथे । तिनीहरू विजयपुरको मन्त्री समेत हुन पाउने व्यवस्था थियो । सेनहरूले तिनीहरूको शासनमा हस्तक्षेत्र नगरे पनि तिनीहरू सेनको अधिन भने स्वीकार गर्दथे । तसर्थ सिंहाशनको अधिकार भने सेनहरूको हुने गर्दथ्यो । यता अरूण पश्चिमको पहाडतिर भने दूधकोशी सम्मको भूभागमा १२ किरात प्रदेश पर्दथ्यो । उक्त क्षेत्रमा पनि त्यस्तै प्रकारको व्यवस्था भएको देखिन्छ । यसरी सेनकालतिर विजयपुर राज्य कोशी पूर्वको ठूलो भूभाग ओगटेर रहेको थियो । यदाकदा यसको सिमाना थपघट हुने क्रम पनि त्यसै अनुरूप चल्दथ्यो । त्यस्तै कुनै बेला

---

[१] इमानसिंग चेम्जोंग (वि.सं. २०३१), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास* (दार्जिलिंगः नेपाली साहित्य प्रतिष्ठान), पृ. १०४ ।

यसको दक्षिणी सिमाना गंगानदीसम्म पुगेको भए पनि पूर्णिया राज्यको स्थापनापछि भने विजयपुरको दक्षिणी सिमाना जलालगढमा सिमित रहन पुग्यो ।

८.२ केन्द्रिय प्रशासन

विजयपुर राज्यको प्रशासनिक व्यवस्था सुमधु ढंगमा चलाउनका लागि विभिन्न प्रकारका प्रशासनिक पद र कर्मचारीहरू रहन्थे । प्रशासन चलाउने त्यस्ता प्रमुख पदह निम्नानुसारका थिए ।

८.२.१ राजा

विजयपुरे सेनहरूको केन्द्रिय प्रशासनतर्फ सर्वोपरि अधिकार राजामा निहित हुने चलन थियो । विजयपुर दरबार भेगमा विजयनारायणको पालादेखि नै चौताराहरू निकै शक्तिसम्पन्न हुने र उनीहरूले राजाहरूलाई चाहेको काम गराउने तथा विश्वास समेत गर्न सक्ने भए पनि राष्ट्र प्रमुख भने राजानै हुने चलन थियो । तसर्थ भारदारहरूले तथा मन्त्रीहरूले आफूले राजाका रूपमा काम गर्ने भन्दा पनि राजालाई आफ्नो पक्षमा काम गराउने गर्दथे । सेन राजाहरू भने ज्यादा विलासी र सौखिन हुन्थे । थुप्रै रानीहरू विवाह गर्नाले तिनीहरूले दरबारीया षडयन्त्रसमेत खेप्नु परेको पाइन्छ । जस्तो विजयपुरका सेन राजा कामदत्त सेनलाई षडयन्त्र गरेर बुद्धिकर्ण राईले मार्न लगाएका थिए ।[२] त्यस्तै त्यसपछि बुद्धिकर्ण रायले स्वयं राजाका रूपमा विजयपुरमा शासन गरेका थिए भने उत्तरी पहाडका किरात राजाहरूले आफैलाई स्वतन्त्र राजाको रूपमा घोषणा गरी विजयपुरबाट अलग्ग राख्न लागेका थिए ।

८.२.२ युवराज

सेनकालिक विजयपुरमा राजापछि युवराजको अस्तित्व अग्र पंतिमा थियो । सेन राजाहरूका विवाहित र ल्याइते थुप्रै रानीहरू हुन्थे भने तिनीहरूका राजकुमार पनि थुप्रै रहन्थे । यिनीहरूमा विवाहिता रानी तिरको जेठो छोरा युवराज हुने चलन थियो । विजयपुरे सेनहरूमा अन्यत्रको सरहनै राजाको मृत्यूपछि युवराज गद्दीमा बस्ने प्रचलन थियो । तिनीहरूमा यस्तो चलन रहे पनि राजकुमारले कहिलेकाहिं राजाले गद्दी त्याग गर्दा समयभन्दा अगावै पनि राजगद्दीमा बस्न पाउँथे । यसैगरी राजकुमारले स्वयंनै विद्रोह गरेर पनि राज्य टुक्र्याएको तथा राजगद्दीमा बस्ने गरेको उदाहरणहरू प्रशस्तै पाइन्छन् । जस्तो मुकुन्द सेनको जीवन कालमा नै तिनका छोराहरूले पाल्पाली सेन राज्य विभाजन गरी अआफ्नो भागमा लिने क्रममा विजयपुर लगायतको मकवानपुर राज्य लोहांगसेनले पाएका थिए ।[३] तिनले जितेको पूर्वीतिरको भूभाग नै यिनलाई मुकुन्द सेनले भागमा दिएका हुन् । यसै गरी इन्दू विधातासेनले आफ्नो बाजेको समयमा नै विद्रोह गरी

---

२. *उही ।*
३. *उही ।*

विजयपुरलाई मकवानपुरबाट स्वतन्त्र बनाएर त्यसको राजगद्दीमा बसेका थिए । यता इन्दू विधाता सेनले भने यस भेगमा विजय गरेको नभएर आफ्नै राज्य बाजेबाट टुक्र्याएका थिए ।

८.२.३ चौतारा

सेनकालिक विजयपुरको प्रशासनिक इतिहासमा राजा र राजकुमारपछि चौताराको क्रम आउँछ । चौतारा तत्कालको मन्त्रीको पद थियो । यस भेगमा किरातहरूबाट नै पुस्तौनी रूपमा चौतारा या मन्त्री नियुक्ति गर्ने चलन थियो । यता मकवानपुरतिर भने कायस्थ र खसहरू पनि चौतारामा नियुक्त हुने गर्दथे । तिनीहरूलाई सेन राजाहरूले तलब स्वरूप राजश्वको दशांश दिने गरेको देखिन्छ । यसैगरी चौतारालेतलब स्वरुपमा जमिन पाउने तथा त्यसैको आम्दानी खान्की खर्च या तलबका रुपमा प्रयोग गर्ने पनि चलन देखिन्छ । यता विजयपुर र चौदण्डीमा भने किरातीहरू मन्त्री हुने चलन थियो । देशद्रोह र नाजायज काम गरेमा चौतारियालाई राजाले मृत्युदण्ड पनि दिन सक्तथे । तर उनको मन्त्री हुने पुस्तौनी अधिकार भने खोस्तैनथे ।[४] सेन कालतिर विजयपुरमा चौतारा या मन्त्रीहरू बेलाबेलामा राजाभन्दा पनि बलिया हुने गरेका देखिन्छन् । पुस्तौनी अधिकार पाएका चौतारा तथा मन्त्रीहरू बेलाबेलामा दरबारीया षडयन्त्रमा पनि लाग्दथे । यिनीहरू राजा फेर्ने, राजालाई राज्यच्यूत गर्ने र आफ्नो पक्षमा काम नगर्ने राजालाई षडयन्त्र गरी मार्ने सम्मका कार्यहरूमा लागेका पाइन्छन् । विजयपुरका त्यस्ता चौताराहरूमा प्रख्यात बुद्धिकर्ण राय एक छन् ।

चौतारामा मकवानपुरतिर ब्राह्मण, राजपुत, खस, कायस्थ र किरातीहरू रहने व्यवस्था भए पनि विजयपुरमा भने किरातहरू नै रहने चलन थियो । तत्काल चौतारा मन्त्रीको पद थियो । चौताराभन्दा तल उपचौतारा या डिपुटी चौतारा हुने चलन थियो । यिनको काम भने राज्यले गरेका निर्णयहरू लेख्नु हुने गर्दथ्यो । डिपुटी चौतारामा कायस्थहरू रहन्थे । राजाले राजाज्ञा जारी गर्नुभन्दा अगाडि भाई भारदारहरूसँग आपसमा सल्लाह गर्दथे र लेखाईको टुंगो लागेपछि मात्र कायस्थलाई लेख्न दिइन्थ्यो ।[५] कायस्थले लेखेपछि चौतारालेहस्ताक्षर गर्ने र राजाले छाप लगाउने गर्दथे । राजाको छापलाई भने लालमोहर भनिन्थ्यो । यसको रङ रातो हुन्थ्यो । तसर्थ यसलाई लालमोहर भनिएको हो । लालमोहर लागेपछि कुनै पनि लिखतले कानुनी मान्यता पाउँथ्यो । तत्काल राजाको बोलीनै कानुन हुने भए पनि लिखत बनाई लाललमोहर लागेपछि भने त्यो अझ पक्का हुन्थ्यो । कानुन बनाएपछि रेकर्ड राख्ने तथा गाउँ वस्तिमा त्यसको प्रचार गर्ने चलन पनि विजयपुर भेगमा प्रचलित थियो ।

---

[४] एफ्बी ह्यामिल्टन (सन् १९९७), *एन् एकाउन्ट अफ् दी किंगडम अफ् नेपाल दोश्रो सं.* (नयाँ दिल्ली: एशियन एजुकेशन सेन्टर), पृ. १४६ ।

[५] विष्णुप्रसाद घिमिरे (वि.सं. २०५६), *पाल्पा राज्यको इतिहास भाग २* (चितवन: चितवन अध्ययन केन्द्र), पृ. १७० ।

८.२.४ काजी र देवान

विजयपुरे सेनहरूको केन्द्रिय प्रशासन प्रणालीमा काजी र देवान पदको पनि व्यवस्था भएको देखिन्छ । यो पद चौताराभन्दा तल्लो हुन्थ्यो । काजीले राजालाई राज्य चलाउन सहयोग गर्दथे । बेला मौकामा काजी र चौताराका बीचमा पनि विभेद हुने गर्दथ्यो । तर यी दुवैको काम भने राजाकाजमा सहयोग गर्नु थियो । यता काजी क्षेत्री जातका हुन्थे भने त्यसभन्दा तल देवान राखिएका हुन्थे । देवानचाहिं प्राय ब्राह्मण हुने गर्दथे ।[६] यिनले राज्यको आम्दानी व्यवस्थित रूपमा उठाउने र त्यसको हिसाव राख्ने गर्दथे । यसैगरी पहाडतिर भने कर लगायतको राजश्व उठाउने कार्य सुब्बाले गर्दथे । सुब्बा पद प्राय किरातहरूलाई दिइएको हुन्थ्यो । सेन कालिक विजयपुरमा राज्यको कोश व्यवस्थित पार्न बेग्लै कर्मचारीको व्यवस्था गरिएको हुन्थ्यो, जसलाई खजाञ्ची भन्ने चलन थियो । राज्यको नगद र जिन्सी सम्पत्ति हेर्ने जिम्मा खजान्चीकै हुन्थ्यो । देवान सरह सरदारजस्ता पदहरू पनि रहन्थे, जसमा निश्चित जिम्मेवारी पाएको व्यक्तिहरू रहन्थे । यसमा सरदारले भने राज्यमा शान्तिसुरक्षाको व्यवस्था मिलाउनु पर्दथ्यो । सरदारले आफ्नो सैन्य टुकडीमा आफैं मानिसहरू नियुक्ति गर्न र हटाउन पनि पाउँथ्यो । तर राजाले चाहेको समयमा भने उसले टुकडी लिएर आनुपर्ने व्यवस्था थियो ।

८.२.५ सरदार

सेन कालतिर विजयपुरमा चौतारसरह सरदार पनि किरात नै हुने व्यवस्था थियो । तिनीहरू विभिन्न प्रकारका हातहतियारबाट सुसज्जित हुन्थे । सेनकालतिर विजयपुरमा ९० हजारजति किराती सरदारहरू हतियार बोक्न सक्षम थिए भन्ने उल्लेख पाइन्छ । तर पनि नियमित सैनिक भने ५ देखि ६ हजारजति भएको बताइन्छ ।[७] सेनकालतिर विजयपुरको तराई र पहाडको धेरै जमिन जागिरको रूपमा सरदारहरूलाई दिइएको थियो । गुठी र वितांका जमिन पनि त्यत्तिनै थिए । धेरै जमिन जमिन्दारको हातमा भएकाले सर्वसाधारणले जमिन कमाए वापत जमिन्दारलाई पनि उपहार दिनु पर्दथ्यो । विजयपुर भेगको सेनकालतिर जमिन प्रणालीको सबालमा तराईमा मुश्लिम प्रणाली तथा पहाडमा भने हिन्दू प्रणालीमा आधारित थियो ।

८.३ क्षेत्रीय प्रशासन

---

६. ह्यामिल्टन, *पूर्वक्त् नं. ४,* पृ. १४८ ।
७. *उही ।*

सेनकालिक विजयपुरको प्रशासनिक व्यवस्था संघात्मक स्वरूपको थियो । विशेषगरी भावर र तराई प्रदेशमा सेनहरूले प्रत्यक्ष रूपमा शासन गर्दथे । तर पनि विभिन्न क्षेत्रमा स्थानीय जमिन्दारहरूले समेत कर उठाउने सम्मको अधिकार पाएका थिए । यता किराती क्षेत्रको स्थानीय प्रशासन भने अन्यत्रको भन्दा निकै फरक देखिन्छ । जगदीशचन्द्र रेग्मीले त्रिशुलीदेखि कास्मिरसम्मको भागलाई खसक्षेत्र र विशुलीदेखि आसामसम्मको भागलाई किरात क्षेत्र भनिने उल्लेख गर्दै यहाँ भने सुनकोशीको हाराहारीदेखि पूर्व टिस्टासम्मको क्षेत्रलाई किरातदेश भनिने उल्लेख गरेका छन् ।[८] यहाँ किरात प्रदेशलाई पनि मुख्य रूपमा २ भागमा वर्गिकरण गरिएको देखिन्छ । सुनकोशीदेखि अरूण नदी सम्मको क्षेत्रलाई राई किरात क्षेत्र या माझ किरात र अरूणदेखि पूर्वतिर टिस्टासम्मको क्षेत्रलाई पल्लो किरात या लिम्बुआन भनिएको छ । जेसी रेग्मीले लिम्बूहरूको क्षेत्रलाई लिम्बूआन र खम्बूहरूको क्षेत्रलाई खम्बूआन मान्दै विजयपुर राज्य मावरोङ र लाप्चांगमा समेत विभक्त भएको बताएका छन् । यहाँ किरात देशको तराई भागलाई माब्रोङ्ग र मेचीदेखि टिस्टासम्मको भागलाई भने लाप्चान भनिन्थ्यो । त्यस भेगमा लाप्चाहरूको ज्यादा मात्रामा बसोवास भएकाले लाप्चान भनिएको हो । रेग्मीले खम्पाजोंग क्षेत्रको पनि चर्चा गरेका छन् ।[९] विजयपुर राज्य अन्तरर्गत लामो समयसम्म रहेको प्रदेश भने पल्लो किरात या लिम्बूआन नै थियो ।

माझ किरातलाई सेनकालतिर नौलाखा किरात पनि भनिन्थ्यो । राईहरू र सुनुवारको वस्ती भएको त्यो क्षेत्रमा राईहरूको वस्ति ज्यादा बाक्लो भएकाले त्यस भेगलाई राईवान पनि भनिन्थ्यो । तत्काल त्यसैलाई खम्बूआनसमेत भनिएको देखिन्छ । पछि यस भेगलाई विशेषगरी अरूण पश्चिमको भागलाई १२ किरातका नामले जान्न लागियो । यहाँ नौलाख किरात भन्नुको मतलव त्यस भेगमा जनसंख्या ९ लाख रहेको हुन सक्तछ । विजयपुर राज्य मकवानपुरबाट छुट्टिएए पछि तराईको भूभाग भने कोशी पूर्वमात्र यस राज्यमा पर्ने भए पनि पहाडमा भने नौलाख किरात पनि विजयपुर अन्तरर्गतनै पर्दथ्यो ।[१०] त्यहाँको स्थानीय शासनदेखि कर उठाउने सम्मका सम्पूर्ण कार्यहरूको जिम्मेवारी स्थानीय किरातीहरूले नै पाएका थिए । तसर्थ सेन कालतिर खम्बूआन विजयपुरको प्रशासनिक व्यवस्था संघात्मक राज्यको जस्तो देखिन्थ्यो । त्यहाँ मृत्यू दण्ड दिने प्रकारका र देशद्रोहका मुद्दामात्र केन्द्रमा विजयपुरमा पठाइन्थ्यो भने अन्य प्रकारका सवै प्रकारका मुद्दाहरू यसै क्षेत्रमा किराती भारदार तथा मन्त्रिहरूबाट मिलाइन्थे । खम्बूआन या राईवान क्षेत्रमा नै मूर्मी र सुनुवारको पनि बसोवास रहेको बुझिन्छ । तर तिनीहरूको संख्या अन्य किरातीको तुलनामा निकै कम थियो । यसको साथमा नेपाल एकीकरणताका तिनीहरूले भने

---

८. जगदीशचन्द्र रेग्मी(वि.सं. २०३६), *नेपालको वैधानिक परम्परा* (काठमाडौं: त्रि.वि. पाठ्यक्रम केन्द्र), पृ. ११९ ।
९. *उही* ।
१०. *उही ।*

गोरखाली सेनालाई सहयोग गरेको देखिन्छ । गोरखाली सेनाले पृथ्वीनारायण शाहलाई लेखेको एउटा पत्रमा तिनीहरूले गोरखाली सैनिकलाई भारी बोक्न र नदी तर्न सघाएको उल्लेख छ ।[११]

सेन कालतिर अरूण पूर्वको पहाडी भाग पनि विजयपुर राज्य अन्तर्गत पर्दथ्यो । अरूणकोशी देखि पूर्वमा सिक्किमसम्म या सिंहलिला पर्वतसम्मको पहाडी भागमा लिम्बूहरूको बसोवास भएकाले त्यसलाई लिम्बूआन भनिन्थ्यो । त्यसलाई पल्लो किरात पनि भनिन्छ, जसमा दस लिम्बूले स्वायत्त शासन चलाउँथे ।[१२] चेम्जोंगले दस लिम्बूआनका साथमा यसलाई उत्तरी लिम्बूआन र दक्षिणी लिम्बूआन गरी मूल रूपमा २ भागमा वर्गिकरण गर्दै उत्तरी लिम्बूआनमा पहाडका सिलगढी र दार्जिलिंग समेत ७ वटा पहाडी क्षेत्र तथा दक्षिणी लिम्बूआनमा पहाडका केही र तराईका सप्तरी र मोरङसमेत २० वटा प्रान्तहरू पर्ने कुराको उल्लेख गरेका छन् ।[१३] यहाँ चेम्जोंगले विजयपुर राज्यलाई लिम्बूआनका रूपमा व्याख्या गरेको देखिन्छ । यता महोत्तरी, खोटांग, सप्तरी र मकवानपुर लगायतका स्थानहरू समेत दक्षिणी लिम्बूआनका रूपमा चेम्जोंगले राखेका छन् । यसबाट लिम्बूआन क्षेत्रका बारेमा शंका उत्पन्न भएको छ । उनले लोहांगसेनले विजय गरेको पूर्वको सेनप्रदेश सवैलाई लिम्बूआनका रूपमा व्याख्या गरेका छन् ।

दश लिम्बूआनका आफ्नै प्रकारका विधान थिए । उनीहरूले किराती मुन्धुममा आधारित भएर विधान बनाएको देखिन्छ । पल्लो किरातको स्थितिका बारेमा पनि सामान्य रूपमा प्रकाशमा आएको देखिन्छ । प्राप्त विवरणअनुसार एउटा कागजातमा पल्लो किरातको वि.सं. १५९७ देखि १८३० सम्मको थिति दिइएको छ । जगदीशचन्द्र रेग्मीले एउटा वि.सं. २०११ सालतिर तयार पारिएको कागजातको विवरण भन्दै पल्लो किरातको थिति झल्काउने विवरण दिएका छन् । उनको विवरणमा के पनि भनिएको छ भने मुकुन्दसेनका मकवानपुर क्षेत्रमा रहने सन्तानलाई यताको शासन सुम्पिंदा विजयपुर र चौदण्डी राज्य खडा भएका छन् । उनको भनाईअनुसार गद्दीमा भने सेन वंशी शासकहरूको अधिकार भए पनि तल्लो तहमा भने किराती मुखियाहरूले आफ्नै किसमपले शासन चलाईरहे । खम्बू र लिम्बू दिवान हुँदा तिनीहरूको आफ्नै प्रकारको शासन भएको र त्यसका बारेमा लेखिएको थिति सम्बन्धी पुरानो कागजातबाट यो थिति वि.सं. २०११ सालतिर उतार गरिएको देखिन्छ भन्ने राय जेसी रेग्मीको छ ।[१४] त्यस तिथिमा निम्नानुसारको किराती शासनको उल्लेख गरिएको पाइन्छ ।

१) दस प्रान्तका राजाले मोरङ राज्यको सेन राजाका लागि मन्त्री चुनेर पठाउने र तिनको कार्यावधि ५ - ५ वर्षको हुने छ । यसमा दस लिम्बूआनलाई दस प्रान्त भनिएको हो ।

---

११. एल्एफ् स्टिलर (सन् १९७५), *द राइज अफ् द हाउस अफ् गोरखा* (काठमाडौं: रत्न पुस्तक भण्डार), पृ. १३६ ।
१२. इमानसिंग चेम्जोंग (सन् १९६७), *हिस्ट्रि एन्ड कल्चर अफ् किरात पिपुल* (काठमाडौं:रत्न पुस्तक भण्डार), पृ. २०७ ।
१३. *उही,* पृ. २ ।
१४. रेग्मी, *पूर्ववत् नं. ८,* पृ. १२८ ।

यसबाट विजयपुरका लागि दश लिम्बूआनबाट ५-५ वर्षका लागि मन्त्रि चुनेर पठाउने चलन रहेको बुझ्न सकिन्छ।

२) बसाईंसराई गरी हिंड्ने मानिसहरूको जहाँ बसाईं जान्छ, त्यस प्रान्तमा रेकर्ड राख्ने नियम पनि यस विधानमा दिइएको देखिन्छ। यसबाट तत्काल जनसंख्याको विवरण अप्टुडेट राख्ने चलन रहेको बुझिन्छ।

३) दसदस वर्षमा जनगणना गरी त्यसको गोश्वारा अभिलेख मोरङ राज्यमा राख्ने भन्ने नियम देखिन्छ।

४) अन्य राज्यका कोही मान्छे दस प्रान्तमा र मोरङ राज्यमा बसाईं आएमा तिनलाई बसोवासको प्रबन्ध मिलाई राख्नु भन्ने नियम छ।

५) किरातीहरूले पानी चल्नेसम्मको छोरीबेटी राखी सन्तान जन्माएमा तिनलाई षचर जात नगराउनु र कुनै किरात वंश पानी नचल्ने जातसँग बेरिएमा त्यसलाई राय, मन्त्री र पञ्च भलाद्मीले दुबो ढुंगा छुवाई शुद्ध गराउनुपर्ने विधान छ।

६) किरात प्रान्तका युवाहरू १३ वर्षका भएपछि प्रत्येक घरका कम्तिमा एकजनाका दरले अस्त्र चलाउन सिक्ने तथा १८ देखि ५० वर्षकाले भने ३-३ महिनाका दरले सेनाको तालिम लिने र गोश्वारा मोरङ राज्यमा १२५ जनाका दरले सेना राख्ने गर्नु पर्ने विधान छ।

७) प्रान्तपिच्छे ३०० सेना वरावर एकजना सरदार र ६ सरदार बरावरको एकजना सेनापति राख्नु पर्ने उल्लेख पाइन्छ।

८) यी सेना तथा सेनापतिलाई मैनावारी तनखाको व्यवस्था राज्यका राजा या मन्त्रीले सालिन्दा आम्दानीबाट दिनु भन्ने विधान छ।

९) पाखो घरधुरीमा कोदाले तिरो अघेली आठ आना, हले तिरो अघेली २ के मुद्रा १ रूपैयाँ र पानी खेतमा मुरी १ के ८ पैसाका दरले लिनु।

१०) सो आम्दानी प्रान्तका राजामन्त्रीले सयकडा दस खाने, बाँकी २ भाग सेनालाई र बाँकी २ भागमा १ भाग भैपरि आएको काममा खर्च गर्न दस प्रान्तका गोश्वारा मोरङ विजयपुरको राजधानीमा लगत दर्ता गरी दाखिल गर्नु।

११) ५ खत बाहेकका मुद्दा प्रान्तिय रायामन्त्रीले हेर्नु, मुद्दा ५ जना पंच राखी छिनोफानो गर्नु र दण्डसजाय गर्दा आधा राजामन्त्री र आधा पंच भलाद्रमीले दामासाहीले बाँडेर लिनु।

१२) विवाहिता स्वास्नी लाने वैरीलाई साधुले ज्यान लिने र नभेटेमा उसको सर्वश्व गरी साधुलाई विवाह खर्च भराईदिने ।

१३) चोरी र डकैति गर्नेलाई पटकैपिच्छे कैद बढाउने र चोरी गरेको विगो दाखिल गर्न नसके सो बिगोमा पनि कैद कट्टाकै दरले कैद गर्नु ।

१४) दस प्रान्तका रायमन्त्रीले राज विद्रोह गरेमा पदाधिकारी भए पदच्यूत तथा पदाधिकारी नभएमा देश निकाला गरिदिने । उपल्लो क्षेत्रका दस प्रान्त र मोरङ राज्यमा वैरीहरू लडाईं गर्न आएमा दस प्रान्तको आम्दानी र मोरङको आम्दानीसमेत जोडी वैरीसँग लडी आफ्नो राज्य कायम गर्नु ।

१५) दुवैले कुनै राज्यमा देश गरी जितेमा त्यसबाट आएको आम्दानी दस प्रान्तका राजा र मोरङका राजाले दामासाहीले बाँडेर लिनु ।

१६) माथ्लो दस प्रान्त र तल्लो मोरङ राज्यका बीचमा सत्यता कबोल गरेको सर्त नाघी फूट भएमा फूट हुने राय राजालाई पदच्यूत गरी देश निकाला गर्नु ।

१७) दस प्रान्तका राय मन्त्रीलाई प्रत्येक ५-५ वर्षको माघ महिनामा मोरङ राज्यमा हाजिर गराई सभा गरी जनताले माग गरेअनुसार सुधार गर्ने र लायक ठहरिएकालाई साविक राखी अन्यलाई मन्त्रीबाट झिकी मन्त्री राख्नु ।

माथिको विधानमा दस प्रान्तका राय राजा भनी दस लिम्बूआनका राजालाई भनिएको हुन सक्तछ । अघि विजयनारायणका पालामा विजयपुर र पहाडका मुरेहांग लगायतका लिम्बूहरूसँग जुन सम्झौता भयो, मोरङ राज्यमा पछिसम्म त्यसै अनुरूप शासन गलेको देखिन्छ । वास्तवमा कोशी पूर्वको पल्लो किरात क्षेत्रमा दस क्षेत्रमा दस लिम्बूवानले शासन गर्दथे ।[१५] तिनीहरू मोरङ विजयपुरमा मन्त्री बन्न पाउँथे भने पहाडी प्रदेशको राज्य पनि सहज रूपमा चलिरहन्थ्यो । उनीहरूलाई त्यता शासन गर्न कसैले पनि बाधाविरोध नगर्ने हुनाले ससाना मुद्दामामिला समेत

---

१५. यहाँ दस प्रान्तका राय राजा भन्नाले कोशीको पहाडी प्रदेशका दस राजा लिम्बूहरूलाई भनिएको हुन सक्ने देखिन्छ । तत्कालका दस प्रान्तका दस राय राजाहरूमा निम्नानुसारका राजाहरू थिए ।
क) तालुकदेन छथरमा खेवोहांग
ख) कुर्नेयोक चौबीसमा माबोहांग
ग) फेदेनयोक पाँचथरमा पापोहांग
घ) हस्तापुरयोकमा लिन्सेहांग
ङ) इलाम फाकफोकमा लोलिमहांग
च) पाक्लावांग फेदाप प्रान्तमा फेयोहांग
छ) आठराई प्रान्तमा आक्लुक राय
ज) ताम्केसुयोक तम्बरखोलामा साम्बोहांग
झ) मोडिदेंगयोक तमोर खोलामा सीसीयेन र
ञ) चेनलुंथोकमा इङ्गहांग ।

त्यतै मिलाउने गर्दथे । त्यस कममा सेनहरूले विजयपुरमा विजय गरेपछि पनि यो कमलाई निरन्तरता दिए भने विजयपुर अलग्गै राज्यका रूपमा स्थापित भएपछि पनि पहाडी भागका दस लिम्बूआनले त्यत्तिकै स्वतन्त्रता पाएका थिए । यसरी मध्यकालभर मोरङको पहाडी भागका दस प्रान्तका स्थानीय किराती शासकले त्यस क्षेत्रमा विना रोकटोक तथा स्वतन्त्रतापूर्वक शासन गरेको देखिन्छ ।

वास्तवमा सेनकालिक विजयपुरको प्रशासन केन्द्रिय शासन र प्रान्तीय शासन गरी दुई भागमा वर्गिकृत थियो । केन्द्रिय शासन विजयपुर वरपरका भेगमा सिमित हुन्थ्यो भने प्रान्तीय शासन विभिन्न प्रान्तहरूमा रहेको देखिन्छ । विशेषगरी १२ किरात र दस लिम्बूआन क्षेत्र सेनकालिक विजयपुरका प्रान्तहरू थिए । शुभसेनका पालामा विजयपुर र मकवानपुर अलग्ग भएपछि कमला नदीको पूर्वतिर विजयपुरले पाएको थियो भने पछि चौदण्डी राज्य विभाजन भएपछि भने कोशी पूर्वको भाग विजयपुरको अधिनमा रह्यो । तर पनि विजयपुरको क्षेत्र मधेश र पहाडमा ठूलो क्षेत्रमा फैलिएको हुनाले यहाँ प्रान्तीय शासनको अवधारणा मज्बुत भएको देखिन्छ । विशेषगरी तत्काल प्रान्तहरू निकै मज्बूत हुन्थे र आफ्नो प्रान्तको सवै प्रशासन आफैं चलाउँथे । विशेषगरी दस लिम्बूआनको यस्तो प्रशासनमा सेन राजाहरूलाई हस्तक्षेत्र गर्ने खासै चासो पनि थिएन । तर पनि विदेशीहरूको आक्रमणको समयमा भने संयुक्त रूपमा प्रतिकार गर्ने सम्झौता भएको देखिन्छ । यसमा खर्च र आम्दानी पनि दुवै पक्षले वरावरीका हिसावले बाँडचुँड गर्ने सम्झौता भएको पाइन्छ ।

विशेषगरी सेन कालतिर प्रशासन चलाउने कममा तराई र भाबरका साथमा पहाडी भागमा भने केही फरक परम्परा रहेको देखिन्छ । तराईतिर जमिन्दारहरूले स्थानीय शासन चलाउँथे भने स्थानीय भद्रभलाद्मीले पनि सरकारी कर्मचारीलाई सहयोग गर्दथे । यसैगरी पहाडतिर भने किरातीहरूलाई सुब्बांगी दिएर लालमोहर गरिदिइएको थियो । तिनीहरूले आफ्नो भेगका अत्यधिकजसो नीति नियम बनाउने, दण्डसजाय गर्ने, कर उठाउने लगायतका कार्यहरू गर्दथे । मान्नलाई राजा मोरङका सेनहरूलाई माने पनि उनीहरू संघात्मक स्वरूपका हुन्थे । उनीहरूको चासो विजयपुरमा हुन्थ्यो । तर विजयपुरका सेनहरूले तिनीहरूको चासो राख्तैनथे । विजयपुरका मुख्य सेनाहरूसमेत किराती हुने भएबाट दस प्रान्त र बाह्र किरातका प्रान्तिय किरात शासकहरू आफूलाई निकै शक्तिशालि रहेको ठान्दथे ।

८.४ सैनिक प्रशासन

सेन कालिक विजयपुरमा जम्मा २ समूह र प्रकारका सेना रहने गरेको बताइन्छ । तिनीहरूमा एक समूह खसक्षेत्रीहरू र मगरहरू समावेश गरेको सेना हुने गर्दथ्यो, जसको संख्या

भने निकै कम हुन्थ्यो । अर्को थरिभने किरातहरूको सेना थिए, जसको संख्या अति धेरै थियो । खस क्षेत्री र मगर सेना दरबार क्षेत्रमा बस्ने तथा राजाहरूको र राजधानीको सुरक्षा गर्ने गर्दथे । तिनीहरूले प्राय नगदै तलब पाउँथे । कतिपयलाई भने जागिरका रूपमा जमिन पनि दिइएको हुन्थ्यो । यता किराती सेनाको संख्या भने अति धेरै करिव ९० हजार भएको उल्लेख पाइन्छ । यसमा तिनीहरू विदेशी शक्तिसँगको लडाइँका क्रममा मात्र काममा आउने तर नियमित रूपमा भने ५ देखि ६ हजारजति मात्र रहने उल्लेख पाइन्छ ।[१६] तत्काल सेनाहरू पनि गजसेना, पैदल सेना र घोडचढी सेना गरी विभिन्न भागमा वर्गिकृत थिए ।

विजयपुरे सेनकालमा किरातहरू प्रधानमन्त्री हुने र सेन राजा हुने सम्झौताअनुरूप काम भए पनि यदाकदा त्यस सम्झौतालाई उलंघन गरेका उदाहरण पनि पाइन्छन् । यसबाट तत्कालको परिस्थितिमा असहज वातावरणको सृजना हुने गरेको देखिन्छ । जस्तो एक पटक शुभसेनले लोहांगसेनको सम्झौता उलंघन गरी किरातीका बदलामा अन्य समुहका मन्त्री नियुक्ति गरेका थिए, जसको परिणाम स्वरूप मकवानपुरबाट विजयपुर अलग्ग राज्यका रूपमा परिणत हुन पुग्यो । यसैगरी विजयपुरका दिवान विचित्र रायले कामदत्त सेनलाई तिब्बततिर भाग्न बाध्य पार्नुका साथै बुद्धिकर्ण राय त राजाभन्दा शक्तिशाली बनेका मात्र नभई राजाका रूपमा नै काम गर्न लागेका थिए ।[१७] विजयपुरको मुख्य सेना किरातीहरू हुने गरेको र त्यसैको भरमा बुद्धिकर्ण रायले आफैं राजा भएजस्तो गरी व्यवहार गर्ने गरेको परिणामस्वरूप नै बुद्धिकर्ण रायको व्यवहारदेखि मानिसहरू दिक्क भए र गोरखालीहरूलाई सघाउन पुगे । यसको परिणाम स्वरूपनै विजयपुर सहज रूपमा गोरखालीहरूको अधिनमा परेको देखिन्छ । तर पनि किराती सेनाहरूले भने सेन राजाहरूका विरूद्धमा कुनै पनि प्रकारका कार्यहरू गरेका उदाहरण विजयपुरको इतिहासमा पाइएका छैनन् ।

विजयपुरमा खस र मगर सेनाको नियुक्ति राजाहरूले गर्दथे, जसको संख्या निकै कम हुन्थ्यो । तिनीहरू वेतनभोगि पनि हुन्थे । यसैगरी तिनका साथमा बन्दुक लगायतका आधुनिक हतियारहरू रहन्थे । राजाको रक्षा गर्नुको साथमा राजधानीमा बस्नु र राजधानिको शान्तिसुरक्षा गर्नु तिनीहरूको कर्तव्य हुन्थ्यो । तिनीहरू राजाप्रति बफादार हुने भए पनि यदाकदा मन्त्रीहरूसँग पनि बफादार रहने गरेको पाइएको छ । यसैगरी विजयपुरमा रहने अर्को प्रकारका सेनाहरू किराती थिए ।[१८] तिनीहरूको संख्या माथि बताइएअनुसार ठूलो भए पनि नियमित सेना भने कम हुनेहुँदा तिनीहरू नियमित रूपमा किल्लामा बस्तथे । तर आवश्यकता परेको समयमा थप सेना तयार पारी तुरन्त काममा लगाउने चलन थियो ।

---

[१६] ह्यामिल्टन्, *पूर्ववत् नं. ४*, पृ. १५० ।
[१७] टंकबहादुर राई *(२०६०), किरात इतिहासको रूपरेखा* (काठमाडौं: उत्तरकुमार चाम्लिंग), पृ. ९४ ।
[१८] *उही ।*

८.५ न्याय प्रशासन

विजयपुरमा सेनकालिक न्याय व्यवस्थाको चर्चा गर्दा के देखिन्छ भने न्याय व्यवस्थाको प्रमुख राजा हुने गर्दथे । राजाले नै न्यायाधिश र दिशाली पनि नियुक्ति गर्ने चलन रहेको देखिन्छ । त्यस्तै तत्काल घरघरमा गएर मुद्दामामिला हेर्ने चलन पनि रहेको बुझिन्छ । गोरखातिर भने पन्त, बोहरा, पाण्डे, अर्याल र खनाल थरका भारदारलाई थरघर भनिएको पाइन्छ ।[१९] पाल्पा लगायत सेन राज्यमा भने रेग्मी, खनाल, भट्टराई र नेपाल लगायतका थर भएका वितावालाले गाउँघरमा स्थानीय मुद्दामामिला हेर्ने गर्दथे । तसर्थ सेनहरूले भने तिनीहरूलाई थरघर भनेको हुनसक्ने देखिन्छ । यसरी विजयपुरे सेनहरूले पनि मानिसहरूलाई अड्डाअदालत धाउने झन्झट गर्न नपरोस भनी गाउँघरमा नै ससाना मुद्दामामिला मिलाउने व्यवस्था गरेको देखिन्छ ।

विजयपुरे सेनहरूका समयमा न्यायको प्रमुख राजानै हुन्थे । राजाले बोलेको कुरा कानुन मान्ने चलन तत्काल चलेको थियो । तत्काल विजयपुर राज्यको केन्द्रमा न्याय सम्पदन गर्न ४ जना विचारीहरू राखिएका हुन्थे ।[२०] तिनीहरूको एउटा न्यायिक समितिनै रहन्थ्यो । विचारीले राजाका प्रत्येक प्रशासनिक क्षेत्रमा सहायकहरू राखेका हुन्थे । तिनीहरूभन्दा तल द्वारे रहन्थे भने कोतवाला र हल्काराको व्यवस्था पनि त्यसैअनुरूप गर्ने चलन थियो । न्याय प्रशासनमा विचारीहरूको ठूलो भूमिका रहन्थ्यो । द्वारेले भने अपराधीको खोजी गर्ने र पक्रिएर ल्याउने गर्दथे । कोतवाल र हल्काराले तिनीहरूलाई अपराधि खोजी गर्न तथा पक्रनमा सहयोग गर्ने गर्दथे ।

सेनकालिक विजयपुरमा हिन्दू कानुन चल्दथ्यो । हिन्दू धर्म शास्त्रमा व्यवस्था गरे अनुसारको न्याय प्रणाली सेनहरूले अंगिकार गरेको देखिन्छ । तर यसको पहाडी प्रदेशमा भने न्याय प्रणाली केही फरक थियो । दस प्रान्त र बाह्र किरातका स्थानीय शासकहरूले ती भेगमा किराती मुन्धुम अनुसार न्याय प्रशासनलाई व्यवस्थित पार्ने गरेको देखिन्छ ।[२१] आफ्नो प्रदेशका सम्पूर्ण झैझगडा आफैले मिलाउने चलन रहेको भए पनि किराती शासकहरूले देशद्रोह र मृत्यूदण्ड दिने खालका मुद्दाहरू छिनोफानो गर्न भने केन्द्र विजयपुरमा पठाउने गर्दथे । तत्काल लोहांगसेनले सिक्किम र तिब्बतको केही भाग समेत आफ्नो अधिनमा लिएका थिए । त्यसलाई समेटेर विजयपुर राज्यलाई मोरङ र चैनपुर गरी २ भागमा विभाजन गरिएको थियो । विशेषगरी विजयपुरको पहाडी भागको मुद्दामामिला लगायतका सम्पूर्ण न्यायिक कार्य चैनपुरबाट गरिन्थ्यो भने चुरे र भाबरको भने विजयपुरबाट चल्दथ्यो । स्थानीय रूपमा समेत पंच भलाद्मी राखी मुद्दामामिला फैसला गर्ने गरिन्थ्यो । नयाँ कानून बनाएमा त्यसलाई लिपिबद्ध गर्ने र झ्याली

---

१९. नयराज पन्त र अरूहरू (वि.सं. २०४५), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* (काठमाडौं: जगदम्बा प्रकाशन), पृ. १०९ ।
२०. ह्यामिल्टन, *पूर्ववत् नं. ४,* पृ. १५० ।
२१. *उही* ।

पिटाएर गाउँ र राजधानीमा सुनाउने चलन पनि थियो । सामान्यतया कटवालले नयाँ कानुनको जानकारी गाउँटोलमा दिने गर्दथे ।

सेन कालिक विजयपुरको प्रशासन संघात्मक ढंगको थियो । त्यसमा स्थानीय स्वायत्तताको अंश अति मजबुत रहेको देखिन्छ । विकेन्द्रिकृत शासन रहनु सेन कालिक विजयपुरको प्रशासनको अर्को विशेषता थियो । यसैबाट यस भेगको शासन प्रणाली निकै मज्बुत पनि बनेको पाइन्छ । यसको एउटामात्र नकारात्मक पक्ष भनेका राजा र भारदारका बीचको झगडा थियो । यस बाहेक अन्य प्रशासनिक व्यवस्था भने संघात्मक, प्रजातान्त्रिक र विकेन्द्रिकृत तरिकाको रहेको देखिन्छ ।

८.६ ग्राम र किल्ला प्रशासन

मध्यकालताका केन्द्रिय शासन सरहनै शहर र ग्राम शासनको पनि अलग्गै व्यवस्था गर्ने चलन थियो । विशेष गरी त्यस समयमा शहरको प्रशासन परमानले चलाउँथ्यो । तिनको नियुक्ति भने राजाबाट गरिन्थ्यो । राजधानी क्षेत्रनै शहरी क्षेत्र हुने हुँदा सेनकालतिर परमान राजधानी क्षेत्र या शहरमानै वस्तथे । सेनकालिक विजयपुरमा परमानको व्यवस्था थियो या थिएन भन्ने स्पष्ट छैन । तर पनि अन्यत्रको मध्यकालिक परम्परा अनुरूपनै विजयपुरमा पनि परमान पदको ब्यवस्था भने रहेको हुन सक्तछ । परमान या प्रमाण मन्त्रीसरहको पद हुन्थ्यो र त्यो पछिल्लो कालको वडाहाकिम सरहको पद मानिन्थ्यो । मध्यकालतिर प्रमानले शान्तिसुरक्षाका लागि सिपाहीहरूको तयारी गर्ने र अन्य प्रकारका व्यवस्था गर्नुपर्ने कार्य रहेको देखिन्छ ।[२२] परमान सरह द्वारेहरूको व्यवस्था पनि मध्यकालिक प्रशासनिक व्यवस्थामा रहेको देखिन्छ । यसमा परमानका सहायकका रूपमा द्वारेहरूले काम गर्नु पर्दथ्यो । तिनीहरूले परमानको सहायक भई काम गर्ने र साना खालको वस्तिमा काम गर्ने जस्ता २ प्रकारका काम गर्ने द्वारेहरू तात्कालिक प्रशासनिक व्यवस्थाअनुसार रहन्थे । यता दुवालले किल्लाको जीर्णोद्धार र संरक्षण गर्नुपर्ने जस्ता विषयवस्तु उल्लेखित अभिलेखहरू समेत काठमाडौं उपत्यकामा पाइने हुँदा किल्ला र ग्राम प्रशासन एक अर्कामा अन्तरसम्बन्धित भएको अनुमान गर्न सकिन्छ । यसका साथमा उपत्यकाको साथमा अन्यत्रका राज्यहरूसँग पनि मध्यकालिक प्रशासनिक व्यवस्था धेरै हदसम्म मिल्दोजुल्दो रहेको देखिन्छ । पूर्वी नेपालको विजयपुरे सेनहरूको शासन कालमा पनि त्यस्तै प्रचलन थियो भन्न सकिन्छ ।

सेनकालतिर ससाना वस्तीहरूमा गाउँको प्रशासन मिलाउन द्वारे या दुवाल र कोटको नायक कट्नायक या कट्वालको व्यवस्था गरिन्थ्यो । राज्यको तर्फबाट कर्मचारीका रूपमा नियुक्त हुने तिनीहरूले जागिरका रूपमा जमिन पाएका हुन्थे । यसै गरी नगद तलब खान्कीखर्च पाउने

---

२२. रेग्मी, *पूर्ववत् नं. ८,* पृ. १५१ ।

खालका कर्मचारी पनि रहने गर्दथे । तिनीहरू थानेदारका रूपमा समेत रहन्थे ।[२३] तिनीहरूलाई किल्लाको संरक्षण गर्ने, गाउँको प्रशासन चलाउने तथा अपराधिलाई पक्रने र राज्यसामु प्रस्तुत गर्ने सम्मका अधिकारहरू दिइएका हुन्थे । राज्यबाट जारी गरिएका कानुन कटुवाल द्वारानै गाउँसम्म पुऱ्याइन्थ्यो । कोटको नायक भएकाले कट्वालहरूको बसोवास किल्लाको छेउछाउमा नै हुने गर्दथ्यो । सेन कालिक विजयपुरमा तिनीहरू राजाको नजिकको कर्मचारी भएर पनि काम गर्ने गर्दथे । यस्तो व्यवस्था मध्यकालिक टुके प्राय सवैजसो राज्यहरुमा गरिएको पाइन्छ । यता विजयपुर भेगको प्रशासनिक इतिहास अध्ययनका स्रोतहरुको निकै ठूलो अभाव रहेकाले अन्य सामग्रीले पुष्टि नगरेसम्मका लागि विजयपुर भेगमा पनि यस्तै व्यवस्था रहेको अनुमान गरिएको हो ।

सेन कालतिर विजयपुर भेगमा प्रत्येक सानाठूला वस्ति क्षेत्रमा किल्लाहरू बनाएर गाउँको प्रशासन चलाउने, कर उठाउने, शान्तिसुरक्षा दिने, राजाज्ञा लागु गराउने र अपराधिलाई पक्रिएर केन्द्रमा पठाउने कार्य गरिन्थ्यो । किल्ला या गढीबाट नै सीमा सुरक्षा र शान्ति तथा सुरक्षा व्यवस्था पनि मिलाइन्थ्यो । राज्यभर निर्मित त्यस्ता गढी र किल्लाहरूमा सिपाहीहरू र सुरक्षाकर्मीहरू पनि नियुक्त गरिएका हुन्थे । चौकी तथा चेकपोष्टको व्यवस्थासमेत त्यसै अनुसरूप गरिएको हुन्थ्यो । प्रहरीको काम भने कटुवालले चलाउँथे । तत्काल चौधरी, थरी, जिम्मावाल, मुखिया या थानी स्थानीय प्रशासक हुन्थे । सेन कालमा तराईमा प्रगन्नाहरू थिए, जहाँ जमिन्दार र चौधरीहरूले कर उठाउने र स्थानीय प्रशासन चलाउने गर्दथे । पहाडी भागमा भने सुब्बा, मुखिया र थानीहरू रहन्थे । निश्चित स्थानको प्रशासनलाई स्थानी, थानी र ठानी मानियो । यसै गरी तिनका प्रशासनिक केन्द्रका रूपमा भने स्थान, थान, ठान र ठाना बनेको हो ।

सेनकालतिर विजयपुर राज्यमा थुप्रै गढीहरू रहेका देखिन्छन् । तिनीहरूमा प्रमुख भने निम्नानुसारका थिए ।

क) साँगुरी गढी

सेन कालिक विजयपुरका थुप्रै प्रकारका गढीहरूमध्ये साँगुरीगढी निकै प्रख्यात छ । समुद्र सतहदेखि करिव ६००० फिट उचाईमा रहेको यो गढी सुनसरीको धरान बजारदेखि करिव ५ किलोमिटर उत्तरमा पहाडको टाकुरामा पर्दछ । मोरङबाट विजयपुरको उत्तरी प्रान्तहरूमा जाने नाकाका रूपमा रहेको यो गढी भेडेटारदेखि करिव २.५ किलोमिटर पश्चिममा पर्दछ । मधेशपहाड पैदल यात्रा गर्दा काट्नुपर्ने साँगुरो भञ्ज्यांगलाई साँगुरी भञ्ज्यांग भनिएको हो ।[२४] यसैगरी त्यस

---

२३. *उही ।*

२४. सोमप्रसाद खतिवडा (वि.सं. २०७०), *कौशिकी संस्कृति* (चतराः जगद्गुरु पीठ), पृ. ४० ।

भञ्ज्यांगको छेउको गढीको नाम साँगुरी गढी रहेको देखिन्छ । यसैका आधारमा यस गढीलाई पनि साँगुरीगढी भनिएको हो ।

साँगुरीगढी सेनकालिक विजयपुर राज्यको सवैभन्दा महत्वपूर्ण किल्लाका रूपमा रहेको देखिन्छ । कोशी पूर्वको तराई र पहाडलाई छुट्याउने तथा दुवैतिरको दृश्य अवलोकन गर्न सकिने यो गढी सामरिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ । विजयपुर राज्य स्थापना हुनुभन्दा अगाडि देखिनै अस्तित्वमा रहेको यो गढीको स्थापना अघि मुरेहांग नामक किराती शासकले गरेको हो भन्ने लोकोक्ति पाइन्छ ।[२५] तिनले मधेशतिर पनि आफ्नो प्रभुत्व जमाएपछि यसलाई मधेश र पहाडको बीचको भञ्ज्यांगका रूपमा प्रयोग गरिन्थ्यो र त्यसै छेउमा यो गढी निर्माण गरिएको थियो । दश प्रान्तका लिम्बू शासकहरूको दक्षिणी तथा विजयपुरको पहाडतिरको नाकाका रूपमा साँगुरीगढीमा सेन कालभर किराती सेनाहरूले पहरा दिने गर्दथे । सेन किरात सम्झौताअनुसार विजयपुरमा कुनै बाहिरी शक्तिले आक्रमण गर्न आएमा त्यहाँ रहेका किराती सेनाले विजयपुरको रक्षा गर्ने तथा यसलाई बाहिरी शक्तिबाट जोगाउने गर्दथ्यो ।

साँगुरीगढी साँगुरी डाँडामाथि अवस्थित छ । करिव २०० मिटरको घेरामा निर्मित यो गढी प्रस्तरबाट निर्मित छ (हेर्नुहोस्, चित्र सं. १०) । पहाड र तराई दुवैतिर देखिने यस गढीको स्थापना सत्यराजाले गराएको मानिन्छ । पछि मुरेहांगले पनि यसको मरम्मत गराएका थिए । विजयपुर राज्यको स्थापना पछि यसको महत्व अझ बढेर गयो । एकीकरणपछि पनि यस गढीको मरम्मत सम्भार बेलाबेलामा हुने गरेको देखिन्छ ।

साँगुरीगढीलाई विजयनारायणभन्दा अगाडि सत्य राजाले उपभोग गरेको बताइन्छ । उक्त गढी नेपाल एकीकरणपछि पनि महत्वपूर्ण गढीका रूपमा अस्तित्वमा रह्यो । ह्यामिल्टनले उनको यात्रा कालसम्म पनि साँगुरीगढी सामरिक महत्वको स्थानका रूपमा रहेको दिएका छन् । नेपाल एकीकरणपछि पनि लामो समयसम्म प्रयोगमा ल्याइएको पूर्वी नेपालको मुख्य गढीनै साँगुरी गढी थियो ।[२६] सेनकाल भर विजयपुर दरबारको संरक्षण गर्दा यो गढीको पनि संरक्षण गर्ने गरिन्थ्यो । एकीकरणपछि लामो समयसम्म यसै स्थानमा बसेर मोरङको प्रशासन चलाएको हुनाले यसको संरक्षण पनि भएको देखिन्छ । जस्तो वि.सं. १८६५ जेष्ठतिर सरदार भैरवसिंह खवासले यसै स्थानतिर बसेर विजयपुर भेगको प्रशासन हेरेको पाइएको छ ।[२७] तर कालान्तरमा यस गढीबाट सेना हटाइयो र यो गढी ध्वस्त हुँदै गयो । आज आएर यसको संरक्षणमा पुन चासो राख्न थालिएको छ । यहाँबाट धरान बजारका साथमा तराईको राम्रो दृश्य र पहाडी सुन्दरताको पनि

---

[२५] धरान विजयपुरका संजय कोईरालाका अनुसार, मिति २०६८/५/८ ।
[२६] ह्यामिल्टन, *पूर्ववत् नं. ४*, पृ. १५१ ।
[२७] रेग्मी, महेशचन्द्र (सन् १९९९), *इम्पेरियल गोरखा* (नयाँ दिल्ली: एड्रोइट पब्लिसर्स), पृ. ८१ ।

अवलोकन गर्न सकिने हुनाले यसको महत्व बढेर गएको हो । यसको माथ्लो अर्को चुचुरामा पाथिभरादेवीको मन्दिर निर्माण गरिएको छ भने धनकुटाका नाम्जे र भेडेटारजस्ता प्रसिद्ध स्थानहरू यसैको छेउछाउमा रहेका छन् । महाभरा, आहाले र सिद्धाश्रमतिर जाने मोटरबाटो यसै स्थानबाट गएको छ । यस गढीमा पूर्वी नेपालका सेन र किरात शासकहरूको इतिहास जोडिएको छ भने नेपाल एकीकरणताका पनि यो स्थान कोशी पूर्वको सवैभन्दा महत्वपूर्ण किल्लाका रूपमा थियो । तसर्थ यस किल्लाको विशेष महत्व रहेको छ । हाल आएर स्थानीय मानिसहरू यसका बारेमा खोजी गर्ने तथा यसको संरक्षण गर्ने कार्यमा जुटेका छन् ।

ख) लालकोट रंगमहल गढी

सेनकालिक विजयपुरको ज्यादै महत्वपूर्ण गढी लालकोट रंगमहल थियो, जुन स्थान हाल धेरै मानिसहरूको स्मरणभन्दा पर पुगिसकेको छ । तर मध्यकालतिर विजयपुर दरबार क्षेत्रमा दरबार र राजामहाराजाको रक्षाका लागि स्थापना गरिएको यस किल्लाको विशेष महत्व रहेको पाइन्छ । चौदण्डीगढीको सिधै पूर्वतर्फ कोशीवारी अवस्थित यो किल्ला पनि मध्यकालतिर विजयपुरका सेनहरूको समयमा निर्माण गरिएको थियो । त्यस किल्लाबाट चारैतिरको दृश्य राम्रोसँग देख्न सकिन्छ । कोशी पारीबाट आउने, भारत तिरबाट, बंगालबाट र अन्य विभिन्न दिसाबाट विजयपुरमा आउने शत्रुहरू टाढैबाट सजिलैसँग यस किल्लाबाट देख्न सकिन्थ्यो । तसर्थ यसको सामरिक महत्व पनि ज्यादा रहेको हो । प्राचीन र मध्यकालमा वराहक्षेत्र जानेआउने बाटामा पर्ने, विजयपुर दरबार भेगमा पर्ने तथा केही सुगम किल्लाको रूपमा लालकोट रंगमहल पर्दथ्यो । सूर्यकुण्ड, भवानीथान, आदिवराहस्थान, कुब्जाम्र, लटेनीथान र अन्य ऐतिहासिक तथा धार्मिक महत्वका स्थानहरू त्यसै किल्ला क्षेत्रमा पर्दछन् । त्यस किल्ला छेउमा पुरानो एउटा तोप अझसम्म पनि अलपत्र रूपमा छाडिएको देखिन्छ । विजयपुर राज्यको पतन र नेपाल एकीकरणपछि विजयपुरबाट मोरङको सदरमुकाम हटाइएपछि यस भेगमा बसोवास गर्ने मानिसहरू अन्यत्रतिर बसाईं सरेर गएकाले यो स्थान उजाड हुँदै गयो र यस किल्लालाई मानिसहरूले भुल्दै गए । तसर्थ आज यसको संरक्षण गर्न ढिला भईसकेको छ ।

लालकोट रंगमहल सम्भवत लोहांगसेनको पालामा निर्माण गरिएको किल्ला थियो । सूर्यकुण्ड छेउमा डाँडामाथि लालकोट थियो भने त्यसको केही तल फाँटमा रंगमहल थियो । तसर्थ लालकोट र रंगमहल विजयपुरका एकै स्थानमा रहेका किल्ला र महलह थिए । लालकोट माटो र प्रस्तरबाट निर्मित थियो । विजयपुरमा सेनहको अस्तित्व रहुन्जेलसम्म यसको ख्याति समान रूपमा

बढेर गयो । कालान्तरमा विजयपुरको पतनका साथमा यो किल्ला पनि महत्वहिन हुँदै गयो र यसलाई मानिसहरूले भुल्दै गए । यो किल्ला करिव २० मिटरको घेरामा निर्मित थियो ।[२८]

सेनकालमा लालकोट रंगमहल चौदण्डा गढीका नामले पनि चिनिन्थ्यो । वराहक्षेत्रको नजिक तथा वराहपर्वतमा पर्ने यो किल्ला निकै आकर्षक स्थानमा पनि थियो । यस किल्लाबाट बाहिरी आक्रमणभन्दा पनि विजयपुर दरबारको रेखदेख र सुरक्षा ज्यादा मात्रामा गरिन्थ्यो । तसर्थ यस स्थानमा खस र मगर सेनाहरूको ज्यादा प्रभाव रहन्थ्यो । यसका दक्षिणतिरको फाँटमा विजयपुर दरबार थियो, जहाँबाट त्यसदेखि दक्षिणतिरका अन्य किल्लाहरू पनि राम्रोसँग देखिने गर्दथे । सेनहरूको पतन विजयपुरबाट हुनासाथ यस किल्लाको पनि विनास हुँदै गएको हो ।

ग) धनपालगढी

धनपालगढी हाल मोरङ जिल्लाको कसेनी गाविसमा पर्दछ । यो गढी मध्यकालताका विजयपुरमा सेनहरूको राज्य स्थापना हुनुभन्दा अगाडि यहाँका स्थानीय धनपाल नामक रजौटाले बनाएको गढी मानिन्छ । यसलाई धनपालको दरबारक्षेत्र पनि मान्ने गरिएको छ । दोरलोक्ना खोलाको किनारी भागमा रहेको यो गढीको स्थापना करिव इसाको १४ औं शताब्दितिर गरिएको मानिन्छ । दोरलोक्ना र लोहान्द्रा खोलाका बीचमा पर्ने धनपालगढीका बारेमा स्थानीय एउटा किंवदन्तीले केही विवरण दिएको देखिन्छ, जसले धनपालको सम्बन्ध अल्लाह रूदल नामक मुशलमान शासकसँग जोडेको छ, जसअनुसार राजा धनपाल अल्लाह रूदलकी छोरी फुलवा देवीसँग प्रेम गर्दा रहेछन् । उनलाई स्थानीय किंवदन्तिहरूमा पूर्वत फर्बाट यस स्थानमा आएको वताइएको छ । यसले उनीहरूलाई कुचबिहार तिरबाट त्यता आएको संकेत गर्दछ ।

किंवदन्तिमा पाइएअनुसार फुलवादेवीलाई भगाएर साथमा ल्याएका धनपालले यस गढीमा दरबार बनाएछन् र त्यसै स्थानमा बसेर शासन गर्न लागेछन् । पछि अल्लाहरूदलले जाशुसमार्फत धनपाल र आफ्नी छोरी फुलवादेवी यस स्थानमा आएको पत्ता लगाएछन् र उनी पनि आफ्नी छोरीलाई भगाएर ल्याउनेलाई बदला लिनका लागि यस स्थानमा आई पुगेछन् । प्रचलित किंवदन्ती अनुसार अल्लाहरूदल एकजना स्त्रीको भेषमा यहाँ आएका रहेछन् र धनपालको नित्य कर्म पनि पत्ता लगाएछन् । त्यसबेला धनपालले नित्य रूपमा एकजना ठाकुरसँग दाह्रीजुँघा खौरने गरेका रहेछन् । तसर्थ अल्लाहरूदलले पुन भेष बदलेर ठाकुरको भेषमा धनपालको दाह्री खौरन जाने कार्य गरेछन् । यसै क्रममा उनले धनपालसम्म पुगेर उनको हत्या गर्ने सवैभन्दा उत्तम उपायका रूपमा लिएछन् । यसै क्रममा उनी एकदिन ठाकुरको भेषमा धनपालको दाह्री खौरन भनी दरबारभित्र पसेछन् । यसै क्रममा उनले धनपालको घाँटीको नसा काटेर मारेछन् र आफ्नी छोरी

[२८] चतराका श्री ॐ शर्माबाट प्राप्त जानकारीअनुसार, मिति २०७०/१/४ ।

फुलवादेवीलाई लिएर आफ्नो दरबारतिर गएछन् । किंवदन्ती अनुसार त्यसै समयदेखि धनपालगढी सुनसान हुँदै गएछ ।

धनपालगढी नदीले घेरिएको किल्ला हो । यो किल्ला दोरलोक्ना र लोहान्द्रा नदीबाट घेरिएको छ । यस गढीको निर्माण आजभन्दा करिव ७०० वर्ष पहिलेतिर राजा धनपालले गराएको मानिन्छ । यी दुईवटा खोलालाई पूर्व र पश्चिमको सिमाना बनाउँदै ठूलो पर्खाल लगाएर यो किल्ला मज्बुत रूपमा निर्माण गरिएको देखिन्छ । पर्खालको घेरा करिव ३५ बिगाहा जमिनमा छ भने यसको पर्खालको मोटाई भने ६ देखि ७ फिटसम्म पनि छ । राजा मुरेहांगले यो गढी ध्वस्त बनाएको किंबन्ति पाइन्छ ।[२९]

माथि दिएको धनपालका बारेको किंवदन्तिमा पाइने सत्यताको अंश भने परीक्षण भएको देखिदैन । यसैगरी अर्को एउटा प्रसंगमा अघि राजा धनपालले त्यस स्थानमा शासन गर्ने गरेको तथा पहाडका राजा मुरेहांगले मोरङमा विजय गर्ने क्रममा उनले तिनको दरबार विनास गरेको पनि बताइएको छ । यसमा पनि केही सत्यताको अंश भने रहन सक्तछ । यसरी जे भए पनि हालसम्म पनि धनपालगढी एउटा महत्वपूर्ण किल्लाका रूपमा रहेको देखिन्छ । त्यो किल्ला सेन कालतिर विजयपुर राज्यभित्र पर्दथ्यो । सम्भवत सेनहरूको समयमा पनि स्थानीय रजौटाहरूले त्यस स्थानमा बसेर स्थानीय शासन गरेको हुन सक्तछ । तर यसका बारेमा राम्रोसँग उत्खनन् नभएसम्म थप विवरण दिन असंभव छ । हाल त्यस स्थानमा राजा धनपालको एउटा मन्दिर बनाइएको देखिन्छ (हेर्नुहोस्, चित्र सं. ११) । त्यस मन्दिरभित्र राजा धनपालको मूर्ति राखिएको छ ।

घ) हरिश्चन्द्रगढी

मोरङको डाइनिया गा. वि. स. वडा नं. ३ मा नेपाल भारत सिमानाको नजिकै हरिश्चन्द्रगढी पर्दछ । विराटनगरदेखि करिब ३३ किमी दक्षिणपूर्वमा पर्ने डाईनिया चोकदेखि दक्षिणतिर हरिश्चन्द्रगढी छ । यसको पुरातात्विक महत्वको मूल स्थान भने त्यहा"देखि करिब ३ किलोमिटर दक्षिणमा नेपाल भारत सिमानामा पर्दछ । हरिश्चन्द्र गढीदेखि करिब ५०० मीटर दक्षिणमा भारत बिहारको सिमागाउ" सिक्टी पर्दछ, जुन स्थाननै लामो समयसम्म पूर्वी नेपालको मुख्य बजार केन्द्रका रूपमा स्थापित थियो । हरिश्चन्द्रगढीमा मुख्य रूपमा तीनवटा पुरातात्विक ढिस्काहरू रहेका छन् । यहा"को मुख्य गढी नजिकै अन्य दुईवटा पुरातात्विक भग्नावशेषयुक्त ढिस्काहरू पनि छन् । तर उचित संरक्षण, सम्बर्द्धन र खोजको अभावमा त्यहा"का पुरातात्विक वस्तुहरू दिनहु"जसो नाशिदै र हराउँदै गैरहेका छन् । त्यस भेगमा मुख्य रूपमा आदिवासी

[२९] सोमप्रसाद खतिवडा (वि.सं. २०६८), *राजा धनपालको इतिहास* (विराटनगरः अनुसन्धान विकास केन्द्र), पृ. ५७ ।

राजवंशी र मुसलमानहरूको बसोवास रहेको छ । यस बाहेक केही अन्य स्थानीय तराईवासीहरू पनि यस भेगमा बसोवास गर्ने गर्दछन्, तर उनीहरूको संख्या भने नगन्य रहेको छ ।

स्थानीय मानिसहरू अघि त्यस स्थानमा राजा हरिश्चन्द्रको गढी भएको चाहिं बताउ"छन् । स्थानीय मानिसहरूका विचारमा त्यस भेगमा विगतमा फा"सी दिने र सुली चढाउने सम्मका काम पनि हुने गर्दथे । वास्तवमा हरिश्चन्द्रगढी विगतमा हरिश्चन्द्र नामक स्थानीय सामन्तको क्षेत्र रहेको हुन सक्तछ । उनी मोरङको रङ्गेली भेगका सामन्त पनि हुन सक्तछन्, जुन कुरा हालसम्म पनि खोजकै विषयका रूपमा रहेको छ । मोरङ विजयपुरको इतिहासमा हरिश्चन्द्र नामक राजाले शासन गरेको प्रमाण नपाइने हु"दा राजा हरिश्चन्द्र मध्यकाल तिरका स्थानीय सामन्त शासक थिए भन्ने अनुमान छ । जुन बेला धनपाल लगायतका शामन्त शासकले अन्य स्थानमा शासन गरेका थिए, त्यसै बेला यस भेगमा भने हरिश्चन्द्र स्थानीय सामन्त शासक रहेका हुन सक्तछन् । कालान्तरमा उक्त स्थाननै हरिश्चन्द्रगढीका नामले प्रख्यात भएको अनुमान गर्न सकिन्छ ।[३०]

राजा धनपालको हाराहारीको समयका हरिश्चन्द्र नामक स्थानीय शासकले हरिश्चन्द्र गढीको निर्माण गराएको मानिन्छ । आजभन्दा करिब ७०० वर्ष अगाडितिर निर्मित उक्त गढीका अवशेषहरू निकै ठूलो क्षेत्रमा फैलिएका देखिन्छन् । यसमा मुख्य गढीको पुरातात्विक ढिस्को भने करिव एक कठ्ठाको क्षेत्रफलमा फैलिएको छ । माटो र इँटाबाट निर्मित यो गढी पूर्ण पमा विनास भएर गएको छ । यस गढीको एउटा मुख्य ढिस्कामा एउटा विद्यालय भवन निर्माण गरिएको छ ।

विजयपुरे सेनहरूको समयसम्म त्यस गढीको अस्तित्व रहेको देखिन्छ । बुद्धिकर्ण राईले विजयपुरमा राजाकै हैसियतमा शासन गर्न लागेपछि तिनका भाइभारदाहरू भागेर विभिन्न स्थानमा जाने क्रममा एकजना भारदार हरिश्चन्द्रगढीतिर पनि गएको देखिन्छ । सम्भवत यो गढी हालको हरचनगढीनै हुन सक्तछ । हरचनगढी नेपाल एकीकरण पश्चात् पनि मोरङको नेपाल भारत सिमानामा पर्ने मुख्य नाका थियो । मोरङको सदरमुकाम रङ्गेलीमा सारिएपछि त यो स्थानको महत्व झन बढेर गयो । मोरङ भेगका भन्सार कार्यालयहरू यसै स्थानमा स्थापना गरिएका थिए । कालान्तरमा भारतको जोगवनी नाका खुलेपछि यस स्थानको चल्ति कम हु"दै गयो र यस स्थानलाई मानिसहरूले भुल्दै गए । यस आधारमा हरचनगढीको सम्बन्ध मध्यकालिक मोरङको राजधानीस"ग जोडिएको पाइन्छ ।

रंगेलीमा मध्यकालको उत्तरार्धीतिर नै बसोवासको सुरूवात भएको थियो । त्यस बखत रंगेली भेगबाट भारतका विभिन्न स्थानतिर जाने बाटामा हरिश्चन्द्रगढी पर्दथ्यो । त्यस्तै

[३०] विराटनगर निवासी श्री हरिकृष्ण शाक्यले दिएको जानकारीअनुसार, मिति २०६८/११/३ ।

सुगौलीसन्धि पश्चात पूर्वी नेपालको भारततर्फ जाने बाटो पनि त्यतैबाट रहेको हुन सक्तछ । यसले गर्दा हरिश्चन्द्रगढीमा सामान्य बस्ति बसेको थियो । मोरङको सदरमुकाम रंगेली हु"दा पनि त्यसै बाटोबाट भारततर्फ आवतजावत गर्ने चलन थियो । तसर्थ हरिश्चन्द्रगढी विगतमा निकै प्रख्यात स्थान थियो भन्ने बुझ्न सकिन्छ ।

हरिश्चन्द्रगढीको प्रमुख पुरातात्विक अवशेष करिव ३ फिट अग्लो ढिस्कोका रूपमा रहेको देखिन्छ । त्यसका छेउका अन्य दुई ठाउ"मा पनि त्यस्ता ढिस्काहरू रहेका छन् । तर खेतिपातीका कममा ती ढिस्काहरू कमिक रूपमा नासिदै गएका छन् । त्यहा"का स्थानीय मानिसहरूमा ती ढिस्काको ऐतिहासिक र पुरातात्विक महत्वका बारेमा जानकारी नहु"दा उनीहरूले तिनीहरूको संरक्षणका बदलामा तिनीहरूलाई कमिक रूपमा मासेर खेतिपाती गर्ने कार्य गरिरहेका छन् । हरिश्चन्द्रगढी नामले चिनिने ढिस्का माथि केही समय अगाडिसम्म एकजना जोगी कुटी बनाएर बसेका थिए । तर उनको मृत्युपश्चात् भने त्यस ढिस्कामाथि हरिश्चन्द्रगढी प्राविको दुई कोठे भवन निर्माण गरिएको छ । अर्को स्थानको पुरातात्विक महत्वको ढिस्कामाथि भने राजवंशीहरूले महाराजको थान बनाई पूजाआजा गरिरहेका छन् । यिनीहरूबाहेक पनि हरिश्चन्द्र गढीका छेउछाउमा भवनका पुराना भग्नावशेषहरू देखिने गर्दछन् । उचित संरक्षण र सम्बर्द्धनका अभावमा तिनीहरू बर्सेनिजसो नाशिदै गएका छन् ।

ङ) भताभंगे

हालको धरान विजयपुरको भताभंगे क्षेत्रलाई स्थानीय मानिसहरू भताभंगे राजाको दरबार मान्ने गर्दछन् । भताभंगे राजाका बारेमा स्थानीय मानिसहरूले अकवर र विरबलका जस्ता अनेक प्रकारका कहानी र किंवदन्ति पनि जोड्ने गरेका छन् । तर भताभंगे विजयपुर गढी थियो, दरबार क्षेत्र भने थिएन । जहाँसम्म बूढासुब्बाको अस्तित्व छ, त्यो कुनै बूढा मगरको समाधि हुनसक्ने देखिन्छ । सेनकालमा विजयपुरमा पिण्डेश्वर प्रख्यात स्थान थियो भने दन्तकालीको पनि त्यति धेरै ख्याति बढी सकेको देखिदैन । किनकि रूद्राक्षारण्य महात्म्यले दन्तकालीको खासै महत्व दिएर वर्णन गरेको पाइएको छैन । यता बूढासुब्बाको त यसले नामसम्म पनि लिएको देखिदैन । तसर्थ पिण्डेश्वर सेनकालतिरै प्रख्यात थियो भने दन्तकाली र भताभंगेको ख्याति भने एकीकरणपछि बढेर गएको हो । तर पनि भताभंगे लगायतको क्षेत्र सेन कालतिर निकै महत्वपूर्ण किल्लाका रूपमा रहेको देखिन्छ । यो गढी सामरिक दृष्टिले पनि महत्वपूर्ण थियो । तसर्थ यसका बारेमा अनेक प्रकारका किंवदन्ती र लोकोक्तिहरू जोडिएका हुन् भन्न सकिन्छ ।

धरान विजयपुरको भताभंगे गढी माटो र इँटाबाट निर्मित किल्ला हो । यो विजयपुर दरबारको पूर्वतर्फ पर्ने पहाडी दुर्ग या गढी हो । विजयपुर डाँडाको माथ्लो भागलाई काटेर यो गढी

बनाइएको छ । करिव एक कठ्ठा क्षेत्रफलमा फैलिएको यो गढीको भग्नावशेष विजयपुर डाँडाको उत्तरी भागमा जंगलभित्र रहेको छ । यो गढीको निर्माण आजभन्दा करिव ६०० वर्ष अगाडितिर विजयनारायणले गराएको हुनसक्ने अनुमान छ ।[३१]

अघि किरातीहरूका समयमा निर्मित भताभंगे किल्ला नासिएर लथालिंग भएपछि यसको विजोग देखेर मानिसहरूले यसका बारेमा विभिन्न प्रकारका लोकोक्ति र किंवदन्तीहरू बनाएका हुन् भन्ने अनुमान छ । जे भए पनि सेन कालिक विजयपुरको एउटा महत्वपूर्ण किल्लाका रूपमा भताभंगे क्षेत्र पनि थियो । हाल आएर यसको संरक्षणमा स्थानीय मानिसहरू लागि परेको पाइएको छ ।

च) मोरङ तराईका अन्य गढीहरू

मोरङ तराईका सेन कालका अन्य गढीहरूको चर्चा गर्दा के देखिन्छ भने यहाँका विभिन्न भागमा त्यस बेला गढी बनाएर गाउँगाउँमा तिनको रक्षा गर्ने, त्यहाँबाट कर उठाउने र कानुन तथा व्यवस्था कायम राख्ने गरेको देखिन्छ । यस क्रममा वर्तमानको विहार र बंगालको सिमानामा पर्ने सुर्जापुर भन्ने स्थानलाई लिन सकिन्छ । जलालगढका साथमा सुर्जापुरसम्म पनि सेनकालिक मोरङको सिमाना पुगेको थियो । त्यहाँको एउटा ढिस्कालाई आजसम्म पनि स्थानीय मानिसहरू नेपाली राजाको किल्ला भन्ने गर्दछन् । त्यहाँ अहिले पनि नेपाली राजाका सिक्काहरू पाइन्छन् भन्ने कुरा स्थानीय मानिसहरू बताउँछन् । तर उक्त स्थान हाल आएर भारतीय सिमानाभित्र पर्ने हुनाले त्यसको बारेमा खासै चासो राख्ने निकाय रहेको देखिदैन ।

सेन कालिक विजयपुरका तराईका किल्लाहरूमा भारत विहारका मधेपुरा र सुपौलक्षेत्र निकै प्रख्यात छन् । सेन कालतिर बिहार सुपौलको सम्पूर्ण भाग मोरङको अधिनमा थियो । त्यस छेउबाट कोशी नदीबग्ने हुनाले त्यो स्थान कोशीको किनारामा पनि पर्दथ्यो । सुपौल क्षेत्रमा हाल पनि राय थर भएका मानिसहरू बस्तछन् । उनीहरू आफूलाई नेपाली मान्दछन् र तिनीहरू नाता सम्बन्ध नेपालीहरूसँग राख्न चाहन्छन् । तिनीहरू विजयपुरे मन्त्री विचित्र राय र बुद्धिकर्ण रायका दाजुभाई थिए भन्न सकिन्छ । किनकि तराईमा मन्त्री भई बसेका तथा शरण लिनुपर्दा पूर्णियातिर जाने बुद्धिकर्णका सवै सन्तान भने पहाडतिर गएर बसे भन्ने कुरा निराधार रहन्छ भने तिनका तराईमा बस्ने राय दाजुभाई खोजीगर्दा यिनै रायहरूलाई पाउन सकिन्छ ।

मोरङका रानी र हरैंचागढी पनि मध्यकालका विजयपुर राज्यका महत्वपूर्ण गढीका रूपमा रहेको छन् । राजा धनपालगढी सरहनै धनपालथान पनि गढीका रूपमा स्थापित छ । यसैगरी

---

३१. म.व.क्या. धरानका इतिहास विधागका सहप्राध्यापक श्री हरिप्रसाद दाहालले दिएको जानकारीअनुसार, मिति २०६९/१/१२ ।

विराटनगरको रानी भेग पनि पुराना किल्ला, मन्दिर र पोखरीले भरपूर रहेको देखिन्छ । तसर्थ यसलाई पनि सेन कालिक विजयपुरको महत्वपूर्ण किल्ला मान्न सकिन्छ । यता हरैंचागढीमा त एकीकरणपछि पनि निरन्तर रूपमा राज्यको हात्तिसार रहेको थियो । विशेषगरी हात्ती राख्ने मुख्य गढीका रूपमा त्यसलाई लिइएको थियो ।[३२]

छ) पहाडका किल्ला तथा गढीहरू

मोरङको पहाडमा पनि अनेकन किल्लाहरू थिए । तिनीहरू विशेषत डाँडाका टुप्पामा रहने गर्दथे । विशेषगरी दस लिम्बूआनका दस किल्ला र उता १२ किरातका पनि १२ किल्लाहरू थिए भन्ने देखिन्छ । यस बाहेक गाउँनै पिच्छे पनि किल्ला बनाउने चलन रहेको देखिन्छ । विशेषत सिक्किम र इलामको साँधमा पनि किल्लाहरू रहेका थिए । नदीलाई पनि कतिपय स्थानमा किल्ला मानिएको देखिन्छ । दस लिम्बूआनका दस गढीका साथमा चैनपुर भेग पनि महत्वपूर्ण गढी र किल्लाका रूपमा रहेको देखिन्छ । चैनपुर भने सेन कालतिर माझकिरात तिरबाट पल्लो किरातमा आउने बाटोमा पर्दथ्यो । यता महाभरा, सिद्धाश्रम र शिवजटाका साथमा राजारानी, बोधे, ६ नं. बुधवारे र मिक्लाजुंग लगायतका किल्लाहरू निकै प्रख्यात थिए ।

विजयपुरे सेन शासन प्रणाली नेपालका अन्य राज्यहरूको भन्दा विल्कुल फरक प्रकारको देखिन्छ । हालको संघात्मक शासनको प्रतिरूप त्यस समयमा रहेको कुरा कतिपय विद्वान्हरूले स्विकारेका छन् । किरात र सेनको यति धेरै समन्वयात्मक शासन इतिहासमा कमै मात्रामा चलेको देखिन्छ । सेनहरू मोरङ विजयपुरमा बसेर शासन गर्दथे भने किरातहरूका आफ्नै दश प्रान्त र वाह्र किरात प्रान्तहरू थिए । तिनीहरू सेनहरूलाई राजा मान्ने भए पनि सेन राजाले तिनलाई कहिल्यै पनि हस्तक्षेत्र गरेको देखिदैन । तिनीहरू आफ्नो क्षेत्रका राजा हुने र मोरङको मन्त्री हुने व्यवस्था भएकाले खुशी पनि थिए । यसैगरी किराती मुलुकमा गएर स्थायी रूपमा शासन गर्न होचो भागमा शासन गर्ने सेनहरूलाई कुनै चासो थिएन । तिनीहरूले राज्य विस्तारका क्रममा पनि भावर र तराईलाई महत्व दिएको हुनाले तिनीहरूलाई पहाडप्रति खासै चासो नरहेको बुझ्न सकिन्छ । विजयपुरे सेनहरूको शासन व्यवस्था निकै उदारवादी देखिन्छ । एकातर्फ तिनीहरूमा संघात्मकता र अर्कोतर्फ विकेन्द्रिकरणको भावना रहेको देखिन्छ ।

[३२] चतरा निवासी श्री मान वज्राचार्यले दिएको जानकारीअनुसार, मिति २०७०/१/२ ।

अध्याय नौ

निष्कर्ष

वास्तवमा कोशी पूर्वको मोरङ राज्यको स्थापना मध्यकालताका भएको हो । सुरूमा यसलाई मोरङ भनियो भने कालान्तरमा यसलाई विजयपुर पनि भन्न लागियो । मध्यकालमा यहाँ अलग्गै राज्य बनेको भए पनि यस स्थानको इतिहास भने निकै पुरानो छ । यस भेगमा इशापूर्व कालदेखि नै मानिसहरू बसोबास भएका प्रमाणहरू पाइएका छन् । यस क्षेत्रको प्रख्यात तीर्थ वराहक्षेत्रको ख्याति इसापूर्व आठौंनबौं शताब्दि या त्यसभन्दा पनि अगाडिसम्म पुग्दछ । जस्तो महाभारत महाकाव्यका कोकाकोशी संगमको वराहक्षेत्रलाई पवित्र तीर्थका रूपमा व्याख्या गरिएको देखिन्छ । यसबाट यस भेगको ख्याति आजभन्दा ३००० वर्ष पहिलेतिरै भारत वर्षको ठूलो क्षेत्रमा फैलिएको पाइन्छ ।

उपनिषद कालमा मोरङ विजयपुर क्षेत्र मिथिला राज्य अन्तर्गत पर्दथ्यो । तसर्थ तत्काल यहाँका विभिन्न भागमा मानिसहरूको वस्ति बसिसकेको देखिन्छ । विश्वामित्र लगायतका ऋषिहरू कौशिकी नदीको किनारी भागमा बसेर तपस्या गर्दथे भन्ने कुरा विभिन्न साहित्यिक ग्रन्थहरूको आधारमा थाहा पाउन सकिन्छ । यसैगरी कालान्तरमा यो स्थान प्राग्ज्योतिष राज्यका रूपमा पनि प्रख्यात रह्यो । पौराणिक युगमा भने यो स्थान मत्स्य देशका नामले प्रख्यात भएको देखिन्छ । यसै क्रममा मध्यकालको प्रारम्भतिर यो क्षेत्र तिरहुतेहरूको अधिनमा थियो । त्यस बेलासम्म पनि यस स्थानलाई मोरङ र विजयपुर भनिएको पाइएको छैन ।

कोशी पूर्वको मोरङ र विजयपुर नाम मध्यकालिक उपज मानिन्छ । कोशी पूर्वको पहाडका किराती शासक मुरेहांगले तराईसम्म पनि आफ्नो अधिपत्य फैलाएपछि यस स्थानलाई मोरङ भनिएको विवरण पाइन्छ । तत्काल विजयपुरलाई मोरङको राजधानी मानिएको थियो । कालान्तरमा विजयपुर नै एउटा राज्यका रूपमा स्थापित भयो । मध्यकालमा विजयनारायणले विजयपुर राज्य स्थापना गरेका हुनाले त्यसलाई विजयपुर भनिएको हो ।

विजयपुर लोहांगसेनका पालामा पाल्पाली सेन राजाहरूको अधिनमा पुग्यो । पाल्पाली राजा मुकुन्दसेनका पालामा उनका कान्छा छोरा लोहांगसेनले मकवानपुर लगायत विजयपुरलाई आफ्नो अधिनमा लिएका थिए । कालान्तरमा पाल्पा राज्य विभाजन हुँदा विजयपुर सहितको मकवानपुर लोहांगसेनको भागमा परेको थियो । यिनको वंशका शासकहरूले मकवानपुरमा नै बसेर विजयपुरमाथि शासन गरेको पाइएको छ । तिनीहरूले यहाँका किराती सामन्त या मन्त्रीहरूलाई सम्पूर्ण शासनाधिकार दिएर शासन गरेका थिए । कालान्तरमा पुन हरिहरसेनका

नाति विधाता इन्द्रसेनले विजयपुरलाई स्वतन्त्र राज्यका रूपमा स्थापित गरे । त्यसपछि विजयपुर कोशी पूर्वको स्वतन्त्र सेन राज्यका रूपमा रहन पुगेको देखिन्छ ।

विजयपुरमा इन्द्र विधाता सेनले स्वतन्त्रताका साथमा राज्य गर्न लागेपछि यहाँ राजा र मन्त्रीका बीचको खिचलो र झगडा अत्यधिक मात्रामा बढेर गयो । यसको फलस्वरूप इन्द्र विधाता सेन र मकवानपुरका राजा शुभसेन समेत मुश्लिमहरूद्वारा पकाउ गरी जाति च्यूत गरिएका थिए । यो काम मकवानपुरका भारदार या मन्त्रीले गराएको देखिन्छ । यसरी मध्यकालिक विजयपुरमा सेनहरूले शासन गर्दाका समयमा भारदार तथा मन्त्रीहरू अति बलिया हुने गरेका देखिन्छन् ।

विजयपुर भेगमा विशेषत सेनहरूले तराई र समथर भूभागमा शासन गर्दथे भने माथ्लो पहाडी भागमा किरात राजाहरूले शासन गरेको देखिन्छ । तिनीहरू दश थुममा दस राजा थिए । तत्काल पहाडी भागमा भने अरूण पश्चिमको १२ किरात पनि विजयपुर राज्य अन्तर्गत पर्दथ्यो । त्यहाँ पनि १२ किरातले स्वतन्त्रतापूर्वक शासन गर्ने गरेको देखिन्छ । तसर्थ पहाड या किरात प्रदेशको शासनमा सेनहरूले पटक्कै हस्तक्षेप गरेको देखिएको छैन । तर किरातहरूका पुस्तौनी मन्त्री पद पाउने भारदारले भने विजयपुर दरबारमा बसेर अनेक प्रकारका षडयन्त्रमा पनि भाग लिने गरेको राजालाई राजच्यूतसम्म गरेको र मार्न लगाएका उदाहरण पनि पाइएका छन् ।

सेनकालिक विजयपुरको शासन व्यवस्था संघात्मक पद्धतिको थियो । तत्काल पहाडको शासन विभिन्न दस थुमका दस किरातले चलाएका थिए । यसै गरी १२ किरातको शासन पनि त्यसै अनुरूप चलेको देखिन्छ । यसमा मृत्युदण्ड हुने र राजद्रोहसम्बन्धी सजाय विजयपुर राज्यले छिनोफानो गर्दथ्यो भने सानातिना झगडा र मुद्दामामिला ती राज्यहरूमा दश प्रान्तका राजाहरूले मिलाउँथे । यसै गरी प्रशानिक हिसावले पनि किरात प्रदेशमा किराती मुन्धुमअनुसार प्रशासन चलेको देखिन्छ भने तल्लो फाँट या विजयपुर भेगमा भने हिन्दू पद्धतिमा आधारित भएर प्रशासन चलाइएको थियो । यता मुश्लिम पद्धतिमा पनि प्रशासन चलाइएको देखिन्छ ।

सेन कालमा विजयपुरमा क्षेत्रीय या प्रान्तिय शासनका साथमा केन्द्रिय शासन पनि चल्दथ्यो । यहाँको केन्द्रिय शासनमा राजा पुस्तौनीका हुने गर्दथे । राजा सेन वंशका हुने चलन थियो । यता मन्त्री पनि पुस्तौनीनै हुन्थे, जो किराती समुदायको हुने चलन थियो । सामान्यतया मन्त्रीको पदावधि पाँच वर्षको हुन्थ्यो । तर कालान्तरमा तिनीहरू अति धेरै लामो समयसम्म मन्त्री भएर बसेका तथा निकै शक्तिशाली भएको पनि पाइएका छन् ।

सेन कालिक विजयपुरमा दुई प्रकारका सेना राख्ने चलन थियो । एक प्रकारमा किराती सेना थिए, जो हातहतियार कम भएका तर ठूलो संख्यामा रहने गर्दथे । यिनीहरूले राज्यलाई

बाहिरी आक्रमणबाट जोगाउनु पर्दथ्यो । अर्कोथरी सेना भने खस र मगर थिए । यिनीहरू दरबारको छेउछाउमा दरबार र राजाको सुरक्षामा खटेका हुन्थे । यिनीहरूको संख्या केही कम थियो । तर यिनीहरूनै राजाहरूका विश्वास पात्र रहन्थे । यिनलाई बन्दुक हतियारका रूपमा दिइएको हुन्थ्यो । यस्ता सेनाहरू जागिरका रूपमा जमिन पाएका र नगद तलव पाउने दुवै प्रकारका थिए । यस बाहेक कोटनायक लगायतका विभिन्न प्रकारका कर्मचारीहरू पनि सेन कालिक विजपुरमा रहने व्यवस्था रहेको देखिन्छ ।

वास्तवमा सेन कालिक विजयपुरको राजनैतिक अवस्था अन्यत्रको भन्दा विल्कुल फरक प्रकारको थियो । मन्त्रीहरू ज्यादा शक्तिशाली रहनु, दरबारमा आपसी झैझगडा र कलह भईनै रहनु, राजा मात्र नभएर मन्त्री पनि पुस्तौनी अधिकार पाएका व्यक्ति हुनु, छोटो अवधिको शासन हुनु र संघात्मकताका आधारमा शासन व्यवस्था चलाउनु सेन कालिक विजयपुरको राज्य व्यवस्थाका विशेषताहरू थिए । यसैगरी विकेन्द्रिकरणको राम्रो उदाहरण पनि यस मुलुकको शासनबाट लिन सकिन्छ । द्वैध शासन चल्नु पनि सेन कालिक विजयपुरको अर्को विशेषता थियो । विजयपुर राज्य अन्य राज्यहरू भन्दा विल्कुल फरक ढंगले दुर्गम राज्यका रूपमा लामो समयसम्म रहीरह्यो । कालान्तरमा पृथ्वी नारायण शाहका सेनाले वि.सं. १८३१ सालमा विजयपुरमाथि आक्रमण गरी विजय पाएपछि यो राज्य सदाका लागि गोरखालीको अधिनमा परेर गयो । यसरी कोशी पूर्वको विजयपुर गोरखालीको अधिनमा परेपछि केही समयका लागि एकीकरण अभियान पनि स्थगित भयो ।

विजयपुरको नामकरण विजयनारायणबाट भएको हो । यिनले विजयपुरमा वि.सं. १६४१ देखि १६६६ सम्म शासन गरेका थिए । यस भेगलाई उनीभन्दा अगाडि मोरङ भनिन्थ्यो । तर यो नाम पनि मध्यकालको नै उपज थियो । मुरेहांगले यस भेगमा प्रभाव जमाएपछि यसको नाम मोरङ राखिएको बताइन्छ । त्यसअघि यो ठाउँ कुचबिहार अन्तर्गत पर्दथ्यो भने अझ अघि कर्नाटकहरूको अधिनमा थियो । त्यसभन्दा पनि अघि भने यो स्थान मत्स्य देशका नामले प्रख्यात रहेको पाइन्छ । यस भेगलाई पौराणिक कालमा प्राग्ज्योतिष र कामरूप तथा बंग देशका नामले पनि जानिन्थ्यो । विजयनारायणले विजयपुर राज्यको सिमाना पूर्वमा महानन्दा, पश्चिममा कोशी नदी, उत्तरमा हिमाल र दक्षिणमा गंगा नदीसम्म पुऱ्याएका थिए ।[१] उनले मोरङ राज्यको राजधानी भने उत्तरी पहाडको काखमा वराहक्षेत्र नजिकै राखेका थिए । त्यहाँबाट तिनलाई पहाड र तराई दुवैतिर शासन गर्न सजिलो थियो । विजयनारायणले विजयपुरलाई बेग्लै राज्यका रूपमा स्थापित गरेपछि पनि मुरेहाङ्गले शासन गरेकै मान्यतामा यसलाई मोरङ पनि भन्न लागियो भने

---

१. इमानसिंह चेम्जोङ्ग (वि.सं. *२०३१), किरातकालिन विजयपुरको संक्षिप्त इतिहास,* (दार्जिलिंगः नेपाली साहित्य परिषद), पृ. २८ ।

विजयनारायणले यसलाई राजधानी बनाएर शासन गर्न लागेकाले यसलाई विजयपुरसमेत भनिएको हो ।

सेन शासनको सुरूवात

पाल्पाली सेन राजाका पुर्खा खोजी गरेको खण्डमा सेनहरूका आदिपूर्खा प्राचीन कालतिर उज्जयिनी भेगमा वस्ने गरेको कुरा बुझ्न सकिन्छ । कालान्तरमा तिनीहरूनै नेपालमा आएर होचो भूभाग तथा विशेषगरी भावर क्षेत्रमा राज्य विस्तार गरेका हुन् । यसै आधारमा नेपालका सेनहरूलाई चितौड सेनवंश भन्ने गरिन्छ ।[२] यसै वंशका नागसेन नामक व्यक्तिबाट पाल्पाली सेन वंशको बृक्ष बढेको देखिन्छ । चित्तौढबाट प्रयागमा आएर राज्य स्थापना गरी बसेका सेन राजाहरूमध्ये तुथासेन मुशलमानहरूको आक्रमणका कारणले गर्दा चम्पारणको राजपुर भन्ने ठाउँमा आएर बसोवास गरेका थिए । कालान्तरमा तुथासेनले त्यही भेगमा पुन सेन राज्य स्थापना गरेर यो राज्य भारतको चम्पारणदेखि उत्तरतर्फ नेपालको रिब्दीकोटसम्म फैलाए । पछि यही राज्य पाल्पा राज्यका नामले परिचित भएको हो ।[३] पछि राजा रूद्रसेनले रिब्दीकोटबाट आफ्नो राजधानि पाल्पाको श्रीनगर भेगमा सारेको हुनाले पाल्पा राज्यको स्थापनामा रूद्रसेनको नाम उल्लेख्य छ । यिनलाई पाल्पाको सेन राज्यको संस्थापक राजाका रूपमा पनि लिने गरिन्छ । यसरी पाल्पामा सेनहरूले शासनको सुरूवात गरेपछि तिनीहरूले आफ्नो प्रभाव पूर्वतर्फ पनि बढाउँदै गए । यसै क्रममा मकवानपुरमा वस्ति बसाएर पछि पाल्पाको पूर्वी राज्यको राजधानीसमेत मकवानपुरलाई बनाइएको थियो । कालान्तरमा यसको प्रभाव अझ पूर्वतर्फ बढ्दै गएर महानन्दा नदीसम्म पुगको देखिन्छ ।

विजयपुरमा सेन शासनको सुरूवात

मध्यकालताका विजयपुरमा सेनहरूले शासन गरेको देखिन्छ । विजयनारायणपछि विजयपुरको शासनाधिकार पाल्पाली सेनहरूका अधिनमा गयो । पाल्पाली राजा मुकुन्दसेनका पालामा सेन राज्य ठूलो क्षेत्रसम्म विस्तार भयो । यसै क्रममा तिनका छोरा लोहांगसेनले यसको विस्तार पूर्वतर्फ गरेको हुनाले पछि सेन राज्य विभाजन हुँदा मकवानपुर लगायतको पाल्पाली सेनराज्यको पूर्वी भाग लोहांगसेनले पाएका थिए । यसै क्रममा कोशी पूर्वको विजयपुर राज्यमा सेन वंशको सुरूवात गर्ने श्रेय लोहांग सेनलाई जाने गर्दछ ।

---

२. विष्णुप्रसाद घिमिरे (वि.सं. २०५६), *पाल्पा राज्यको इतिहास भाग २,* (चितवनः चितवन अध्ययन केन्द्र), पृ. १ ।
३. *उही ।*

स्वतन्त्र विजयपुरमा सेन शासनको सुरूवात

वि.सं. १७१८ मा मकवानपुरका राजा राघव नरेन्द्रसेनको मृत्यू भएपछि यिनका छोरा हरिहर इन्द्रसेन मकवानपुरको राजगद्दीमा बसेका देखिन्छन् । हरिहर इन्द्रसेनले विभिन्न प्रकारका उपाधिहरू लिएर प्रभावपूर्ण तरिकाले शासन गरेको उल्लेख पाइन्छ । ह्यामिल्टनले उनको विवरणमा यिनलाई मकवानपुर राज्य गोण्डाबारासम्म फैलाएर हिन्दूपति उपाधि लिएको बताएका छन् ।[४] यसबाट राजा हरिहर सेन निकै प्रभावशाली राजा रहेको स्पष्ट हुने गर्दछ ।

हरिहरसेनका विभिन्न ६ जना रानीहरू थिए, जसबाट ४ जना राजकुमार र ४ जना राजकुमारीहरू जन्मिएका थिए । कान्तिपुरका राजा प्रतापमल्ल हरिहरसेनका शाढुभाई भएकाले प्रतापमल्ल, हरिहरसेन, कुचबिहार र उत्तर भारतका मुश्लिमहरूका बीचमा राम्रो सम्बन्ध थियो । हरिहरसेनका जेठा छोरा छत्रपति इन्द्रले बाबु जीवित छँदै राज्य हडप्ने दाउ गरेपनि त्यसमा सफल नहुँदै उनको मृत्यू भयो । त्यसपछि छत्रपति इन्द्रका छोरा या हरिहर सेनका नाति विधाता इन्द्रसेनको उत्तराधिकारको पालो आउने भए पनि हरिहर सेनले शुभसेनलाई उत्तराधिकारी घोषित गरेका थिए । त्यसबाट चित्त दुखाई विधाता इन्द्रसेनले दलबल सहित पूर्वतर्फ लागेर विजयपुर कब्जा गरे । त्यसपछि हरिहर सेनले शुभसेनलाई काठमाडौंतिर सहयोग माग्न पठाएकाले तिनको अनुरोधमा पाटनका श्रीनिवास मल्लका चौतारा तिनलाई सहयोग गर्न भनी वि.सं. १७२८ अशोजमा मोरङतिर आए । कान्तिपुर, भक्तपुर र गोरखाका समेत भारदार र सेनाहरू मोरङमा आएर आक्रमण गरेको तथा त्यसपछि फिरेको विवरण इतिहासमा पाइन्छ । तिनीहरूले मोरङका १७ वटा गाउँहरू जिते र शुभसेनलाई दिएको पनि उल्लेख पाइन्छ ।[५] यता विधाता इन्द्रसेनले विजयपुरमा अधिकार जमाएर वसिरहे । यिनीहरूको आक्रमणबाट विजयपुरलाई कुनै पनि प्रकारको असर गरेन र मकवानपुरबाट विजयपुर अलग्ग भयो । तसर्थ स्वतन्त्र विजयपुरका पहिला स्वतन्त्र सेन शासक विधाता इन्द्रसेन भए ।

विजयपुरमा सेनकालिक इतिहास

स्वतन्त्र विजयपुरको पहिलो पाल्पाली स्वतन्त्र सेन राजा विधाता इन्द्रसेन थिए । तिनी आफ्ना हजुरबा हरिहरसेनसँग विद्रोह गरी विजयपुरको राजगद्दीमा बसेका देखिन्छन् । यता मकवानपुरमा भने तिनका काका शुभसेन राजगद्दीमा बसेका थिए । यसरी विधाता इन्द्रसेन पनि राजगद्दीमा बसेका भए पनि तिनीहरूको बीचको झगडाका कारणले तिनीहरूलाई नराम्रो असर गरेको देखिन्छ । कालान्तरमा विधाता इन्द्रसेन र मकवानपुरका राजा शुभसेन दुवैलाई पकिएर

---

४. एफ्बी ह्यामिल्टन (सन् १९९७), *एन एकाउन्ट अफ् द किंगडम अफ् नेपाल,* (नयाँ दिल्ली: एशियन एजुकेशन सेन्दर), पृ. १३६ ।

५. मोहनप्रसाद खनाल (वि.सं. २०३०), *मध्यकालिक अभिलेख* (काठमाडौं: मोहनप्रसाद खनाल), पृ. ३२-३४ ।

पूर्णिया तिरका नबाबले दिल्ली पुऱ्याएका थिए । दिल्लीमा तिनीहरूलाई मुशलमान राजाले जात च्यूत गराएर बद्नाम गरे भने कालान्तरमा मुश्लिम राजाहरूलाई सालिन्दा एउटा हात्ति नजराना बुझाउने सर्तमा त्यहाँबाट छुटेर अआफ्नो राज्यमा आएका थिए । तर तिनीहरूले पुन विजयपुरमा आएर शासन व्यवस्थामा खासै चासो राखेको देखिदैन ।

विधाता इन्द्रसेन र शुभसेनलाई मुशलमानहरूले पकिएर लगेपछि शुभसेनका छोरा कर्णसेन र महिपति सेनलाई प्रबोधदासनामक एकजना भारदारले किरातीहरूका संरक्षणमा पुऱ्याएका थिए । मकवानपुर दरबारमा भारदारी षड्यन्त्र र झगडाका कारण राजालाई नै मुशलमानको हातमा सुम्पिएको हुनाले राजकुमारहरूको रक्षाका लागि तिनलाई किरातहरूको संरक्षणमा लगिएको हो । तसर्थ ती राजकुमारलाई किरातहरूले संरक्षण गरेका हुन् । त्यसपछि इन्दु राजराजेश्वरीले किरातहरूको सहयोग लिएर मोरङ र मकवानपुरबाट मुशलमानहरूलाई हटाएर आफूले मकवानपुर र विजयपुर दुवै स्थानको शासन गरिन् ।

वि.सं. १७८२ तिर इन्दू राजराजेश्वरीको मृत्यू भएपछि विजयपुरको राजगद्दीमा महिपति सेन बसेका थिए । तिनले पछि वि.सं. १८०७ सम्म विजयपुरमा शासन गरेको देखिन्छ । कतिपय विद्वान्हरूले भने यिनलाई वि.सं. १७६४ तिरनै इन्दु राजराजेश्वरीले विजयपुरको राजगद्दीमा राखेको विवरण दिएका छन् । तिनका थुप्रै रानीहरू, १८ जना मठ्याहा छोराहरू र थुप्रै छोरीहरू रहेको उल्लेख पाइन्छ । तिनीहरूमध्ये महिपति सेनका ल्याइते रानी तिरका छोरा कामदत्त सेन थिए । तसर्थ यिनलाई राजगद्दीमा राख्ने विषयमा ठूलो विवाद भयो । मारिने डरले गर्दा कामदत्त सेनपनि जीवन रक्षा गर्नका लागि ल्हासातर्फ भागे । यहाँबाट राजा भागेपछि विचित्र रायले मकवानपुरे राजा माणिक सेनका माहिला छोरा तथा तत्कालका चौदण्डीका राजा जगतसेनलाई विजयपुरको राजगद्दीमा पनि राखे । उनले मोरङमा किराती भारदारलाई जागिरको रूपमा खेत दिएको कागतपत्र पाइएको छ । यसबाट तत्काल मन्त्रीहरूलाई पनि जागिरका रूपमा जमिन दिने चलन रहेको स्पष्ट हुन्छ ।

कामदत्तसेन राजगद्दी छाडी भागिरहेकै समयमा विजयपुरमा मन्त्री विचित्र रायको मृत्यू भएको थियो । त्यसपछि तिनका छोरा बुद्धिकर्ण राय विजयपुरका मन्त्री बने । यसै क्रममा कामदत्त सेन पनि बुद्धिकर्ण रायको सहयोगी भई विजयपुरमा आई राजगद्दीमा बसे । अब जगत सेनले पनि बुद्धिकर्ण राय र कामदत्तसेन दुवैलाई सम्झाई बुझाई गरेर तिनीहरूको झगडा केही समयका लागि मिलाई दिए । त्यसपछि जगतसेन भने चौदण्डीतिरै फिरेर त्यताका राजा भए । यिनी चौदण्डीको राजा नै रहेकाले बुद्धिकर्ण राय र कामदत्तसेनलाई मेलमिलाप गराउन सहयोग गरेका हुन् । यसबाट विजयपुरमा राजा र मन्त्री बीचको झगडा केही समयका लागि साम्य भएर गयो ।

कामदत्त सेन कुटनैतिक र चतुर व्यक्ति भएकाले चौतारा सिरीकान्त रायलाई तिनले केही शक्ति समेत दिई खुशि तुल्याएर राखेका थिए । तसर्थ कामदत्त सेनका सँगसँगै सिरिकान्त रायका पनि लिखतहरू पाइएका छन् । यसै क्रममा वि.सं. १८१३ पुष ८ मा कामदत्त सेनले रामचन्द्र पण्डितलाई पुरोहित्याइँ गर्ने अधिकार दिंदा रूजु गर्ने भनी श्रीकान्त रायको समेत नाम उल्लेख भएको देखिन्छ । विजयपुरमा कामदत्त सेनको राज्याभिसेकका समयमा सुखिमका राजा नआए पनि भुटानका राजा भने आएका हुनाले कामदत्त सेनको इज्जत बच्यो । त्यसपछि भुटान र विजयपुरका बीचमा उपहारहरू आदानप्रदान गर्ने कार्य समेत भयो । कामदत्तसेनले कुटनैतिक चालले बृटिश इन्डियासँग पनि सम्बन्ध राम्रो बनाउने प्रयास गरे । तर बुद्धिकर्ण रायको कारणले तिनको यो प्रयास सफल हुन सकेन । यसैगरी तिनी पृथ्वीनारायण शाहासँग सम्बन्ध राम्रो बनाउने प्रयासमा थिए । तसर्थ तिनले नुवाकोटसम्म पुगेर पृथ्वीनारायण शाहलाई भेटेका थिए । तर तत्काल पृथ्वीनारायण शाह एकीकरण अभियानमा लागि सकेका हुनाले तिनले कामदत्त सेनलाई सहयोग नगरी त्यत्तिकै फर्काएको बुझिएको छ ।

कामदत्तसेनले वि.सं. १८१८ देखि १८२६ सम्म जम्मा ८ वर्षजति विजयपुरको राजा भई शासन गरेको देखिन्छ । कामदत्त सेन मन्त्रीहरूसँगको झगडाका कारण मारिएका थिए । त्यसपछि रघुनाथ सेनलाई बुद्धिकर्ण रायले विजयपुरको राजगद्दीमा राखेका थिए । तसर्थ उनले बुद्धिकर्ण रायको कठपुतली हुनुपर्ने बाध्यता थियो । तर उनले त्यसो गरेनन् र तुरन्तै तिनको बुद्धिकर्ण रायसँग मेलमिलाप हुन सकेन । यस अवस्थामा रघुनाथ सेन इष्टइन्डिया कम्पनिको शरणमा गए । बुद्धिकर्ण रायले कामदत्तसेनको हत्या गरी विजयपुरको राजगद्दीमा रघुनाथ सेनलाई राखेको भए पनि तिनको रघुनाथ सेनसँग पनि लामो समयसम्म भने राम्रो सम्बन्ध रहन सकेन । राजा र मन्त्रीको खटपटकै कारण रघुनाथ सेन निकै डराए र त्यहाँबाट भागेर इस्ट इन्डिया कम्पनिसँग सहयोग माग्न गएका थिए । बुद्धिकर्ण राईको विरूद्धमा लडाईं गरीदिनु पर्ने अनुरोध रघुनाथ सेनको थियो । बृटिशबाट सहयोग नपाए पछि रघुनाथ सेनले विजयपुरको गद्दी त्याग गरे । अब बुद्धिकर्ण रायनै विजयपुरको हर्ताकर्ता भएर शासन गर्न लागे ।

जगतसेनले विजयपुरको गद्दी त्याग गरेर बृटिश इन्डिया कम्पनीको शरणमा बसेको समयमा नै गोरखाली सेनाहरूले चौदण्डीमाथि आक्रमण गरी विजय प्राप्त गरेका थिए । कर्ण सेनाका चौदण्डीका सेनाले गोरखाली सेनाको आक्रमणकाले सामना गर्न नसकेपछि त्यहाँका राजा कर्णसेन विजयपुरतिर भागे । चौदण्डीगढी सहज रूपमा गोरखाली सेनको अधिनमा पुग्यो । यसअघि यस भेगका पोखेल र कार्की आदि भारदारले सेन राजाहरूको भोगविलासी व्यवहारका कारण तिनीहरूको साथ छाडेर गोरखालीसँग मिलो मतो गर्न लागेका थिए । तसर्थ यस भेगमा गोरखाली सेनालाई विजय पाउन सरल भएको देखिन्छ ।

चौदण्डी विजय गर्न गोरखालीहरूले जम्मा २ कम्पनी सैनिक पठाएकोमा गोरखाली सैनिकहरूले आक्रमण गर्नुभन्दा अगाडिनै चौदण्डीका राजा डरले भागेर विजयपुरतिर गएकाले चौदण्डीका सेनाले गोरखाली सेनाको कुनै प्रतिरोध गरेनन् । यसले गर्दा चौदण्डी विजय गर्न गोरखाली सेनालाई कुनै पनि प्रकारको कठीनाई भएन । चौदण्डीको रक्षाका लागि बसेका सैनिकहरूले पनि हार मानी राजधानी सहज रूपमा छाडिदिए । तसर्थ वि.सं. १८३० श्रावणमा चौदण्डी सहज रूपमा गोरखालीको हातमा परेको हो । वि.सं. १८३० को मंशिरतिर कर्णसेन र बुद्धिकर्ण राय दुवैजना विजयपुरमा थिए । यता अभिमान सिंह बस्नेत र पारथ भण्डारी आफ्ना सैनिकका साथमा अम्बरपुरमा नै बसेका थिए । यसै क्रममा आफ्ना जहान पूर्णियामा थन्क्याएर राख्छु भनी राजा कर्णसेन पूर्णियातिर लागेकोमा लामो समयसम्म तिनी फिरेर आएनन् । तसर्थ वि.सं. १८३१ को श्रावणतिर गोरखाली सेनाले चौदण्डीबाट पूर्वतिर लागि कोशी नदी तरे र विजयपुरमा अधिकार जमाएका थिए । विजयपुर एकीकरण पछि विजयपुर भेगको प्रशासनको व्यवस्थापन गर्न आवश्यक थियो । तसर्थ पृथ्वीनारायण शाहले मकवानपुरे किराती भारदारलाई उदृत गर्दै एउटा सनद जारी गरेका छन् । त्यसमा तिनले किराती भारदारका पहिलेका सबै कसुरहरू माफ गरी ढुक्कसाथ बस्न भनिएको छ । त्यस्तै तिनले किरातीहरूको पुरानो किपट प्रथा थमौति गरिदिएको पनि देखिन्छ ।

विजयपुरमा सेनकालिक प्रशासनिक व्यवस्था

विजयपुरमा सेन कालतिर केन्द्रिय र प्रान्तीय गरी दुई प्रकारको प्रशासन चल्दथ्यो । विजयपुरे सेनहरूको केन्द्रिय प्रशासनतर्फ सर्वोपरि अधिकार राजामा हुने चलन थियो । विजयपुर दरबार भेगमा चौताराहरू निकै शक्तिसम्पन्न हुने भए पनि राष्ट्र प्रमुख भने राजानै हुने चलन थियो । तसर्थ भारदारहरू तथा मन्त्रीहरूले आफूले राजाका रूपमा काम गर्ने भन्दा पनि राजालाई आफ्नो पक्षमा काम गराउने गर्दथे । सेनकालिक विजयपुरमा राजापछि युवराजको अस्तित्व अग्र पंतिमा थियो । सेन राजाहरूका विवाहित र ल्याइते थुप्रै रानीहरू हुन्थे भने तिनीहरूका राजकुमार पनि थुप्रै रहन्थे । यिनीहरूमा विवाहिता रानी तिरको जेठो छोरा युवराज हुने चलन थियो । विजयपुरे सेनहरूमा अन्यत्रको सरहनै राजाको मृत्यूपछि युवराज गद्दीमा बस्ने प्रचलन थियो ।

सेनकालिक विजयपुरको प्रशासनिक इतिहासमा राजा र राजकुमारपछि चौताराको क्रम आउँछ । यस भेगमा किरातहरूबाट नै पुस्तौनी रूपमा चौतारा नियुक्ति गर्ने चलन थियो । यता मकवानपुरतिर भने कायस्थ र खसहरू पनि चौतारिया हुने गर्दथे । तिनीहरूलाई तलब स्वरूप सेन राजाहरूले दशांश दिने गरेको देखिन्छ । यता विजयपुर र चौदण्डीमा भने किरातीहरू मन्त्री हुने चलन थियो । देशद्रोह र नाजायज काम गरेमा चौतारियालाई राजाले मृत्यूदण्ड पनि दिन सक्तथे ।

तर उनको मन्त्री हुने पुस्तौनी अधिकार भने खोस्तैनथे । चौतारामा मकवानपुरतिर ब्राह्मण, राजपुत, खस, कायस्थ र किरातीहरू रहने व्यवस्था भए पनि विजयपुरमा भने किरातनै रहने चलन थियो । चौतारा मन्त्रीको पद थियो । चौताराभन्दा तल उपचौतारा या डिपुटी चौतारा हुने चलन थियो । यिनको काम भने राज्यले गरेका निर्णयहरू लेख्नु हुने गर्दथ्यो । डिपुटी चौतारामा कायस्थहरू रहन्थे । राजाले राजाज्ञा जारी गर्नुभन्दा अगाडि भाई भारदारहरूसँग सल्लाह गर्दथे र टुंगो लागेपछि कायस्थलाई लेख्न दिइन्थ्यो ।

विजयपुरे सेनहरूको केन्द्रिय प्रशासन प्रणालीमा मन्त्री या काजीहरूको पनि व्यवस्था भएको देखिन्छ । यो पद चौताराभन्दा तल्लो हुन्थ्यो । काजीले राजालाई राज्य चलाउन सहयोग गर्दथे । बेला मौकामा काजी र चौताराका बीचमा पनि विभेद हुने गर्दथ्यो । तर यी दुवैको काम भने राजाकाजमा सहयोग गर्नु थियो । यता काजी क्षेत्री जातका हुन्थे भने त्यसभन्दा तल देवान राखिएका हुन्थे । देवानचाहिं प्राय ब्राह्मण हुने गर्दथे । सेन कालतिर विजयपुरमा चौतारसरह सरदार पनि किरात नै हुने व्यवस्था थियो । तिनीहरू विभिन्न प्रकारका हातहतियारबाट सुसज्जित हुन्थे । सेनकालतिर विजयपुरमा ९० हजारजति किराती सरदारहरू हतियार बोक्न सक्षम थिए भन्ने उल्लेख पाइन्छ । तर पनि नियमित सैनिक भने ५ देखि ६ हजारजति भएको बताइन्छ ।

सेनकालिक विजयपुरको प्रशासनिक व्यवस्था संघात्मक स्वपको थियो । विशेषगरी भावर र तराई प्रदेशमा सेनहरूले प्रत्यक्ष रूपमा शासन गर्दथे । तर पनि विभिन्न क्षेत्रमा स्थानीय जमिन्दारहरूले समेत कर उठाउने सम्मको अधिकार पाएका थिए । यता किराती क्षेत्रको स्थानीय प्रशासन भने अन्यत्रको भन्दा निकै फरक देखिन्छ । यहाँ किरात प्रदेशलाई पनि मुख्य रूपमा २ भागमा वर्गिकरण गरिएको देखिन्छ । सुनकोशीदेखि अरूणसम्मको क्षेत्रलाई राई किरात क्षेत्र या माझ किरात र अरूणदेखि पूर्वतिर टिस्टासम्मको क्षेत्रलाई पल्लो किरात या लिम्बुआन भनिएको पाइन्छ । विजयपुर राज्य अन्तरर्गत लामो समयसम्म रहेको प्रदेश भने पल्लो किरात या लिम्बूआन नै थियो ।

दश लिम्बूआनका आफ्नै प्रकारका विधान थिए । उनीहरूले किराती मुन्धुनममा आधारित भएर विधान बनाएको देखिन्छ । पल्लो किरातको स्थितिका बारेमा पनि सामान्य रूपमा प्रकाशमा आएको देखिन्छ । यता केन्द्र शासित क्षेत्रमा भने हिन्दू र मुश्लिम विधान अनुसारको प्रशासन चल्दथ्यो । यसरी विजयपुरमा सेन कालमा केन्द्रीय शासन सेन राजाहरूले केन्द्रबाट चलाउँथे भने क्षेत्रीय या प्रान्तीय शासन भने प्रान्तप्रान्तका किरात मन्त्री या रजौटाले चलाउने गर्दथे । किराती राजाहरू विजयपुरको अधिनस्थ भए पनि स्वतन्त्र सरहनै आफ्नो राज्यमा न्याय निसाफ गर्ने तथा कर उठाउने सम्मका कार्यहरू गर्ने गर्दथे ।

किल्ला तथा प्रमुख धार्मिक स्थलहरू

सेनकालतिर विजयपुर राज्यमा थुप्रै गढीहरू रहेका देखिन्छन् । तिनीहरूमा सवैभन्दा प्रमुख भने साँगुरीगढी थियो । समुद्र सतहदेखि करिव ६००० फिट उचाईमा रहेको यो गढी सुनसरीको धरान बजारदेखि करिव ५ किलोमिटर उत्तरमा पहाडको टाकुरामा पर्दछ । मोरङबाट विजयपुरको उत्तरी प्रान्तहरूमा जाने नाकाका रूपमा रहेको यो गढी साँगुरो भञ्ज्यांग छेउमा रहेकाले यसलाई साँगुरी गढी भनिएको हो । कोशी पूर्वको तराई र पहाडलाई छुट्याउने तथा दुवैतिरको दृश्य अवलोकन गर्न सकिने यो गढी सामरिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ । विजयपुर राज्य स्थापना हुनुभन्दा अगाडि देखिनै अस्तित्वमा रहेको यो गढीको स्थापना अघि मुरेहांग नामक किराती शासकले गरेको हो भन्ने लोकोक्ति पाइन्छ । तिनले मधेशतिर पनि आफ्नो प्रभुत्व जमाएपछि यसलाई मधेश र पहाडको बीचको भञ्ज्यांगका रूपमा प्रयोग गरिन्थ्यो र त्यसै छेउमा यो गढी निर्माण गरिएको थियो । नेपाल एकीकरणपछि पनि लामो समयसम्म प्रयोगमा ल्याइएको पूर्वी नेपालको मुख्य गढीनै साँगुरी गढी थियो ।[६] सेनकाल भर विजयपुर दरबारको संरक्षण गर्दा यो गढीको पनि संरक्षण गर्ने गरिन्थ्यो । एकीकरणपछि लामो समयसम्म यसै स्थानमा बसेर मोरङको प्रशासन चलाएको हुनाले यसको संरक्षण पनि भएको देखिन्छ ।

सेनकालिक विजयपुरको साँगुरीगढी पछिको अर्को ज्यादै महत्वपूर्ण गढी लालकोट रंगमहल थियो । मध्यकालतिर विजयपुर दरबार क्षेत्रमा दरबारको रक्षाको लागि स्थापना गरिएको यस किल्लाको विशेष महत्व रहेको पाइन्छ । चौदण्डीगढीको सिधै पूर्वतर्फ कोशीवारी अवस्थित यो किल्ला पनि मध्यकालतिर विजयपुरका सेनहरूको समयमा निर्माण गरिएको थियो । त्यस किल्लाबाट चारैतिरको दृश्य राम्रोसँग देख्न सकिन्छ । कोशी पारीबाट आउने, भारत तिरबाट, बंगालबाट र अन्य विभिन्न दिशाबाट विजयपुरमा आउने शत्रुहरू टाढैबाट सजिलैसँग यस किल्लाबाट देख्न सकिन्थ्यो । तसर्थ यसको सामारिक महत्व पनि ज्यादा रहेको हो । प्राचीन र मध्यकालमा वराहक्षेत्र जानेआउने बाटामा पर्ने, विजयपुर दरबार भेगमा पर्ने तथा केही सुगम किल्लाको रूपमा लालकोट रंगमहल पर्दथ्यो । सूर्यकुण्ड, भवानीथान, आदिवराहस्थान, लटेनीथान र अन्य ऐतिहासिक तथा धार्मिक महत्वका स्थानहरू त्यसै किल्ला क्षेत्रमा पर्दछन् ।

मध्यकालताका विजयपुरमा सेनहरूको राज्य स्थापना हुनुभन्दा अगाडि धनपाल नामक रजौटाले बनाएको किल्ला भने धनपालगढी मानिन्छ । करिव इसाको १४ औं शताब्दितिर स्थापना गरिएको मानिने धनपालगढी दोरलोक्ना र लोहान्द्रा खोलाका बीचमा पर्दछ । यसका बारेमा प्रचलित किंवदन्तीहरूले यो किल्ला एकजना कोच शासकले स्थापना गराएको मानिन्छ । यसको

---

६. ह्यामिल्टन, *पूर्ववत् नं. ४,* पृ. १५१ ।

पतन भने अल्लाहरूदल नामक पूर्वतिरबाट आएका रजौटाले गराएको मानिने भए पनि यसको विनास मुरेहांगले गराएको पनि वताउने गरिन्छ । धनपालगढी जस्तै मोरङको डाइनिया गा. वि. स. वडा नं. ३ मा नेपाल भारत सिमानाको नजिकै हरिश्चन्द्रगढी पर्दछ । हरिश्चन्द्रगढीमा मुख्य रूपमा तीनवटा पुरातात्विक ढिस्काहरू रहेका छन् । यहा"को मुख्य गढी नजिकै अन्य दुईवटा पुरातात्विक भग्नावशेषयुक्त ढिस्काहरू पनि छन् । तर उचित संरक्षण, सम्बर्द्धन र खोजको अभावमा त्यहा"का पुरातात्विक वस्तुहरू दिनहु जसो नाशिदै र हराउँदै गैरहेका छन् । यस गढीमा भने धनपालको जस्तो ज्यादा पुरातात्विक अवशेषहरू रहेका पाइएका छैनन् ।

हालको धरान विजयपुरको माथ्लो भागमा पर्ने भताभंगे गढी पनि मध्यकालिक महत्वपूर्ण किल्लाका रूपमा रहेको देखिन्छ । भताभंगे राजाका बारेमा स्थानीय मानिसहरूले अकबर र विरबलका जस्ता अनेक प्रकारका कहानी र किंवदन्ति पनि जोड्ने गरेका छन् । तर भताभंगे विजयपुर गढी थियो, दरबार क्षेत्र भने थिएन । बूढासुब्बा, दन्तकाली र पिण्डेश्वर भेगमा रहेको भताभंगे विजयपुर राजधानीको पूर्वी किल्ला थियो भन्ने स्पष्ट छ । माटाको ढिस्काबाट बनाइएको यो किल्लाको आफ्नै प्रकारको महत्व रहेको पाइन्छ । सेन कालिक विजयपुरका तराईका किल्लाहरूमा भारत विहारका मधेपुरा र सुपौलक्षेत्र निकै प्रख्यात छन् । यिनीहरूको छेउबाट कोशीनदी बग्ने हुनाले त्यो स्थान कोशीको किनारामा पनि पर्दथ्यो ।

मोरङको पहाडमा पनि अनेकन किल्लाहरू थिए । तिनीहरू विशेषत डाँडाका टुप्पामा रहने गर्दथे । विशेषगरी दस लिम्बूआनका दस किल्ला र उता १२ किरातका पनि १२ किल्लाहरू थिए भन्ने देखिन्छ । यस बाहेक गाउँनै पिच्छे पनि किल्ला बनाउने चलन रहेको देखिन्छ । विशेषत सिक्किम र इलामको साँधमा पनि किल्लाहरू रहेका थिए । नदीलाई पनि कतिपय स्थानमा किल्ला मानिएको देखिन्छ । दस लिम्बूआनका दस गढीका साथमा चैनपुर भेग पनि महत्वपूर्ण गढी र किल्लाका रूपमा रहेको देखिन्छ ।

विजयपुर भेगमा मध्यकालताका अनेकन तीर्थहरूको विकास भएको देखिन्छ । यसमा सवैभन्दा प्रख्यात वराहक्षेत्र थियो । यसको ख्याति प्राचीन कालदेखिनै भारतको ठूलो क्षेत्रसम्म पनि फैलिएको देखिन्छ । तसर्थ यसको निर्माण र पुनर्निर्माणमा सेन राजाहरूले ठूलो चासो राखेको देखिन्छ । विजयपुरे सेन राजा कामरीदत्त सेन र हरिहर सेनले यस स्थानमा मन्दिर स्थापना तथा जीर्णोद्धार गरेको विवरण पाइएको छ । मन्दिरको पूजाआजाको व्यवस्थाका लागि गुठीको व्यवस्था गर्ने कार्य समेत यिनीहरूले गरेका थिए । हरिहरसेन पछिका विजयपुरे सेनहरूका कागजातमा श्री वराहजीशरण लेखिएको पाइने हुनाले तिनीहरू वराहविष्णुका भक्त रहेको बुझ्न सकिन्छ । साथै

सेन राजाहरूले विजयपुर राज्यको राजधानी नजिक पर्ने वराहक्षेत्रको विकास र निर्माण तथा पुनर्निमाणमा महत्वपूर्ण योगदान दिएका थिए ।

सेन कालमा विजयपुरमा अर्को महत्वपूर्ण धार्मिक क्षेत्र औलिया मठ थियो । सेन कालमा नै उक्त मठको स्थान कोशी पारी उदयपुर भेगमा स्थापना गरिएको देखिन्छ । मुकुन्दसेनको पालातिर नै वराहक्षेत्र भेगमा औलिया बाबा नामक एकजना चमत्कारी बाबा रहेको तथा तिनले वराहक्षेत्रको पुजारीको पनि काम गरेको बताइन्छ । उनले आफू बस्ने स्थान कोशी टप्पूमा मठ स्थापना थिए । त्यसमा औलियाबाबाका निशान, गद्दी र गुदरी राखिएका थिए । तसर्थ यसलाई औलिया बाबाको गुदरी भनिन्थ्यो । सेन कालमा नै कोशीको बाढीले यो मठलाई क्षति पुऱ्याएपछि वि.सं. १८२३ सालमा यसलाई निशान मठबाट चतरामा सारिएको देखिन्छ ।

रामधुनि सेन कालिक विजयपुरको अर्को महत्वपूर्ण धार्मिक स्थल थियो । हाल सिंगिया गाविसमा पर्ने यो स्थानमा अघि अयोध्याका राजा रामले धुनि जगाएको मान्यतामा स्थानीय मानिसहरू यस स्थानलाई रामधुनि भन्ने गर्दछन् । तर ऐतिहाशिक दृष्टिले भने यस स्थानको ऐतिहासकता त्यति परसम्म पुऱ्याउन सकिदैन । यस स्थानमा वि.सं. १७६९ सालतिर वनखण्डीबाबाले धुनि जगाएर बसेको स्थान रामधुनि थियो भन्ने देखिन्छ । वराहक्षेत्रतिर जाने बाटामा पर्ने जंगलमा यी बाबाले यो धुनि जगाएका हुन् । त्यसपछि रामधुनिमा निरन्तर रूपमा धुनि जगाउने गरिएको छ ।

सेन कालिक विजयपुरको धार्मिक स्थलका बारेमा चर्चा गर्दा धरान विजयपुर भेगका विभिन्न मठमन्दिरहरूलाई पनि लिन सकिन्छ । हाल विजयपुरमा पिण्डेश्वर, दन्तकाली, बूढासुब्बा, गादीगणेश, भताभंगे र पंचकन्या लगायतका दवस्थलहरू अस्थित्वमा रहेका छन् । तर सेन कालतिर भने पिण्डेश्वरको चाहिं ज्यादा ख्याति बढेको देखिन्छ । यसका बारेमा रूद्राक्षारण्यमहात्म्य नामक ग्रन्थनै तयार पारिएको थियो । विजयपुरका पिण्डेश्वरमा बाघम्बर र चिताम्बर नामक दुईजना जोगीहरू बस्तथे । तिनीहरू निशानमठका औलिया बाबा र रामधुनिका वनखण्डीबाबाका समकालिक थिए भन्ने कुरा किंवदन्तिहरूले दर्शाएका छन् । यता पिण्डेश्वर भेगमा पाएका सवैभन्दा पुराना पुरातात्विक वस्तुमा इसाको चौधौं शतावब्दितिरको मानिने अष्टभूजा देवीको मूर्ति थियो । तर कालान्तरमा उक्त मूर्ति पनि चोरी भएको छ ।

विष्णुपादुका, झापाको सतासीधाम र माईधार, हाल भारत विहारको सिंहेश्वर र माईथान लगायतका अन्य थुप्रै स्थानहरू सेन कालतिर विजयपुर भेगमा प्रख्यात धार्मिक स्थलका रूपमा विकास भएका थिए । यिनमा सवैभन्दा पुरानो र महत्वपूर्ण भने वराहक्षेत्र नै थियो । यसै क्रममा पुरानो सूर्यकुण्ड, आदि वराहस्थान र भवानी थान लगायतका पुराना तीर्थहरूको पतन सेनहरूको

पतनका साथमा भएको देखिन्छ । वास्तवमा सेन शासकहरू धार्मिक स्वाभावका भएकाले धार्मिक स्थलहरूको विकासमा यिनीहरूको चासो रहन्थ्यो र तिनीहरूको विकास तथा संरक्षणमा तिनीहरू लागि पर्दथे । तसर्थ सेनकालिक विजयपुरमा विभिन्न धार्मिक स्थलको संरक्षण र विकास पनि भएको पाइन्छ ।

सारांशमा के भन्न सकिन्छ भने विजयपुरे सेनहरूको शासन व्यवस्थालाई विभिन्न दृष्टिकोणबाट उदारवादी व्यवस्थाका रूपमा लिने गरिएको छ । एकातर्फ तिनीहरूमा संघात्मकता र अर्कोतर्फ विकेन्द्रीकरणको भावना रहेको देखिन्छ । किरातीहरूले यहाँ आफू राजा हुनुभन्दा पनि सेनहरूलाई नै राजा बनाउने र मान्ने गरिरहे भने सेनहरूले पनि किरातीहरूको पुस्तौनी मन्त्री हुन पाउने संभौतालाई मान्यता दिइनै रहे । यस भेगमा प्रमान, कोटनायक, द्वारे र अन्य केही सरकारी कर्मचारीका साथमा मुखिया, जमिन्दार, सुब्बा र जिम्माबालबाट पनि स्थानीय शासन चलाउने कार्य भयो । सेन कालिक विजयपुरमा थुप्रै किल्लाहरू बनेका थिए भने वराहक्षेत्र, पिण्डेश्वर, विष्णुपादुका र अन्य कैयन् धार्मिक स्थलहरूको विकास भएको थियो । सेन राजाहरू धार्मिक स्वाभावका भएकाले मठमन्दिरहरू निर्माणमा र तिनको संरक्षणमा विशेष ध्यान दिने गरेका थिए ।

सेनहरूले सुरूका दिनमा मकवानपुरमा बसेर विजयपुरमा पनि शासन गरे । त्यस बेला यस भेगको शासनको पूर्ण जिम्मा यहाँका किराती मन्त्रीहरूमा थियो । कालान्तरमा विजयपुर बेग्लै सेन राज्यका रूपमा स्थापित भयो । यहाँको शासन चलाउन अनेक प्रकारका पदहरू निर्माण गरिएका थिए । त्यस बेला जागिरे र मन्त्रीलाई जागिरका रूपमा जमिननै दिने चलन थियो । तिनीहरूले मठमन्दिरका लागि पनि प्रशस्तै गुठी राखेका थिए । कालान्तरमा गोरखाली सेनाले विजयपुरमाथि अधिकार जमाएपछि पनि तिनले यहाँको पुरानो परम्परालाई निरन्तरता दिएको पाइएको छ ।

पूर्वी नेपालको विजयपुर राज्य नेपालका मध्यकालिक बाइसे र चौविसे राज्यभन्दा पृथक थियो । एकातर्फ यसको भूगोल निकै ठूलो थियो भने अर्कातर्फ यस राज्यमा समावेशी, संघीयता र प्रजातन्त्रको राम्रो प्रयास भएको देखिन्छ । छोटकरीमा विजयपुरको इतिहासका मुख्यमुख्य विषयवस्तुलाई निष्कर्षका रूपमा तल प्रस्तुत गरिएको छ :

क) विजयपुर मोरङ अत्यन्त प्राचीन क्षेत्र रहेको कुरा विभिन्न ऐतिहासिक र पौराणिक स्रोहरुले प्रमाणित गरेका छन् ।

ख) कोच वंशी राजा विजयनारायणले स्थापना गरेको हुनाले यस राज्यको नामकरण उनैको नामका आधारमा विजयपुर गरिएको हो ।

ग) मुरेहांग नामक किराती राजाको नामबाट यस भेगको नाम मोरङ रहेको पुष्टि भएको छ ।

घ) हांग र राय या राई दुवै शब्द पदवाचक या राजाका लागि प्रयोग भएका ऐतिहासिक प्रमाण पाइन्छन् । यसको मतलव राई या राय किरातीले मात्र लिने पद भने होइन । यो पद कोच, सेन र खशले पनि लिएको देखिन्छ । तसर्थ यी दुवै शब्दलाई राजावाचक मानिएको छ ।

ङ) अघि राजाका छोराहरुका बीचमा राज्य भागबण्डा लगाउने परिपाटी थियो, जसको परिणामस्वरुप पाल्पाबाट मकवानपुर अलग्ग छुट्टिएको हो । यता मकवानपुर राजदरबारको झगडाले गर्दा विजयपुर र अझ पछि त्यस्तै झगडाका कारण चौदण्डी राज्य अलग्ग भएको पुष्टि हुने गरेको छ ।

च) पाल्पाली सेनराजाहरुले अन्य राजारजौटाभन्दा फरक देखाउनु हिन्दूपति उपाधि लिने गरेका उदाहरण पाइन्छन् । भारतका शासकहरु मुगल र बृटिशहरुको प्रभावमा परिसकेका हुनाले तिनले आफूलाई हिन्दूमार्गिका रुपमा अलग्गै पहिचान दिन यस्तो पदवी लिएका हुन् । यसरी सेनहरु हिन्दू धर्म र संस्कृति जोगाउने प्रयासमा लागेको देखिन्छ ।

छ) गोरखाका राजा पृथ्वीनारायण शाहले एकीकरणको प्रेरणा पाल्पाली सेनराजा मुकुन्द सेन र मकवानपुरे लोहांगसेनको प्रयासका कारणले पाएको देखिन्छ । यिनीहरुले पृथ्वीनारायण शाहभन्दा धेरै अगाडि सेन राज्यको विस्तार पूर्वतर्फ गरेका थिए ।

ज) विजयपुर राज्यको सिमा टिष्टा र महानन्दासम्म पुगेको हुनाले पछि वर्तमान नेपालको सिमाना त्यतातिर पुग्न सफल भएको हो । यता विजयपुरले ओगटेको लिम्बूआन र खम्बूआनका साथमा पूर्णिया भेगको ठूलो भूभाग पनि विजयपुर राज्यका कारणनै बृहत्तर नेपालमा गाभिन पुगेका हुन् । यदि विजयपुर राज्यको अस्तित्व नरहेको भएमा यी क्षेत्रहरु बृटिश इन्डियाको हातमा पर्ने सम्भावना थियो । उनीहरुबाट गोरखाली सेनाले यी भूभाग प्राप्त गर्न सम्भव थिएन । तसर्थ बृहत्तर नेपालको खाका कोर्ने कार्यका लागि विजयपुर राज्यको अहम् भूमिका रहेको कुरा स्पष्ट छ ।

झ) नेपालको प्रशानिक इतिहासमा स्वायत्तता, विकेन्द्रिकरण, समावेशी र संघियताको राम्रो उदाहरण विजयपुरको प्रशासनिक इतिहासमा पाउन सकिन्छ । तसर्थ यसले अहिलेसम्म पनि हाम्रो प्रशासनिक व्यवस्थामा गहिरो प्रभाव पारेको देखिन्छ ।

ञ) पूर्वी किरात प्रदेशको किपट प्रथा निकै पुरानो थियो, जसलाई सेन र शाहहरुले निरन्तरतामात्र दिएका हुन् भन्ने देखिन्छ ।

ट) हाल देश संघीयतातर्फ उन्मुख भएको अवस्थामा यो शोध क्षेत्रीय इतिहास मात्र नभएर देशको संघीय इतिहास हुने स्पष्ट छ ।

ठ) हिमाल, पहाड र तराई समेटेर निर्माण भएको एउटा मात्र नेपालको मध्यकालिक सेन राज्य विजयपुरमात्र थियो । यसले हालको संघीयताको खाका कोर्न पनि सहयोग गर्ने देखिन्छ ।

वास्तवमा विजयपुर नेपालको पूर्वतर्फको मध्यकालिक राज्य थियो, जसको अलग्ग पहिचान रहेको देखिन्छ । यसले हिमालदेखि तराईसम्मको भूभाग समेटेको देखिन्छ भने किरात र सेनहरुका बीचको आपसी समन्वयका कारणले यहाँको प्रशासनिक व्यवस्था प्रजातान्त्रिक पनि देखिन्छ । समावेशीको राम्रो उदाहरण विजयपुर राज्यले नै देखाएको थियो । राजा सेन वंशका रहने भए पनि मन्त्री भने किरात रहने व्यवस्था मिलाउनुका साथै सेनहरु मकवानपुर बस्ने तथा किरात मन्त्रीहरुले कोशी पूर्वमा शासन गर्ने हुनाले सेनहरुले संघात्मकताको राम्रो उदाहरण प्रस्तुत गरेको देखिन्छ । बृहत्तर नेपाल निर्माणका क्षेत्रमा विजयपुरको महत्व यो रहेको छ कि विजयपुरले ओगटेको भूभागनै बृहत्तर नेपालमा गाभिएको हो । नेपालको पूर्वी सिमाना टिष्टासम्म पुग्नुको मूल कारण विजयपुर राज्यको अस्तित्व कायम रहनुमा नै थियो भन्ने देखिन्छ ।

नेपाल एकीकरणपछि विजयपुरका कारणले नै नेपालको पूर्वी सिमाना टिष्टा र सिक्कीमसम्म पुगेको हो । नेपाली सेनाले विजयपुरका कारणनै उत्तरको ठूलो हिमाली भागसम्म प्रभाव फैलाउन सफल भएको हो । यता दक्षिणमा पूर्णियासम्म सिमाना विजयपुरको रहेकाले नै कोशी पूर्वको सिमाना दक्षिणमा पूर्णिया पुगेको देखिन्छ । यसरी पूर्वी नेपालको सिमा क्षेत्र निर्धारणमा विजयपुरको ठूलो भूमिका रहेको छ । विजयपुर राजधानी हातमा पर्नासाथ विजयपुर राज्यअन्तर्गतको ठूलो भूभाग गोरखालीको हातमा परेको हो । यसले गर्दा कोशी पूर्वको ठूलो भूभाग सहज रुपमा गोरखालीको अधिनमा परेको स्पष्ट छ । तसर्थ नेपालको इतिहासमा विजयपुरको विशेष योगदान रहेको देखिन्छ ।

परिशिष्टहरू

परिशिष्ट १

कामदत्तसेनले रामभद्र पण्डितलाई गरिदिएको स्याहामोहर(वि.सं. १८१३)

श्रीकालिकाजीव

श्रीलक्ष्मीनारायेणनचरन

श्रीकामदत्त सेनसरन

यो स्यामोहर विजयपुरका राजा कामदत्तसेनले रामभद्र पण्डितलाई गरिदिएका हुन् । वि.सं. १८१३ मा लेखिएको यो स्यामोहर ज्ञानमणि नेपालले नेपाल निरूक्तमा प्रस्तुत गरेका छन् (पृ. २८३) । पुरानो मैथिली भाषामा लेखिएको यो मोहर विजयपुर भेगबाट जारी गरिएको देखिन्छ । यसमा रामभद्र पण्डितलाई पुरोहित्याईं गरी खानका लागि अनुमति दिइएको देखिन्छ) । यसको मूल पाठ तल दिइएको छ ।

स्वस्ति श्रीरूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्त महाराजाधिराज हिन्दूपती राजराजेश्वर छत्रपती वीरदलन भयमंजन महाराजाधिराजा श्री श्री श्री कामदत्त सेनजीव देवदेवानां सदासमरविजयिनाम् ।

रामभद्र पंडीत केह उपरोहिती भारा दीहल आपना खातीरज्मासौ कुलधर्म व्येसहार देवपुजानीतीपूर्वक वाक्यवचा बोलकर ही अमलमामुल दरोवस्त कोसीसे पुरब त्रीसोतासै पछीम पुरोहिती दस्तुर बाँध माली (धी) औ ब्राह्मनकै सींगार हार औ मौआरी देश मे जे होये से लै कल्यान मनाये आसीरवाद देलै कर ही ।

इति सम्बत् १८१३ साल माह पुस वदी ता ८ रोज

मैकाम वीजैपुर हुकुम हजुर सरेवा राम

रूजू देवान सीरीकान्त राये ।

श्रोत: ज्ञानमणि नेपाल, *नेपाल निरूक्त,* पृ. २८३ ।

परिशिष्ट २

देवान श्रीकान्त रायले तुलाराम पण्डितलाई दिएको वितांको मोहर (वि.सं. १८१७)

(प्रस्तुत मोहर ज्ञानमणि नेपालले नेपाल निरूक्त भन्ने पुस्तकमा (पृ. २८४) प्रस्तुत गरेका छन् । यो मोहर श्रीकान्त रायले राख्न लगाएका हुन् । तिनले तुलाराम पण्डितलाई वितां दिई यो मोहर राखेको देखिन्छ । पुरानो मैथिली भाषामा लेखिएको यो मोहरमा पानवारी मौजाको जमिन जागिरका रूपमा दिइएको छ । विजयपुर मुकामबाट जारी गरिएको यो मोहरमा मिति वि.सं. १८१७ पौषवदी ९ दिइएको देखिन्छ) ।

(छाप) वराह

स्वस्ति राजभारा सामर्थ

श्री देवान सीरीकान्त राऐजी

तुलाराम पंडीतके मौजे पानवारा मधे गुहावारी एक १ बावत महाशी खत्रीक का हु नी १ ती नी ३ जागिर दीहल आपन खातीरज्माशौं बारीक मरमत करी उतपन्ये गुहा दाम पम्मं सुख भोग्य करी आशीर्वचन देत रहही, इति सम्बत् १८१७ साल माह पुस वदी नौ ९ ३ रोज मौ. विजयपुर ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त,* पृ. २८४ ।

परिशिष्ट ३

राजा कामदत्तसेनले रामभद्रलाई दिएको वितांको स्याहामोहर(वि.सं. १८२०)

(प्रस्तुत मोहर ज्ञानमणि नेपालले नेपाल निरूक्त भन्ने पुस्तकमा (पृ. २८५) प्रस्तुत गरेका छन् । यो मोहर कामदत्तसेनले रामभद्रलाई दिएका हुन् । तिनले रामभद्र पण्डितलाई बैली गाउँ विर्ता दिई यो मोहर राखेको देखिन्छ । पुरानो मैथिली भाषामा लेखिएको यो मोहरमा वीरताको बाली भोग गर्नु भन्दै महिनावारी रू १० मुकरर गरिदिएको छ । विजयपुर मुकामबाट जारी गरिएको यो मोहरमा मिति वि.सं. १८२० पौषवदी ९ दिइएको देखिन्छ) ।

श्रीलक्ष्मीनारायन चरन

श्री कामदत्तसेनजीव शरन

आग्या .....जीव ।

रामचन्द्रपण्तिकेमौजे बेलीआ गाउ विर्ता रहे ताकी थै अपनु वाहाल कैदी हल । आपन विर्ता जानी आवाद तर्दुद कै उतपन्या भोग्याके आशीवति दत्र रहे । इति सम्बत १८२० साल तौ ८ पुष बदी मोर वीजैपुर ।

पीठमा

औ महीनावारी दश रूपैया १० मौकरर के दीहल बालिसहित बाहालके दीहल ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त*, पृ. २८५ ।

परिशिष्ट ४

देवान जसकर्ण राईले रामभद्रलाई दिएको वितांको मोहर (वि.सं. १८२१)

(प्रस्तुत मोहर ज्ञानमणि नेपालले नेपाल निरूक्त भन्ने पुस्तकमा (पृ. २८६) प्रस्तुत गरेका छन् । यो मोहर जसकर्ण राईले रामभद्रलाई दिएको वितांको मोहर हो । तिनले रामभद्र पण्डितलाई नुनिया गाउँ मौजाको भादगाउँ स्थित जमिन वितां दिएको देखिन्छ । पुरानो मैथिली भाषामा लेखिएको यो मोहरमा वीरताको बाली भोग गर्नु भन्दै यजमाननी गर्ने अधिकार दिइएको छ । विजयपुर मुकामबाट जारी गरिएको यो मोहरमा कामदत्तसेन नभएर जसकर्ण राईले दिएको देखिन्छ । यसमा मिति वि.सं. १८२१ वैशाख सुदी ९ दिइएको देखिन्छ) ।

छाप

श्रीराम

स्वस्तीश्री राजभारासामर्थ देवान श्रीजसकर्नरायेजीव रामभद्र पंडीतके उपरीहीती भारा दीहल अपन खातीरज्मासौ रूजु रही परमपरायेक कुलाधर्म विहतमाफिक कर्मकरी कोसीसौ पुरूव दरो वस्त हमार जागीर मौजे हायेक वो हमार दोहल जागीर भाइ वीरादर सेवोक सीपाही गैरह जे वा ह ते हु मौजे हायेक लोगक वीहीवमाफिक सादीगमी कीरीआ कर्म कायृ पुरोहीती दस्तुर बोधमाधी वो ब्राह्मनक सीगार हार मोआरी जे होये से मामुल बमोजिम सरह सुदाम ले अै उदोत कल्यान हमार मनवे खायेन खाडा मोरङ्का प्रगन्ना नुनीया गाउँमध्ये मौजा भादगाउँ वस्ती १ दिएको छ । साविक रैती आबाद राखी अब अरू रैति बसाई (आवाद गल्जार गरी) त्यहाँबाट आएको मूल आयस्ताको अंक र अरू दस्तुरसमेत लिइ परमसुख भोग गरी सेवामा हाजिर रहू सं. १८२१ वैशाख शुदि ९ मु. जैजैपुर ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त*, पृ. २८६ ।

परिशिष्ट ५

राजा कामदत्तसेनले रामचन्द्र पण्डितलाई गरिदिएको स्याहामोहर (वि.सं. १८२२)

(प्रस्तुत मोहर ज्ञानमणि नेपालले नेपाल निरूक्त भन्ने पुस्तकमा (पृ. २८७) प्रस्तुत गरेका छन् । यो मोहर राजा कामदत्तसेनले रामचन्द्र पण्डितलाई दिएको हो । कामदत्तले रामचन्द्र पण्डितलाई प्रगन्ना धमौरा मौजाको भादोगाउँ विर्ता दिएको देखिन्छ । यो स्यामोहरमा पण्डितलाई कर गठाउनका लागि यो स्यामोहर गरिदिएको हो । पुरानो मैथिली भाषामा लेखिएको यो मोहर विजयपुर मुकामबाट जारी गरिएको हो, जसमा पुन राजा कामदत्तसेन देखा परेका छन् । यसमा मिति वि.सं. १८२२ माघ वदी १२ दिइएको देखिन्छ) ।

श्रीश्रीवराहजीव सरन

छाप

श्रीलक्ष्मीनारायण जीव चरन रनु

श्री कामराजदत्तसेन जीव सरन

आग्या श्रीश्रीश्री .....जीव

श्री रामचन्द पंडितके खाढा मोरंग तपा धमोरामध्ये मौजे भातगावो गावो वस्ती एक विर्ता दहल अपन खातीज्मासे माहि रैयतीके तसलह करी आवाद गुल्जारके अशल घरगनी दाम अंक अवू आव वस्तुर सोऊती मोज्मदारी वो सुवाहे फौंजदारी ज्मीदारी स्र्व अंक उतपन्य खसोखाससै प्रर्म्म सुखभोग्य कैलकरथु इति सम्बत् १८२२ सालमाह आशीन सुदी १ रोज मो वीजैपुर ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त*, पृ. २८७ ।

परिशिष्ट ६

दीवान जसकर्ण राईले रामभद्रलाई नै पुरोहित्याईको काम दिएर गरिदिएको मोहर (वि.सं. १८२२)

(प्रस्तुत मोहर दीवान जसकर्ण राईले रामभद्र पण्डितलाई दिएका हुन् । उनले तिनलाई पुरोहित्याईं गर्न यो मोहर गरिदिएको देखिन्छ । ज्ञानमणि नेपालले नेपाल निरूक्त भन्ने पुस्तकमा (पृ. २८८) यो मोहर दिएका छन् । यो मोहर वि.सं १८२२ मा जसकर्ण राईले रामभद्रलाई दिएको हुनाले त्यस बेला जसकर्ण राई विजयपुरमा निकै शक्तिशालि भएको अनुमान गर्न सकिन्छ । रामभद्रले पण्डित्याईं या पुरोहित्याईं गर्न पाउँ भनी दिएको निवेनमाथि कारवाही गरी तिनलाई यो मोहर दिएको देखिन्छ । पुरानो मैथिली भाषामा लेखिएको यो मोहर जैजैपुर मुकामबाट जारी गरिएको हो, जसमा जसकर्ण राईले स्यामोहर बनाएको देखिने हुँदा तिनी निकै शक्तिशालि थिए भन्ने देखिन्छ । यसमा मिति वि.सं. १८२२ माघ वदी १२ दिइएको देखिन्छ) ।

वराहजीव

रामभद्र पण्डित

वाराहा

स्वस्ति राजभारा शामर्थ श्रीदेवान जसकर्न राएजी कोशीसौपुरव दरोवस्त हमार नीज जागीर औ जागीराहा गैह्र माही मडरवी सवाह चाढ चौधरीके आशीष आगे हमारातर्फ सौ श्री रामभद्र पन्डीत क आदमी मण्डीतारै तहशील करै जातवाद आपन आपन मौजेशौ पंडितारै दस्तुर रकं अमल देअैके जे कोई महार शनद नमानी हुजत करीह ताकरके माल इलाज करैन्हक थुस रूकर वशे अकीन जानके सर्वथाके बु हु हा रो दी पीठपट्टि हु हु जे दफ आत नालीश न पहुँचे । इति सम्वत् १८२२ साल माह माघ वदी तौ १२ रोज मो जैजैपुर ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त*, पृ. २८८ ।

परिशिष्ट ७

दीवान बुद्धिकर्ण राईले तुलाराम पण्डितलाई वितर्ा दिएर गरिदिएको मोहर (वि.सं. १८२९)

(यो वितर्ाको मोहर दीवान बुद्धिकर्ण राईले तुलाराम पण्डितलाई दिएका हुन् । वि.सं. १८२४ देखि विजयपुरको शासनमा हालिमुहाली गरेर बसेका बुद्धिकर्ण राईले तुलाराम पण्डितलाई वितर्ा दिएर यो मोहर गरिदिएका हुन् । यहाँ उनले तिनलाई कटहरीको जयरामपुरमा वितर्ा दिएर मोहर गरिदिएको देखिन्छ । ज्ञानमणि नेपालले नेपाल निरूक्तमा (पृ. २९१) यो मोहर दिएका छन् । यो मोहर वि.सं १८२९ मा दिएको हुनाले तत्काल बुद्धिकर्ण राई निकै शक्तिशालि थिए भन्ने देखिन्छ । यहाँ बुद्धिकर्णले कामदत्त सेन र रामभद्र पण्डितलाई समेत हटाएर तुलाराम पण्डितलाई वितर्ा दिएको हुँदा तत्काल पण्डित्याईंका लागि समेत निकै खिचातानि हुने गरेको बुझिन्छ । यसमा मिति वि.सं. १८२९ फागुन वदी तौ ५ दिइएको देखिन्छ) ।

श्रीराम

(छाप)

वाराह

स्वस्ति राजभारा सामर्थ देवान श्रीबुधीकर्णराए जीव श्री तुलाराम पन्डीतकै खाडा मोरंग तथा कटहरी मधे मौजे जैरामपुर चन्दन वावत गछ एक १ लालु बावत गछ एक १ अशके गच दुई २ । माया वीरता दीहल आपन खातीरज्मसौ गछ मजकुर तरदुव तलास कै ताकर उतपर्न्ये असल माल वो स्तौध शुवाई फौजदारी ज्मीदारी गैहअनी अंक अवुआवमामीला मजकुर शीगार हार विआहदानी री शगौढा सहीत पर्मसुख भोग्या करहि । इति संवत् १८२९ साल माह फागुन बदी तौ ५ रोज मो. वीजैपुर ।

श्रोतः ज्ञानमणि नेपाल, *नेपाल निरूक्त,* पृ. २९१ ।

परिशिष्ट ८

लोहांगसेनले किरात चौतारासँग गरेको सन्धीपत्र

(प्रस्तुत सन्धीपत्र विष्णुप्रसाद घिमिरेको पाल्पा राज्यको इतिहास भाग २ (पृ. २००) बाट साभार गरिएको हो । देवनागरी भाषामा लेखिएको यो सन्धीपत्रमा कर उठाउने कुराका साथमा दण्डसजायको व्यवस्थाका बारेमा पनि वर्णन गरिएको देखिन्छ । यो सन्धीपत्र कहाँबाट साभार गरिएको हो भन्ने कुरा भने घिमिरेले दिएको पाइँदैन) ।

१. किरात प्रदेशका १० प्रान्तिय प्रमुख र प्रजाद्वारा निर्वाचित व्यक्ति नै राज्यको मन्त्रि (दिवान वा चौतारा) हुनेछन् । उनको कार्यावधी ५ वर्षको हुनेछ ।

२. मोरङ र त्यस आसपासको क्षेत्रमा पुनर्वास गर्न आउने कुनै पनि व्यक्तिलाई प्रवेशज्ञा दिइने छ अनाधिकृत रूपको प्रवेशलाई रोकिने छ ।

३. प्रत्येक १० वर्षमा जनगण्ना लिइने छ र मोरङमा त्यसको विवरण राखिने छ ।

४. प्रत्येक १८ वर्षदेखि ५० वर्ष बीचका व्यक्तिले धनुवाण लिई प्रान्तिय हेडक्वाटरमा गईतीन महिनाको सैनिक तालिम लिनु अनिवार्य हुने छ । सामान्य राजकोषले त्यसको खर्चको व्यवस्था गर्ने छ ।

५. आपतकालको निमित्त प्रत्येक प्रान्तिय प्रमुखले १५० जना व्यक्तिलाई सेनाका रूपमा तयारीका साथ राख्नुपर्ने छ ।

६. प्रत्येक एक हल लाग्ने जमिनबाट सरकारले रू १ का दरले कर लिने छ ।

७. राजश्व भने निम्नानुसारले खर्च गर्नुपर्ने छ ।

   क) १० प्रतिशत प्रान्तिय प्रशासनलाई र

   ख) ४५ प्रतिशत सैनिक सुदृढिकरणलाई र बाँकी मोरङको केन्द्रिय कोषमा जम्मा गर्नुपर्ने छ ।

८. प्रत्येक प्रान्तिय प्रशासनले पाँच प्रमुख अपराध बाहेक अरू मुद्धा हेर्न सक्ने छ ।

९. राज्यको कानुन विरूद्धको आतंक वा सरकारी अधिकारी (मोरङका राजा र जातिय प्रमुख)का विरूद्ध विद्रोह गरेमा त्यस्ता अपराधिलाई पदच्यूत वा निर्वासन गरिने छ ।

श्रोतः विष्णुप्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास भाग २,* पृ. २००

परिशिष्ट ९

विधाता इन्द्रविधातासेनको पत्र

(इमानसिंह चेम्जोंगले किरात कालीन विजयपुरको संक्षिप्त इतिहास (पृ. ७७) मा प्रस्तुत गरिएको यो पत्र विधाता इन्द्रसेनले दिएको बताईको छ। यसमा बोबाजीत रायका जीजुवाजे सोना रायका नाममा दिएको जागीरको जमिन बोबाजीत रायलाई थामि दिएको वर्णन छ। पुरानो नेपाली भाषामा लेखिएको यो लिखत निकै पुरानो र अशुद्ध पनि देखिन्छ । यो पत्र वि.सं १७४१ म चंजितपुर मोकामबाट जारी गरिएको देखिन्छ । यसलाई मन्त्री बोबाजित रायको मन्त्री पदको नियुक्ति मानिएको छ)।

स्थानः चंजितपुर, मितिः वि.सं. १७४१, विषयः जागिर

स्वस्ति श्री रूपनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्नत मन्महा

राजाधिराज श्री श्री श्री विधातइन्द्र देवानाम् सदासमर विजयिनाम्

श्री बोवाजित रायके आपन जिजुवाजु सुना रायक जागिर जानि

व्स अव एक सरह सौं समान सेवा दरवार करें वेस जागीर बटै इति

सम्बत १७४१ साल माह आषाढ वदि रोज ३ मोकाम चंजितपुर शुभम्:

(श्रोतः इमानसिंह चेम्जोंग, *किरात कालीन विजयपुरको संक्षिप्त इतिहास,* पृ. ७७।

परिशिष्ट १०

विधाता इन्द्रराजराजेश्वरीको स्याहामोहर

(यो स्यामोहर जितपुरबाट वि.सं १७६३ मा जारी गरिएको हो । इन्द्र राजराजेश्वरी देवीले सिक्किमसँगको युद्धमा प्रान्तीय प्रशासक रायहरूलाई सामेल हुने आदेश दिदै यो पत्र जारी गरिएको देखिन्छ । यो स्यामोहर शंकरमान राजवंशीले सम्पादन गरेको पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. ५ बाट सभार गरिएको हो । यो पत्र अशुद्ध मैथिली भाषामा लेखिएको छ) ।

श्री लहा श्री ...जी ॥

स्वस्तिश्रीरूपनारायणेत्यादिविविधविरूदावली विराजमान मानोन्नम

हाराजा श्रीराजहिन्दूपतीराजराजेश्वरश्रीश्रीमद्वीधाताइन्द्रराजराजे

श्वरीश्रीश्रीमहारानी जीव देवीनां शदा शोभागती शावीत्री शचीनाम्

चेमजोग राये यई आवा राये इन्द्र राये छुगमी राये, माजीम

राये, वोआजी राय गवाआराय शीहा राय श्री ...

के आशीष पूर्वक पत्रमिंद कर्जाञ्च आगे पुर्वमह नीमकह

राम ही धुम उठी बभुते रामकीश्ण थापा के भेजल हैतो

पञ्चषत्र दरशन तो किंत शोभां शुवा थापा मजकुरकर..

लह्रो वैरीके हानतु जाहि जमतोदरे शव के जश होथ से कर

तु इती शाम्बत १७६३ साल माह आश्वीन बदी ६ गद रोमो

र जीतपुर वारवानगी धम्मागत दुअरिआ ।

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह तेस्रो भाग,* पृ. ५ ।

परिशिष्ट ११

विजयपुरका राजा महिपति सेनको पत्र

(यो पत्र इमानसिंह चेम्जोंगबाट लिइएको हो भन्ने विवरण दिदै विष्णु प्रसाद घिमिरेले पाल्पा राज्यको इतिहास भाग २ (पृ. २०७) मा दिएका छन् । यसमा सुख रायको पालादेखि खाएर आएको पर्गन्ना इस रायलाई थामिदिएको उल्लेख छ । वि.स. १७८२ माघ ८ मा विजयपुरबाट जारी गरिएको यस पत्रमा संस्कृत र पुरानो मैथिली भाषाको प्रयोग भएको छ) ।

स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजान मानोन्नत श्री महाराजा धिराज हिन्दूपति राजराजेश्वर श्री श्री मात महीपति सेन जी देवानाम सदामान समरविजयिनाम् ।

इस राय के सुख राय ई खायन प्रजा गाउँ पर्गना बहाल राखी दिहल अपना खातीरजम्म सो गाउँभर वै रह श्री देवजान सामील राजकाज करह इति सम्बत् १७८२ साल माह माघ बदि ८ रोज मोकाम् विजयपुर शुभम्: ।

श्रोत: विष्णु प्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास भाग २,* पृ. २०७ ।

परिशिष्ट १२

विजयपुरका राजा विसन्तर सेनको पत्र

(विजयपुरमा पाइएको भनिएको तथा इमानसिंह चेम्जोंगले दिएको यस पत्रमा विजयपुरका राजा विसन्तर सेनले जागिरका रूपमा मानसिंह रायलाई केही जमिन दिएका छन् । त्यसको प्रमाणस्वरूप विसन्तर सेनले यो पत्र दिएका हुन् । वि.सं. १८०८ को यो पत्र पुरानो मैथिली भाषामा देखिएको छ । यसलाई विजयपुरका राजा विसन्तर सेनको पत्र भनिएको छ । यसमा मिति १८०८ माघ ११ रहेको देखिन्छ । पुरानो मैथिली लिपिमा यो पत्र लेखिएको देखिन्छ । यसको उल्लेख विष्णुप्रसाद घिमिरेले पाल्पा राज्यको इतिहासमा गरेका छन् (पृ. १०७८) । अभिलेखको मूल पाठ तलका हरफहरूमा दिइएको छ) ।

स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजमानानोन्नत महाराजाधिराज हिन्दूपति राजराजेश्वर छत्रपति अरिदल मंजन भपदल मंजन महाराजा श्रीश्रीश्री विसन्तर सेन जीव देवानां सदा समर विजयिनाम्

मनसिंह रायके आगे तप्पा लेतांग मध्ये मौजे तेघ्रा सेम्बेन जमिन सास सीम केठाले जाङ १ बेक बेरा जागीर दीहल, अपना खातीरजमा से गाउँ वसावैके घर गनी सर्व अंक माफ वेतलव जानि परम सुख भोग्य कै सेवारूजु रह सेवावटै जागीर बटै सेवा घटै जागिर घटै । इति संवत १८०८ साल माघसुदी ११ रोज मोकाम विजयपुर शूभम (रूजु देवान तेस्रासिरीकान्त राय) ।

श्रोतः विष्णु प्रसाद घिमिरे, *पाल्पा राज्यको इतिहास भाग २,* पृ. २०७-८ ।

परिशिष्ट १३

विजयपुरका राजा कामदत्त सेनको पत्र

(यो पत्र विजयपुरमा पाइएको हो । यसमा मिति वि.सं. १८१३ पुष ८ दिइएको छ । विजयपुरका राजा कामदत्त सेनले यसमा रामचन्द्र पण्डितलाई पुरोहित्याईं गर्न पाउने व्यवस्था गरेको देखिन्छ । शंकरमान राजवंशीद्वारा पुरातत्व पत्र संग्रह तेस्रो भाग पृष्ठ १० मा प्रकाशित यो लेख पुरानो मैथिली भाषामा लेखिएको छ) ।

श्री कालीका जीव

स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत

म्हाराजाधिराज हिन्दूपति राजराजेश्वर छत्रपति वीरदलन भूपभंजन महाराजा श्रीश्रीश्री कामदत्त सेन जीव देवदेवानां सदा समर विजयिनाम्

रामचन्द्र पंडितकेह उपरोहिती भारा दीहल आपन पाती रज्मासैं कुलधर्म व्येवहार देवपुज रिती पूर्वक वाक्य बढावोल करहा अमल मामुल देरोवस्त कोसीसैं पुरवनीसोता सेंपछिम

पुरोहीति दस्तुरबोधमाली औं ब्राह्मन कै सिरहाई औ मौआरी देसमें जे होये सेलै कल्यान मनाये आसी र वा

द्य कैल करही इति सम्बत १८१३ साल माह पुस वदि ता ८

रोज मोकाम विजैपुर हुकुम हजुर सरेवा राम रूजु देवान सीरीकान्त राये ।

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह तेस्रो भाग,* पृ. १० ।

परिशिष्ट १४

विजयपुरका राजा कामदत्त सेनको पत्र

(विजयपुरबाट वि.सं. १८१८ माघ १० का दिन जारी गरेको प्रस्तुत पत्रमा राजा कामदत्त सेनले जग्गा दिएको विवरण पाइन्छ। यो पत्र शिवकुमार श्रेष्ठले लिम्बूआनको इतिहास (पृ. १२०) मा दिनु भएको छ)।

स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महाराजाधिराज हिन्दूपति छत्रपति राजराजेश्वर वीरदलन भूप भंजन महाराजाधिराज श्रीश्रीश्री कामदत्त सेन जी देवानां सदा समर विजयिनगर

श्री साधवा रायके मध्ये हांगसु रायके खायल प्रजा गाउँ जो इधर कामा सो दक्षिण मुहम्बा सो पश्चिम, एकादप्पा सो उत्त, मिल्खु साप्ला १ जस्के गाउँ कठाह्र वा सो प्रजाका खायन जाहारी पहरके दिहल आपना खातिरजम्मा स्जिमि समेत सेवामह सदा रूजु रह इति सम्बत १८१८ माह माघ वदी १० रोज मोकाम विजयपुर शुभम्:

श्रोतः शिवकुमार श्रेष्ठ, *लिम्बूआनको इतिहास,* पृ. १२०।

परिशिष्ट १५

विजयपुरका राजा कामदत्त सेनको पत्र

(विजयपुरका राजा कामदत्त सेनले वि.सं. १८२० वर्ता दिएको एउटा पत्र प्राप्त भएको छ, जसमा सरकारी कर्मचारीलाई रामचन्द्र पण्डितको मौजामा वर्ता दिएको पाइएको छ । यसमा राजा कामदत्त सेन छन् भने पत्र जारी गरेको वि.सं. १८२० पौष १० गते हो । यसको विवरण शंकरमान राजवंशीको पूरातत्व पत्र संग्रह भाग ३ मा राखिएको छ) ।

श्री आग्यां श्री श्री श्री जीव

रामचन्द्र पंडीत के मौजे वेलीआ गाउ

वीर्ता रहै ताही थै अजहुवा हाल कैदिह

ल आपन वीर्ता जानी आवाद तर्दुत

कै उतपन्य भोग्य कै आशीर्वाद दैते र

है इति स्व १८२० साल सौंट पौ

शबदी मो वीजैपुर

औरम्हीन पानीवश उपै अर १० ।

जप मोकनकै दीहल

वाली सहीत बहाल क दीहल

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १४ ।

परिशिष्ट १६

विजयपुरका राजा कामदत्त सेनको पत्र

(विजयपुरबाट वि.सं. १८२२ मा राजा कामदत्तसेनले दिएको पत्र, जसमा रामभद्र पण्डितलाई मोरंगको भादगाउँमा वीर्ता दिएको देखिन्छ । पुरानो मैथिली भाषामा राखिएको यो पत्र शंकरमान राजवंशी, पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. १५ बाट साभार गरिएको हो । यस पत्रको मूल भाग निम्नानुसारको छ) ।

श्री श्री वाराह जीव सरम् ३

आग्यां श्री श्री श्री जीव

श्री रामभद्र पंडीत के षाढा मोरंग तपा धमोरा मधे मौ

जे भातगावो वस्ती एक वीर्ता दीहल अप

न षातीरज्मा सो माही रैअतिके तस्लह करी आ

वाद गुलजारके असल घरगनी दाम अक अवु आवः

दस्तुर स्तौन्य अनी मौज्मदारीको सुवाई औजदा

रीज्मीदारी स्वअंक उपपन्य षसोषास लै प्रम्म

सुष भोग्य कैल करथू इति सम्बत् १८२२ शाल माह

आशीन शुदी १ रोज मोः विजैपुर ३ ।

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १५ ।

परिशिष्ट १७

विजयपुरका चौतारा सिरीकान्त रायको पत्र

(वि.सं. १८१८ मा विजयपुरबाट सिरकान्त रायले यो पत्र जारी गरेका हुन् । यसलाई श्री कालिकाको नाम दिइएको हुनाले यो दन्तकालीका लागि भनिएको हुनसक्ने अनुमान छ । शंकरमान राजवंशी, पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. १२ मा प्रकाशित यो पत्र पुरानो मैथिली भाषामा लेखिएको छ) ।

... कालिका

अधिका श्रीकान्त राय पछिका त्रो

स्वस्ति राजभारा सामर्थदेवानश्री सिरीकान्त राये जीव

जेम्बुचों राये हमेरकाम षातिर जीउधन मिसाउसँगलै लेनाज मामिला देशके धाबो आपन हाथ लै लापर नीपाह मूजनयाको विन्ती याद नरयं हमेर उठोतो षातिर करीह मोनासिव रावि देह चेतन राषी देही औरे आपन लीवरलेक साक करही तौ श्री श्री श्री जयन्त करे इति सम्बत १८१८ जे. शुदि १५ शुभं ।

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १२ ।

परिशिष्ट १८

विजयपुरका चौतारा चोषा रायको पत्र

(यो पत्र विजयपुरका चौतारा चोषा रायले वि.सं. १७७९ मा राखेका हुन् । यसमा केही थिति बाँधिएको विवरण परेको छ । पुरानो मैथिली भाषामा लेखिएको यस पत्रमा किराती थिति बाँधिएको छ । यो पत्र शंकरमान राजवंशीले सम्पादन गरेको पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. ६ बाट साभार गरिएको हो) ।

॥ स्वस्ति ...ध्योन श्री चोषाराये जीव
वो आजीरा वेलयन जी
राये आग्रही सौये मजिम महि आ
क छोरा साथ वीरावाल थेक
छोरा वलते हुय र राइँ पाइँ
कने तीसर कन्या दाम मही आ
मजकूरके नाही दीहल तेहीयर
वो आजी राई क वेटाके मनोकै
परवारी नाना सरीकौव कन्या
राजाराम राई कै दिहल तेही घ
वरीयर धनजीत राई कन्या मज
कुरके चोरी उढारौ लेजा तयकर
लगै लहमान हुजुर पहुचलपर
स्रव पाचके छयान वीचार सौचो
र वदी गुनहगारी डाइलै होवा
नास्तीके फारीग पत्त दिहल इती
संवत १७७९ साल माह कार्तिक
शुदी १४ रो मो विज्येपुर

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. ६ ।

परिशिष्ट १९

विजयपुरका देवान जसकर्ण रायको पत्र

(विजयपुरका देवान जसकर्ण रायले वि.सं. १८२१ मा रामभद्र पण्डितलाई पुरोहित्याई गर्नका लागि यो पत्र दिइएको देखिन्छ। त्यस बेला राज पुरोहितको हैशियत निकै ठूलो मानिन्थ्यो। तसर्थ यससम्बन्धी पत्रनै दिने गरिएको पाइएको छ। पुरानो मैथिली भाषामा लेखिएको यो पत्र शंकरमान राजवंशीले सम्पादन गर्नु भएको पुरातत्व पत्र संग्रह, तेस्रो भाग पृ. १४ बाट साभार गरिएको हो)।

श्री राम

॥स्वस्ति राजभारा सामर्थ देवा

न श्री जसकर्ण राये जीव

रामभद्र पंडित के उपरोहिती भारा दीहल आ
पन षातिरज्मा सौ रूजु रही परम्परायेक कु
ला धर्म वीहीत माफीक कर्म करी कोसीसौ
पुरव दरोवस्त हमार जाजिर मौजे हायेक वोह
भार दीहल जागीर भाई वीरादर सेवोक
सीपाही गैरह जवा दतेह मौजे हायकला
गक वीहित माफीक सादी गमी कीरिआक
म काये पुरोहीती दस्तुर बोंध माधीवो व्रा
म्हन कसी गारहा दमोआरी जे होये सेमा
पुल वमोजिव सरह सुदामले अै उदोतक
ल्याण हमार भन वेषायेन षाडा मोरग तपा
नोन गावो मधे मौजे भातगावो वस्ती येक १
दीहल सावी करैआ अवाद राषी आइन्दा
परलोग रै अत बसाई ताकर उतपच्यँ असल
अंक दस्तुर सीव पर्मसुप भोग्यं करीसे ब्राह्म
रूजु रही इति स्वत १८२१ साल माह वैसाष सु
दी नौ ९ रोज मौजैजे शुभम्

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १५।

परिशिष्ट २०

विजयपुरका देवान जसकर्ण रायको पत्र

(यो पत्र राजभारा सामर्थ श्री जसकर्ण रायले लेखेका हुन् । जागीरका रूपमा जमिन दिएको विवरण परेको यो पत्र वि.सं. १८२२ मा लेखिएको देखिन्छ । यो पत्र पुरानो मैथिली भाषामा तयार पारिएको छ । यो पत्र शंकरमान राजवंशीले सम्पादन गरेको पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. १६ बाट साभार गरिएको हो) ।

श्री राम

स्वस्ति राजभारा सामर्थ श्री

देवान् जसकर्ण राये जी

कोसीसौ पुरव दरोवस्त हमार नीज जा

गिर औ जागिराहा गैरह भादीमन्डर दी

सवाहा चाढ चौधरीके आशिष आमेह

मार तर्फ शौ श्रीका आदमी

पन्डीता रैत हुशील करै जातवाद आ

पन आपन मौजे शौ पन्डीता रै दस्तुरक

अमल दे अै के जे कोई हमार शनदन

मानी दुजतक रीह ताकरके

माल इलाज करै म्हकथुरनक खशे अंकीत जानैके सर्वथा बुहबुहा रोदी

रूहु जे दफ आतनालीशनद हुचै इति सम्बत १८२२ शाल माह काजवदी तौ १२ रोज जजैउः

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १६ ।

परिशिष्ट २१

विजयपुरका चौतारा बुद्धिकर्ण रायको पत्र

वि.सं. १८२४ सालमा विजयपुरबाट चौतारा बुद्धिकर्ण रायले दिएको यस पत्रमा रामभद्र पण्डितको वितार्को जमिन थामि दिएको चर्चा छ । विजयपुर भेगमा रामभद्र पण्डितले अधिदेखि वितार्ा पाएकोमा त्यसलाई यिनले पनि थामिदिएको देखिने हुँदा यिनी निकै शक्तिशालि रहेको देखिन्छ । यो पत्र मैथिली भाषामा लेखिएको छ । प्रस्तुत पत्र पनि शंकरमान राजवंशीले सम्पादन गरेको पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. १७ बाट साभार गरिएको हो) ।

श्री राम

स्वस्ति राजभारा सामर्थ देवान

श्री बुधीकर्ण राये जीव

रामभद्र पंडीतके षाढा मोरंग त

पा नोनगावो मधे मौजे वेलीगावो

येक १ मौजे लवराजपुर गावो

येक १ एरन्के मौजे दुई र जंगल ससीम

कै सावीकव दस्तुर माया वीरता

वाहाल कै दीहल अवाद तरदद

करी ताकर उतपन्य असल अंक

दस्तुर सहित पर्म शुष भोग्यं क

री आशीष देत रहहु इती सम्वत १८२४ साल माघ सुदी

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १७ ।

परिशिष्ट २२

विजयपुरका देवान बुद्धिकर्ण रायको पत्र

(यो पत्र विजयपुरका दिवान बुद्धिकर्ण रायले वि.सं. १८२९ मा जारी गरेको हो । यसमा तुलाराम पण्डितलाई विर्ता थामिदिएको चर्चा छ । मैथिली भाषामा लेखिएको यो पत्र शंकरमान राजवंशीले सम्पादन गरेको पुरातत्व पत्र संग्रह, तेस्रो भाग, पृ. १८ बाट साभार गरिएको हो) ।

....श्री राम

स्वस्ति श्री राजभारा सामर्थ देवान श्री बुध्दीकर्ण राये जीव ३

श्री तुलाराम पंन्डीतके षाढा मोरंग तपा कटहरी

मधे मौजे जैरामपुर चन्दन बखत गछ एक १

लाल वावत गछ एक १ अंशकै गछ दुई २

मार्या वीर्ता दीहल आपन षातीरज्माशौ गछ

मजकुर तरदुद तलाशकै ताकर उतपन्यं असल मालवो इतौध शुवाइं फौजदारी ज्मी

दारी गैह्र अनी अक अबु आब मामीला मजकुर शी

गार हारवी आहदानीश गौढा शहीत पर्म शुष

भोग्या करहि इति सम्वत १८२९ साल माह फागुन

वदी नौ ५ रोज मो वीजैपुर

श्रोतः शंकरमान राजवंशी, *पुरातत्व पत्र संग्रह भाग ३,* पृ. १८ ।

परिशिष्ट २३

कामदत्तसेनले किराती राजाहरूलाई दिएको लालमोहर पत्र

(विजयपुरबाट राजा कामदत्त सेनले किराती राजाहरूलाई वि.सं. १८१८ मा यो लालमोहर दिएको देखिन्छ । यसमा किराती राजाहरूलाई उनीहरूको अधिकार लालमोहरमार्फत निश्चित गरिदिएको देखिन्छ । पुरानो तथा अशुद्ध संस्कृत र मैथिली भाषामा लेखिएको यो लालमोहर इमान सिंग चेम्जोंग, किरात कालिन विजयपुरको संक्षिप्त इतिहास, पृ. ९४ बाट साभार गरिएको हो) ।

स्वस्ति श्री रूपनारायणेत्यादि विविधविरूदावली विराजमान मानोन्नत महाराजाधिराज हिन्दूपति छत्रपति राजराजेश्वर वीरदलन भूपभञ्जन महाराजाधिराज श्री श्री श्री कामदत्त सेनजी देवानाम् सदा समरविजयिनाम्:

श्री साधवा रायके खायनमध्ये हांगसु रायके खायन प्रजा गाउँ जो इधर कामा सौ दक्षिण, मुहम्बा सी पश्चिम एकादप्पासी उत्त, मिल्खु सौ पूर्व प्रजा गाउँ बाह जो बजी १ थामदेन १ थोफरा १ साप्ला १ जस्के गाउँ अठाह्र वा सौ प्रजाका खायन जाहारी पहर के छिहल । आफ्ना खातिर जम्मा प्रजा लोग वो गाउँ दण्ड तलास कै उन्मे सुख भोगकै सामा सर्जामसमेत सेवा मह सदा रूजु रहै । इति सम्वत् १८१८ महा माघ बदी रोज १० मोकाम विजयपुर शुभम् ।

श्रोतः ईमान सिंग चेम्जोंग, *किरात कालिन विजयपुरको संक्षिप्त इतिहास,* पृ. ९४ ।

परिशिष्ट २४

पल्लो किरातको थिति

(यो थितिलाई वि.सं. १७७३-७४ तिरको मान्दै त्यसका बारेमा प्राप्त तत्कालका लिखतहरूको आधारमा वि.सं. २०११ सालतिर तयार पारिएको बताउनु भएको छ । एकातर्फ यो लिखतलाई मध्यकालतिरको भनिएको छ भने यसले विजयपुर भेग या किरात प्रदेशको पुरानो परम्पराको जानकारी दिने भएकाले यसलाई यहां प्रस्तुत गर्न सान्दर्भिक मानिएको हो । यो थिति जगदीशचन्द्र रेग्मीको नेपालको बैधानिक परम्परा, पृ. १२८-१३० बाट साभार गरिएको हो) ।

१. उपल्लो कक्ष दश प्रान्तका रायराजा सवैको सगोल गोश्वारा तल्लो कक्ष मोरं राज्य रहने छ । सो मोरं राज्यमा सेम्बोकसा सेन वंशीहरूले राज्य गर्नु . मोरं राज्यमा दश प्रान्तका जनता र राय र राजा मन्त्रिहरूले मन्त्रि चुनी ठहराई राख्ने. त्यसमा चुनिएका मन्त्रिहरू ५-५ वर्षमा अदलीबदली गराउने गर्नु ।

२. दश प्रान्त रायराजा र मोरं राज्य समेतले अरू प्रान्त राज्यका जनता आएमा बासस्थान दि म छोडी आएका प्रान्त राज्यमा फलाना साल मितिमा यति जनता त्यस प्रान्तबाट यहाँ आएका छन् भन्ने सूचना दिई आफ्ना प्रान्त राज्यका जनसंख्यामा हाजिर लेख्ने गर्नु ।

३. जनसंख्या १० प्रान्तका राय राजा र मोरंको राज्यको १०-१० वर्षमा जनसंख्या गरी गराई गोश्वारा मोरं राजधानिमा जनसंख्याको लगत जम्मा गरी राख्ने गर्नु ।

४. अरू परराष्ट्र कुनै रयेत उपल्लो कक्ष १० प्रान्तमा र मोरंग राज्यहरूमा वासस्थानी हुन आएमा जमिनको प्रबन्ध मिलाई बन्दोवस्त साथ वासस्थानी गराई राख्ने गर्नु ।

५. किराती जातिहरूले कुनै पानी चल्ने सम्मको पराई जातहरूकी छोरबेटी राखी सन्तान जन्मिएकालाई खचर जात नगराउनु । आफ्नो जातका भताहा राखी भातमा चलाउने र कुनै किरात वंश पानी नचल्ने जातसँग भूल परी पानीमा बेरिएमा त्यस्तालाई प्रान्तिय राय राजा मन्त्रि पंच भलाद्मीले दबो ढुंगा छुवाई शुद्ध गराउनु, पर नसार्नु ।

६. किरात राज्यका कुनै जनताका छोरा १२ वर्ष पुगेपछि धनुकाँड भिर्ने, ढालतरवार चलाउने, पट्टा खेल्ने, कुस्ती कसरत गर्ने अखडा गाउँटोल पिच्छे बनाई अस्त्रशस्त्र हतियार चलाउने अभ्यास गर्न प्रत्येक घरका एकएक जना अठार वर्षदेखि उँभो ५० वर्षदेखि उँधोका थक्सुवा, थम्तुम्बा, थक्पेवा किरात सेनामा भर्ना भई तीन तीन महिनाका दरले उपल्लो कक्ष दस प्रान्तको आफ्नो ओडामा नियुक्ति भैरही निमित्त भएसम्म प्रान्तिय आम्दानीबाटल राशन तनखा खानु । तल्लो कक्ष गोश्वारा मोरंग राज्यमा प्रान्तका राय राजाहरूले आफ्नो प्रान्त

ओडाका किरात सेना १२५ का दरले साल बसाली नियुक्ति हुनेगरी मुख्य गोश्वारा राजगद्दीमा राख्ने गर्नु ।

७) ३०० थक्सुवा सेना नियुक्तिमा ५० जना उपर एक थक्तुम्वा अर्थात सरदार उपर १ थक पेवा अर्थात् सेनापति प्रान्तपिच्छे राख्नु ।

८) थम्सुवा, थकतुम्बा र थकपेवाहरूलाई मैनावारी राशन तनखा प्रान्तका रायराजाहरू मन्त्रि उपमन्त्रीहरूले प्रान्तको सालिन्दाको आम्दानीबाट लिनु ।

९) जमिनको सालिआना लिंदा पाखो घरधुरीको कोदालोमात्र चलाई खेति गर्नेलाई कोदालोले तिरो अधेली आठआना । हल गोरू चलाई खेति गर्नेलाई हले तिरो अधेली २ के मुद्रा १ रूपैया लिनु । पानी खेतमा उब्जा हेरी मुरी खेतके आठ पैसाका दरले लिनु ।

१०) सो आम्दानी प्रान्तका राय, राजा, मन्त्रि, उपमन्त्रिहरूले सयकडा दससम्म खाई बाँकी प्रान्तका सेनाहरूलाई दुई भाग राशन, तनखा खुवाई बाँकी दुई भागमा १ भाग प्रान्तहरूको आवश्यक सुधार कार्यमा खर्च गर्नु । बाँकी एक भाग कुनै भैपरी काममा खर्च गर्नका लागि दश प्रान्तका गोश्वरा मोरंग विजैपुरको राजधानिमा लगत दर्ता गरी दाखिला गर्ने गर्नु ।

११) प्रान्तिय राय, राजा, मन्त्री, उपमन्त्रीहरूले ५ षत बाहेकको मुद्धा मामिला आफ्ना ओडा प्रान्त भित्रको हेर्नु । मुद्धा मामिला हेर्दा अरू जनताले चुनेका पाँचजना पंच राखी जेजति बुझ्नु पर्ने निस्सा र प्रमाण साच्छि ठराई खत अनुसार सजाय गरी आएको दण्ड आधा रायराजा, मन्त्रिहरूले र आधा पञ्च भलाद्मीले दामासाही गरी बाँडीखानु । आफ्ना ओडा प्रान्तहरूमा घर, कूल, ज्यान, गौमारा, चोरी डाँका गर्ने, राजद्रोहीहरूलाई गोश्वारा मोरंग राज्यमा दाखिल गरी सजाय गर्नु ।

१२) खुद विवाहिता स्वास्नी लगिदिने वैरीलाई साधुले भेटेसम्म ज्यान लिनु नभेटिए प्रान्तका राय, राजा, मन्त्रीहरूले उसको अंश सर्वश्व गरी साधुलाई विवाह खर्च भराईदिनु ।

१३) चोरी, डाँका गर्नेलाई पटकपिच्छे कैद बढाउँदै लगी कैद गर्ने र चोरी गरेको बीगो दाखिल गर्न नसके सो बीगोमा समेत कैद कट्टाकै दरले कैद गर्नु ।

१४) दश व्रान्तका राय राजा मन्त्रीहरूले अरू प्रान्तक राय राजा र तल्लो कक्ष मोरं राज्यमाा राजविद्रोह गरे त्यस्ता राजविद्रोहीहरूलाई पदाधिकारी भए पदच्युत गराई नभएकालाई ठाडै देश निकाला गराउनु उपल्लो कक्ष दश प्रान्त र तल्लो कक्ष मोरं राज्यहरूमा अरू कुनै मुलुकका राय, राजाहरूले दखल गर्न आए सवै प्रान्तका राय राजाहरू र मोरं राज्यसितका

सेना र धन जम्मा गराई मोरं राज्यमा रहेको दश प्रान्तको आमदानी र मोंको आमदानी समेत धावामा खर्च गरी वैरिहरूसँग लडी आफ्ना राज्य काायम गर्नु ।

१५) दश प्रान्तका राय, राजा मोरंका राजासमेतले राय ठिक ठहराई रूअराष्ट्र पररष्ट्रहरूमा चढाई गरी कुनै राज्य देश सर गरी जितिएममा १० प्रान्तका राय राजा र मोरंका राजा समेतले आएको अमदानी दामासाही गरी खानु ।

१६) माथि लेखिएको सर्त उपल्लो कक्ष १० प्रान्तका राय राजा र मन्त्रि तल्लो कक्ष मोरंका राजा मन्त्रीले सत्यता कबोल गरेको शर्त नाघी फूट भएमा त्यसमा फूट हुने राय राजालाई पदच्यूत गरी देश निकाला गर्नु ।

१७) उपल्लो कक्ष दश प्रान्त किरात राज्य र मोरं राज्यका राय राजाले आफ्ना जनसुधार विषयमा प्रान्त राज्यका जानिफकार भला मानिस समेत पाँचपाँच वर्षको माघ महिनामा मोरं राज्यमा हाजिर गराई सभा गरी जनताले माग गरेको उचित कामहरू सुधार गराइ दिने र मोरंग राज्यमा रहेका मन्त्रीहरू समेत सो सभाबाट उम्मेदवार मानिसहरू राखी चुनी लायक ठहरिएकालाई साविक रहेको मन्त्री झिकी नयाँ मन्त्री राख्ने गर्नु ।

श्रोतः जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा,* पृ. १२८-१३० ।

परिशिष्ट २५

अन्तरवार्ता लिइएका व्यक्तिहरूको विवरण

क्रस	उत्तरदाताको नाम	उमेर	आबद्धता	ठेगाना
१	संजय कोईराला	५० वर्ष	प्राध्यापन	विजयपुर
२	हरिप्रसाद दाहाला	५५ वर्ष	प्राध्यापन	धरान
३	भगत भण्डारी	६५ वर्ष	प्राध्यापन	धरान
४	गणेश लिम्बू	६३ वर्ष	अध्यक्ष, बृहत्तर वराहक्षेत्र	चतरा
५	ॐ शर्मा	६३ वर्ष	प्राध्यापन	चतरा
६	दुर्गानाथ भण्डारी	७० वर्ष	पुजारी वराहक्षेत्र	वराहक्षेत्र
७	किरण भण्डारी	४५ वर्ष	सहायक पुजारी, वराहक्षेत्र	वराहक्षेत्र
८	ज्योति थापा	३७ वर्ष	समाजसेवी, रामपुर ठोक्सिला	चौदण्डी
९	धनबहादुर राई	४८ वर्ष	समाजसेवी, रामपुर ठोक्सिला	चौदण्डी
१०	प्रमिला राई	४४ वर्ष	समाजसेवी, रामपुर ठोक्सिला	चौदण्डी
११	मणिशेर राई	४५ वर्ष	साँगुरीगढी संरक्षण समिति	साँगुरीगढी
१२	हर्षबहादुर राई	६० वर्ष	साँगुरीगढी संरक्षण समिति	साँगुरीगढी
१३	चतुरमान तामांग	७७ वर्ष	पुजारी, विष्णुपादुका	विष्णुपादुका
१४	विष्णुबहादुर राई	७० वर्ष	प्राध्यापन	विष्णुपादुका
१५	मणिशेर राई	४४ वर्ष	समाजसेवी	विष्णुपादुका
१६	रत्न निरौला	४८ वर्ष	नोकरी	गाईघाट
१७	विन्दा राई	५५ वर्ष	समाजसेवा	गाईघाट
१८	हरिशरण नेपाल	६६ वर्ष	सदस्य संरक्षण समिति उदयपुरगढी	नेपालटार
१९	रमेश गौतम	३७	सदस्य संरक्षण समिति, उदयपुरगढी	नेपालटार
२०	सौरव आचार्य	५० वर्ष	समाजसेवी	उदयपुरगढी
२१	प्रकाश मण्डल	४७ वर्ष	समाजसेवी	रंगेली
२२	मणि दाहाल	६३ वर्ष	कृषक	रंगेली
२३	महशुल आलम	६० वर्ष	कृषक	हरचनगढी

२४	महमद आलम	४४ वर्ष	समाजसेवी	हरचनगढी
२५	कमलकिशोर यादब	६५ वर्ष	अध्यक्ष, संरक्षण समिति	बुधनगर
२६	कांग्रेस राजवंशी	६९ वर्ष	सदस्य, संरक्षण समिति	बुधनगर
२७	प्यारचन चौधरी	४३ वर्ष	सदस्य, संरक्षण समिति	धनपालथान
२८	भागवत चौधरी	६४ वर्ष	सदस्य, संरक्षण समिति	धनपालथान
२९	राधिका लिम्बू	४७ वर्ष	सदस्य, संरक्षण समिति	हरैंचा
३०	लोचन खतिवडा	६० वर्ष	प्राध्यापन	रंगेली
३१	कृष्ण भण्डारी	५७ वर्ष	समाजसेवी	वराहक्षेत्र
३२	रामबहादुर राई	५५ वर्ष	सदस्य, संरक्षण समिति	सूर्यकुण्ड
३३	किरण राई	४२ वर्ष	सदस्य, संरक्षण समिति	भालढुंगा
३४	नारायण राई	६१ वर्ष	सदस्य, संरक्षण समिति	मैनामैनी
३५	मोहन बस्नेत	४८ वर्ष	समाजसेवी	चकरघट्टी
३६	विरबहादुर थापा	६९ वर्ष	समाजसेवी	महेन्द्रनगर
३७	मान बज्राचार्य	७३ वर्ष	समाजसेवी	चतरा
३८	हरिकृष्ण शाक्य	६५ वर्ष	प्राध्यापन	विराटनगर
३९	केदार ओझा	३९ वर्ष	प्राध्यापन	विराटनगर
४०	मदनलाल श्रेष्ठ	६६ वर्ष	प्राध्यापन	इनरूवा
४१	कृष्णप्रसाद श्रेष्ठ	६९ वर्ष	समाजसेवी	धरान
४२	भवानी निरौला	६६ वर्ष	सदस्य, संरक्षण समिति	चतरा
४३	रमेश चौधरी	४४ वर्ष	रामधुनी संरक्षण समिति सदस्य	सिंगिया
४४	राम बहादुर थापा	५३ वर्ष	समाजसेवी	रामपुर ठोक्सिला
४५	नीरा राई	५१ वर्ष	अध्यक्ष, रौता सुधार समिति	आँपटार रौता
४६	गोबर्द्धन राई	४२ वर्ष	समाजसेवी	बेल्टार
४७	गोपाल पोखेल	४५ वर्ष	प्राध्यापन	धनकुटा
४८	मणिराज गौतम	५९ वर्ष	प्राध्यापन	धनकुटा
४९	हरिकृष्ण सापकोटा	५३ वर्ष	समाजसेवी	झापा
५०	मनोज मैनाली	४३ वर्ष	समाजसेवी	झापा

>f]tM :ynut cWoog .

परिशिष्ट २६

अन्तरवार्ता सूची

cGt/jftf{sf s|ddf pQ/bftfx¿ ;f]lwPsf k|Zgx¿sf] gd'gf

१ नाम थर उमेर ठेगाना

२ तपाईं कहिलेदेखि यहाँ बस्नुभएको हो ?

३ विजयपुर राज्यको बारेमा सुन्न भएको छ ?

४ अघि यहाँ सेनहरूले शासन गरेभन्ने बारे तपाईंलाई के थाहा छ ?

५ पुरानो मोरङका बारेमा तपाईंलाई के थाहा छ ?

६ मोरङ र विजयपुरको शासन प्रणालीका बारेमा केही थाहा पाउनु भएको छ ?

७ यस भेगका ऐतिहासिक स्थलहरू कुन्कुन् हुन् ?

८ तिनीहरू कति पुराना छन् ?

९ यहाँ पुराना मठ मन्दिरहरू कति र कहाँ कहाँ छन् ?

१० यी मठमन्दिरहरूमा पुराना अभिलेख तथा मूर्तिहरू पहिले के कस्ता थिए ?

११ यस भेगको इतिहासका बारेमा तपाईंको के धारणा छ ?

१२ विजयपुरको इतिहास अध्ययन गर्ने कार्य कति भएको छ जस्तो लाग्दछ ?

१३ यहाँका सेन शासकका बारेमा के कस्ता कुराहरू सुन्नभएको छ ?

१४ यस भेगका किरात मन्त्रिका बारेमा के थाहा छ ?

१५ विजयपुरका मठमन्दिरहरूको स्थापना कहिले भएको होला ?

१६ यस भेगमा मनाईने पुराना मेलापर्वहरू कुनकुन हुन् ?

१७ यस भेगमा के कस्ता पुरातात्विक वस्तुहरू पाइने गर्दछन् ?

१८ विजयपुर राज्यको पतन भएपछि यहाँका मानिसहरू कतातिर गए होलान् ?

परिशिष्ट २७

चित्रसूची(स्रोतः स्थलगत अध्ययनका क्रममा लिइएको)

चित्र सं. १. सिद्धकाली मन्दिर, चैनपुर संखुवासभा

चित्र सं. २. बानेश्वर मन्दिर, चैनपुर संखुवासभा

चित्र. सं. ३ जगद्गुरू पीठ, चतरा सुनसरी

चित्र सं. ४ राधाकृष्ण मन्दिर, चतरा सुनसरी

चित्र सं. ७ मण्ठपोखरी महादेव, विराटनगर रानी

चित्र सं. ६ पिण्डेश्वर मन्दिर, धरान विजयपुर

चित्र सं. ५ दन्तकाली मन्दिर, धरान विजयपुर

चित्र सं. ८ बाबा बाशुकीनाथ महादेव, विराटनगर बरगाछी

चित्र सं. ९ उदयपुरको रौता पोखरी क्षेत्र

चित्र सं. १० पुरानो विजयपुरको भग्नावशेष, साँगुरीगढी, सुनसरी

चित्र सं. ११ राजा धनपालको मन्दिर, धनपालगढी, कसेनी मोरङ

चित्र सं. १२ जाल्पादेवी (छिन्तांगदेवी) मन्दिर, छिन्तांग धनकुटा

चित्र सं. १३ बुढासुब्बा मन्दिर, धरान विजयपुर

सन्दर्भ ग्रन्थसूची

अग्रवाल एन्एच् (सन् १९७६), *द एड्मिनिस्ट्रेटिभ सिस्टम अफ् नेपाल फ्रम ट्रयाडिसन टु मोडर्निटी,* नयाँ दिल्ली ।

अधिकारी, सूर्यमणि, (वि.सं. २०५५), *तनहूँ राज्यको इतिहास,* चितवनः चन्द्रप्रभा प्रकाशन ।

आचार्य, बाबुराम, (वि.सं. २०६३), *नेपालको संक्षिप्त बृतान्त,* काठमाडौंः श्रीकृष्ण आचार्य ।

..., (वि.सं. २०६२), *अब यस्तो कहिल्यै नहोस्,* काठमाडौंः श्रीकृष्ण आचार्य ।

..., (वि.सं. २०६१), *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* काठमाडौंः राजदरबार ।

..., (वि.सं. २०६०), *श्री ५ प्रतापसिंह शाह,* काठमाडौंः श्रीकृष्ण आचार्य ।

आचार्य, लक्ष्मी, (वि.सं. २०३०), *देशको माटो देशको ढुङ्गा भाग २,* धरानः धरान नगरपञ्चायत ।

उपाध्याय, अम्बिकाप्रसाद, (सन् १९८६), *नेपालको इतिहास र रामनगरको इतिहास,* काशीः देवीप्रसाद उपाध्याय ।

ओल्डफिल्ड, एच् (रिप्रि १९७४), *स्केचिज फ्रम नेपाल २ भोल,* काठमाडौंः रत्न पुस्तक भन्डार ।

ओली, सूर्यबहादुर सेन, (वि.सं. २०५९), *पाल्पाली सेन,* काठमाडौंः खड्ग सेन ।

क्याप्लन, एल्, (सन् १९७०), *ल्यान्ड एन्ड सोसल चेन्ज इन् इस्टर्न नेपाल,* लन्डन ।

कर्कपेट्रिक, कोलोनल, (सन् १९८६), *एन् एकाउन्ट अफ् द किंगडोम अफ् नेपौल,* दोश्रो सं, नयाँ दिल्लीः एशियन एजुकेशन सर्भिस ।

कोइराला, मातृका प्रसाद, (वि.सं. २०४६), *कोशीको कथा,* विराटनगरः प्रतिभा पुरस्कार प्रतिष्ठान ।

खतिवडा, सोमप्रसाद, (वि.सं. २०७०), *कौशिकी संस्कृति,* चतराः जगद्गुरू पीठ ।

..., (वि.सं. २०६९), *राजा धनपालको इतिहास,* विराटनगरः अनुसन्धान विकास केन्द्र ।

..., (वि.सं. २०६७), *सुनसरीको तीर्थयात्रा पर्यटन विगत र वर्तमान,* विराटनगरः अनुसन्धान विकास केन्द्र ।

..., (वि.सं. २०६७), *वराहक्षेत्रको सांस्कृतिक सम्पदा,* चतराः श्री राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान ।

..., (वि.सं. २०६६), *मोरङको सांस्कृतिक पर्यटन, संभावना र चुनौतिहरू,* विराटनगरः अनुसन्धान विकास केन्द्र ।

खनाल, मोहनप्रसाद, (वि.सं. २०६१), *सेन राज्यको राजनैतिक इतिहास,* काठमाडौं: नेपाल र एशियाली अनुन्धान केन्द्र ।

..., (वि.सं. २०५६), *सिम्रौनगढको इतिहास,* काठमाडौं: नेपाल र एशियाली अनुन्धान केन्द्र ।

गायट, इ.ए (दोस्रो सं. सन् १९६३), *हिस्ट्री अफ् आसाम,* कलकत्ता: बिके बरुवा ।

गोपाल एल् एन्ड टीपी वर्मा (सन् १९७७), *स्टडीज इन् द हिस्ट्रि एन्ड कल्चर अफ् नेपाल,* वाराणासी ।

घिमिरे, विष्णुप्रसाद, (वि.सं. २०५६), *पाल्पा राज्यको इतिहास भाग २,* चितवन: चितवन अध्ययन केन्द्र ।

घोषाल, शरदचन्द्र (अनु. सन् २००५), *अ हिस्ट्री अफ् कुचबिहार,* सिलिगुडी: वेस्ट वंगाल, ऐन.ऐल. पब्लीशर ।

..., (वि.सं. २०३१), *किरातकालीन विजयपुरको संक्षिप्त इतिहास,* दार्जिलिंग: नेपाली साहित्य प्रतिष्ठान ।

चेम्जोङ्ग, इमान सिंह, (वि.सं. २०५९), *किरात साहित्यको इतिहास,* काठमाडौं: केवाइसी ।

..., (वि.सं. २०६३), *किराँत इतिहास, पाँचौं सं.,* काठमाडौं: किरात याक्थुङ्ग चुम्लुङ्ग ।

चौधरी, केसी, (सन् १९६०), *एड्लो नेप्लिज रिलेशन,* कलकत्ता: मोडर्न बुक एजेन्सी ।

झा, तारिणिस (सं.), (सन् १९९३), *ब्रह्मपुराणम्* , इलाहावाद: हिन्दी साहित्य सम्मेलन ।

दास, बाशुदेव लाल (२०६८), *मकवानपुरको ऐतिहासिक रुपरेखा,* बिरगञ्ज: भारती निलय ।

नेपाल, ज्ञानमणि, (वि.सं. २०४०), *नेपाल निरूक्त,* काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

..., (वि.सं.२०५२), *नेपालको महाभारत,* काठमाडौं: साझा प्रकाशन ।

..., (वि.सं. २०५५), *नेपालनिरूपण,* काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, दिनेशराज, (वि.सं. २०५०), *गोरखाको इतिहास चौथो भाग,* काठमाडौं: दिनेशराज पन्त ।

प्रधान, कुमार (दोस्रो सं. सन् २००९), *दी गोरखा कन्क्वेष्ट,* काठमाडौं: हिमाल बुक्स ।

प्रपन्नाचार्य, स्वामी, (वि.सं. २०५१), *प्राचीन किरात इतिहास,* रबी: किरातेश्वर प्रकाशन ।

पाँडेक्षेत्री, भीमबहादुर, (वि.सं. २०४१), *राष्ट्र भक्तिको झलक पाँडे वंशको भूमिका,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

पाण्डे, रामनिवास, (सन् १९९६), *मेकिङ्ग अफ् मोडर्न नेपाल,* नयाँ दिल्ली: एड्रोइट पब्लिसर्स ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, (वि.सं. २०५४), *नेपालको पौराणिक इतिहास,* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

भण्डारी, ढुण्डिराज, (वि.सं. २०२५), *नेपालको ऐतिहासिक विवेचना,* वाराणासी: कृष्णकुमारी ।

..., (वि.सं. २०२७), *नेपालको आलोचनात्मक इतिहास दोश्रो सं.,* वाराणासी: बाबु माधव प्रसाद शर्मा ।

मजुम्दार के (सन् १९७३), *पोलिटिकल रिलेसन विट्वीन इन्डिया एन्ड नेपाल,* नयाँ दिल्ली ।

मिश्र, विजयकान्त (सन् १९७९), *कल्चरल हेरिटेज अफ् मिथिला,* इलाहावाद: मिथिला प्रकाशन ।

मेचीदेखि महाकाली भाग १, (वि.सं. २०३०), काठमाडौं: श्री ५ को सरकार सञ्चारमन्त्रालय ।

योगी नरहरिनाथ (१८८० शाके), *रूद्राक्षारण्यमाहात्म्यम्,* कौशिकी प्रदेश: श्रीराजा तारकबहादुर शाह ।

..., (वि.सं.), २०१३ *स्कन्दपुराण हिमवत्खण्ड,* काशी: योग प्रचारिण समिति ।

..., (वि.सं. २०२२), *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १,* दांग: रापती अञ्चल आध्यात्मिक प्रतिष्ठान ।

राई, टेकबहादुर, (वि.सं. २०६०), *किरात इतिहासको रूपरेखा,* काठमाडौं: उत्तर कुमार चाम्लिंग ।

राजवंशी, शंकरमान (सं.), (वि.सं. २०२०), *सेन बंशावली,* काठमाडौं: वीर पुस्तकालय ।

राय, हेमचन्द्र (सन् १९७३), *द डानास्टिक हिस्ट्री अफ् नर्दर्न इन्डिया भाग १,* न्यू दिल्ली: मुन्सिराम मनोहरलाल ।

रेग्मी, जगदीशचन्द्र, (वि.सं. २०३६), *नेपालको वैधानिक परम्परा,* काठमाडौं: त्रिवि, पाठ्यक्रम विकास केन्द्र ।

रेग्मी, डिआर, (सन् २००७), *मोडर्न नेपाल भोल १, २ (दोस्रो सं),* नयाँ दिल्ली: रूपा एन्ड को. ।

रेग्मी, महेशचन्द्र, (सन् १९९९), *इम्पेरियल गोरखा,* दिल्ली: एड्रोइट पब्लिसर्स ।

लम्साल, देवीप्रसाद (सं.), (वि.सं. २०२३), *भाषा बंशावली,* काठमाडौं: पुरातत्व विभाग ।

लिम्बू, प्रेमबहादुर मोबाहांग, (वि.सं. २०११), *संक्षिप्त नेपाल इतिहास,* ललितपुर: किताब प्रकाशन ।

लेभी, सिल्भाँ, *नेपाल दोस्रो सं.* (अनु. डिल्ली राज उप्रेति), (वि.सं. २०६७), काठमाडौँः हिमाल किताब ।

वज्राचार्य, बि आर, (सन् १९९२(, *बहादुर शाह द रिजेन्ट अफ् नेपाल,* नयाँ दिल्लीः अनमोल पब्लिकेशन ।

वानिया क्षेत्री, कर्णबहादुर (वि.सं. २०६३), *पाल्पा गौँडा एक ऐतिहासिक अध्ययन,* काठमाडौँः फूलचोकी पब्लिकेशन एन्ड डिस्ट्रिव्यूसन प्रा. लि. ।

वैद्य, टी.आर., (सन् १९९३), *पृथ्वीनारायण शाह द फाउन्डर अफ् मोडर्न नेपाल,* नयाँ दिल्लीः अनमोल पब्लिकेशन ।

..., (सन् १९९६), *जय प्रकाश मल्ल द ब्रेभ मल्ल किंग अफ् कान्तिपुर,* नयाँ दिल्लीः अनमोल पब्लिकेशन ।

शर्मा, बालचन्द्र, (वि.सं. २०३३), *नेपालको ऐतिहासिक रूपरेखा दोस्रो सं.*, वाराणसीः कृष्ण कुमारी देवी ।

श्लशर एम्एस् (१९९७), *नेपाल मन्डल भोल १,* प्रिन्सटनः प्रिन्सटन यूनिभर्सिटी प्रेस ।

शाक्य हरिकृष्ण र राजेश्वर निरौला, (वि.सं २०५६), *विजयपुर राज्यको इतिहास,* (अ.प्र.ल.अ.), काठमाडौँः विश्वविद्यालय अनुदान आयोग ।

शाह, ऋषिकेश, (सन् २०००), *मोडर्न नेपाल,* नयाँदिल्लीः मनोहर पब्लिसर्स ।

श्रेष्ठ, रमेश, (वि.सं. २०५०), *विजयपुर राज्यको राजनैतिक रूपरेखा* (अ.प्र.शोधप्रबन्ध, स्नातकोत्तर तह), त्रिवि कीर्तिपुर, इतिहास विभाग ।

स्टिलर, एफ् लुड्बिज, (सन् १९६८), *पृथ्वीनारायण शाह इन् द लाइट अफ् दिव्य उपदेश,* काठमाडौँः रत्न पुस्तक भन्डार ।

..., (सन् १९७५), *द राइज अफ् द हाउस अफ् गोरखा,* पटनाः पटना जेसुइट सोसाइटी ।

सरकार, दिनेशचन्द्र(सं.), (सन् १९६५), *सेलेक्ट इन्स्क्रीप्सन्स् बियरिङ्ग अन् इन्डियन हिस्ट्रि एन्ड सिभिलाइजेसन, भोल १,* कलकत्ताः कलकत्ता विश्वविद्यालय ।

स्वामी, प्रपन्नाचार्य, (वि.सं. २०५७), *प्राचीन किरात इतिहास,* पाँचथरः किरातेश्वर प्रकाशन ।

हड्सन, बि.एच्. (सन् १८७४), *इस्सेज इन् द ल्यांग्वेज, लिटरेचर एन्ड रिलिजन अफ् नेपाल एन्ड टिबेट टुगेदर विथ् फरदर पेपर्स अन् द जियोग्राफी, इथ्नोग्राफी एन्ड कमर्स अफ् दोज कन्ट्रिज,* लन्डनः अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

हसरत, बि.के. (सन् १९७०), *हिस्ट्र अफ् नेपाल,* होसियारपुरः भीभी रिसर्च इन्स्टिच्यूट ।

ह्यामिल्टन एफ्.बी., (सन् १९९६), *एन एकाउन्ट अफ् द किंगडोम अफ् नेपाल एन्ड अफ् द टेरीटोरीज एनक्स्ड टु दिस डोमिनियन बाइ द हाउस अफ् गोरखा थर्ड इडी.,* नयाँ दिल्लीः एसियन एजुकेशन सर्भिस ।

लेखरचनाहरू

कोइराला कुलचन्द्र, सेनवंशी राजाको ऐतिहासिक परिचर्चा र पूर्वी पहाडका केही ब्राह्मण वंश", प्राचीन नेपाल सं. १०५, वैशाख जेठ, वि.सं. २०४६, (पृ. १६-२४) ।

ढुंगेल, रमेश "पल्लो किरातको चैनपुर एक महत्वपूर्ण पल्लो किरातको प्राचीन प्रदेश", प्राचीन नेपाल सं. ११३, भदौ असोज वि.सं. २०४६, (पृ. २७-३१) ।

दास, हरिकान्तलाल, "नेपालमा मैथिली भाषामाथि सेन राजाहरूको दृष्टिकोण(अनु)," सयपत्री वर्ष ४, वि.सं. २०५५ (पृ. १-७) ।

दाहाल, पेशल, "मोरङको ऐतिहासिक रूपरेखा", मोरङ एक परिचय, काठमाडौंः सम्पर्क मञ्च एमाले, वि.सं. २०५४ (पृ. २९-३६) ।

भण्डारी, सीता, "दन्तकालीमाथि सांस्कृतिक चिनारी," गरिमा वर्ष ४, अंक २, पू. १५८, वि.सं. २०५२, (पृ. ७४- ८१) ।

मजुम्दार आरसी, "द क्रोनोलोजी अफ् दी सेन किंग्स्", जर्नल अफ् द एशियाटिक सोसाइटी अफ् बंगाल, भाग १७, १९२१ , (पृ. ४७-५९) ।

मिश्र, तारानन्द, "पूर्वी नेपालको इतिहास र गौरवका गाथाहरू", मोरङ एक परिचय, सम्पर्क मञ्च, वि.सं. २०५४, (पृ. २४-३१) ।

शर्मा, जनकलाल, "वराहक्षेत्र र अन्य केही स्थलहरू", प्राचीन नेपाल नं. ४, श्रावणः वि.सं. २०२५ (पृ. २७-३६) ।

श्रेष्ठ, कविताराम, "लोकोक्तिमा विजयपुर", गरिमा वर्ष १७, अंक ५, पू. १९७, वि.सं. २०५६ (पृ. १७-२१) ।

श्रेष्ठ, अमरनाथ, "सिम्रौनगढको वर्तमान अवस्था र ऐतिहासिक महत्वका वस्तुहरू", भ्वाइस अफ् हिष्ट्रि भोल १४, सन् १९९९ (पृ. ३६-४३)।

श्रेष्ठ, टेकबहादुर, "पाल्पाका सेन राजाहरूका अठार अप्रकाशित पत्रहरू", कन्ट्रिव्यूसन टु नेप्लीज स्टडीज भोल १४, नं. ३, सन् १९८७ (पृ. २९-३५)।

त्रिपाठी, चन्द्रप्रसाद, "तिरहुत राज्य र राजधानि सिम्रौनगढ," भ्वाइस अफ् हिष्ट्रि भोल १४, सन् १९९९ (पृ. २६-३३)।